
अंध


श्रद्धा भक्ति

खतरामा ज्यान



जीव हाम्रा जाति हुन्, हाम्रो मानव (Mankind) धर्म ।
हिन्दू, मुस्लिम, सिख, ईसाई धर्म एकै, पृथक् छैन मर्म ॥

पूर्णब्रह्म कबीर (कविर्देव) साहेब



संत रामपाल जी महाराज

|| पूर्ण परमात्मने नमः ||

अन्ध श्रद्धा भक्ति खतरामा ज्यान

{ शास्त्रविरूद्ध साधना गर्नु आत्महत्या गर्नु समान हो :- रामपाल दास । }

लेखक : सन्त रामपाल दास

जीव हाम्रा जाति हुन्, हाम्रो मानव (Mankind) धर्म ।
हिन्दू, मुस्लिम, सिख, ईसाई धर्म एकै, पृथक् छैन मर्म ॥

अवश्य हेर्नु होस्

संत रामपाल जी महाराजको मङ्गल प्रवचन

॥ साधना ॥ मा साँझ ७:४५ देखि ८:४५ सम्म



मा बिहान ५:५५ देखि ६:५५ सम्म



मा दिउँसो १:३० देखि २:३० सम्म



मा साँझ ७:०० देखि ८:०० सम्म

कुल लागत:- भा. रू. ३०/–
धर्मार्थ मूल्य:- ने. रू. २०/–

प्रकाशक:- प्रचार प्रसार समिति तथा सम्पूर्ण भक्तजन
सतलोक आश्रम, हिसार-टोहना रोड, बरवाला
जिल्ला : हिसार, हरियाणा प्रान्त, भारत

मूद्रक:- कबीर प्रिन्टर्स
C-117, सेक्टर-३, बवाना इन्डष्ट्रियल
एरिया, नयाँ दिल्ली ।

नेपालका लागि सम्पर्क मोबाइल नम्बरहरू:
(+977) 9851189380, 9851189381, 9851189382
9851189383, 9851189384,

भारतका लागि सम्पर्क मोबाइल नम्बरहरू:
Ph. No. (+91) 8222880541, 8222880542, 8222880543,
8222880544, 8222880545

visit us at : www.jagatgururampalji.org
e-mail : jagatgururampalji@yahoo.com

विषय सूचि

भूमिका

अन्ध श्रद्धाको अर्थ हो- विचार, विवेक विना नै कुनै पनि प्रभुमा आस्था राखी उनैलाई प्राप्त गर्ने तडपमा पूजामा लीन हुनु । अनि आफ्नो साधनाबाट अलग रहेर शास्त्र प्रमाणित भक्ति पनि स्वीकार नगर्नु । अर्को शब्दमा भन्नु पर्दा प्रभु भक्तिमा अन्धविश्वासलाई नै आधार मान्नु । शास्त्रहरू बमोजिम नभएका ज्ञान सुनेर वा सुनाएर त्यही आधारमा साधना गरी रहनु । त्यो साधना जुन शास्त्रहरू विपरीत छ, धेरै हानिकारक छ । अनमोल मानव जीवन नष्ट हुन्छ । शास्त्रमा प्रमाणित नभएका साधना गर्नु त आत्महत्या गरे समान हो । आत्महत्या गर्नु महापाप हो । यसमा अनमोल मानव जीवन नष्ट हुन्छ ।

यसरी शास्त्रविधि त्यागेर मनोमानी आचरण गर्नु अर्थात् अज्ञान रूपी अन्धकारका कारण अन्ध श्रद्धाको आधारले भक्ति गर्नेहरूको अनमोल मानव (स्त्री-पुरुष) को जीवन नष्ट हुन्छ किनकि पवित्र श्रीमद्‌भगवत गीता अध्याय १६ श्लोक २३ मा बताइएको छ :-

जुन साधकले शास्त्रविधि त्यागेर आफ्नो इच्छाले मनोमानी आचरण गर्दछ अर्थात् कसैलाई देखेर या कसैले भनेर भक्ति साधना गर्दछ भने उसलाई न त कुनै सुख प्राप्त हुन्छ, न कुनै सिद्धि अर्थात् भक्तिको शक्ति प्राप्त हुन्छ, न उसको गति हुन्छ । (गीता अध्याय १६ श्लोक २३)

❖ यिनै तीन लाभहरूका लागि साधकले साधना गर्दछ, जुन शास्त्रविरुद्धको मनोमानी साधनाबाट प्राप्त हुँदैन । त्यसैले अन्ध श्रद्धा त्यागेर आफ्ना शास्त्रहरूमा वर्णित भक्ति गरौं ।

गीता अध्याय १६ श्लोक २४ :- यसमा स्पष्ट पारिएको छ- "यसबाट तिम्रा लागि अर्जुन ! कर्तव्य अर्थात् जुन भक्ति क्रियाहरू गर्नु हुन्छ तथा अकर्तव्य अर्थात् जुन भक्ति क्रियाहरू गर्नु हुँदैन, को व्यवस्थामा शास्त्रहरूमा वर्णित भक्ति क्रियाहरू नै प्रमाण हो, अर्थात् शास्त्रहरूमा बताइएको साधना गर । जुन शास्त्र विपरीत साधना गरि रहेका छौ, त्यसलाई तुरुन्त त्यागि देऊ ।"

यस पुस्तकमा तपाईंले कर्तव्य अर्थात् गर्नु पर्ने साधना र अकर्तव्य अर्थात् त्याग्नु पर्ने साधना सबै विस्तारपूर्वक शास्त्रहरूबाट प्रमाण सहित पढ्न पाउनु हुने छ । आफ्ना पवित्र धर्मग्रन्थहरूका प्रमाणहरू यस पुस्तकमा पढ्नु होस् र शास्त्रहरूसँग मिलाउनु होस् । आफ्नै आँखाले हेरेर तत्काल शास्त्रविरुद्ध साधना त्यागेर शास्त्रविधि अनुसार साधना म (लेखक) कहाँ आएर प्राप्त गर्नु होस् ।

तपाईंहरूलाई स्पष्ट पारौं :- वर्तमानमा सारा विश्वमा म (रामपाल दास) का अतिरिक्त शास्त्रहरू अनुसार सम्पूर्ण अध्यात्म ज्ञान तथा सम्पूर्ण भक्ति विधि कसैसँग

छैन । यो तपाईंहरूले यस पवित्र पुस्तक "अन्ध श्रद्धा भक्तिः खतरामा ज्यान" पढ्नाले स्वतः विश्वास हुने छ । यदि कसैले आँखाले देखेर, पढेर पनि शास्त्रविधि विरूद्ध साधना त्याग्दैन र शास्त्रविधि अनुसार प्रारम्भ गर्दैन भने उसले भक्ति गर्न चाहँदैन ।

कबीर जीले यस्ता व्यक्तिको विषयमा भन्नु भएको छ :-

कबीर, जान बूझ साची तजै, करै झूठ से नेह ।
ताकि संगति हे प्रभु, स्वपन में भी ना दे ॥

शब्दार्थ : जसले आफ्नै आँखाले प्रत्यक्ष रूपमा देखेर पनि सत्यलाई स्वीकार्दैन, त्यो शुभकर्महीन प्राणी हो । यस्ता व्यक्तिसँग भेटघाट गर्नु पनि उचित छैन । विपना (जागृत अवस्था) को त कुरै छोडौ, यस्ता कर्महीन व्यक्ति (स्त्री-पुरुष) सँग त सपनामा पनि सामना नहोस् ।

फेरि कबीर जी भन्नु हुन्छ :-

ऐसा पापी प्रभात ना भैंटो, मुख देखें पाप लगै जाका ।
नौ-दश मास गर्भ त्रास दई, धिक्कार जन्म तिस की माँ का ॥

शब्दार्थ : यस्ता अभागी व्यक्ति बिहान बिहानै न भेटियून् । यस्ताको मुख हेर्नाले मात्र पनि पाप लाग्छ । त्यसले त आफ्नो आमालाई पनि व्यर्थमा नौ-दश महिना गर्भमा कष्ट दियो । त्यसले आफ्नी आमाको जन्म पनि व्यर्थ तुल्यायो । कबीर जी फेरि भन्नु हुन्छ :-

कबीर, या तो माता भक्त जनै, या दाता या शूर।
या फिर रहै बांझड़ी, क्यों व्यर्थ गंवावै नूर ॥

शब्दार्थ : कबीर जीले भन्नु भएको छ- या त जननीले भक्तलाई जन्म दिनु, जसले शास्त्रमा भएको प्रमाण देखेर सत्यलाई स्वीकार गरी असत्य साधना त्यागी आफ्नो जीवन धन्य तुल्याउँदछ, या कुनै दानवीर पुत्रलाई जन्म दिनु, जसले दान-धर्म गरेर आफ्नो शुभकर्म बनाओस् वा शूरवीर बालक जन्म दिनु, जो परमार्थका लागि सहिद हुन पनि कहिल्यै डराउँदैन, सत्यको साथ दिन्छ, असत्य तथा अत्याचारको डटेर विरोध गर्दछ । त्यसका लागि या स्वयम् मर्छ वा अत्याचारीको सेनालाई मार्दछ । आफ्नो उद्देश्यबाट डगमग हुँदैन । यदि यस्तो असल सन्तान उत्पन्न भएन भने निःसन्तान रहनु नै आमाका लागि शुभ हुन्छ । पशुतुल्य सन्तानलाई गर्भमा पालेर आफ्नो जवानी किन नष्ट गर्नु अर्थात् निकम्मा सन्तानले गलत कार्य गरेर माता-पितालाई ३०४-B को मुद्दा लगाई जेल पठाउँछ । योभन्दा त बाँझो (निःसन्तान) रहनु नै उत्तम छ ।

सम्पूर्ण मानव समाजसँग कर जोडी नम्र निवेदन छ :- तपाईंहरू सबै शास्त्रहरूको विरूद्ध साधना गरि रहनु भएको छ । यस पवित्र पुस्तक पढेर सत्यसँग परिचित हुनु होस् र आफ्नो अनमोल मानव (स्त्री-पुरूष) जीवन धन्य तुल्याउनु होस् । आफ्नो कल्याण गराउनु होस् ।

॥ सत साहेब ॥

दिनांक :- ०८/०९/२०१४

सबैका शुभ चिन्तक
लेखक
दासका पनि दास रामपाल दास
स्वामी रामदेवानन्द जीका पुत्र/शिष्य
सतलोक आश्रम, बरवाला
जिल्ला हिसार, हरियाणा (भारत)

दुई शब्द

आफ्नो पूज्य ईष्ट देवप्रतिको दृढ प्रेमलाई श्रद्धा भनिन्छ । के कारणले आफ्नो इष्टप्रति श्रद्धा हुन्छ ? उत्तर यस्तो छ- परमात्माले सम्पूर्ण सुख प्रदान गर्दछन्, सङ्कटको समयमा श्रद्धालुको रक्षा गर्दछन्, मनोकामना पूरा गर्दछन्, रोगीलाई स्वस्थ तुल्याउँछन्, परमात्माले भक्त तथा भक्तमतिको आयु पनि वृद्धि गरी दिन्छन्, दुर्घटनाबाट रक्षा गर्दछन्, निर्धनलाई धन, अन्धालाई आँखा, बाँझोलाई सन्तान दिन्छन् । यी सब कुरा मानव (स्त्री-पुरुष) लाई थाहा हुन्छ ।

श्रद्धालुको उद्देश्य परमात्माको भक्ति गरेर उपरोक्त लाभ प्राप्त गर्ने हुन्छ । श्रद्धालुले आफ्नो धर्मको शास्त्रहरूलाई सत्य मान्दछन् । हाम्रा धर्मगुरुले हामीलाई जुन ईष्टदेवको साधना गर्न भनि रहनु भएको छ, त्यो शास्त्रहरूबाट नै भन्नु भएको हो भन्ने ठान्दछन् किनकि गुरु जीले घरीघरी कहिले गीतालाई आधार बनाएर, कहिले शिव पुराण, विष्णु पुराण, देवी पुराण तथा कहिले कहीं चारै वेदहरू (ऋग्वेद, यजुर्वेद, सामवेद तथा अथर्ववेद) मध्ये कुनै एक वा दुई वेदहरूको दृष्टान्त दिएर आफूले बताएको भक्ति विधिलाई शास्त्रोक्त सिद्ध गर्दछन् । आफ्ना धर्मका व्यक्तिहरू (स्त्री-पुरुष) ले गरि रहेको साधना सत्य हो भन्ने श्रद्धालुहरूलाई पूर्ण विश्वास हुन्छ । बच्चाहरू (बाल-बालिका) विचार गर्न योग्य भएपछि उसले आफ्ना धर्मका व्यक्तिहरूले जे जस्तो भक्ति साधना गरेको देख्छ, यो देखेपछि यी सबैले वर्षौंदेखि गर्दै आइ रहेका छन् र यो साधना सत्य हो भन्ने कुरामा निसंशय हुन्छ । ऊ पनि त्यही पाठ पूजा गर्न थाल्दछ । अनि आयु बित्दछ ।

अन्ध श्रद्धा भक्तिः- एक अर्कोले गरेको देखेर गरिँदै आएको भक्ति यदि शास्त्रोक्त छैन भने त्यसलाई अन्ध विश्वास अर्थात् अन्ध श्रद्धा भक्ति मानिन्छ ।

❖ यहाँ यो कुरा पनि भन्न अनिवार्य ठान्दछु कि केही मानिसहरूले यसले देवी देवताहरूको भक्ति छुटाउँदछ भनेर मेरो बारेमा भ्रम फैल्याएका छन् । यो पूर्ण रूपमा गलत हो । म सम्पूर्ण देवताहरूको शास्त्रोक्त साधना गर्न सल्लाह दिन्छु, जसबाट साधकलाई यथार्थ लाभ प्राप्त हुन्छ तथा पूर्ण परमात्मालाई इष्ट रूपमा पूजा गर्ने सल्लाह दिन्छु, जसबाट पूर्ण मोक्ष प्राप्ति हुन्छ । वर्तमान जीवनमा पनि परमात्माबाट अपेक्षा गरिने अनेकौं लाभ प्राप्त हुन्छन् ।

धार्मिक भावनाहरू प्रति ठेस : यदि कोही सज्जन पुरुष (स्त्री-पुरुष) ले त्यस अन्ध श्रद्धालुलाई भनून्- तपाईंले जुन देवी देवताहरूलाई इष्ट मानेर साधना गरि रहनु भएको छ, यो गलत हो । यसबाट तपाईंलाई कुनै लाभ प्राप्त हुँदैन । तपाईंको मानव जीवन नष्ट हुने छ । तपाईं इष्ट मानेर देवीदेवताहरूको पूजा नगर्नु होस् । तपाईं मूर्तिको पूजा नगर्नु होस् । तपाईं धाम तथा तीर्थहरूमा मोक्ष हुन्छ भन्ने उद्देश्यले न जानु होस् । तपाईं श्राद्ध नगर्नु होस् । पिण्डदान नगर्नु होस् । तेह्रौं, सत्रौंको काम वा गतिको लागि अस्थी न लैजानु होस् । तपाईं व्रत नराख्नु होस् बरु यसको सट्टामा अन्न-जल ग्रहण गर्ने कार्यमा संयम् राख्नु होस्, न अधिक खानु होस् न त पूर्ण रूपमा भोकै रहनु होस् । तपाईं आफ्नो धर्मशास्त्रहरूमा बताइएको भक्तिमार्ग अनुसार साधना गर्नु होस् ।

अनि त्यस अन्ध श्रद्धावान् व्यक्तिले यदि त्यस सज्जन पुरुषसँग भनोस्- तपाईं असल व्यक्ति होइन । तपाईंले हाम्रो धार्मिक भावनाहरूलाई आहात तुल्याउनु भयो,

तपाईं यहाँबाट जानु होस्, नत्र हाड-मासु एक गरि दिन्छु । ठूल्ठूलो आवाजमा चिच्याउन थाल्छ । उसको चिच्याएको आवाज सुनेर त्यस क्षेत्रका ऊ जस्तै तिनै देवी-देवताहरू तथा तीर्थ-धामहरूका उपासकहरूको भीड एकत्रित हुन्छ । कुरा धर्मगुरुहरूसम्म पुग्दछ । धर्मगुरु पनि त्यही शास्त्रविरुद्ध मनोमानी आचरण गर्ने तथा गराउने हुन्छन् । ती धर्मगुरुहरूको पहुँच उच्च पदमा विराजमान राजनेताहरूसम्म हुन्छ । ती धर्मगुरुहरूको फोन मन्त्री-मुख्यमन्त्रीहरू वा स्थानीय नेताहरूलाई जान्छ । उच्च पदमा बसेका राजनेताहरूले स्थानीय प्रशासनलाई फोन गरेर धार्मिक भावना भड्काउने अभियोगमा मुद्दा दर्ता गराउन भन्छन् । तिनीहरूको दबाबमा प्रशासनिक अधिकारीहरूले तत्काल त्यस सज्जन पुरुषलाई गिरफ्तार गरेर मुद्दा लगाई जेल पठाइ दिन्छन् ।

जीवित उदाहरणः- सन् २०११ मा मेरा (रामपाल दास-लेखकका) अनुयायीहरू (जसमा छोरी-चेलीहरू पनि सामिल थिए) मध्यप्रदेश प्रान्तको जबलपुर सहरमा मेरो सत्सङ्ग प्रवचनहरूको सङ्ग्रह गरी तयार पारिएको पुस्तक "ज्ञान गंगा" को प्रचार गरि रहेका थिए । लागत मूल्य भा. रू. ३० रूपियाँ भए पनि रू. १० मा बेचि रहेका थिए । जसकारणले हिन्दु श्रद्धालुहरूले उत्साहपूर्वक पुस्तक किनि रहेका थिए । पुस्तक घरमा लगेर पढेपछि उनीहरूलाई अनर्थ भए जस्तो लाग्यो । देवी-देवताहरूको पूजालाई गलत लेखिएको छ । धाम-तीर्थहरूमा जानुलाई व्यर्थ लेखिएको छ । माता दुर्गाका पति छन् भनिएको छ । श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीको जन्म-मरण बताइएको छ । यिनीहरूका माता-पिता छन् भनी लेखिएको छ । हाम्रा देवताहरूको अपमान गरिएको छ । लौ, यिनीहरूलाई छोड्नु हुँदैन, कुट्नु पर्छ भन्दै ती अन्ध श्रद्धा भएकाहरूले पहिले त प्रचार गर्ने स्त्री-पुरुषलाई आफैंले पिटे, अनि थानामा लगे । हजारौं अन्ध श्रद्धावान एकत्रित भए । जिल्ला प्रशासनमा खलबली मच्चियो किनकि स्थानीय **D.S, S.P.L.G** तथा कमिशनरलाई राजनेताहरूको फोन तारन्तार आउन थाल्यो । मेरा एक अनुयायीले बताए- उपायुक्त महोदय **(Deputy Commissioner)** तथा पुलिस अधिक्षक महोदय थानामा आए । "ज्ञान गंगा" पुस्तक लिए र त्यही बसेर पढ्न थाले ।

IPS तथा **IAS** सुशिक्षित तथा विवेकशील अधिकारी हुन्छन् । उनीहरूलाई यस पुस्तकमा धार्मिक भावना आहात हुने खालका केही कुरा पनि लेखिएको छैन भन्ने कुरा बुझ्न समय नै लागेन । पुस्तकमा भएका सारा विवरण शास्त्रबाट प्रमाणित गरी लेखिएको छ । बिहान १० बजे देखि साँझ ५ बजेसम्म अधिकारीहरूले मुद्दा दर्ता गर्नबाट पन्छि रहे तर ती अन्धा श्रद्धालुहरूले मध्य प्रदेश विधान सभाका अध्यक्षलाई पुनः फोन गर्न भनेपछि प्रशासनले बाध्य भएर धार्मिक भावना भड्काएको आरोपमा **IPC** को धारा २९५- **A** को आधारमा मुद्दा दर्ता गरेर लगभग ३५ स्त्री-पुरुषलाई जेल पठाए । मुद्दा नं. २०१ दिनांक ०८/०५/२०११, थाना-मदन महल (जबलपुर) ।

विधान सभा अध्यक्षले आफ्नो पदको दुरुपयोग गरेर पाप गरे । (त्यसको फल पनि परमात्माले उसलाई तुरुन्त दिनु भयो । त्यो विधान सभाको अध्यक्षको २ महिना पछि नै मृत्यु भयो । उसको नाम ईश्वर दास रोहिणी थियो ।) यस मुद्दालाई माननीय

हाई कोर्ट जबलपुरमा समाप्त (Quash) गर्न अर्जी (M.Cr.C.No. 13577-2013) लगाइयो । माननीय उच्च न्यायालय जबलपुर (मध्यप्रदेश) ले पुस्तकमा भएका सारा ज्ञान शास्त्र प्रमाणित पाएपछि त्यो मुद्दा दिनांङ्क २०/०७/२०१७ मा खारेज गरि दियो, तर सन् २०११ देखि २०१७ सम्म तलका अदालतहरूले तारिख माथि तारिख दिइ रह्यो । ती तारिखमा सबै ३५ अनुयायीहरू आफ्ना काम छोडेर गए । भाडा खर्च लाग्यो, कमाइ गुमाए, आर्थिक नोक्सान भयो तथा दुःख खेपे । यी सब तिनै अन्ध श्रद्धालुहरूको हितको लागि थियो ताकि उनीहरूले यस पुस्तकमा लेखिएका शास्त्रसम्मत प्रमाणहरू प्रत्यक्ष रूपमा देखेर शास्त्रविधि रहित साधना त्यागी शास्त्रोक्त साधना गरेर आफ्नो जीवन धन्य बनाऊन् किनकि श्रीमद्भगवत गीता अध्याय १६ श्लोक २३-२४ मा प्रमाण छ । यी दुई श्लोकहरूको वर्णन भूमिकामा गरिएको छ, त्यसमा पढ्नु होस् ।

❖ धार्मिक भावना

आफ्नो धर्मका धार्मिक क्रियाकलापहरू तथा परमात्माबाट प्राप्त सम्बन्धित पूजा पद्धतिप्रतिको अगाध आस्थालाई धार्मिक भावना भनिन्छ ।

❖ धार्मिक भावनाहरूलाई आहात तुल्याउनु :

कसैको धर्ममा चलि रहेको पूजाहरू तथा तिनका परमात्माप्रति आधारहीन कटाक्ष वा आलोचना गर्नु धार्मिक भावनालाई ठेस पुऱ्याउनु हो ।

❖ तर्क-वितर्क :-

कुनै विषयप्रति आफ्नो विचार व्यक्त गर्नु, अरूका विचार खण्डन गर्नु वा आफ्नो विचारको मण्डन गर्नु, अरूलाई आफ्नो सिद्धान्त समर्थन गर्न लगाउनु, तिनका विचारलाई गलत भन्नु तर्क-वितर्क हो । यसमा कुनै ग्रन्थलाई आधार मान्ने हो भने समाधान छ, अन्यथा गलत झगडा हो ।

लेखकको उद्देश्य कसैको धार्मिक भावनालाई ठेस पुऱ्याउनु होइन, शास्त्रलाई आधार मानेर तर्क-वितर्क गरिएको हो । सम्पूर्ण शास्त्रहरूको प्रमाणलाई आधार रूपमा प्रस्तुत गरेर यथार्थ आध्यात्मिक ज्ञान तथा मोक्ष मार्गलाई उजागर गरिएको छ । यदि यसलाई धार्मिक भावनाहरूको आहात हुनु मान्ने हो भने दुःख हुने छ । मेरो (लेखकको) उद्देश्य विश्वका मानवलाई परमात्माको खोजमा यताउता भड्कनबाट जोगाएर प्रमाणित तथा लाभदायक शास्त्रोक्त अध्यात्म ज्ञान तथा साधना बताउनु हो । उनीहरूको मानव जीवनको रक्षा गर्नु हो । यदि यो कार्य गर्दा धार्मिक भावनाहरूलाई आहात तुल्याएको महशुस हुन्छ भने केही छैन, त्यसो हो भने यो कार्य गर्नु अझ आवश्यक छ ।

उदाहरण : एक समय एउटा केटोले केही बच्चाहरू पार्कमा एउटा खम्बामा चढ्ने-ओर्लने खेल खेलेको देख्यो । त्यो देखेर उसले गल्लीमा भएको बिजुलीको खम्बामा चढ्न थाल्यो । एक जना सज्जन पुरुषले उसलाई देखे र दौडेर गई उसलाई यसो गर्नबाट रोके । बच्चा रून थाल्यो । त्यस बच्चाले आफूलाई त्यस व्यक्तिले खेल्नबाट रोकेको कुरा आमा-बुवालाई भन्यो । त्यो सज्जन व्यक्ति त्यही गल्लीमा बस्थे । बच्चालाई लिएर आमाबुबा त्यस व्यक्ति कहाँ गए र कारण सोधे अनि त्यस व्यक्तिले त बच्चाको जीवन रक्षा गरेको कुरा थाहा पाए । बच्चाका माता-पिता झगडा गर्ने उद्देश्यले गएका थिए तर त्यस व्यक्तिको उपकारको लागि धन्यवाद दिएर आए ।

❖ मेरो (लेखकको) उद्देश्य यही हो । हिन्दू धर्मका सम्पूर्ण मानिसहरू काठको खम्बामा खेलि रहेका छन् (शास्त्रोक्त साधना गरि रहेका छैनन्) बिजुलीको खम्बामा चढेर मरि रहेका छन् अर्थात् शास्त्रविरूद्ध मनोमानी आचरण गरेर अनमोल मानव जीवन व्यर्थ तुल्याई रहेका छन्, म तिनीहरूलाई शास्त्रसम्मत साधना गर्न बाध्य तुल्याउन चाहन्छु किनकि ती मेरा बन्धु हुन् । मेरा देशका बासी हुन् । परमात्माका अबोध (अध्यात्म ज्ञानबाट अनजान) बच्चा हुन् । मलाई परमात्मा जीले सम्पूर्ण शास्त्रहरूका यथार्थ ज्ञान दिनु भएको छ । वर्तमानमा सबै शिक्षित व्यक्तिहरू छन् । शास्त्रहरूका श्लोक, अध्याय तथा पृष्ठ समेत पुस्तकमा लेखिएका छन् । परख गर्नु होस् र स्वीकार गर्नु होस् ।

❖ यस पुस्तक "अन्ध श्रद्धा भक्ति : खतरामा ज्यान" लेख्नुको उद्देश्य छ :- तपाईंहरू र म हिन्दू धर्ममा जन्मेका हौं । पहिले यो दास (रामपाल दास) पनि तपाईंहरूको जस्तै लोकवेद भएको साधना गर्दथ्यो । परमात्माको कृपाले एक तत्वदर्शी सन्त प्राप्त भयो । उहाँले शास्त्रहरूबाट प्रमाण बताएर मेरो शास्त्रविरूद्धको साधना (जुन अहिले हिन्दू धर्ममा प्रचलित छ ।) छुटाएर शास्त्रहरूमा लेखिएका सत्य साधनाको उपदेश दिनु भयो र मेरो मानव जीवन नष्ट हुनबाट जोगाउनु भयो । ती महापुरूष अर्थात् मेरा पूज्य गुरूदेव स्वामी रामदेवानन्द जी महाराजप्रति मेरा एक सय एक पिंढी कृतज्ञ रहने छ । सूक्ष्म वेदमा भनिएको छ :-

"सत्य भक्ति करे जो हंसा, तारूं तास के इकोतर बंशा ।"

शब्दार्थ:- परमात्मा जीले भन्नु भएको छ- शास्त्रोक्त सत्य साधना भक्ति गर्ने साधकको एक सय एक (१०१) पींढी संसार रूपी सागरबाट पार गरि दिन्छु अर्थात् पुरै वंशलाई मोक्ष प्रदान गरि दिन्छु ।

प्रिय पाठकवर्ग ! मेरो त इकोतर पींढी निःसन्देह पार हुने छ । मलाई दीक्षा दिने अधिकार ती महापुरूषले दिनु भएको छ । जसले म बाट दीक्षा लिन्छ, शास्त्रविरूद्ध पूरानो साधना त्याग्छ, आफ्नो आँखाले प्रत्यक्ष रूपमा शास्त्रमा देखेर विश्वासका साथ आजीवन शास्त्रोक्त साधना गर्छ, ऊ तथा उसको इकोतर (१०१) पींढी भवसागरबाट पार हुने छ ।

❑ कृपया विश्वासका लागि यसै पुस्तकको पृष्ठ २८२ मा "जीवन बचे लाखौं उपाय" अध्याय पढ्नु होस् ।

❖ शास्त्रोक्त साधना तथा शास्त्रविधि त्यागेर मनोमानी आचरण (साधना) मा के अन्तर छ ?

उत्तर : शास्त्रविरूद्ध भक्ति साधना गर्नेलाई केही पनि आध्यात्मिक लाभ हुँदैन भन्ने कुरा माथि नै बताइएको छ । शास्त्रानुकूल साधना गर्नाले सम्पूर्ण लाभ प्राप्त हुन्छ ।

शङ्का:- केही मानिसहरू रामपालले श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव जीका पूजा छुटाउँछन् भन्छन् ।

समाधानः- यो सरासर गलत हो । म (लेखक) यी देवताहरूको शास्त्रसम्मत साधना गर्ने मूल मन्त्र दिन्छु । जस्तो श्रीमद्भागवत गीता अध्याय १५ श्लोक १-४ तथा १६-१७ मा भनिएको छ- यो संसार उल्टो भुण्डिएको पिपलको वृक्ष जस्तो मान । माथिल्तिरको मूल (जरा) त परम अक्षर पुरुष हुन् । फेद अक्षर पुरुष हुन् । त्यसबाट मोटो हाँगा निस्कन्छ, त्यो क्षर पुरुष अर्थात् कालब्रह्म हो, जसलाई ज्योति निरञ्जन पनि भनिन्छ । त्यस हाँगाबाट तीन गुण (रजगुण ब्रह्मा, सत्गुण विष्णु र तमगुण शिव) रूपी शाखाहरू निस्केका छन् तथा ती शाखाहरूमा लागेका पातहरूलाई संसारको अंश जान ।

पाठकवर्ग विचार गरौं । हामी आँपको बिरूवा वन विभागको नर्सरीबाट ल्याएर जमिनमा खाल्टो खनेर रोप्छौं । त्यसको जरामा पानी हाल्छौं । यो बिरूवा रुख बनोस्, शाखाहरूमा फल लागोस् र हामी पनि खाऔं तथा अरूलाई पनि खुवाऔं वा बेचेर आफ्नो निर्वाह गरौं भन्ने उद्देश्य रहन्छ । के हामी बिरूवाको शाखाहरू भाँचेर फ्याँक्छौं त ? उत्तर हो फ्याँक्दैनौं । यसरी नै तीनै देवताहरू (श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जी) ले प्राणीहरूलाई कर्मको फल दिन्छन् । यी हाम्रो साधनाको अभिन्न अङ्ग हुन् । यिनीहरूलाई छोड्न सकिँदैन । यी तीन देवताहरूबाट लाभ लिने विशेष मन्त्र छन्, जुन सूक्ष्म वेदमा बताइएको छ । त्यो मन्त्र मसँग छ । विश्वमा अरू कसैसँग छैन ।

जस्तो राँगा (भैंसा) को एउटा मूल मन्त्र छ । त्यसबाट उसलाई बोलाउँदा त्यो तत्काल सक्रिय हुन्छ । त्यो त्यस मन्त्रको वशमा हुन्छ । त्यसको आफ्नो वशको कुरा रहँदैन । त्यो मन्त्र आइँ-आइँ हो, जुन सुन्नासाथ राँगाको कान ठाडो हुन्छ । यो मन्त्रको प्रयोग आफ्नो भैंसीलाई राँगाबाट गर्भ धारण गराउन चाहने व्यक्तिले गर्दछ । यदि त्यस पशुलाई उसको प्रचलित नाम राँगा-राँगा भनेर बोलायो भने त्यसले कुनै प्रतिक्रिया जनाउँदैन ।

ठीक यसैगरी यी तीन देवताहरू (श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जी) को यथार्थ मन्त्र साधना गर्नु पर्छ, जुन जाप गर्नाले यिनीहरू शिघ्र प्रभावित हुन्छन् तथा तत्काल कर्मफल दिन्छन् ।

हामीले पूजा त मूल रूप परम अक्षर ब्रह्म अर्थात् परमेश्वरलाई इष्ट रूप मानेर गर्नु पर्छ । जस्तो आँपको बिरूवाको जरामा सिँचाइ (पूजा) गर्नाले बिरूवाको सारा अङ्ग विकसित हुन्छन् अर्थात् सारा देवता प्रसन्न हुन्छन् । शास्त्र विधि विरूद्ध साधना भनेको त्यो साधना हो, जसमा संसाररूपी बिरूवालाई शाखाहरू (हाँगाहरू) भए तिरबाट जमिनमा खाल्टो खनी रोपिन्छ, ती हाँगाबिँगाको सिँचाइ (पूजा) गरिन्छ, जरालाई माथिल्तिर पारिन्छ, जुन व्यर्थ हो । मुर्खले मात्र यसो गर्न सक्छ, बुद्धिमानले होइन ।

यस विषयमा अधिक जानकारी यसै पुस्तकको पृष्ठ १४७ मा "गीता अनुसार कुन प्रभुको भक्ति गर्नु पर्छ ?" शीर्षक पढ्नु होस् । कृपया अघिल्लो पृष्ठमा भएको आँपको बिरूवाको दुई चित्र हेर्नु होस्, जसमा शास्त्रविरूद्ध र शास्त्र अनुकूल साधना चित्रहरूद्वारा सम्झाइएको छ ।

गीता अध्याय नं. 15

श्लोक नं. 1 देखि 4 र
श्लोक नं. 16 तथा 17
का आशय

कबीर-अक्षर पुरुष एक पेड़ है,
निरंजन (क्षर पुरुष) वाकी डार।
तीनों देवा शाखा हैं
पात रूप संसार॥

ब्रह्मा

विष्णु

शिव

तीन शाखाहरू=ब्रह्मा, विष्णु, शिव


हाँगा = ब्रह्म (क्षर पुरुष)

फेद = अक्षर पुरुष
(परब्रह्म)



मूल(जरा)=परम अक्षर पुरुष
अर्थात पूर्ण ब्रह्म (कबीर साहेब जी)

शास्त्रानुकूल साधना
अर्थात् सिधा पारी रोपिएको भक्ति रूपी बिरुवा


गीता अध्याय नं. 15
श्लोक नं. 1 र 2 तथा
श्लोक नं. 16 र 17
का आशय
मूल(जरा)=परम अक्षर पुरुष
अर्थात् पूर्ण ब्रह्म (कबीर साहेब जी)
कबीर-अक्षर पुरुष एक पेड़ है,
निरंजन (क्षर पुरुष) वाकी डार ।
तीनों देवा शाखा हैं
पात रूप संसार ।।
फेद = अक्षर पुरुष (परब्रह्म)
हाँगा = ब्रह्म (क्षर पुरुष)
तीन शाखाहरू ब्रह्मा, विष्णु, शिव
विष्णु
ब्रह्मा
शिव
शास्त्र विरुद्ध साधना
अथार्त् उल्टो पारी रोपिएको भक्ति रूपी बिरुवा

यो तत्वज्ञान परमेश्वर कबीर जीले बताउनु भएको हो तथा मेरा पूज्य गुरुदेव स्वामी रामदेवानन्द जीको कृपा एवं आशिर्वादले मलाई ज्ञान भएको छ । यो अटल सत्य ज्ञान हो, तर जन-साधारण अर्थात् वर्तमानमा सम्पूर्ण मानवका लागि यो चार सय (४००) वर्ष पहिले वैज्ञानिक निकोडीन कोपर्निकसको भनाई स्वीकार्नु जत्तिकै जटिल छ । कोपर्निकसले भनेका थिए- सूर्य पृथ्वीको चारैतिर घुमेकाले दिन-रात भएको होइन । पृथ्वी आफ्नो अक्षमा घुम्दछ, जसकारणले दिन-रात बन्दछ । त्यसबेला सूर्य पृथ्वीको चारैतिर घुम्दछ र यस कारणले दिन र रात बन्दछ भन्ने धारणा सबैमा थियो । त्यस समय धर्मान्ध व्यक्तिहरूले जनतालाई भड्काएर ती सच्चा वैज्ञानिकको सशक्त विरोध गरेका थिए । यसले झुठो बोलेको हो, यो धर्म विरोधी हो, यसलाई फाँसीमा झुण्ड्याएर मार भनेका थिए । त्यस देशमा गवर्नरलाई दण्ड दिने वा क्षमा गर्ने अधिकार थियो । भनिन्छ गवर्नरले वैज्ञानिकसँग भनेका थिए- तपाईं एकपटक जनताका सामुमा पृथ्वी घुम्दैन, सूर्य घुम्नाले दिनरात हुन्छ भनि दिनु होस् अनि म तपाईंलाई क्षमा गरि दिन्छु तर सत्यका पूजारी वैज्ञानिकले भने- यो असत्य हो, म कुनै पनि हालतमा भन्दिनँ, जे गर्नु छ, गर । त्यस सत्यवादी व्यक्तिलाई त्यतिखेर फाँसीमा झुण्ड्याइयो । पछि ४०० वर्ष पश्चात् ती दिगवत वैज्ञानिकको आत्मासँग तपाईंले बताउनु भएको विधान सत्य थियो, हामीलाई क्षमा गर्नु होस् भनेर विश्वले क्षमा याचना गर्‍यो । यही दशा मेरो छ । म भन्दछु- ब्रह्मा, विष्णु, शिव नाशवान छन् । यिनको जन्म-मृत्यु हुन्छ । यिनका मातापिता छन् । तपाईंहरूले सत्य मान्ने पुराणहरूमा नै प्रमाण देखाइ दिएको छु । धर्मान्ध, सन्त-मण्डलेश्वर, अखाडाका महन्तजन मेरो सत्य ज्ञानको घोर विरोध गरि रहेका छन् तथा गराई रहेका छन् । जसकारणले ममाथि झुटा मुद्दा लगाएर जेलमा हाल्छन् । प्रचार-प्रसार बन्द गराउँछन् । तर वर्तमानका मानिसहरू शिक्षित छन् । सारा प्रमाण ग्रन्थहरूमा छन् । त्यसैले म जीवित छु । यदि सय वर्ष पहिले यो ज्ञान बताएको भए, पहिले नै परलोक गई सकेको हुन्थेँ ।

तपाईंहरूसँग पुनः निवेदन छ- यस पुस्तकलाई मन थामेर श्रद्धापूर्वक पढेर-बुझेर म दास (लेखक) को सानिध्यमा आउनु होस् र शास्त्रोक्त साधना प्राप्त गरेर आफ्नो तथा परिवारको निःशुल्क कल्याण गराउनु होस् ।

॥ सत साहेब ॥

लेखक

सन्त रामपाल दास

"अन्ध श्रद्धा भक्तिको वर्णन"

मूर्ति पूजा के हो ?

मूर्ति पूजा अन्तर्गत अन्ध श्रद्धालुहरूलाई कैयौं प्रावधान बताइएको छ :-

श्री विष्णु जी, श्री शिव जी, श्री देवी दुर्गा माता जी, श्री गणेश जी, श्री लक्ष्मी जी, श्री पार्वती जी तथा अन्य लोकप्रसिद्ध देवी देवताहरूका मूर्तिहरूको पूजा अर्थात् तिनलाई सधैं स्नान गराउनु, नयाँ वस्त्र पहिराउनु, तिलक लगाउनु, तिनमा फूल चढाउनु, राम्रो भोजन तयार गरेर तिनका मुखमा भोजन लगाएर भोजन ग्रहण गर्ने प्रार्थना गर्नु । दूध पियाउनु, अगरबत्ति तथा दीप बालेर तिनको आरती गर्नु । तिनीहरूसँग आफ्नो परिवारका लागि सुख, शान्ति, समृद्धिको लागि प्रार्थना गर्नु । जागिर-रोजगार, सन्तान तथा धन प्राप्तिका लागि प्रार्थना गर्नु आदि-आदि तथा शिव जीको लिङ्ग (Private Part) अर्थात् गुप्ताङ्गको पूजा गर्नु । त्यस लिङ्गमा दूध चढाउनु, त्यसमाथि तामा वा पित्तलको स्टेण्ड राखेर तामा वा पित्तलको घडा (सानो भाँडो) को तलपट्टी सानो प्वाल बनाएर पानी भरेर राख्नु, जसबाट लगातार लिङ्मा शीतल जलको धार झरि रहन्छ । यो मूर्ति पूजा हो ।

❖ निवेदनः- श्रीमद्भगवत गीताको अध्याय १६ श्लोक २३-२४ मा स्पष्ट निर्देश छ— जुन साधकले शास्त्रहरूमा वर्णित भक्तिका क्रियाहरूका अतिरिक्त साधना एवं क्रियाहरू गर्दछन्, तिनलाई न सुख प्राप्ति हुन्छ, न सिद्धि अर्थात् आध्यात्मिक शक्ति प्राप्त हुन्छ, न तिनलाई गति अर्थात् मोक्ष प्राप्ति हुन्छ अर्थात् व्यर्थको पूजा हो । त्यो गर्नु हुदैन किनकि साधकले यिनै तीन लाभहरूका लागि नै परमात्माको भक्ति गर्दछन् । त्यसैले ती धार्मिक क्रियाहरू त्यागि दिनु पर्छ, जुन गीता तथा वेदहरू जस्ता प्रभुदत्त शास्त्रहरूमा वर्णित छैनन् । उपरोक्त मूर्ति पूजाको उल्लेख वेदहरू तथा गीतामा नभएकाले शास्त्रविरूद्ध साधना हुन् ।

❖ विशेषः- यहाँ केही तर्क दिनु अनिवार्य ठान्दछु:-

"शास्त्रहरूको स्थिति"

संसारको उत्पत्ति पश्चात् परम अक्षर ब्रह्म अर्थात् परमेश्वरले क्षर पुरूष अर्थात् काल ब्रहम् (जसलाई ज्योति स्वरूप निरञ्जन तथा क्षर पुरुष पनि भनिन्छ ।) लाई उसको तपको प्रतिफल स्वरूप एक्काईस ब्रह्माण्डको राज्य दिनु भयो । काल ब्रह्मले सनातन परमधाम अर्थात् सतलोक (सच्च खण्ड) मा एउटा भयङ्कर गल्ती गऱ्यो । देवी दुर्गा जी र हामी सबैले पनि त्यहाँ गल्ती गऱ्यौं । जसकारणले ब्रह्मलाई यिनकी पत्नी देवी दुर्गा तथा हामी सबै प्राणीहरू सहित यिनका एक्काईस ब्रह्माण्डहरू सहित सतलोकबाट निकालि दिनु भयो । यिनको एक्काईस ब्रह्माण्ड हामी सबैलाई साथमा लिएर सतलोकबाट १६ शंख कोस अर्थात् ४८ संख किलो मिटरको दुरीमा लिएर आयो । क्षर पुरुष अर्थात् काल ब्रह्मभन्दा पहिले परमेश्वर (सत् पुरुष) ले अक्षर पुरुष अर्थात् परब्रह्मको उत्पत्ति गर्नु भएको थियो । उनलाई सात शंख ब्रह्माण्डको क्षेत्र दिनु भएको थियो । सत्पुरुष अर्थात् परमेश्वरलाई परम अक्षर पुरुष वा परम अक्षर ब्रह्म

पनि भनिन्छ । यी तीनै पुरुषहरू (क्षर पुरुष, अक्षर पुरुष र परम अक्षर पुरुष) को वर्णन गीता अध्याय १५ श्लोक १६-१७ मा स्पष्ट छ । श्लोक १७ मा परम अक्षर पुरुषको महिमा बताइएको छ । (अधिक तथा सम्पूर्ण जानकारीका लागि यसै पुस्तकको पृष्ठ २०८ मा "सृष्टि रचना" पढ्नु होस् ।)

क्षर पुरुष केवल एक्काईस ब्रह्माण्डहरूका स्वामी हुन्:- यी क्षर पुरुष अर्थात् काल ब्रह्म हुन् । एक ब्रह्माण्डमा तीनलोक विशेष प्रसिद्ध छन्:- (१) पृथ्वी लोक, (२) स्वर्ग लोक, (३) पाताल लोक । यसका अतिरिक्त शिव लोक, विष्णु लोक, ब्रह्माको लोक, महास्वर्ग लोक अर्थात् ब्रह्म लोक, देवी दुर्गाको लोक, इन्द्रको लोक, धर्मरायको लोक, सप्तपुरी लोक, गोलोक, चन्द्र, सूर्य, नौ ग्रह, नौ लाख ताराहरू, छयानब्बे करोड मेघ माला, अठासी हजार ऋषि मण्डल, तेतीस करोड देव स्थान आदि आदि विद्यमान छन् ।

जहाँ हामी बसि रहेका छौं, यो कालको एक्काईस ब्रह्माण्डहरूमध्ये एउटा हो । यो एउटा ब्रह्माण्डको सञ्चालक पनि काल ब्रह्म (क्षर पुरुष) नै हो ।

पाँच ब्रह्माण्डहरूको एक महाब्रह्माण्ड छ । एक ब्रह्माण्ड बीचमा तथा अन्य चारले बीचको ब्रह्माण्डलाई परिक्रमा गरी रहन्छन् । परिक्रमा गर्ने एउटा ब्रह्माण्डमा हामी रहेका छौं । हामी रहि रहेको ब्रह्माण्ड र बीचमा भएको ब्रह्माण्ड यी दुईमा मात्र वर्तमानमा जीव छन् । महाब्रह्माण्डहरू बीचको ब्रह्माण्डमा जीवहरू छन् । यो ज्ञान केवल क्षर पुरुष र देवी दुर्गालाई मात्र थाहा छ । तर अरुहरूले भने वर्तमानमा केवल यही ब्रह्माण्डमा मात्र जीव छन्, अरू ब्रह्माण्डहरूमा जीव छैनन् भन्ने मान्दछन् । जब यस ब्रह्माण्डमा प्रलय हुन्छ, तब ती परिक्रमा गर्ने ब्रह्माण्डहरू मध्ये कुनै एकमा सृष्टि क्रम सुरु हुन्छ । म कहिल्यै कसैलाई आफ्नो वास्तविक स्वरुप (यसको वास्तविक काल रूप अनुहार) मा दर्शन दिन्न भन्ने कालले प्रतिज्ञा गरेका छन् । (प्रमाण : गीता अध्याय ७ श्लोक २४-२५) त्यसैले उसले आफ्नो पुत्रहरू ब्रह्मा जी, विष्णु जी तथा शिव जीको रूपमा आफ्ना साधकलाई दर्शन दिन्छन् । यसैकारणले ऋषिहरूलाई साधना समयमा जुन रूपमा दर्शन भयो, त्यसको महिमाको कहानी शुरू गरे । यिनलाई शिवपुराणमा सदाशिव वा महाशिव भनिन्छ । विष्णु पुराणमा, महाविष्णु तथा ब्रह्मा पुराणमा महाब्रह्मा भनिएको छ । यसै कारणले अहिलेसम्म ऋषिगण भ्रममा परेर रजगुण ब्रह्मा जी, सतगुण विष्णु जी तथा तमोगुण शिव जीलाई सर्वेसर्वा मान्न थाले किनकि ऋषिगणले वेदहरू पढे । (त्यस समय पुराणहरूको रचना भएको थिएन । पुराण ऋषिहरूको अनुभव हो र वेद ज्ञान अर्थात् चारै वेदहरू परमात्माले दिनु भएको हो ।) वेदहरूमा भक्ति गर्ने केवल एक अक्षर ओं (ओम्= ॐ) मन्त्र छ, मोक्षको, अन्य कुनै मन्त्र छैनन् । (प्रमाण : यजुर्वेद अध्याय ४० मन्त्र १५ मा)

ऋषिहरूले ॐ (ओम्) नामको जप गरे, जुन ब्रह्म (काल ब्रह्म = क्षर पुरुष) को हो । ब्रह्म (क्षर पुरुष) ले आफ्नो प्रतिज्ञा अनुसार आफ्नो वास्तविक रूपमा दर्शन नदिएर आफ्ना पुत्रहरू (ब्रह्मा, विष्णु, शिव) को रूपमा दर्शन दिएर तिनका भक्तिको प्रतिफलको आशिर्वाद दिएर अन्तर्ध्यान भए । कुनै ऋषिलाई श्री ब्रह्मा जीको रूपमा

दर्शन दिए । ती ऋषिलाई रजगुण ब्रह्मा जी सर्गुण देवता हुन् र उनी नै पूर्ण परमात्मा हुन् भन्ने विश्वास भयो ।

ऋषिहरूलाई चारै वेदहरूको सम्पूर्ण ज्ञान थिएन । (कारण यसपछि तुरुन्त नै भन्ने छु, ऋषिहरूलाई वेदहरूको सही ज्ञान किन थिएन भन्ने कुराका लागि भूमिका लेखि रहेको छु ।) उनीहरूले वेदहरूमा पढे– पूर्ण परमात्माको भक्ति गर्नाले मोक्ष प्राप्ति हुन्छ । जरा-मरण समाप्त हुन्छ । अन्य देवताहरू (रजगुण ब्रह्मा, सतगुण, विष्णु, तमगुण शिव जी तथा अन्य देवी देवताहरू, यी सबै अन्य देवी देवताहरूको श्रेणीमा पर्दछन् ।) को भक्तिले पूर्ण मोक्ष सम्भव छैन । ऋषिहरूले अज्ञानताका कारण पूर्ण भक्ति तथा साधनाको मन्त्र ओं (ॐ) लाई माने तथा श्री ब्रह्मा जीबाट सुनेर हठयोगद्वारा तप पनि साथ साथै गरे किनकि ब्रह्मा जीले वेदहरू प्राप्त हुनुपूर्व श्री विष्णु जीको नाभीबाट निस्केपछि र कमलमा युवावस्थामा सचेत भएपछि क्षर पुरुष (काल ब्रह्म) ले तप गर -तप गर भनी आकाशवाणी गरे । श्री ब्रह्मा जीले एक हजार वर्षसम्म तप गरे । त्यही हठपूर्वकको तपलाई श्री ब्रह्मा जीले पूर्ण परमात्माद्वारा गरिएको आकाशवाणी ठाने, जब की यो आकाशवाणी क्षर पुरुषले गरेका थिए, जसलाई ऋषिगण ब्रह्म भन्दछन् । यिनी पूर्ण परमात्मा होइनन् । पूर्ण परमात्मा त परम अक्षर ब्रह्म हुन्, जसको वर्णन गीता अध्याय ८ श्लोक १ मा गरिएको छ । यसमा अर्जुनले "तत् ब्रह्म के हो" भनी प्रश्न गरे र उत्तर यसै अध्याय ८ को शलोक ३ मा गीता ज्ञान भन्नेले दिएका छन्– "ती परम अक्षर ब्रह्म हुन् ।" यही ज्ञान अध्याय ८ श्लोक ८, ९, १० तथा २०, २१, २२ मा छ तथा अध्याय १५ श्लोक ४ तथा १७ मा छ । यिनैको शरणमा जानका लागि गीता ज्ञानदाताले गीता अध्याय १८ श्लोक ६२ तथा ६६ मा भनेका छन् । उनको साधनाको मन्त्र गीता अध्याय १७ श्लोक २३ मा भनिएको छ, जसको भक्तिको ज्ञान तत्वदर्शी सन्तबाट प्राप्त गर भनिएको छ । (प्रमाण : गीता अध्याय ४ श्लोक ३४) त्यो तत्वज्ञान न चारै वेदहरूमा छन्, न त गीता, पुराणहरू तथा उपनिषद्हरूमा नै छन् । त्यो सूक्ष्म वेदमा छ । (यसको कारण पछि बताउँदै जाने छु ।)

ऋषिहरूले अज्ञानलाई आधार मानेर हठ योग गरी घोर तप तथा ओं (ॐ) मन्त्रको जप गरे । त्यही कारणले काल ब्रह्मले कसैलाई विष्णु जीको रूपमा साधक ऋषिलाई दर्शन दिए । ती ऋषिले सतगुण विष्णु देवतालाई पूर्ण परमात्मा माने किनकि ती ऋषिहरूले गलत ज्ञानका कारण ॐ मन्त्रको जपलाई पूर्ण परमात्माको जप ठाने । त्यही भूल वर्तमानमा पनि चलि रहेको छ । यसैगरी काल ब्रह्मले अन्य ऋषिहरूलाई तमगुण शिव देवताको रूपमा दर्शन दिए, अनि तिनले तमोगुणी श्री शिव जीलाई नै पूर्ण परमात्मा घोषित गरि दिए । कुनै ऋषि साधकलाई ब्रह्मा जीको रूपमा दर्शन दिए, अनि ती ऋषिहरूले रजगुण देवता श्री ब्रह्मा जीलाई पूर्ण परमात्मा भने । जसकारणले यिनै तीन देवताहरू (ब्रह्मा, विष्णु, शिव) मध्ये दुई देवताहरू (श्री विष्णु जी तथा श्री शिव जी) तथा अन्य देवी-देवताहरूको पूजा गर्न थाले । ऋषिहरूलाई पुराणहरूको ज्ञान श्री ब्रह्मा जीले दिए । यो एउटै बोध थियो । ऋषिहरूले आफ्ना पिता, पितामह श्री ब्रह्मा जीबाट सुनेका पुराणको ज्ञानमा आफ्नो अनुभव तथा एक अर्काबाट सुनेका

कथाहरू मिश्रण गरी अठार पुराण बनाए, जसमा वेदका ज्ञानहरू नाम मात्रका छन्। अधिक ज्ञान ऋषिहरूको आफ्नो अनुभवहरू हुन् । ती अनुभवहरूलाई भक्ति मार्ग अर्थात् पूर्ण मोक्ष मार्गमा प्रमाणको रूपमा लिन सकिँदैन अर्थात् ऋषिहरूद्वारा पुराणहरूमा लेखिएका साधना विधि वेदहरू तथा वेदहरूका सारांश रूप श्रीमद्भगवत गीतासँग मेल खाँदैन भने त्यो शास्त्र विरूद्ध हो । त्यो साधना गर्नु हुँदैन । यिनै ऋषिहरूले मूर्ति पूजा, श्राद्ध, पिण्डदान, मन्दिर बनाउनु तथा त्यसमा मूर्ति स्थापना गर्नु, त्यसमा प्राण प्रतिष्ठा गर्नु, शिव लिङ्गको पूजा गर्नु, अन्य देवी-देवताहरूको पूजा इष्ट रूपमा गर्नु जस्ता शास्त्र विरूद्ध साधना प्रचलनमा ल्याए, जुन साधनाको वर्णन न पवित्र वेदहरूमा छ, न त वेदहरूका सारांश पवित्र गीतामा नै छ । जुन साधना वेदहरू तथा गीतामा वर्णित छैनन्, त्यो गर्नु हुँदैन किनकि त्यो शास्त्रविधि त्यागेर गरिने मनोमानी आचरण भएकाले व्यर्थ छ ।

तपाईंहरूलाई स्पष्ट भयो कि पुराण ऋषिहरू कृत ज्ञान हो, जुन वेद प्राप्ति पश्चात्का ज्ञान हुन् । जुन ऋषिहरूको अधुरो वेद ज्ञानको परिणाम हो र भक्ति गर्न योग्य छैन ।

उपनिषदः- उपनिषद् पनि ऋषिहरूको आफ्नो निजि अनुभव हो । पुराणहरूमा जुन ऋषिले पुराणको ज्ञान कुनै जन समूहलाई प्रवचन गरेर सुनाए, त्यसमा आफ्नो अनुभव तथा अरू कसैबाट सुनेको ज्ञान पनि मिसाए । तर उपनिषद एउटा ऋषिको आफ्नो अनुभव हो । उनैको नामबाट उपनिषद् प्रसिद्ध छ । जस्तो कठोपनिषद् अर्थात् यो उपनिषद कठ ऋषिद्वारा लेखिएको आफ्नो अनुभव हो । यदि उपनिषद्हरूको ज्ञान वेद विरूद्ध छ भने त्यो पनि अमान्य हो । भक्ति तथा साधनामा प्रयोग गर्न योग्य छैन ।

❖ शास्त्रहरूको स्थिति बताइँदै छ :- पुराणहरू तथा उपनिषद्हरूको स्थितिको वर्णन गरिएको छ :-

❖ चारै वेदहरूको स्थिति :- क्षर पुरूष (काल ब्रह्म अर्थात् ज्योति स्वरूप निरन्जन काल) लाई, हामी सहित एक्काईस ब्रह्माण्डहरूलाई सतलोकबाट टाढा पठाएपछि कालब्रह्मले आफ्नी पत्नी देवी दुर्गा (अष्टंगी) सँग विलास गरेर तीन पुत्रहरू (रजगुण-ब्रह्मा, सतगुण-विष्णु तथा तमगुण-शिव) उत्पन्न गरिन् । श्री दुर्गा देवी जीले आफ्नो वचनले तीन युवा केटी उत्पन्न गरिन् । उनीहरूको नाम सावित्री, लक्ष्मी र पार्वती राखिन् । यिनीहरूको विवाह क्रमशः ब्रह्मा, विष्णु तथा शिवसँग गरि दिइन् । यस पश्चात् काल ब्रह्म् (क्षर पुरूष) को एक्काईस ब्रह्माण्डहरूमा जीवहरू उत्पन्न हुने तथा मर्ने सिलसिला प्रारम्भ भयो ।

आत्माहरू आफ्नो गल्तीले काल ब्रह्म (क्षर पुरूष) का साथमा गएका छन्, उनीहरूले त्यहाँ महाकष्ट झेल्ने छन् । पुनः सुख स्थान अर्थात् सतलोक (सनातन परम धाम) मा आउनका लागि यथार्थ साधनाको आवश्यकता पर्छ भन्ने कुराको ज्ञान पूर्ण परमात्मालाई थियो अर्थात् तिमी के कारणले यस काल लोकमा जन्मि रहेका छौ तथा कुकुर, गधा, पक्षी आदिको जीवन किन भोगि रहेका छौ ? यस जन्म-मरणको

सङ्कटबाट कसरी मुक्ति प्राप्त हुन्छ ? जस्ता कुराहरू उनीहरूलाई ज्ञान हुनु पर्छ । यस विषयको सम्पूर्ण वेद ज्ञान अर्थात् सूक्ष्मवेद पूर्ण परमात्मा (परम अक्षर ब्रह्म) ले आफ्नो आत्माबाट क्षर पुरुष (काल ब्रह्म) को आत्मामा ई-मेल गरि दिनु भयो । केही समय पश्चात् ती सम्पूर्ण वेद ज्ञान (सूक्ष्म वेद) काल ब्रह्म (ज्योति स्वरूप निरन्जन अर्थात् क्षर पुरुष) को श्वासहरूको माध्यमले बाहिर प्रकट भयो । जस्तो कम्प्युटरमा कमाण्ड दिनासाथ प्रिन्टरबाट म्याटर स्वतः बाहिर निस्कन्छ, ठीक त्यसैगरी परम अक्षर पुरुषले कमाण्ड दिनाले काल ब्रह्मको आत्माबाट श्वासहरूको माध्यमले पूर्ण वेद बाहिर आयो । क्षर पुरुषले ती सूक्ष्मवेद पढेपछि हामीलाई धोका दियो । उसलाई लाग्यो- यो ज्ञान तथा समाधान मसँग आएका प्राणीहरूले थाहा पाए भने यी सबै सत्य साधना गरेर मेरो लोकबाट सतलोक (सनातन परम धाम) जाने छन् । त्यसैले उसले सम्पूर्ण वेदहरू काँट-छाँट गरेर विशेष ज्ञान नष्ट गरि दिए । केवल त्यो प्रकरण एवं साधना भएको ज्ञान भक्तिको वर्णन राखे जसका कारण जन्म-मरण रहि रहन्छ र मानव जीवन प्राप्त प्राणीले बाँकी रहेको अधुरो वेदको ज्ञान जानुन् र हामी पूर्ण परमात्माको भक्ति गरि रहेका छौं भन्ने भ्रम रहि रहोस् तर त्यो मन्त्र काल ब्रह्मको साधनाको भएकाले यिनीहरूको जन्म-मरण स्वर्ग-नर्क सदा रहि रहने छ र मेरो लोकमा फसि रहने छन् । यस्तो विचार गरेर काल ब्रह्मले अधुरो वेद ज्ञान समुद्रमा लुकाइ दिए । अनि गोप्य रूपले आफ्नी पत्नी देवी दुर्गालाई सन्देश पठाए- यी तीनै पुत्रहरू (ब्रह्मा, विष्णु र शिव) लाई सागर मन्थनका लागि पठाइ देऊ । मैले सारा व्यवस्था मिलाएको छु । एउटा ज्ञान निस्कने छ, त्यो मेरो जेठो छोरोले प्राप्त गरोस् । त्यसपछि अरूलाई त्यसैले भनोस् । यस्तै गरियो । सागर मन्थनमा वेद ब्रह्मा जीले पाए, जसमा पूर्ण अध्यात्म ज्ञान तथा पूर्ण मोक्ष प्राप्त गर्ने विधि छैन । केवल स्वर्ग-महास्वर्ग (ब्रह्मलोक) सम्म प्राप्तिको भक्ति विधि वर्णित छ । त्यसैले सबै प्राणीहरूले त्यो सनातन परमधाम प्राप्त गर्न सकि रहेका छैनन्, जसको विषयमा गीता ज्ञानदाताले गीता अध्याय १८ श्लोक ६२ मा बताएका छन् । ती परमेश्वरको स्पष्ट ज्ञान शेष रहेको वेदहरूमा छैन । त्यसैले गीता अध्याय ४ श्लोक ३२ मा भनेका छन्– सम्पूर्ण अध्यात्म ज्ञान तथा धार्मिक यज्ञहरू (अनुष्ठानहरू) को सम्पूर्ण विधिको ज्ञान स्वयम् (ब्रह्मणः मुखे वितिताः) सच्चिदानन्द घन ब्रह्म (परम अक्षर पुरुष) ले आफ्नो मुखारविन्दबाट बोलेको वाणीमा बिस्तारपूर्वक बताएका छन् । त्यो तत्वज्ञान (सूक्ष्मवेद) हो । त्यसमा वर्णित विधिद्वारा सम्पूर्ण पापहरू नष्ट हुन्छन् र त्यो साधना आफ्नो दैनिक कर्म (कार्य) गर्दागर्दै गर्ने प्रावधान छ । (गीता अध्याय ४ श्लोक ३२ : अधिक जानकारीका लागि यसै पुस्तकको पृष्ठ ५९ मा रहेको 'सूक्ष्मवेदको रहस्य' शीर्षक पढ्नु होस् ।

❖ गीता अध्याय ४ श्लोक ३४ :- यसमा गीता ज्ञानदाताले भनेका छन्– जुन तत्वज्ञान परमात्मा स्वयम् पृथ्वीमा प्रकट भएर आफ्नो मुख कमलबाट बोलेको वाणीको माध्यमले बताउँछन्, त्यो ज्ञान तिमी तत्वदर्शी सन्तको सानिध्यमा गएर बुझ । उनलाई दण्डवत् प्रणाम गर्नाले, कपट त्यागेर नम्रतापूर्वक प्रश्न गर्नाले परमात्मा तत्व भली-भाँती जान्ने ती ज्ञानी महात्माले त्यो तत्वज्ञानको उपदेश दिने छन् । (गीता अध्याय ४ श्लोक ३४)

❖ गीता अध्याय १५ श्लोक ४ :- यसमा भनेका छन्– तत्वज्ञान प्राप्ति पश्चात् अज्ञानलाई यस तत्वज्ञान रूपी शस्त्रले काटेर अर्थात् तत्वज्ञान भली-भाँती बुझेपछि परमेश्वरको त्यस परमपदको खोज गर्नु पर्छ, जहाँ गए पश्चात् साधक फर्केर संसारमा कहिल्यै आउँदैन । जुन परमेश्वरबाट संसार रूपी वृक्षको प्रवृति विस्तार भएको छ अर्थात् जुन परमात्माले सम्पूर्ण ब्रह्माण्डहरूको उत्पत्ति गरेका हुन्, उनै परमेश्वरको भक्ति गर । (गीता अध्याय १५ श्लोक ४)

❖ गीता अध्याय १८ श्लोक ६२ :- हे भारत ! तिमी सर्व भावले उनै परमेश्वरको शरणमा जाऊ । उनै परमेश्वरको कृपाले नै तिमी परम शान्ति अर्थात् जन्म-मरणबाट सदाका लागि छुटकारा तथा (शाश्वतम् स्थानम्) सनातन परम धाम अर्थात् सतलोक प्राप्त गर्ने छौ ।

विशेष : त्यो तत्वज्ञान गीता बोल्ने (गीता ज्ञानदाता) लाई पनि थाहा छैन । यदि ज्ञान भएको भए अझै अर्को एउटा अध्याय भन्ने थिए र त्यस अध्यायमा पढ्न भन्ने थिए । यसबाट पनि त्यो तत्वज्ञान गीता-वेदहरू पढ्नेहरूसँग पनि छैन भन्ने स्वसिद्ध छ ।

पाठकवर्ग ! गीता अध्याय ४ श्लोक ३२ तथा ३४ मा भनिएको तत्वज्ञान जान्ने एक मात्र तत्वदर्शी सन्त यो दास (रामपाल दास) हो । त्यो तत्वज्ञान आफ्नो मुख कमलबाट बोल्ने परम अक्षर ब्रह्म कबीर जी हुनु हुन्छ ।

प्रश्नः- को कबीर ? उत्तर (सन्त गरीबदास जी को) :-

गरीब, हम सुलतानी नानक तारे, दादू को उपदेश दिया ।
जाति जुलाहा भेद ना पाया, काशी मांहे कबीर हुआ ॥
गरीब, अनन्त कोटि ब्रह्मण्ड का, एक रति नही भार ।
सतगुरु पुरुष कबीर हैं, कुल के सिरजनहार ॥

शब्दार्थ :- छुडानी गाउँ झज्जर जिल्ला (हरियाणा) का सन्त गरीबदास जी दस वर्षको उमेरमा एकदिन खेतमा गाईहरू चराइ रहेका थिए । फागुन महिनाको शुक्ल पक्ष (चन्द्रमा) को द्वादशीको दिन थियो । विहानको लगभग दस बजे परम अक्षर ब्रह्म सतलोकबाट तल आएर जिन्दा बाबाको भेषमा उनलाई भेट्नु भयो । उनको आत्मालाई श्री नानक जी (सिख धर्मका प्रवर्तक) को जसरी माथि सतलोकमा लिएर जानु भयो । श्री दादु जीलाई पनि उनै परम अक्षर ब्रह्मले जिन्दा बाबाको रूपमा भेट्नु भएको थियो । उनको आत्मालाई पनि सतलोक लैजानु भएको थियो । अनि फेरि सबैलाई पुनः शरीरमा प्रवेश गराउनु भयो । ती महात्माहरूले परमात्माको सनातन परमधाम तथा परम अक्षर ब्रह्म्लाई प्रत्यक्ष आफ्नै आँखाले देखे र संसारमा त्यसको साक्षी बने । सन्त गरीबदास जीलाई दस वर्षको आयुमा सन् १७२७ (वि.सं. १७८४) मा भेट्नु भएको थियो । श्री नानक जी तथा श्री दादु जीलाई पहिले नै भेट्नु भएको थियो । त्यसैले सन्त गरीबदास जीले स्पष्ट रूपमा भनेका छन्– जुन परमात्माले मलाई भेट्नु भयो, उहाँले नै श्री नानक जी तथा श्री दादू जीलाई प्रकट भएर दर्शन दिनु भयो तथा सत्य भक्ति एवं ज्ञान बताएर संसारबाट मुक्त गराउनु भएको थियो । उहाँ अरू कोही नभएर

काशीमा जुलाहाको नामले प्रकट हुनु भएको थियो । उनै परमेश्वरले समय समयमा सतलोकबाट पृथ्वीमा प्रकट हुनु भएर आफ्नै मुख कमलबाट तत्वज्ञान बोली-बोली आफ्नो अमृतवाणीमा भन्नु भएको छ– त्यो लेखिन्छ र जुन सूक्ष्मवेद (तत्वज्ञान) अर्थात् सम्पूर्ण वेद ज्ञान हो ।

यस सूक्ष्मवेदमा चारै वेदहरू (ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद) मा भएको ज्ञान अर्थात् सूक्ष्मबाट लिइएको अधुरो ज्ञान तथा यिनै चार वेदहरूको सारांश रूप श्रीमद्भागवत गीताको ज्ञान त छ नै र ब्रह्मले नष्ट गरेको ज्ञान पनि छ । यस दास (रामपाल दास) सँग सूक्ष्मवेदको ज्ञानमा भएको सम्पूर्ण मोक्ष प्राप्तिको साधनाको शास्त्रोक्त मन्त्र छ । यसको साधना गर्नाले मनले खराब कुराहरूबाट परहेज गर्न थाल्दछ । चोरी, डकैती, हत्या-हिंसा, भ्रष्टाचार, बलात्कार, सबै खालका नशा सेवनप्रति स्वतस्फूर्त ग्लानी हुन थाल्दछ । आत्मा निर्मल हुन थाल्छ । हृदयमा दयाको सञ्चार हुन थाल्छ । आवश्यकताभन्दा बढी धन सङ्ग्रह गर्नु तथा ठूला-ठूला भवन आदि बनाउने रूचि रहँदैन । उसको परमात्माको त्यो सनातन परमधाम (सतलोक) प्राप्त गर्ने तथा सदाका लागि जन्म-मरणबाट छुटकारा पाउने पूर्ण इच्छा हुन्छ । त्यसैले म (लेखक) बाट दीक्षा लिएर मर्यादामा रही साधना गर्नाले परमेश्वरको त्यो परम पद प्राप्त हुन्छ, जहाँ गए पश्चात् साधक फर्केर पुनः संसारमा आउँदैन अर्थात् (शाश्वतं स्थानं) सनातन परम धाम (सतलोक) एवं परम शान्ति प्राप्त हुन्छ । जसको विषयमा गीता अध्याय १८ श्लोक ६२ तथा गीता अध्याय १५ श्लोक ४ मा भनिएको छ ।

गीता अध्याय ८ श्लोक ८, ९ र १० मा गीताको ज्ञान भन्नेले स्वयम् भनेका छन्– ती दिव्य परम पुरूष अर्थात् परम अक्षर ब्रह्मको भक्ति गर्नेले तिनै परम पुरुष परमेश्वरलाई प्राप्त गर्दछ र गीता अध्याय ८ को नै श्लोक ५ तथा ७ मा गीता ज्ञानदाताले आफ्नो विषयमा भनेका छन्– मेरो भक्ति गऱ्यौ भने मलाई नै प्राप्त गर्ने छौ । यसै अध्याय ८ को श्लोक १३ मा भनेका छन्– मेरो भक्तिको केवल एक ओम् (ॐ) अक्षर छ । ध्यान रहोस् गीता ज्ञानदाताले गीता अध्याय २ श्लोक १२, अध्याय ४ श्लोक ५, अध्याय १० श्लोक २ मा स्पष्ट पारेका छन्– हे अर्जुन ! तिम्रो र मेरो अनेकौं जन्म भइसकेको छ, पछि पनि भइ रहने छ । यसबाट गीता ज्ञानदाता स्वयम् जन्मन्छन्–मर्छन् भने उपासक पनि जन्मि रहने छन् र मरि रहने छन् भन्ने सिद्ध हुन्छ ।

ओं (ॐ) नामको जपले ब्रह्मलोक प्राप्त हुन्छ अर्थात् ॐ (ओं) मन्त्रको जप गर्ने साधक ब्रह्मलोकमा जान्छन् । प्रमाण : श्री देवी पुराण गीता प्रेस गोरखपुरबाट प्रकाशित, सातौं स्कन्ध पृष्ठ ५६२-५६३ मा । देवी दुर्गा जीले हिमालय राजालाई ब्रह्म उपदेश दिने बेलामा यो रहस्य बताएकी हुन् ।

गीता अध्याय ८ श्लोक १६ मा यो पनि स्पष्ट छ– ब्रह्मलोकमा गएको साधक पनि पुनरावृत्तिमा छन् अर्थात् ब्रहम्लोक गएका साधक पनि आफ्नो स्वर्गको समय पूरा गरेर पुनः पृथ्वीमा फर्केर आउँछ । यो पूर्ण मोक्ष होइन । ॐ (ओम्) नामको जपले ब्रह्मलोक प्राप्त हुन्छ । पूर्ण मोक्षका लागि गीता अध्याय १७ श्लोक २३ मा बताइएको तीन मन्त्र (ॐ, तत्, सत्) को नाम स्मरण गर्नाले (ब्रह्मणः) सच्चिदानन्द घन ब्रह्म

अर्थात् परम अक्षर ब्रह्मको प्राप्ति हुन्छ । गीताका पाठकहरूले गीता शास्त्र पढेका छन्, तर बुझेका छैनन्, किनकि गीताका अनुवादकहरूले गीताको गूढ साङ्केतिक शब्दहरू बुझ्न सकेनन् । जुन तीन मन्त्र छन् :- ॐ, तत्, सत् । यी गीता अध्याय १५ श्लोक १६-१७ मा वर्णित तीन पुरुषहरु (प्रभुहरू) को मन्त्र हो :-

१. क्षर पुरुष (काल ब्रह्म) को ॐ (ओम्) नाम हो, यो प्रत्यक्ष छ । काल ब्रह्म केवल २१ ब्रह्माण्डहरूका प्रभु हुन् । यी नाशवान छन् । यिनका लोकका सारा प्राणी पनि नाशवान छन् ।

२. अक्षर पुरुष (परब्रह्म) को मन्त्र तत् हो । यो साङ्केतिक छ । यसको यथार्थ मन्त्र म (लेखक) सँग छ । यी प्रभु सात सङ्ख ब्रह्माण्डहरूका स्वामी हुन् । यिनी पनि नाशवान छन् । यिनका लोकहरूका सारा प्राणीहरू पनि नाशवान छन् ।

३. परम अक्षर पुरुष (परम अक्षर ब्रह्म) को मन्त्र सत् हो । यो पनि साङ्केतिक मन्त्र हो । यथार्थ मन्त्र मसँग छ किनकि सूक्ष्मवेद अर्थात् तत्वज्ञानमा यी मन्त्रहरूको वास्तविक शब्दको उल्लेख छ । सूक्ष्मवेद केवल लेखक (रामपाल दास) सँग छ र त्यसलाई सही ढङ्गले बुझेको छ । परम अक्षर पुरुष वास्तवमा अविनाशी तथा पुरुषोत्तम तथा परमात्मा हुन् । यिनको लोकमा सारा जीवात्माहरू पनि अविनाशी छन् । यिनी नै साराका पालनकर्ता परमेश्वर हुन् ।

म दासलाई एक वैद्य सम्झेर आफ्नो जन्म-मरणको दीर्घ रोगको उपचार निःशुल्क गराउनु होस् । जबसम्म संसारमा रहनु हुने छ, तपाईंको प्रत्येक मनोकामना पूर्ण हुने छ । यो कुरा यो दास (रामपाल दास) ले ठोकुवाका साथ एवं पूर्ण विश्वासका साथ भनि रहेको छ । जुन लाभ सबैलाई सोधेर अर्थात् अनेकौं देवी देवताहरूको भक्ति एवं मूर्ति, तीर्थहरू, धामहरू आदिको पूजा गरेर पनि प्राप्त गर्न सक्नु हुन्न, ती सारा लाभ तपाईंहरुलाई "एकै साधै" अर्थात् एक मूल रूप परम अक्षर ब्रह्मको साधनाबाट प्राप्त हुन्छ । जस्तो आँपको बिरूवाको जरा (मूल) को सिँचाइ गर्नाले बिरुवाको सारा भाग (फेद, हाँगा, शाखाहरू, पातहरू) विकसित भएर रूख बनी शाखाहरूले फल दिन थाल्छ । सोझो पारी रोपिएको बिरूवाको चित्र यसै पुस्तकको पृष्ठ १५१ मा हेर्नु होस् । तपाईंहरू सबै देवहरूको साधना गरि रहनु भएको छ । तपाईंहरुले भक्ति रूपी आँपको बिरूवा उल्टो रोप्नु भएको छ, जुन नष्ट भइ रहेको छ । अर्थात् अध्यात्म लाभ प्राप्त भइ रहेको छैन । कृपया यसै पुस्तकको पेज नं. १५२ मा उल्टो रोपिएको बिरुवाको चित्र हेर्नु होस् । यस विषयमा सम्पूर्ण जानकारी यसै पुस्तकको पृष्ठ १४७ मा भएको शीर्षक "भक्ति कुन प्रभुको गर्नु पर्छ ? गीता अनुसार" मा पढ्नु होस् ।

"आन-उपासना गर्नु व्यर्थ छ"

सूक्ष्मवेद (तत्वज्ञान) मा आन-उपासना निषेध भनिएको छ । उपासनाको अर्थ आफ्नो ईष्ट देवको निकटमा जानु अर्थात् ईष्टको प्राप्तीका लागि गरिने तडप हो, अर्को शब्दमा पूजा गर्नु हो ।

आन-उपासना त्यो पूजा हो, जुन शास्त्रहरुमा वर्णित छैन ।

❖ **मूर्ति-पूजा अङ्ग-उपासना हो :-**

यस विषयमा सूक्ष्मवेदमा कबीर साहेबले यसरी स्पष्ट पार्नु भएको छ :-

कबीर, पत्थर पूजें हरि मिले तो मैं पूजूँ पहार ।
तातें तो चक्की भली, पीस खाए संसार ॥
बेद पढ़ैं पर भेद ना जानें, बांचें पुराण अठारा ।
पत्थर की पूजा करें, भूले सिरजनहारा ॥

शब्दार्थ:- कुनै देवताको ढुङ्गाको मूर्ति बनाएर त्यसको पूजा गर्छन्, जुन शास्त्र विरुद्ध छ । जसबाट कुनै लाभ हुँदैन । कबीर परमेश्वरले भन्नु भएको छ– यदि एउटा सानो ढुङ्गा (देवताको प्रतिमा) लाई पूज्नाले परमात्मा प्राप्ति हुने भए म पहाडको पूजा गरूँ ताकि शिघ्र मोक्ष प्राप्त होस् । तर यो मूर्ति पूजा व्यर्थ छ । यस (मूर्ति बनाएको ढुङ्गा) भन्दा त घरमा राखिएको पिठो पिस्ने ढुङ्गाको चक्की (जाँतो) लाभदायक छ, जसद्वारा अन्न पिसेर पिठो बनाई सबैले भोजन पकाई खाइ रहेका छन् ।

वेद तथा पुराणहरूको यथार्थ ज्ञान नभएकाले हिन्दु धर्मका धर्मगुरुहरू वेद, पुराण तथा गीता पढ्छन् तर पूजा पत्थरको गर्छन् र अनुयायीहरूद्वारा गराउँछन् । यिनलाई सिर्जनहार अर्थात् परम अक्षर ब्रह्मको ज्ञान नै छैन । उनलाई नपूजेर अन्य देवी-देवताहरू पूज्छन्, तिनैको ढुङ्गाको काल्पनिक मूर्ति बनाएर पूजाको विधान लोकवेद (दन्त्य कथा) को आधारमा बनाएर यथार्थ परमात्मालाई भुलि सकेका छन् । ती परमेश्वरको भक्ति विधिको पनि ज्ञान छैन ।

❖ **विवेकपूर्ण रूपमा काम लिनु पर्छ :-** परमात्मा कबीर जीले सम्झाउने कोशिस गर्नु भएको छ– मानौं तपाईंलाई आँपको फल खाने इच्छा भयो । कसैले तपाईंलाई यो पत्थरको मूर्ति आँपको फलको हो भन्यो । आँपको फलको थुप्रै गुणहरू बतायो । तपाईं त्यस आँपको फलको गुण त्यसलाई खाएर मात्र प्राप्त गर्न सक्नु हुन्छ । जुन आँपको मूर्ति पत्थरको बनेको छ, त्यसबाट ती लाभ प्राप्त गर्न सकिँदैन । तपाईंले आँपको फल खानु पर्छ । त्यसको यथार्थ विधि यसप्रकार छ– पहिले मजदुरी वा नोकरी गरेर धन प्राप्त गर्नु होस्, अनि बजार गई आँप बिक्रेता खोजी गर्नु होस् र त्यो वाञ्छित वस्तु प्राप्त हुन्छ ।

यसरी जुनसुकै देवको गुणहरूबाट प्रभावित भएर त्यसबाट लाभ लिनका लागि तपाईं प्रयत्नशील हुनु हुन्छ, त्यो लाभ त्यसको मूर्तिबाट हुन सक्दैन । त्यसको विधि शास्त्रमा वर्णित छ । त्यो अपनाउनु होस् तथा मजदुरी अर्थात् साधना गरेर भक्ति धन सङ्ग्रह गर्नु होस् । अनि वृक्षको शाखा रूपी देवले तपाईंलाई मन वाञ्छित फल तपाईंको भक्ति कर्मको आधारमा दिने छन् ।

अन्य उदाहरण :- कुनै सन्त (बाबा) बाट उसका अनुयायीहरूलाई थुप्रै लाभ हुने गर्थ्यो । श्रद्धालुहरू आफ्नो समस्या बाबा अर्थात् गुरू जीलाई भन्थे । गुरू जीले त्यस कष्टको निवारणको उपाय भन्थे । अनुयायीहरूलाई लाभ हुन्थ्यो । त्यस बाबाको मृत्यु पश्चात् श्रद्धालुहरूले श्रद्धावश ती महात्माको पत्थरको मूर्ति बनाएर मन्दिर बनाई त्यसमा स्थापित गरि दिए । अनि उसको पूजा प्रारम्भ गरे । भोजन पकाएर त्यस मूर्तिलाई भोग

लगाउन थाले । त्यही मूर्तिका सामुमा आफ्नो सङ्कट निवारणका लागि प्रार्थना ग थाले । त्यस मूर्तिमा प्राण प्रतिष्ठा गर्ने आयोजना पनि गर्दछन् । यो अन्ध श्रद्धाभक्ति हो, जुन मानव जीवनको विनाशक हो ।

विचार गरौं :- एउटा डाक्टर (वैद्य) थियो । उसले उपचार गरेको जुनसुकै रोगी स्वस्थ हुन्थ्यो । डाक्टरले रोगीलाई रोगको बारेमा बताउँथ्यो । त्यस रोगको उपचारका लागि औषधि दिन्थ्यो र औषधी सेवन गर्ने विधि पनि बताउँथ्यो । साथै खान हुने खान नहुने वस्तुको बारेमा सारा जनकारी दिन्थे । यसरी गरिएको उपचारबाट रोगी स्वस्थ हुन्थे । यसैकारण ती डाक्टर त्यस क्षेत्रका मानिसहरू माझ आदरणीय भएक थिए । टाढा-टाढासम्म उसको प्रसिद्धि थियो । यदि त्यस डाक्टरको मृत्यु पश्चात उसको पत्थरको प्रतिमा बनाइयो र मन्दिर बनाएर त्यस प्रतिमामा प्राण प्रतिष्ठा गरी प्रतिमा स्थापित गरियो र त्यस प्रतिमाको अगाडि रोगी उभिएर आफ्नो रोगको उपचारका लागि प्रार्थना गर्‍यो भने के त्यो पत्थर बोल्छ ? के पहिले जीवित रहँदाको जस्तै औषधि सेवन विधि तथा पथ परहेज बताउँछ ? बताउँदैन, कदापि पनि भन्दैन । ती रोगीहरूले त्यस्तै अर्को अनुभवि जीवित डाक्टर खोज्नु पर्छ । पत्थरको मूर्तिबाट उपचारको इच्छा राख्नेले आफ्नै जीवनलाई धोका दिइ रहेको हुन्छ । ती नितान्त रूपमा भोलाभाला वा बाल बुद्धिको हुन सक्छन् ।

❖ एउटा अर्को कुरा पनि विचारणीय छ :- मूर्तिमा प्राण प्रतिष्ठा गर्नाले मूर्ति सजीव हुन्छ भनी केही मानिसहरू भन्छन् । यदि मूर्तिमा प्राण (जीवन-स्वास) हालियो भने त्यसले तपाईंसँग कुराकानी पनि गर्नु पर्छ । भ्रमणका लागि पनि जानु पर्छ । भोजन पनि खानु पर्छ । यस्तो प्राण प्रतिष्ठा कुनै पनि मूर्तिले गर्दैन । यसबाट यो अन्ध श्रद्धा भक्तिको अतिरिक्त केही पनि होइन भन्ने सिद्ध हुन्छ ।

❖ शिव लिङ्ग पूजा :- जसले आफ्ना धर्मगुरुहरूद्वारा बताइएको धार्मिक साधना गरि रहेका छन्, तिनीहरू यही साधना सही हो भन्ने ठानी पूर्ण रूपले सन्तुष्ट छन् । त्यसैकारण तिनीहरू अन्धविश्वास (Blind Faith) गरि रहेका छन् ।

यस शिव लिङ्गको विषयमा प्रकाश पार्नु पर्दा मलाई अत्यन्त दुःख एवं शरम महसुस भइ रहेको छ, तर अन्धविश्वासलाई समाप्त गर्नका लागि प्रकाश पार्नु अनिवार्य तथा बाध्यता छ ।

शिव लिङ्ग (शिव जीको पिशाव गर्ने अङ्ग) को चित्र हेर्दा स्पष्ट हुन्छ कि शिवको लिङ्ग (Private Part) स्त्रीको लिङ्गी (पिसाब गर्ने अङ्ग अर्थात् योनी) मा प्रविष्ट छ । हिन्दू श्रद्धालुहरू यसको पूजा गरि रहेका छन् ।

शिव लिङ्गको पूजा कसरी प्रारम्भ भयो ?

शिव महापुराण (प्रकाशक-खेमराज श्री कृष्णदास प्रकाशन मुम्बई (बम्बई), हिन्दी टीकाकार (अनुवादक) विद्यावारिधि पण्डित ज्वाला प्रसाद जी मिश्र हुन्) भाग १ मा विद्यवेश्वर संहिता अध्याय ५ पृष्ठ ११ मा नन्दीकेश्वर अर्थात् शिवको वाहनले शिव लिङ्गको पूजा कसरी प्रारम्भ भयो भन्ने बताएका छन् ।

❖ विद्यवेश्वर संहिता अध्याय ५ शलोक २७-३० :- पूर्व कालमा लोकमा विख्यात पहिलो कल्पको समयमा महात्मा ब्रह्मा र विष्णुको परस्परमा युद्ध भयो । (२७) तिनका मानलाई हटाउनका लागि तिनको माझमा ती निष्कल परमात्माले स्तम्भरूप आफ्नो स्वरूप देखाए । (२८) तब जगतको हितको इच्छाले निर्गुण शिवले त्यस तेजोमय स्तम्भबाट आफ्नो लिङ्ग आकारको स्वरूप देखाए । (२९) त्यसै दिनबाट लोकमा त्यो निष्कल शिव जीको लिङ्ग विख्यात भयो । (३०)

❖ विद्यवेश्वर संहिता पृष्ठ १८ अध्याय ९ श्लोक ४०-४३ :- यसैले म अज्ञात स्वरूप हुँ । पछि तिमीलाई दर्शन दिनका निम्ति साक्षात् ईश्वर तत्क्षण नै म सर्गुण रूप भएको हुँ । (४०) मेरो ईश्वर रूपलाई सकलत्व जान र यो निष्कल स्तम्भ ब्रह्मको बोधक हो । (४१) लिङ्ग लक्षण हुनाले यो मेरो लिङ्ग स्वरूप निर्गुण हुने छ । यसकारण हे पुत्रहरू ! तिमीहरूले नित्य यसको अर्चना गर्नु । (४२) यो सदा मेरो आत्मा रूप हो र मेरो निकटताको कारण हो । लिङ्ग र लिङ्गीको अभेदका कारण यो महत्व नित्य पूजनीय छ । (४३)


विवेचन :- यो विवरण श्री शिव महापुराण (खेमराज श्री कृष्ण दास प्रकाश मुम्बईद्वारा प्रकाशित) बाट शब्दाशब्द लेखिएको हो । यसमा स्पष्ट छ– काल ब्रह्मले जानी-बुझिकन नै शास्त्र विरूद्ध साधना बताएका हुन् किनकि ऊ कसैले शास्त्रहरूमा वर्णित साधना गरोस् भन्ने चाहँदैन । त्यसैले आफ्नो लिङ्ग (गुप्ताङ्ग) को पूजा गर्न भनि दिए । पहिले तेजोमय स्तम्भ ब्रह्मा र विष्णुको माझमा खडा गरि दिए । अनि शिव रूपमा प्रकट भएर आफ्नी पत्नी दुर्गालाई पार्वती रूपमा प्रकट गरि दिए र त्यस तेजोमय स्तम्भ लुकाएर आफ्नो लिङ्ग (गुप्ताङ्ग) को आकारको ढुङ्गाको मूर्ति प्रकट गरे साथै स्त्रीको गुप्ताङ्ग (लिङ्गी) को पत्थरको मूर्ति प्रकट गरे त्यस पत्थरको लिङ्गलाई लिङ्गी अर्थात् स्त्रीको योनिमा प्रवेश गराएर ब्रह्मा तथा विष्णुलाई भने– यो लिङ्ग तथा लिङ्गी अभेधरूप हुन् अर्थात् यी दुवैलाई यसरी नै राखेर नित्य पूजा गर्नु ।

यस पश्चात् यो लाजमर्दो पूजा सारा हिन्दुहरूमा देखा-सेखी चलि रहेको छ । तपाईं मन्दिरमा शिव लिङ्ग हेर्नु होस् । त्यसको चारैतिर स्त्री इन्द्रीको चित्र हुन्छ, जसमा शिवलिङ्ग प्रविष्ट भएको देखिन्छ । यो पूजा काल ब्रह्मले प्रचलित तुल्याएर मानव समाजलाई दिशाहीन तुल्याइ दियो । वेदहरू तथा गीताको विपरीत साधना बतायो ।

तपाईंले माथि शिव पुराण भाग- १ मा विद्यवेश्वर संहिताको पृष्ठ ११ अध्याय ५ श्लोक २७-३० मा पढ्नु भयो– शिवले जुन तेजोमय स्तम्भ खडा गरेका थिए, त्यस स्तम्भलाई गुप्त तुल्याएर ढुङ्गालाई आफ्नो लिङ्ग (गुप्ताङ्ग) को आकार दिए र यसको पूजा गर भने । यस्तो खालको बकवाद पहिले पहिले पशु चराउने शरारती पाली (गोठाला) बच्चाहरूले गर्ने गर्थे । वाद-विवाद हुँदा अन्य बालकहरूलाई मेरो यस (गुप्ताङ्ग) हांवा लगा भन्थे । यही दशा शिव लिङ्गको पूजा बताउने काल ब्रह्म अर्थात् सदाशिवको छ, जो ब्रह्मा, विष्णु तथा शिव जीका पूज्य पिता जी हुन् ।

❖ चेतावनी :- समय छ, अब आफूलाई सम्हाल्नु होस् । अन्यथा मानव जीवनको अवसर हातबाट फुत्केपछि रूनु भन्दा बाहेक केही बाँकी रहने छैन । गीता तथा वेदहरूको ज्ञान परम अक्षर ब्रह्मले भनेका हुन् । त्यसैले त्यो प्रमाणित तथा लाभदायक छ ।

तपाईं यो शिवलिङ्गको चित्र हेर्नु होस् ।



यस शिवलिङ्गको पूजा अन्ध श्रद्धावानले गर्दछन्, जुन लाजमर्दो कुरा त हो नै, साथसाथै धर्म विरुद्ध पनि हो किनकि यो गीता तथा वेद शास्त्रहरूमा पनि लेखिएको छैन ।

यसको खण्डन सूक्ष्मवेदमा यसरी लेखिएको छ :-

वाणी:- धरै शिव लिंगा बहु विधि रंगा, गाल बजावैं गहले ।
जे लिंग पूजें शिव साहिब मिले, तो पूजो क्यों ना खैले ॥

शब्दार्थ :- परमेश्वर कबीर जीले सम्झाउनु भएको छ– तत्वज्ञानहीन मूर्ति पूजक आफ्नो साधनालाई श्रेष्ठ भन्नका लागि गहले अर्थात् ढीठ व्यक्ति बढाइ चढाइ कुरा गर्छन् अर्थात् व्यर्थका कुराहरू बड्बडाउँछन्, जसको कुनै शास्त्राधार हुँदैन । तिनीहरू जनतालाई भ्रमित तुल्याउनका लागि विभिन्न प्रकारका रङ्गी-बिरङ्गी पत्थरका शिवलिङ्ग राखेर आफ्नो रोजी-रोटी चलाउँछन् ।

कबीर जीले भन्नु भएको छ– म तिनीहरूलाई भन्न चाहन्छु, यदि शिव जीको लिङ्गलाई पुजेर शिव जी भगवानको लाभ लिन चाहनु हुन्छ भने तपाईं धोकामा हुनु हुन्छ । यदि यस्तो लाजमर्दो साधना गर्नु छ भने साँढे (Bull) को लिङ्गको पूजा गर्नु होस्, जसबाट गाई गर्भ हुन्छ । त्यसबाट अमृत दूध प्राप्त हुन्छ । हलो जोत्नका लागि गोरु र दूध पिउनका लागि गाई उत्पन्न हुन्छ । जसबाट प्रत्यक्ष लाभ हुन्छ । तपाईंलाई साँढेको लिङ्गबाट कत्ति लाभ प्राप्त हुन्छ भन्ने कुरा थाहा छ । तर पनि त्यसको पूजा गर्न सकिँदैन किनकि यो लाजमर्दो कार्य हो ।

यसबाट स्पष्ट छ– तपाईंहरू अन्धा श्रद्धावानहरूलाई यो पत्थरले बनेको शिव लिङ्ग एवं जसमा यो प्रविष्ट भएको देखाइएको छ, यो के हो ? भन्ने नै थाहा छैन । यदि तपाईंलाई थाहा भएको भए यसलाई फुटेको आँखाले पनि हेर्नु हुँदैनथ्यो, पूजा त धेरै परको कुरो हो ।

"शास्त्र विरूद्ध साधनाको प्रेरणा पनि काल ब्रह्मले गर्दछन्"

जस्तो लिङ्ग (शिवलिङ्ग) को पूजा काल ब्रह्मले प्रारम्भ गराए । यसैगरी शास्त्रविधिबाट भ्रमित पनि यिनैले गराउँछन् । प्रमाणः- श्री विष्णु पुराण तृतीय अंश अध्याय १७ श्लोक १-४४ र अध्याय १८ श्लोक १-३६ मा ।

काल जालको अन्य प्रमाणः- श्री विष्णु पुराणको तृतीय अंशको अध्याय १७ श्लोक १ देखि ४४ तथा अध्याय १८ श्लोक १-३६ पृष्ठ १२५ देखि २२१ मा लेखिएको छ– देवता तथा दैत्य दुबै वैदिक धर्म अनुसार साधना गर्थे । एक समय दुबैको सय दिव्य वर्षसम्म युद्ध भयो । देवता पराजित भए । देवताहरूले क्षीर समुद्रको उत्तरीय तटमा गएर तपस्या गरे र भगवान विष्णुको आराधनाका लागि यस स्तवको गान गरे । देवगणले भने– हामी लोकनाथ भगवान विष्णुको आराधनाका लागि जुन वाणी उच्चारण गर्छौं, त्यसबाट ती आद्य-पुरूष श्री विष्णु भगवान प्रसन्न हुनु होस् । (अध्याय १७ मन्त्र ११), ती ब्रह्म स्वरूपलाई जो निराकार हुनु हुन्छ । ती ब्रह्मस्वरूपलाई नमस्कार छ । हे पुरूषोत्तम् । हजुरको जुन क्रुरता र मायाले युक्त घोर तमोमय रूप छन्, त्यस राक्षस स्वरूपलाई नमस्कार छ । (२०) जसले कल्पान्तमा समस्त भूतहरू अर्थात् प्राणीहरूको भक्षण गर्दछ, हजुरको त्यस काल स्वरूपलाई नमस्कार छ । (२५) जसले प्रलयकालमा देवता आदि समस्त प्राणीहरूलाई भक्षण गरेर नृत्य गर्दछ, हजुरको त्यस रूद्र स्वरूपलाई नमस्कार छ । (२६) विष्णु पुराण तृतीय अंश अध्याय १७ को श्लोक ११-३४ सम्म स्त्रोत समाप्त भएपछि देवताहरूले श्री हरिलाई हातमा शङ्ख, चक्र, गदा लिएर गरूडमा आरूढ सम्मुखमा विराजमान देखे । (३५) देवताहरूको प्रार्थना सुनेर भगवान विष्णुले आफ्नो शरीरबाट (वचन शक्तिले) एक मायामोह उत्पन्न गरे र भने त्यो माया मोहले दैत्यहरूलाई वेद मार्गको साधनाबाट हटाएर मनमुखी साधनामा आरूढ गराउने छन् । जसकारण दैत्यहरू भक्तिहीन हुने छन्, तब तिमी देवताहरूले तिनलाई मार्नु । यस्तै भयो, मायामोहले सारा दैत्यहरू (राक्षसहरू) लाई वैदिक मार्गबाट विचलित तुल्याएर मनमुखी साधनामा आरूढ गरि दिए । केही समय पश्चात् देवताहरूले तपस्या गरेर (ब्याट्री चार्ज गरेर) दैत्यहरूसँग युद्ध गर्नका लागि उपस्थित भए । दैत्यहरूले तपस्या गर्न त्यागेका थिए, जसले गर्दा तिनमा सिद्धि शक्ति रहेन । (तिनीहरूको ब्याट्री चार्ज भएन) यस कारणले देवताहरूले दैत्यहरूलाई मारे ।

उपरोक्त विष्णु पुराणको उल्लेखको निष्कर्ष :-

काल ब्रह्मले सम्पूर्ण प्राणीहरू (देवताहरू, ऋषिहरू, ब्रह्मा, विष्णु तथा शिव तथा अन्य प्राणीहरू) लाई भ्रमित तुल्याएका छन् । उनी स्वयम्ले नै आफ्ना तीनै पुत्रहरू (ब्रह्मा, विष्णु र शिव) को रूप धारण गर्दछन् । उपरोक्त स्तोत्रमा देवताहरूले श्री विष्णु जीको स्तुति गर्न चाहेका छन् तर काल ब्रह्मको स्तुति गरि रहेका छन् । उनै काल ब्रह्म नै विष्णु रूप धारण गरेर गरूडमा बसी आश्वासन दिएर गए । आफ्नो वचनले एउटा व्यक्ति उत्पन्न गरेर माया, मोह नाम राखी राक्षसहरूको समिपमा पठाए । जे जति दैत्यगणले तपस्या अर्थात् हठयोग गर्थे, त्यसबाट सिद्धिहरू प्राप्त हुन्थ्यो । माया मोहले त्यो साधना पनि छुटाइ दिए, जसकारण असुरगण सिद्धिरहित

भए । देवतागण पनि पहिले दैत्यहरूसँग युद्ध गरेकाले सिद्धिहरू समाप्त पारि सकेका थिए र हारेर ज्यान जोगाएर भागेका थिए । फेरि तपस्या गरे र सिद्धि प्राप्त गरे असुरहरूसँग युद्ध गरेर विजय प्राप्त गरे । देवतागण राक्षसहरूसँग हारेको बेलामा दैत्यहरू पनि देवताहरूले गर्ने साधना (तपस्या अर्थात् हठयोग) गर्दथे । यसबाट भक्ति गर्दै गर्दा पनि देवताहरू दैत्यहरू भन्दा रद्दी (पिछडिएका) थिए किनकि राक्षसहरूले देवतागणहरूले नै गर्ने साधना गरेर देवताहरू माथि विजय प्राप्त गरेका थिए भन्ने सिद्ध हुन्छ ।

वास्तवमा शास्त्रविधि अनुसार साधना न देवताहरूले गर्दथे, न त दैत्यहरूले नै केवल कालद्वारा बताइएको तपस्या (जुन ब्रह्माको जन्म भएको बेलामा आकाशवाणीको माध्यमले कालब्रह्मले कमलको फूलमा भनेका थिए, त्यही तपस्या) अर्थात् हठयोग दुबैले गर्थे । जस्तो : रक्सी देवता वा दैत्य जसले पिए पनि दुबैलाई मन्द नशा लाग्छ । सिद्धि प्राप्त भएपछि प्राणीलाई अभिमानको नशा चढ्छ । अनि आपसमा एक अर्काप्रति सिद्धिहरू प्रयोग गरेर स्वयम्को जीवन नष्ट तुल्याउँछन् । यी सबै काल ब्रह्मद्वारा फैल्याइएको भयङ्कर जाल हो, जसलाई तत्वज्ञानद्वारा नै बुझ्न सकिन्छ तथा यस जालबाट निस्कन सकिन्छ ।

वर्तमानमा केही यस्ता पन्थहरू पनि छन् जसले न देशी घ्यूको ज्योति बाल्न दिन्छ, न गीता, वेद वा स्वसम् वेद वाणीको पाठ गर्न भन्छन्, न त वास्तविक नाम जापको लागि नै दिन्छन् । तिनीहरू सन्तले नाम जापका लागि जे नाम दिन्छन्, त्यही मोक्षदायक छ भन्दछन् । अढाई घण्टा बिहान र कम्तिमा अढाई घण्टा साँझ हठयोग गर्न भन्दछन् । यो मोक्ष मार्ग होइन । यी सन्त माया मोह जसरी कालद्वारा पठाइएका हुन्, जसले स्वर्ग सम्म जाने भक्ति बन्ने साधना पनि छुटाइ दिए । जस्तो प्रतिदिन गीता वेद वा स्वसम वेद (कबीर वाणी या कबीर जीसँग परिचित सन्तहरूका वाणी) वाणीको पाठबाट ज्ञान यज्ञको फल प्राप्त हुन्छ तथा देशी घ्यूको ज्योति जलाउनाले हवन यज्ञको फल प्राप्त हुन्छ । दण्डवत् प्रणामबाट प्रणाम यज्ञको फल प्राप्त हुन्छ । ती नक्कली पन्थहरूले सुने-सुनाएका सतलोक-सतलोक त भन्छन् तर सतलोकमा सतपुरुष निराकार छन् भन्छन् । त्यहाँ प्रकाश नै प्रकाश छ, आनन्द नै आनन्द छ, आत्मा पनि त्यस प्रकाशमा समुद्रमा पानीको थोपा समाहित भए जसरी समाहित हुन्छ जस्ता व्यर्थको ज्ञान अनुयायीहरूलाई बताउँदै जाऔं सतलोक त्यहाँ आनन्द नै आनन्द छ भन्छन् । विचार गरौं:- कुनै केटीलाई कुनै मुर्खले भन्दछ— तिम्रो मंगनी कुनै एक अमूक गाउँमा गरी दिएका छौं । त्यहाँ तिम्रा पति निराकार छन् । तिम्रा पतिको घरमा प्रकाशै प्रकाश छ, पति साकार छैनन्, त्यहाँ विवाह गरेर जाऊ, त्यहाँ आनन्द नै आनन्द छ । त्यस मूर्खसँग सोध्नु होस्— यदि पति साकार छैन भने त्यस कन्यामा विवाह गर्ने वा पतिरहित घरमा जान के उत्साह हुन्छ ? त्यसमा कुनै उमङ्ग हुन सक्दैन ।

ठीक यसैगरी जुन गुरूजनले सतपुरूष अर्थात् परमात्मालाई निराकार भन्दछन् तथा केवल प्रभुको प्रकाश मात्र देख्न सकिन्छ भन्दछन् भने उसले भ्रमित तुल्याइ रहेको छ । उसलाई कुनै ज्ञान छैन । उसलाई परमात्मा प्राप्ति पनि भएको छैन । उसलाई कसैले सोधून् कि तिमी सतपुरूष (अविनाशी परमेश्वर) को केवल प्रकाश देख्न सकिन्छ

किनकि सतपुरुष (सच्चा परमेश्वर) त निराकार छन् भन्दछौ । जस्तो कुनै अन्धाले सूर्य त निराकार छ, त्यसको त केवल प्रकाश मात्र देख्न सकिन्छ भन्छ । सूर्य बिना प्रकाश कसको देख्यो ? जब सूर्य निराकार छ भने प्रकाश के को ? यसैगरी जुन ज्ञान नेत्रहीन सन्त, ऋषि, महर्षिले परमात्मालाई निराकार भन्दछन् तथा परमात्मालाई सूर्यतुल्य प्रकाशमान भन्दछन् तथा परमात्माको प्रकाश देखैं भन्दछन् । तिनीहरू सन्निपातको ज्वरोको रोगी जसरी बडबडाइ रहेका छन्, उनीहरूलाई आफूले के बोलि रहेको छु भन्ने पनि थाहा छैन । ती सबै काल ब्रह्मद्वारा पठाइएका मोहमाया जस्ता भ्रमित तुल्याउने दुतहरू हुन्, जसले सोझा-साझा आत्माहरूलाई उल्टो पाठ पढाएर दिशाभ्रष्ट तुल्याएका छन् ।

अन्य अन्ध श्रद्धा भक्तिप्रति प्रकाश

परमात्मा कबीर जीका शब्द :-

रै भोली-सी दुनिया, सतगुरु बिन कैसे सरियाँ । (टेक)
अपने लला के बाल उतरवावैं, कह कैंची ना लग जईयाँ ।
एक बकरी का बच्चा लेकर, उसका गला कटईयाँ ।।१।।
काचा-पाका भोजन बनाकर, माता धोकने गईयाँ ।
इस मूर्ति माता पर कुत्ता मूतै, वह क्यों ना मर गईयाँ ।।२।।
जीवित बाप से लट्ठम-लट्ठा, मूवे गंग पहुँचईयाँ ।
जब आवै आसौज का महीना, कऊवा बाप बणईयाँ ।।३।।
पीपल पूजे जाँडी पूजे, सिर तुलसाँ के अहोइयाँ ।
दूध-पूत में खैर राखियो, न्यूं पूजूं सूं तोहियाँ ।।४।।
आपै लीपै आपै पोतै, आपै बनावै होईयाँ ।
उससे भौंदू पोते माँगै, अकल मूल से खोईयाँ ।।५।।
पति शराबी घर पर नित ही, करत बहुत लड़ईयाँ ।
पत्नी षोडष शुक्र व्रत करत है, देहि नित तुड़ईयाँ ।।६।।
तज पाखण्ड सत नाम लौ लावै, सोई भवसागर से तरियाँ ।
कह कबीर मिले गुरु पूरा, स्यों परिवार उधरियाँ ।।७।।

शब्दार्थ :- परमेश्वर कबीर जीले अन्ध श्रद्धा भक्ति गर्ने तत्वज्ञानहीन जनताजनलाई उनीहरूले गरि रहेका शास्त्रविरुद्ध साधना अर्थात् उपासनालाई तर्क गरेर लाभ रहित अर्थात् व्यर्थ सिद्ध गरेका छन् । भनिएको छ कि :

हे सोझा-साझा जनता । गुरुबिना तिम्रो कुनै पनि अध्यात्म कार्य सिद्ध हुँदैन (न सरेगा) ।

वाणी संख्या १ :- अपने लला के बाल उतरवावैं, कह कैंची ना लग जईयाँ ।
एक बकरी का बच्चा लेकर, उसका गला कटईयाँ ।।१।।

भावार्थ :- शास्त्रविधि त्यागेर मनोमानी आचरण गर्नका लागि अज्ञानी गुरुहरुद्वा भ्रमित अन्ध श्रद्धालु माताले आफ्नो नवजात बच्चालाई लिएर आफ्नो इष्ट देव-देवीक मन्दिरमा जान्छिन् । आन-उपासकहरुद्वारा बनाइएको शास्त्रविरुद्ध विधान अनुसा नवजात शिशुको शिरको पहिलो पटकको केश काट्न वा खौरन लगाउँछन् । त केशलाई मन्दिरमा आफ्नो इष्टलाई चढाउँछिन् । यसबाट इष्ट देव वा देवी प्रसन्न हुन्छन् र सदा बच्चाको रक्षा गर्दछन् भन्ने मानेका हुन्छन् । कपाल काट्नका लागि मेलाको समयमा मन्दिरमा उपस्थित नाईको अगाडि कपाल कटाउनेहरुको लाइन लाग्छ । नाईले चाँडो-चाँडो सिध्याउने उद्देश्यले छिटो-छिटो कैंची चलाउँछ । कुनै कु बच्चालाई कैंची लाग्छ । बच्चा रुन्छ । आफ्नो बच्चाको कपाल काट्ने पालो आउनासाथ माताले नाईलाई सतर्क गराउँदै भन्छिन्– हे नाई भाइ । ध्यानपूर्वक कैंची चलाऊ, मेरो लला (बालक-पुत्र) को शिर कच्चा छ, कतै कैंची न लागोस् । बच्चाको काटिएक कपाल कपडामा बाँधेर मन्दिरमा चढाउँछिन् । पूजारीले त्यसलाई खोलेर एउटा खाली बोरामा हाल्छ । मेला समाप्त भएपछि ती कपाल पर फोहोरको राशमा फालि दिन्छ । कपाल मन्दिरमा चढाएपछि इष्टलाई बोका बली दिइन्छ, जुन पहिले नै आफ्ना हुने बच्चाको जीवन रक्षाका लागि सङ्कल्प गरिएको हुन्छ ।

❖ कबीर परमेश्वर जीले यस विषयमा सटिक तर्क दिंदै भन्नु भएको छ– हे अन्ध श्रद्धावान् ! केही त विवेक पुऱ्याऊ । आफ्ना बच्चालाई भने कैंची लाग्नबाट पनि बचाउँछौ , उसको रक्षाका लागि बाखीको बच्चाको गर्दन काट्दा खेरि अलिकति पनि दया आएन । परमात्माको विधान छ– जुन पाप गऱ्यौ (बोका बली दियौ) त्यो त तिमीले भोग्नै पर्छ । त्यस ढुङ्गाको देवी या देवले तिम्रो तथा तिम्रो बच्चालाई केही मद्दत गर्न सक्दैन, यी सब तिम्रा भ्रम हुन् ।

विचार गरौं :- यदि त्यस मन्दिरमा साँच्चैको देवता भएको भए र तपाईंले उसको घरमा कपाल हाल्दा यस कुरामा तपाईंलाई रिसाएर दण्ड दिने थिए । देवी-देवताहरु सभ्य र शाकाहारी असल प्रवृत्तिका हुन्छन् । तिनीहरुले कहिल्यै मासु, मदिरा तथा अन्य नशालु पदार्थहरु सेवन गर्दैनन् । पूजारीले त्यो कपाल फ्याँकि दिन्छ । के त्यो कपाल बैंकमा जम्मा गराउन योग्य हुन्छ त ? तपाईं आफ्ना बच्चाहरुको कपाल स्वयम्ले नै कुनै हजाम (नाई) बाट कटाउनु होस् । कुनै मन्दिरमा लगेर आफ्नो कर्म, धन तथा समय नष्ट नगर्नु होस् ।

पूर्ण गुरुबाट शिक्षा लिनु होस् अर्थात् आध्यात्मिक ज्ञान सुन्नु होस् तथा दीक्षा लिनु होस् अर्थात् गुरु बनाएर शास्त्रमा वर्णित साधना गरेर पापहरुबाट मुक्ति पाउनु होस् तथा मोक्ष गराउनु होस् ।

वाणी सँख्या २ :- काचा-पाका भोजन बनाकर, माता धोकने गईयाँ ।
इस मूर्ति माता पर कुत्ता मूतै, वह क्यों ना मर गईयाँ ॥२॥

भावार्थ :- आन-उपासनाको अन्य विधि यो पनि हो नगर वा गाउँ बाहिर कुनै वृक्षको तल फेदसँग जोडेर वा कुनै अग्लो स्थानमा वृक्ष बिना नै दस फुट लामो र चौडा वा यसभन्दा पनि सानो चौतारा अर्थात् प्लेटफर्म बनाएर त्यसमाथि दुई वा तीन-

चार फुट अग्लो तथा एक-डेढ फुट चौडा एउटा मन्दिर जस्तो घर बनाउँछन्, त्यसलाई मन्दिर भनिन्छ । वर्षमा एक वा दुई पटक, कुनै निश्चित दिनमा त्यस देई धाममा पूजा गर्न हजुरआमा आफ्नो पूरा परिवार लिएर जान्छिन् । ईष्टलाई भनेर बनाएको जुनसुकै भोजन त्यस मन्दिरमा राख्नासाथ कुकुरले खान्छ भन्ने पनि उसलाई थाहा छ । ती वृद्धाले आफ्नी बुहारीसँग भन्छिन्– पुत्री । आज माताको पूजा गर्न मन्दिरमा जानु छ । त्यसका लागि दलिया वा नरम पुवा बनाऊ । बुहारी माताको भोग तयार गर्न थाल्छिन् । समय त लाग्छ नै । ढिलो भएपछि वृद्धाले भन्छिन्– काँचो पाकेको जस्तो भए पनि चाँडो बनाऊ । कुकुरले नै त खाने हो । पूरा परिवारलाई साथमा लिएर वृद्धा त्यस मन्दिरमा जान्छिन् र त्यो माताको भोग प्रसाद परैबाट फ्याँक्छिन् र पुरै परिवारलाई हात जोडेर चच-चच भन्न लगाउँछिन् । एउटा लोटामा जल लैजान्छिन् । त्यो जल माताको शरीरमा खन्याइ दिन्छन् । परिवारले माताको पूजा गरेर चौताराबाट झरेको पनि हुँदैन, त्यसैबेला भोग खानका लागि ब्याकुल कुकुर माताको मन्दिरमा चढेर पहिले त माताको भोग चट पार्छ र हिँड्ने बेलामा माताको मूर्तिमा पिसाब गर्छ । परमेश्वर कबीर जीले यस विषयमा तर्क दिनु भएको छ– हे सोझा साझा अन्धभक्ति गर्ने जनता । विचार गर, तिमी त्यस मन्दिरको देवी माताको पूजा आफ्नो परिवार, खेती तथा पशु धनको रक्षा गर्छिन् भनेर गर्छौ । यदि त्यस मन्दिरमा देवी उपस्थित हुने भए उसको भोजन कुकुरले खायो, उसमाथि मुत्रको धार लगाए । त्यस कुकुरलाई तिम्रो पत्थरकी माताले किन कुटिनन् ? यदि तिमी भोजन गरि रहेका छौ र कुनै कुकुर आएर तिम्रो भोजन खान थाल्यो भने तिमी त्यसलाई लाठी-डण्डाले हिर्काउने छौ । यदि तिमी माथि मुति दियो भने त्यसको हड्डी-पसली एक गरि दिने छौ । तर तिम्री पूज्य देवी त अत्यन्त विवश छिन् वा उनलाई पक्षघात् लागेको छ । उसबाट भक्ति लाभको झुठो आशा त्यागेर पूर्ण गुरुबाट शास्त्रविधि अनुसार सत्य भक्तिको दीक्षा एवं शिक्षा (ज्ञान) लिएर आफ्नो तथा परिवारको कल्याण गराउनु होस् ।

"श्राद्ध-पिण्डदान गर्नु हुन्छ वा हुँदैन"

वाणी सँख्या ३ :- जीवित बाप से लठ्ठम-लठ्ठा, मूवे गंग पहुँचईयाँ ।

जब आवै आसौज का महीना, कऊवा बाप बणईयाँ ॥४॥

भावार्थ:- परमेश्वर कबीर जीले लोकवेद (दन्त्य कथा) को आधारमा चलि रहेको पितृ तथा भूत पूजाप्रति शास्त्रोक्त तर्क दिनु भएको छ । उहाँले भन्नु भएको छ– शास्त्रोक्त अध्यात्म ज्ञानको अभावले पुत्रले आफ्नो पितासँग कुनै न कुनै कुरामा विरोध गर्दछ । पिता जीले आफ्नो अनुभवको आधारमा आफ्नो व्यवसायमा छोरालाई रोक-टोक गर्दछन् । पिता जीलाई यस काममा छोरालाई हानी हुन्छ भन्ने कुरा थाहा हुन्छ । तर पुत्रले भने पिताको शिक्षालाई कम र बाहिरका मानिसहरूको शिक्षालाई बढी महत्व दिन्छ । उसलाई पुत्रका लागि पिता जस्तो शुभचिन्तक अरू कोही हुन सक्दैन भन्ने ज्ञान हुँदैन । पुत्रलाई जवानी तथा अज्ञानताको नशाको कारणले शिष्टाचारको अभाव हुन्छ । पितालाई पुत्रले यस कार्यमा नोक्सानी बेहोर्ने छ भन्ने थाहा हुन्छ । तर पुत्रले पिताको कुरा मान्दैन । बरू उल्टै पितालाई नै राम्रो-नराम्रो भन्छ । पिताले आफ्नो

पुत्रको नोक्सान भएको देख्न सक्दैनन् र फेरि आग्रह गर्दै पुत्र ! यसो नगर भन्छ जवानीको नशाले भएको सभ्यताको कमीको कारणले यति सम्म निर्लज्ज हुन्छ कि छोराहरूले आफ्ना बुवाहरूलाई लठीले कुटेको पनि देखिन्छ । अनि पिताले जे सो थिए त्यही भयो । फेरि पनि पिता जीले भविष्यमा यसो नगर्नु भनेर सम्झाए । यो त विस्तार विस्तार पूरा हुन्छ । पिता जी पिता जी नै हुन्छन् । उसले पुत्र-पुत्री सुखी देख्न चाहन्छ । पछि गएर भक्ति नगरेको पिता जीलाई कुनै न कुनै रो वृद्धावस्थामा अवश्य घेर्छ । माता-पिताले आफ्ना पुत्र तथा पुत्रवधुबाट अपेक्षा गर्ने ग प्रेम दिने सन्तानहरू अति कम छन् । वर्तमानमा वृद्धहरूप्रतिको अशिष्टता सबै अवगत नै छ । माता-पिताले जीवनको शेष दिन वृद्धाश्रमहरू वा अनाथालयहर व्यतित गरि रहेका छन् वा घरमा छोरा या छोराबुहारीको कटुवचन (कर्कशा बो पिएर जीवनका दिनहरू गनि रहेका हुन्छन् । कबीर जीले भन्नु भएको छ :-

वृद्ध हुआ जब पडै खाट मैं, सुनै वचन खारे ।
कुत्ते तावन का सुख भी कोन्या, छाती फुक्न हारे ॥

शब्दार्थ : वृद्धावस्थामा शरीर कमजोर हुन्छ । आँखाको ज्योति कम हुन्छ जसकारण वृद्ध माता-पिता अधिक समय चारपाई (खाट) मा व्यतित गर्दछन् । ए स्त्रीले आफ्नी सासुलाई भनिन्– म पानी लिन जाँदै छु, कतै कुकुर घरभित्र प नोक्सान नगरोस् ध्यान राख्नु होला । यसो भनेर उनी कुवाँ वा नलकामा पानी गइन् । वृद्धा राम्ररी आँखा देख्दैन थिइन् । कुकुर घरभित्र पस्यो र दुई किलो दू भरिएको लोटाको दूध पियो र लोहोटा लडाएर गयो । वृद्धाले देखिनन् । बुहारी आई कुकुरले गरेको नोक्सान देखेर क्रोधित भएर भनिन्– तिमीहरू (सासु-ससुरा) कुकुरहरूबाट घरको रक्षा गर्न सक्ने सम्म पनि सुख दिने सामर्थ्य रहेन । तिमीहरू मेरो छाति जलायौ । अर्थात् बुहारीलाई व्यर्थमा अन्न खर्च भइ रहेको छ भन्ने ला रहेको थियो । जसकारणले चाहिने-नचाहिने कुरा भनेकी थिइन् । सासु-ससुरालाई आ माथिको व्यर्थको भार ठानि रहेकी थिइन् । कबीर जीले भन्नु भएको छ– यस्तो द ती व्यक्तिहरूको हुन्छ, जसले कहिल्यै परमात्मालाई याद गर्दैन र गुरु धारण ग सत्य भक्ति गर्दैन ।

अब वाणी सङ्ख्या ३ को शब्दार्थ पूरा गर्छु ।

अन्ध श्रद्धा भक्ति भएकाहरू माता-पिता जीवित रहँदा तिनलाई प्रेम त सम्मानपूर्वक लत्ता-कपडा तथा खानेकुरा दिँदैनन् । झञ्झट ठान्छन् । (सबै होइनन्) मृत्यु पश्चात् श्रद्धा देखाउँछन् । उसको शरीर चितामा राखेर जलाइन्छ । के हड्डीहरू नजली स-साना टुक्रा बाँकी रहन्छ । शास्त्र नेत्रहीन गुरुहरूबाट भ्रमित पुत्र ती अस्थीहरू हरिद्वारमा हरकी पैडीहरूमा आफ्ना कुलका पूरोहित कहाँ लैजान्छ । त्य पूरोहितद्वारा शास्त्रविरूद्ध साधनाको आधारमा मनोमानी आचरण गरेर ती अस्थीह पवित्र गंगा नदीमा प्रवाह गरिन्छ । पूरोहितले मागे अनुसारको धनराशी खुशीसाथ दि किनकि उसलाई मृत्यु पश्चात् माता वा पिता प्रेत बनेर घरमा आउने त होइन भ त्रास हुन्छ । त्यसैले उनीहरूको गति गराउनका लागि कुलगुरू पण्डित जीलाई पक्

काम गरि दिनु भनेर मागे जति धनराशी दिन्छन् । अनि पूरोहितले भने अनुसार आफ्नो घरको चौखटमा फलामको मेख (मोटो काँटी) गाड्छन् ताकि पिता जी वा माता जीको गति हुनमा कुनै त्रुटि भएको भए ती प्रेत बनेर घरमा नघुसुन् ।

कबीर परमेश्वर जीले भन्नु भएको छ– जीवित पितालाई समयमा टूक (रोटी, खाना) दिइदैन । उसको अपमान गरिन्छ । (सबैले होइन, अधिकतर) मृत्यु पश्चात् उसलाई पवित्र नदिमा बगाएर आउँछन् । कति खर्च गर्छन् । आफ्ना माता-पिता जीवित रहँदै प्रेमपूर्वक सेवा गर्नु होस् । उहाँहरूको आत्मालाई प्रसन्न तुल्याउनु होस् । उहाँहरूको वास्तविक श्रद्धा सेवा त यो हो ।

कबीर जी स्पष्ट पार्न चाहनु हुन्छ– आध्यात्मिक ज्ञान नभएकाले अन्ध श्रद्धा भक्तिको आधारमा सबै हिन्दु समाज आफ्नो अनमोल जीवन नष्ट तुल्याइ रहेका छन् । जस्तो मृत्यु पश्चात् आफ्ना पिता जीको अस्थीहरू पूरोहितद्वारा गंगा नदीमा क्रिया गराएर पिता जीको गति गराउनु ।

❖ अनि तेह्रौं वा सत्रौं अर्थात् मृत्युको १३ दिन पश्चात् गरिने क्रियालाई तेह्रौं भनिन्छ । सत्रदिन पछि गरिने कार्यहरूलाई सत्रहवीं भनिन्छ । महिना दिनपछि गरिने कार्यलाई मासी तथा ६ महिनापछि गरिने क्रियालाई ६ मासी तथा वर्ष दिन पश्चात् गरिने क्रियालाई वर्षी क्रिया (बरसौदी) भनिन्छ । लोकवेद (दन्त्य कथा) बताउने गुरूजनले उपरोक्त सबै क्रियाहरू गर्न भन्दछन् । यी सबै क्रियाहरू मृतकको गतिको उद्देश्यले गरिन्छ ।

❖ सूक्ष्म वेदमा यस शास्त्र विरूद्ध धार्मिक क्रियाहरू अर्थात् साधनाहरूप्रति यस्तो तर्क गरिएको छ– घरको सदस्यको मृत्यु पश्चात् ज्ञानहीन गुरू जीले केके गर्छन् र गराउँछन् :-

कुल परिवार तेरा कुटम्ब-कबीला, मसलित एक ठहराई ।
बांध पींजरी (अर्थी) ऊपर धर लिया, मरघट में ले जाई ।
अग्नि लगा दिया जब लम्बा, फूंक दिया उस ठांही ।
पुराण उंठा फिर पंडित आए, पीछे गरूड़ पढ़ाई ।
प्रेत शिला पर जा विराजे, पितरों पिण्ड भराई ।
बहुर श्राद्ध खाने कूं आए, काग भए कलि माहीं ।
जै सतगुरु की संगति करते, सकल कर्म कटि जाई ।
अमरपुरी पर आसन होता, जहाँ धूप न छांई ।

शब्दार्थ :- केही व्यक्तिहरू मृत्यु पश्चात् उपरोक्त क्रियाहरू गर्छन् नै, साथमा गरूड पुराणको पाठ पनि गराउँछन् । परमेश्वर कबीर जीले सूक्ष्मवेद (तत्वज्ञान) का वाणीमा स्पष्ट पार्नु भएको छ– लोकवेदको (दन्त्य कथा) को आधारमा ज्ञानहीन गुरूजनले मृतकको आत्माको शान्तिका लागि गरूड पुराणको पाठ गर्दछन् । गरूड पुराणमा एउटा विशेष प्रकरण छ– धर्म-कर्म सही ढङ्गले नगर्ने तथा पाप कर्म गरेर

धन उपार्जन गर्ने व्यक्तिलाई मृत्यु उपरान्त यमका दूतहरूले घिसारेर लैजान्छ तामाको तातो धर्तीमा नाङ्गो गोडा लैजान्छन् । उसलाई बडो पीडा हुन्छ । शुभ गरेर गएकाहरू स्वर्गमा हलुवा-खिर आदि भोजन खाइ रहेको देखिन्छन् । त्यस कर्महीन व्यक्तिलाई भोक-प्यासले सताउँछ । उसले भोक लागेको छ, भोजन ख भन्छ । यमदूतले उसलाई पिट्छन् । यमदूतहरू भन्छन्– भोजन खाने कर्म त ग छैनस् । हिँड तलाई धर्मराजकहाँ लैजान्छौ । तेरो लागि जस्तो आदेश आउने छ, त गर्ने छौ । धर्मराजले उसको कर्महरूको लेखा हेरेर भन्छन्– यसलाई नर्कमा हाल प्रेत अर्थात् पितृ, वृक्ष या पशु-पंक्षीहरूको योनी यसलाई दिइन्छ । पितृ योनी प्रजातिको श्रेष्ठ योनी हो । यमलोकमा भोकै प्यासै रहन्छ । तिनको तृप्तिका लागि श्र गर्ने प्रथा शास्त्रविरूद्ध मनोमानी आचरणको आधारमा शुरू गरिएको हो । भनिन्‍ एक वर्षमा जब असोज (आश्विन) महिना आउँछ, तब भादवे (भाद्र) महिनाको पूर्ि देखि असोज महिनाको औंसीसम्म सोह्र श्राद्ध गरियोस् । जसको परिवारको सदस्‍ मृत्यु जुन तिथिमा हुन्छ, त्यसदिन वर्षमा एक दिन श्राद्ध गरियोस् । ब्राह्मणलाई भो गराइयोस् । जसकारणले यमलोकमा पितृकहाँ भोज पुग्दछ । ती एक वर्षसम्म त रहन्छन् । कही भ्रमित तुल्याउने गुरूजन यसो पनि भन्छन्– श्राद्धको सोह्र दिन यमराजले ती पितृहरूलाई तल पृथ्वीमा आउने अनुमती दिन्छन् । पितृ यमलोक (न बाट आएर श्राद्धको दिन भोज गर्दछन् । हामीले देख्दैनौ वा चिन्न सक्दैनौ ।

❖ भ्रमित तुल्याउने गुरूजनले आफूले बताएका शास्त्रविरूद्ध साधनालाई सत्य प्रदान गर्न यस्ता खालका उदाहरण दिन्छन्– रामायणमा एउटा प्रकरण लेखिएको छ वनवासका दिनमा श्राद्धको समय आएपछि सीता जीले पनि श्राद्ध गरिन् । भोज खाँदाखेरी सीता जीले श्री रामचन्द्र जी, पिता दशरथ सहित रघुकुलका कैयौ बा बराजु देखिन् । उनीहरूलाई देखेर सीता जीलाई लाज लाग्यो । त्यसैले मुख घुघ छोपिन् ।

❖ पाठकगण विचार गरौ :- श्री रामचन्द्रका सम्पूर्ण वंशज प्रेत-पितृ बनेका छन् अन्य सामान्य नागरिकले पनि त्यही क्रियाहरू गरि रहेका छन् । तिनीहरू पनि नर्क पितृ बनेर पितृहरूकहाँ जाने छन् । त्यसैले यो शास्त्रविरूद्ध साधना हो, जुन सा हिन्दु समाजले गरि रहेको छ । श्रीमद्‍भागवत् गीताको अध्याय ९ को श्लोक २५ पनि यही भनेका छन्– जसले पितृ पूजा (श्राद्ध आदि) गर्दछ, तिनले मोक्ष प्रा गर्दैनन्, तिनले यमलोकमा पितृहरू प्राप्त गर्दछन् ।

❖ जसले भूत पूजा (अस्थीहरू लगेर पूरोहितद्वारा पूजा गराएर गंगामा बगाउ तेह्रौं, सत्रौं, मासी, ६ मासी, वर्षी आदि) गर्दछन्, ती प्रेत बनेर गएको स्थानमा प्रे शिलामा बसेका हुन्छन् ।

❖ केही व्यक्तिहरूलाई धर्मराज जीले कर्मानुसार पशुपंक्षी, वृक्ष आदि-आदिक शरीरमा पठाइ दिन्छन् ।

❖ परमात्मा कबीर जी सम्झाउन चाहनु हुन्छ– हे भोला प्राणी ! गरूड पुराणको पाठ उसलाई मृत्युभन्दा पहिले सुनाउनु पर्ने थियो ताकि उसले परमात्माको विधान बुझेर पापकर्मबाट जोगिने थियो । पूर्ण गुरूबाट दीक्षा लिएर आफ्नो मोक्ष गराउने थियो । जसकारण ऊ न प्रेत बन्ने थियो, न पितृ बन्ने थियो, न त पशुपक्षी आदि-आदिको शरीरहरूमा कष्ट उठाउने थियो । मृत्यु पश्चात् गरूड पुराणको पाठको कुनै लाभ प्राप्त हुँदैन ।

सूक्ष्मवेद (तत्वज्ञान) मा, चारै वेदहरू (ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद) तथा यी चारै वेदहरूको सारांश गीतामा स्पष्ट पारिएको छ– उपरोक्त आन-उपासना गर्नु हुँदैन किनकि यी शास्त्रमा वर्णित नभएका कारणले मनोमानी आचरण हो जुन गीता अध्याय १६ श्लोक २३-२४ मा व्यर्थ भनिएको छ । शास्त्रोक्त साधना गर्ने आदेश दिइएको छ । सारा हिन्दु समाजले उपरोक्त आन-उपासना गर्दछन्, जसबाट भक्तिमा सफलता प्राप्त हुँदैन । जसकारणले नर्क गमन हुन्छ र प्रेत-पितृ, पशुपक्षी आदिको शरीरहरूमा महाकष्ट उठाउँछन् ।

➢ दास (लेखक) को उद्देश्य कसैको साधनाको आलोचना गर्नु होइन, बरू तपाईंहरूलाई सत्य साधनाको ज्ञान बोध गराएर यी कष्टहरूबाट जोगाउनु हो ।

यहाँ शास्त्रविरूद्ध साधना गर्नेहरूसँग महाधोका भइ रहेको छ भन्ने प्रसङ्ग चलि रहेको छ । यहाँ यस्तो बताइएको छ :-

१. मृतकको गति (मोक्ष) का लागि पहिले त अस्थीहरू ल्याएर गुरू जीद्वारा पूजा गराएर गंगा नदीमा प्रवाहित गऱ्यो र यसको गति भयो भन्यो ।

२. त्यसपछि तेह्रौं, सत्रौं, मासी, ६ मासी, वर्षी आदि-आदि क्रियाहरू उसको गति गराउनका लागि गरियो ।

३. गति गराउन पिण्डदान गऱ्यो ।

४. उसलाई यमलोकमा तृप्त गराउनका लागि श्राद्ध गर्न थाल्यो ।

❖ श्राद्धमा गुरू जीले भोजन पकाएर सर्वप्रथम केही भोजन छतमा राख्छ । कागले त्यो भोजन खान्छ । अनि पूरोहित जीले भन्छ– हेर । तिम्रा पिता काग बनेर भोजन खाइ रहेका छन् । कागलाई भोग लगाउनाले श्राद्ध सफल हुन्छ भन्छन् ।

❖ परमेश्वर कबीर जीले यही भ्रम तोड्नु भएको छ । उहाँ भन्नु हुन्छ– तपाईंका तत्वज्ञान नेत्रहीन (अन्धा) धर्मगुरूहरूले आफ्ना धर्मका शास्त्रहरूलाई राम्ररी बुझेका छैनन् । तपाईंहरूलाई लोकवेद (दन्त्यकथा) को आधारमा मनोमानी साधना गराएर तपाईंहरूको जीवन नष्ट तुल्याइ रहेका छन् ।

कबीर जीले भन्नु भएको छ– विचार गर । मृतक पिताको गति गराउनका लागि उपरोक्त अनेकौं पूजाहरू गरायो र अन्तमा काग बनाएर दम लिए । अब श्राद्धको आनन्द गुरू जीले लिइ रहेका छन् । ती गुरू जीले पनि नर्क तथा पशुपक्षीहरूको योनीहरू प्राप्त गर्ने छन् । यस दास (रामपाल दास) ले परमात्मा कबीर जीले बताउनु

भएको तत्वज्ञानको माध्यमले सम्झाएर शास्त्रविधि अनुसारको सत्य साधना बताएर त र तपाईंका अज्ञानी धर्मगुरुहरुको कल्याण गराउनका लागि यो परमार्थ गरि रहेको मेरा अनुयायीहरू यसै दलदलमा फसेका थिए । यही तत्वज्ञान बुझेर शास्त्रहरुमा व सत्य साधना प्रत्यक्ष देखेर अकर्तव्य साधना त्यागे र शास्त्रोक्त कर्तव्य साधना आफ्नो तथा परिवारको जीवन धन्य तुल्याइ रहेका छन् । उनीहरुले दान दिन्छ अनि यी पुस्तकहरू प्रकाशित गरी तपाईंहरू समक्ष पुऱ्याउनका लागि पुस्तक बाँ सेवा निःस्वार्थ रूपमा निःशुल्क गर्दछन् । यिनीहरू तपाईंहरुका हितैषी हुन् । तपाईंहरू पुस्तक राम्ररी नपढीकन नै विरोध गर्नु हुन्छ, प्रचारमा बाधा व्यवधान ख गरी महापापको भागी बन्नु हुन्छ । तपाईंहरू पुस्तक पढ्नु होस् तथा शान्त म विचार गर्नु होस् । पुस्तकमा दिइएका शास्त्रहरूको अध्याय तथा श्लोकहरू मिला होस् । अनि गलत रहेछ भने हामीलाई सूचित गर्नुहोस, तपाईंहरुको शङ्काको समाध गरिने छ ।

❖ झुठा गुरुहरुले भनेको आधारमा श्राद्ध आदि शास्त्रविरुद्ध क्रियाहरू गरेर आप जीवन नष्ट गर्दछौ । यदि सतगुरु (तत्वदर्शी सन्त) को सत्सङ् सुनेको भए त उनको सङ्गत गरेको भए सम्पूर्ण पापकर्म नष्ट हुने थियो । सत्य साधना ग अमरलोक अर्थात् गीता अध्याय १८ श्लोक ६२ मा भनिएको (शास्वत स्थान) सनात परम धाममा तपाईंको आसन अर्थात् स्थायी ठेगाना हुने थियो, जहाँ कुनै कष्ट छैन त्यहाँ परम शान्ति छ, किनकि त्यहाँ जन्म-मृत्यु हुँदैन । गीता अध्याय १५ श्लोक ४ पनि यस सनातन परमधाम प्राप्त गर्नु भनिएको छ । त्यसका लागि गीता अध्याय श्लोक ३४ मा तत्वदर्शी सन्तबाट शास्त्रोक्त ज्ञान एवं साधना प्राप्त गर्न भनिएको छ त्यो तत्वदर्शी सन्त वर्तमान (एक्काईसौं शताब्दी) मा यो दास (रामपाल दास) हो आउनु होस् र आफ्नो कल्याण गराउनु होस् ।

❑ भूत पूजा तथा पितृ पूजा के हो ? यो तपाईंहरुले माथि (पहिले) पढ्नु भयो ।

यी पूजाहरुको निषेधको प्रमाण पवित्र गीता शास्त्रको अध्याय ९ श्लोक २५ लेखिएको छ । भूत पूजा गर्नेहरू मृत्यु उपरान्त भूत बनेर भूतहरुकै समूहमा ज छन् । पितृ पूजा गर्नेहरू पितृ योनी प्राप्त गरेर पितृ लोकमा पितृहरुकहाँ जाने छन् मोक्ष प्राप्त प्राणी सदाको लागि जन्म-मरणबाट मुक्त हुन्छ ।

➢ प्रेत (भूत) पूजा तथा पितृ पूजा ती परमेश्वरको पूजा होइन । त्यसैले यो गी शास्त्र अनुसार व्यर्थ छ ।

➢ वेदहरुमा भूत पूजा तथा पितृ पूजा अर्थात् श्राद्ध आदि कर्मकाण्डहरुल मूर्खहरुको कार्य भनिएको छ ।

❖ पवित्र मार्कण्डेय पुराणमा प्रमाण

"श्राद्ध पिण्डदानप्रति रूची ऋषिको वेदमत"

मार्कण्डेय पुराणमा "रौच्य ऋषिको जन्म" को कथा आउँछ । एक रूची ऋ थिए । उनी ब्रह्मचार्य पालन गर्दै वेदहरु अनुसार साधना गर्थे । विवाह गरेक थिएनन् । रूची ऋषिका पिता, हजुरबुवा, जिजुबुबा तथा जिजुबाजे सबै पितृ (भू

योनीमा भोकै-प्यासै भट्कि रहेका थिए । रूची ऋषिको आयु ४० वर्षको भएपछि ती चारैले रूची ऋषिलाई दर्शन दिए र भने– पुत्र । तिमीले किन विवाह गरेनौ ? विवाह गरेर हाम्रो श्राद्ध गर्नु । रूची ऋषिले भने– हे पितामहहरू । वेंदमा यस श्राद्ध-पिण्डदान आदि कर्मलाई अविद्या भनिएको छ, अर्थात् मूर्खहरूको कार्य भनिएको छ । अनि किन तपाईंहरू मलाई यो कर्म गर्न भन्दै हुनु हुन्छ ?

पितृहरूले पनि स्वीकारे र भने– वेदहरूमा श्राद्ध आदि कर्महरूलाई अविद्या अर्थात् मूर्खहरूको कार्य नै भनिएको छ भन्ने कुरा सत्य हो । अनि ती पितृहरूले वेद-विरूद्धका ज्ञान बताएर रूची ऋषिलाई भ्रमित तुल्याए कनकि मोह पनि अज्ञानको जड हो । रूचीले विवाह गरे । अनि श्राद्ध र पिण्डदान जस्ता क्रियाहरू गरेर आफ्नो जीवन पनि नष्ट तुल्याए ।

वेदहरू तथा वेदहरूकै सङ्क्षिप्त रूप गीतामा श्राद्ध, पिण्डदान आदि भूत पूजाको कर्मकाण्डलाई निषेध भनिएको छ, यो गर्नु हुँदैन, यो कुरा मार्कण्डेय पुराणको उपरोक्त प्रकरणबाट पनि सिद्ध हुन्छ । ती मूर्ख ऋषिहरूले आफ्ना पुत्रहरूलाई पनि श्राद्ध गर्न विवश पारे । उसको विवाह गराए । तिनबाट रौच्य ऋषिको जन्म भयो । छोरालाई पनि पापको भागी बनाए ।

रूची ऋषि ब्राह्मण थिए । उनले वेदहरू केही मात्रामा सही रूपमा बुझेका थिए । आफ्नो आत्माको कल्याणका लागि शास्त्र विरूद्ध मनोमानी आचरणलाई त्यागेर शास्त्रोक्त केवल एक ब्रह्मको भक्ति गरि रहेका थिए । उनका पिता तथा हजुरबुवा, जिजुबुवा र जिजुबाजेले भने शास्त्र विधि त्यागेर यिनै उपरोक्त कर्म-काण्ड गर्ने गराउने गर्थे । जसको परिणाम गीता अध्याय ९ श्लोक २५ मा भनिए अनुसार पितृ पुज्नेहरूले पितृहरूलाई प्राप्त गर्नेछन् भन्ने हुनु थियो, त्यही भयो । अब अहिलेका शिक्षित जनताहरूले अन्ध श्रद्धा भक्ति त्यागेर विवेकले काम लिई गीता अध्याय १६ श्लोक २४ मा भनिएको आदेशको पालना गर्नु पर्छ । जसमा भनिएको छ– यसबाट तिम्रो लागि अर्जुन शास्त्र नै प्रमाण हो, अर्थात् शात्रहरूमा जे गर्न भनिएको छ, त्यही गर । शास्त्रहरूमा प्रमाणित नभएका कुराहरू त्यागि देऊ । गीतामा परमात्माले बताउनु भएको विधान छ र पुराणहरूमा ऋषिहरूले बताएका अनुभवहरू छन् । यदि पुराणहरूमा श्राद्ध आदि कर्मकाण्डहरू गर्न भनेर लेखिएको छ भने त्यो गीता विरूद्ध भएकाले अमान्य छ ।

उदाहरण :- एउटा व्यक्तिको मित्रता थानेदारसँग थियो । एकदिन त्यस व्यक्तिले आफ्नो थानेदार मित्रलाई आफ्नै गाउँको गुण्डा व्यक्तिले आफूलाई आजित तुल्याएको कुरा बतायो । थानेदारले त्यस गुण्डालाई कुट, अरू म आफै निप्ट्याउँला र कुनै मुद्दामामिला हुन दिन्न भन्यो । थानेदारको आदेश अनुसार त्यस व्यक्तिले गाउँको त्यो बदमासलाई लट्ठीले हान्यो । चोट टाउकोमा लागेकोले त्यसको मृत्यु भयो । थानेदारको मित्रलाई हत्याको मुद्दा लाग्यो । त्यस क्षेत्रको थानाको प्रभारी (प्रमुख) भएका कारण त्यही थानेदार मित्रले मुद्दा बनायो र हत्या गरेकाले त्यस व्यक्तिले मृत्युदण्ड पायो ।

❖ विचार गरौं :- राजाको विधान छ कि कसैसँग झगडा नगर । कानुनी कार्वाही गर । त्यस व्यक्तिले अधिकारी थानेदारको आदेश पालन गर्‍यो, जुन राजाको संविधान

विपरीत थियो । जसकारणले जीवन समाप्त भयो अर्थात् दण्डको भागी बन्यो । यसै ऋषिहरू या पितृहरूको श्राद्ध गर्नु, पिण्डदान आदि गर्नु भन्ने आदेश परमात्मा शास्त्रोक्त विधानको विपरीत छ । त्यसको पालना गर्नाले परमात्माको विधान भ हुन्छ । जसकारणले गर्दा मोक्षको स्थानमा भूत-पितृ, पशुपंक्षीहरूको शरीर धारण ग अनेकौं कष्ट झेल्नु पर्दछ ।

मार्कण्डेय पुराणमा पितृहरूको दुर्गतिको प्रमाण

जिन्दा महात्मा अर्थात् परमेश्वरले धर्मदास जीसँग भन्नु भयो– हे धर्मदास जी तपाईंले भन्नु भयो कि तपाईं भूत पूजा (तेह्रौं, सत्रौं, आदि तथा अस्थिहरू लगेर ग गर्नु) पितृ पूजा (श्राद्ध, पिण्डदान गर्नु) तथा देवताहरू (विष्णु, शिव आदि) को पू पनि गर्नु हुन्छ । जब कि गीता अध्याय ९ श्लोक २५ मा गीता ज्ञानदाताले नि गरेका छन् । संक्षिप्त मार्कण्डेय पुराणमा मदालसाको प्रकरणमा पृष्ठ ८० मा लेखिए छ– "जो पितृलोकमा छन्, जो तिर्यग्योनिमा परेका छन्, जो मनुष्य योनिमा भूतवर्गमा अर्थात् प्रेत बनेका छन्, ती पुण्यात्माहरू होऊन् या पापात्मा जब भोक-प्यास विकल (तड्पनु) हुन्छन् अनि पिण्डदान तथा जलदानद्वारा तृप्त गराइन्छ ।" (ले समाप्त)

विचार गरौं:- शास्त्रविधि त्यागेर मनोमानी आचरण अर्थात् मनोमानी पू (देवताहरूको, पितृहरूको, भूतहरूको पूजा) गरेर प्राणी पितृ तथा भूत (प्रेत) बन्यो । देवलोक (जसले देवताहरूको पूजा गरेर देवलोक गए ती आफ्नो पुण्य समाप्त भएपछि पितृ रूपमा रहन्छन् ।) मा छन्, या यमलोकमा प्रेत बनेका छन्, सबैले कष्टमय जीव व्यतित गरि रहेका छन् । अब जसले तिनको पूजा गर्छन्, तिनीहरूले पनि य कष्टमयी योनि प्राप्न गर्ने छन् । त्यसैले सम्पूर्ण मानव समाजले शास्त्रविधि अनुस साधना गर्नु पर्छ । जसकारण ती पितृहरूको पितृयोनी छुट्छ र साधकले पूर्ण मो प्राप्त गर्ने छ ।

श्री विष्णु पुराणको तृतीय अंशको अध्याय १४ को श्लोक १० देखि १४ श्राद्धको विषयमा श्री सनत्कुमारले भनेका छन्– तृतीया, कार्तिक, शुक्ल नौमी, भाद्रप कृष्णा त्रयोदशी तथा माघ महिनाको औंसी यी चार तिथीहरू अनन्त पुण्यदायिनी छन् चन्द्रमा वा सूर्यग्रहणको समय तीन अष्टकाहरू अथवा उत्तरायण या दक्षिणायनक आरम्भमा जुन पुरुषले एक चित्तले पितृगणलाई तिलसहित जल पनि दान गर्दछ भ उसले मानौं एक हजार वर्षसम्मको लागि श्राद्ध गर्दछ । यो परम रहस्य स्वयं पितृगणले नै बताउँछन् । (लेख समाप्त)

विचार गरौं :- उपरोक्त श्राद्धविधि पितृहरूद्वारा बताइएका हुन्, वेदोक्त श्रीमद्भागवत गीताका आधारमा भनिएका होइनन् ।

श्री विष्णु पुराण पृष्ठ २१४ तृतीय अंशको अध्याय १६ श्लोक ११ मा लेखिए छ– क्षिरमेकशफाना यदौष्ट्र माविकमेव च । मार्ग च माहिष चैव वर्जयेच्छाकर्माणि यस श्लोकको हिन्दी अनुवादको नेपाली अनुवाद = एक खुर हुने, ऊँदनी, भेडा, मृगि तथा भैंसीको दूध श्राद्धकर्ममा प्रयोग नगर्नु । (काममा नलगाउनु)

समीक्षा :- अहिले (सन् २००६ सम्म) सारा मानिसहरू श्राद्धमा भैंसीको दूध नै प्रयोग गरि रहेका छन्, जुन पुराणमा वर्जित छ । जसकारणले तिनीहरूले गरेका श्राद्ध कर्म व्यर्थ भयो । श्री विष्णु पुराणको पृष्ठ २१३ तृतीय अंशको अध्याय १६ को श्लोक १ देखि ३ मा (मासुद्वारा श्राद्ध गर्नाले पितृगण सदा तृप्त रहन्छ ।) लेखिएको छ–

"हविष्यमत्स्य मांसैस्तु शशस्य नकुलस्य च । सौकरछाग लैणेयरौरवैर्गवयेन च ।। (१) और भ्रगव्यैश्च तथा मासवृद्धया पिता महाः (२) खडगमांसमतीवात्र कालशाकं तथा मधु । शस्तानि कर्मण्यत्यन्ततृप्तिदानि नरेश्वर ।। (३)

नेपाली अनुवादः- हवि, मत्स्य (माछा), शशंक (खरायो), नकुल (न्याउरी मुसा), सुँगुर, छाग (बोका), कस्तुरी मृग, कालो मृग, गव्य (निल गाई/वन गाई) र मेष (भेडा) को मासु, गव्य (गाईको घ्यू, दूध) बाट पितृगण एक-एक महिना अधिक तृप्त रहन्छन् र वार्घ्रीणस पक्षीको मासुबाट सदा तृप्त रहन्छन् । (१-२) श्राद्ध कर्ममा गैंडाको मासु, कालशांक (पदुवा) र मधु (मह) अत्यन्त प्रशस्त र अत्यन्ती तृप्तीदायक हो । (३) श्री विष्णु पुराण अध्याय २ चतुर्थ अंश पृष्ठ २३३ मा पनि श्राद्धकर्ममा मासु प्रयोगको स्पष्ट प्रमाण छ ।

समीक्षा :- उपरोक्त पुराणको ज्ञान आदेश अनुसार श्राद्ध कर्म गर्नाले पुण्यको स्थानमा पाप नै प्राप्त हुन्छ । के त्यो उपरोक्त मासुद्वारा श्राद्ध कर्म गर्ने आदेश अर्थात् प्रावधान न्याय सङ्गत छ अर्थात् छैन । त्यसैले पुराणहरूमा वर्णित भक्तिविधि तथा पुण्य साधना कर्म शास्त्र विरुद्ध छन् । जुन लाभको स्थानमा हानिकारक छ ।

विशेष :- उपरोक्त श्लोक १ र २ को अनुवाद कर्ताले केही अनुवादलाई घुमाउरो पाराले लेखेका छन् । मूल संस्कृत भाषामा स्पष्ट रूपमा गाईको मासु श्राद्ध कर्ममा प्रयोग गर्न भनिएको छ । हिन्दी अनुवाद कर्ताले गव्य अर्थात् गाईको मासुको स्थानमा कोष्ठमा "गाईको घिउ दूधबाट" लेखेका छन् ।

विचार गरौं :- के हिन्दूले उपरोक्त मासु आहारलाई श्राद्ध कर्ममा प्रयोग गर्न सक्छ ? कदापी सक्दैन । त्यसैले यस्तो श्राद्ध नगरेर पूर्ण सन्तले बताएको मार्ग अनुसार श्रद्धापूर्वक धार्मिक अनुष्ठान गर्नु पर्छ । नाम मन्त्रको जाप, पाँचै यज्ञहरू तथा यस दास (रामपाल दास) ले बताएको तीनै समयको उपासना वाणी पाठ ती अनुष्ठानहरू हुन्, जसबाट पितृ, प्रेतहरू आदिको पनि कल्याण हुन्छ र उपासकले पूर्ण मोक्ष प्राप्त गर्दछ साथै भूत वा पितृ योनीहरूमा कष्ट झेलिरहेका तिनका पितृहरू (पूर्वजहरू) को पनि त्यो योनी छुटेर तत्काल मानव शरीर प्राप्त गरी यो भक्ति प्राप्त गर्ने छन् । जसबाट तिनको पनि पूर्ण मोक्ष हुने छ ।

मार्कण्डेय पुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित) को अध्याय "श्राद्ध कर्मको वर्णन पृष्ठ ९२ मा लेखिएको छ :- प्रतिपितामह भन्दा माथिका तीन पीढीहरू जो नर्कमा निवास गर्दछन्, जो पशु-पक्षीको योनीमा परेका छन् तथा जो भूत, प्रेत आदिका रूपमा स्थित छन्, ती सबैलाई विधिपूर्वक श्राद्ध गर्ने यजमानले तृप्त तुल्याउँछन् । पृथ्वीमा जुन अन्न छरिएका हुन्छन् (श्राद्धकर्म गर्दा) त्यसबाट पिशाच योनीमा परेका पितृहरू तृप्त हुन्छ । स्नानको वस्त्रबाट जुन पानी पृथ्वीमा झर्दछ, त्यसबाट वृक्ष योनीमा परेका पितृहरू तृप्त हुन्छन् । नुहाउँदा आफ्ना शरीरबाट जुन पानीका कण पृथ्वीमा झर्दछन्,

त्यसबाट ती पितृहरू तृप्त हुन्छ, जसले देव भाव प्राप्त गरेका छन् । पिण्डहरू उठा जुन अन्नका कणहरू पृथ्वीमा झर्दछन्, त्यसबाट पशुपंक्षीको योनीमा परेका पितृहरू हुन्छन् । अन्यायोपार्जित धनबाट जुन श्राद्ध गरिन्छ, त्यसबाट चण्डाल आदि योनीह परेका पितृहरूको तृप्ति हुन्छ ।

विचार गरौं :- उपरोक्त योनीहरूमा हाम्रा जो पूर्वजहरू परेका छन् । त्यस मूलकारण शास्त्रविधि अनुसार भक्ति नगर्नु हो । पवित्र गीता जी तथा वेदहरूमा व विधि अनुसार साधना गरेको भए उपरोक्त महाकष्ट दायक योनीहरूमा पर्ने थिएनन् । दास (रामपाल दास) को सम्पूर्ण मानव समाजसँग कर जोडेर प्रार्थना छ– अब जाग्नु होस्, पहिले भइसकेका गल्तीहरूको आवृति नहोस् । यस दास (रामपाल दा ले बताएको साधनाद्वारा कुनै पनि योनीहरू (पितृ, भूत, पिशाच, पशुपंक्षी, वृक्ष आदि) परेका तपाईहरूका पूर्वजहरूको वर्तमानको योनी छुटेर तत्काल मानव जीवन प्रा हुन्छ । अनि तिनीहरूले वर्तमानमा म (रामपाल दास) बाट भक्ति साधना प्राप्त गर्नेछ र यदि मर्यादामा रहेर आजीवन यो भक्ति गरि रहे भने पूर्ण मोक्ष प्राप्त गर्ने छन् । य प्रमाणको रूपमा कबीर परमेश्वरबाट प्राप्त तत्वज्ञान सन्त गरीबदास जी भन्दछन् :-

अग्नि लगा दिया जद लम्बा, फूंक दिया उस ठाई । पुराण उठाकर पण्डित आए, पीछे गरूड़ पढ़ाई ॥
नर सेती फिर पशुवा किजे गधा बैल बनाई । छप्पन भोग कहा मन बौरे किते कुरड़ी चरने जाई ॥
प्रेत शिला पर जाय विराजे पितरों पिण्ड भराई । बहुर श्राद्ध खाने को आऐ काग भए कलि माही ॥
जै सतगुरु की संगत करते सकल कर्म कट जाई । अमर पुरी पर आसन होते जहाँ धूप ना छांई ॥

उपरोक्त वाणीहरू पाँचौं वेद (सूक्ष्म अर्थात् स्वसम वेद) को हो । यस स्पष्टसँग भनिएको छ– पितृ आदिलाई पिण्डदान गर्दा अर्थात् श्राद्ध कर्म गर्दै गर्दा पि पशुपंक्षी तथा भूत-प्रेतको योनीहरूमा परिन्छ भने त्यो श्राद्ध कर्म के काम लाग्यो ? फे भनिएको छ– यदि सत्गुरू (तत्वज्ञान दाता तत्वदर्शी सन्त) को सङ्गत गरेको भ अर्थात् उसले भने अनुसार भक्ति गरेको भए सारा कर्म काटिने थियो । पशु, पक्ष पितृ, प्रेत आदि केही बन्ने थिएन । सोझै सतधाम (शाश्वत स्थान) जाने थियो, ज गए पश्चात् पुनः फर्केर यस संसारमा कुनै पनि योनीमा आउने थिएन । (प्रमाण गीत अध्याय ४ श्लोक ३४, अध्याय १५ श्लोक १-४, तथा श्लोक १६ - १७ मा; अध्याय १ श्लोक ६२ एवं अध्याय ९ श्लोक २५ मा)

❖ **पुराणहरूमा लेखिएको छ (जुन ऋषिको अनुभव हो)- पितृले धन दिन्छन्, पु दिन्छन्, रोग नष्ट गरि दिन्छन् आदि आदि ।**

विचार गरौं :- पितृ स्वयम् भोकै-प्यासै यमलोक (नर्क लोक) मा कष्ट झेलि रहेका छन् । आफ्नो भोक प्यास शान्त पार्न भ्रमित ज्ञानको आधारमा तपाईहरूसँग श्राद्ध कर्म गर्न भनि रहेका छन् भने तपाईहरूलाई खुशी तुल्याउने कुरा न्याय सङ्गत छैन हाम्रा धर्मगुरूहरू यसो पनि भन्छन्– भाग्यमा लेखिएको मात्र प्राणीले प्राप्त गर्दछ त्यसमा कुनै परिवर्तन हुन सक्दैन । तर सत्य अलग छ । यदि साधकले पू परमात्माको सत्य साधना गर्दछ भने परमात्माले भाग्यमा भएको भन्दा भिन्न पनि दि सक्नु हुन्छ, यो अधिकार वहाँलाई मात्र छ । अन्य कुनै देवी-देवता तथा पितृ आदिला

यो अधिकार छैन । गीता अध्याय ७ श्लोक १२-१५ तथा २०-२३ मा त तीनवटै देवताहरू (श्री ब्रह्मा रजगुण, श्री विष्णु सतगुण तथा श्री शिव तमगुण) को भक्ति गर्नु पनि निषेध भनिएको छ । हिन्दुहरू ब्रहम्को साधना नगरेर अन्य उपरोक्त देवताहरू या अन्य देवताहरूको पूजा गर्दछन् । यिनका पूजा गर्नेहरूलाई राक्षस स्वभाव धारण गरेका, मानिसहरूमा निच दूषित कर्म गर्ने मूर्ख भनिएको छ । तपाईं आफैं विचार गर्नु होस् - पितृ कुन खेतको मूला हो ? पुत्र आदि दिने छन् भन्ने कुरा त परको कुरा हो ।

"प्रभु कबीर जीद्वारा श्राद्ध भ्रमको खण्डन"

एक समय काशी नगर (बनारस) मा गंगा नदीको घाटमा केही पण्डित जीहरू श्राद्ध आदि गर्ने दिनमा आफ्ना पितृहरूलाई जल दान गर्ने उद्देश्यले गंगाको जल लोटामा भरे । अनि किनारमां खडा भएर बिहान सूर्यतिर फर्केर पृथ्वीमा लोटाको जल झारि रहेका थिए । परमात्मा कबीर जीले यी सब हेरि रहनु भएको थियो । उहाँले यसको कारण जान्ने मनसायले तपाईंहरू यी सब के उद्देश्यले गरि रहनु भएको छ भनी सोध्नु भयो । पण्डितहरूले भने– हामी पितृ बनेर स्वर्गमा निवास गरि रहेका हाम्रा पूर्वजहरूलाई जलदान गरि रहेका छौं । यो जल हाम्रा पितृहरूले प्राप्त गर्नेछन् । यस्तो जवाफ सुनेपछि परमेश्वर कबीर जीले ती अन्ध श्रद्धा भक्ति गर्नेहरूको अन्धविश्वास समाप्त पार्नका लागि त्यही गंगा नदीमा घुँडा-घुँडा पानीमा उभिनु भयो र दुवै हातले गंगा नदीको जल सूर्यतर्फ किनारमा छिटो-छिटो फ्याँक्न थाल्नु भयो । उहाँले यस्तो गरेको देखेर सैयौं पण्डित तथा नागरिकहरू जम्मा भए । पण्डितहरूले सोधे– हे कबीर जी । हजुर यो कुन चाहिं कर्मकाण्डको क्रिया गरि रहनु भएको छ ? यसबाट के लाभ हुन्छ ? यस्तो त कर्मकाण्डमा लेखिएकै छैन ।

कबीर जीले उत्तर दिनु भयो– यहाँभन्दा एक माइल (१ १/२ कि. मि.) पर मेरो कुटी अगाडि मैले एउटा बगैंचा बनाएको छु । त्यसको सिँचाइका लागि म यो क्रिया गरि रहेको छु । यो जलले मेरो बगैंचाको सिँचाइ गरि रहेको छ । जवाफ सुनेर सारा पण्डितहरू हाँस्न थाले र भने– यो कदापि सम्भव हुन सक्दैन । एक माइल पर यो जल कसरी ज़ान सक्छ ? यो त यहीं बालुवामा ह्राएको छ । कबीर जीले भन्नु भयो– यदि तपाईंहरूले झार्नु भएको जल करोडौं माइल पर स्वर्गमा जान सक्छ भने मैले झारेको जल एक माइलसम्म जानु कुन आश्चर्यको कुरा हो र ? यो कुरा सुनेपछि पण्डित जीहरूले आफूहरूले गरेका क्रियाहरू व्यर्थ छन् भन्ने कुरा बुझे । कबीर जीले एक घण्टासम्म बाहिर किनारमा खडा भएर कर्मकाण्ड अर्थात् श्राद्ध एवं अन्य क्रियाहरूको बारेमा सटिक तर्क दिनु भयो । उहाँले भन्नु भयो– तपाईंहरू एकातिर तपाईंहरूका पितृहरू स्वर्गमा छन् भन्नु हुन्छ, अर्कोतिर उनीहरूले त्यहाँ पानी पाएका छैनन्, प्यासै छन् भन्नु हुन्छ । तिनीहरूका लागि सूर्यलाई अर्घ दिएर जल पार्सल गर्नु हुन्छ । यदि स्वर्गमा पिउने पानी कै अभाव छ भने त्यसलाई स्वर्ग भन्न सकिँदैन । त्यो त मरूभूमि होला । वास्तवमा पितृगणलाई यमराजको अधीनमा यमलोक रूपी कारागारमा अपराधी बनाएर हालिन्छ । त्यहाँ भएको निर्धारित आहार सबैलाई दिइन्छ । जबकि पृथ्वीमा बनेको कारागारमा कुनै पनि कैदी खाना नखाई रहँदैन, सबैलाई खाना–

पानी प्राप्त हुँन्छ भने निरञ्जन काल राजाले बनाएको यमलोकको कारागारमा भोजन-पानीको अभाव छैन ।

केही पितृगण पृथ्वीमा विचरण गर्नका लागि यमराजबाट आज्ञा लिएर प (Parole) मा आउँछन् । तिनका स्वादे जिब्रो हुन्छ । तिनलाई कारागारको साम भोजन राम्रो लाग्दैन । तिनीहरू पनि मानव जीवनमा श्राद्धहरू गर्ने समयमा एक दिन श्राद्ध कर्मले पितृगण एक वर्षका लागि तृप्त हुन्छन् भन्ने भ्रममा अन्ध भक्ति गर्थे । त्य आधारमा रूची ऋषिका चारै पूर्वज पितृहरू परौल (Parole) मा आएर काल प्रेरण रूची ऋषिलाई भ्रमित तुल्याएर वेद अनुसारको शास्त्रोक्त साधना छुटाएर विवाह गर श्राद्ध आदि शास्त्रविरूद्ध कर्मकाण्डका लागि प्रेरित गरे । ती सोझा ब्राह्मणलाई प पितृ बनाएर छोडे । पृथ्वीमा आएर पितृरूपी भूत कुनै व्यक्ति (स्त्री पुरूष) मा प्रवे गरेर भोजनको आनन्द लिन्छन् । अरूको शरीरमा प्रवेश गरेर भोजन खान्छन् भोजनको सूक्ष्म वासनाले तिनको सूक्ष्म शरीर तृप्त हुन्छ तर एक वर्षका लागि भ होइन । यदि कुनै पिता, हजुरबुवा, हजुरआमा, आमा आदिले कुनै पशुको शरीर पा भने कसरी तृप्त हुन सक्छ ? उसलाई खानका लागि १०-१५ कि. ग्रा. चारा आवश्य पर्दछ । कुनै श्राद्ध गर्ने गुरू-पूरोहितले भुस खाएको देख्नु भएको छ ? सबैका मात पिता, हजुरबुवा-हजुरआमा आदि पितृ नै बन्छन् भन्ने कुरा जरूरी छैन । कतिकाले पशुपंक्षी आदिले अन्य योनीहरू पनि प्राप्त गर्दछन् । तर श्राद्ध सबैको गरिन्छ । यसला भनिन्छ– अन्ध श्रद्धा भक्ति ।

"श्री नानक जीद्वारा श्राद्ध भ्रमको खण्डन"

❖ अन्य उदाहरण:- सिख धर्मका प्रवर्तक श्री नानक देव साहेब जीको जीवनी यस्तो एउटा घटना छ, जुन पवित्र पुस्तक "भाई बाले वाली जन्म साखी" श्री नान देवमा लेखिएको छ, त्यसको वर्णन गर्छु । जसको शीर्षक हो– "आगे साखी दुनिच खत्री नाल होई" ।

सङ्क्षिप्त प्रकरण यस प्रकार छ :-

❖ श्री नानक जीलाई परमात्मा (परम अक्षर ब्रह्म) ले बेई नदीमा भेट्नु भएक थियो । त्यस समय श्री नानक जी सुल्तानपुर शहरबाट बिहान सदाको झैं बेई नदीम स्नान गर्न गएका थिए । अन्य नगरवासीहरू पनि स्नान गरि रहेका थिए । त्यसबेल परमेश्वर कबीर जी बाबा जिन्दाको भेषमा आउनु भयो र श्री नानक जीसँगै स्नान ग बहानाले नदीमा प्रवेश गर्नु भयो । उपस्थित अन्य मानिसहरूले हेरि रहेका थिए । दु जनाले नदीमा डुबुल्की मारे तर बाहिर आएनन् । दुबैलाई नदीमा डुबेको स्वीका गरिएको थियो । परमेश्वर जीले श्री नानक जीको आत्मालाई लिएर (शरीरलाई प जङ्गलमा छोडी) आफूसँगै आफ्नो निवास स्थान सतलोक (सच्चखण्ड) मा लैजा भयो । तीन दिनसम्म काल ब्रह्मको एक्काईस ब्रह्माण्डहरू, अक्षर पुरूषको सात शङ्ख ब्रह्माण्डहरू तथा आफ्नो सतलोकको असङ्ख्य ब्रह्माण्डहरूको स्थिति प्रत्यक्ष रूपम देखाउनु भयो । यथार्थ आध्यात्मिक ज्ञान बताउनु भयो तथा यथार्थ मोक्ष मन्त्र सतनाम

(जसमा दुई अक्षर एक ॐ मन्त्र तथा अर्को गोप्य छ, जुन उपदेशीलाई बताइन्छ ।) बाट मुक्ति हुन्छ भनिएको छ । फेरि एउटा नाम (सारनाम) को विशेष योगदान मानवको मोक्षको साधनामा छ, त्यससँग परिचित गराउनु भयो तथा सतनाम र सारनामलाई कलयुगको पाँच हजार पाँच सय पाँच (५५०५) वर्ष नबितेसम्म गोप्य राख्न आज्ञा दिनु भयो । श्राद्ध-पिण्डदान आदि कर्मकाण्डलाई व्यर्थ बताउनु भयो र स्वर्ग नर्क देखाउनु भयो । तेस्रो दिन नानक जीको आत्मालाई शरीरमा प्रवेश गराएर अन्तर्ध्यान हुनु भयो । त्यसपछि श्री नानक देव जीले आफ्ना दुई शिष्यहरू "भाई बाले र मर्दाना" लाई साथमा लिएर प्रभुबाट प्राप्त यथार्थ ज्ञान तथा प्रत्यक्ष देखेको माथिका लोकहरूको व्यवस्थाको प्रचार गर्ने उद्देश्यले देश-प्रदेशमा १२ वर्ष भ्रमण गरे । त्यही क्रममा लाहौरमा एक धनी व्यक्ति दुनिचन्द खत्रीको प्रार्थनामा उनका घरमा गए । त्यसदिन सेठ दुनिचन्द खत्रीले आफ्ना पिता जीको श्राद्ध गरेका थिए । कैयौ ब्राह्मणहरूलाई भोजन गराए तथा वस्त्र एवं हजारौं रूपियाँ दक्षिणा दिएका थिए । श्री नानक जीले सोधे– हे दुनिचन्द ! आज के को उपलक्ष्यमा यत्तिका पकवान बनाएका छौ । दुनिचन्दले भने– महाराज जी ! आज मेरो पिता जीको श्राद्ध थियो । श्री नानक जीले सोधे– तिम्रा पिता जी कहाँ छन् ? उत्तरमा दुनिचन्दले भने– उहाँ स्वर्गवासी भइ सक्नु भएको छ । श्राद्ध गर्नाले उहाँलाई एक वर्षसम्म स्वर्गमा भोक लाग्दैन । यो कुरा सुनेर श्री नानक जीले भने– हे दुनिचन्द ! तिमीलाई तिम्रा अज्ञानी गुरुहरूले भ्रमित तुल्याएका छन् । तिम्रा पिता जी त बाघको शरीर प्राप्त गरेर त्यस जङ्गलमा एउटा वृक्ष मुनि भोकले व्याकुल भएर बसेका छन् । यदि मेरो कुरामा विश्वास छैन भने जाँच गर्न सक्नु हुन्छ । तिमी एक व्यक्तिका लागि भोजन तयार गर, त्यो जङ्गलमा जाऊ, तिम्रो दृष्टि पर्नासाथ मेरो आशिर्वादले त्यो बाघ (सिंह) मा मनुष्यको बुद्धि आउने छ । उसलाई आफ्नो पूर्व जन्मको पनि याद आउँछ । श्री नानक जीले बोलेको कुरा सिद्ध छ भन्ने दुनिचन्द जीलाई पूर्ण विश्वास थियो । यी महात्मामा ठूलो शक्ति छ भन्ने कुरा पनि मानिसहरूले सुनाउँथे ।

दुनिचन्द सेठ श्राद्ध पश्चात् बाँकी रहेको भोजनबाट एक जनालाई पुग्ने भोजन लिएर श्री नानक जीले बताएको जङ्गलको त्यही झाडीमा गए । एउटा सिंह देखे । दुनिचन्दलाई देखेर बाघले कुकुरले जसरी पुच्छर हल्लाउँदै म कुनै हानी गर्दिन, मेरो समीपमा आऊ भन्ने भाव प्रकट गर्न थाल्यो । दुनिचन्द सेठले भोजन बाघको सम्मुखमा थालीमा राखि दिए । बाघले सारा भोजन खायो । दुनिचन्दले सोधे– हे पिता जी ! हजुर त बडो धर्मकर्म गर्नु हुन्थ्यो । तपाईं सदा शाकाहारी हुनु हुन्थ्यो । हजुरको यो दशा कसरी भयो ? श्री नानक महाराज जीको शक्तिले सिंहले भन्यो– पुत्र ! जब मेरो प्राण निस्कि रहेको थियो, त्यसबेला नजिकैको घरमा मासु पाकि रहेको थियो । त्यसको गन्ध मसम्म आयो, मेरो मनमा मासु खाने इच्छा जाग्यो । त्यही बेला मेरो प्राण निस्कियो । जसकारण मलाई बाघको शरीर प्राप्त भयो । छोरा दुनिचन्द ! तिमी कुनै पूर्ण सन्तबाट दीक्षा लिएर आफ्नो जीवनको कल्याण गराउनु । मानव जीवन बडो कठीनले प्राप्त हुन्छ । यसो भनेर बाघ घना जङ्गलतिर गयो । दुनिचन्दले ती अज्ञानी

धर्मगुरूहरूलाई धिक्कार्दै भने– यिनीहरूले सबैलाई भ्रमित तुल्याइ रहेका छन् । उस श्राद्ध गर्नाले मृतकलाई कुनै लाभ प्राप्त हुँदैन भन्ने विश्वास भयो । घर आएर नानक जीको चरणमा शरणागत भएर आफ्नो कल्याणका लागि यथार्थ भक्तिको तथा मन्त्र लिएर आजीवन स्मरण गरे तथा शास्त्रविरूद्ध गरि रहेका अन्धविश्वा भरिएका सम्पूर्ण साधनाहरू त्यागि दिए । मानव जीवन सफल तुल्याए ।

❖ अन्य उदाहरण :-

"सन्त गरीबदास जीद्वारा श्राद्ध भ्रमको खण्डन"

सन्त गरीबदास जी महाराज (छुडानी-गाउँ, झज्जर, जिल्ला, हरियाणा प्रा लाई श्री नानक जीलाई जसरी दस वर्षको आयुमा सन् १७२७ (वि. सं. १७८४) मा न नामको खेत (जङ्गल) मा जिन्दा बाबाको भेषमा परम अक्षर ब्रह्मले भेट्नु भयो त्यसबेला छुडानी गाउँका दस बाह्र व्यक्तिहरूले बाबा जिन्दालाई दखेको कुरा गरे अन्य व्यक्तिहरू आ-आफ्ना काममा लागे । बालक गरीबदास जीको आत्मालाई निकाल परमात्माले सतलोक लैजानु भयो । माथिका सारा लोकहरूको अवलोकन गराएर सम्पू यथार्थ आध्यात्मिक ज्ञान अवगत गराई लभगभग ८-९ घण्टा पछि फर्काएर पुनः शरीर प्रविष्ट गराउनु भयो । बालक गरीबदासलाई मृत ठानी चितामा राखेका थिए । आ लगाउनै लागेका थिए । त्यही बेला गरीबदास जी उठेर घरतिर हिंडे । परमेश्वर कबी जीले उनलाई यथार्थ भक्ति ज्ञान दिनु भयो । उनका थुप्रै शिष्यहरू भए । छुडा गाउँको एकजना भक्तलाई श्राद्ध गरिएको कुरा मृतकले पाउँदैनन् भन्ने सन्त गरीबदा जीको कुरा प्रति विश्वास भएन । श्राद्ध गर्ने दिनहरुमा ती भक्तका दुबै माता-पिताव श्राद्ध लगातार दुई दिनमा गरियो । पहिलो दिन माता जीको र अर्को दिन पि जीको । सन्त गरीबदास जीले भने– हे भक्त ! तिम्रा माता-पिता त तिम्रो खेतव जोहडी (हरियाणा तिरको गाउँको भाषामा लेट अर्थात् सानो तलाउ = जोहडी) मा भो रोइ रहेका छन् । तिमी दुई जनाको खाना लिएर मसँग हिंड । त्यस भक्तले तत्का आफ्ना पिताको श्राद्ध गरेर बचेको खिर तथा रोटी दुई जनाको लागि पुग्ने जति लिए सन्त गरीबदास जीका साथमा गए । उनको खेतमा बनेको जोहडी भन्दा लगभग २० फुट पर खडा भएर सन्त गरीबदास जीले बोलाए– हे फतेह सिंह र दया कौ (काल्पनिक नाम) ! आऊ, तिम्रो छोरोले तिमीहरुका लागि भोजन ल्याएका छन् । त्य बेला स्यालका भाले पोथी झाडीबाट बाहिर आए । पहिले त माथित्तिर मुख फर्काए कराए । अनि दौडदै सन्त गरीबदास जीका सामुमा आए । दुबैका अगाडि खिर र रोट राखि दिए । छिटोछिटो खाएर भागे । त्यस दिन त्यस भ्रमित भक्तको अज्ञान भङ्ग भयो । उसले प्रत्येक दिन घरमा जे जस्तो खाना तयार गरे पनि एक समय त्यस जोहडीको झाडीमा राख्थ्यो । प्रत्येक दिन ती दुई जनावर आएर खान्थे । केही व पश्चात् तिनको मृत्यु भयो । यो देखेर अन्य गाउँका मानिसहरू ती भक्तको मजाक उडाउँथे र भन्थे– तिमीलाई गरिबु (सन्त गरीबदास जीलाई गाउँका मानिसहरुले गरीबा गरीबु आदि अपभ्रंश नामले बोलाउँथे) ले बहकाइ दिएका हुन् । श्राद्ध गर्दैनौ, ठूलो हानि

हुने छ । तर भक्तलाई अटल विश्वास भइ सकेको थियो । आजीवन मर्यादामा रहेर साधना गरी जीवन सफल तुल्याए । जीवनमा कुनै हानी भएन, बरू अद्भूत लाभ भयो । धनी भए । सैयौं गाईहरू किने । ठूलो हवेली (भवन) बनाए । केही वर्ष पश्चात् बच्चाहरूले पनि नाम लिए । सुखी जीवन बाँचे ।

❖ अन्य उदाहरण :-

लेखक (रामपाल दास) द्वारा श्राद्ध भ्रमको खण्डन

"सत्य कथा"

मेरा (सन्त रामपाल दास महाराज जीका) पूज्य गुरूदेव स्वामी रामदेवानन्द जीले लगभग १६ वर्षको उमेरमा पूर्ण परमात्मा प्राप्तिका लागि अचानक घर त्यागेर हिंड्नु भयो। सँधै लगाउने लुगा आफ्नै खेत नजिकको बाक्लो जङ्गलमा कुनै मृत पशुको हाडहरु नजिक फ्याँकि दिनु भयो। साँझपख घरमा नआएकाले घरका मानिसहरु वहाँलाई खोज्न जङ्गलतिर गए। रातको समय थियो। परिवार सदस्यहरूले लुगा चिने र बालक जङ्गलतिर गएको बेला कुनै हिंस्रक जनावरले खायो होला भन्ने सोची पशुका हाडहरूलाई आफ्नो छोराको ठानेर ल्याए। अनि अन्तिम संस्कार गरि दिए र सम्पूर्ण कर्महरू- तेन्हौं, बर्खी आदि गरे। श्राद्ध पनि गरि रहन थाले। लगभग १०४ वर्षको उमेरको हुनु भएपछि स्वामी जी अचानक हरियाणाको चरखीदादरी तहसिलको भिवानी जिल्ला स्थित आफ्नो गाउँ बडा पैंतावास पुग्नु भयो। स्वामी जीको बाल्यकालको नाम श्री हरिद्वारी जी थियो र पवित्र ब्राह्मण कुलमा जन्मिनु भएको थियो। म (रामपाल दास महाराज जी) पनि थाहा पाएर दर्शन गर्नका लागि त्यहाँ पुगें। स्वामी ज्यूकी भाउजू लगभग ९२ वर्षको हुनु हुन्थ्यो। मैले ती वृद्धालाई हाम्रा गुरूज्यूले घर त्यागेर जानु भएपछि के महसुस भयो भनेर सोधें। ती वृद्धाले आफ्नो विवाह भएपछि एउटा देवरलाई जङ्गलमा कुनै हिंस्रक जनावरले खाएको थियो भनेर आफूलाई सुनाइएको कुरा बताइन्। उनको प्रत्येक वर्ष श्राद्ध गरिन्छ। उनलाई पनि श्राद्ध गर्न भनिएकोले वृद्धाले आफ्नै हातले ७० वटा श्राद्ध गरेको कुरा सुनाइन्। अन्न राम्रो नहुँदा वा घरको कुनै सदस्य बिरामी हुँदा कारण सोध्न पुरोहित (गुरू जी) कहाँ जाने गरेको उनले बताइन्। ती पुरोहितले हरिद्वारी पितृ बनेकोले उसैले दुःख दिइ रहेको छ र श्राद्ध गर्दा पनि कुनै अशुद्धी भएको छ। यसपाली सबै कर्म म आफ्नै हातले गर्छु। पहिले एकै पटक एकै दिनमा थुप्रै ठाउँमा श्राद्ध गर्न जानुपर्ने भएकाले समय मिलेको थिएन त्यसैले बच्चालाई पठाएको थिएँ। तबसम्म उसलाई शान्त पार्नका लागि केही भेटी चढाऊ भन्थे। अनि उसलाई २१ वा ५१ जति भन्थे डराउँदै त्यति भेटी चढाउँथैं र गुरु जी आफैले श्राद्ध गरि दिन्थे भनेर बताइन्। अनि मैले आमा अब गीता जी विरूद्धको यो साधना छोडि दिनु होस् नत्र तपाईं पनि प्रेत बन्नु हुने छ भनेर गीता अध्याय ९ श्लोक २५ सुनाएँ। ती वृद्धाले गीता त म पनि पढ्छु भनिन्। मैले भनें– तपाईंले पढ्नु त भयो, तर बुझ्नु भएन। अब यो मूर्खतापूर्ण साधनालाई छोडि दिनु होस्। वृद्धाले उत्तरमा श्राद्ध त सदियौं पूरानो परम्परा (संस्कार) हो, कसरी छोड्नु भनिन्। वास्तवमा यो दोष ती सोझा

आत्माहरूको होइन बरू आफ्ना पवित्र शास्त्रहरु नबुझेर मनोमानी आचरण (पूजा तरिका) बताइ दिने मूर्ख (अज्ञानी) गुरुहरुको हो। यसबाट न कुनै कार्य सिद्ध हुन्छ त परमगति र कुनै सुख नै प्राप्त हुन्छ। (प्रमाण पवित्र गीता अध्याय १६ श्लोक २३

शङ्का प्रश्नः- यदि कसैका माता-पिता भोका छन्, उनीहरू देखिएर भनुन् हाम्रो इच्छा पूरा नगर्ने पुत्र नै होइनन् ।

शङ्का समाधानः- यदि कसैको बच्चा कुवामा खसेको छ । ऊ मलाई बच बुवा आउनु होस्, म मर्नै लागें भन्दै चिच्याउन थाल्यो भने त्यस अवस्थामा भावुक कुनै बुवा कुवामा फाल हालेर बच्चालाई बचाउन कोशिस गर्दछ भने त्यो मुर्ख नै हुने किनकि ऊ स्वयम् पनि डुबेर मर्ने छ । बच्चालाई पनि बचाउन सक्ने छैन । त अवस्थामा त उसले रस्सा (डोरी) को व्यवस्था गर्नु पर्छ । अनि त्यो डोरी इना खसाल्नु पर्छ । बच्चाले त्यो डोरी समातोस् र डोरीसँगै बच्चालाई तानेर बाहिर निका पर्छ । यसैगरी पूर्वजहरू शास्त्रविधि त्यागेर मनोमानी आचरण (पूजा) गरेर पितृ सकेका छन् । सन्तानलाई पनि पितृ बनाउनका लागि पुकार गरि रहेका छन् । त्य तत्वज्ञान बुझेर आफ्नो कल्याण गराउनु होस् तथा म दास (रामपाल दास) परमेश्वर कवीर बन्दी छोड जीले प्रदान गर्नु भएको त्यो विधि छ, जसले साधक कल्याण त गर्छ नै, तिनका पितृहरूको पनि पितृयोनी छुटेर मानव जन्म प्राप्त हुन्छ भक्ति युगमा जन्म भएर सत्य भक्ति गरी एक वा दुई जन्ममा पूर्ण मोक्ष प्राप्त छन् ।

विचार गरौं :- जस्तो उपरोक्त रुचि ऋषिको कथामा पितृहरु आफ्नो श्रा गरिएन भने पतन हुने छौं अर्थात् मृत्यु हुने छ भनेर डराएका छन् । उनीहरुल अत्यन्त कष्टमय पितृयोनी राम्रो लागि रहेको छ । त्यसलाई त्याग्न चाहि रहेका छैनन् यस प्रसङ्गसँग मिल्दोजुल्दो एउटा कथा छ :- एक समय एउटा ऋषिलाई आफ भविष्यको जन्मको ज्ञान भयो । उनले आफ्ना पुत्रहरूलाई भने– मेरो अर्को जन्म अमु व्यक्तिको घरमा एउटा सुङ्गुर्नीबाट हुने छ । मैले सुङ्गुरको जन्म पाउने छु । त्य सुङ्गुर्नीको गलामा गाँठो छ । यो त्यसको पहिचान हो । त्यसको पेटबाट मेरो जन हुने छ । मेरो पहिचानको रूपमा भने मेरो टाउकोमा गाँठो हुने छ, जुन परैबाट देखि छ । मेरा बच्चाहरू ! त्यस व्यक्तिसँग मलाई किन्नु र मलाई मारि दिनु मेरो गति ग दिनु । छोराछोरीले हुन्छ हामी त्यसै गर्छौं भने । ऋषिले फेरि आँखाभरि आँसु पारे भने– बच्चाहरू हो ! यो कार्य तिमीहरुले अवश्य गर्नु, यदि तिमीहरुले लालचव मलाई किनेनौ र मारेनौ भने मैले सुङ्गुरको योनीमा महाकष्ट भोग्नु पर्ने छ छोराछोरीले पूर्ण विश्वास दिलाए । त्यसपछि केही दिन पश्चात् त्यस ऋषिको देहान्त भयो । त्यही व्यक्तिको घरमा त्यही गलामा गाँठो भएको सुङ्गुर्नीबाट टाउकोमा गाँठ भएको बच्चा अन्य बच्चाहरुसँगै जन्म्यो । ती ऋषिका छोराहरुले त्यो सुङ्गुरको बच्च किने । अनि त्यसलाई मार्न लाग्दा त्यो बच्चा बोल्यो– छोराहरू ! मलाई नमार ! मेर जीवन नष्ट गरेर तिमीहरुलाई के प्राप्त हुन्छ ? तब ती ऋषिका पूर्व जन्मक छोराहरुले भने– पिता जी ! तपाईंले नै त भन्नु भएको थियो । तब त्यस सुङ्गुरको

बच्चा रूपमा ऋषि जीले भने– म हजुरहरूको अगाडि हात जोड्छु, मलाई नमार्नु होस्, मेरा भाइहरू (सुङ्गुर्नीका अन्य बच्चाहरू) सँग म घुलमिल भइ सकेको छु । मेरो ज्यान वक्श दिनु होस् । छोराहरूले त्यस सुङ्गुरको बच्चालाई छोडि दिए, मारेनन् । यसरी यो जीव जुनसुकै योनीमा उत्पन्न भए पनि त्यसलाई त्याग्न चाहँदैन । जबकि एकदिन सबैको शरीर जान्छ । त्यसैले भावुकतामा नबहकिएर विवेकले काम गर्नु पर्छ । यो दास (रामपाल दास) ले बताउने साधनाबाट "आम के आम और गुठलियो के दाम अर्थात् सर्प पनि मर्ने छ र लट्ठी पनि भाँचिने छैन । यही विष्णु पुराणमा तृतीय अंशको अध्याय १५ श्लोक ५५-५६ पृष्ठ २१३ मा लेखिएको छः- "(और्व ऋषिले सगर राजालाई भनि रहेका छन्)" हे राजन ! श्राद्ध गर्ने पुरुषबाट पितृगण, विश्वदेवगण आदि सबै सन्तुष्ट हुन्छन् । हे भूपाल ! पितृगणको आधार चन्द्रमा हुन् र चन्द्रमाको आधार योग (शास्त्रानुकूल भक्ति) हो । त्यसैले श्राद्धमा योगीजन (तत्वज्ञान अनुसार शास्त्रविधि अनुसारका साधकगण) लाई अवश्य बोलाउनु, यदि श्राद्धमा एक हजार ब्राह्मणले भोजन गरि रहेका छन् र तिनका सामुन्नेमा एउटा योगी (शास्त्रानुकूल साधक) मात्र छ भने उनले ती एकहजार ब्राह्मणहरूको पनि उद्दार गरि दिन्छन् तथा यजमानको पनि उद्दार गरि दिन्छन् । **(पितृहरूको उद्दारको अर्थ पितृहरूको योनी छुटेर मानव शरीर प्राप्त हुने छ हो । यजमान तथा ब्राह्मणहरूको उद्दारको तात्पर्य उनीहरूलाई सत्य साधनाको उपदेश दिएर मोक्षको अधिकारी बनाउने छन् भन्ने हो।)**

योगीको परिभाषा :- गीता अध्याय २ श्लोक ५३ मा भनेका छन्– हे अर्जुन् । जतिखेर तिम्रो बुद्धि भिन्न-भिन्न प्रकारका भ्रमित तुल्याउने ज्ञानबाट हटेर (विमुख भएर) एक तत्वज्ञानमा स्थिर हुने छ तब तिमी योगी बन्ने छौ अर्थात् भक्त बन्ने छौ । (योग प्राप्त हुने छौ ।) भावार्थ :- तत्वज्ञानको आधारमा साधना गर्ने साधक नै मोक्षको अधिकारी बन्दछ । उसैमा नाम साधना (भक्ति) को धन हुन्छ । ऊ नै राम नामको कमाइको धनी हुन्छ ।

त्यसैले यो दास (रामपाल दास) ले तपाईंलाई योगी (सत्य साधक) हुने शास्त्रानुकूल साधना प्रदान गर्ने छ । तपाईंको कल्याण तथा तपाईंका पितृहरूको पनि कल्याण हुने छ । जस्तो विष्णु पुराणको तृतीय अंश अध्याय १५ श्लोक १३ देखि १७ पृष्ठ २१० मा लेखिएको छ– देवताहरूका निम्ति श्राद्ध (पूजा) मा अयुग्म सङ्ख्या (३, ५, ७, ९ को सङ्ख्या) मा ब्राह्मणहरूलाई एकैसाथ भोजन गराउनु तथा उनीहरूलाई पूर्वतिर मुख पारेर बसाई भोजन गराउनु तथा पितृहरूका लागि श्राद्ध (पूजा) पूजा गर्ने समयमा युग्म सङ्ख्या (२, ४, ६, ८ को सङ्ख्या) मा उत्तरतर्फ मुख पारेर बसाउनु तथा भोजन गराउनु । यहाँ विचारणीय कुरा के छ भने यही विष्णु पुराणको यसै तृतीय अंशको अध्याय १५ श्लोक ५५-५६ पृष्ठ २१३ मा एउटा योगी (शास्त्रानुकूल सत्य साधक) एक्लैले नै पितृहरू एक हजार ब्राह्मणहरू तथा यजमान सहित सबैको उद्दार गरि दिने छन् भनेर लेखिएको छ । हामीले किन एउटा योगीको खोजी नगर्ने ? जसबाट सम्पूर्ण लाभ प्राप्त हुने छ । कबीर परमेश्वर जी भन्नु हुन्छ :-

एकै साधे सब सधै, सब साधै सब जाय । माली सीचे मूल को, फलै फूलै अघाय ॥

यो दास (रामपाल दास) पनि धार्मिक अनुष्ठान (श्रद्धापूर्वक पूजा) गर्दछ गराउँदछ । जसकारण साधक पितृ, भूत आदि बन्दैन बरू पूर्ण मोक्ष प्राप्त गर्दछ त जुन पूर्वजले गलत साधना (शास्त्रविधि त्यागेर मनोमानी आचरण अर्थात् पूजा) ग पितृ, भूत आदि बनेका छन्, तिनले पनि छुटकारा पाउँछन् । यही प्रमाण यही वि पुराण पृष्ठ २०९ मा यही तृतीय अंशको अध्याय १४ श्लोक २० देखि ३१ मा प जोसँग श्राद्ध गर्ने धन छैन उसले यसो भन्नु भनी लेखिएको छ– "हे पितृगणहरू हजुरहरूले मेरो भक्तिबाट तृप्त लाभ प्राप्त गर्नु होस् किनकि मसँग श्राद्ध गर्नका ला धन छैन ।" कृपया पाठकगण विचार गर्नु होस्:- जब भक्ति (मन्त्र जपको कमाइ) पितृ तृप्त हुन्छन् भने फेरि अन्य कर्मकाण्डको के आवश्यकता छ ? यो सारा प्रप ज्ञानहीन गुरुहरूले आफ्नो पेट पाल्नका लागि मात्र गरेका हुन् किनकि गीता अध्याय श्लोक ३३ मा पनि द्रव्य (धनद्वारा गरिएको) यज्ञ (धार्मिक अनुष्ठान) भन्दा ज्ञान य (तत्वज्ञानको आधारमा नाम जप साधना) श्रेष्ठ हो भनी लेखिएको छ ।

एउटा अर्को विशेष विचारणीय विषय :- विष्णु पुराणमा पितृ एवं देव पुज आदेश एउटा ऋषिको हो तथा वेदहरू र गीता जीमा पितृहरू तथा देवताहरूको पूज निषेध छ, र यो आदेश ब्रह्म (काल रूपी ब्रह्म) भगवानको हो । यदि पुराण अनुसा साधना गरिन्छ भने त्यो प्रभुको आदेशको अवहेलना हुन्छ । जसकारणले साधक दण्डक भागी हुन्छ ।

श्राद्ध गर्ने श्रेष्ठ विधि

श्री विष्णु पुराणको तेस्रो अंशमा अध्याय १५ श्लोक ५५-५६ पृष्ठ १५३ म लेखिएको छ– श्राद्धको भोजमा यदि एउटा योगी अर्थात् शास्त्रोक्त साधकलाई भोज गराइयो भने श्राद्ध भोजमा आएका हजार ब्राह्मणहरू तथा यजमानका पूरा परिवा सहित सारा पितृहरूको उद्धार गरि दिन्छन् ।

विवेचन :- मेरो (लेखकको) तत्वज्ञान सुनेर-बुझेर भक्तले दीक्षा लिई साधन गर्दछन् । यी योगी अर्थात् शास्त्रोक्त साधक हुन् । हामी सत्सङ्ग समागम गर्छौ त्यसमा भोजन-भण्डारा पनि चलाउँछौं । जुन व्यक्तिले त्यस भोजन-भण्डारामा दा गर्दछ, त्यसबाट बनेको भोजन योगी अर्थात् मेरा शिष्य तथा यो दास (लेखक) सबै खान्छन् । यो दास (लेखक) ले सत्सङ्ग सुनाएर नयाँ व्यक्तिहरूलाई यथार्थ भक्ति ज्ञान बताउँछ । शास्त्रहरूको प्रमाण प्रोजेक्टरमा देखाउँछ । जसकारणले श्रोताले शास्त्रविरूद्धको साधना त्यागेर शास्त्रसम्मत साधना गर्दछन् । यसरी त्यस परिवारक उद्धार भयो । उसले दिएको दानबाट बनेको भोजन भक्तहरूले खाए । यसबाट पितृक उद्धार भयो । पितृ जुनी छुटेर अन्य जन्म प्राप्त हुन्छ । सत्सङ्गमा यदि हजा ब्राह्मणहरू उपस्थित छन् भने तिनीहरूले पनि सत्सङ्ग सुनेर शास्त्रविरुद्ध साधन त्यागेर आफ्नो कल्याण गराउने छन् । जस्तो तपाईंले पहिले नै पढि सक्नु भयो– कबी जीले गंगाको तटमा ब्राह्मणहरूलाई ज्ञान दिएर तिनका शास्त्रविरुद्धको साधनालाई गलत सिद्ध गरी सत्य साधनाको लागि प्रेरित गर्नु भयो । ती ब्राह्मणहरूले सतगुरु

कबीर जीबाट दीक्षा लिएर आफ्नो कल्याण गराए । शास्त्रहरूको विरूद्ध रहेका अन्य साधना त्यागि दिए । सुखी भए ।

दासको प्रार्थना छ :- वर्तमानमा मानव समाज शिक्षित छ । शिक्षित मानव समाजले अवश्य ध्यान दिनु होस् तथा शास्त्रविधि अनुसार साधना गरेर पूर्ण परमात्माको सनातन परमधाम (शाश्वतम् स्थानम्) अर्थात् सतलोक प्राप्त गर्नु होस्, जसबाट पूर्ण मोक्ष तथा परम शान्ति प्राप्त हुने छ । (गीता अध्याय १५ श्लोक ४ तथा अध्याय १८ श्लोक ६२ मा जसलाई प्राप्त गर्न भनिएको छ ।) यसका लागि तत्वदर्शी सन्तको खोजी गर । (गीता अध्याय ४ श्लोक ३४)

एक श्रद्धालुले भन्यो– म हजुरबाट उपदेश लिएर हजुरले बताउनु भएको साधना पनि गर्छु तथा श्राद्ध पनि गर्छु र आफ्ना घरेलु देवी-देवताहरूको पनि देखावटी रूपमा पूजा गरि रहन्छु । यसमा के दोष छ ?

म दासको प्रार्थना :- संविधानको कुनै पनि धाराको उल्लङ्घन गर्दा सजाय अवश्य पाइने छ । त्यसैले पवित्र गीता जी तथा पवित्र चारै वेदहरूमा वर्णित एवं वर्जित विधि विपरीत साधना गर्नु व्यर्थ छ । (प्रमाण : पवित्र गीता जी अध्याय १६ श्लोक २३-२४) यदि कसैले कारको पंचर भएको पाङ्ग्रालाई बाहिरी वा देखावटी रूपमा टालि दिन्छु भन्छ भने राम नामको गाडीमा पंचर टाल्नु मनाही छ । ठीक यसैगरी शास्त्रविरूद्ध साधना हानिकारक छ ।

एउटा श्रद्धालुले भने– म अरू कुनै विकार (मदिरा, मासु आदिको सेवन) गर्दिनँ । केवल तमाखु (बिंडी, सिगरेट, हुक्का आदि) सेवन गर्छु । हजुरले बताउनु भएको पूजा तथा ज्ञान अति उत्तम छ । मैले गुरू जी पनि बनाएको छु, तर यो ज्ञान आजसम्म कुनै सन्तसँग छैन । म २५ वर्षदेखि डुल्दै आइ रहेको छु तथा तीनवटा गुरूदेव फेरि सकेको छु । कृपया मलाई तमाखु सेवनको छुट दिनु होस्, बाकी सारा शर्तहरू स्वीकार छ । तमाखुले भक्तिमा के बाधा हुन्छ र ?

लेखकको प्रार्थना :- दासले प्रार्थना गऱ्यो– हाम्रो शरीरलाई अक्सिजनको आवश्यकता पर्दछ । तमाखुको धुवाँ कार्बन डाइअक्साईड हो । यसले फोक्सोलाई कमजोर एवं रगतलाई दुषित बनाउँछ । मानव शरीर प्रभु प्राप्ति तथा आत्मकल्याणका लागि मात्र प्राप्त भएको हो । शरीरमा परमात्मा प्राप्त गर्ने मार्ग सुष्मणा नाडीबाट प्रारम्भ हुन्छ नाकका दुबै प्वाल मध्ये दायाँपट्टीको ईडा र बायाँपट्टीको छिद्रलाई पिंगुला भनिन्छ । यी दुई छिद्रको बिचमा सुष्मणा नाडी हुन्छ, जसमा एउटा सानो सियो (Needle) धागो छिराउने प्वाल समानको द्वार हुन्छ, जुन तमाखूको धुवाँले बन्द हुन्छ । जसकारण प्रभु प्राप्तिको मार्गमा अवरोध हुन्छ । यदि प्रभु प्राप्त हुने मार्ग नै बन्द भयो भने मानव शरीर व्यर्थ हुन्छ । त्यसैले प्रभु भक्ति गर्ने साधकका लागि प्रत्येक नशालु तथा अखाद्य (मासु आदि) पदार्थहरूको सेवन निषेध छ ।

एक श्रद्धालुले भने– म तमाखु सेवन गर्दिनँ । मासु र मदिरा सेवन गर्दछु । यसबाट भक्तिमा के बाधा हुन्छ ? यो त खान-पिनका लागि नै बनाइएको हो तथा बोट-बिरूवाहरूमा पनि त जीव छन्, त्यो खाना पनि त मासु भक्षण तुल्य नै हो ।

दासको प्रार्थना :- यदि कसैले हाम्रा माता-पिता, दाजु-भाइ, दिदी-बहिनी तथा बच्चाहरू आदिलाई मारेर खायो भने कस्तो लाग्छ ?

जैसा दर्द आपने होवै, वैसा जान बिराने ।
कहै कबीर वे जाऐं नरक में, जो काटें शिश खुरांनें ।।

जुन व्यक्तिले पशुलाई मार्दा खुर र शिर निर्दयी पूर्वक काटेर मासु खान्छ, ती नर्कका भागी हुन्छन् । आफ्ना बच्चाहरू तथा आफन्तहरूको हत्या हुँदा जस्तो दुःख हुन्छ, त्यस्तै दुःख अरूको हत्या हुँदा हुनु पर्छ । रह्यो कुरा बोट-बिरूवा खाने आदेश त प्रभुको हो तथा ती जड जुनीका हुन् । अन्य चेतनशील प्राणीहरूको बध प्रभुको आदेश विपरीत छ, त्यसैले अपराध (पाप) हो ।

मदिरा सेवन गर्नु पनि प्रभुको आदेश छैन, स्पष्ट रूपमा निषेध छ तथा यसले मानव जीवन बर्बाद पार्दछ । रक्सी पिएको व्यक्तिले कुनै पनि गल्ती गर्न सक्छ । मदिरापान धन, तन, पारिवारिक शान्ति तथा सामाजिक सभ्यताको महाशत्रु हो । प्यारा बालबालिकाहरूको भावि चरित्रमा कुप्रभाव पर्दछ । मदिरापान गर्ने व्यक्ति जतिसुकै असल भएपनि उसको न कुनै इज्जत रहन्छ, न त विश्वास नै रहन्छ ।

एक समय यो दास एउटा गाउँमा सत्सङ्ग गर्न गएको थियो । त्यस दिन नशा निषेध विषयमा सत्सङ्ग थियो । सत्सङ्ग पश्चात् एउटी एघार वर्षकी बच्ची डाँको छोडेर रून थालिन् र रूनुको कारण सोधेपछि उनले भनिन्— महाराज जी । मेरा पिता जी पालम हवाइ अड्डामा राम्रो पदमा जागिर खानु हुन्छ तर सारा पैसा रक्सी पिउन खर्च गर्नु हुन्छ मेरी आमाले रक्सी नपिउनुस भन्दा शरीरभरि निलडाम हुने गरी पिट्नु हुन्छ । एक दिन मेरा बुबाले आमालाई पिट्न थाल्नु भयो । मैले आमामाथि सुतेर बचाउन खोज्दा मलाई पनि पिट्नु भयो । मेरो ओठ सुन्नियो । निको हुन दस दिन लाग्यो । हाम्री आमा हामीलाई छोडेर मामाघर जानु भयो । ६ महिनापछि हाम्री हजुरआमाले गएर आमालाई ल्याउनु भयो । तबसम्म हामी हजुरआमासँग नै बस्यौं । बुबाले औषधि पनि ल्याइ दिनु भएन । विहान चाँडै उठेर जागिरमा जानु हुन्थ्यो । साँझ रक्सी पिएर आउनु हुन्थ्यो । हामी तीन दिदीबहिनी छौं । हिजोआज बुबा साँझ घरमा आउँदा हामी तीनै दिदी बहिनीहरू खाट मुनि लुक्छौं ।

विचार गरौं :- पुण्य आत्माहरू ! जुन बच्चाहरूलाई पिता जीले छातिमा टाँसेर माया गर्नु पर्ने थियो । बच्चाहरू बुबा घर आउनु हुने छ र खाने कुरा ल्याउनु हुने छ भनेर बाटो हेरेर बस्छन् । आज यस मानव समाजको दुश्मन रक्सीले कसरी घर नष्ट पारेको छ ? रक्स्याहा व्यक्तिले आफ्नो त हानी तुल्याएको छ नै, साथै थुप्रै व्यक्तिहरूको आत्मालाई दुःखित तुल्याउने पाप पनि आफ्नो शिरमा बोक्दछ । जस्तो :- पत्नीको दुःखमा उनका माता-पिता, दाजु-भाइ, दिदी-बहिनी, हजुरबुबा-हजुरआमा आदि दुःखित हुन्छन् । एउटा रक्स्याहा व्यक्ति छरछिमेकका भद्र मानिसहरूको अशान्तिको कारण बन्दछ किनकि उसले घरमा झगडा गर्छ, पत्नी तथा छोराछोरीहरू रून कराउन थाल्छन् । तिनको रूवाइ सुनेर छिमेकीहरू आएर जोगाउन खोज्दा रक्स्याहा व्यक्तिले उल्टै झगडा गर्छ । यदि त्यसो गरेनन् भने ती भद्र व्यक्तिहरू सुत्न सक्दैनन् । यस

दासबाट उपदेश लिएपछि सधैं रक्सी पिउने लगभग एक लाख व्यक्तिहरूले सारा नशालु पदार्थ तथा मासु भक्षण पूर्ण रूपमा त्यागेका छन् तथा जुन समयमा साँझ रक्सी प्रेतको नृत्य हुन्थ्यो अब ती पुण्यात्माहरू आफ्ना बच्चाहरूसँग बसेर सन्ध्या आरति गर्दछन् । हरियाणा प्रदेश तथा निकटवर्ती प्रान्तहरूमा लगभग १० हजार गाउँहरू तथा शहरहरू प्रत्येकमा आज पनि ४-५ जना च्याम्पियन (एक नम्बरका रक्स्याहा) का उदाहरण छन् । जो सारा विकाररहित भएर आफ्नो मानव जीवन सफल तुल्याइ रहेका छन् । केही मानिसहरू भन्छन्– हामी त त्यत्ति साह्है खाने-पिउने गर्दैनौं कहिले काहीं मात्र खाने-पिउने हो । विष त थोरै भए पनि खराब नै हो, जुन भक्ति तथा मुक्तिको लागि बाधक हो ।

मानौ :- ३ कि. ग्रा. घिउको हलुवा बनाइयो (सतभक्ति गरियो) अनि त्यसमा २५० ग्राम बालुवा (सुर्ति, मासु, मदिरा सेवन तथा अह (आन) उपासना गर्नु) पनि हालियो भने त्यो त गरे गराएको सबै व्यर्थ भयो । त्यसैले पूर्ण परमात्मा (परम अक्षरब्रह्म) को पूजा पूर्ण सन्तबाट प्राप्त गरेर आजीवन मर्यादामा रहेर गर्नाले मात्र पूर्ण मोक्ष लाभ हुन्छ

❑ उपरोक्त प्रमाणहरू पढेर बुद्धिजीवी समाजले विचार गर्नु होस् र अन्ध श्रद्धा भक्ति त्यागेर सत्य श्रद्धा गरेर जीवन धन्य तुल्याउनु होस् ।

दास (लेखक) को परमार्थी प्रयत्नलाई आलोचना नसम्झनु होस् । मेरो उद्देश्य तपाईंहरूलाई शास्त्रोक्त भक्ति साधना बताएर तपाईंहरूमाथि भविष्यमा आउने पर्वत समान कष्ट (चौरासी लाख प्रकारका प्राणीहरूको शरीरमा कष्ट भोग्ने तथा नर्क जानु) बाट बचाउनु हो । मेरो अनुयायीहरू यस तत्वज्ञानसँग परिचित छन् । तिनीहरूले पनि मैले लेखेका पुस्तकहरू तपाईंहरू समक्ष पुऱ्याएर तपाईंहरूको भविष्य सुखी बनाउने ध्येयले वितरण गर्दछन् । तर केही धर्मान्ध व्यक्तिहरू आफ्नो स्वार्थवश तपाईं र परमेश्वरको बीचमा पर्खाल बनेर उभिएका छन् । मलाई तथा मेरा अनुयायीहरूलाई झुटो आरोप लगाएर बदनाम गर्दछन् । तपाईंहरू आफैले प्रत्यक्ष रूपमा प्रमाण हेर्नु होस् र सत्यको मार्ग समात्नु होस् । हाम्रो उद्देश्य संसारका मानिसहरूलाई खराब लत तथा कुरीतिहरूबाट टाढा राखेर सुखी देख्न चाहनु हो । हामी आफ्नो प्रयत्न जारी राख्छौं । तपाईंले कहिले बुझ्नु हुने छ ? त्यो पर्खि रहने छौं ।

"पीपल, जांडी तथा तुलसीको पूजा

वाणी सँख्या ४ :- पीपल पूजै जाँडी पूजे, सिर तुलसाँ के होइयाँ ।
दूध-पूत में खैर राखियो, न्यूं पूजूं सूं तोहियाँ ॥४॥

शब्दार्थ :- परमेश्वर कवीर जीले अन्ध श्रद्धा भक्ति गर्नेहरूका अन्य साधनाहरूको वर्णन गर्नु भएको छ । सोझा साझा जनतालाई ज्ञानहीन आध्यात्मिक गुरुहरूले कत्तिको निम्न स्तरको साधनामा लगाएर उनीहरूको जीवनसँग कति ठुलो धोका गरेका छन् भन्ने वर्णन गर्नु भएको छ । अज्ञानी गुरुहरूबाट भ्रमित भएर पीपल एवं जांडी (पवित्र रूख) को वृक्ष तथा तुलसीको बोटको पूजा गर्दछन् र प्रार्थना गर्दछन्– मेरो दूध अर्थात् दूधालु पशुहरूको तथा पूत अर्थात् मेरा छोराछोरी तथा नाति नातिनाहरूको रक्षा गर्नु अर्थात् पशुले पूरा समय दूध देओस् । मृत्यु नहोस् अर्थात् छोराछोरीहरू, नाति-नातिनाहरू तथा पनाति-पनातिनीहरूको मृत्यु नहोस् । तपाईं (पिपल, जांडी तथा

तुलसीको बिरूवा) ले रक्षा गर्नु होस् । यी सब कुराका लागि तपाईंहरूको पूजा गर्दछौं ।

परमेश्वर कवीर जीले सम्झाउनु भयो– हे अन्धा पूजारीहरू । केही त विवेकले काम लेऊ । जुन जड (जुन हिँडडुल गर्न सक्दैन, तिनलाई पशुले हानी पुऱ्याउँछ । ती आफ्नो रक्षा गर्न सक्दैनन् । तुलसीलाई बाखाले खाइ दिन्छ । त्यसले आफ्नो रक्षा गर्न सक्दैन ।) वृक्ष र बोटको पूजा गरेर घर-परिवारमा तपाईं धन वृद्धि तथा जीवनको रक्षाको आशा राख्नु हुन्छ, ती स्वयम् विवश छन । तपाईंको रक्षा कसरी गर्छ ? यो तपाईंको अन्ध श्रद्धा हो, जुन तपाईंको अनमोल मानव जीवनका लागि खतरा (जोखिमपूर्ण) छ । अर्थात् तपाईंको मानव जीवन शास्त्र वर्णित साधना त्यागेर शास्त्र विरूद्ध साधना रूपी मनोमानी आचरण गर्नाले नष्ट हुने छ । वाणी सङ्ख्या ४ मा एउटा वाक्य छ– पीपल पूजै, जांडी पुजे, सिर तुलसां के होइयां ।

सिर होना" को तात्पर्यः- केही गर्न नसक्ने व्यक्तिसँग अज्ञानताका कारण आफ्नो कार्यका लागि बारम्बार निवदेन गर्नु । अनि त्यस व्यक्तिले त्यो सोझा साझा मानिसलाई भन्छ– किन बारम्बार मेरो पछि लागि रहेका छौ ? म तपाईंको यो कार्य गर्न सक्दिनँ। परमेश्वर कवीर जीले सम्झाउनु भएको छ– जो तपाईंको कार्य गर्न सक्षम छैन, जुन काम परमात्मा बाहेक कसैले गर्न सक्दैन र जो स्वयम् असहाय छ, तिनबाट तिमी कार्य सिद्धिको आशा राख्दछौ भने यो अज्ञानता हो ।

वाणी सँख्या ५:- आपै लीपै आपै पोतै, आपै बनावै अहोइयाँ ।

उससे भौंदू पोते माँगै, अकल मूल से खोईयाँ ।।५।।

शब्दार्थः- परमेश्वर कवीर जीले आन-उपासना (अहं पूजा) को एउटा अर्को अन्ध श्रद्धाको स्पष्टीकरण दिनु भएको छ– एउटी सोझी वृद्धाले लोकवेद अनुसार आन-उपासना गर्दै स्वयम्ले नै अहोई नामक माता (देवी) को चित्र बनाउँछिन् । त्यसका लागि पहिले भित्ता माटो तथा गाईको गोबर मिसाएर लिप्छिन् । (पोत्छिन्) त्यसमा अहोई देवीको चित्र अंकित गर्छिन् । अनि त्यस चित्रको पूजा गरेर बुहारीका लागि छोरा माग्छिन् । परमात्मा कवीर जी भन्नु हुन्छ– यस्तो अन्धश्रद्धा भक्ति गर्नेहरूको अक्कल (बुद्धि) मूलदेखि अर्थात् जरादेखि नै समाप्त छ । ती निपट मूर्ख हुन् । मनोकामना माग्दा वृद्धा भन्छिन्– हे अहोई देवी । हजुरले मेरी बुहारीलाई छोरा दिनु होस्, गाईलाई बाच्छा दिनु होस् (पहिलेको समयमा गाईले बाच्छा ब्याउनु लाभदायक मानिन्थ्यो किनकि बाच्छा गोरू बन्थ्यो । गोरूद्वारा खेती गरिन्थ्यो ।) भैंसीलाई चाहे पाडी नै दिनु होस् । वृद्धा कत्ति चतुर छिन् । यहाँ उसले भन्न खोजेको कुरा वा भाव के हो भने उनै देवीलाई नर अर्थात् बाच्छा र छोरा मागेर आजित तुल्याउन चाहान्न । भैंसीलाई त भलै मादा (पाडी) दिनु होला र उनलाई पाडामन्दा पाडी कत्ति लाभदायक छ भन्ने थाहा छ। पाडा काट्नका लागि कसाईलाई बेच्थे, त्यो उपयोगमा आउँदैनथ्यो । वृद्धा देवीसँग पनि कत्तिको चतुरता गरि रहेकी छिन् । आफ्नो देवतासँग पनि हेराफेरि अर्थात् फेर-बदलको कुरा गरि रहेकी छिन् । उपरोक्त पुज्य बनावटी देवी तथा बोट-बिरूवासँग मनोकामना माग्दाखेरि दक्षिणाको रूपमा सवा रूपियाँ (एक रूपियाँ र चार आना) आफ्नो

पछ्यौराको कुनामा बाँधेर भन्छिन्– यदि मेरो मनोकामना पूरा भयो भने सवा रूपियाँको प्रसाद बाँड्ने छु । यो दक्षिणा पनि सारा मनोकामना पूरा भएपछि दिन्छु । यदि एउटा पनि मनोकामना पूरा भएन भने कुनै दक्षिणा दिइन्न ।

"परमात्मासँग धोका"

कबीर जी भन्नु हुन्छ :

अहरण की चोरी करें, करें सूई का दान ।
स्वर्ग जान की आस में, कह आया नहीं विमान ॥

शब्दार्थ:- परमात्मा कबीर जीले कन्जुस व्यक्तिको नियत बताउनु भएको छ– दुई नम्बर कार्य गरेर अर्थात् चोरी घुस लिएर, फेर-बदल गरेर, मिलावट गरेर करोडौंको धन प्राप्त गर्दछ र दान गर्छ सवा रूपियाँ । जस्तो अहरण (अहरण लुहार कारिगरसँग हुन्छ, यो फलामको भार ३०-४० कि. ग्रा हुन्छ) जति चोरी गर्छ र दान केवल सियो जत्ति फलामको मूल्य । त्यही धर्म-कर्मलाई मूर्खले यत्ति ज्यादा मान्दछ कि मानौं परमात्माले मलाई स्वर्ग लैजानका लागि विमान पठाउने छन् । मनोकामना पूरा नभएपछि त्यस कन्जुसले विचार गर्छ- परमात्माले विमान पठाउन किन ढिलो गर्नु भएको छ ?

परमेश्वर कवीर जी ले धर्मका यस्ता कार्यहरूको लागि भन्नु भएको छ :-

कबीर, जिन हर जैसा सुमरिया, ताको तैसा लाभ ।
ओसां प्यास ना भागही, जब तक धसै नहीं आब ॥

शब्दार्थ :- परमेश्वर कवीर जीले स्पष्ट पार्नु भएको छ– जुन साधकले जस्तो भक्ति तथा दान-धर्म गर्दछ, उसले त्यसै अनुसार लाभ प्राप्त गर्दछ । पूर्ण लाभका लागि धर्म-कर्म पनि पूर्ण गर्नु पर्छ र पूर्ण लाभ प्राप्त हुन्छ । जस्तो घाँसमा झरेको शित चाट्नाले प्यास मेटिंदैन । प्यास मेटाउनका लागि ग्लास भरेर पानी पिउनु पर्छ । यसै गरी परमात्माबाट पूर्ण लाम लिनका लागि दान-धर्म पनि पर्याप्त गर्नु पर्छ ।

उदाहरण :- एउटा कन्जुस व्यक्तिको दूधालु भैंसी हरायो । भैंसी खोज्न बाबु, छोरा हिंडे । बाटोमा सर्वप्रथम हनुमान जीको मन्दिर आयो । बुबाले मन्दिर अगाडि गएर सङ्कल्प गरे– हे बजरङ्ग वली हजुरले त सात समुद्रपारि सीता मातालाई खोज्नु भएको थियो । हजुरका लागि हाम्रो भैंसी खोज्नु के कठीन कार्य हो र ? यदि मेरो भैंसी भेटियो भने हे अन्जनाका लाल ! भैंसीले दूध दिउन्जेलसम्म एउटा थुनको दूध हजुरलाई चढाइ रहन्छु । कृपया ध्यान दिनु होस्, शीघ्र गर्नु होस् । यो संकल्प छोराले पनि सुनि रहेको थियो ।

❖ त्यसपछि अझ अगाडि बाटोमा शिव जीको मन्दिर थियो । त्यहाँ पनि उसले भैंसी भेटियो भने एउटा थुनको दूध शिव जीलाई चढाउने प्रतिज्ञा गऱ्यो ।

❖ त्यस भन्दा अगाडि जाँदा श्री कृष्ण जीको मन्दिर आयो । त्यहाँ पनि उसले एक थुनको दूध संकल्प गऱ्यो ।

❖ यसपछि बाटोमा गणेश जीको मन्दिर अयो । त्यहाँ पनि पहिले जसरी नै एउट थुनको दूध चढाउने संकल्प गरेर पिता-पुत्र अगाडि बढेपछि छोराले बुबासँग सोध्यो- पिता जी ! भैंसीले दूध दिउन्जेल चारै थुनको दूध अर्थात् भैंसीको सबै दूध देवताहरूले पिउने छन् भने फेरि हामीले भैंसीको खोजी केका लागि गर्नु ? फर्कौं घर फेस-बदलको मास्टर कन्जुस पिताले भन्यो– छोरा । एक पटक भैंसी भेटिन त देऊ, य देवताहरूको जिब्रोले थाहा पाउने छ, त्यस्तो दूध यिनीहरूलाई पियाउने छु । छोराले मैले त केही बुझिन भन्यो । पिताले भन्यो– भैंसी भेटेपछि दुई ग्लास दूधमा दुई ग्लास पानी मिसाएर एक दिन एक-एक ग्लास चारै देवताहरूलाई चढाएर भन्छु– देवता जी हजुरलाई धन्यवाद हजुरले भैंसी भेटाइ दिनु भयो । तर म पनि बालबच्चा भएको व्यक्ति हुँ । मैले हजुरको पूजामा यत्ति नै दूध पुऱ्याउन सकें अर्थात् मेरो आर्थिक अवस्था यत्ति मात्र दूध चढाउन सक्ने छ । यसपछि दूध चढाउन सक्दिन । माफ गर्नु होला । हजुर त सबैलाई दूध पियाउने हुनु हुन्छ । हजुरलाई दूधको के आवश्यकता छ ? भैंसी भेटियो र त्यस्तै पूजा गरियो ।

❖ परमात्मा कवीर जी भन्न चाहनु हुन्छ– तत्वज्ञान नभएकोले भक्तको नियत सफा हुन सक्दैन, जसकारणले उसले सांसारिक क्षेत्रमा त फेर-बदल गर्छ नै परमात्मालाई पनि छोड्दैन । यो शास्त्र विरूद्धको अन्ध भक्ति हो, जसमा कुनै लाभ हुने वाला छैन । जसबाट जीवको मानसिकताको विकास हुन सक्दैन ।

"सोह्र शुक्रबारको व्रत गर्नु"

वाणी सँख्या ६ :- पति शराबी घर पर नित ही, करत बहुत लडईयाँ ।
पत्नी षोडष शुक्र व्रत करत है, देहि नित तुडईयाँ ॥६॥

शब्दार्थ - परमेश्वर कवीर जीले तत्वज्ञानहीन उपासकहरूको अन्ध श्रद्धाभक्ति माथि प्रकाश पार्नु भएको छ । उहाँ भन्नु हुन्छ– जसले विना विवेक साधना गर्दछ, त्यो व्यर्थ हो ।

उदाहरण :- एउटी केटीको पति रक्सी पिउँथ्यो । अन्य नशा सेवन पनि गर्थ्यो कुनै काम धन्दा गर्दैनथ्यो । खेतबारी पनि उनै केटीले सम्हाल्थी । रक्सी पिउन मनाही गर्दा त्यस्त रक्स्याहाले पत्नीलाई कुटपिट गर्थ्यो । घर नर्क बनेको थियो । त्यस केटीका मातापिता, दाजुभाउजु सबैले म दास (लेखक) बाट दीक्षा लिएका थिए । ज्ञान पनि राम्ररी बुझेका थिए । उनीहरू आफ्ना छोरीको दुर्दशाबाट चिन्तित थिए । एक दिन उनीहरूले आफ्नी छोरीलाई सम्झाएर दीक्षा लिन आश्रममा म कहाँ ल्याए । त्यस केटीलाई कुनै आन-उपासना, मूर्ति पूजा, व्रत आदि गर्नु हुन्न भन्ने कुरा बताइयो । केटीले भनिन्– मैले घरमा शान्ति होस भनेर सोह्र शुक्रबारको व्रत गर्ने प्रतिज्ञा गरेको छु । अहिले मैले आधा मात्र गरेको छु । यो पूरा गरेर दीक्षा लिन्छु ।

त्यस केटीलाई राम्ररी सम्झाएपछि शास्त्र विरूद्धको साधना त्याग्न तयार भइन् र दीक्षा लिएर सुखी भइन् । पतिले पनि रक्सी छोड्यो । पूरा परिवार दीक्षा लिएर शास्त्रविधि अनुसार साधना गरि रहेका छन् ।

विचार :- अन्ध श्रद्धा भक्तिगर्नेहरूलाई आफूले गरि रहेको साधनाबाट लाभ हुन्छ या हानी भन्ने कुरा बुझ्ने विवेक पनि छैन ।

ज्ञानहीन गुरुहरूले सोह्र शुक्रबारको व्रतहरूबाट के लाभ हुन्छ भनेका छन् भनी त्यस छोरीसँग सोध्यौं । उत्तरमा त्यस छोरीले भनिन्– एउटी महिलाको पति रोजगारका लागि दूर देश गयो । ऊ वर्षौंसम्म आएन । त्यस स्त्रीलाई चिन्ताले सताउन थाल्यो । एक दिन उसले देवी सन्तोषी माता देखिन् । सन्तोषी माताले सोह्र शुक्रबार लगातार मेरो व्रत गर तिम्रा पति घर आउने छन् भनिन् । यस्तै भयो ।

अनि उसलाई सम्झाइयो– छोरी विचार गर ! तिम्रो पति त तिमीसँगै छन् । हरेक दिन झगडा गर्छन् । तिम्रो शरीर भाँच्दछन् अर्थात् कुट-पिट गर्छन् । तिमी यो व्रत केका लागि गरि रहेकी छौ ? तिमीले त यस्तो व्रत गर्नु पर्ने थियो, जसको कारणले तिम्रा पति कैयौं दिनसम्म घर नआऊन् र तिमीमाथि कुट-पिट नहोस् । तिमी त आफैलाई आपत आइ पर्ने व्रत गरि रहेकी थियौं ।

व्रत गर्नु गीता अध्याय ६ श्लोक १६ मा निषेध गरिएको छ । त्यस श्लोकमा भनिएको छ– जसले बिल्कुलै अन्न खादैन अर्थात् व्रत गर्दछ, उसको योग अर्थात् भक्ति कर्म कहिल्यै सफल हुँदैन । उनले भनिन् मेरी साथी एकजना गुरू जी कहाँ जान्छिन् । उसैले मलाई भनेकी थिइन् । अनि म पनि व्रत गर्न थालें । मलाई त आज मात्र थाहा भयो कि म त व्यर्थको भक्ति गरि रहेको थिएँ ।

सूक्ष्मवेदमा कबीर परमेश्वर जीले भन्नु भएको छ :-

गुरुवाँ गाम बिगाड़े संतो, गुरुवाँ गाम बिगाड़े ।
ऐसे कर्म जीव कै ला दिए, बहुर झड़ै नहीं झाड़े ॥

शब्दार्थः- परमेश्वर कवीर जीले सम्झाउनु भएको छ– तत्वज्ञानहीन गुरुहरूले गाउँको गाउँलाई शास्त्र विरुद्ध साधनामा लगाएर उनीहरूको जीवन नाश गरि रहेका छन् ।

भोला-भाला जनतालाई शास्त्रविरुद्ध साधनामा यति दृढ बनाएका छन् कि तिनीहरू शास्त्रहरूमा प्रमाण देखेर पनि त्यस व्यर्थको पूजालाई त्याग्न चाहदैनन ।

वाणी सङ्ख्या ७ :- तज पाखण्ड सत नाम लौ लावै, सोई भव सागर से तरियाँ ।
कह कबीर मिले गुरु पूरा, स्यों परिवार उधरियाँ ॥७॥

शब्दार्थः- परमात्मा कवीर जीले स्पष्ट पार्नु भएको छ– उपरोक्त तथा अन्य शास्त्र विरुद्धको पाखण्ड पूजालाई त्यागेर पूर्ण सतगुरुबाट सच्चा नामको जाप प्राप्त गरी श्रद्धापूर्वक भक्ति गरेर भक्तजन पार हुन्छन् । तिनका परिवारका सम्पूर्ण सदस्यहरुले पनि भक्ति गरेर कल्याण प्राप्त गर्दछन् ।

"गीतामा व्रतको विषयमा"

❖ प्रश्न :- के एकादशी, कृष्ण अष्टमी वा अन्य व्रत पनि शास्त्रहरुमा वर्जित छ ?

उत्तर :- गीता अध्याय ६ श्लोक १६ मा भनिएको छ– बिल्कुलै नखाने अर्थात् व्रत राख्नेको योग अर्थात् परमात्मासँग मिलनको उद्देश्य पूरा हुँदैन ।

➢ गीता अध्याय ६ श्लोक १६ :- हे अर्जुन ! यो योग (अर्थात् परमात्मा प्राप्ति लागि गरिएको साधना) न त धेरै खानेको र न बिल्कुलै नखानेको तथा न धेरै सुत्ने र न सदा जागृत रहनेको नै सिद्ध हुन्छ ।

❖ त्यसैले व्रत राख्नु शास्त्र विरूद्ध हुनाले व्यर्थ सिद्ध हुन्छ ।

तीर्थ तथा धाम के हो ?

प्रश्न :- तीर्थ धामहरूमा श्रद्धापूर्वक दर्शन तथा पुजा गर्नाले धेरै पुण्य हुन्छ भन् हिन्दू गुरूजनहरू भन्छन् । के यो साधना लाभदायक छ ? कृपया शास्त्र अनुसार भन् होस् ।

उत्तर :- तीर्थ या धाम त्यो पवित्र स्थान हो, जहाँ कुनै महापुरुषको जन्म अथव निर्वाण (परलोक बास) भएको थियो वा कुनै साधकले साधना गरेको थियो वा अन् कुनै ऋषि या देवी देवताको कथासँग जोडिएको यादगार हो ।

विचार गरौ :- पवित्र तीर्थ तथा धाम त यादगारहरू हुन् । यहाँ त यस्त घटनाहरू घटेका थिए ताकि त्यसको प्रमाण रहि रहोस् ।

उदाहरण :- जस्तो अमरनाथ धामको कथा सबै हिन्दूहरूलाई अवगत छ । त्यस एकान्त स्थानमा शिव जीले आफ्नो पत्नी पार्वती जीलाई नाम दीक्षा दिएका थिए त्यही मन्त्र देवी जी जप गरि रहेकी छिन् । जुन मन्त्रको साधनाको प्रभावले उनला अमरत्व प्राप्त भयो ।

अहिले त्यो (स्थान) एउटा यादगार बाहेक केही हैन । यहीं वास्तवमा देवी जीलाई शिव भगवानले अमर हुने मन्त्र दिएका थिए भन्ने प्रमाण छ । यदि कसैलाई विश्वास छैन भने त्यही गएर हेरी भ्रम निवारण गर्न सकिन्छ । तर कसैले त्यस स्थानको दर्शन गर्दा तथा त्यहाँ गई दान-धर्म गर्दा मुक्ति पाइन्छ अथवा भक्ति लाभ हुन्छ भन्छ भने त्यस्तो केही हुँदैन । रह्यो कुरा दान धर्म गर्ने, तपाईं कही गएर धर्म कार्य गर्नु होस्, त्यसको फल पाउनु हुने छ किनकि तपाईंले गरेको शुभकर्मम परमात्माले त्यतिखेरै लेखि दिनु हुन्छ । जस्तो कुनै व्यक्तिले एकान्त स्थानमा गएर कसैको हत्या या अन्य अपराध गऱ्यो भने त्यसको अशुभ कार्यहरूमा त्यो लेखिन्छ र त्यसको फल अवश्य पाउँछ ।

त्यसकारण पुण्यको काम कहीं गर्नु होस् त्यसको फल पाइन्छ । पुण्य गर्न धाएर कही टाढा तीर्थ स्थानमा जानु बुद्धिमानी होइन । यही प्रश्न एक समय जिन्दा साधुको रूपमा मथुरामा प्रकट हुनु भएका कबीर जीसँग तीर्थयात्री श्री धर्मदास जी सेठले गरेका थिए । उनी आफ्ना गुरु रूपदास वैष्णवले भने अनुसार मथुरा तीर्थमा स्नान दान धर्म तथा भक्ति कर्म गर्न बाँधवगढ नामक नगर (मध्य प्रदेश) बाट आएका थिए । परमात्माले उनलाई सम्झाउनु भएको थियो— अहिले यहाँ मथुरा वृन्दावनमा श्री कृष्ण जी हुनु हुन्न । विचार गर :- जब श्रीकृष्ण जी नै यो स्थान त्यागेर हजारौं कि.मी. पर द्वारिकामा सपरिवार तथा सबै यादवहरूलाई लिएर गइ सकेका थिए भने यस स्थानको महत्व के नै बाँकी रह्यो र ? यो त श्री कृष्ण जीले केही समय यहाँ बिताउनु भएको

थियो भन्ने यादगार मात्रै हो । कंस, केशी तथा चाणुर अन्यायीहरूलाई मार्नु भएको थियो । परमात्माले भन्नु भयो– हे धर्मदास तिमीले गीता शास्त्र बोकेका छौ, त्यसको नित्य पाठ गर्छौ, त्यसमा कही पनि "अर्जुन तीर्थ जाऊ तिम्रो मुक्ती हुन्छ" भनिएको छ? धर्मदासले भने प्रभु गीतामा कही पनि प्रभुको यस्तो आदेश लेखिएको छैन । परमेश्वर जीले भन्नु भयो– गीता अध्याय १६ श्लोक २३ पढ । त्यस अनुसार त यो तीर्थयात्रा शास्त्रमा वर्णित नभएको कारण व्यर्थ साधना हो ।

❑ यदि तपाईंको तत्वज्ञानहीन गुरूको अनुसार नै तीर्थ जानाले पुण्य हुन्छ भन्ने ठान्नु हुन्छ भने पनि पुण्य त एक भयो तर पाप भने अरबौं हुन्छ । यस्तो कुरा सुनेर अंध श्रद्धा भक्ति गर्ने धर्मदासलाई काम छुट्यो, घाँटी सुक्यो र भने– हे जिन्दा । यत्रो पाप कसरी लाग्यो ? कृपया बुझाउनु होस् ।

❖ परमेश्वर कबीर (जिन्दा भेषधारी प्रभु) ले समाधान यसरी गर्नु भयो :-

➢ भन्नु भयो– तपाईं बाँधवगढ देखि मथुरा नगरीको वृन्दावन आउनु भयो । बाँधवगढ यहाँबाट दुईसय पचास कोस् (लगभग सात सय पचास कि. मी.) छ । त्यहाँदेखि यहाँ सम्म पैदल आउँदा तपाईं द्वारा अनेकौं जीव हिंसा भएको छ । तपाईंले यस मथुराको जलमा स्नान गर्नु भयो । यस मथुरा तीर्थको जलमा करोडौं सूक्ष्म जीव पनि थिए । ती जीवहरू तपाईंले जिउः माडेर नुहाउँदा मारिए । तपाईंले भोजन बनाउनु भन्दा पहिले चुला चौका बनाउनु भयो तथा गाईको गोबरले लिप्नु भयो, जसमा त्यही जल प्रयोग गर्नु भयो, पृथ्वीमा लिपपोत गर्दा करोडौं जीव मरे । यी सबै पाप तपाईंलाई लाग्यो । अब तपाईं नै भन्नु होस्– तपाईं नाफाको व्यापार गरि रहनु भएको छ कि घाटाको ? धर्मदास जीको बोली बन्द भयो । उत्तर आएन किनकि उनी डरले स्तब्ध भएका थिए । केही क्षण पछि जिन्दा भेषधारी परमात्माको चरणमा परे र यथार्थ शास्त्रोक्त भक्ति बताउनु होस् भनी याचना गरे । परमात्मा कबीर जीले शास्त्रमा वर्णित साधना गर्न भन्नु भयो र अन्य उपासना अर्थात् पाखण्ड पुजा त्याग्न भन्नु भयो । धर्मदास जी विवेकी थिए । धेरै प्रश्न-उत्तर गरे र वास्तविकता बुझे । आफ्नो कल्याणको मार्ग थाहा पाए र आफ्नी पत्नीलाई पनि सम्झाएर सत्गुरू कबीर जीबाट दीक्षा दिलाएर आफू र आफ्नो परिवारलाई शास्त्रोक्त साधनामा लगाए । भक्तिको पूर्णलाभ प्राप्त गरे ।

❖ धर्मदासले अनेकौं शंकाको समाधान जाने । त्यसमध्ये यो पनि एक थियो ।

"वैष्णव देवी, नैना देवी, ज्वाला देवी तथा अन्नपूर्णा देवीका मन्दिरहरूको स्थापना"

प्रश्न :- वैष्णो देवी, नैना देवी, ज्वाला देवी तथा अन्नपूर्णा देवी आदि पवित्र स्थानहरूमा अनेकौं हिन्दूहरू जान्छन् । के त्यहाँ जानाले भक्तिलाभ छैन ?

उत्तर :- (कबीर जी जिन्दा महात्माको) हे धर्मदास । तीर्थ-धाममा जाँदा के लाभ वा हानी हुन्छ भर्खरै भनेको थिएँ । फेरि सुन ।

सारा हिन्दू समाज यी पवित्र धर्म स्थानहरू कसरी बने जान्दछन् । तप अनजान नबन्नु होस् । जुन बेला दक्षपुत्री सती जी आफ्नो पति शिव जीसँग रिसाए आफ्ना पिता दक्ष जीको घर आइन्, राजा दक्षले अनादर गरे । राजा दक्ष त्यस सम यज्ञ गर्दै थिए । धेरै ठूलो हवन कुण्डमा हवन भइ रहेको थियो । सती जी आफ पिताको कुराबाट दुःखी भई हवन कुण्डको अग्निमा हामफालेर डढेर मरिन् । भगवा शिव जीले थाहा पाएपछि सतीको बचेखुचेको नर कंकाल बोकेर पत्नीको वियोगम भौतारिइ रहे । पत्नीको मोहको वशमा परेर महा दुःखी थिए । तपाईंको पुराणमा १ हजार वर्षसम्म सती पार्वतीको नर कंकाल लिई भौतारी रहेको भनी लेखिएको छ फे श्री विष्णु जीले त्यस कंकाल (अस्थिपञ्जर) लाई सुदर्शन चक्रले टुक्रा टुक्रा पा दिए । त्यसपछि श्री शिव जीको मोह भङ्ग भयो । सती जीको शरीरको भाग क कहीं खस्यो ।

➢ वैष्णो देवी मन्दिरको स्थापना :- जहाँ देवी जीको शरीरको भाग खस्यो, त्यह यादगार बनाई राख्न श्रद्धालुहरूले शरीरको त्यस भागलाई श्रद्धापूर्वक पृथ्वीमा गाडे त्यसमाथि एउटा सानो मन्दिर जस्तो यादगार बनाए । कालान्तरमा समय अनुसा यसको विस्तार हुँदै गयो । त्यो यादगार हेर्न र त्यहाँ पुजा गर्न जानाले केही पुण् हुदैन, बरू पाप चाहिं लाग्छ । जाँदा आउँदा जिव हिंसा हुन्छ ।

➢ नैना देवी मन्दिरको स्थापना :- जुन स्थानमा सती पार्वतीको आँखा भएक शरीरको भाग खस्यो । त्यहाँ पनि त्यसै गरी जमीनमा गाडी, मन्दिर बनाए ताकि घटनाको प्रमाण रहि रहोस् र पुराणको कथालाई झुठा न भनून् ।

➢ ज्वाला जी स्थापना :- जुन स्थान (काँगडा जिल्ला, हिमाचल प्रदेश) मा देवी जीको आधा डढेको जिब्रो वाला भाग खस्यो । त्यसलाई श्रद्धा पूर्वक जमिनमा गाडे यादगार रूपमा सानो मन्दिर बनाए । पछि गएर धेरै ठूलो मन्दिर बनाए । त्यो ज्वाल देवी जीको मन्दिर हो ।

➢ अन्नपूर्णा देवी मन्दिरको स्थापना :- जुन ठाउँमा सती पार्वती जीको शरीरक नाभीको भाग खस्यो । त्यसलाई श्रद्धापूर्वक जमीनमा गाडेर त्यसमाथि यादगारको रूपम सानो मन्दिर बनाएका थिए । पछि त्यसलाई वृहद् रूपमा विस्तार गरी शास्त्र विरुद्ध साधना शुरू गरियो ।

➢ यो सब प्रमाणको रूपमा छ, विचार गर :- यस्तो स्थानमा भक्ति एवम् पुजा तथ पुण्य प्राप्ति गर्न जानु शास्त्र विरुद्ध भएकाले हानिकारक छ । त्यसकारण यो व्यर्थ छ ।

यदि कसैलाई पुराणमा लेखिएको घटनामा विश्वास छैन भने हेर्न जाने भए जानु होस् तर पुण्यको बदलामा जीव हिंसा पाप नै प्राप्त हुन्छ । जुन आउँदा जाँदा गोडा गाडी, घोडाले कुल्चेर मर्छन् । यस्तै अन्य दर्शनीय स्थलहरू (बद्रीनाथ, केदारनाथ जगन्नानाथ पुरी, द्वारिका पुरी आदि) मा कुनै आध्यात्मिक लाभको लागि जानु अंध श्रद्धा भक्ति बाहेक केही होइन ।

"भारतमा केदारनाथ मन्दिर तथा नेपालमा पशुपतिनाथ मन्दिर कसरी बन्यो ?" (केदारको अर्थ दल-दल हो)

महाभारतमा कथा छ– पाँच पाण्डव (युधिष्ठिर, अर्जुन, भीम, नकुल र सहदेव) जीवनको अन्तिम समयमा हिमालयमा तपस्या गर्दै थिए । एकदिन सदा शिव अर्थात् कालब्रह्म दुधारू भैंसीको रूप बनाएर त्यस क्षेत्रमा घुम्न लाग्यो । भीमसेन दुध प्राप्तिको उद्देश्यले समाउनको लागि दौडे, तब भैंसी पृथ्वीमा धसिन लाग्यो । भीमले भैंसीको पृथ्वीभन्दा बाहिर बाँकी रहेको पछाडिको भाग बलियो सित समाते । त्यो ढुङ्गाको बन्यो र बाहिर नै रह्यो र त्यो केदारनाथ बन्यो । भैंसीको शरीरको अन्य भाग जस्तो अगाडिका खुट्टा, पछाडिका खुट्टा आदि जहाँ जहाँ निस्क्यो, त्यहाँ त्यहाँ अन्य केदार बन्यो । यस्ता यस्ता सात केदार हिमालयमा बनेका छन् । त्यो भैंसीको शिर वाला भाग काठमाडौंमा निस्क्यो, जसलाई पशुपति भनिन्छ । त्यसमाथि मन्दिर बनाइयो । त्यो भैंसीको पछाडि पट्टिको भागमा तथा अन्य अङ्ग जहाँ जहाँ निस्क्यो, त्यसलाई केदारनाथ नाम दिएर यादगार बनाए । यो पौराणिक घटना सत्य हो । यो साक्षी छ । सबै मन्दिर कुनै न कुनै कथाको साक्षी हुन् तर पुजा गर्नु चाहिं गलत हो, व्यर्थ छ । लगभग सय बर्ष पूर्व केदारनाथमा अधिक वर्षाको कारण दल-दल धेरै भएको थियो । लगभग साठी (६०) वर्षसम्म त्यहाँ कुनै पुजा आरति गरिएन । न कोही दर्शन गर्न आए । पछि गएर तीस-चालिस वर्ष देखि फेरि दर्शनार्थी जान लागे ।

❑ सन् २०१२ मा केदारनाथ धाममा दर्शनार्थ तथा पुजार्थ गएका लाखौं व्यक्तिहरू खोलामा बगे । परिवार सहित थुप्रै अन्ध श्रद्धा भक्ति गर्नेहरू मरे । यदि त्यो साधना पवित्र गीतामा वर्णित अनुसार भएको भए तथा त्यहाँ जाने श्रद्धालुहरू मरेका भए पुण्य साथ लिएर परमात्माको दरवारमा जाने थिए परन्तु शास्त्रविरूद्ध भक्ति गर्दा गर्दै यसरी मर्नेहरूको जीवन व्यर्थ भयो ।

"तीर्थ धामको अन्य जानकारी"

कुनै साधक ऋषि जीले कुनै स्थानमा जलासयमा बसेर साधना गरे या आफ्नो अध्यात्मिक शक्ति प्रदर्शन गरे । आफ्नों भक्ति कमाइ गरेर साथमा लगे तथा आफ्नो इष्टलोकमा गए । त्यस साधना स्थलको नाम पछि गएर तीर्थ वा धाम भयो । अब कोही त्यस स्थानमा साधक बस्दथ्यो भनी हेर्न जान्छ । उसले धेरैको कल्याण गरेको थियो । अहिले त्यहाँ न सन्त छन्, न साधक । उनीहरू त आफ्नो कमाइ लिएर गए ।

विचार गरौंः- कृपया तीर्थ अथवा धामलाई हमोमदस्ता (हमामदस्ता) सम्झौं । (एक डेढ फुटको लामो तथा नौ इन्च परिधी भएको ओखल जस्तो हुन्छ । डेढ फुट लामो तथा दुई इन्च परिधी भएको फलामको गोलो मुसल जस्तो हुन्छ, जुन सामग्री तथा औषधि आदि कुट्ने काममा प्रयोग गरिन्छ, त्यसलाई हमामदस्ता भनिन्छ ।) एक व्यक्तिले आफ्नो छिमेकीको हमामदस्ता मागेर ल्यायो । उसले हवनको सामग्री कुट्यो र धोइपखाली फर्काइ दियो । जुन कोठामा त्यो हमाम दस्ता राखिएको थियो । त्यस

कोठामा सुगन्ध आउन थाल्यो । घरका सदस्यले हेरे । यो सुगन्ध कहाँबाट आइ रहे छ, चाल पाए । हमाम दस्ताबाट सुगन्ध आएको थाहा पाए । छिमेकीले कुनै सुगन्धि वस्तु कुटेछन् होला भन्ने लाग्यो । केही दिन पछि सुगन्ध आउन छोड्यो ।

यसैगरी तीर्थ अथवा धामलाई एक हमाम दस्ता ठानौं । जसरी सामग्री कुट्ने आफ्नो वस्तु पुछपाछ पारी खाली हमाम दस्ता फर्काएका थियो । अब कसैले त्यो हमा दस्तालाई सुँघेर कृतार्थ मान्यो भने त्यो नादानी हो । उसले त्यो सामग्री ल्याउनु पर्छ तब पूर्ण लाभ हुन्छ ।

ठिक यसैगरी कुनै धाम अथवा तीर्थमा बस्ने पवित्र आत्माले त रामनामक सामग्री कुटेर पुछपाछ पारेर आफ्नो सर्व भक्ति साधनाको कमाइ लिएर गयो । तर, पि अनजान श्रद्धालु त्यस स्थानमा जानु मात्र पनि कल्याण सम्झन्छ भने त उसको मा दर्शक (गुरुहरू) ले बताएको शास्त्र विधिरहित साधनाको परिणाम हो । त्यस महा आत्मा सन्तले जसरी प्रभु साधना गर्नाले मात्रै कल्याण सम्भव छ । त्यसको ला तत्वदर्शी सन्तको खोजी गरेर उहाँबाट उपदेश लिएर आजीवन भक्ति गरी मोक्ष प्राप गर्नु पर्छ । शास्त्र विधि अनुकुल सत साधना म दास (राम पाल दास) सँग उपलब् छ । कृपया निःशुल्क प्राप्त गर्नु होस् ।

"तीर्थ स्थापनाको प्रमाण"

१. शुक्र तीर्थ कसरी बन्यो ? :- श्री ब्रह्मा पुराण लेखक कृष्णद्वैपायन अर्था व्यास जी (प्रकाशक गीता प्रेस गोरखपुर पृष्ट १६७-१६८) भृगु ऋषिका पुत्र कवि अर्था शुकले गौतमी नदीको उत्तर तटमा जहाँ भगवान महेश्वरको आराधना गरेर विद्या पाएक थिए । त्यो स्थान शुक्र तीर्थ भनिन्छ ।

२. ⇨ सरस्वती संगम तीर्थ तथा पुरूरवा तीर्थ :- श्री ब्रह्मा पुराण पृष्ठ १७२ १७३ मा एकदिन राजा पुरूरवा ब्रह्मा जीको सभामा गए । त्यहाँ ब्रह्मा जीकी पुत्र सरस्वतीलाई देखेर उनीसँग भेट्ने इच्छा प्रकट गरे । सरस्वतीले हुन्छ भनिन् । सरस्वत नदीको तटमा सरस्वती तथा पुरूरवाले अनेक वर्षसम्म संभोग (सेक्स) गरे । एकदि ब्रह्माले उनीहरूलाई विलास गर्दै देखे । आफ्नी छोरीलाई श्राप दिए उनी नदी रूपम बिलीन भइन् । जहाँ पुरूरवा तथा सरस्वतीले संभोग गरेको थिए । त्यो पवित्र ती सरस्वती संगमको नामले विख्यात भयो । जहाँ पुरूरवाले महादेवको भक्ति गरे, त्य स्थान पुरूरवा तीर्थको नामले विख्यात भयो ।

३. वृद्धा संगम तीर्थ :- (श्री ब्रह्मापुराण पृष्ठ. १७३ देखि १७५) एक गौतम ऋषि थिए । उनको एक हजार वर्षसम्म विवाह भएन । उनले वेदज्ञान पनि पढेका थिएनन् केवल गायत्री मन्त्र याद थियो । त्यही मन्त्रद्वारा जप गर्दथे । एकदिन उनी एक पर्वतको गुफामा गए । त्यहाँ नब्बे हजार वर्ष आयुको यौटी वृद्धा भेटे । दुवैले विवा गरे । एकदिन वशिष्ठ ऋषि तथा वामदेव ऋषि त्यस गुफामा अन्य ऋषिहरूको साथम आए । उनीहरूले गौतम ऋषिको उपहास गरेर भने "गौतम जी ! यी वृद्धा तपाईंक आमा हुन् कि हजुर आमा ?" उनीहरू गएपछि ती दुई अत्यन्त दुखित भए । अगस्

ऋषिको सल्लाहले गोदावरी नदिको गौतमी तटमा गएर कठोर तपस्या गर्न थाले । उनीहरूले भगवान शंकर र विष्णुको स्तवन गरे तथा पत्नीको लागि गंगा जीलाई पनि खुसी तुल्याए । गंगा जीले उनीहरूको तपबाट खुसी भई भनिन् "ब्राह्मण तिमी मन्त्र पढ्दै मेरो जलले आफ्नो पत्नीलाई अभिषेक गर । यसले उनी रूपवती हुन्छिन् ।" गंगा जीको आदेशले दुवैले एक अर्कालाई यसै गरे । दुवै पती पत्नी सुन्दर रूप वाला भए । त्यो मन्त्रवाला जलबाट वृद्धा नामको नदी भएर बग्यो । त्यसै ठाउँमा गौतम ऋषिले ती युवती भएकी वृद्धासँग तृप्त हुने गरी संभोग गरे । त्यसबेलादेखि त्यस स्थानको नाम "वृद्धा संगम" तीर्थ भयो । त्यही गौतम ऋषिले साधनार्थ यौटा शिवलिङ्ग स्थापना गरेका थिए । त्यो पनि वृद्धाको नाममा वृद्धेश्वर कहलियो । यस वृद्धा संगम तीर्थको कथा सबै पापहरू नाश गर्ने खालको छ । यहाँ गरिएको स्नान-दान सबै मनोरथ सिद्ध गर्ने खालको छ ।

४. अश्व तीर्थ अर्थात् भानु तीर्थ तथा पंचवटी आश्रमको स्थपना :- श्री ब्रह्मापुराण पृष्ठ १६२-१६३ तथा श्री मार्कण्डेय पुराण पृष्ठ १७३ देखि १७५ सम्म लेखिएको छ । "महर्षि कश्यपको जेष्ठ पुत्र आदित्य (सूर्य) हुन् । उनकी पत्नीको नाम उषा हो । (मार्कण्डेय पुराणमा सूर्यको पत्नीको नाम संज्ञा लेखिएको छ । जो महर्षि विश्व कर्माकी छोरी हुन्)" सूर्य पत्नी आफ्नो पति सूर्यको तेजलाई सहन गर्न नसकेर दुःखी रहन्थिन् । एकदिन आफ्नो सिद्धी शक्तिले आफू जस्तै स्वरूप भएको अर्की स्त्री उत्पन्न गरिन् र उसलाई भनिन्– तिमी मेरो पतीको पत्नी बनेर बस, तिम्रो र मेरो अनुहार उस्तै छ । तिमी यो रहस्य मेरा सन्तान र पतीलाई पनि नभन्नू । यति भनेर संज्ञा (उषा) तप गर्ने उद्देश्यले उत्तर कुरू क्षेत्रमा गई वहाँ घोडीको रुप धारण गरी तपस्या गर्न लागिन् । रहस्य खुलेपछि सूर्य पनि घोडाको रूप धारण गरेर त्यहाँ गए । जहाँ (उषा) संज्ञा घोडीको रूपमा तपस्या गरि रहेको थिइन् । घोडा रूपी सूर्यले घोडी रूपधारी संज्ञासँग संभोग गर्न चाहे । उषा (संज्ञा) घोडीको रूपमा त्यहाँबाट भागिन् र गौतमी नदीको तटमा आइन्, घोडा रूपमा आफ्नो पतीव्रता धर्मको रक्षाको लागि घोडा रूपधारी पतीलाई नचिनेर उतिर आफ्नो पृष्ठ भाग नफर्काइ मुख तर्फबाट नै सामना गरिन् । दुवैको नासिका मिल्यो । सूर्यले बासनाको वेग रोक्न सकेनन् र घोडी रूपधारी उषा (संज्ञा) को मुखमै संभोग गर्ने उद्देश्यले प्रयत्न गरे । नाकबाट विर्य प्रवेश भई घोडी रूपधारी उषाको मुखबाट दुई पुत्र अश्वीनी कुमार (नासत्य तथा दस्र) उत्पन्न भए तथा शेष विर्य जमिनमा खस्नाले रेवन्त नामक पुत्र उत्पन्न भयो । त्यो स्थान अश्व तीर्थ, भानु तीर्थ तथा पंचवटी आश्रमको नामले विख्यात भयो । त्यही स्थानमा सूर्यका छोरीहरूको अरूणा तथा वरूणा नामक नदीहरूको रूपमा समागम भयो । त्यसमा भिन्न भिन्न देवता र तीर्थहरूको पृथक् पृथक् समागम भएको छ । उक्त संगममा सत्ताइस हजार तीर्थहरूको समुदाय छ । त्यहाँ गरिएको स्नान र दान अक्षय पुण्य दिने वाला हो । नारद ! त्यस तीर्थको स्मरणले, किर्तन र श्रवणले पनि मनुष्य सबै पापबाट मुक्त हुन्छ, धर्मवान र सुखी हुन्छ ।

५. जन स्थान तीर्थको स्थापना:- ब्रह्मापुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित पृष्ठ १६१-१६२ मा ऋषि याज्ञवल्क्यसँग राजा जनकले सोधे– हे द्विज श्रेष्ठ ! ठूला-ठूला मुनिहरूले भोग र मोक्ष दुबै श्रेष्ठ छ भनी निर्णय गरेका छन् । भोगबाट पनि मुक्ति प्राप्त कसरी हुन्छ ? तपाई बताउनु होस् । ऋषि याज्ञवल्क्य जीले भन्नु भयो– यो प्रश्नको सही उत्तर ससुरा वरूण जीले बताउन सक्नु हुन्छ । जाऔं, उहासँग सोधौं दुवै भगवान वरूण भएका ठाउँमा गए र वरूणले बताए– "कर्म न गर्नुको अपेक्षा कर्म गर्नु श्रेष्ठ हो भनी वेदमा यो मार्ग निश्चित गरिएको छ ।" धर्म, अर्थ, काम तथा मोक्ष यी चारै पुरूषार्थ कर्मद्वारा बाधिँएका छन् । नृप श्रेष्ठ ! कर्मद्वारा सबै प्रकारका साध्यहरूको सिद्धी हुन्छ । त्यसकारण मनुष्यले सबै तवरबाट वैदिक कर्मको अनुष्ठान गर्नु पर्दछ । यसबाट यस लोकमा भोग तथा मोक्ष दुवै प्राप्त हुन्छ । अकर्म भन्दा कर्म पवित्र हुन्छ । यसपछि राजा जनकले ऋषि याज्ञवल्क्यलाई पूरोहित बनाएर गंगाको तटमा अनेकौं यज्ञ गरे । त्यसैले त्यस स्थानको नाम "जन स्थान" तीर्थको नामले विख्यात भयो । त्यस तीर्थको चिन्तन गर्दा, त्यहाँ जाँदा र भक्ति पुर्वक सेवा (पुजन) गर्दा मनुष्यले सबै अभिलाषित बस्तुहरू पाउँछ र मोक्षको भोगी हुन्छ ।

उपरोक्त पुराणहरूको लेखहरूको निष्कर्ष:- प्रमाण सङ्ख्या १ मा भनिएको छ– भृगु ऋषिको पुत्र शुक्रले गौतमी नदीको उत्तरी तटमा साधना गरेका थिए । जसका कारणले त्यो स्थान शुक्रतीर्थ नामले विख्यात भयो । यदि कसैले त्यस शुक्रतीर्थमा केवल स्नान गरी त्यहाँ रहेका कामचोरलाई दान गर्दा नै मोक्ष मान्दछ भने त्यो ज्ञानहीन व्यक्ति हो । परमात्माको साधना जसरी शुक्राचार्यले गरेको थिए । त्यस्तै साधना कुनै ठाउँमा कुनै साधकले गरेमा शुक्राचार्यलाई जुन लाभ भएको थियो । त्यो प्राप्त हुन्छ । यही स्थीति प्रमाण सङ्ख्या ५ को सम्झनु होस् । गंगाको तटमा राजा जनकले जुन स्थानमा अनेकौं अश्वमेघ यज्ञ गरे । एक अश्वमेघ यज्ञमा करौडौ रूपियाँ (अहिलेका अरबौं रूपियाँ) खर्च भएको थियो । तब राजा जनकलाई स्वर्ग प्राप्ति भएको थियो । यदि कोही अज्ञानीले त्यस जन स्थान तीर्थ जाँदा, स्नान गर्दा तथा त्यहाँ उपस्थित अम्मली (रक्सी, तम्बाकु, मासु, खाने) व्यक्तिलाई दान गर्दा राजा जनकले पाएको लाभ पाइन्छ भन्छ भने के यो न्याय संगत हो ? यत्ति गर्दा गर्दै पनि राजा जनक मुक्त हुन सकेनन् । त्यही आत्मा कलियुगमा सन्त नानक जीको रूपमा श्री कालुराम महताको घरमा जन्मे । फेरि पूर्ण परमात्माको भक्ति, पूर्ण गुरू कबीर परमेश्वरबाट नाम प्राप्त गरेपछि मात्र मोक्ष प्राप्त भयो । प्रमाण सङ्ख्या २ मा ब्रह्माको छोरी सरस्वतीले पुरूरवा नामक राजासँग आफ्नो पिताबाट लुकेर संभोग (सेक्स) गरिन्, तब पिता जीले यस्तो गरेको देखेर श्राप दिए । जहाँ सरस्वतीले र राजा पुरूरवाले दुराचार गरे । त्यस स्थानको नाम सरस्वती संगम तीर्थले विख्यात भयो ।

विचार गरौं :- के यस्ता स्थानमा जानाले र स्नान गर्नाले लाभ होला ? प्रमाण सङ्ख्या ३ मा भनिएको छ– एक गौतम नामक ऋषिले एक हजार वर्षको आयुमा नब्बे हजार वर्षको वृद्धासँग विवाह गरे । आफूलाई युवा बनाउने उद्देश्यले दुवैले गोदावरी तटमा कठोर तपस्या गरे । त्यसपछि मन्त्रद्वारा जल मन्त्रित गरेर एक अर्कामथि छर्के

दुबै युवा भए । त्यसपछि त्यस स्थानमा दुबैले घित मरून्जेल संभोग अर्थात् विलास (सेक्स) गरे । त्यो ठाउँ वृद्धा संगम तीर्थ कहलियो ।

विचारणीय कुरा छ :- यस्तो स्थानमा जानाले आत्म कल्याणको साटो पतन नै हुन्छ । आत्म उद्धार होइन । प्रमाण सङ्ख्या ४ मा भनिएको छ सूर्यकी पत्नीको घोडीको रूप धारण गरेर तपस्या गरि रहेकी थिइन् । सूर्य, काम बासना (सेक्स प्रेसर) को वशमा परी घोडा रूप धारण गरेर घोडी रूप धारण गरेकी आफ्नी पत्नी नजिक गयो । घोडीले आफ्नो पृष्ठ (पछाडी) भाग तिर जान दिइनन् । सूर्य यति धेरै सेक्स प्रेसर (काम वासना दवाव) मा थिए कि उनले घोडीको मुखमै संभोग क्रिया प्रारम्भ गरे, जसको कारण उनका तीन पुत्र भए । त्यो ठाउँ अश्वतीर्थ नामले विख्यात भयो । त्यही सूर्यकी दुई छोरीहरू नदी बनेर बग्न लागे । जसको कारण त्यही स्थान पंचवटी आश्रमको नामले पनि प्रसिद्ध भयो । त्यसै स्थानलाई भानु तीर्थ पनि भनिन्छ । यस तीर्थको लाभमा लेखिएको छ– यसको स्मरणले, किर्तन गर्नाले तथा यसको कथा श्रवण गर्नाले सबै पापबाट मुक्त भई धर्मवान र सुखी होइन्छ । पुण्य आत्माहरू विचार गरौं- यस्ता कथा सुन्नाले तथा यस्ता ठाउँमा जानाले आत्म कल्याण सम्भव छ । त्यसकारण शास्त्रहरू (पाँचै वेद, गीता जी) अनुसार भक्ति गर्नाले सबै पापबाट मुक्त भई पूर्ण मोक्ष सम्भव छ ।

"सर्व श्रेष्ठ तीर्थ"

प्रश्न :- सर्व श्रेष्ठ तीर्थ कुन हो । जसमा सारा तीर्थभन्दा धेरै लाभ मिल्छ ?

उत्तर :- सर्वश्रेष्ठ चित्त शुद्ध तीर्थ हो ।

चित्तशुद्ध तीर्थ अर्थात् तत्वदर्शी सन्तको सत्सङ्ग सारा तीर्थभन्दा श्रेष्ठ :- श्री देवी पुराण छैठौं स्कन्ध अध्याय १० पृष्ठ ४१७ मा लेखिएको छ– व्यास जीले राजा जन्मेजयसँग भने राजन ! यो निश्चय हो कि तीर्थले देह सम्बन्धी मैलो सफा गर्छ तर मनको मयल धुने शक्ति तीर्थमा छैन । चित्त शुद्ध तीर्थ गंगा आदि तीर्थ भन्दा पनि धेरै पवित्र मानिन्छ । यदि भाग्यवश चित्तशुद्ध तीर्थ शुलभ भयो भने अर्थात् तत्वदर्शी सन्तको सत्सङ्ग रूपी तीर्थ प्राप्त भयो भने मानसिक मैलो धोइनेमा केही सन्देह छैन । परन्तु राजन ! यो चित्त शुद्ध तीर्थ प्राप्त गर्न ज्ञानी पुरूषहरू अर्थात् तत्वदर्शी सन्तहरूको सत्सङ्गको विशेष आवश्यकता छ । वेद शास्त्र व्रत, तंप, यज्ञ र दानले चित्त शुद्ध हुन धेरै कठीन छ वशिष्ठ जी ब्रह्मा जीका पुत्र थिए । उनले वेद र विद्याको सम्यक प्रकारले अध्ययन गरेको थिए । गंगाको तटमा निवास गर्दथे तर द्वेषको कारणले विश्वामित्रसँग वैमनस्य भयो र दुवैले एक अर्कालाई श्राप दिए तथा उनीहरू बिच भयङ्कर युद्ध हुन लाग्यो । यसबाट सन्तहरूको सत्सङ्गले चित्तशुद्धी गर्नु अति आवश्यक छ भन्ने सिद्ध हुन्छ । अन्यथा वेदज्ञान, तप व्रत, तीर्थ, दान तथा धर्मको जति साधना छ ती सबैले कुनै विशेष प्रयोजन सिद्ध गर्न सक्दैनन् । (श्री देवीपुराणबाट लेख समाप्त)

विशेष विचार :- उपरोक्त श्री देवी पुराणको लेखबाट स्पष्ट छ– तत्वदर्शी सन्तहरूको सत्सङ्ग भन्दा श्रेष्ठ कुनै तीर्थ छैन तथा तत्वदृष्टा सन्तले बताए अनुसारको

साधना गर्दा कल्याण सम्भव छ । तीर्थ, व्रत, तप, दान आदि व्यर्थ प्रयत्न तत्वदर्शी सन्तको अभावको कारण केवल चार वेदमा वर्णित भक्ति विधीले पूर्ण लाभ हुदैन । परमेश्वर कबीर जीले भन्नु भएको छ ।

सतगुरू बिन वेद पढ़ें जो प्राणी, समझे ना सार रहे अज्ञानी ॥
सतगुरू बिन काहू न पाया ज्ञाना, ज्यों थोथा भुष छिड़े मूढ किसाना ॥
अड़सठ तीर्थ भ्रम-भ्रम आवै । सर्व फल सतगुरु चरणा पावै ॥
कबीर तीर्थ करि-करि जग मुआ, उडै पानी नहाय । सतनाम जपा नही, काल घसीटे ज

सूक्ष्म वेद (तत्वज्ञान) मा भन्नु भएको छः-

अड़सठ तीर्थ भ्रम-भ्रम आवै । सो फल सतगुरु चरणों पावै ॥
गंगा, यमुना, बद्री समेते । जगन्नाथ धाम है जेते । ।
भ्रमें फल प्राप्त होय न जेतो । गुरु सेवा में फल पावै तेतो ॥
कोटिक तीर्थ सब कर आवै । गुरु चरणां फल तुरंत ही पावै ॥
सतगुरु मिलै तो अगम बतावै ।जम की आंच ताहि नही आवै ॥
भक्ति मुक्ति का पंथ बतावै । बुरा होन को पंथ छुड़ावै ॥
सतगुरु भक्ति मुक्ति के दानी । सतगुरु बिना ना छूटै खानी ॥
सतगुरु गुरु सुर तरु सुर धेनु समाना । पावै चरणन मुक्ति प्रवाना ॥

सरलार्थ :- पूर्ण परमात्माद्वारा प्रदान गरिएको तत्वज्ञान अर्थात् सूक्ष्म भनिएको छ— तीर्थ र धाममा जादाँ केही पुण्य लाभ छैन । असली तीर्थ स (तत्वदर्शी सन्त) को सत्सङ्ग सुन्न जानु हो । जहाँ तत्वदर्शी सन्तको सत्सङ्ग हु त्यो सर्व श्रेष्ठ तीर्थ धाम हो । यही कथनको साक्षी संक्षिप्त श्रीमद्देवी भागवत महा पनि हो । यसमा छैठौं स्कन्धको अध्याय १० मा लेखिएको छ । सर्वश्रेष्ठ तीर्थ त शुद्ध तीर्थ हो । जहाँ तत्वदर्शी सन्तको सत्सङ्ग चलि रहेको छ । उसको अ ज्ञानले चित्तको शुद्धि हुन्छ । शास्त्रोक्त अध्यात्म ज्ञान तथा शास्त्रोक्त भक्ति वि ज्ञान हुन्छ । जसले जीवको कल्याण हुन्छ । अन्य तीर्थ भ्रम मात्र हो । यसै पुरा लेखिएको छ— सतगुरू रूपी तीर्थ पाउन अति दुर्लभ छ ।

सुक्ष्मवेदमा भनिएको छ— सतगुरू त कल्पवृक्ष तथा कामधेनु समान हुन् । पुराणमा भनिएको छ— स्वर्गमा कल्पवृक्ष तथा कामधेनु छ । उनीहरूसँग जे मागे सबै सुविधा प्रदान गर्दछन् । यसै प्रकार सतगुरू जीले सत्य साधना बताएर साधक सबै लाभ प्रदान गराउनु हुन्छ तथा आफ्नो आशिर्वादले पनि अनेक लाभ दिनु हु भक्ति गराएर मुक्तिको मार्गलाई सजिलो बनाइदिनु हुन्छ । त्यसैले भनिएको छ :

एक साधै सब सधै, सब साधैं सब जाय । माली सींचै मूल को, फलै फूलै अघाय ।

शब्दार्थ :- एक सदगुरू रूपी तीर्थमा जानाले सबै लाभ मिल्दछ । सबै धामहरू तथा अन्य अंध श्रद्धा भक्तिले सबै लाभ समाप्त हुन्छ । जस्तो आँ बिरुवाको एक जरालाई मात्र सिचाई गर्दा विरुवा ठुलो भई रूख बन्दछ र धेरै दिन्छ । यदि त्यो विरुवालाई उल्टो पारेर जमीनमा गाडेर सिचाई गर्‍यो भने वि नष्ट हुन्छ । कुनै लाभ पाइदैन । त्यसकारण एक सतगुरू रूपी तीर्थमा गए सबै

पाइन्छ । जस्तो- संक्षिप्त श्रीमद्‌देवीभागवत महापुराणमा लेखिएको छ– सतगुरू रूपी तीर्थ पाउनु अति दुर्लभ छ, तर तपाईंहरूका लागि सतगुरू रूपि तीर्थ अति सुलभ छ । यो दास (लेखक रामपाल दास) विश्वमा एक मात्र सतगुरू तीर्थ अर्थात् तत्वज्ञानी हो । आउनु होस् र सत्य भक्ति प्राप्त गरेर जीवन सफल बनाउनु होस् ।

तपाईंलाई फेरि सम्झाउँछु– गीता शास्त्रको ज्ञान चारै वेद, (ऋग्वेद), यजुर्वेद, सामवेद तथा अथर्व वेद) को सारांश हो । वेदको ज्ञान पूर्ण परमात्मा अर्थात् परम अक्षर ब्रह्मद्वारा प्रदान गरिएको हो । जुन काल ब्रह्मको अन्त करणमा हालिएको थियो । काल ब्रह्मको सासद्वारा उसको शरीरबाट बाहिर आएको थियो । त्यसको केही अंश काल ब्रह्मले जानीजानी समाप्त गरेको थियो । शेष भाग आफ्नो पुत्र ब्रह्मा जीलाई दियो । श्री कृष्ण द्वैपायन जीले यसलाई चारभाग (ऋग्वेद, यजुर्वेद, साम वेद, अथर्व वेद) मा विभाजन गरे । जसकारण उनलाई वेदव्यास (वेदको विस्तारक) भनिन थालियो । यही ज्ञान श्रीमद्‌भगवत गीतामा काल ब्रह्मले श्री कृष्ण जीको शरीरमा प्रवेश गरेर भनेका थिए । त्यसकारण गीताको ज्ञान परमात्माद्वारा बताइएको हो । पुराणको ज्ञान श्री ब्रह्मा जी तथा ऋषिहरूको अनुभव हो । गीता तथा वेदहरूसँग मेल नखाने पुराणहरूका ज्ञान शास्त्र विरूद्ध हो । त्यसलाई आधार मानेर साधना गर्नु व्यर्थ हो ।

❖ चारैवेद (ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्व वेद) तथा यसैको सार रूप गीतामा केवल ब्रह्म (जसलाई काल ब्रह्म पनि भनिन्छ ।) सम्मको साधनाको ज्ञान छ । यी शास्त्रहरूमा परम अक्षर ब्रह्म अर्थात् ती परमेश्वरको साधनाको ज्ञान छैन, जसको विषयमा गीता ज्ञान दाताले गीता अध्याय १८ श्लोक ६२ मा भनेका छन्– हे भारत ! तिमी सर्व भावले त्यस परमात्माको शरणमा जाऊ । उनैको कृपाले नै तिमीलाई परमशान्ति तथा सनातन परम धाम प्राप्त हुन्छ ।

❖ ती परमेश्वरको ज्ञान जान्नको लागि गीता अध्याय ४ को श्लोक ३२-३४ मा भनिएका छ– स्वयम् परमेश्वरले आफ्नो मुख कमलबाट बोलेर वाणीद्वारा भन्नु भएको त्यो तत्वज्ञान तत्वदर्शी सन्तको समीपमा गएर बुझ । यसबाट गीतामा ती परमेश्वर को हुन् भन्ने कुराको ज्ञान छैन तथा उनको प्राप्तिको साधनाको पनि वर्णन छैन भन्ने कुरा सिद्ध हुन्छ तर गीताको ज्ञान आफ्नो स्तरको सत्य ज्ञान हो । जस्तो दस कक्षा सम्मको पाठ्क्रम र पाठ्वस्तु दस कक्षासम्मको स्तरसम्म सही र सत्य छ तर बी. ए. तथा एम. ए. को स्तरको लागि सही र सत्य छैन । त्यो सुक्ष्म वेद अर्थात् तत्व ज्ञानमा छ । सुक्ष्म वेद पाँचौ सम्पूर्ण वेद हो, जसमा गीता, वेद तथा पुराणहरूमा भएको ज्ञान पनि छ । यिनमा नभएको ज्ञान पनि छ । वर्तमानमा सूक्ष्म वेदको सम्पूर्ण ज्ञान विश्वमा म (लेखक) बाहेक कसैसँग छैन ।

सूक्ष्मवेदको रहस्य

वेदको अर्थ ज्ञान हो । चार वेद पहिले एउटै नै वेद (ज्ञान) थियो । ऋषि परासरका पुत्र ऋषि कृष्ण द्वैपायनले यसलाई चार भागमा विभाजित गरी ऋग्वेद, यजुर्वेद, सामवेद तथा अथर्ववेद नाम दिए । जसको कारण ऋषि जीलाई वेदव्यास

मनिन थालियो, जसको अर्थ हो "वेद विभाजक" । चारै वेदमा व्यास जीले मिसाएका छैनन् । केवल चार भागमा बाँडे । चारै वेद तथा सुक्ष्म वेद पूर्ण परम अर्थात् परम अक्षर ब्रह्म (सतपुरूष) जीले प्रदान गर्नु भएको हो । अगाडि विस्तार वर्णन गरिन्छ :-

➢ पहिले पुराण पनि एक बोध (ज्ञान) थियो । जुन ब्रह्मा जीले आफ्नो कु दक्ष तथा मनु आदि ऋषिलाई सुनाएका थिए । जसमा आफ्नो उत्पत्ति पछिको घटन बताएका थिए । पुराणहरूमा श्री ब्रह्मा जीले केही वेदको ज्ञान तथा धेरै आफ्नो अ बताएका छन् । वेदसँग मेल खाने पुराणको ज्ञान ब्रह्मा जीद्वारा बताइएको हो । गएर ऋषिहरूले पुराण बोधलाई अठार भाग बनाए । प्रत्येक ऋषिले ब्रह्मा जी सुनेको ज्ञानमा आफ्नो अनुभव जोडेर विस्तार गरेका छन् । पुराणहरूमा श्र पिण्डदान, मुर्ति पुजा आदि-आदि तथा केही मन्त्र जप ऋषिहरूले लेखि दिए तथा ब्रह्म अर्थात् सदाशिवले भ्रमित पार्नको लागि शिव लिङ्ग पुजा आदि बताएका जुन वेद विरूद्ध भएकाले मान्य छैन तथा व्यर्थ साधना हो । अध्यात्म बुझ्नको ल पुराणहरूको ज्ञान हुनु आवश्यक छ । वेद तथा त्यसैको सारांश श्रीमद्भगवत गीत ज्ञान पूर्ण ब्रह्मद्वारा दिइएका हुन् । त्यो सत्य छ । मान्य छ तथा लाभदायक मोक्षदायक छ ।

चारै वेद तथा सूक्ष्मवेद कसरी प्राप्त भयो ?

❖ सर्व प्रथम सतपुरूष (परम अक्षर ब्रह्म) ले सूक्ष्म वेद एक्काईस ब्रह्माण्डको काल ब्रह्म (ज्योति निरंजन) को अन्तःकरण (हृदय) मा हालि दिएका थिए । (En गरेका थिए) संपूर्ण अध्यात्म ज्ञान अर्थात् सूक्ष्मवेद काल ब्रह्मले स्वासद्वारा ब निकाल्यो र सूक्ष्मवेद पढ्यो । सूक्ष्मवेदमा सतपुरूष तथा सतलोक (सतनाम परम ध को सम्पूर्ण विवरण थियो । हामी किन जन्मन्छौं र मर्छौं ? जन्म मरणबाट मुक्ति सतपुरूष र सतलोक प्राप्ति कसरी हुन्छ ? भन्ने कुराहरू संविस्तार बताइएको थिय वेदका विद्वानहरूले ब्रह्म भन्ने यो काल ब्रह्म धोकेबाज हो । यसले त्यस सूक्ष्म वेद ती प्रकरणहरू निकालेर नष्ट गरि दियो, जसमा उल्लेखित विवरणहरू थिए र ज मरण तथा अन्य प्राणीहरूको शरीर प्राप्त गर्ने चक्र सदा रहि रहने शेष ज्ञान राख यसको पछाडि कालब्रह्मको विशेष स्वार्थ छ । जुन तपाईंले यसै पुस्तकमा पढ्नु छ । शेष रहेको वेदज्ञानलाई श्री वेदव्यास ऋषि जीले चारभाग (ऋग्वेद, यजु सामवेद तथा अथर्ववेद) मा विभाजन गरे । जुन वर्तमानमा प्राप्त छ । कालब्रह्मले गरि दिएको वेदहरूका महत्वपूर्ण ज्ञान बताउनको लागि सतपुरूष (परम अक्षर ब्र स्वयं पृथ्वीमा प्रकट भएर आफ्नो मुख कमलबाट दोहाहरू र चौपाईहरू कविताहरू रूपमा बोलेर (उच्चारण गरेर) बताउनु हुन्छ । ती वाणीहरू लेखिन्छन् । त्यस सतपुरूषको वाणी भनिन्छ । तिनै वाणीहरूमा सम्पूर्ण आध्यात्मिक ज्ञान छ । उपरोक्त वर्णनको पुष्टिको लागि कृपया पछिल्ला शीर्षकहरू विस्तारपूर्वक पढ्नु होस्

❖ यसै पुस्तक "अन्ध श्रद्धा भक्तिः खतरामा ज्यान" मा अध्याय "सृष्टि रचना" त्यस अध्यायको अध्ययन पश्चात् कालको लोकको एक्काईस ब्रह्माण्डमा जन्म मृत्यु

अन्य कष्ट सहदै बसि रहेका हामी सम्पूर्ण प्राणीहरू कसरी आयौ ? किन जन्मि रहन्छौ ? जस्ता कुराहरु अवगत हुने छ । यस सम्बन्धी केही संक्षिप्त वर्णन यहाँ गरिन्छ :-

हामी सबै प्राणीले मानव तथा अन्य पशुपक्षी आदिको शरीर धारण गरेका छौं । पहिले त्यस सनातन परमधाम (सत्यलोक) मा परम अक्षर ब्रह्मको साथमा रहन्थ्यौं । त्यहाँ कुनै जरा-मरण एवं जन्म छैन । त्यसकारण त्यहाँ परम शान्ति छ । त्यसैले गीता ज्ञान दाताले अध्याय १८ श्लोक ६२ मा भनेको छन्– हे भारत । तिमी सर्वभावले ती परमेश्वर (तत् ब्रह्म) को शरणमा जाऊ । उनै परमेश्वरको कृपाले नै तिमीलाई परम शान्ति तथा सनातन परम धाम प्राप्त हुने छ ।

❖ जब सम्म जन्म-मरण समाप्त हुदैन, तबसम्म जरा अर्थात् वृद्धावस्था आइ रहन्छ । यदि पूरा समय बाँचेर मृत्यु भयो भने पनि जिवलाई परम शान्ति प्राप्त हुन सक्दैन । त्यस कारण गीता अध्याय १५ को श्लोक ४ मा भनिएको छ– तत्व ज्ञान प्राप्ति प्रश्चात् परमेश्वरको त्यस परम पदको खोजी गुर्न पर्दछ, जहाँ गएपछि साधक फर्केर संसारमा कहिल्यै आउँदैन । जुन परमेश्वरले संसाररूपी वृक्षको विस्तार (सृजना) गर्नु भयो । उनैको भक्ति गर ।

गीता ज्ञान दिने स्वयम् नै जन्म-मरणमा छ । प्रमाण गीता अध्याय ४ श्लोक ५, अध्याय २ श्लोक १२, अध्याय १० श्लोक २ मा छ । गीता ज्ञानदाताले गीता अध्याय ८ श्लोक ५ तथा ७ मा आफ्नो भक्ति गर्न भनेको छ । उसको भक्तिले जन्म-मरण सदा रहि रहन्छ जसकारण उपरोक्त परम शान्ति प्राप्त हुन सक्दैन । गीता ज्ञान बताउनेले आफ्नो साधनाको ज्ञान गीता अध्याय ८ श्लोक १३ मा भनेको छ– म ब्रह्मको केवल एक अक्षर ओं (ॐ) हो । यसको स्मरण गर्नेहरूले ब्रह्मलोक प्राप्त गर्दछन् । जहाँ अन्य देवी-देवताहरूको भक्तिबाट प्राप्त हुने स्वर्गको सुख भन्दा हजार गुणा धेरै सुख छ । तर ब्रह्मलोकमा गएकाहरू पनि पुनरावृत्ति (जन्म मरण) मा छन् । (प्रमाण गीता अध्याय ८ श्लोक १६ मा) गीता भन्ने प्रभु क्षर पुरुषलाई इष्ट मानेर भक्ती गर्नेहरूलाई परम शान्ति प्राप्त हुन सक्दैन । त्यसकारण गीता अध्याय १८ श्लोक ६२ मा गीता ज्ञानदाताले आफूभन्दा भिन्न अर्का परमेश्वरको शरणमा जान अर्थात् ईष्ट मानेर भक्ति गर्न भनेका छन् । त्यसको लागि गीता अध्याय ४ श्लोक ३४ मा कुनै तत्वदर्शीबाट तत्वज्ञान (सुक्ष्मवेद) जान्न (बुझ्न) भनेका छन् किनकि सुक्ष्मवेदमा भएको ज्ञान वेदहरू तथा गीतामा छैन ।

❖ जस्तो माथि भनियो- हामी सबै पहिले त्यस परमेश्वरका (सतपुरूष) साथमा रहन्थ्यौं । त्यहाँ हामीले गल्ती गरेका थियौं । हामीले आफ्ना परम सुखदायक परमात्मा (सतपुरूष) बाट विमुख भएर काल ब्रह्मप्रति आस्था राख्यौं । काल ब्रह्म सतलोकमा तप गरी घोर तपस्या गरि रहेको थियो । हामीले उसलाई असल व्यक्ति ठानेर मनै देखि चाहन लाग्यौ । यही गल्ती प्रकृति देवीले गरेकी थिइन् । उनी पनि काल ब्रह्मलाई राम्रो व्यक्ति मानेर आसक्त भएकी थिइन् । जसकारण परमात्मा अथवा सतपुरूष जीले हामीलाई त्यागी दिनु भयो । यस काल ब्रह्मले तपस्याको प्रतिफलमा सतपुरूषबाट एकाईस ब्रह्माण्ड प्राप्त गरेका छन् । यसले सतलोकमा युवती प्रकृति देवी (दुर्गा) सँग दुष्कर्म गर्ने कोशिस गरेको थियो । प्रकृति देवी (दुर्गा) आफ्नो इज्जत

रक्षाका लागि सूक्ष्म रूप बनाएर काल ब्रह्मको खुला भएको मुखबाट उसको पेट गइन् । परम अक्षर ब्रह्मले देवीलाई काल ब्रह्मको पेटबाट निकालेर देवी सहित ह सबैलाई काल ब्रह्मको साथ सत्यलोक भन्दा सोह्र (१६) शंख कोस (४८ शंख कि. म पर यहाँ पठाउनु भयो ।

परम अक्षर ब्रह्मले प्रकृति देवीको साथ गरेको दुर्वव्यवहारका कारण क ब्रह्मलाई २१ ब्रह्माण्ड सहित सतलोकबाट निकालि दिनु भयो ।

यहाँ आएपछि त्यस काल ब्रह्मले हाम्रा सबै स्मरण शक्ति समाप्त पारि दि जसकारण हामी कहाँबाट आयौं ? के कारणले जन्म-मरण भइ रहेको छ ? भक्ति ग गर्दै पनि हामी माथि कष्ट आइ रहन्छ ? यी सबका कारण के हुन् ? जस्ता कुराह थाहा भएन ।

❖ आफ्ना अवोध बालकहरू धोकेबाज ज्योति निरंजन अर्थात् कालसँग आप गल्तीले गएको सतपुरुष अर्थात् परम अक्षर ब्रह्मले देखे । उसले उनीहरूको सुखसाग स्थान (सनातन परम धाम) तथा मेरो ज्ञान नै समाप्त गरि दियो । आफूलाई परमेश्व जगतको उत्पन्न कर्त्ता तथा पालन कर्ता सिद्ध गरेको छ । त्यसैले परमेश्वरले सूक्ष्मवे (तत्वज्ञान) यस काल ब्रह्मको अन्त:करणमा हालि दिनु भयो अर्थात् इमेल गरि दि भयो । सूक्ष्मवेदमा यसै पुस्तकको पृष्ठ २०८ को सृष्टि रचनामा लेखिएको यी सबै वर्ण थियो तथा सत्य साधना पनि लेखिएको थियो । जसलाई पढेर वा सुनेर सत्य साधन गरी प्रत्येक मानव (स्त्री पुरुष) सतलोक जान्थे । परमात्माको कृपाले ती सम्पूर्ण ज्ञा काल ब्रह्मको नासिकाद्वारा श्वाससँगै बाहिर प्रकट भयो । सारा ज्ञान काल ब्रह्म पढ्यो र यदि मसँग आएका प्राणीहरूले यो ज्ञान थाहा पाए भने सबै मेरो लोकबा निस्कन्छन् भनेर आत्तियो ।

मलाई परमात्माले एक लाख मानव शरीर धारी प्राणीको आहार गर्ने श्राप दि भएको छ । अब मेरो क्षुधा कसरी शान्त हुन्छ ? भन्ने विचार गरेर यस कालब्रह्म सुक्ष्मवेदबाट सृष्टि रचना तथा पूर्ण परमात्माको भक्ति साधना मन्त्र झिकि दियो । केवल आफ्नो साधनाको मन्त्र ओं (ॐ) बाँकी राख्यो तथा अन्य सामान्य ज्ञान पनि बाँकी राख्यो । शेष आध्यात्मिक ज्ञान अर्थात् चार वेद काल ब्रह्मले सागरमा लुकाई दियो जुन सागर मन्थन गर्दा बाहिर निस्कियो । काल ब्रह्मले आफ्नी पत्नी अष्टाङ्गी देवी (दुर्गा देवी) सँग भन्यो- चारै वेदमा भएको ज्ञान सागर मन्थन गर्दा निस्कन्छ । त्य ब्रह्मा जीलाई दिनू, उसैले पढोस् । ब्रह्मा जीले वेद प्राप्त गरे र पढे । ब्रह्मा जील वेदलाई जसरी बुझे त्यसै अनुसारको ज्ञान आफ्नो सन्तान ऋषिहरूलाई बताए । जसम स्पष्ट लेखिएको छ- यदि साधक पूर्णमोक्ष प्राप्त गर्न चाहन्छ भने केवल एक पूर्ण ब्रह्मको साधना इष्ट रूपमा गरून् । अन्य देविदेवताहरूको साधना नगरून् । विद्वा ऋषिहरूले वेदहरू पढे, केही ब्रह्मा जीबाट सुने अनि स्वयम्ले सम्पूर्ण वेदहरुमा केवल यजुर्वेद अध्याय ४० मन्त्र १५ मा एउटै मात्र ओं (ॐ) मन्त्र जाप गर्न भनी लेखिएको छ भन्ने निष्कर्ष निकाले। त्यही मन्त्रलाई पूर्ण ब्रह्मको साधना मानेर यस (ॐ नाम) को जाप गरे । साथै वेदको प्राप्तिभन्दा पहिले ब्रह्मा जी सचेत हुँदा कमलको फुलमा विराजमान थिए । उनी मनमनै विचार गरि रहेका थिए- म कहाँबाट उत्पन्न भएँ ?

मलाई जन्मदिने को हो ? यस अगाध जलमा मेरो के प्रयोजन छ ? छेउछाउमा कोही देखिदैनन् ।

त्यस बेला काल ब्रह्मले आकाशवाणी गरे- तप गर, तप गर । ब्रह्मा जीले त्यस आकाशवाणीलाई पूर्ण ब्रह्मको ठानेर फूलमा बसी घोर तप गरे । एक हजार वर्षसम्म तप गर्दै गर्दा फेरि सृष्टि गर भनी आकाशवाणी भयो । त्यसपछि ब्रह्मा जीले यस घोर तप गर्ने साधना पनि आफ्ना सन्तान ऋषिलाई गर्न उपदेश दिए । घोर तप गर्नु वेद र गीताको विरूद्ध साधना भएकोले मोक्षदायी छैन । (गीता अध्याय १७ श्लोक ५, ६ मा प्रमाण छ । जो शास्त्रविधि रहित घोर तप ताप्दछन्, ती शरीरका कमलहरूमा विराजमान देवीदेवताहरू सहित परमेश्वर एवं मलाई कृश गर्ने वाला हुन् । ती अज्ञानीहरूलाई तिमी असूर स्वभाव भएको जान ।)

❖ चारै वेदहरूमा वर्णित साधनाबाट परमात्मा प्राप्ति हुदैन किनकि काल ब्रह्मले प्रतिज्ञा गरेको छ– म वास्तविक काल रूपमा कसैलाई कहिल्यै दर्शन दिन्न । म आफ्नो योगमाया अर्थात् सिद्धी शक्तिले लुकि रहन्छु । (प्रमाण गीता अध्याय ७ श्लोक २४, २५ मा) त्यसकारण मेरो दर्शन अर्थात् मेरो प्राप्ति न त वेदहरूमा वर्णित विधिले, न कालद्वारा आकाशवाणी गरी बताइएको तपले नै हुन्छ ।

प्रमाण :- गीता अध्याय ११ श्लोक ४८ मा :- गीता ज्ञानदाता काल ब्रह्म हुन्, जो श्री कृष्णको शरीरमा प्रवेश गरेर बोलि रहेका थिए । उनले भनेका छन्- हे अर्जुन ! मनुष्य लोकमा यसरी रूपमा म न वेदहरू र यज्ञहरूको अध्ययनले अर्थात् वेदहरूमा लेखिएको धार्मिक क्रियाहरू पढेर साधना गर्नाले, न दान गर्नाले, न अन्य कियाहरूले (श्राद्ध, पिण्डदान आदि कर्मकाण्ड क्रियाहरूले), न उग्र तपले देख्न सकिन्छ । गीता अध्याय ११ श्लोक ३२ मा गीता ज्ञानदाताले म काल हुँ भनी स्पष्ट गरि दिएका छन् ।

➢ ऋषिहरूले ॐ नामको जाप तथा ब्रह्मा जीद्वारा बताइएको शास्त्रविधि रहित तप तथा वेदहरूमा वर्णित हवन आदि यज्ञ गरे । उनीहरूलाई परमात्माको दर्शन भएन । ती ऋषिहरूलाई एक या दुई ऋद्धि-सिद्धि प्राप्त भयो । त्यसैको प्रदर्शन गरी लोक प्रसिद्धि प्राप्त गरि रहे । मोक्षबाट वञ्चित भए । ती ऋषिहरूलाई कालले छलगरी कसैलाई आफ्नो पुत्र ब्रह्माको रूपमा दर्शन दिए । जसले गर्दा ती ऋषिहरूलाई अन्य कोही परमात्मा छैनन्, यी सगुण (साकार) देवता ब्रह्मा नै सबै थोक हुन् भन्ने विश्वास भयो ।

➢ केही ऋषिहरूलाई श्री विष्णुको रूपमा दर्शन दिए । उनीहरूले पनि गल्तीले विष्णुलाई पूर्ण परमात्मा माने, जो साकार देवता हुन् ।

➢ केही ऋषिहरूलाई श्री शिव जीको रूपमा दर्शन दिए । उनीहरूले पनि भ्रमवश श्री शिव जीलाई साकार देवतालाई पूर्ण ब्रह्म स्वीकार गरे ।

जून ऋषिहरूले श्री ब्रह्मा जीको रूपमा देखेका थिए । उनीहरू हजारौंको सङ्ख्यामा गएर श्री ब्रह्मा जीसँग भने– तपाईंले आफूलाई लुकाउनु भएको छ । हामीले साधना कालमा समाधी दशामा तपाईंको दर्शन गरेका छौं । तपाई पूर्ण परमात्मा हुनु हुन्छ ।

❖ जुन ऋषिहरूले विष्णु जीको रूपमा दर्शन गरेका थिए । उनीहरूले हजा सङ्ख्यामा श्री विष्णु भएको ठाउँ गई उनलाई पूर्ण परमात्मा बताए र भने, "तप आफूलाई लुकाउनु भएको छ ।"

❑ यसैगरी जुन ऋषिहरूले श्री शिव रूपमा देखेका थिए । हजारौंको सङ्ख्याम ऋषिहरूले श्री शिव जीसँग गएर भने, "तपाई पूर्ण परमात्मा हुनु हुन्छ, आफू लुकाउनु भएको छ ।"

विशेष :- काल ब्रह्मद्वारा गरिने छलको प्रत्यक्ष प्रमाण श्री शिव महापुरा विद्यवेश्वर संहितामा छ । उपरोक्त ऋषिहरूबाट आ-आफ्नो महिमा मण्डन सुनेर श्री ब्रह्मा जी तथा श्री विष्णु जीले एक अर्कालाई आफ्नो पुत्र र स्वयंलाई स मालिक बताए । जसकारण दुवैबिच युद्ध भयो । त्यसैबेला त्यही काल ब्रह्म अ सदाशिव आफ्नो पुत्र शिवको रूपमा प्रकट भए र उनीहरूलाई म सबैको मालिक तिमीहरू इश होइनौ भन्ने कुराको भ्रममा पारे । ती दुवैलाई आफ्नो लिङ्ग (गुप्ताङ्ग) आकारको ढुङ्गाको लिङ्ग बनाई त्यसलाई ढुङ्गाको स्त्री योनीमा प्रविष्ट गरेर दिए र विरूद्ध साधना अर्थात् त्यस लिङ्गको पुजा गर्नाले कल्याण हुने कुरा बताए । त समयमा श्री शिव जीको रूपमा प्रकट भएर भने, "तिमी दुवै (ब्रह्मा विष्णु) को उत् तथा स्थिति दुई कृत दिएको छ र मेरो जस्तो स्वरूप भएको रूद्र तथा शिवलाई सं तथा तिरोभाव कृत दिएको छ ।" यसबाट काल ब्रह्म प्रतिज्ञावश आफ्नो वास्तवि रूपमा कसैलाई दर्शन दिदैन, यस्तै छल गरेर प्रकट हुन्छ भन्ने सिद्ध भयो ।

❖ यसकारण ऋषिहरूलाई परमात्मा प्राप्ति भएन तर उनको साधनाले सिद्धि प्राप्ति, ब्रह्मलोक प्राप्ति, तपबाट राज्य प्राप्ति, तथा फेरि नर्क प्राप्ति, जन्म मरण चक्र प्राप्ति भयो किनकि ॐ (ओउम्) नामको जापको प्रतिफलमा ब्रह्मलोक प्र भयो । त्यहाँ आफ्नो सुख समय व्यतित गरेर पृथ्वीलोकमा तपको प्रतिफलमा रा बने । काल ब्रह्मको अटल विधान छ । जस्तो कर्म प्राणीले गर्दछ, त्यसले त्यस्तै फ अवश्य पाउँछ । अर्थात् पुण्य एवम् भक्ति कर्मको कारण स्वर्ग, तपबाट राज्य त पापकर्मबाट नरक तथा अन्य प्राणीको शरीरमा कष्ट अवश्य प्राप्त हुन्छ ।

❖ यस कर्म चक्रमा महाकष्ट उठाइ रहेका आफ्नो आत्मामाथि दया गरेर, पिता कर्तव्य निभाउँदै परम अक्षर ब्रह्म सुक्ष्म वेद (तत्वज्ञान) बताउन स्वंय पृथ्वीमा प्रकट भयो । जुन वेद काल ब्रह्मले नष्ट गरेको थियो । त्यसको पुर्ति गर्नु भयो ।

❖ तपाईहरूलाई चारै वेद तथा गीताबाट सिद्ध गर्दछु कि वास्तवमा पूर्ण परमा पृथ्वीमा प्रकट भएर यथार्थ सम्पूर्ण अध्यात्म ज्ञान अर्थात् सुक्ष्मवेद स्वयम् आफ्नै मुखब बोलेर बताउनु हुन्छ । त्यो लेखिन्छ । त्यसलाई सच्चिदानन्द घन ब्रह्मको वा भनिन्छ ।

❖ चारै वेद र गीतामा जुन भक्तिविधि छ, त्यो जन्म मरण समाप्त गर्ने होइन तर पुराणमा भएको भक्तिविधिभन्दा हजार गुणा उत्तम छ । यिनमा वर्णित भक्तिवि शास्त्रोक्त त छन् जसले अन्य अन्ध श्रद्धा भक्ति विधि अर्थात् मनोमानी आचर भएको साधना भन्दा त हजार गुणा लाभ दिन्छ, तर जन्म-मरण समाप्त गर्ने तथा

परमेश्वरको त्यो परमपद प्राप्त गर्ने खालको छैन, जहाँ गए पश्चात् संसारमा फर्केर कहिल्यै आउँदैन । तर सूक्ष्मवेदमा सम्पूर्ण अध्यात्म ज्ञान तथा जन्म-मरण सदाका लागि समाप्त गर्ने भक्ति विधि वर्णित छ । वेदहरू तथा गीतामा भएको साधना पनि छ । यसभन्दा अगाडिको साधना पनि छ, जुन गीता तथा वेदमा छैन । जुन तत्वदर्शी सन्तबाट जान्न भनिएको छ ।

प्रमाण :- युजर्वेद अध्याय ४० मन्त्र १० तथा गीता अध्याय ४ श्लोक ३४ मा । चारै वेद तथा सूक्ष्म वेद कसरी प्राप्त भयो भन्ने कुरा बताउन यी सबै वर्णन गर्न अनिवार्य छ । जुन गरियो र बाँकी पछि गरिने छ । यदि सोझै तत्व ज्ञान परमेश्वर (परम अक्षर ब्रह्म) ले दिएको हुन् भनी लेखि दिएँ भने संशय रहि रहन्छ । विस्तारपूर्वक लेखेर स्पष्ट गरिन्छ ।

❖ पवित्र गीता शास्त्रमा साङ्केतिक अनमोल ज्ञान छ । जसलाई हाम्रा हिन्दू धर्मगुरुले बुझेनन् । यसलाई केवल तत्वदर्शी (सूक्ष्मवेदका ज्ञाता) ले नै बुझ्दछन् र बुझाउँन सक्छन् । त्यो तत्वदर्शी सन्त यो दास (रामपाल दास) हो ।

❑ सूक्ष्मवेद (तत्वज्ञान) कसले बतायो भन्ने कुरा गीताको साङ्केतिक ज्ञानबाट प्रमाणित गर्दछु । यस पश्चात् वेदबाट प्रमाणित गरिने छ ।

➢ गीता अध्याय ४ श्लोक २५ देखि ३० सम्म बताइएको छ– जसलाई यज्ञहरू अर्थात् धार्मिक अनुष्ठानहरूको जत्ति ज्ञान छ, त्यसले त्यसै ज्ञानलाई पापनाशक अर्थात् कल्याण कारक मानेर साधना गरि रहेछ ।

➢ गीता अध्याय ४ श्लोक २५ मा भनिएको छ– केही अन्य योगीजन (साधक) देवताहरूको पूजा भलिभाती अर्थात् ढुक्क भएर गर्दछन् । अन्य साधक परमात्माको तडफ रूप अग्निमा आफ्नै अनुसारको साधना गरेर जीवन समर्पण गर्दछन् ।

➢ गीता अध्याय ४ श्लोक २६ मा:- अन्य योगीजन (साधकजन) आँखा, कान आदि इन्द्रियहरू बन्द गरेर संयम गरेर नै आफ्नो सफलता मान्दछन् अर्थात् यही अग्नि यानी तडपमा यसैलाई मोक्षदायक मानेर आफ्नो जीवन हवन यानी समर्पण मान्दछन् । अन्य साधक शब्द, स्पर्श, रूप, रस, गंध यी विकारहरूमा आफ्नो इन्द्रियहरूलाई जानबाट रोक्न अर्थात् संयम गर्ने खालको साधना रूपी अग्निमा लागि रहन्छन् अर्थात् यी विषयहरूलाई हवन (नष्ट) गर्नमा लागि रहन्छन् र अरू कुनै साधना गर्दैनन् । यसैलाई आफ्नो भक्तिको सफलता मानेर यसै साधनामा आफ्नो जीवन समाप्त गरी दिन्छन् ।

"श्रृंगी ऋषि तथा दशरथ पुत्री शान्ताको प्रेमकथा"

श्री तुलसी कृत रामायणको "बालकाण्ड" अध्यायमा शान्ताको केही वर्णन छ । चौपाईहरूमा श्री रामचन्द्रको विवाहको वेला दुलही पक्षका आईमाईहरूले यंग (विवाहमा आईमाईद्वारा केटी पक्षले गीतद्वारा केटा पक्षलाई गर्ने व्यंग) (सिठणे) सुनाउँदै भने, "राम जी तिम्री बहिनी शान्ता, ऋषि, श्रृंगीसँग भागेर गएकी थिइन् या विवाह भएको थियो ? विवाह त आफ्नो जातिमा हुन्छ । श्रृंगी ऋषि त ब्राह्मण थिए ।"

उदाहरण :- श्रृंगी ऋषि जीले इन्द्रियहरू वशमा गरेर विषय अर्थात् काम (Sex) क्रोध, मोह, अहंकार तथा लोभलाई वशमा गर्ने उद्देश्यले कठिन साधना गरे तथा आफूले पाँचै विकार (रूप, रस, गंध, स्पर्श, शव्द) माथि नियन्त्रण गरि सकें भन्ने ठाने ।

दिनभरिमा एक पटक मात्र एउटा रूखको बोक्रा जिब्रोले चाट्थे । त्यसैबाट उनी तृ हुन्थे । एक समय आफ्नो भक्ति प्रदर्शन गर्नका लागि श्रृंगी ऋषि अयोध्या नजीकै जङ्गलमा एउटा वृक्षतर्फ मुख फर्काएर बसे । दश दिन बित्यो । अयोध्याका धार्मि व्यक्तिहरूले ऋषि जी साधनाबाट उठेपछि भोजन खुवाउँछौ भनेर खीर, हलुवा आ स्वादिष्ट भोजन बनाएर लगे तर श्रृंगी ऋषि दिनको एकचोटी वृक्षको फेदको बो जिब्रोले चाट्थे । आँखा पनि न उघारी ध्यान मग्न हुन्थे । ऋषिको चर्चा अयो नगरीमा दावानल (डढेलो) जसरी फैलियो । राजा दशरथले थाहा पाएपछि आफ्ना छो शान्ता तथा रानीहरूको साथमा ऋषिको दर्शन गर्न गए तर ऋषिले आखा उघारेनन् मात्र एकचोटी जीब्रोले वृक्षलाई चाटे । कैयौं दिन यसरी नै बित्यो । राजा दशरथ छोरी युवा थिइन् । त्यति बेलासम्म रामचन्द्र आदि पुत्रहरू जन्मेका थिएनन् । कौसल रानीबाट शान्ता छोरीको जन्म भएपछि २० वर्षसम्म कुनै रानीबाट कुनै सन्तान भए थिएनन् । त्यस समयमा शांता युवा थिइन् । उनी प्रतिदिन आफ्ना नोकर्नीहरू साथमा ऋषि जीको दर्शन गर्नको लागि पिता दशरथसँग आज्ञा लिएर जान थालिन् शान्ताले एउटा वैद्यसँग ऋषि जीको समाधी कसरी खोलौ भनेर समाधि खोल्ने वि सोधिन् । वैद्यले भने– वृक्षको त्यस स्थानमा महको लेप लगाइ देऊ, जहाँ ऋषि ज जिब्रोले चाट्छन् । शान्ताले त्यसै गरिन् । पहिले ऋषि जिब्रोले एक पटक चाट्थे । अ दुईचोटी चाट्न थाले । भोलिपल्ट फेरि मह लगाइयो । त्यस दिन चार चोटी चाटे तेस्रो दिन फेरि मह लगाए, ऋषि जीले धेरै बेरसम्म चाटि रहे र आँखा उघारे । सामु हेरे । शान्ताले आफ्नो परिचय दिइन् र भोजन खानको लागि निवेदन गरिन् । ऋ जीले अलिकति खीर खाए । राजा दशरथले ऋषिलाई आफ्नो घरमा जान निवेद गरे । ऋषि जी तुरुन्तै सहमत भए । शान्ता छोरीलाई ऋषिको सेवा गर्न भने । शान् नोकर्नीहरूद्वारा बनाएको खाना स्वयं आफै लगेर ऋषिलाई खुवाउँथिन् । धेरै बेरस परमात्माको चर्चा गर्थिन् । राजा दशरथले श्रृंगी ऋषिसँग सन्तानको लागि याचना गरे ऋषिले पुत्र प्राप्तिको लागि एक यज्ञ गर्न सल्लाह दिए र भने त्यो यज्ञ मैले नै गरें भ तपाईलाई अवश्य पुत्र प्राप्ति हुने छ । शुभ मुहुर्त निकालेर ६ महिना पछि यज्ञको सम राखियो ।

श्रृंगी ऋषिले राजा दशरथसँग म तपाईंकी छोरी शान्तासँग विवाह गर्न चाहन् भने । ऋषिको उमेर चालिस वर्षको थियो अनि शान्ताको उमेर बीस वर्ष । राज दशरथ क्षेत्री जातिका थिए भने श्रृंगी ऋषि ब्राह्मण । जसकारण दशरथ धर्म सङ्कटम फँसे र चिन्तित रहन लागे । यदि हुदैन भनौं भने श्रृंगी ऋषिको श्रापको डर, विवा गरि दिऊँ भने जाति आफन्तको भय । एउटा ऋषिले राजाको सङ्कट देखेर विचक बाटो निकाले । त्यस ऋषिले शान्तालाई धर्म पुत्री बनाए र श्रृंगी ऋषिसँग शान्ताक विवाह गरि दिए । श्रृंगी ऋषि शान्तालाई लिएर वनमा कुटी बनाएर बस्न लागे ।

कथा सार :- गींता अध्याय ४ को श्लोक २६ को तात्पर्य :- केही साधक भन्छन् जसले आफ्नो इन्द्रियहरूलाई दमन गर्छ, त्यसैले मुक्ति पाउँछ । त्यही उद्देश्यले श्रृंगी ऋषिले जङ्गलमा गई साधना गरे र मैले आफ्नो इन्द्रियहरू वशमा गरेको छु भन

ठानेका थिए । त्यसैले अयोध्या शहर नजिक गई बसेर आफ्नो सार्थकताको प्रदर्शन गर्न लागेका थिए तर मार खाए ।

सूक्ष्म वेदमा लेखिएको छ :-

कुरंग मतंग पतंग श्रंग भृंगा, इन्द्रिय एक ठग्यो तिन अंगा ।

शब्दार्थ :- पाँच विषय विकार छन् । (शब्द, स्पर्श, रूप, रस, गंध)

➢ शब्द विषय :- शब्द अर्थात् संगीतको आकर्षण कानद्वारा शरीरमा गएर जीवलाई विवश पार्दछ । शब्द विषय (विकार) को प्रभाव हरिणमा धेरै हुन्छ । मृग समात्नेले जङ्गलमा वाद्य यन्त्रद्वारा संगीतको विशेष धुन (Tune) निकाल्दछ, जुन धुन सुनेर आफ्ना शब्द विकारको वशमा भएर मृग शिकारी तर्फ तानिदै आउँछ र शिकारीको सामुन्नेमा बसेर धुनको आनन्द लिन थाल्छ । शिकारीले त्यसलाई समातेर मारेर आफ्नो धन्धा चलाउँछ । हरिण एक विषयको वशमा परेर मऱ्यो ।

➢ स्पर्श विषय :- स्पर्श अर्थात् नर-मादा (भाले-पोथी) को मिलन (Sex) को विकारले शरीरलाई छेड छाड (छोइछाई) गर्नाले धेरै प्रभाव पार्दछ । हाथी यस विषयको अधिक वशमा छ । हाथी समात्नेहरूले जङ्गलमा विसफुट चौडा दश फुट गहिरो सय फुट लामो खाल्टो खनेर त्यस माथि झिक्राहरू राखेर हरिया घाँस उखेलेर झिक्रामाथि राखि दिन्छन् । त्यो खाल्टो हेर्दा समथर जमिन जस्तै देखिन्छ । एउटा पूर्ण रूपमा तालिम प्राप्त पोथी हात्तीलाई हात्तिको हुलमा पठाउँछन् । त्यस पोथी हात्तीले गर्भ धारण गर्ने बेलामा हात्तीको शरीरलाई छेडछाड (स्पर्श) गरेर प्रेरित गरे जसरी हात्तीहरूको शरीरमा आफ्नो शरीरले स्पर्श गर्छे । ऊ कत्ति हात्तीहरूको शरीरमा आफ्नो शरीर दलेर फर्कन्छे । जुन जुन हात्तीको शरीरमा आफ्नो शरीर दलेकी थिई ती हात्तिहरू काम वासनाले पिडित भई पोथी हात्तीसँग मिलन (Sex) गर्ने इच्छाले पछिपछि दौडन थाल्छन् । पोथी हात्ती छिटो-छिटो दौडेर त्यस खाल्टाबाट जोगिएर खाल्टोलाई बीचमा पारेर पारिपट्टि गई उभिन्छे । कामान्ध हात्तिले खाल्टोको परख गर्दैन । हवस पूर्तिका लागि सोझै हिड्छ र खाल्टामा परेर अर्काको वशमा पर्छ । एक स्पर्श अर्थात् काम वासना विकारका कारण विवश भएर हात्ती सदाको लागि पराधीन हुन्छ अर्थात् शिकारीको जालमा फँस्छ ।

➢ रूप विषय :- रूप विषयले नेत्र इन्द्रियद्वारा प्रभाव पार्दछ । जसको विशेष दवाव पुतली (पतंग) मा हुन्छ । जुन दियो, मैनवत्तिमा रूप विकारद्वारा प्रभावित भएर त्यसलाई प्राप्त गर्ने उद्देश्यले जलेर मर्छ । उसको वशको कुरा होइन । ऊ नेत्र इन्द्रियको वशमा छ ।

➢ रस विषय :- रस विषय जिभ्रो (जिब्रो) इनद्रियले प्रभाव पार्दछ । श्रंग (माछा) मा रस विषयको प्रभाव अत्याधिक हुन्छ । माछा समात्ने माझीद्वारा फलामको काँटी (बल्छी) मा मासुको टुक्रा लगाई तलाउमा हाल्छ । माछा जिभ्रो इन्द्रियको वशमा परेर रस विषयबाट प्रभावित भई त्यसलाई खानको लागि अन्धो भएर काँटी (बल्छी) लाई देख्दैन र आफ्नो जीवनबाट हात धुन्छ अर्थात् बल्छीमा फँसेर माझीको हातबाट मर्छ । ऊ रस विषयका कारण विवश छ । माछा जिभ्रो इन्द्रियको वशमा छ ।

➢ गंध विषय :- गंध विकार नासिका (नाक) इन्द्रियले जीवलाई प्रभाव पार्छ। (भमरा) गंध विषयका कारण फुलबारीमा जान्छ। फुलमा बसेर सुगंधको आनन्द मस्त हुन्छ। रात परे पछि फुल बन्द हुन थाल्छ तर भमरा सुगंध लिने धुनमा फु बन्द भएर मर्छ। त्यस गंधबाट टाढा हुदैन। भमरा प्राणी नासिका इन्द्रियको व छ।

❖ सूक्ष्मवेदमा परमेश्वर कबीर जीले समझाउनु भएको छ– जुन साधक शास्त्र विपरित आफ्नो इच्छाले मनोमानी आचरण गरी आफ्ना इन्द्रियहरूलाई विषय (विकारहरू) बाट हटाउनको लागि दमन गर्दछ र यसैलाई आफ्नो अध्यात्म उपल तथा सफलता मान्दछ। यो उसको सम्पूर्ण अध्यात्म ज्ञानको अभावको कारणले मात्र हो किनकि:-

कुरंग मतंग पतंग श्रंग भृंगा। इन्द्रिय एक ठग्यो तिन अंगा ॥
तुम्हरे संग पाँचो प्रकाशा। योग युक्त की झूठी आशा ॥

शब्दार्थ :- परमेश्वर कबीर जीले सूक्ष्मवेदमा सम्झाउनु भएको छ– मृग, हा पुतली, माछा तथा भमरामा त एक एक इन्द्रियको प्रभाव छ। जसकारण तिनी धोका खान्छन् र मर्छन्। बच्न सक्दैनन्।

हे मानव (स्त्री-पुरुष) तिमीहरूमा त पाँचै विषयहरूको प्रवल प्रभाव छ। त्यस पाँचै इन्द्रियहरूलाई दमन गर्ने व्यर्थ प्रयत्न गर्छौ। समय आएपछि तिमीहरू इन्द्रियहरूको दोषबाट जोगिन सक्दैनौ। त्यसबेला तिमीहरूको इन्द्रियलाई साध खालको मनोमानी साधना व्यर्थ सिद्ध हुन्छ। त्यसकारण शास्त्रविरूद्ध उपासनाले य युक्त हुने तिमीहरूको झुठो आशा थियो। माथि प्रमाणमा बताईको छ कि श्रृंगी ऋषि अन्नजल त्यागेर आफूलाई योग युक्त ठाने। गीता अध्याय ६ को श्लोक १६ मा य कुरा भनिएको छ– यो योग अर्थात् परमात्मा मिलनको साधना न त खादै नखानेको, अधिक खानेको, न सुत्दै न सुत्लेको, न धेरै सुत्नेहरूको सफल हुन्छ। श्रृंगी ऋषि खादै नखाने तथा सुत्दै नसुत्ने हठयोग क्रिया गरे। गीतामा भनिएं अनुसारको मर्या छोडेकाले असफल भए।

१. श्रृंगी ऋषि आफ्नो जिब्रो इन्द्रिय अर्थात् रस विकारको कारण मह चाट लागे।

२. नेत्र इन्द्रिय अर्थात् रूपको कारण शान्तामा आसक्त (मोहित) भएर आफ उद्देश्य नै बिर्सिए।

३. श्रवण इन्द्रिय अर्थात् शब्द विषयबाट प्रभावित भयो किनकि शान्ता मह बाहिर पार्कमा मस्तसँग घुम्थिन्। मधुर स्वरमा शान्ता गीत गाउँथिन्। श्रृंगी ऋषि सुनी सुनी आसक्त भए।

४. शान्ता सुगन्धित तेल प्रयोग गर्थिन्। त्यसबाट पनि ऋषि आकर्षित भए।

५. शान्ता आफ्ना शरीरका अङ्गहरू जानी जानी अनजान बनेर ऋषिसँग स गराउँथिन्। जसकारण श्रृंगी ऋषिमा शान्तालाई प्राप्त गर्ने तडप बढ्न थाल्यो र आफ उद्देश्य बिर्सेर शान्तासँग विवाह गरे।

विचार गर्नुपर्ने कुरा :- उनको इन्द्रिय विषयहरू (विकारहरू) लाई समाप्त गर्ने वर्षौंको साधनाको के प्रयोजन थियो ? त्यो त व्यर्थ थियो तर त्यसलाई मोक्षदायक तथा पापनाशक मानेर गरि रहेको थियो । जुन श्रृंगी ऋषिको आध्यात्मिक ज्ञानको अभावको परिणाम थियो ।

कबीर परमेश्वर जीले भन्नु भएको छ- इन्द्रियहरू मनको आधीन छन् । जबसम्म मनमा अंकुश लाग्दैन, तबसम्म इन्द्रियहरूलाई वशमा राख्नु त धेरै परको कुरा हो । कुनै पनि साधना सफल हुन सक्दैन । मनमा अंकुश तत्व ज्ञान (सुक्ष्मवेद) द्वारा लाग्दछ । त्यस ज्ञानको अभाव छ । पूर्ण मोक्ष अर्थात् जन्म-मरण तथा जरा (वृद्धावस्था) बाट छुटकारामा बाधा छ ।

❖ त्यो सूक्ष्मवेद (तत्वज्ञान) स्वयं परमेश्वर (सच्चिदानन्द घन ब्रह्म) पृथ्वीमा प्रकट भएर आफ्नो मुखकमलबाट बोलेर वाणीद्वारा बताउनु हुन्छ । जसको वर्णन गीताको यसै अध्यायको ४ को श्लोक ३२ तथा ३४ मा छ । यसंको बारेमा पछि बताइने छ । अब गीता अध्याय ४ को अन्य २७ देखि ३० श्लोकहरूको वर्णन गर्दछु ।

❖ गीता अध्याय ४ को श्लोक २७ :- यस श्लोकमा भनिएको छ- अन्य साधकहरू पनि दशै इन्द्रियहरू अर्थात् पाँच कर्म इन्द्रियहरू (हात, मुख, खुट्टा, गुदा, लिङ्ग) तथा पाँच ज्ञान इन्द्रियहरू (कान, जिब्रो, आँखा, नाक, छाला) तथा प्राणहरू अर्थात् श्वासलाई साध्ने क्रियाहरू गरेर त्यसैबाट सन्तुष्ट हुन्छन् तथा आउने जाने श्वासमा ध्यान गरेर आफ्नो साधनालाई सफल ठान्दछन् ।

❖ गीता अध्याय ४ को श्लोक २८ :- यस श्लोकमा भनिएको छ- कयौं साधकहरू द्रव्य अर्थात् धनद्वारा हुने यज्ञ अर्थात् धार्मिक अनुष्ठान गर्नाले मात्रै सन्तुष्ट रहन्छन् र हामीले पाप नास गर्‍यौं अर्थात् यसैबाट मोक्ष भयो भन्ने ठान्दछन् । धार्मिक भोजन-भण्डारा अर्थात् लंगर गर्नु, गरीबहरू वा सन्त-भक्तहरूलाई कम्बल, कपडा बाड्नु, पिउने पानीको व्यवस्था गर्नु, धर्मशाला, कुवा आदि बनाउनु द्रव्य यज्ञ भनिन्छ । (यसै विषयमा गीता अध्याय ४ को श्लोक ३३ मा द्रव्य यज्ञ भन्दा ज्ञान यज्ञ श्रेष्ठ छ भनिएको छ।) गीता अध्याय ४ को श्लोक २८ मा फेरी भनिएको छ :-

➢ केही साधक घोर तपस्या गरेर आफ्नो साधना सफल मान्छन् ।

➢ केही योग आसन गरेर त्यसैबाट गुड्दै गरेको कार रोक्छन्, छातीमा ढुङ्गा राखेर फुटाउन लगाउँछन् । गरूङ्गो सामान लादेको गाडी तानेर देखाउँछन् । हातको माध्यमले हिंडेर देखाउँछन् । यिनीहरू यसैलाई मोक्षदायक अर्थात् पापनासक मान्दछन् यानी आफ्नो जीवनको अन्तिम उद्देश्य मान्दछन् ।

➢ अरू थुप्रै मुखमा कपडाको पट्टि बाधेर, खाली खुट्टा रहेर हिंसाबाट व्रत अर्थात् परहेज गर्दछन् अर्थात् हिंसाबाट बच्दछन् । जथाभावी मनोमानी मन्त्रको जाप गर्दछन् र यसैलाई पूर्ण साधना मान्दछन् ।

केही यसका साथ साथै स्वध्याय गर्दछन् अर्थात् कुनै ग्रन्थको नित्य पठन-पाठन गर्दछन् । यस्ता खालका यज्ञहरू अर्थात् धार्मिक अनुष्ठानहरू गरेर पापबाट मुक्त भएको ठान्दछन् ।

❖ गीता अध्याय ४ को श्लोक २९, ३० :- यी दुवै श्लोकहरूमा भनिएको छ– साधकहरू प्रणायाम क्रियाहरू गर्दछन् । श्वासद्वारा भित्र शरीरमा तानिने वा वि वायुलाई पान वायु भनिन्छ भने श्वासद्वारा बाहिर छोडिने तथा गुदा द्वारबाट रूपमा निस्कने वायुलाई अपान वायु भनिन्छ । केही साधकहरू अपान वायुलाई वायुलाई हवन गर्दछन् अर्थात् रेचक-कुम्भक क्रियाद्वारा अभ्यास गर्दछन् । केही नि भोजन गर्दछन् र प्रणायामको अभ्यास पनि गर्दछन् । प्रणायाम गर्नेहरूले श्वास वायु तथा अपान (अधोगती वाला वायु) लाई रोकेर साधना गर्दछन् । यसै य क्रियालाई मोक्षदायक मान्दछन् ।

➢ उपरोक्त श्लोक २५ देखि ३० मा भनिएका साधकहरू आ-आफ्नो यज्ञ अर्थात् आध्यात्मिक क्रियाहरूद्वारा पाप नाश हुने कुरा जान्दछन् । पाप रहित साध नै मोक्ष प्राप्त गर्दछ । भावार्थ :- उपरोक्त सबै साधकहरू आ-आफ्नो धा क्रियाहरूद्वारा मोक्ष हुन्छ भन्ने ठान्दछन् ।

❖ गीता अध्याय ४ को श्लोक ३१ मा भनिएको छ– हे कुरु श्रेष्ठ अर्जु उपरोक्त श्लोकहरूको वर्णनमा नभएको यथार्थ ज्ञान तथा गीतामा नभएको ती यज्ञहरू अर्थात् साधनाहरूको क्रियाहरूको ज्ञान तत्वज्ञानमा छ, जसको वर्णन शेष ती बाँकी रहेका यज्ञहरू अर्थात् धार्मिक साधनाहरूको ज्ञान अर्थात् सुक्ष्मवेद अनु अनुष्ठान गर्दा बचेको प्रसाद खानेहरू तत्वज्ञानसँग परिचित भएर सत्य साधना सनातन ब्रह्मलाई प्राप्त गर्छन् । भक्ति नगर्नेहरू यसै लोकमा दु:खी रहन्छन् भने अन्य माथिका लोकहरूमा कसरी सुखी होलान् ? ती सनातन परमात्मालाई तत्वज्ञान प्राप्त गर्न सकिन्छ ।

तत्वज्ञान (सुक्ष्मवेद) कसरी प्राप्त भयो ? त्यसको सङ्केत गीता अध्याय ४ श्लोक ३२ मा यस प्रकार छ :-

गीता अध्याय ४ श्लोक ३२ :- यो श्लोकमा सूक्ष्मवेदको उत्पत्तिको सङ् दिएको छ । र भनिएको छ- सुक्ष्मवेदमा यस प्रकारको (उपरोक्त क्रियाहरू) तथा अ यज्ञहरू अर्थात् धार्मिक साधनाहरूको वर्णन विस्तार पूर्वक गरेको छ । उपरो साधनाहरूबाट के लाभ छ ? हानी के छ ? यो पनि सूक्ष्मवेदमा बताइएको छ तथा मोक्षदायक यथार्थ भक्ति साधनाको वर्णन पनि (ब्रह्मण: मुखे) सच्चिदानन्द घन ब्रह्म आफ्नो मुख कमलबाट बोलिएको वाणीमा विस्तार पूर्वक बताइएको छ । त्यो तत्वज्ञ (सुक्ष्मवेद) हो, जसमा यथार्थ मोक्षदायक साधना छ । त्यो कर्म (कार्य) गर्दा गर्दै कुरा हो अर्थात् हठयोगको आवश्यकता छैन । यसरी साधक सूक्ष्मवेद बुझेर स साधना गरी मोक्ष प्राप्त गर्दछ ।

❑ सूक्ष्मवेद तथा चारै वेदहरूको ज्ञान कसरी प्राप्त भयो भन्ने प्रसङ्ग चलि रहे छ ।

➢ गीता अध्याय ४ श्लोक ३२ मा सङ्केत गरेको छ– परम अक्षर ब्रह्मले आफ मुखबाट बोलेको वाणीमा समस्त अध्यात्मिक क्रियाहरू (यज्ञहरू) को वर्णन गर्नु हुन्छ त्यो तत्वज्ञान (सूक्ष्मवेद) हो । यसलाई जान्नको लागि गीता अध्याय ४ को श्लोक

मा कुनै तत्वदर्शी सन्तबाट जान्नको लागि भनिएको छ । यसबाट त्यो ज्ञान गीतामा छैन भन्ने सिद्ध हुन्छ ।

गीता चारै वेदहरूको संक्षिप्त रूप हो । अठार हजार वेद मन्त्रहरूलाई सात सय मन्त्रमा समायोजन गर्नका लागि साङ्केतिक शब्दहरूको प्रयोग गरिएको छ । गीता अध्याय ४ को श्लोक ३२ मा केवल यत्ति मात्र सङ्केत गरिएको छ "ब्रह्मणः मुखे वितता" अर्थात् सच्चिदानन्द घन ब्रह्म आफ्नो मुखबाट वाणी बोलेर ती वाणीमा (यज्ञहरू) धार्मिक क्रियाहरूको सविस्तार वर्णन गर्दछन् ।

□ यसैको विस्तृत वर्णन ऋग्वेदका निम्न मन्त्रहरूमा गरिएको छ :-

(यी ऋग्वेदका मन्त्रहरूमा तपाईंले प्रत्यक्ष रूपमा गुढ रहस्य पढ्नु हुने छ)

यी वेद मन्त्रहरूको अनुवाद पनि तिनै व्यक्तिहरूले गरेका हुन्, जो वर्तमानमा आफूभन्दा अधिक वेदका ज्ञाता अरू कसैलाई मान्दैनन् । महर्षि दयानन्द जी भन्दा बढी अध्यात्म ज्ञान तथा वेदहरूका ज्ञानमा अरू कसैलाई विद्वान मान्दैनन् । महर्षि दयानन्द जीले आफैद्वारा लिखित पुस्तक "सत्यार्थ प्रकाश" मा स्पष्ट लेखेका छन्– वेदहरूमा जे लेखिएको छ, ती सबै सत्य हुन् । हामी वेद विरूद्धको कसैको कुरा मान्दैनौं, चाहे त्यो मेरै (महर्षि दयानन्दको) नै किन नहोस् । तिनलाई झुठो मान्नू । महर्षि दयानन्द जीले सत्यार्थ प्रकाशमा लेखेका छन्– परमात्मा निराकार छन् । त्यसैले कुनै लोकमा तल-माथि एक स्थानमा बसेका छैनन् या कहीं आउने जाने पनि गर्दैनन् । सर्वव्यापक हुनाले ती कण-कणमा विद्यमान छन् ।

❖ आउनु होस्, अब वेदले के भन्छ जानौ :- ऋग्वेदका मन्त्रहरूका निम्न फोटोकपीहरूमा वेदमा के लेखिएको छ, त्यो तपाईंहरूले देख्नु हुने छ । यिनको अनुवाद पनि महर्षि दयानन्दका चेलाहरू अर्थात् आर्यसमाजी शास्त्रीहरूले गरेका हुन् :-

➢ परमेश्वर सर्वोपरि अर्थात् सबै भन्दा माथिको लोकमा (तिष्ठति) बसेका छन् अर्थात् त्यहाँ विराजमान छन् । (त्यहाँ विद्यमान छन् ।)

प्रमाणः- ऋग्वेद मण्डल ९ सुक्त ५४ मन्त्र ३ मा :- (सूर्यः न) सुर्य समान अर्थात् जसरी सूर्यमाथि विद्यमान छ त्यस्तै (पुनानः) पवित्र (सोम देवः) शीतल अमर परमेश्वर (विश्वानी) विश्वका सम्पूर्ण (भूवनोपर तिष्ठति) लोकहरूभन्दा माथिको लोकमा बसेका छन् ।

➢ ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र १८ मा भनिएको छ– जो पूर्ण परमात्मा हुन् । ती माथि तेस्रो मुक्ति धाममा विराजमान छन् (सोमः तृतीयम् धाम विराजम्)

➢ ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र १९ :- यस मन्त्रमा भनिएको छ– ती परमात्माले त्यस (तुरीयम् धाम) चौथो धामको पनि (विवक्ति) विस्तारपूर्वक भिन्न वर्णन गर्दछन् । जसमा बसेका परमात्माले तलका सारा लोकहरूको रचना गरेका थिए । त्यो लोक समुन्द्र समान छ । जस्तो समुन्द्र सबै जलको स्रोतहरूको मूल स्रोत हो ।

➢ ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र २० :- यो मन्त्रमा स्पष्ट गरेको छ कि ती परमात्मा यसरी पृथ्वीमा प्रकट हुन्छन्, जसरी मनुष्य (शुभ्रः तन्वम् मृजानः) शुभ्र अर्थात् सर्वश्रेष्ठ शरीर धारण गर्दछ र तल यसरी रहन्छ, जसरी कुनै संघको मुखिया अर्थात् सेनाको सेनापति रहन्छन् अर्थात् परमात्मा सतगुरूको रूपमा प्रकट हुन्छन् । उसका

अनुयायीहरूको मुखियाको रूपमा रहन्छन् । माथिको लोकबाट तीव्र गतिका साथ पृथ्वीमा आउँछन् ।

➢ ऋग्वेद मण्डल ९ सुक्त २० मन्त्र १ :- यसमा भनिएको छ– ती परम कविर्देव हुन्, जो सबैका रक्षक हुन् । जिज्ञासुहरूलाई यथार्थ ज्ञान दिन्छन्, ति ज्ञानद्वारा तृप्त गराउँछन् ।

➢ ऋग्वेद मण्डल ९ सुक्त ९४ मन्त्र १ :- यस मन्त्रमा भनिएको छ– ती परम (कवियन् न व्रजम्) कविहरूको जस्तो आचरण गर्दै यता-उता जान्छन् अर्थात् घुम गरी कविताहरू, लोकोक्तिहरुद्वारा तत्वज्ञान भन्दै हिड्दछन् ।

➢ ऋग्वेद मण्डल ९ सुक्त ९५ मन्त्र २ :- यस मन्त्रमा भनिएको छ– (हरि) पू परमात्मा (सृजानः) साक्षात पृथ्वीमा प्रकट भएर वाक् अर्थात् वाणीद्वारा बोलेर (ऋत सत्य (पथ्याम्) भक्ति मार्गको प्रेरणा गर्दछन् अर्थात् शास्त्र विरूद्ध झुठो साधनाबाट तथा शास्त्रोक्त साधना गर्न प्रेरणा दिन्छन् अर्थात् सत्य भक्ति मार्ग बताउँछन् (देवानाम् देवः) सर्व देवका प्रभु अर्थात् परमेश्वर स्वयं नै (गुह्यानि) गुप्त (अविष्कृणोति), भक्ति नाम मन्त्रहरूको खोज गर्दछ । (प्रवाचे) त्यस सम्बन्धी प्रव दिएर अर्थात् बोलेर बताउँछन् ।

➢ गीता अध्याय ८ श्लोक १३ मा गीता ज्ञानदाताले आफ्नो भक्ति गर्ने मन्त्र त (ॐ) नाम हो भनी स्पष्ट रूपमा बताइ दिए तर गीता अध्याय १७ श्लोक २३ (ब्रह्मणः) सच्चिदानन्द घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्मको प्राप्तिको साधनाको स मन्त्र साङ्केतिक ॐ तत् सत यी तीन मन्त्र लेखिएको छ । ओं (ॐ) मन्त्र त (यर्जुवेद अध्याय ४० मन्त्र १५) मा तथा गीतामा ब्रह्म अर्थात् क्षर पुरुषको साधना मन्त्र हो भन्ने कुरा प्रत्यक्ष छ । यी शास्त्रहरुमा पूर्ण ब्रह्म (परम अक्षर ब्रह्म) प्राप्ति मन्त्र छैन । केवल तत्, सत् साङ्केतिक मन्त्र लेखिएको छ । यी मन्त्रहरूको आविष्‍ परम अक्षर ब्रह्मले स्वयं गर्दछन् । त्यसैको जानकारी ऋग्वेद मण्डल ९ सुक्त ९५ म २ मा बताइएको छ । जस्तै गीता अध्याय १५ श्लोक १६, १७ मा तीन पुरूष भनिए छ :

१. क्षर पुरूष (काल ब्रह्म):- यी गीता ज्ञान दिने हुन् । यिनको साधना (मन्त्र) नाम ॐ (ओं) हो ।

२. अक्षर पुरूष :- यिनको साधनाको नाम गीतामा तत्, भनिएको छ, साङ्केतिक छ । वास्तविक नाम सूक्ष्म वेदमा लेखिएको छ । जुन यस दासले दी दिने बेलामा दीक्षा लिने भक्तलाई बताउँछ । यो सार्वजनिक गरिदैन तर सुक्ष्मवेदमा सार्वजनिक रूपमा छ ।

३. परम अक्षर पुरूष (परम अक्षर ब्रह्म) :- यिनको साधनाको नाम (मन्त्र) स हो र यो पनि साङ्केतिक छ । यिनको असली नाम (मन्त्र) सुक्ष्मवेदमा छ । यि परमेश्वरको आफ्नै मुख कमलबाट उच्चारित वाणी कविर्वाणी (कबीर वाणी) लेखिएको छ, जसको वर्णन गीता अध्याय ४ श्लोक ३२ मा गरिएको छ ।

❖ प्रसङ्ग वेदहरूको चलि रहेको छ । ऋग्वेद मण्डल ९ सुक्त ९५ मन्त्र २ वर्णन भइ रहेको छ । त्यसमा भनिएको छ– परमेश्वरले यस्तो गुप्त नाम बताउँछ

त्यसको साधना गर्नाले साधक (अरितेव नावम्) डुङ्गामा बसेको व्यक्ति नदीबाट सकुशल पारी पुगे जसरी भवसागरबाट पार हुन्छ ।

❖ ऋग्वेद मण्डल ९ सुक्त ८६ मन्त्र २६-२७ :- यी मन्त्रहरूमा परमेश्वर अमर लोकमा तेश्रो पृष्ठ (स्थान) मा विराजमान छन् अर्थात् त्यहाँ अवस्थित छन् भन्ने स्पष्ट गरिएको छ (मन्त्र २७) ।

यज्ञ अर्थात् धार्मिक क्रिया गर्ने यजमान अर्थात् पुजा गर्नेहरूको लागि आकाशीय विद्युत जस्तो गति गरेर त्यस स्थानबाट हिंडेर आउँछन् । सतलोकमा परमेश्वर (सत्पुरूष) को एक रोम (शरीर) को रौंको प्रकाश करोड सूर्य तथा करोड चन्द्रमाहरूको प्रकाशभन्दा पनि अधिक छ । यदि परमेश्वर त्यही प्रकाशयुक्त रूपमा पृथ्वीमा प्रकट भए भने हाम्रो चर्मदृष्टिले त्यस प्रकाशलाई सहन सक्दैन । हामीले हेर्न सक्दैनौ । त्यसैले परमेश्वरले आफ्नो शरीरको प्रकाश (तेज) लाई सरल तुल्याएर पृथ्वीमा आउँछन् । वरणीय पुरूषहरू अर्थात् श्रेष्ठ भक्तहरूलाई भेट्छन् । उनीहरूको सङ्कट निवारण गर्छन् । ती परमात्मा कविर्देव हुन् । (मन्त्र २६)

❖ ऋग्वेद मण्डल ९ सूक्त ८२ मन्त्र १-२ :- यी वेद मन्त्रहरूमा भएको वर्णन : जो सर्व उत्पादक अर्थात् जुन परमेश्वरले सम्पूर्ण ब्रह्माण्डहरू एवं प्राणीहरूको रचना गरेका छन्, उनैले पापहरूको हरण गर्दछन् अर्थात् पापनाशक हुन् । उनी माथि आफ्नो लोकमा राजा समान सिंहासनमा विराजमान छन् । शिरमा मुकुट धारण गरेका छन्, माथि छत्र लागेको छ । हेर्दा राजा समान देखिन्छन् । उनी त्यहाबाट हिंडेर पृथ्वीमा आउँछन् । वरणीय पुरूष अर्थात् श्रेष्ठ व्यक्ति, जो दृढ भक्त छन्, तिनले प्राप्त गर्छन् । तिनीहरूसँग साक्षात् रूपमा भेट्दछन् । तिनलाई यर्थाथ भक्तिको ज्ञान भएको सुक्ष्मवेद (तत्वज्ञान) बताउँछन् ।

ती परमात्माले आफ्ना असल आत्माहरूलाई यसरी भेट्दछन्, जसरी आकाशीयको बिजुली (चट्याङ) त्यही पदार्थहरूमा खस्दछ, जसमा त्यसको आकर्षण रहन्छ । जस्तो काँसको धातुको भाँडामा प्रायः बिजुली झर्दछ तथा अन्य यस्तै आकर्षित गर्ने खालको स्थानमा चट्याङ झर्दछ । यसैगरी परमात्माले असल आत्माहरूलाई भेट्नु हुन्छ । जस्तो :- १) बाँधवगठ, मध्यप्रदेशका धर्म दास जी सेठलाई भेटे २) सिख धर्मका प्रवर्तक नानक देव जीलाई भेटे । ३) सन्त गरिबदास जी (गाउँ छुडानी जिल्ला झज्जर हरियाणाका) लाई भेटे ४) श्री दादूदास (अजमेरका) लाई भेटे । ५) श्री घिसादास (गाउँ खेखडा, जिल्ला बाघपुर, उत्तर प्रदेशका) लाई भेटे । ६) श्री मुलुकदास (अरोडाका) लाई भेटे ।

यी सबै सन्तहरूले त्यही ज्ञान तथा भक्तिको विधि बताए, जुन सुक्ष्मवेदमा परमात्माले स्वयं आएर बताएका थिए । चारै वेदहरू तथा गीता जीको ज्ञान र यी सन्तहरूको ज्ञान सुक्ष्मवेदसँग मेल खान्छ भन्ने पनि सिद्ध हुन्छ तर पुराण तथा उपनिषद्हरूको ज्ञान केही वेदहरूसँग मेल खान्छ । काल ब्रह्मको अधिक प्रेरणाले मिथ्या ज्ञान लेखिएको छ । जस्तो काल ब्रह्मले शिव पुराण (खेमचन्द श्री कृष्ण दास प्रकाशन-मुम्बईबाट प्रकाशित) भाग १ को विद्यवेश्वर संहिता अध्याय ५ तथा ९ मा आफ्ना छोराहरू ब्रह्मा तथा विष्णुलाई आफ्नो लिङ्ग (गुप्तांग) को आकारको ढुङ्गाको

लिङ्ग प्रकट गरी त्यसलाई स्त्रीको लिंगी (गुप्ताङ्ग) को आकारको ढुङ्गाको यो प्रकट गरेर त्यसमा प्रवेश गराई छोडी दिए र यी दुवैलाई अभेद राखेर अर्थात् स्थितिमा राखेर पुजा गर्नु, तिम्रो कल्याण हुन्छ भने । यस्ताखालका साधना शास्त्रवि भएकाले हानिकारक छ । लाज मर्दो पनि छ । यदि यो पुजा शास्त्रसम्मत भएको पनि गर्न हुन्थ्यो, तर यो पूर्ण रूपले व्यर्थ छ । (ऋग्वेद मण्डल नं९ सूक्त ८२ मन्त्र

➢ ऋग्वेद मण्डल ९ सूक्त ८२ मन्त्र २ :- यस मन्त्रमा पनि यही प्रमाण परमात्मा यथार्थ ज्ञान उपदेश गर्नको लागि महापुरूषहरूलाई भेट्दछन् र अत्य गतीशिल पदार्थ समान अर्थात् जसरी आकाशीय बिजुली (चट्याङ) पूर्ण गति (F Speed) ले पृथ्वीमा झर्छ । परमात्मा पनि त्यसैगरी पृथ्वीमा आउनु हुन्छ । ती परमा कविर्देव हुनु हुन्छ ।

➢ ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १६-२० :- यी मन्त्रहरूमा भनिएको छ– मन्त्र १६ मा प्रश्न गरिएको छ । परमात्माको गुप्त नाम के हो ? मन्त्र १७ मा जवा छ– परमात्मा प्रत्येक युगमा एक पटक शिशु अर्थात् बच्चाको रूपमा प्रकट हुन्छन् त्यसबेला लिला गर्दै ठूलो हुन्छन् । तब (काव्येना) काव्यद्वारा अर्थात् दोहा, चौपाईह शब्दहरू कविताहरू, लोकोक्तिहरूको रूपमा (कविर्गिर्भि) कविर्वाणी (हामी यसल आफ्नो भाषामा कबीरको वाणी भन्छौं) मा यथार्थ अध्यात्मिक ज्ञान अर्थात् सूक्ष्म (तत्वज्ञान) ठूलो स्वरमा बोल्दछन् । त्यसलाई लेखिन्छ । त्यो सम्पूर्ण अध्यात्म ज्ञान हो त्यस परमात्माको नाम कविर्देव अर्थात् कबीर परमेश्वर हो । मन्त्र नं १८, १९, २० सरलार्थ अगाडि नै गरिएको छ ।

➢ ऋग्वेद मण्डल नं ९ सूक्त १ मन्त्र ९ :- यो मन्त्रमा के भनेको छ भने परमेश् शिशु रूपमा पृथ्वीमा प्रकट भएको बेलामा उनको पालन पोषण अर्थात् बालक रूप पोषण कुमारी गाईद्वारा हुन्छ । परमेश्वरको आशिर्वादले बाच्छी (१.५ वर्षको उमेर गाईको बाच्छी) ले साँढेवाट गर्भधारण नगरिकन नै दूध दिन्छ । त्यही दूध बालक लिलाधारी परमेश्वरले पिउँदछन् ।

❖ तपाईंलाई सूक्ष्मवेद कसरी प्राप्त भयो भन्ने कुरा विस्तार पुर्वक बताइएको छ तपाई आफैले प्रत्यक्ष रूपमा वेदका उपरोक्त मन्त्रहरूका फोटो कपीहरू हेर्नु होस् :-

वेदमन्त्रका फोटोकपीहरू (प्रमाण सहित)

प्रमाण ऋग्वेद मण्डल नं. ९ सुक्त ८६ मन्त्र २६-२७

इन्दुः पुनानो अति गाहते मृधो विश्वानि कृण्वन्त्सुपथानि यज्यवे ।
गाः कृण्वानो निर्णिजं हर्यतः कविरत्यो न क्रीळन्परि वारमर्षति ॥२६॥

पदार्थः—(यज्यवे) यज्ञ करने वाले यजमानों के लिये परमात्मा (विश्वानि सुपथानि) सब रास्तों को (कृण्वन्) सुगम करता हुआ (मृधः) उनके विघ्नों को (अतिगाहते) मर्दन करता है। और (पुनानः) उनको पवित्र करता हुआ और (निर्णिजं) अपने रूप को (गाः कृण्वानः) सरल करता हुआ (हर्यतः) वह कान्तिमय परमात्मा (कविः) सर्वज्ञ (अत्यो न) विद्युत् के समान (क्रीळन्) क्रीड़ा करता हुआ (वारं)वरणीय पुरुष को (पर्य्यर्षति) प्राप्त होता है ॥२६॥

विवेचनाः- यो फोटोकपी ऋग्वेद मण्डल ९ सुक्त ८६ मन्त्र २६ को हो । यसको अनुवाद आर्यसमाजका आचार्यहरू एवं महर्षि दयानन्दका चेलाहरूद्वारा गरिएको हो । यसमा स्पष्ट छ– यज्ञ गर्ने अर्थात् धार्मिक अनुष्ठान गर्ने यजमानहरू अर्थात् भक्तहरूका लागि परमात्माले सारा बाटाहरू सुगम तुल्याउँदै अर्थात् जीवनरूपी यात्रा मार्गलाई दुःख रहित तुल्याएर सुगम बनाउँदै, तिनका विघ्नहरू अर्थात् सङ्कटहरू मर्दन गर्दछन्, अर्थात् सङ्कटहरू समाप्त गर्दछन् । भक्तहरूलाई पवित्र अर्थात् पाप तथा विकार रहित बनाउँछन् । जस्तो यसपछिको मन्त्रमा भनिएको छ– जुन परमात्मा द्यूलोक अर्थात् सत्यलोकको तेस्रो पृष्ठमा विराजमान छन्, त्यहाँ परमात्माको शरीरको प्रकाश अत्यधिक छ । उदाहरणका लागि- परमात्माको एक रोम (शरीरको रौं) को प्रकाश करोड सूर्य तथा त्यत्ति नै चन्द्रमाहरूको संयुक्त प्रकाशभन्दा पनि बढी छ । यदि तीं परमात्मा त्यही प्रकाशयुक्त शरीरबाट पृथ्वीमा प्रकट भए भने हाम्रो चर्मचक्षु (दृष्टि) ले देख्न सक्दैन । जस्तो उल्लुले दिनको सूर्यको प्रकाशको कारणले केही देख्न नसके जस्तै दशा मानिसहरूको पनि हुन्छ । त्यसैले ती परमात्मा आफ्नो रूप अर्थात् शरीरको प्रकाशलाई सरल तुल्याउँदै परमात्मा बस्नु भएको स्थानबाट गतिमान भई बिजुली तुल्य क्रिडा अर्थात् लीला गर्दै हिंडेर आउँछन्, श्रेष्ठ पुरुषहरूलाई भेट्छन् । यो पनि स्पष्ट छ कि वहाँ कविः अर्थात् कविर्देव हुनु हुन्छ । हामी उहाँलाई कबीर साहब भन्छौं ।

असश्चतः शतधारा अभिश्रियो हरिं नवन्तेऽव ता उदन्युवः ।
क्षिपो मृजन्ति परि गोभिरावृतं तृतीये पृष्ठे अधि रोचने दिवः ॥२७॥

पदार्थः—(उदन्युवः) प्रेम की (ताः) वे (शतधाराः) सैंकड़ों धारायें (असश्चतः) जो नानारूपों में (अभिश्रियः) स्थिति को लाभ कर रही हैं। वे (हरिं) परमात्मा को (प्रवनवन्ते) प्राप्त होती हैं। (गोभिरावृतं) प्रकाशपुञ्ज परमात्मा को (क्षिपः) बुद्धिवृत्तियाँ (मृजन्ति) विषय करती हैं। जं बुपरमात्मा (दिवस्तृतीये पृष्ठे) द्युलोक के तीसरे पृष्ठ पर विराजमान है और (रोचने) प्रकाशस्वरूप है, उसको बुद्धिवृत्तियाँ प्रकाशित करती हैं ॥२७॥

विवेचन :- यो फोटोकपी ऋग्वेद मण्डल ९ सूक्त ८६ मन्त्र २७ को हो । यसमा स्पष्ट छ- परमात्मा द्यूलोक अर्थात् अमरलोकको तेस्रो पृष्ठ अर्थात् भागमा विराजमान छन् । सत्यलोक अर्थात् शाश्वत स्थानमा तीन भाग छ । एक भागमा वन, पहाड, झरना, बगैंचा आदि छन् । यो बाह्य अर्थात् बाहिरी भाग हो । (जस्तो भारतको राजधानी दिल्ली पनि बाहिरी दिल्लीमा गाउँ, खेत, र नहरहरू गरी तीन भागमा बाँडिएको छ । दोस्रो भागमा बजार बनेको छ र तेस्रो भागमा संसद भवन अर्थात् कार्यलयहरू छन् ।)

यस पश्चात् द्युलोकमा बस्तीहरू छन् । मोक्षप्राप्त हंस आत्माहरू सपरिवार बस्छन् । (पृथ्वीमा भक्तलाई भक्तात्मा भने झैं सत्यलोकमा हंसात्मा भनिन्छ।) तेस्रो

भागमा सर्वोपरि परमात्माको सिंहासन छ । त्यसका आसपासमा केवल नरात्
रहन्छन् । त्यहाँ स्त्री पुरुषको जोडी छैन । तिनीहरूले यदि परिवार चाहे भने
(वचन) द्वारा केवल पुत्र उत्पन्न गर्छन् । यसरी शाश्वत् स्थान अर्थात् सत्यलोक
परमात्माले तीन भागमा बाँडेका छन् । त्यहाँ यानी सतलोकमा प्रत्येक स्था
रहनेहरूमा वृद्धावस्था छैन, त्यहाँ मृत्यु छैन । त्यसैले गीता अध्याय ७ श्लोक २९
भनिएको छ- जसले जरा अर्थात् वृद्ध अवस्था तथा मरण अर्थात् मृत्युबाट छुट्ने प्र
गर्दछ, तिनले तत् ब्रह्म अर्थात् परम अक्षर ब्रह्मलाई जान्दछन् । सत्यलोकमा सत्पु
रहन्छन्, त्यहाँ जरा-मरण छैन, बच्चा युवा भएपछि सदा युवा रहि रहन्छ ।

(प्रमाण ऋग्वेद मण्डल ९ सूक्त ८२ मन्त्र १ - २)

असांवि सोमों अरुषो वृषा हरी राजेव दस्मो अभि गा अंचिक्रदत् ।
पुनानो वारं पर्येत्यव्ययं श्येनो न योनिं घृतवंन्तमासदंम् ॥१॥

पदार्थः—(सोमः) जो सर्वोत्पादक प्रभु (अरुषः) प्रकाशस्वरूप (वृषा) सद्गुणों
की वृष्टि करने वाला (हरिः) पापों के हरण करने वाला है, वह (राजेव) राजा के
समान (दस्मः) दर्शनीय है । और वह (गाः) पृथिव्यादि लोक-लोकान्तरों के चारों
ओर (अभि अचिक्रदत्) शब्दायमान हो रहा है । वह (वारं) वरणीय पुरुष को जो
(अव्ययं) दृढ़भक्त है उसको (पुनानः) पवित्र करता हुआ (पर्य्येति) प्राप्त होता है
(न) जिस प्रकार (श्येनः) विद्युत् (घृतवन्तं) स्नेहवाले (आसदं) स्थानों को (योनिं)
आधार बनाकर प्राप्त होता है । इसी प्रकार उक्त गुण वाले परमात्मा ने (असावि)
इस ब्रह्माण्ड को उत्पन्न किया ॥१॥

कविर्वेधस्या पर्येषि माहिंनमत्यो न मृष्टो अभि वाजमर्षसि ।
अपसेधन्दुरिता सोम मृळय घृतं वसानः परि यासि निर्णिजम् ॥२॥

पदार्थः—हे परमात्मन् ! (वेधस्या) उपदेश करने की इच्छा से आप (माहि
महापुरुषों को (पर्येषि) प्राप्त होते हो । और आप (अत्यः) अत्यन्त गतिशील पद
के (न) समान (अभिवाजं) हमारे आध्यात्मिक यज्ञ को (अभ्यर्षसि) प्राप्त होते हैं
आप (कविः) सर्वज्ञ हैं (मृष्टः) शुद्ध स्वरूप हैं (दुरिता) हमारे पापों को (अपसेध
दूर करके (सोम) हे सोम ! (मृळय) आप हमको सुख दें । और (घृतं वसानः) प्रे
भाव को उत्पन्न करते हुए (निर्णिजं) पवित्रता को (परियासि) उत्पन्न करें ॥२॥

विवेचन :- माथि ऋग्वेद मण्डल ९ सूक्त ८२ मन्त्र १ - २ को फोटोकपी छ
यो अनुवाद महर्षि दयानन्द जी को दिशा-निर्देशबाट उनैका चेलाहरूले गरेका हुन्
सार्वदेशिक आर्य प्रतिनिधि सभा दिल्लीबाट प्रकाशित भएको छ ।

यसमा स्पष्ट छ :- मन्त्र १ मा भनेका छन्- साराको उत्पत्ति गर्ने परमात्मा तेजोमय शरीरयुक्त छन्, पाप नाश गर्ने र सुखको वर्षा गर्ने अर्थात् सुखको झरी लगाउने हुन्, हेर्दा राजातूल्य देखिने उनी माथि सत्यलोकमा सिंहासनमा बसेका छन्,

यही प्रमाण सूक्ष्म वेदमा पनि छ :-

अर्श कुर्श पर सफेद गुमट है, जहाँ परमेश्वरका डेरा ।
श्वेत छत्र सिर मुकुट विराजे, देखत न उस चेहरे नूं ॥

यही प्रमाण बाईबल ग्रन्थ तथा कुर्आन शरीफमा पनि छ– परमात्माले ६ दिनमा सृष्टि रचे र सातौं दिन माथि आकाशमा तख्त अर्थात् सिंहासनमा विराजमान भए । (बाईबलको उत्पत्ति ग्रन्थ २/२६-३० तथा कुर्आन शरीफको सुर्त फुर्कानि २५ आयात ५२ देखि ५९ मा छ ।)

ती परमात्मा आफ्नो अमर धामबाट आएर पृथ्वीमा शब्द वाणीद्वारा ज्ञान सुनाउँछन् । उनी वरणीय अर्थात् आदरणीय श्रेष्ठ व्यक्तिहरूलाई भेट्छन् । जस्तो १. सन्त धर्मदास जी (बाँधवगढ, मध्य प्रदेश) लाई भेटे । २. सन्त मलूक दास जीलाई भेटे । ३. सन्त दादू दास जी (आमेर, राजस्थान) लाई भेटे, ४. सन्त नानक देव जीलाई भेटे, ५. सन्त गरीब दास जी (छुडानी, झज्जर, हरियाणा) लाई भेटे, ६. सन्त घिसा दास जी- खेखडा, बागपत, उत्तर प्रदेश) लाई भेटे, ७. सन्त जम्भेश्वर जी (विश्नोई धर्मका प्रवर्तक लाई समराथल गाउँ राजस्थान) मा भेटे ।

ती परमात्माले असल आत्माहरूलाई भेट्छन् । परमात्माका दृढ आत्माप्रति उनको विशेष आकर्षण रहन्छ । उदाहरण पनि बताएका छन्- जस्तो विद्युत अर्थात् आकाशीय बिजुली स्नेहार्द्र स्थानहरूलाई आधार बनाएर झर्दछ । जस्तो काँशको थालीमा चट्याङ झर्छ । पहिले काँशको धातुको कचौरा, ग्लास, थाली, अम्खरा आदि वर्षातको समयमा तुरून्त उठाएर घरभित्र राख्थे । बूढापाकाहरू काँशका भाँडाहरूमा धेरै जसो चट्याङ झर्छ भन्थे, त्यसैगरी परमात्मा आफ्ना प्रिय भक्तहरु प्रति आकर्षित भएर भेट्दछन् ।

मन्त्र नं. २ मा यो पनि स्पष्ट गरिएको छ– परमात्मा ती असल आत्माहरूलाई उपदेश दिने इच्छाले पनि आफै महापुरूषहरूलाई भेट्छन् । उपदेशको भावार्थः परमात्माले तत्त्वज्ञान सुनाएर तिनलाई दीक्षा पनि दिन्छन् । तिनका सतगुरू पनि स्वयम् परमात्मा हुन्छन् । यो पनि स्पष्ट छ कि परमात्मा अत्यन्त गतिशील पदार्थ अर्थात् विद्युत् समान तिव्रगामी भएर हाम्रा धार्मिक अनुष्ठानहरूमा पुग्दछन् । १. यस सम्बन्धी धर्मदास जीसँग गरिएको चर्चा पछिल्ला पृष्ठहरूमा पढ्नु हुने छ । जसमा परमात्माले यही भन्नु भएको थियो- म धार्मिक अनुष्ठान भएको ठाउँमा अवश्य जान्छु किनकि मेरो अनुपस्थितिमा कालले कुनै पनि उपद्रव मच्चाउन सक्छ । जसकारणले साधकहरूको आस्था परमात्माबाट छुट्छ । मेरो उपस्थितिमा उसले यस्तो कुनै गडबडी गर्न सक्दैन । त्यसैले गीता अध्याय ३ श्लोक १५ मा भनिएको छ– ब्रह्मलाई पनि उत्पन्न गरेका ती अविनाशी परमात्मा सदा नै यज्ञमा प्रतिष्ठित हुन्छन् अर्थात् धार्मिक अनुष्ठानहरूमा उनैलाई ईष्ट रूप मानेर आरती स्तुति गर्नु पर्छ ।

यस ऋग्वेद मण्डल ९ सूक्त ८२ मन्त्र २ मा यो पनि स्पष्ट छ– उनी (कविर्वेधस्य) कविर्देव हुन्, जो सबैलाई उपदेश दिने इच्छाले आउछन्, उनी पवित्र

परमात्मा हुन् । हाम्रा पापहरू मेटाएर अर्थात् नाश गरेर हे अमर परमात्मा ।
हामीलाई सुख दिनु होस् र (घृतम् वसानः निर्निजम् परियसि) हामी हजुरका स
हौं । हामीप्रति त्यो वात्सल्यपूर्ण प्रेम भाव उत्पन्न गर्दै त्यही (निर्निजम्) सुन्दर रू
(परियासि) उत्पन्न गर्नु होस् अर्थात् हामीलाई आफ्ना बच्चा सम्झेर पहिले र ज
चाह्यो त्यतिखेर आफ्ना प्यारा आत्माहरुलाई प्रकट भएर भेट्नु हुन्थ्यो, त्य
हामीलाई पनि दर्शन दिनु होस् ।

(प्रमाण ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १६-२०)

स्वायुधः सोतृभिः पूयमानोऽभ्यर्ष गुह्यं चारु नाम ।
अभि वाजं सप्तिरिव श्रवस्याभि वायुमभि गा देव सोम ॥१६॥

पदार्थः—हे परमात्मन् ! (गुह्यम्) सर्वोपरि रहस्य (चारु) श्रेष्ठ (नाम
जो तुम्हारी संज्ञा है । (अभ्यर्ष) उसका ज्ञान करायें । आप (सोतृभिः, पूयमानः
उपासक लोगों से स्तूयमान हैं । (स्वायुधः) स्वाभाविक शक्ति से युक्त हैं
(सप्तिरिव) विद्युत् के समान (श्रवस्याभि) ऐश्वर्य के सम्मुख प्राप्त कराइये
(वायुमभि) हमको प्राणों की विद्या का वेत्ता बनाइये । (देव) हे सर्वश
सम्पन्न परमेश्वर ! हमको (गाः) इन्द्रियों के (अभिगमय) नियमन का
बनाइये ॥१६॥

शिशुं जज्ञानं हर्यतं मृजन्ति शुम्भन्ति वह्निं मरुतो गणेन ।
कविर्गीर्भिः काव्येना कविः सन्त्सोमः पवित्रमत्येति रेभन् ॥१७॥

पदार्थः—(शिशुम्) "श्यति सूक्ष्मं करोति प्रलयकाले जगदिति शिशु
परमात्मा" उस परमात्मा को (जज्ञानम्) जो सदा प्रकट है, (हर्यतः) जो अत्य
कमनीय है, उसको उपासक लोग (मृजन्ति) बुद्धिविषय करते हैं और (शुंभन्ति
उसकी स्तुति द्वारा उसके गुणों का वर्णन करते हैं और (मरुतः) विद्वान् लो
(वह्निम्) उस गतिशील परमात्मा का (गणेन) गुणों के गणों द्वारा वर्णन कर
हैं और (कविः) कवि लोग (गीर्भिः) वाणी द्वारा और (काव्येन) कवित्व
उसकी स्तुति करते हैं । (सोमः) सोमस्वरूप (पवित्रम्) पवित्र वह परमात्म
कारणावस्था में अतिसूक्ष्म प्रकृति को (रेभन्, सन्) गर्जता हुआ (अत्येति) अति
क्रमण करता है ॥१७॥

ऋग्वेद मण्डल ९ सूक्त ९६ को मन्त्र १६ मा भनिएको छ– हे परमात्मन् । ह
आफ्नो श्रेष्ठ गुप्त नामको ज्ञान गराउनु होस् । त्यो नाम मन्त्र १७ मा बताइएको छ
ती कविः अर्थात् कविर्देव हुन ।

केवल नेपाली :- (शिशुम् जज्ञानम् हर्यन्तम्) परमेश्वर जानी-बुझि तत्त्व
बताउने उद्देश्यले शिशु रूपमा प्रकट हुन्छन्, उनको ज्ञान सुनेर (मरुतो ग
भक्तहरुको धेरै ठूलो समूह ती परमात्माका अनुयायी बन्छन् । (मृजन्ति शुम्यन्ति व
त्यो ज्ञान बुद्धिजीवी मानिसहरुले बुझ्दछन्, तिनीहरुले ती परमेश्वरको स्तुति भ
तत्त्वज्ञानका आधारले गर्दछन्, त्यो भक्ति (वहिन्) शीघ्र लाभ दिने खालको हुन्छ ।

रमात्मा आफ्नो तत्त्वज्ञानलाई (काव्येना) कवित्वद्वारा अर्थात् कविहरू जसरी दोहा, ाब्द, लोकोक्ति तथा चौपाइहरूद्वारा (कविर् गीर्भिः) कविर वाणीद्वारा अर्थात् कबीर ाणीद्वारा (पवित्रम् अतिरेभन्) शुद्ध ज्ञानलाई उच्च स्वरमा गर्जी-गर्जी बोल्दछन् । ती (कविः) कविको जस्तो आचरण गर्ने कविर्देव (सन्त) सन्त रूपमा प्रकट (सोम) अमर रमात्मा हुन्छन् । (ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १७) विशेषः- यस मन्त्रको मूल ाठमा दुई पटक "कवि" शब्द छ, आर्य समाजका अनुवादकहरूले एउटा (कविः) ाब्दको अर्थ नै लेखेका छैनन् ।

ऋषिमना य ऋषिकृत्स्वर्षाः सहस्रणीथः पदवीः कवीनाम् ।
तृतीयं धाम महिषः सिषासन्त्सोमो विराजमनु राजति ष्टुप् ॥१८॥

पदार्थः—(सोमः) सोमस्वरूप परमात्मा (सिषासन्) पालन की इच्छा करता हुआ (महिषः) जो महान् है वह परमात्मा (तृतीयं, धाम) देवयान और पितृयान इन दोनों से पृथक् तीसरा जो मुक्तिधाम है। उसमें (विराजम्) विराजमान जो ज्ञानयोगी है उसको (अनुराजति) प्रकाश करने वाला है और (स्तुप्) स्तूयमान है। (कवीनाम्, पदवीः) जो क्रान्तदर्शियों की पदवी अर्थात् मुख्य स्थान है और (सहस्रणीथः) अनन्त प्रकार से स्तवनीय है, (ऋषिमनाः) सर्वज्ञान के साधनरूप मनवाला वह परमात्मा (यः) जो (ऋषिकृत्) सब ज्ञानों का प्रदाता (स्वर्षाः) सूर्यादिकों को प्रकाशक है। वह जिज्ञासु के लिए उपासनीय है ॥१८॥

विवेचन :- यो ऋग्वेद मण्डल ९, सूक्त ९६ मन्त्र १८ को फोटोकपी हो । यसको अनुवाद महर्षि दयानन्द जीका अनुयायीहरूले गरेका हुन् । सार्वदेशिक आर्य प्रतिनिधि सभा दिल्लीद्वारा प्रकाशित छ । यसको अनुवादमा आर्यसमाजका आचार्यहरूले थुप्रै गल्तिहरू गरेका छन् । हामी संस्कृत पनि बुझ्न सक्छौं । विवेचन तथा यथार्थ अनुवाद एवं भावार्थ स्पष्ट गर्दछु । मन्त्र १७ मा भनिएको छ— ऋषि वा सन्त रूपमा प्रकट भएर परमात्माले आफ्नै मुख कमलद्वारा अमृतवाणी भन्छन् र त्यो ज्ञान बुझेर अनेकौं अनुयायीहरूको समुह बन्छ । (य) परमात्माले तत्त्वज्ञानका जुन वाणी सुनाउँछन्, ती (ऋषिकृत्) ऋषि रूपमा प्रकट परमात्मा कृत (सहस्रणीयः) हजारौं वाणीहरू अर्थात् कबीर वाणीहरू (ऋषिमना) ऋषि स्वभाव भएका भक्तहरूका लागि (स्वर्षाः) आनन्ददायक हुन्छ । (कविनाम, पदवीः) कवित्वद्वारा दोहाहरू, चौपाइहरूमा वाणी बोल्ने भएकाले ती परमात्माले प्रसिद्ध कविहरूमध्ये एक कविको पदवी पनि प्राप्त गर्ने छन् । ती (सोम) अमर परमात्मा (सिषासन्) साराको पालनको ईच्छा गर्दै प्रथम स्थितिमा (महिषः) ठूलो पृथ्वी अर्थात् माथिको लोकहरूमा (तृतीयम् धाम) तेस्रो धाम अर्थात् सत्यलोकको तेस्रो पृष्ठमा (अनुराजति) तेजोमय शरीरयुक्त (स्तुप) गुम्बजमा (विराजम्) विराजमान छन्, त्यहाँ बसेका छन् । यही प्रमाण ऋग्वेद मण्डल ९ सूक्त ५४ मन्त्र ३ मा छ— परमात्मा सबै लोकहरूको माथिको लोकमा विराजमान छन्, (तिष्ठन्ति) बसेका छन् ।

असृश्चन्द्रश्येनः शकुनो विभृत्वा गोविन्दुर्द्रप्स आयुधानि बिभ्रत्।
अपामूर्मि सचमानः समुद्रं तुरीयं धाम महिषो विवक्ति ॥१९।

पदार्थः—(अपामूर्मिम्) प्रकृति की सूक्ष्म से सू म शक्तियों के साथ (सच-मानः) जो संगत है और (समुद्रम्) "सम्यक् द्रवन्ति भूतानि यस्मात् स समुद्रः" जिससे सब भूतों की उत्पत्ति, स्थिति और प्रलय होता है। वह (तुरीयम्) चौथा (धाम) परमपद परमात्मा है। उसको (महिषः) महाते इति महिषः महिष महन्नामसु पठितम् नि० ३—१३। महापुरुष उक्त तुरीय परमात्मा का (विवक्ति) वर्णन करता है। वह परमात्मा (असृश्चत्) जो प्रत्येक बल में स्थित है (श्येनः) सर्वोपरि प्रशंसनीय है और (शकुनः) सर्वशक्तिमान् है। (गोविन्दुः) यजमानों को तृप्त करके जो (द्रप्सः) शीघ्रगति वाला है (आयुधानि, बिभ्रत्) अनन्त शक्तियों को धारण करता हुआ इस सम्पूर्ण संसार का उत्पादक है ॥१९॥

विवेचन :- ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १९ को पनि आर्यसमाजका विद्वानहरूले अनुवाद गरेका हुन् । यसमा पनि थुप्रै त्रुटि छन् । पुस्तक विस्तार भएकाले केवल आफ्नो मतलबको जानकारी प्राप्त गरौं ।

यस मन्त्रमा चौथो धामको वर्णन छ, जुन तपाईंले सृष्टि रचनामा पढ्नु हुने । त्यसमा पूर्ण जानकारी छ । यसै पुस्तकको पृष्ठ २०८ पढ्नु होस् ।

परमात्माले माथिका चार लोकहरू अजर-अमर रचेका छन् । १. अनामी लोक जुन सबैभन्दा माथि छ । २. अगम लोक ३. अलख लोक ४. सत्यलोक

हामी पृथ्वी लोकमा छौं, यहाँबाट माथिका लोकहरू गन्यौं भने १. सत्यलोक २. अलख लोक ३. अगम लोक तथा ४. अनामी लोक भनेर गनिन्छ । त्यस चौथो धाममा बसेर परमात्माले सम्पूर्ण ब्रह्माण्डहरू तथा लोकहरूको रचना गर्नु भयो । शेष रचना सत्यलोकमा बसेर गर्नु भएको थियो । आर्यसमाजका अनुवादकहरूले तुरिया परमात्मा अर्थात् चौथो परमात्माको वर्णन गरेका छन् । यो चौथो धाम हो । त्यसमा मूल मन्त्र १९ को भावार्थ यस्तो छ– तत्त्वदर्शी सन्तले चौथो धाम तथा चौथो परमात्माको (विवक्ति) भिन्न-भिन्न वर्णन गर्दछन् । पाठकजन ! कृपया यसै पुस्तकको पृष्ठ २०८ सृष्टि रचना पढ्नु होस्, जसबाट तपाईंहरूलाई लेखक (सन्त रामपाल दास) नै तत्त्वदर्शी सन्त हुन्, जो तत्त्वज्ञानसँग परिचित छन् भन्ने ज्ञान हुन्छ ।

मर्यो न शुभ्रस्तन्वं मृजानोऽत्यो न सृत्वा सनये धनानाम् ।
वृषेव यूथा परि कोशमर्षन्कनिक्रदच्चम्वोरा विवेश ॥२०॥

पदार्थः—वह परमात्मा (यूथा, वृषेव) जिस प्रकार एक संघ को उसका सेनापति प्राप्त होता है, इसी प्रकार (कोशम्) इस ब्रह्माण्डरूपी कोश को (अर्षन्) प्राप्त होकर (कनिक्रदत्) उच्च स्वर से गर्जता हुआ (चम्वोः) इस ब्रह्माण्ड के विस्तृत प्रकृति-खण्ड में (पर्याविवेश) भली-भाँति प्रविष्ट होता है और (न) जैसे कि (मर्यः) मनुष्य (शुभ्रस्तन्वं, मृजानः) शुभ्र शरीर को धारण करता हुआ (अत्योन) अत्यन्त गतिशील पदार्थों के समान (सनये) प्राप्ति के लिए (सृत्वा) गतिशील होता हुआ (धनानाम्) धनों के लिए कटिबद्ध होता है; इसी प्रकार प्रकृति-रूपी ऐश्वर्य को धारण करने के लिए परमात्मा सदैव उद्यत है ॥२०॥

विवेचन :- ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र २० को यथार्थ ज्ञान जानौं:-

यस मन्त्रको अनुवाद महर्षि दयानन्दका चेलाहरूले गरेका हुन्, यिनको दृष्टिकोण परमात्मा निराकार छन् भन्ने छ किनकि महर्षि दयानन्द जीले परमात्मा निराकार छन् भन्ने कुरालाई दृढ तुल्याएका छन् । त्यसैले अनुवादकले सरल मन्त्रको अनुवाद घुमाइ-फिराइ लेखेका छन् । जस्तो मूल पाठमा लेखिएको छ :-

मर्य न शुभ्रः तन्वा मृजानः अत्यः न सृत्वा सनये धनानाम् ।
वृर्षेव यूथा परि कोशम् अर्षन् कनिक्रदत् चम्वो अविवेश ॥

अनुवादः- जस्तो (मर्यः न) मनुष्यले सुन्दर वस्त्र धारण गर्दछ, त्यस्तै परमात्माले मनुष्य समान (शुभ्रः तन्व) सुन्दर शरीर (मृजानः) धारण गरेर (अत्यः) अत्यन्त गतिले हिंडेर (सनये धनानाम्) भक्ति धनका धनीहरू अर्थात् पुण्य आत्माहरू (सनये) प्राप्त गर्नका लागि आउँछन् । (यूथा वृषेव) जस्तो कुनै एक समुदायले उनीहरूको सेनापति पाए जस्तै ती परमात्मा सन्त एवं ऋषि रूपमा प्रकट हुन्छन्, तब उनको थुप्रै सङ्ख्यामा अनुयायी बन्छन् र परमात्मा तिनका गुरु रूपमा मुखिया हुन्छन् । ती परमात्मा (परि कोशम्) प्रथम ब्रह्माण्डमा (अर्षन्) प्राप्त भएर अर्थात् आएर (कनिक्रदत्) ठूलो स्वरमा सत्यज्ञान उच्चारण गर्दै (चम्वोः) पृथ्वी खण्डमा (अविवेश) प्रविष्ट हुन्छन् ।

भावार्थ :- जस्तो अगाडि उल्लेख गरिएका वेद मन्त्रहरूमा भनिएको छ- परमात्मा माथिका लोकमा रहन्छन्, त्यहाँबाट गतिमान भएर, आफ्नो रूप अर्थात् शरीरको तेजलाई सरल तुल्याएर पृथ्वीमा आउँछन् । यस ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र २० मा त्यसैको पुष्टि गरी भनिएको छ- परमात्मा मनुष्यले वस्त्र धारण गरे जस्तै अन्य शरीर धारण गरेर मानव रूपमा पृथ्वीमा आउँछन् र (धनानाम्) दृढ भक्त (असल पुण्य आत्मा) हरूलाई भेट्छन्, तिनलाई वाणी उच्चारण गरेर तत्वज्ञान सुनाउँछन् ।

विवेचन :- यी ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १६-२० का फोटोकपीहरू हुन् । यिनका हिन्दी अनुवाद आर्यसमाजका प्रवर्तक महर्षि दयानन्द सरस्वतिको दिशा-निर्देशमा उनका आर्यसमाजी शिष्यहरूले गरेका हुन् । यो अनुवाद केहीं मात्रामा ठीक र अधिक मात्रामा गलत छ । पहिले थुप्रै सही तथा अलि-अलि गलत थियो, जुन मैले शुद्ध पारी विवेचनमा लेखि दिएँ । अब बढी गलत भएका श्लोकहरूका अर्थ शुद्ध पारी लेख्छु ।

ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १६ मा भनिएको छ :-

हे परमात्मा ! हजुरको जुन गुप्त वास्तविक (चारू) श्रेष्ठ (नाम) नाम छ, त्यसको ज्ञान गराउनु होस् । प्रिय पाठकहरू । जस्तो भारतको राजालाई प्रधानमन्त्री भनिन्छ, यो उनको पदवीको प्रतीक हो । उनको वास्तविक नाम अरू नै हुन्छ । जस्तो पहिलो प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरू जी थिए । "जवाहरलाल" उनको वास्तविक नाम हो । यस मन्त्र १६ मा भनिएको छ- हे परमात्मा ! हजुरको जुन वास्तविक नाम छ त्यो (सोतृमि) उपासना गर्ने (स्व आयुधः) स्वचालित शस्त्र समान (पूयमानः) अज्ञान रूपी गन्धलाई नाश गर्ने पाप नाशक हो । हजुर आफ्नो त्यो सत्य मन्त्रको ज्ञान हामीलाई गराउनु होस् । (देव सोम) हे अमर परमेश्वर ! हजुरको त्यो मन्त्र स्वास द्वारा नाक आदि (गाः) इन्द्रियहरूद्वारा (वासुम् अभि) स्वाँस-उस्वाँस द्वारा

जपनाले (सप्तिरिव = सप्तिः इव) विद्युत जस्तो गतिले अर्थात् शीघ्रता पूर्वक (अभि
भक्ति धनले परिपूर्ण गरेर (श्रवस्यामि) ऐश्वर्य तथा मोक्ष उपलब्ध गराउनु होस् ।

प्रिय पाठकहरूसँग नम्र निवेदन छ । यस ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्
को अनुवादमा थुप्रै गल्तीहरू थिए, जुन शुद्ध गरिएको छ । प्रमाणका लागि मूल
भएको "अभीवार्ज" शब्दको अनुवाद गरिएको छैन । यसको स्थानमा "अभिगमय"
अर्थ जोडिएको छ, जुन मूल पाठमा छैन ।

विवेचन :- ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १७ को अनुवादमा पनि
गल्तीहरू छन् जुन आर्य समाजीहरूद्वारा अनुवाद गरिएको हो ।

अब शुद्ध पारेर लेख्छु :-

जस्तो पूर्वोक्त ऋग्वेद मण्डल ९ सूक्त ८६ तथा ८२ को मन्त्रहरूमा प्रमाण
द्यूलोकको तेस्रो स्थानमा विराजमान परमात्मा आफ्नो शाश्वत स्थानबाट हिँडेर
जानी-बुझी कुनै खास उद्देश्यले प्रकट हुन्छन् । परमात्माले सम्पूर्ण ब्रह्माण्डहरूमा
प्राणीहरूको पालन-पोषण तीन स्थितिमा गर्दछन् । १. परमात्मा माथि सत्यलोक
अविनाशी धाममा सिंहासन (तख्त) मा बसेर सम्पूर्ण ब्रह्माण्डहरू सञ्चालन गर्दछन्
आफूले चाहेको समयमा साधु सन्तको रूपमा आफ्नो शरीरको तेजलाई सरल तु
असल आत्माहरूलाई भेट्दछन् । ३. प्रत्येक युगमा कुनै जलाशयमा फुलेको क
फूलमा नवजात शिशुको रूप बनाएर प्रकट हुन्छन्, त्यहाँबाट निःसन्तान द
आफ्नो घर लैजान्छन् । बाल्यकालदेखि नै ती परमात्माले तत्त्वज्ञान अर्थात्
वास्तविक भक्ति ज्ञान चौपाइहरू, दोहाहरू, साखीहरू एवं कविताहरूको
सुनाउँछन् । जस्तो सन् १३९८ विं सं. १४५५ मा परमात्मा आफ्नो निज स्थानबाट
भारत वर्षको काशी शहरमन्दा बाहिर लहरतारा नामक जलाशयमा कमलको
शिशु रूप धारण गरेर प्रकट हुनु भयो । त्यहाँबाट नीरू-नीमा जुलाहा दम्पत्ति
लगे । विस्तारै परमात्मा हुर्कनु भयो । कवीर वाणी बोलेर ज्ञान सुनाउनु भएको
प्रमाण ऋग्वेद मण्डल ९ सूक्त १ मन्त्र ९ मा छ, जुन आर्य समाजका आचार्यह
अनुवाद गरिएको हो । त्यसमा पनि केही गल्तीहरू छन्, धेरै होइन । कृपया
मण्डल ९ सूक्त १ मन्त्र ९ को फोटोकपी पढ्नु होस् ।

अभी३ममघ्न्या उत श्रीणन्ति धेनवः शिशुम् ।
सोममिन्द्राय पातवे ॥९॥

पदार्थः—(इमं) उस (सोमं) सौम्यस्वभाव वाले श्रद्धालु पुरुष
(शिशुं) कुमारावस्था में ही (अभि) सब प्रकार से (अघ्न्याः) अहिंस
(धेनवः) गौवें (श्रीणन्ति) तृप्त करती हैं (इन्द्राय) ऐश्वर्य्य की (पात
वृद्धि के लिये । (उत) अथवा उक्त श्रद्धालु पुरुष को अहिंसनीय वाणियें ऐश्वर्य्य
प्राप्ति के लिये संस्कृत करती हैं ॥९॥

विवेचन :- यो फोटोकपी ऋग्वेद मण्डल ९ सूक्त १ मन्त्र ९ को हो । यसमा
नि स्पष्ट छ- (सोम) अमर परमात्मा शिशु रूपमा प्रकट भएपछि उनको पालन-
ोषणको लिला कुमारी गाई (अभि अघ्न्या धेनुवः) द्वारा हुन्छ । यही प्रमाण कबीर
ागरको अध्याय "ज्ञान प्रकाश" मा छ- जो परमेश्वर कबीर जीलाई नीमा-निरूले आफ्नो
र लिएर गए। तब शिशु रूपधारी परमात्माले न अन्न खानु भयो न दूध पिउनु भयो ।
नि स्वामी रामानन्द जीले भने अनुसार नीरूले एउटा कुमारी गाई अर्थात् बाच्छी
्याए, त्यसले तत्काल दूध दियो । त्यस कुमारी गाईको दूधबाट परमेश्वरको पालन-
ोषणको लीला भएको थियो । कबीर सागर लगभग ६०० (छ सय) वर्ष पहिले
ेखिएको हो । ऋग्वेद मण्डल ९ सूक्त १ मन्त्र ९ को अनुवादमा केही त्रुटि भएको
छ । जस्तो (अभिअघ्न्या) को अर्थ अहिंसनीय लेखिएको छ, जुन गलत हो । हरियाणा
ान्तको रोहतक जिल्ला, धनाना गाउँमा लेखकको जन्म भयो । जुन अहिले सोनिपत
जिल्ला पर्छ । यस क्षेत्रमा गर्भधारण नगरेको गाईलाई बिना धनाई भनिन्छ । यो अपभ्रंश
ब्द हो । एउटा गाईका लागि "अघ्नी" शब्दको प्रयोग हुन्छ । बहुवचनका लागि "अघ्न्या"
ब्द प्रयोग हुन्छ । "अघ्न्या" को अर्थ बहाल नगएको गाईहरू तथा "अभिघ्न्या" भनेको
ूर्ण रूपमा बहाल नगएको अर्थात् कुमारी गाई अर्थात् बाच्छी हुन्छ ।

अब ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १७ को शुद्ध अनुवाद :- केवल हिन्दीको
ेपाली अनुवाद :- (शिशुम जज्ञानम् हर्यन्तम्) परमेश्वर जानी-जानी तत्त्वज्ञान बताउने
उद्देश्यले शिशु रूपमा प्रकट हुन्छन्, उनको ज्ञान सुनेर (मरूतो गणेन) भक्तहरूको
ज्यादै ठूलो समूह ती परमात्माको अनुयायी बन्छन् । (मृजन्ति शुम्यन्ति वह्नि)

त्यो ज्ञान बुद्धिजीवि मानिसहरूले बुझ्दछन् । तिनीहरूले ती परमेश्वरको स्तुति
भक्ति तत्त्वज्ञानको आधारले गर्छन्, त्यो भक्ति (वह्नि) शीघ्र लाभ दिने खालको हुन्छ ।
ती परमात्माले आफ्नो तत्त्वज्ञान (काव्येना) कवित्वद्वारा अर्थात् कविहरू जसरी दोहा,
शब्द लोकोक्ति तथा चौपाइहरूद्वारा (कविर गीर्भि) कविर् वाणीद्वारा अर्थात् कबीर
वाणीद्वारा (पवित्रम् अतिरेभन्) शुद्ध ज्ञानलाई ठूलो स्वरमा गर्जी-गर्जी भन्छन् । ती
(कविः) कविको जस्तो आचरण गर्ने कविर्देव (सन्त) सन्त रूपमा प्रकट (सोम) अमर
परमात्मा हुन् । (ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १७)

विशेषः यस मन्त्रको मूल पाठमा दुई पटक "कविः" शब्द छ तर आर्यसमाजका
अनुवादकर्ताहरूले एउटा (कविः) को अर्थ लेखेका छैनन् ।

विवेचन :- ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १८ मा गरिएको विवेचनको
अनुवादमा पनि थुप्रै गल्तिहरू छन् । म संस्कृत पनि बुझ्न सक्छु । विवेचन तथा यथार्थ
अनुवाद एवं भावार्थ स्पष्ट गर्दछु । मन्त्र १७ मा भनिएको छ— ऋषि वा सन्त रुपमा
प्रकट भएर परमात्माले आफ्नै मुख कमलद्वारा अमृतवाणी भन्छन् र त्यो ज्ञान बुझेर
अनेकौं अनुयायीहरूको समुह बन्छ । (य) परमात्माले तत्त्वज्ञानका जुन वाणी सुनाउँछन्,
ती (ऋषिकृत्) ऋषि रूपमा प्रकट परमात्मा कृत (सहस्रणीयः) हजारौं वाणीहरू अर्थात्
कबीर वाणीहरू (ऋषिमना) ऋषि स्वभाव भएका भक्तहरूका लागि (स्वर्षाः) आनन्ददायक
हुन्छ । (कविनाम, पदवीः) कवित्वद्वारा दोहाहरू, चौपाइहरूमा वाणी बोल्ने भएकाले ती

परमात्माले कविहरूमध्ये प्रसिद्ध कविको पनि पदवी प्राप्त गर्ने छन् । ती (सोम) परमात्मा (सिषासन्) साराको पालनको ईच्छा गर्दै प्रथम स्थितिमा (महिषः) ठूलो अर्थात् माथिको लोकहरूमा (तृतीयम् धाम) तेस्रो धाम अर्थात् सत्यलोकको तेस्रो (अनुराजति) तेजोमय शरीरयुक्त (स्तुप) गुम्बजमा (विराजम्) विराजमान छन्, बसेका छन् । यही प्रमाण ऋग्वेद मण्डल ९ सूक्त ५४ मन्त्र ३ मा छ- परमात्म लोकहरूको माथिको लोकमा विराजमान छन्, (तिष्ठन्ति) बसेका छन् ।

विवेचन :- ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १९ को पनि आर्यसम विद्वानहरूले अनुवाद गरेका हुन् । यसमा पनि थुप्रै त्रुटि छन् । पुस्तक विस्ता भएकाले केवल आफ्नो मतलबको जानकारी प्राप्त गरौं ।

यस मन्त्रमा चौथो धामको वर्णन छ, जुन तपाईंले सृष्टि रचनामा पढ्नु हुने त्यसमा पूर्ण जानकारी छ । यसै पुस्तकको पृष्ठ २०८ पढ्नु होस् ।

परमात्माले माथिका चार अजर-अमर लोकहरू रच्नु भएको छ । १. अ लोक-जुन सबैभन्दा माथि छ । २. अगम लोक ३. अलख लोक ४. सत्यलोक

हामी पृथ्वी लोकमा छौं, यहाँबाट माथिका लोकहरू गन्यौं भने १. सत्यलो अलख लोक ३. अगम लोक तथा ४. अनामी लोक हुन्छ । त्यस चौथो धाममा परमात्माले सम्पूर्ण ब्रह्माण्डहरू तथा लोकहरूको रचना गर्नु भयो । शेष सत्यलोकमा बसेर गर्नु भएको थियो । आर्यसमाजका अनुवादकहरूले तुरिया पर अर्थात् चौथो परमात्माको वर्णन गरेका छन् । यो चौथो धाम हो । त्यसमा मूल मन्त्र १९ को भावार्थ यस्तो छ– तत्त्वदर्शी सन्तले चौथो धाम तथा चौथो परमा (विवक्ति) भिन्न-भिन्न वर्णन गर्दछन् । पाठकजन ! कृपया यसै पुस्तकको पृष्ठ १२ सृष्टि रचना पढ्नु होस्, जसबाट तपाईंहरूलाई लेखक (सन्त रामपाल दास) तत्त्वदर्शी सन्त हुन्, जो तत्त्वज्ञानसँग परिचित छन् भन्ने ज्ञान हुन्छ ।

विवेचन :- ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र २० को यथार्थ ज्ञान जानौं :-

यस मन्त्रको अनुवाद महर्षि दयानन्दका चेलाहरूले गरेका हुन्, यिनको दृष्टि परमात्मा निराकार छन् भन्ने छ किनकि महर्षि दयानन्द जीले परमात्मा निराकार भंन्ने कुरालाई दृढ तुल्याएका छन् । त्यसैले अनुवादकले सरल मन्त्रको अनुवाद घु फिराइ लेखेका छन् । जस्तो मन्त्र २० को मूल पाठमा लेखिएको छः-

मर्य न शभ्रः तन्वा मृजानः अत्यः न सृत्वा सनये धनानाम् ।
वृर्षेव यूथा परि कोशम अर्षन् कनिक्रदत् चम्वो अविवेश ॥

अनुवादः- जस्तो (मर्यः न) मनुष्यले सुन्दर वस्त्र धारण गर्दछ, त्यस्तै परमा मनुष्य समान (शुभ्रः तन्व) सुन्दर शरीर (मृजानः) धारण गरेर (अत्यः) अत्यन्त (सृत्वा) हिंडेर (सनये धनानाम्) भक्ति धनका धनीहरू अर्थात् पुण्य आत्माहरू प्राप्त गर्नका लागि आउँछन् । (यूथा वृषेव) जस्तो कुनै एक समुदायले उनी सेनापति पाए जस्तै ती परमात्मा सन्त एवं ऋषि रूपमा प्रकट हुन्छन्, तब उनको सङ्ख्यामा अनुयायी बन्छन् र परमात्मा तिनका गुरू रूपमा मुखिया हुन्छन्

परमात्मा (परि कोशम्) प्रथम ब्रह्माण्डमा (अर्षन्) प्राप्त भएर अर्थात् आएर (कनिक्रदत्) वूलो स्वरमा सत्यज्ञान उच्चारण गर्दै (चम्वोः) पृथ्वी खण्डमा (अविवेश) प्रविष्ट हुन्छन् ।

भावार्थः- जस्तो अगाडि उल्लेख गरिएका वेद मन्त्रहरूमा भनिएको छ– परमात्मा माथिका लोकमा रहन्छन्, त्यहाँबाट गतिमान भएर पृथ्वीमा आउँछन्, आफ्नो रूप अर्थात् शरीरको तेजलाई सरल तुल्याएर आउँछन् । यस ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र २० मा त्यसैको पुष्टि गरिएको छ । भनिएको छ– परमात्मा मनुष्यले वस्त्र धारण गरे जस्तै अन्य शरीर धारण गरेर पृथ्वीमा आउँछन् र (धनानाम्) दृढ भक्तहरू (असल पुण्य आत्माहरू) लाई भेट्छन्, तिनलाई वाणी उच्चारण गरेर तत्वज्ञान सुनाउँछन् ।

(प्रमाण ऋग्वेद मण्डल नं. ९ सुक्त ९५ मन्त्र २)

हरिः सृजानः पथ्यामृतस्येयर्ति वाचमरितेव नावम् ।
देवो देवानां गुह्यानि नामाविष्कृणोति बर्हिषि प्रवाचे ॥२॥

पदार्थः—(हरिः) वह पूर्वोक्त परमात्मा (सृजानः) साक्षात्कार को प्राप्त हुआ (ऋतस्य, पथ्यां) वाक्द्वारा मुक्तिमार्ग की (इयर्ति) प्रेरणा करता है । (अरितेव नावम्) जैसा कि नौका के पार लगाने के समय में नाविक प्रेरणा करता है । और (देवानां देवः) सब देवों का देव (गुह्यानि) गुप्त (नामाविष्कृणोति) संज्ञाओं को प्रकट करता है (बर्हिषि प्रवाचे) वाणीरूपी यज्ञ के लिये ॥२॥

ऋग्वेद मण्डल ९ सूक्त ९५ मन्त्र २ को अनुवाद महर्षि दयानन्दका चेलाहरूले गरेका हुन्, जुन धेरै जसो ठीक छ ।

यसको भावार्थ :- पूर्वोक्त परमात्मा अर्थात् यस अघिका मन्त्रहरूमा भनिएका परमात्माले (सृजानः) आफ्नो शरीर धारण गरेर (ऋतस्य पथ्या) सत्य भक्तिको मार्ग अर्थात् यथार्थ आध्यात्मिक ज्ञान आफ्नो अमृतमयी वाक् अर्थात् वाणीद्वारा मुक्ति मार्गको प्रेरणा जगाउँछन् ।

त्यो मन्त्र यस्तो छ :- जस्तो (अरितेव नावम्) नाविक (माझी) ले डुङ्गामा बसाएर पार गरि दिन्छ, त्यस्तै परमात्माले सत्यभक्ति मार्गरूपि नाउको माध्यमले साधकलाई संसार रुपी नदी पार गरि दिन्छन् । ती (देवानाम् देवः) सारा देवहरूका देव अर्थात् सारा प्रभुहरूका प्रभु परमेश्वरले (वर्हिषि प्रवाचे) वाणीरूपी ज्ञान यज्ञका लागि (गुह्यानि) गुप्त (नामा आविष्कृणोति) नामहरूको आविष्कार गर्छन् अर्थात् गीता अध्याय १७ श्लोक २३ मा भनिएको "ॐ तत् सत्" यी गुप्त मन्त्र हुन्, जुन उनै परमेश्वरले (सन्त रामपाल दास) लाई बताउनु भएको हो । उहाँबाट नै पूर्ण मोक्ष सम्भव छ ।

सूक्ष्मवेदमा परमेश्वरले भन्नु भएको छ :-

"सोहं" शब्द हम जग में लाए, सारशब्द हम गुप्त छिपाए ।

भावार्थ :- परमेश्वर स्वयम्ले "सोहं" शब्द भक्तिका लागि बताउनु भयो । यो सोहं मन्त्र कुनैपनि प्राचीन ग्रन्थ (वेद, गीता, कुर्आन, पुराणः तथा बाईवल) मा छैन ।

फेरि सूक्ष्म वेदमा भन्नु भएको छ :-

सोहं उपर और है, सत्य सुकृत एक नाम। सब हंसोका जहाँ बास है, बस्ती है बिन ठाम॥

भावार्थ :- सोहं नाम त परमात्माले प्रकट तथा आविष्कार गरि दिनु भयो सार शब्द गोप्य राख्नु भएको थियो । अहिले म (लेखक सन्त रामपाल दास) बताउनु भएको छ, जुन दीक्षाको समयमा साधकलाई बताइन्छ । यसको सम्बन्ध गी अध्याय १७ श्लोक २३ मा भनिएको "ॐ तत् सत्" सँग छ ।

(प्रमाण ऋग्वेद मण्डल नं. ९ सुक्त ९४ मन्त्र १)

अधि यदस्मिन्वाजिनीव शुभः स्पर्धन्ते धियः सूर्ये न विशः ।
अपो वृणानः पवते कवीयन्व्रजं न पशुवर्धनाय मन्म ॥१॥

पदार्थः—(सूर्य्ये) सूर्य के विषय में (न) जैसे (विशः) रश्मियां प्रका शित करती हैं । उसी प्रकार (धियः) मनुष्यों की बुद्धियां (स्पर्धन्ते) अपनी-अपनी उत्कट शक्ति से विषय करती हैं । (अस्मिन् अधि) जिस परमात्मा में (वाजिनीव सर्वोपरि बलों के समान (शुभः) शुभ बल है वह परमात्मा (अपोवृणानः) कर्म का अध्यक्ष होता हुआ (पवते) सबको पवित्र करता है । (कवीयन्) कवियों की तरह आचरण करता हुआ (पशुवर्धनाय) सर्वद्रष्टृत्व पद के लिए (व्रजं, न इन्द्रियों के अधिकरण मन के समान 'व्रजन्ति इन्द्रियाणि यस्मिन् तद्व्रजम्' (मन्म जो अधिकरणरूप है वही श्रेय का धाम है ॥१॥

विवेचन :- ऋग्वेद मण्डल ९ सूक्त ९४ मन्त्र १ को अनुवाद पनि आर्यसमाज विद्वानहरू द्वारा गरिएको हो ।

विवेचन :- पुस्तक विस्तारलाई ध्यानमा राखेर उनीहरूकै अनुवादबाट आफ्नो सिद्ध गर्दछु । जस्तो यसअघि उल्लेख गरिएका वेदमन्त्रहरूमा भनिएको छ- परमात्म आफ्नो मुखकमलबाट वाणी उच्चारण गरेर तत्त्वज्ञान भन्छन् । लोकोक्तिहरूको माध्यम कवित्वद्वारा दोहा, शब्द साखी, चौपाइहरूको माध्यमले वाणी भन्नाले प्रसिद्ध कविहरूमा पनि एक कविको उपाधि प्राप्त हुन्छ । उनको नाम कविर्देव अर्थात् कबीर साहेब हो ।

ऋग्वेद मण्डल ९ सूक्त ९४ मन्त्र १ मा पनि यही भनिएको छ- सर्वशक्तिमान परमेश्वर छन्, उनी (कवियन् व्रजम् न) कविको जस्तै आचरण पृथ्वीमा विचरण गर्दछन् ।

(प्रमाण ऋग्वेद मण्डल ९ सूक्त २० मन्त्र १)

प्र कविर्देववीतयेऽव्यो वारेभिरर्षति ।
साह्वान्विश्वा अभि स्पृधः ॥१॥

पदार्थः—वह परमात्मा (कविः) मेधावी है और (अव्यः) सबका रक्षक है (देववीतये) विद्वानों की तृप्ति के लिये (अर्षति) ज्ञान को देता है, (साह्वान्) सहनशील है और (विश्वाः, स्पृधः) सम्पूर्ण दुष्टों को संग्रामों में (अभि) तिरस्कृत करता है ॥१॥

विवेचन :- ऋग्वेद मण्डल ९ सूक्त २० मन्त्र १ को अनुवाद पनि आर्यसमाजका विद्वानहरूले गरेका हुन् । यसको अनुवाद थोरै सही र धेरै गलत छ । यसको मूल पाठमा यस्तो लेखिएको छ :-

प्र. कविर्देव वीतये अव्यः वारेभि अर्षति सह्वान विश्वा अभि स्पृध्धः

सरलार्थ :- (प्र) वेद ज्ञानदाताभन्दा अर्का जुन (कविर्देव) कविर्देव अर्थात् कबीर परमेश्वर छन्, उनले विद्वान तथा जिज्ञासुहरूलाई (वीतये) ज्ञान धनको तृप्तिका लागि (वारेभिः) श्रेष्ठ आत्माहरूलाई, (अर्षति) ज्ञान दिन्छन् । उनी (अव्यः) अविनाशी हुन्, रक्षक हुन् (साह्वान्) सहनशील (विश्वाः) तत्त्वज्ञानहीन सम्पूर्ण दुष्टहरूलाई (स्पृधः) अध्यात्म ज्ञानको कृपा स्पृधा अर्थात् ज्ञान गोष्ठी रुपी वाक् युद्धमा (अभि) पूर्ण रूपले तिरस्कृत गर्दछन् । उनीहरूको बोली बन्द गरि दिन्छन् ।

विशेष :- (क) यस मन्त्रको अनुवादमा तपाईंले फोटोकपी हेरेपछि आर्य विद्वानहरूले कैयौं शब्दको अर्थ छोडेका छन् भन्ने थाहा हुन्छ- जस्तो "प्र", "वारेभि" जसले गर्दा वेदहरूको यथार्थ भाव सामुन्ने आउन सकेन ।

(ख) मेरो अनुवादबाट स्पष्ट छ- परमात्माले असल आत्मा (दृढभक्त) लाई ज्ञान दिनु हुन्छ, उहाँको नाम पनि लेखिएको छ- "कविर्देव" हामी कबीर परमेश्वर भन्छौं ।

(प्रमाण :- ऋग्वेद मण्डल ९ सूक्त ५४ मन्त्र ३)

अयं विश्वानि तिष्ठति पुनानो भुवनोपरि ।
सोमो देवो न सूर्यः ॥३॥

पदार्थः—(सूर्यः, न) सूर्य के समान जगत्प्रेरक (अयम्) यह परमात्मा (सोमः, देवः) सौम्य स्वभाव वाला और जगत्प्रकाशक है और (विश्वानि, पुनानः) सब लोकों को पवित्र करता हुआ (भुवनोपरि, तिष्ठति) सम्पूर्ण ब्रह्माण्डों के ऊर्ध्व भाग में भी वर्तमान है ॥३॥

विवेचन :- ऋग्वेद मण्डल ९ सूक्त ५४ मन्त्र ३ को फोटोकपी हेर्नु होस् । यो अनुवाद आर्यसमाजका विद्वानहरूले गरेका हुन् । उनीहरूको अनुवादमा पनि ती परमात्मा (भूवनोपरि) सम्पूर्ण ब्रह्माण्डहरूको ऊर्ध्व अर्थात् माथि (तिष्ठति) विराजमान छन्, माथि बसेका छन् भन्ने स्पष्ट हुन्छः- यसको यथार्थ अनुवाद यस प्रकार छः

(अयं) यी (सोमःदेव) अमर परमेश्वर (सूर्य) सूर्य (न) समान (विश्वानि) सारालाई (पुनानः) पवित्र गर्दै (भूवनोपरि) सम्पूर्ण ब्रह्माण्डहरूको ऊर्ध्व अर्थात् माथि (तिष्ठति) बसेका छन् ।

भावार्थ :- जस्तो सूर्य माथि छ र आफ्नो प्रकाश तथा उष्णताद्वारा सारालाई लाभ दिइ रहेको छ । त्यसैगरी माथिका मन्त्रहरूमा वर्णन गरिएका परमेश्वरले सम्पूर्ण ब्रह्माण्डहरूभन्दा माथि बसेर आफ्नो निराकार शक्तिद्वारा सम्पूर्ण प्राणीहरूलाई लाभ दिइ रहेका छन् तथा सम्पूर्ण ब्रह्माण्डहरू सञ्चालन गरि रहेका छन् ।

तर्क :- महर्षि दयानन्द तथा आर्यसमाजीहरूको परमात्मा कुनै एक स्थानमा लोक विशेषमा रहदैनन् भन्ने मत छ ।

प्रमाण :- सत्यार्थ प्रकाश समुल्लास नं. ७ पृष्ठ १४८ मा (आर्य साहित्य ट्रष्ट ४२७ गली मन्दिर वाली नया बांस दिल्ली- ७८ औं संस्करण)

कसैले प्रश्न गऱ्यो :- ईश्वर व्यापक छन् वा कुनै देश विशेषमा रहन्छन् ?

उत्तर :- (महर्षि दयानन्द जीको) व्यापक छन् किनकि एक देशमा रहे भने अन्तर्यामी, सर्वज्ञ, सर्वनियन्ता, सबका स्रष्टा, सबका धर्ता र प्रलयकर्ता हुन सक्दैन अप्राप्त देशमा कर्ताको क्रिया हुनु असम्भव छ । (सत्यार्थ प्रकाशबाट लेख समाप्त)

महर्षि दयानन्द जी परमात्मा कुनै देश अर्थात् स्थान विशेषमा रहन्छन् मान्दैनथे । महर्षि दयानन्द वेदको ज्ञानलाई सत्य ज्ञान मान्थे । तपाईंले माथिका वेदमन्त्रहरूमा आफ्नै आँखाले पढ्नु भयो– परमेश्वर माथि एक स्थानमा रहन्छ त्यहाँबाट गतिमान भएर यहाँ पनि प्रकट हुन्छन् ।

महर्षि दयानन्द तथा आर्यसमाजीहरू परमात्मालाई निराकार मान्दछन् ।

प्रमाण :- सत्यार्थ प्रकाशको समुल्लास नं. ९ पृष्ठ १७६, समुल्लास ७ पृष्ठ समुल्लास ११ पृष्ठ २५१ मा परमात्मा निराकार छन् भनेका छन् ।

प्रिय पाठकवर्ग ! तपाईंले अनेकौं वेदमन्त्रहरूमा पढ्नु भयो- परमात्मा सा छन्, उनी मनुष्य जस्ता छन् । माथिको लोकमा रहन्छन्, त्यहाँबाट गतिमान भई आउँछन्, पृथ्वीमा प्रकट हुन्छन् । दृढ भक्त असल आत्माहरूलाई भेट्छन् । उनीहरू आफ्नै मुख कमलबाट तत्वज्ञान बोलेर सुनाउँछन् । कविको जस्तो आचरण गर्दछ पृथ्वीमा विचरण गरेर परमात्माले आफ्नो अध्यात्मिक ज्ञान ठूलो स्वरमा उच्चारण सुनाउँछन् ।

गीता अध्याय ४ श्लोक ३२ मा यही प्रमाण छ ।

प्रिय पाठकजन् ! स्वयम् निर्णय गर्नु होस् । कोसँग कति आध्यात्मिक थियो । विशेष आश्चर्यको कुरा त वेदमन्त्रहरूको अनुवाद पनि महर्षि दयानन्द जी उनका शिष्य आर्यसमाजीहरू द्वारा गरिएको हो । जसमा उनीहरुको मतको विरोध छ

निवेदन :- वेद मन्त्रहरूका फोटोकपीहरू राख्नुको पनि उद्देश्य छ । यदि (लेखकले) अनुवाद गरेर पुस्तकमा राखेको भए अन्य व्यक्तिहरूले सन्त राम दासलाई संस्कृत भाषाको ज्ञान छैन, त्यसैले यिनको अनुवादमा विश्वास गर्न सकि भन्ने थिए । अब यस्तो शङ्का उत्पन्न हुन सक्दैन । अब त झन् सन्त रामपाल दा अनुवाद गरेका वेद मन्त्रहरू यथार्थ हुन् भन्ने दृढता आउने छ ।

"हिन्दू धर्ममा प्रचलित शास्त्र विरूद्ध धार्मिक साधना"

विश्वमा धार्मिक व्यक्तिहरूको भरमार छ । प्रत्येक धर्मका अनुयायीहरू आफ्नो ाधनालाई सत्य मानेर पूर्ण श्रद्धा तथा लगनका साथ समर्पण भावले गरि रहेका छन् । क अर्कालाई हेरेर सुनेर धार्मिक क्रियाकलापहरू गर्न थाल्दछन् । विशेष जाँच तथा रख गर्दैनन् । यही कारणले आध्यात्मिक लाभबाट वञ्चित रहन्छन् । एउटा पुजाबाट ाभ भएन भने कसैले भनेको सुनेर अर्को सुरु गर्छन् । यदि हामी कुनै व्यापार अथवा न्दा सुरु गर्ने विचार गर्दछौं भने पहिले त्यसको सम्पूर्ण जानकारी प्राप्त गर्छौं ।

ादाहरण : हामी डाक्टर, इन्जीनियरिङ, बैंकमा जागिर खानको लागि कुनै पढाइ आदि ुनै कोर्ष अथवा कुनै व्यापार या अन्य रोजगारको लागि काम गर्दा त्यसबाट हुने ाभको बारेमा परिचित हुन्छौ । पूर्ण विश्वास भएपछि मात्र तन-मन-धनले सफलताको ागि प्रयत्न गर्छौं । तर, धार्मिक लाभ लिन हामी विवेक प्रयोग गर्नुको साटो एक र्काबाट सुनेको भरमा धार्मिक क्रिया गर्छौं वा कसैको देखेर त्यसको अनुसरण गर्न ाल्छौं । त्यस धार्मिक क्रियाको सत्यताको लागि कुनै प्रमाणको आवश्यकता ठान्दैनौ । र्व प्रथम विश्वको पूरानो धर्म अर्थात् सनातन पंथ (जसलाई वर्तमानमा हिन्दू धर्म ानिन्छ) को विषयमा चर्चा गर्दछु ।

प्रवित्र हिन्दू धर्म मान्ने श्रदालुहरू धार्मिकताले ओतप्रोत छन् । जुन मानव (स्त्री ुरुष) परमात्माप्रति तडप राख्दछ भने त्यो उसको पुर्वजन्मको भक्ति कर्मको शक्तिको ारणले हो । ऊ भक्ति कर्म नगरी बस्नै सक्दैन । बाल्यकालमा घर परिवार तथा ेत्रमा चलि रहेको कुनै देवी-देवता, बाबा, सिद्ध, नाथ एवं सती आदिको साधना-पूजाको रम्परा ऊ बडो लगनका साथ गर्दछ । ठूलो भएपछि कसैले देवीको पूजाको लागि ष्णो देवी मन्दिरमा दर्शन गर्न जानु बडो लाभदायक छ भनेको सुन्छ र ऊ अविलम्ब यहाँ जान थाल्दछ । त्यसपछि कुनै सन्तको शिष्यले उसलाई भेट्छ र त्यस साधकलाई ुरू धारण गर्न प्रेरणा दिन्छ । गुरूबिना मोक्ष हुदैन भन्छ । परमात्माको लागि तड्पि हेको श्रद्धालु विवेक प्रयोग नै नगरी त्यस गुरुको शिष्यसँग गई उसैको गुरुबाट दीक्षा लेएर आफूलाई धन्य मान्दछ । मेरो जीवन धन्य भयो भनी विचार गर्छ । त्यस सन्तले ानि तिनै देवी देवताहरुलाई इष्ट रूपमा मानेर तिनैको पूजा गर्ने दीक्षा दियो । एक-दुई ोटा मन्त्र (हरे राम हरे कृष्ण या ओम् भगवते वासुदेवाय नमः, ओम् नमः शिवाय या ायत्री मन्त्र) को जप गर्न भनि दियो । श्राद्ध गर्नु, पिण्ड दान गर्नु आदि पनि ावश्यक छ भनी बतायो । श्री विष्णु जी र उनैको अन्य स्वरूप एवं अवतारगण श्री ाम, श्री कृष्णलाई इष्टको रूपमा मान्नु, वैष्णो देवी तथा ज्वाला जी एवं नैना देवी, ाला जीको पूजा तथा शंकर जी भगवानको पूजा गर्ने सल्लाह दियो । साधक (शिष्य) ुरू जीको आदेश अनुसार सबै धार्मिक क्रियाहरू गर्न थाल्दछ । उसले पुज्य गुरू ीले बताउनु भएको साधना हिन्दू धर्मका शास्त्रहरुबाट बताउनु भएको हो किनकि गुरू ी राम्रो सँग संस्कृत भाषा पढ्नु हुन्छ र गीता, वेदहरू, पुराणहरू आदिको पूर्ण ज्ञाता

हुनु हुन्छ भन्ने मानेको हुन्छ । यिनै शास्त्रहरूको हवाला (उदाहरण) दिई कैयौ
आफ्नो धार्मिक साधनाको सत्यता प्रमाणित गर्दछन् । त्यसैले हिन्दूधर्म मान्नेह
उपरोक्त तथा पुर्वोक्त साधना गर्दछन्, जुन मोक्षदायक छैन । गीता अध्याय १६
२३ अनुसार तिनलाई न सुख प्राप्त हुन्छ, न सिद्धी, न त तिनीहरूको गति
मुक्ति हुन्छ । अर्थात् व्यर्थ छन् । जसबाट उनीहरूको अनमोल जीवन व्यर्थ न
रहेछ ।

हिन्दू धर्मशास्त्रले के भन्छ ?

हिन्दू धर्म अर्थात् सनातन पंथ (धर्म) का व्यक्तिहरू (स्त्री पुरुष) पवित्र
वेदहरू, पवित्र १८ पुराणहरू, पवित्र श्रीमद्भगवत गीता (गीतालाई चारै वेदहरूक
रूप मानिन्छन् तथा सम्पूर्ण शास्त्रहरूको निष्कर्ष मानिन्छन्) तथा सुधा सागर
उपनिषदहरूलाई सत्य शास्त्र मान्दछन् । साथै हाम्रा गुरूजनहरूले यी
शास्त्रहरूलाई सही रूपमा बुझेका छन् र हामीलाई यिनै शास्त्रहरूमा वर्णित
साधना नै बताएका छन् भन्ने पनि मान्दछन् । सामान्य हिन्दू भक्त एवम् भक्तम
श्रीमद्भगवत गीतालाई अधिक महत्व दिन्छन् किनकि गीताको हिन्दी अनुवाद व
पढ्न पाइएको छ । यो अधिक विस्तार भएको पनि छैन किनकि चारै वेदहरूम
(अठार) हजार श्लोकहरू (मन्त्रहरू) छन् । गीता शास्त्रमा मात्र सात सय
श्लोकहरू छन् । त्यसैले गीतालाई सर्वोत्तम मान्दछन् । त्यसलाई हिन्दू
धर्मगुरूहरू पनि आफ्नो पाठ्यक्रम मान्दछन् । यस सँगसँगै सुधा सागर (श्रीमदभ
लाई पनि विशेष महत्व दिन्छन्, जसमा श्री कृष्ण जीका जीवन लिलाहरू अधिक
केही पुराणहरू सामान्य भक्तहरूले पढ्छन् । जस्तो श्री देवी पुराण, श्री विष्णु
श्री शिव पुराण, श्री ब्रह्मा पुराण, श्री गरूड पुराण, श्री मार्कण्डेय पुराण आदि ।

❖ मैले (लेखकले) यी सबै शास्त्रहरूको अध्ययन गहनतापूर्वक गरेको छु ।
साथ साथै पाँचौ वेद अर्थात् सूक्ष्मवेद पनि राम्रोसँग बुझेको छु । (पाँचौं वेद के
यो पनि तपाईहरूले यसै पुस्तकमा पढ्नु भयो । पहिले उपरोक्त शास्त्रह
साधनाको सत्यता प्रमाणित गर्दछु ।)

❖ श्रीमद्भगवत गीता अध्याय १६ श्लोक २३-२४ मा भनिएको छ :- जुन
शास्त्रविधि त्यागेर मनोमानी आचरण गर्दछ अर्थात् शास्त्रमा वर्णित साधनाको वि
साधना गर्नुलाई मनोमानी आचरण भनिन्छ । त्यस मनोमानी आचरण गर्नेलाई
सुखको प्राप्त हुन्छ, न सिद्धि अर्थात् न अध्यात्म शक्ति प्राप्त हुन्छ, न उसको
हुन्छ । (यिनै तिन कुराको लागि साधकले साधना गर्दछ । यदि जुन साधना गर्न
तिनै लाभ प्राप्त हुदैन भने त्यो साधना व्यर्थ छ ।)

❖ श्री गीता अध्याय १६ श्लोक २४ :- त्यसैले तिम्रो लागि अर्जुन ! कर्तव्य अ
गर्नु पर्ने साधना तथा अकर्तव्य अर्थात् गर्न नहुने को व्यवस्थामा शास्त्र नै प्रमाण
भावार्थ हो : जुन धार्मिक क्रियाहरू गर्ने निर्देशन धर्मको पवित्र शास्त्रमा वर्णित छ,
धार्मिक क्रियाहरू गर्नु पर्दछ । अन्यलाई अकर्तव्य जानेर त्यागी दिनु पर्दछ ।

कबीर परमेश्वर (कविर्देव) जीले भन्नु भएको छ :

कबीर, पीछे लागा जाऊं था, लोक वेदके साथ ।
रास्ते में सतगुरू मिल गये, दीपक दीन्हा हाथ ॥

शब्दार्थ:- परमात्मा कबीर जीले सूक्ष्म वेदका ज्ञान आफ्नो मुख कमलबाट बोलेर वाणीको माध्यमले बताउनु भएको छ । आफूलाई पात्र बनाएर भक्त समाजलाई सम्झाउनु भएको छ– जबसम्म सतगुरू (वेद तथा शास्त्रहरूका यथार्थ ज्ञाता गुरू) प्राप्त हुदैन, तबसम्म पूर्वजन्मको शुभ संस्कारहरूले प्रेरित साधक लोकवेद (सुनि सुनाएको ज्ञान) जो शास्त्रबाट प्रमाणित छैन अर्थात् क्षेत्रीय ज्ञान (दन्त्य कथाहरू) को आधारबाट साधना गरि रहन्छ । त्यस शास्त्र विरूद्ध साधनाको सफर (यात्रा) मा जब सतगुरू प्राप्त हुन्छ अनि सतगुरूले शास्त्रोक्त ज्ञान अर्थात् तत्वज्ञान रूपी दीयो दिन्छन् । जसको प्रकाशमा अज्ञानरूपी अँध्यारोमा गरि रहेको अन्ध श्रद्धा भक्ति तथा भौतारिदै गरि रहेको दिशाहीन यात्रा त्यागेर साधक सिधै भक्ति मार्गमा हिड्दछ, जुन लाभदायक छ । जुन साधना गर्नाले गीता अध्याय २३ मा भनिएको तिन ओटै लाभ (सुख, सिद्धी तथा मोक्ष) प्राप्त हुन्छ, जुन साधना गर्नाले भक्तिको यथार्थ लाभ प्राप्त हुने हुनाले मानव जीवन सफल हुन्छ । यसका विपरीत शास्त्र विरूद्ध मनोमानी आचरणको आधारमा साधना गर्नाले अनमोल मानव जीवन नष्ट हुन्छ ।

कबीर जीले सुक्ष्मवेदको ज्ञानलाई यसरी बताउनु भएको छ :-

कबीर, मानव जन्म दुर्लभ है, मिले न बारम्बार ।
जैसे तरवर से पत्ता टूट गिरे, बहुर न लगता डार ॥
कबीर, कहता हूँ कहि जात हूँ, कहूं बजाकर ढोल ।
स्वांस जो खाली (नाम बिना) जात है, तीन लोकका मोल ॥

शब्दार्थ :- परमात्मा कबीर जीले भन्नु भएको छ– मानव शरीर (स्त्री-पुरुष) धेरै युगहरूपछि प्राप्त हुने भएकाले दुर्लभ छ । परमात्माले शुभ संस्कारी प्राणीलाई मानव शरीर संस्कारी कार्यहरूसँग-सँगै शास्त्रोक्त भक्ति गरेर आफ्नो जीवनको मोक्ष गराउनको लागि दिन्छन् । यदि मानव शरीर प्राप्त प्राणीले भक्ति गर्दैन या शास्त्र विरूद्ध भक्ति गर्छ भने त्यसको प्रत्येक स्वास व्यर्थै नष्ट भइ रहेको छ । प्रत्येक प्राणीलाई स्वासको आधारमा जीवन प्राप्त हुन्छ । प्रत्येक स्वास (लिने र छोड्ने) ले मान्छेको आयु कम हुदै जान्छ । सुक्ष्म वेदमा भनिएको छ– मानवको यो एक स्वासको मूल्य तीनै लोकहरू (पृथ्वी, स्वर्ग, पाताल) तुल्य छ अर्थात् अनमोल छ, जुन सत्य साधना बिना नष्ट भइ रहेछ । त्यसैले शास्त्र अनुसार सत्य साधना गरेर आफ्नो अनमोल मानव जीवन सफल बनाऊ । संसारिक भुलभुलैयामा अल्झिएको मानव अध्यात्म ज्ञानबाट अपरिचित हुनाले भक्तिबिना वा शास्त्र विरूद्ध साधना गरेर मृत्यु प्राप्त गर्दछ । तिनीहरू संसार तथा परिवारबाट सदाको लागि रूखको हाँगाबाट पात चुडिएर त्यस स्थानमा कहिल्यै स्थापित नहुने गरी झरे जसरी पर जान्छन् अर्थात् मानव शरीर शीघ्र प्राप्त हुदैन । त्यो जीव

परमात्माको दरबार (कार्यालय) मा आफ्नो शुभ अशुभ कर्म देखेर आफ्ना गल्तीहरू पाएर धेरै रून्छ । परमात्मासँग विनय गर्छ- भुल भयो क्षमा गर्नु होस् । शास्त्रविरूद्ध भक्ती गरें वा भक्ति गर्दै गरिनँ । मलाई अझ एक मानव जीवन होस्, यसपटक कुनै गलती गर्ने छैन । पूर्ण गुरूको खोज गरेर सांसारिक कार्यहरू भक्ति अवश्य गर्ने छु । क्षमा गर्नु होस्, क्षमा गर्नु होस् । परमात्मा भन्नु हुन्छ– तिम्रो पूर्व मानव जन्मको DVD, तिमीले हरेक पटक यही गल्ती गरि रह्यौ । अ आफ्ना पाप कर्महरूको फल नर्कमा, अनि पशुपक्षीहरूको शरीर धारण गरेर भोग । कहिल्यै मानव जीवन पायौ भने सतभक्ति अवश्य गर्नु । त्यहाँ गएपछि पृथ्वीमा आ शास्त्रहरूले बताएको या तत्वदर्शी सन्त (पूर्णगुरू=सत्‌गुरू) ले बताएको ज्ञान लाग्दछ । जसमा जीवले मानव शरीर पाउन दुर्लभ छ भनी बताइएको छ । यो अ पटक पटक प्राप्त हुदैन । यदि मानव जीवनमा सतभक्ति (शास्त्रोक्त साधना) गरेन पशुतूल्य जीवन बाँचेर प्राणी संसारबाट जान्छ । त्यसपछि परमात्माको न्यायाधिश अ सन्त भाषामा धर्मरायले मानव जीवनभर गरेको कर्महरूको हिसाब लिन्छ । आज मर्यादामा रहेर सतभक्ति गरी शरीर त्यागेर जानेहरूको हिसाब देखेर धर्मराय प्र हुन्छ । उसलाई सम्मानपूर्वक अग्लो सिंहासनमा बसाउँछ । भक्ति गर्दै नगर्ने शास्त्रविरूद्ध मनोमानी आचरण अर्थात् व्यर्थको भक्ति गरेर शरीर त्यागेको म शरीरधारी प्राणीलाई धर्मरायको सामु उपस्थित गराइन्छ । उनीहरूको शुभ अशुभ देखेर साह्रै दुःखी हुदै भन्छन्– हे भोला प्राणी । यस्तो सुनौलो मौका (Gol Chance) गुमाएर आई उभियौ । हेर् तेरो पापकर्म । कुनै पनि भक्ति र शुभ छैन । त्यस झुटा गुरू बनाएर शास्त्रविरूद्ध साधना गर्ने प्राणीले भन्छ– प्रभु ! मैले गुरू जीले भने अनुसार तन, मन, धनले हजुरको भक्ति गरेको थिएँ । मेरो कुनै भक्ति कर्म मेरो खातामा के कारणले जम्मा भएको छैन ? तब धर्मराज जीले भन्छ तिम्रा धर्मगुरू शास्त्रहरूसँग परिचित छैनन् । उनले आफ्नो पनि मानव जीवन नष्ट तथा हजारौं लाखौं सोझा साझा अनुयायीहरूलाई पनि शास्त्रविरूद्ध साधना ब उनीहरूको पाप पनि आफ्नो शिरमा बोके । ती अनुयायीहरूले पनि आफ्नो मानव ज नष्ट तुल्याए ।

नक्कली गुरूसँग दिक्षा लिएर साधना गरेको साधक धर्मरायको दरबारमा गए निवेदन गर्छन्- भगवान । यसमा मेरो के दोष छ ? मैले सजाय किन पाएँ । मैले उनलाई पूर्ण गुरू मानेर साधना गरेको हूँ । धर्मराज जीले भने– हेर् । तेरो जीव चलचित्र (DVD), यसमा कबीर दास नामक पूर्ण गुरूले तिमीलाई भनि रहनु भ छ- तिम्रो भक्ति शास्त्र विपरित छ । तिम्रा गुरू जी तत्वज्ञान नभएका नेत्रहीन हुन् । यिनीसँग मोक्ष मार्ग छैन । मसँग शास्त्रोक्त सत्य साधना छ । यस नक्क गुरूलाई त्यागेर मेरो शरण आऊ, तिम्रो कल्याण हुन्छ । अनि तिमीले के भन्यौ, सु चलचित्रमा तिमी भनि रहेका छौ– हे महात्मा ! तपाई स्वार्थी जस्तो देखिनु हुन्छ । आफ्नो गुरूलाई त्यागेर तपाईंको शिष्य बनूँ भन्ने तपाई चाहनु हुन्छ । दक्षिणाको लोभी

मेरा गुरूको विषयमा केही नभन्नु होस्, मैले झगडा गर्नु नपरोस् । उहाँले फेरि नम्रपूर्वक भन्नु भयो– तपाईंलाई तपाईंका नक्कली गुरूले ठूलो धोका दिइ रहेका छन् । तिमीले धर्मराजको दरबारमा पश्चाताप् गर्नु पर्ने छ । धर्मराज जीले भने- हे मुर्ख जीव । तिमीले ती पूर्ण गुरूसँग नम्रतापूर्वक हे महात्मा जी मेरो साधना शास्त्रविरुद्ध छ भन्ने प्रमाण तपाईंसँग के छ भनी सोध्नु पर्ने थियो । अनि उनले तिमीलाई शास्त्रद्वारा प्रमाणित गर्ने थिए । तिमीले आफ्नै आँखाले देख्ने थियौ र झुठा गुरू त्यागेर शास्त्रोक्त सत्य साधना गरेको भए आज यो दिन देख्न पर्ने थिएन । तिमीले त अन्ध श्रद्धा भक्तिको आधारमा जीवन नष्ट गरेका छौ । तिम्रो दोष यही हो । यदि तिमी कुमार्गमा जादै छौ र बाटामा कुनै सज्जन पुरूषले तपाईं गलत बाटोमा गइ रहनु भएको छ, यो तपाईंको घरको बाटो होइन, तपाईंलाई कसैले गलत सुझाव दिएको छ भन्यो भने तिमीले सही बाटोको लागि विश्वास गर्न लायक प्रमाण त्यस सज्जन पुरुषसँग सोध्नु पर्छ । ती सज्जन पुरूषले तिमीलाई तिम्रो डायरीमा रहेको मानचित्र (Map) देखाएर तपाईं दिल्लीबाट मथुरा जान भनेर हिडनु भएको थियो तर हिसार बसपार्क नजिक हुनु हुन्छ भन्यो भने तिमी के गर्छौ ? प्रमाण देखिसकेपछि तिमी त्यो गलत बाटो देखाउनेलाई सराप्दै त्यस जाली-फटाहाले मेरो यत्तिका समय नष्ट गरेर के पायो भन्छौ कि त्यसलाई कस्तो असल व्यक्ति रहेछ भन्छौ ? जीवले भन्यो– त्यसो भन्दिन । धर्मराजले भने– हे पुत्र/पुत्री । यही दशा ती नक्कली गुरूहरूको छ भन्ने बुझ, जसले तिमीहरूको अनमोल जीवन नष्ट गरि रहेका छन् । कबीर जीले सूक्ष्मवेदको ज्ञान बताउनु भएको छ :-

मोती मुक्ता दर्शत नाहीं, यह जग है सब अंध रे ।

दीखत के तो नयन चिशम हैं, फिरा मोतिया बिंद रे ॥

शब्दार्थ :- कबीर परमेश्वर जीले भन्नु भएको छ– नक्कली गुरुहरू आँखामा मोती बिन्दू लागेको व्यक्ति जस्तै हो, जसको आँखा देख्दा त स्वस्थ जस्तै देखिन्छ, सबै कुरा सफासँग देखि रहेको होला जस्तो देखिन्छ तर ऊ त निपट अन्धा हो । यही दशा नक्कली गुरुहरूको छ । उनीहरू धारावाहिक रूपमा संस्कृत बोल्छन् । शास्त्रहरूको प्रमाण बताएर आफ्नो भक्तिलाई सत्य भन्छन् तर यिनीहरूलाई शास्त्रको कत्ति पनि ज्ञान छैन । संस्कृतको विद्वान बनेर तपाईंहरूलाई धोखा दिन्छन् । तपाईंहरू (भक्त समाज) ले यिनीहरूलाई महाविद्वान, महामण्डलेश्वर, गीता मनीषि, पूर्ण गुरु मान्नु भएको छ, तर यिनीहरूलाई आफ्नै हिन्दू धर्मशास्त्रको नै ज्ञान छैन । हिन्दू धर्मका अहिलेका सबै गुरूजन, आचार्य, शंकराचार्य, सम्पूर्ण अखाडाहरूका महन्त, महामण्डलेश्वर तथा गीता मनीषिको उपाधि प्राप्त गर्नेहरू आदि सबै शास्त्रज्ञानको मामलामा नेत्रहीन हुन् अर्थात् यिनीहरूलाई आध्यात्मिक मोति बिन्दु भएको छ । वर्तमानमा म (लेखक अर्थात् रामपालदास परमेश्वर पंथी) बाहेक सबैलाई आध्यात्मिक मोतिबिन्दुको रोग छ । यिनीहरूलाई आफ्नै हिन्दू धर्मशास्त्रको ज्ञान छैन । करोडौं अनुयायीहरूलाई दिग्भ्रम तुल्याएका छन् । स्वयम् पनि यथार्थ भक्ति दिशाबाट भटकेका छन् । तिनीहरू आफ्नो जीवन पनि नष्ट गरि रहेका छन् तथा यिनीहरूलाई पूर्ण गुरु

मानेर धोखामा परेका अनुयायीहरूलाई पनि आफ्नो पछि लगाएर नरकमा धकेल्न ला परेका छन् । कबीर जीले फेरि सुक्ष्मवेदको ज्ञान बताउनु भएको छ :-

सच्चा सतगुरू कोए ना करही, झूठो जग पतियावै ।
अंधे की बांह गही अंधे ने, सत मार्ग कौन बतावै ।।

शब्दार्थ :- कबीर परमात्माले बताउनु भएको छ- सच्चा मार्गदर्शक गुरूब कसैले दिक्षा लिदैन । यसका विपरीत झुठा गुरूहरूलाई यस भक्त समाज विश्वास ग रहेको छ । यिनीहरूको अवस्था एउटा अन्धाको जस्तै छ । जस्तो एउटा अन्धो (मो विन्दु वाला) ले आफूलाई आँखा देख्न सक्छु भनी घोषित गरेको छ र त्यसलाई स्व आखाँ भएको मानेर अनेकौं नेत्रहीनहरू उसको हात समातेर र एक अर्काको ह समातेर ढुक्क भएर बगैंचामा जाने उद्देश्यले हिडि रहेको बेलामा बाटोमा कुनै आँ देख्ने व्यक्तिले सोध्यो- हे सुरदासहरू । कहाँ जादै हुनु हुन्छ ? हामी बगैंचामा जादै भन्ने उत्तर उनीहरूले दिए । आँखा देख्ने व्यक्तिले भन्यो– यो बाटो त घोर जङ्गलति जान्छ, जहाँ अनेकौ हिंस्रक सिंह, चितुवा, भालु जस्ता पशु तथा सर्प, बिच्छी जस भयङ्कर जीवहरू छन् । तपाईहरूको जीवन लिला समाप्त गरि दिने छन् तपाईहरूलाई म बगैंचाको बाटो देखाउन सक्छु तर ती सबै अन्धाहरूले सज्ज पुरूषलाई भन्छन्- हाम्रा गुरू आँखा देख्ने हुनु हुन्छ । उहाँले हामीलाई सही दिशा लगि रहनु भएको छ । हामी तिम्रो भनाइमा लाग्दैनौ । हेर्दा हेर्दै ती सबै घोर जङ्गल गए । रातको समयमा जङ्गली जनावरहरूले सबैलाई लुछीलुछी खायो र तिनीहरू जीवन लिला समाप्त भयो ।

यस्तै प्रकार ती अन्ध श्रद्धावानहरू एवं उनीहरूका झुटा गुरूहरूको अनमो मानव (स्त्री पुरूष) जीवन नष्ट हुन्छ । तपाईं सबै धर्मगुरूहरू तथा तपाईंहरू अनुयायीहरूलाई मोति बिन्दुको रोग लागेको छ । तपाईं आफ्नो धर्मशास्त्रको ज्ञान अपरिचित हुनु हुन्छ अर्थात् आध्यात्मिक ज्ञानको लागि नेत्रहीन हुनु हुन्छ । तपाई (गुरू तथा अनुयायीहरू) को मोति बिन्दुको उपचार विश्वमा म (लेखक रामपाल द सतलोक आश्रम बरवाला, जिल्ला हिसार हरियाणा) सँग छ । अबिलम्ब समय आएर आफ्नो अध्यात्मिक ज्ञानरूपी मोति बिन्दुको उपचार निःशुल्क गराउनु होस् । हाजीर छु । म तपाईंहरूको शुभ चिन्तक, दास तथा खास मित्र हूँ । यी कुराहरू प नमुर्मुरिनु (क्रोध नगर्नु) बरू राम्रोसँग विचार गर्नू । मसँग झगडा नगर्नू । यदि तपाईल गल्ती लाग्यो भने अदालतको शरण लिनू । ध्यान राख्नु होस्, विवाद सल्ट्या तपाईंले हिसार अदालतमा निवेदन दिनु पर्छ । यदि सर्वोच्च अदालतमा निवेदन दि परे तपाईं दिल्ली जान स्वतन्त्र हुनु हुन्छ । यदि हाइकोर्टमा निवेदन दिनु पर्ने तपाईं पन्जाब तथा हरियाणा हाइकोर्ट चण्डीगढमा नै शरण लिन सक्नु हुन्छ तपाईंलाई कोर्टमा सारा प्रमाण देखाएर शास्त्रसम्मत रूपमा तपाईंको साधनाल गलत प्रमाणित गरी सत्य स्वीकार गर्नको तपाईंलाई कोर्टमा पनि निवेदन गर्ने छु दावाका साथ भन्दछु, दोश्रो विकल्प तपाईं हाम्रो आश्रमको वेब साइ **www.jagatgururampalji.org** मा जानु होस् र त्यसमा निःशुल्क रूपमा मे

प्रवचनको डी. भी. डी प्राप्त गर्नु होस् । मद्वारा लेखिएको पुस्तक "गीता तिम्रो ज्ञान अमृत, जिउने मार्ग, भक्ति से भगवान तक" तथा मेरा प्रवचनहरूबाट लेखिएका अन्य पुस्तक "ज्ञान गंगा आदि निःशुल्क यसै वेब साइडबाट" डाउनलोड गरेर पढ्नु होस् । सत्सङ्ग हेर्नु होस्, सुन्नु होस् । तपाईंको अध्यात्मिक अज्ञानरूपी मोतीबिन्दुको उपचार निःशुल्क रूपमा हुने छ । अनि आश्रममा आएर मबाट शास्त्रोक्त सत्य साधना प्राप्त गरेर आफ्नो मानव जीवन धन्य बनाउनु होस् । आफ्ना झुठा (नक्कली) गुरुहरूलाई समझाएर उनीहरूलाई पनि म (रामपाल दास) बाट दीक्षा दिलाएर ती दिग्भ्रष्ट गुरुहरूको पनि कल्याण गराउनु होस् ।

प्रिय पाठकवर्ग ! तपाईंहरूलाई यो कुरा पनि बताऊँ कि सारा हिन्दू धर्म (सनातन पंथ) का वर्तमान धर्मगुरू तथा अनुयायीहरू देवी-देवताहरूको पूजा गर्दछन् र गराउँछन् । कूल तेतीस करोड देवता मानिएका छन् तथा त्यत्ति नै तिनीहरूका धर्मपत्नीहरू (देवीहरू) छन् । देवताहरूका राजा इन्द्रलाई भनिन्छ (देवराज इन्द्र भनिन्छ) जो केवल स्वर्गका राजा हुन् । उनको आयु बहत्तर (७२) चौकडी युग अर्थात् ७२ चतुर्युगको छ ।

यिनका अतिरिक्त तीन प्रधान देवताहरू छन्, जसको शुभनाम यस प्रकार छः- १) श्री ब्रह्मा जी (रजगुण) २) श्री विष्णु जी (सतगुण) ३) श्री शिव शङ्कर जी (तमगुण)

मारकण्डेय पुराणको पृष्ठ १२३ मा लेखेको छ :- श्री ब्रह्मा श्री विष्णु तथा श्री शिव जी ब्रह्मका प्रधान देवता हुन् । यिनै तीन देवता हुन्, यिनै तीन गुण हुन् अर्थात् तीन गुणहरू (रजगुण, सतगुण, तमगुण) ले प्रकरणवश तीन देवताहरू श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव शङ्करलाई बोध गराउँछ । उदाहरणः गीता अध्याय ७ श्लोक १२-१५ मा गीता ज्ञानदाता ब्रह्मले भनेका छन्– तिनै गुणद्वारा जे भइ रहेको छ (रजगुण ब्रह्माबाट उत्पत्ति, सतगुण विष्णुबाट स्थिति तथा तमगुण शिव जीबाट संहार) त्यसको निमित्त म नै हूँ किनकि कालब्रह्मले श्रापवश एकलाख मानव शरीरधारी प्राणीहरू खान परि रहेको छ । (त्यसैले काल ब्रह्मले आफ्ना तीनै पुत्रहरू (रजगुण ब्रह्मा, सतगुण विष्णु, तमगुण शिव जी) लाई आफ्नो खानाको व्यवस्था गर्नको लागि यी तीन काम दिएका छन् । ऊ स्वयं यी तिनैभन्दा भिन्न भिन्न रूपमा गुप्त स्थानहरूमा रहन्छ । यस विषयमा तपाईंले सम्पूर्ण ज्ञान यसै पुस्तकको पृष्ठ २०८ को सृष्टि रचनामा पढ्नु हुने छ ।) त्यसैले भनेका छन्– तर यिनीहरू ममा तथा म यिनीहरुमा छैन । (गीता अध्याय ७ श्लोक १२)

❖ गीता अध्याय ७ श्लोक १३:- यी तीन गुणहरू अर्थात् रजगुण ब्रह्मा जी, सतगुण विष्णु जी तथा तमगुण शिव जीको कार्यरूपको कारणले यी तीन प्रकारका भावहरुले यो सारा संसार यिनीहरुप्रति नै मोहित भइ रहेको छ अर्थात् तिनै देवताहरूका कार्यहरू उत्पत्ति, स्थिति तथा संहारबाट प्रभावित भएर यिनै तीनलाई इष्ट रूपमा मानेर यिनैप्रति आसक्त भइ रहेका छन् । यी तिनै देवताहरूभन्दा अलग मलाई जान्दैनन् (गीता अध्याय ७ श्लोक १३)

❖ गीता अध्याय ७ श्लोक १४ :- किनकि यो अलौकिक, अर्थात् अति अव त्रिगुणमयी मेरो माया बडो दुस्तर छ अर्थात् श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव फैलाइएको मोह ममताको जाल बडो भयङ्कर छ । केवल म काल ब्रह्मलाई भज्नेह यस मायालाई उल्लङ्घन गर्दछन् अर्थात् यस संसारबाट पार हुन्छन् । भावार्थ :- ज यी तीनै देवताहरूको भक्ति त्यागेर काल भगवानलाई इष्ट रूपमा मानेर भक्ति गर्द ती ब्रह्मलोकमा जान्छन् । तिनीहरूको स्वर्गको समय तिनै देवताहरूको भक्तिबाट प्र स्वर्गको सुख (जो देवताको नजिक गएर थिनका पूजारीले स्वर्ग सुख भोग गर्छन्) भ धेरै बढी छ । तर ब्रह्मलोक गएका साधक पनि पुनरावृत्ति अर्थात् जन्म मरणमा छ प्रमाणको लागि गीता अध्याय ८ श्लोक १६ मा हेर्नु हास् । (गीता अध्याय ७ श्ल १४)

❖ गीता अध्याय ७ श्लोक १५:- माया (रजगुण ब्रह्मा, सतगुण विष्णु, तमगुण शि को भक्तिबाट पाइने क्षणिक स्वर्गको समयलाई नै पूर्ण लाभ मानेर यही लाभले जस ज्ञान हराइ सकेको छ अर्थात् यिनीहरूका पूजारीले यिनीहरूभन्दा बाहेक अरू प्रभुलाई महत्व दिदैनन् । यसकारणले यिनीहरूको यथार्थ अध्यात्मिक ज्ञान हराइ सके छ । यस्ता असुर स्वभाव धारण गरेका मनुष्यहरूमा निच, दुषित कर्म (दुस्कर्म) मूढ (मुर्ख) मानिसहरूले मलाई (काल ब्रह्म अर्थात् ब्रह्मा, विष्णु, शिवका पिताल भज्दैनन् । (उनीहरू तीन गुणहरू अर्थात् ब्रह्मा, विष्णु, शिवको भक्ति गर्दछन् ।) (ग अध्याय ७ श्लोक १५)

❖ गीता अध्याय ७ को नै श्लोक २०-२३ मा पनि स्पष्ट गरिएको छ :-

ती-ती भोगहरूको कामनाद्वारा जसको ज्ञान हराइ सकेको छ, (तिनीहरू) आ स्वभाववश प्रेरित भएर त्यो-त्यो नियम धारण गरेर अर्थात् लोक वेदको आधारमा त क्षेत्रमा जुन देवताको पूजाको लागि जुन नियम प्रसिद्ध छ, त्यस विधि अनुसार अ देवताहरूलाई भज्दछन् अर्थात् पूजा गर्दछन् । (गीता अध्याय ७ श्लोक २०)

❖ गीता अध्याय ७ श्लोक २१ :- कालब्रह्म स्पष्ट गरि रहेका छन्— जो भक्त जुन-जुन देवताको स्वरूपलाई श्रद्धा पूर्वक पूजा गर्न चाहन्छ, त्यो-त्यो भक्तको श्रद्धा म त्यही देवताप्रति स्थिर गरि दिन्छु । (गीता अध्याय ७ श्लोक २१)

भावार्थ :- काल ब्रह्मले माथिका श्लोकहरू गीता अध्याय ७ श्लोक १२-१५ त २० मा स्पष्ट गरि दिएका छन्— तीनै देवताहरूका पूजारीहरूको ज्ञान हराइ सके छ । ती यिनीहरूबाट प्राप्त हुने अस्थाई लाभमा मोहित (आसक्त) छन् । यी रा स्वभाव धारण गरेका मनुष्यहरूमा नीच, दुषित कर्म गर्ने (दुष्कर्मी) मुर्खहरू मेरो भ गर्दैनन् । यी मुर्खहरू यी देवताहरूको जालबाट निस्कन नचाहेको देखेपछि, लौ कुवे नै पर भनी जुन देवतालाई इष्ट रूपमा भज्न चाहन्छन्, त्यसैमा उनीहरूको आस्था दृढ तुल्याउँछु ।

❖ गीता अध्याय ७ श्लोक २२ :- काल ब्रह्मले स्पष्ट गरेका छन्— देवताहरूलाई मैले केही शक्ति दिएको छु । त्यसैबाट यी देवताहरूले आफ पूजारीहरूको केही मनोकामना सिद्ध गरि दिन्छन् अर्थात् ती देवताहरूको पूजाले के अस्थायी लाभ प्राप्त गर्छन् । श्लोक २३ मा स्पष्ट गरि दिएको छ :-

❖ गीता अध्याय ७ श्लोक २३ :- तर ती अल्प बुद्धी भएका अर्थात् अज्ञानीहरूको त्यो फल नाशवान छ । देवताहरूको पूजा गर्नेहरूलाई देवता नै प्राप्त हुन्छ । मेरा भक्तलाई मै प्राप्त हुन्छु ।

❖ गीता अध्याय ९ श्लोक २३:- हे अर्जुन ! यद्यपि जुन भक्तले श्रद्धायुक्त भएर अरू देवताहरूलाई पुज्दछन्, तिनले पनि मलाई नै पुज्दछन् । (किनकि यिनैले दिएको केही शक्तिबाट देवताहरूले आफ्ना पूजारीलाई अस्थायी अर्थात् साना-तिना लाभ प्रदान गर्दछन् । त्यसैले काल ब्रह्मले त्यो पनि मेरै पूजा हो भनेका हुन् ।) तर त्यो अविधिपूर्वक अर्थात् शास्त्र विपरीत छ । (जसलाई गीता अध्याय १६ श्लोक २३ मा व्यर्थ भनिएको छ ।)

❖ गीता अध्याय ९ श्लोक २५ :- यस श्लोकमा काल ब्रह्मले कैयौं सङ्काको समाधान गरि दिएका छन् । उनले भनेका छन्– जसले देवताहरूको पूजा गर्दछ, उसले देवताहरूलाई नै प्राप्त गर्दछन् (यही प्रमाण गीता अध्याय ७ श्लोक २३ मा पनि छ)

पितृहरूको पूजा गर्नेहरूले पितृलाई नै प्राप्त गर्दछन् (अर्थात् जसले श्राद्ध कर्म गर्दछ, उसले पितृ योनि प्राप्त गरेर पितृ लोकमा यमराजको अधीन भई यमलोकमा कष्ट उठाउँने छ।) भूतहरू अर्थात् प्रेतहरूको पूजा गर्नेहरूले प्रेत योनि प्राप्त गर्ने छन् । (जसले तेह्रौं, सत्रौं, मासिक, वार्षिक गर्दछन्, पिण्डदान गर्दछन्, अस्थी टिपेर गति गराउन कुनै पूरोहित कहाँ जान्छन् । यी सबै भूतहरूको पूजा हुन् । जसको विषयमा गीता शास्त्रमा स्पष्ट रूपमा भनिएको छ– यी पूजाहरूको फल मोक्षदायक हुदैन । पूर्ण मोक्ष नभएसम्म जीवको जन्म-मरण रहि रहन्छ । पाप पुण्यको कारण दुःख तथा अस्थायी सुख भोगि रहन्छ । मानव जीवनको यथार्थ लाभ प्राप्त हुँदैन ।)

काल ब्रह्मले भनेका छन्– मेरो पूजा गर्नेले मलाई नै प्राप्त गर्छ । यसबाट पनि जन्म मरण समाप्त हुँदैन किनकि गीता अध्याय २ श्लोक १२, गीता अध्याय ४ श्लोक ५ तथा गीता अध्याय १० श्लोक २ मा गीता ज्ञानदाता काल ब्रह्मले स्वयं भनेका छन्- हे अर्जुन ! तिम्रो र मेरो अनेकौ जन्म भइ सकेको छ, तिमी जान्दैनौ, म जान्दछु । तिमी म र यी सव राजाहरू पहिले पनि जन्मेका थिए, फेरि पनि जन्मने छन् । मेरो उत्पत्तिको विषयमा यी देवता तथा ऋषिजन केही जान्दैनन् किनकि यिनीहरूको उत्पत्ति मबाट भएको हो ।

त्यसैले गीता ज्ञान दाताले गीता अध्याय १८ श्लोक ६२ मा पूर्ण मोक्षको लागि आफूमन्दा अन्य परमेश्वरको शरणमा जान भनेका छन् । जसको कृपाले मात्र परम शान्ति तथा सनातन परमधाम प्राप्त हुन्छ । गीता अध्याय १५ श्लोक ४ मा वर्णित पूर्ण मोक्ष अर्थात् परमेश्वरको परम पद प्राप्त हुन्छ । जहाँ गए पश्चात् साधक फर्केर कहिल्यै संसारमा आउँदैन ।

❖ हिन्दूधर्मका गुरुजन तथा अनुयायीहरू गीता शास्त्रमा वर्जित साधना गरि रहेछन्, जुन शास्त्र विधि त्यागेको मनोमानी आचरण भएका हुनाले परमात्माको भक्तिबाट प्राप्त हुने लाभबाट वञ्चित रहन्छन् । अनमोल मानव (स्त्री-पुरुष) को जीवन नष्ट गरि रहेछन् । उनीहरूसँग अनुरोध छ– वर्तमानमा विश्वमा अरबौ मनुष्यहरूमा केवल यो दास (रामपाल दास अर्थात् लेखक) शास्त्रविधि अनुसारको साधना जान्दछ, जुन सम्पूर्ण

ग्रन्थहरुमा वर्णित छ । मेरो ज्ञानको आधार सूक्ष्म वेद हो, जुन परमेश्वरद्वारा पृथ्वी प्रकट भएर आफ्नो मुखले वाणीको रूपमा बोलेर बताउनु भएको हो, जसल सच्चिदानन्द घन ब्रह्मको वाणी भनिन्छ । जसलाई तत्वज्ञान भनिन्छ । जसको प्रम गीता अध्याय ४ श्लोक ३२ मा छ । गीता ज्ञानदाताले भनेका छन्- यथार्थ भक्ति कियाहरू अर्थात् यज्ञहरूको ज्ञान सच्चिदानन्द घन ब्रह्मले आफ्नो मुख कमल उच्चारित वाणीमा बताउँछन् । त्यो तत्व ज्ञान हो, जुन काम गर्दा गर्दै साधना पर्छ । जसबाट पूर्ण मोक्ष प्राप्त हुन्छ ।

❖ गीता अध्याय ४ श्लोक ३४ :- यो श्लोकमा गीताज्ञान दिनेले भनेका छन्- तत्वज्ञानको विषयमा म जान्दिनँ । त्यसैले त भनिएको छ कि परमात्माले स्वयं बो आफ्नो वाणीमा सुनाउनु भएको त्यो तत्वज्ञान कुनै तत्वदर्शी सन्त सामु गएर बुझ उनलाई डण्डवत् प्रणाम गर्नाले, नम्रतापूर्वक प्रश्न गर्नाले ती तत्वज्ञान भलिभाँती जा ज्ञानी महात्माले तिमीलाई तत्वज्ञानको उपदेश गर्नु हुने छ ।

❖ गीता अध्याय ७ श्लोक २९ मा गीता ज्ञानदाताले यही प्रकरणको आधार भनेका छन्- जसले मद्वारा बताइएको ज्ञानको आधारले अर्थात् मेरो यही ज्ञानको आश्र लिएर तत्वदर्शी सन्तलाई खोज्दछ, तिनले केवल (जरा) वृद्धावस्था तथा (मर मृत्युबाट छुटकारा पाउन प्रयत्न गर्दछ । तिनीहरूले संसारका कुनै वस्तुको इच राख्दैनन् । तिनीहरूले (तत् ब्रह्म) ती परमेश्वरको विषयमा जान्दछन् तथा सम्पू कर्महरू र सम्पूर्ण अध्यात्मलाई जान्दछन् । अर्जुनले गीता अध्याय ८ श्लोक १ मा त ब्रह्म के हो भनी प्रश्न गरे । गीता ज्ञानदाताले गीता अध्याय ८ श्लोक ३ मा प अक्षर ब्रह्म भनी बताए ।

गीता अध्याय ८ को श्लोक नं ५ तथा ७ मा गीता ज्ञानदाताले आफ्नो साध गर्नलाई भनेका छन्– मेरो भक्ति गर्‍यौ भने मलाई नै प्राप्त गर्ने छौ, युद्ध पनि ग पर्छ । (जहाँ युद्ध हुन्छ, त्यहाँ परम शान्ति हुन सक्दैन)

गीता ज्ञानदाता काल ब्रह्मले गीता अध्याय ८ श्लोक ३ मा आफ्नो भक्ति केवल एक अक्षर "ओम्" (ॐ) मन्त्रको जाप बताएका छन् ।

❖ गीता अध्याय ८ श्लोक १६ मा स्पष्ट गरेका छन्– ब्रह्मको ओम् नामको भ गर्नाले ब्रह्मलोक प्राप्त हुन्छ । (यही प्रमाण श्री देवी पुराणको सातौं स्कन्द पृष्ठ ५६ ५६३ मा श्री देवी जीले हिमालय राजालाई ज्ञान दिने बेलामा भनेकी छिन्– हे राजन तपाईं मेरो पूजासहित सबै पूजालाई त्यागेर केवल एक ॐ नामको जप गर्नु होस् । ब्रह्म प्राप्तिको मन्त्र हो । यसको जापले ब्रह्मलोक रूपी दिव्य आकाशमा रहने ब्र प्राप्त गर्ने छौ । तिम्रो कल्याण होस् । यसबाट ॐ (ओम) मन्त्र जप ब्रह्मको हो यसको साधना जाप गर्नाले ब्रह्मलोक प्राप्त हुन्छ भन्ने सिद्ध हुन्छ । (गीता अध्याय श्लोक १६ ले ब्रह्मलोक गएका साधकहरूको पनि जन्म मरण रहन्छ भन्ने स्पष्ट पारेक छ) यसबाट ब्रह्मको साधनाले परम शान्ति तथा सनातन परमधाम प्राप्त हुँदैन भन स्पष्ट हुन्छ । त्यसैले गीता ज्ञानदाताले गीता अध्याय ८ श्लोक ८-९-१० मा आफूभन्द अलग सच्चिदानन्द घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्मको बारेमा बताउँदै भनेका छन्- उनैको भक्ति गर्नाले उनी नै प्राप्त हुन्छन् । उनको भक्तिको मन्त्र गीता अध्याय १

श्लोक २३ मा भनिएको छ– सच्चिदानन्द घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्मको स्मरण गर्ने तीन मन्त्र ओम्, तत्, सत् को जाप हो । उनको भक्ति गर्नाले उनैको प्राप्ति हुन्छ । गीता अध्याय १८ श्लोक ६२ मा गीता ज्ञान भन्नेले उनै परमेश्वरको शरणमा जान भनि रहेका छन्, जसको कृपाले परम शान्ति अर्थात् जन्म मरण सदाको लागि समाप्त हुन्छ तथा (शाश्वत स्थान)सनातन परम धाम प्राप्त हुन्छ । उनै परमेश्वरको परमपदको प्राप्तिका लागि गीता अध्याय १५ श्लोक ४ मा भनिएको छ– तत्वज्ञान रूपी शास्त्रद्वारा अज्ञानलाई काटेर अर्थात् तत्वज्ञान बुझि सकेपछि परमेश्वरको त्यस परम पदको खोजी गर्नु पर्दछ जहाँ गएपछि फेरि कहिल्यै फर्केर संसारमा आउँदैन, जुन परमेश्वरले संसार रूपी वृक्षको विस्तार गरेका छन् अर्थात् जसले सर्व ब्रह्माण्डको रचना गरे, उसको भक्ति गर ।)

❖ गीता अध्याय १५ श्लोक १६-१७ मा तीन पुरुष भनिएको छ । क्षर पुरुष तथा अक्षर पुरुष तथा यी दुवै तथा यिनीहरू अन्तरगत जे जत्ति प्राणीहरू छन्, ती सबै नाशवान छन् । क्षर पुरुषको २१ ब्रह्माण्ड तथा अक्षर पुरुषको सात संख ब्रह्माण्डहरू छन् ।

❖ गीता अध्याय १५ श्लोक १७ मा स्पष्ट पारेका छन्– पुरुषोत्तम त उपरोक्त दुवै भन्दा अलग छन्, जसलाई परमात्मा भनिन्छ, जो तीनै लोकमा प्रवेश गरेर सबैको पालन पोषण गर्छन् । उनी नै वास्तवमा अविनाशी परमेश्वर हुन् (गीता अध्याय १५ श्लोक १६-१७)

❖ सङ्का समाधान :- केही भ्रमित श्रद्धालुहरू गीता अध्याय १५ श्लोक १८ मा गीता ज्ञान भन्नेले आफूलाई पुरुषोत्तम भनेका छन् भन्छन् ।

❖ समाधान :- यस श्लोकमा गीता ज्ञान दाताले भनेका छन्– मेरा अन्तरगत जे जत्ति प्राणिहरू छन्, तीभन्दा म उत्तम अर्थात् श्रेष्ठ छु । त्यसै कारणले लोकवेद अर्थात् सुनी सुनाएको ज्ञान (दन्त्य कथा) को आधारबाट म पुरुषोत्तम प्रसिद्ध छु । (वास्तविक पुरुषोत्तम त गीता अध्याय १५ श्लोक १७ मा बताइएको छ ।)

❖ हिन्दु धर्मका सबै धर्मगुरुहरू (शङ्कराचार्य, आचार्य, श्री ज्ञानानन्द जी, वृन्दावन वाला, आसाराम, सुधांसु र अन्य हिन्दु धर्मका महन्त अखाडा परिषदका) ले तीन देवताहरू श्री ब्रह्मा जी, श्री विष्णु जी, तथा श्री शिव जी या तेत्तीस करोड देवता तथा देवीहरू मध्ये कसै न कसैको भक्ति गर्ने-गराउने गर्दछन् । श्राद्ध कर्म, भूतपूजा पनि गर्ने-गराउने गर्दछन् । उनीहरू शास्त्रविधी त्यागेर मनोमानी आचरण गर्ने र गराउने गरि रहेका छन् । यिनीहरूले भक्त समाजलाई सबैभन्दा ठूलो धोका दिइ रहेका छन् किनकि यिनीहरूलाई गीताशास्त्रको ज्ञान पटक्कै छैन । यिनीहरूले मान बडाइ तथा अहङ्कार त्यागेर पुनः विचार गर्नु पर्छ अन्यथा परमात्माको दरबारमा लुक्ने स्थान पनि पाउँने छैनन् । त्यस समयसम्म ढिलो भइ सकेको हुने छ ।

❖ अगाडि नै भनि सकियो– इन्द्रको जीवन ७२ चतर्युगको हुन्छ अर्थात् देवताहरूको राजा पनि नाशवान छन् । सम्पूर्ण देवताहरू पनि नाशवान छन् ।

❖ श्री ब्रह्मा जी, श्री विष्णु जी, श्री शिव जी पनि नाशवान छन् :-

प्रमाण :- श्री देवी पुराणको तेश्रो स्कन्धमा स्वयं श्री विष्णु जीले भनेका छन्– माता । तिमी शुद्ध स्वरूपा हौ । सारा संसार तिमीबाटै उद्भाषित भइ रहेको छ । (विष्णु) तथा शङ्कर अविनाशी होइनौ । हाम्रो त अविर्भाव (जन्म) तथा तिरोभाव (मृ हुने गर्दछ । माता मैले तपाईंलाई त्यसवेला देखेको थिएँ, जब म सानो बालक थि तपाईंले मलाई कोकोमा हल्लाई रहनु भएको थियो । म आफ्नो गोडाको औंला मु चुसि रहेको थिए ।

शङ्कर जीले भने– तपाईंको पेटबाट विष्णु तथा ब्रह्माको जन्म भयो, त्यस मलाई जन्म दिने माता पनि तपाईं नै हुनु हुन्छ । के म तमोगुणी लिला गर्ने तपा पुत्र भइन ? तपाईं मेरी, ब्रह्मा तथा विष्णुकी जननी हुनु हुन्छ ।

❖ उपरोक्त प्रमाणले तिनै जना (श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव जी (शङ् जी) नाशवान छन् तथा जन्मन्छन् र मर्छन् साथै यिनीहरुकी माता श्री देवी दुर्गा भन्ने स्पष्ट हुन्छ ।

❖ यी तिनैजनाका पिता काल ब्रह्म हुन् । प्रमाण :- श्री शिव पुराणमा रूद्र संहि तथा विद्यवेश्वर संहितामा छ । (गीता प्रेस गोरखपुरबाट प्रकाशित)

रूद्र संहितामा भनिएको छ– सदाशिव अर्थात् कालब्रह्मले आफूभित्रबाट एक उत्पन्न गरे । उनलाई प्रकृति देवी, त्रिदेव जननी भनियो । जसका आठ भुजा छन् । यी दुबैले पति- पत्नीको रूपमा विलास गरी एक पुत्र जन्म दिए र उसको विष्णु राखे ।

❖ त्यसपछि ब्रह्मालाई त्यसै गरी उत्पन्न गरे ।

❖ विद्यवेश्वर संहितामा ब्रह्मा, विष्णु तथा शिव काल ब्रह्मका पुत्र हुन् स्पष्ट छ प्रकरण यस्तो छ :-

एक समय श्री ब्रह्मा जी तथा श्री विष्णु जी बीच युद्ध हुन थाल्यो । युद्ध कारण के थियो भने एक पटक श्री ब्रह्मा जी श्री विष्णु जीको निवास स्थानमा गए त्यसबेला श्री विष्णु जी शेष शैय्यामा सुतेका थिए । उनीसँग लक्ष्मी जी बसेकी थि तथा छेउछाउमा पार्षद (नोकर चाकर) बसेका थिए । उनले ब्रह्मा जीको स्वा गरेनन् । त्यस कुराले क्षुव्द भएर श्री ब्रह्मा जीले भने– हे विष्णु ! हेर तेरो आएको छ, तैंले उठेर सम्मान गरिनस् । तेरो अभीमान ? म सबैको उत्पत्ती कर्ता हुँ त्यसैले म तेरो पनि जनक हूँ । श्री विष्णु जी भित्र-भित्रै त खुब रिसाए तर माथि शान्त भएर भने– हे ब्रह्मा । तेरो जन्म मेरो नाभीबाट निक्लेको कमलमा भएको थियो त्यसकारण म तेरो पिता भएँ । किन आफ्नो पिताको चरण स्पर्श गरि रहेको छैनस् तँलाई अभिमान भएछ । तेरो अभिमानलाई तह लगाउनु पर्छ । यसो भनेर दुबैले आफ्न आफ्ना शस्त्र उठाए । मर्न-मार्न उद्यत भए । त्यसै समयमा यिनिहरूका पिता सदाशि (जसलाई काल ब्रह्म तथा ज्योति निरंजन पनि भन्दछन्) ले ती दुबैको मध्यमा (बीचम तेजोमय स्तम्भ खडा गरि दिए । दुवै शान्त भए । (यौटा लामो कथा छ तर पुस्त विस्तारलाई विचार गर्दै संक्षिप्तमा वर्णन गर्दछु) त्यही बेलामा काल ब्रह्म प्रकट भ जसले आफ्नो पुत्र शिवको रूप धारण गरेका थिए । उनीसँग उनकी पत्नी दु पार्वतीको रूपमा थिइन् । सदाशिवले ब्रह्मा तथा विष्णुसँग भने– छोराहरू । तिमीह

दुवै ईश (भगवान) होइनौ । तिमीहरू दुवैलाई तिमीहरूको तपको प्रतिफलमा दुई कृत उत्पत्ति तथा स्थिति दिएको छु । यसैगरी रूद्र तथा शङ्करलाई पनि संहार एवं तिरोभाव (देव स्तरको जीवहरूलाई मार्नुलाई भनिन्छ तर संहार गर्ने नै अर्थ हो) दिएको छु ।

यसरी श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिवका पिता-काल ब्रह्म हुन् तथा माता प्रकृति देवी अर्थात् दुर्गा (अष्टांगी) हुन् भन्ने सिद्ध भयो । यो प्रकरण शिवपुराणमा छ, जसको प्रकाशक खेमचंद-कृष्णदास हुन् । मुद्रक बैंकटेश्वर प्रेस मुंबई । जसमा संस्कृत तथा हिन्दी अनुवाद छ ।

❖ हिन्दु धर्मका गुरूजन आजसम्म यस सत्यबाट अपरिचित छन् र श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीका कुनै माता पिता छैनन् । यी स्वयंभू हुन्, अविनाशी हुन्, यिनीहरूको जन्म-मरण कहिल्यै हुँदैन भनी दन्त कथा सुनाइ रहेका छन् । यिनीहरू श्री ब्रह्मा जीको आयु सय वर्ष छ र अहिले उनको एकाउन्नौ वर्ष (५१ औ) चल्दैछ पनि भन्छन् ।

विचार गर्ने कुरा यो छ कि यो बेतुकका कुरा होइन भने के हो त ? यसबाट हिन्दु धर्मका सबै धर्मगुरूलाई शास्त्रको ज्ञान छैन भन्ने सिद्ध हुन्छ । यिनीहरू कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा हुन् । यिनीहरूबाट बचौं र दास (रामपाल दास) सामु बरवाला आश्रममा (जिल्ला हिसार, हरियाणा) आउनु होस् । शास्त्रोक्त ज्ञान तथा साधना प्राप्त गरेर फेरि शास्त्र अनुकूल साधना गरेर जिवको कल्याण गराऔं ।

"आध्यात्मिक रहस्य"

प्रश्न :- जादू के हो ? जादूगर आकाशमा स्वयं उड्छ । अरूलाई पनि हावामा पृथ्वी भन्दा केही माथि स्थिर गर्दछ । खाली टोकरी (पिटारो) बाट परेवा निकाल्दछ । कारलाई हावामा चलाउँछ । नदीको पानीमा पृथ्वीमा जस्तै हिडेर पार गर्दछ आदि आदि ।

जस्तो जादूगर पी. सी. सरकारः- यिनी भारतका जादूगर हुन्, जसले महिलालाई हावामा उडाउँछन् । हावामा रोक्छन् । एक अर्का देशका जादूगर डायनोमोको विषयमा यस्तो लेखिएको छ– यिनी इङ्ल्याण्ड देशको निवासी हुन् । यिनी हिड्दा हिड्दै गायब हुन्छन् । कहिले उड्न थाल्छन् । इङ्ल्याण्डको थोम्सस नदी पैदल हिंडेर तर्छन् । उडेर डवल डेकर अर्थात् दुईतले बसमाथि चढ्छन् । पलभरमै बरफलाई पानी र पानीलाई बरफ बनाउँछन् ।

सुहानी शाह :- यी जादूगरनी अनेकौं आश्चर्यजनक कुराहरू देखाउँछिन् । यिनले गाडीलाई हावामा उडाइ दिन्छिन् । स्टेजमा उभिएर गाडी चलाउँछिन् अर्थात् स्टार्ट गरि दिन्छिन् । गाडीलाई हाँक्छिन् । अन्य धेरै जादूगर देखेको छु, जसले गाउँमा आफ्नो कलाको प्रदर्शन गरि रहेका हुन्छन् । जस्तो मुखमा बयरको फल जस्तो कंचेका गोलीहरू (गुच्चाहरू) हाल्छन् र केही समय पछि आकाशतिर मुख फर्काएर केही मन्त्र गुनगुनाउँछन र वूला वूला चिल्ला ढुङ्गाका गोला गोला लगभग ३००-४०० ग्रामका साह्रा डल्लाहरू निकाल्छन् । यस्ता हुन नसक्ने (असम्भव) कुरा एउटा व्यक्तिले गर्दछ । के यो कुनै आध्यात्मिक शक्ति हो कि हातको सफाई या नजरबन्द गर्ने कलाको भ्रम हो ?

उत्तर :- जादू-जादू अध्यात्मको विकृत (बिग्रिएको) रूप हो । जादूमा सफ
तिनैले मात्र पाउँछन्, जो पूर्वजन्ममा परमात्माको उपसना गर्दथे । सत्य साधना
नभएकाले उनीहरूमा सिद्धीहरू आउँछन् । ती भ्रमित साधकहरू पूर्व जीवनमा
सिद्धीको बलले नै विख्यात हुन्छन् । जसकारण उनीहरूको केही सिद्धी पूर्व ज
प्रदर्शन गर्नाले नष्ट हुन्छ र शेष अर्को जन्म (पछिल्लो जन्म) मा जादूगर बनेर
गर्दछ । अनि पुनः पशु पक्षीको जीवन प्राप्त गर्दछ ।

उदाहरणको लागि सत्यकथा :- एक सिद्ध महात्माको आश्रममा उनका
शिष्य बस्दथे । सबैलाई सिद्ध जीले तप साधना तथा केही शास्त्रविरूद्धको मन्त्र
गर्न सिकाएका थिए । जसको उद्देश्य सिद्धी पाउनु हो भनेका थिए । यही नै जीव
उपलब्धि बताएका थिए । त्यस सिद्धको देहान्त पछि उनको एक शिष्यलाई
आश्रमको महन्त बनाइए, जो ठूला सिद्धको शिष्य थिए । उनी आश्रम त्यागेर अ
अलग दिशाहरूमा आफ्नो साधना गर्न र उद्देश्य पूर्ति गर्न गए । उनका दुई घ
मित्रहरू थिए । उनीहरू पनि साधना गर्न एकान्तमा र एक्लै बस्ने उद्देश्यले अ
अलग भए । यौटाको नाम गुलाब नाथ थियो र अर्काको नाम भानी नाथ थियो । गु
नाथलाई कबीर परमेश्वर जीका अनुयायी सन्तको सत्सङ्ग सुन्ने मौका मिल्यो
जसकारण उसलाई आफ्नो साधना तथा उद्देश्य व्यर्थ लाग्यो तथा परमेश्वर कबीर ज
ज्ञान बुझे र गुलाब नाथ जीले कबीर पंथमा रहेका त्यस कबीर पंथीसँग दीक्षा लिए
पूर्वगुरू तथा उनले बताएको उद्देश्य तथा साधना त्यागि दिए । सत्य साधना
सतलोक जाने तथा पुनः जन्म प्राप्त नगर्ने उद्देश्यले समर्पित भएर साधना गर्न ला
उसको निष्ठा देखेर कबीर पंथी सन्त उदय दासले गुलाब नाथको नाम गुलाब
राखि दिए तथा आफ्नो उत्तराधिकारी बनाए । केही समयपछि सन्त उदय दास
देहान्त भयो । गुलाब दास दीक्षा दिन थाले । लभभग १२ वर्षपछि एक नदी
किनारमा कुनै धार्मिक व्यक्तिले धर्मयज्ञको आयोजना गरे । त्यसमा आसपासका
महात्माहरूलाई आमन्त्रित गरियो । सन्त गुलाब दास जी पनि आफ्ना केही शिष्यस
त्यस सन्त समागममा गए । दैव संयोग त्यहाँ उनका मित्र तथा पूर्व सिद्धका शि
गुरूभाइ पनि आएका थिए । दुवैको अचानक जम्काभेट भयो । आपसमा अङ्गा
हाले । कुशल-मङ्गल आदान प्रदान भयो अनि आ-आफ्ना आध्यात्मिक उपलब्धि बता
थाले । भानी नाथ जीले आफ्ना मित्र गुलाब दास जीसँग तपाईंलाई के उपलब्धि प्रा
भयो भनी प्रश्न गरे ?

गुलाब दासले उत्तर दिए— मलाई सबै कुरा प्राप्त भयो । परमेश्वर प्राप्त
तथा जन्म मरणबाट छुटकारा पाउने मार्ग पाएँ । भानी नाथले कुनै प्राप्त गरेको
सिद्धि देखाऊ भने । गुलाब दासले मलाई कुनै सिद्धिको आवश्यकता नै रहेन भ
जवाफ दिए । भानी नाथले मैले कत्ति ठूलो सिद्धि प्राप्त गरेको छु त्यो तिमील
देखाउँछु भनी उठेर गई नदीमा जमीनमा हिंडे जसरी हिड्न थाले । नदी पार ग
फर्केर आयो र आफ्नो उपलब्धि देखाएर गर्व प्रदर्शित गर्दै भन्यो— देख्यौ त मेरो

वर्षको तपस्याको कमाल ? गुलाब दासले भने– हे मित्र । यो नदी पार गर्नेका लागि नाविक (माझी) ले एक आना (पहिले सोह्र आनाको एक रूपैया हुन्थ्यो) भाडा (किराया) लिन्छ र वारि आउन पनि एक आना भाडा लिन्छ अर्थात् दुई आना खर्च हुन्छ । तिमीले १२ वर्षमा दुई आनाको आध्यात्मिक कमाइ गरेछौ । यसबाट जनता त प्रशंसक हुन्छन् तर न जन्म-मरण छुट्छ, न त मुक्ति प्राप्त हुन सक्छ । अनि फेरि यो व्यर्थ साधना रूपी भार बोक्नुको के आवश्यकता छ ? जन्म नष्ट हुन्छ । यो कुरा सुनेर भानी नाथ धेरै प्रभावित भयो र गुलाब दासबाट सत्य ज्ञान बुझ्यो अनि उसको शिष्य बनेर भानी नाथ भानी दास बनेर सत्य साधना गर्न थाल्यो । मानव जीवन सफल तुल्यायो । यदि भानी नाथले सत्य साधना नपाएको भए जन्म-मरणको चक्रमा घुमि रहन्थ्यो । पछिल्लोको जन्ममा जब मानव जन्म पाएपछि पनि जादूगर बनेर शेष सिद्धिहरू समाप्त गर्ने थियो र पशुपंक्षी आदि आदिको शरीर प्राप्त गरी कष्ट काटी रहने थियो । यो हो जादूगरको कथा । एक सिद्ध महात्माले गहूँको ८० बोरा आकास मार्गबाट उडाएर आफ्ना मित्र सिद्धको डेरामा पठाएको थियो । त्यहाँ भोजन भण्डाराको आयोजना थियो ।

एक सिद्ध महात्मा आफ्नो सिद्धीको प्रभाव जमाउन रामथली गाउँका (जिल्ला अम्बाला हरियाणा प्रान्त) अर्का एक प्रसिद्ध सिद्धको डेरामा गयो । ती सिद्धले कैयौं गाईहरू पालेका थिए । आफ्नो सिद्धिको प्रभाव देखाउन अर्का सिद्धको डेरा नजिक पुगेपछि डेरावाल सिद्धले एक सिद्ध आफ्नो सिद्धिले एउटा सिंह (शेर) माथि बसेर डेरातिर आइ रहेको देखे । त्यस समय डेरावाला सिद्ध डेराको ३ फुट अग्लो पर्खाल (Boundary wall) माथि बसेर दतिउन लगाइ रहेका थिए । उसलाई आफ्नो डेरा तिर सिंह (Lion) माथि चडेर आएको सिद्धलाई देखेर उसको उद्देश्य के हो भन्ने बुझ्न समय नै लागेन । सिंह माथि बसेर डेरातिर आउँदै गरेका सिद्ध बाबालाई देखेर सामथली गाउँ (जिल्ला अम्बाला) का व्यक्तिहरू पनि पछि पछि लागे । सिंहमा सवार सिद्ध डेरा को लगभग ६० फुट नजिक आएपछि डेरावाला सिद्धले भन्यो– हे पर्खाल । हिड, सन्तको स्वागत गरौं । यी टाढाबाट हिंडेर आएका छन् । त्यसै बेला डेरावाल सिद्ध बसेको पर्खाल सिंहमा आउँदै गरेका सिद्धसामु पुगेर रोकियो । डेरावाला सिद्धले तल ओर्लेर स्वागत गऱ्यो सिंहवाला सिद्धले मेरो सिंहलाई कहाँ राख्छौ भनी सोध्यो । डेरावाला सिद्धले मेरा गाईहरूको बाडे (काँडादार सुकेको झाडीबाट बनेको घेरालाई बाडा भनिन्छ ।) मा छोडी देऊ भने । सिंहलाई गाइहरूको बीचमा छोडि दियो । त्यो सिंह चुपचाप गाईहरूको माझमा उभियो । सिंहवाला सिद्धको हार भयो र डेरावाला सिद्धको अरू धेरै महिना बढ्यो । मोक्ष दुवैको छैन । अर्को मनुष्य जन्ममा जादूगर बनेर शेष सिद्धिहरूका कारण प्रसिद्धि प्राप्त गर्दछ । अनि ८४ लाख जीवहरूको जन्म-मरणको चक्रमा फँस्दछ । यस्ता सिद्ध पुरुषहरूले मानव जीवन प्राप्त गरेपछि आफ्नो बाँकी सिद्धि शक्तिले जादूगर रूपमा प्रसिद्ध हुन्छन् । जादूगर यस्ता प्राणीहरू हुन्छन् ।

प्रश्न :- म त योगी त्यसैलाई मान्दछु, जसले आसन गर्दछ तथा आसन गरा (सिकाउँछ) तथा कुनै आसन विशेषमा आरूढ भएर तपस्या भक्ति गर्दछ ।

उत्तर :- त्यसलाई पनि योगी भनिन्छ तर त्यो योगी त एक प्राकृतिक चिकि (वैद्य) मात्र हो । यस अष्टांग योगलाई प्रभु साधनामा सहयोगी मानिएको छ कि यसबाट शरिर स्वस्थ रहन्छ र स्वस्थ शरीरबाट भक्ति राम्रो हुन्छ तर आध्या मार्गमा त्यस योगीको भूमिका मानिदैन किनकि परमात्माको सत्यसाधना (योग) साधकको असाध्य रोग पनि निको हुन्छ । जसकारण साधकको श्रद्धा अझ बढ् उसले अझ श्रद्धापूर्वक साधना गरेर परमात्मा प्राप्त गर्दछ । एउटा अष्टाङ्ग योगी (आ र क्रिया गर्ने) को दुर्घटना परी दुवै खुट्टा भाँचियो । त्यसमा स्टीलको रड हालिय उसले आजीवन अष्टाङ्ग योग गर्न सकेन । कुनै एक स्थानमा आसनमा बसेर पनि दुर्घटना ग्रस्त व्यक्तिले भक्ति पनि गर्न सक्दैन । तपाईंको अनुसार त त्यो भक्तिबाट वञ्चित रहन्छ । शास्त्रानुकूल साधकलाई परमात्माले यस्तो घटना जोगाउनु हुन्छ ।

श्रीमद्भगवत गीता अध्याय ३ श्लोक ४ देखि ८ मा भनिएको छ– जुन व्यक्तिले हठयोग गरी (एक स्थानमा कुनै आसनमा आरूढ भएर) भक्ति गर्दछ, उ पाखण्ड गरेको हुन्छ किनकि ऊ केवल कर्म इन्द्रीयहरूलाई हठपूर्वक रोकेर स्थित तर ज्ञान इन्द्रीयद्वारा वाह्य वस्तुको चिन्तनमा लागेको छ । अर्जुन । यदि तिमी ठाउँमा कुनै आसनमा आरूढ भएर बसि रह्यौ भने तिम्रो निर्वाह कसरी हुन्छ त्यसकारण संसारिक कर्म गर्दै परमात्मालाई पनि याद गर । गीता अध्याय ८ श्लोक तथा १३ मा त यहाँसम्म भनिएको छ– मेरो स्मरण गर्ने ॐ (ओम्) अक्षर हो, अन्ति सासस्म्म त्यसको स्मरण गर्नाले मसँग भएको गति प्राप्त हुन्छ, त्यसैले अर्जुन ति युद्ध पनि गर तथा स्मरण पनि गर ।

विचार गरौं :- युद्धभन्दा कठीन कार्य अरू केही हुँदैन । त्यसैमा पनि प्रभु स्मरण गर्न भनिएको छ । यसबाट परमात्माको भक्ति काम गर्दा गर्दै गर्ने हो भन्ने सि हुन्छ । यस कुराको प्रमाण सम्पूर्ण सदग्रन्थहरूमा छ । यजुर्वेद अध्याय ४० मन्त्र १५ भनिएको छ– ओम् (ॐ) मन्त्रको स्मरण काम गर्दा गर्दै गर, विशेष कसक (तडप) साथ स्मरण गर, मानव जीवनको मूल कर्तव्य सम्झेर स्मरण गर, जसले गर्दा मृत्युप तिम्रो लिंग शरीर अमर हुने छ । जबसम्म स्थुल शरीर छ अर्थात् जीवित छ, तबस स्मरण गर्नाले लाभ प्राप्त हुन्छ । यसबाट एक स्थानमा आसन लगाएर साधना ग शास्त्र विरूद्ध हो भन्ने सिद्ध हुन्छ । पाठकहरूको मनमा यो पनि प्रश्न उठ्न सक्छ गीता ज्ञान दाताले गीता अध्याय ६ श्लोक १० देखि १५ मा एकान्त स्थानमा ए आसनमा बसेर नाकको अगाडि भागमा हेर र यसरी ध्यान गर भनेका छन् भन्ने प्र पनि जाग्न सक्छ । यस प्रश्नको उत्तर पवित्र गीता ज़ीबाट नै पाइन्छ । गीता ज्ञानदा (कालरूपी ब्रह्म) ले गीता अध्याय ४ श्लोक ३४ मा भनेका छन्– तत्वज्ञान (पूर्णमोक्ष भक्ति विधिको ज्ञान) लाई बुझ्न तत्वदर्शी सन्तलाई विनम्र भावले सोध र उनले बताए मार्गदर्शन अनुसार साधना गर । तत्वदर्शी सन्तको चिनारी गीता अध्याय १५ श्लोक तथा ४ मा बताइएको छ ।

यसरी गीता ज्ञानदाता प्रभुले आफूलाई दोषमुक्त गरी राखेका छन् तथा आफ्नो गीताज्ञानमा ठाउँ-ठाउँमा भनेका छन्– यो मेरो मत (विचार) हो । वास्तविक भक्ति विधी त तत्वदर्शी सन्तले नै बताउँने छन् । यस (गीता अध्याय ६ श्लोक १० देखि १५ मा भएको) ज्ञानको खण्डन गीता अध्याय ३ श्लोक ४ देखि ८ मा तथा अध्याय ६ को १६ मा नै गरिएको छ । पूर्ण परमात्माबाट प्राप्त हुने पूर्ण मोक्ष (न एकांतम्) न त एक स्थानमा विशेष आसनमा बस्नाले सिद्ध हुन्छ, न धेरै खानेको, न (व्रत उपवास गर्ने) खादै न खानेको, न धेरै जागा बस्ने (हठयोग गर्ने वाला) को, न त धेरै सुत्लेको सिद्ध हुन्छ अर्थात् उपरोक्त क्रिया गर्नेहरूको भक्ति व्यर्थ छ किनकि गीता अध्याय ६ श्लोक १० देखि १५ मा त गीता ज्ञानदाताले आफ्नो भक्ति साधना (कालको) विधि बताएका छन् । जसबाट हुने मुक्ति (गति) लाई गीता अध्याय ७ श्लोक १८ मा अश्रेष्ठ भनिएको छ । त्यसैले गीता अध्याय ४ श्लोक ५ मा भनिएको छ– अर्जुन तिम्रो र मेरो धेरै जन्म भइ सकेको छ अर्थात् हामी (म तथा मेरो साधक तिमी) पूर्ण मोक्ष प्राप्त गर्न सक्दैनौ । त्यसैले गीता ज्ञानदाताले गीता अध्याय १८ श्लोक ६२ अध्याय १५ श्लोक ४ मा कुनै अन्य परमात्माको साधना गर्न भनेका छन् तथा त्यो परमात्माको भक्ति विधि कुनै तत्वदर्शी (पूर्ण) सन्तले बताउने छन् । (त्यसैले पाठकगण भ्रमित नभई तत्व ज्ञान बुझ्नु होस्)

श्री विष्णु पुराणको जुन विवरणको विषयमा तपाईले भन्नु भएको छ त्यसको निष्कर्ष यस्तो छ :- श्री पराशर जीले आफ्ना शिष्य श्री मैत्रेय जीलाई भनेका छन्– श्राद्ध कर्म (पितृ पूजा) आदिको विषयमा तिमीले मसँग सोधेका प्रश्न राजा सगरले भृगु वंशी ऋषि और्व जीसँग सोधेका थिए । और्व ऋषिले राजा सगरलाई श्राद्ध कर्म (पितृ पूजा) को विषयमा भनेका कुरा म तिमीलाई सुनाउँछु, ध्यान पूर्वक सुन । पाठकगण कृपया पूर्ण वार्ता श्री विष्णु पुराण तृतीय अंशको अध्याय १३ देखि १६, पृष्ठ २०३ देखि २१५ सम्म पढ्नु होस् । यहाँ पुस्तक विस्तारलाई ध्यानमा राख्दै संक्षिप्त र साङ्केतिक विवरण विवेचनसहित लेखिएको छ । सर्वप्रथम त विष्णु पुराणका वक्ता महर्षि पराशर जीलाई तत्वज्ञान रूपी तुला (तराजु) मा तौलिएर हेरौ र परासर ऋषि कति ज्ञान भएका विद्वान थिए, निर्णय गरौ ।

श्री पराशर महर्षि जीले श्री विष्णु पुराण द्वितीय अंशको अध्याय ७ श्लोक ५ को पृष्ठ सङ्ख्या १२६-१२७ मा ग्रहहरूको जानकारी दिएका छन् । जसमा पृथ्वीको निकटमा (नजिक) सूर्य भएको बताए । सूर्य पृथ्वीभन्दा एक लाख योजन दूरी अर्थात् १३ लाख किलोमिटर पर भएको बताएका छन् । त्यस पछि चन्द्रमा सूर्यभन्दा पनि एक लाख योजन पर भएको बताए, जसको दूरी पृथ्वीभन्दा २ लाख योजन (२६ लाख किलो मिटर) टाढा बताएका छन् ।

विचार गरौं :- वर्तमानमा (२००६ सम्मको खोजमा) चन्द्रमा पृथ्वीको नजिक छ, जसको पृथ्वीबाट दूरी सूर्यको तुलनामा धेरै गुणा कम छ भन्ने स्पष्ट भइ सकेको छ

दोश्रो प्रमाण :- श्री विष्णु पुराण प्रथम अंश अध्याय ५ पृष्ठ १७ मा दिन रात कसरी बन्यो भन्ने कुराको जानकारी छ । श्री परासर जीले भने– प्रजापति ब्रह्मा जी

श्रृष्टि रचनाको इच्छाले युक्तचित्त भएपछि तमोगुणको वृद्धि भयो । सबै भन्दा पहिले असुर उत्पन्न भए । ब्रह्माले त्यस शरीरलाई त्यागी दिए र त्यो त्यागेको शरीर रात्री भयो । अर्को शरीर धारण गरे त्यस शरीरबाट देव उत्पन्न भए । प्रजापति ब्रह्माले त्यो शरीर पनि त्यागे । त्यो त्यागेको शरीर दिन भयो । पाठकजन ! कृपया विचार गर्नु होस् के यो विचार एक विद्वानको हो ?

श्री विष्णु पुराणको वक्ताको सामान्य ज्ञान पनि सही छैन भने उसले भनेको अध्यात्मिक ज्ञान कसरी सही हुन सक्छ । श्री परासर जीले फेरि ग्रहको अन्य व्याख्या गरेका छन् :- श्री विष्णु पुराणका वक्ता श्री परासर जीले श्री विष्णु पुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित) को द्वितीय अंशको अध्याय ८ को श्लोक १ देखि ७ मा पृष्ठ १२९ मा (जुन अग्नि पिण्ड आकासमा तातिं रहेछ) सूर्यको रथको विषयमा भनेका छन्- "सूर्यको रथको विस्तार नौ हजार योजनमा छ । यसको जूवा र रथको बिचको दुरी १८ हजार योजन छ । यसको धुरी डेड करोड सातलाख योजन छ अर्थात् एक करोड ५७ लाख योजन लामो छ । जसमा यसका पांग्रा लागेको छ अदि धेरै कुराहरू लेखिएको छ । **पाठकजन ! कृपया विचार गर्नु होस्– के यो ज्ञान कुनै विद्वान पुरुषको हुन सक्छ । श्री विष्णु पुराणमा यसै अग्नि पिण्ड सूर्यको विषयमा पृष्ठ १६६ देखि १६७ मा तृतीय अंशको अध्याय २ को श्लोक १ देखि १३ मा श्री परासर ऋषिले भनेका छन्– '** सूर्यको विवाह विश्वकर्माकी छोरी संज्ञासँग भयो । उसबाट दुई पुत्र मनु र यम तथा एक कन्या यमी उत्पन्न भइन् । सूर्यकी पत्नी संज्ञा आफ्नो पतिको तेज (राप) बाट दुःखी भई तपस्या गर्न भनी वनमा गइन् । त्यहाँ घोडीको रूप धारण गरी तपस्या गर्न लागिन् । आफ्नो स्थानमा आफ्नै अनुहारकी अर्की स्त्री प्रकट गरिन् र उसको नाम छाया राखिन् । संज्ञाले ती स्त्रीलाई भनिन्- तिमी मेरा पतिकी पत्नी बनेर बस । यो भेद कसैलाई नभन्नू । मेरा पतिले तिमीलाई संज्ञा नै सम्झिने छन् । छायाले हजुरको जो आज्ञा भनिन् । सूर्यले छायालाई संज्ञा ठानी एक छोरा तथा एक छोरी गरी दुई सन्तान जन्माए।

एकदिन भेद खुलेपछि सूर्य आफ्ना ससुरा विश्वकर्मा भए ठाउँमा गएर भने– मेरो तेज घटाइ दिनु होस्, यस तेजको डरले हजुरकी छोरी संज्ञा वनमा गएकी छिन्। श्री विश्वकर्मा जीले सूर्यलाई भ्रमीयन्त्र (सान) मा चडाएर उसको तेज छाँटे (काटी दिए)। त्यो फोहोर (छाँटिएको तेजको कटपीस) धर्तिमा खस्यो, जसबाट श्री विश्वकर्माले भगवान विष्णुको चक्र, भगवान शिवको त्रिशुल, तथा कुवेरको विमान आदि बनाए । त्यसपछि सूर्य घोडा बनेर संज्ञा भए ठाउँ वनमा गए । संज्ञा सँग घोडीको रूपमा नै संभोग गरी तीन पुत्र जन्माए । दुई घोडीको मुखबाट जन्मिए, तिनलाई अश्विनी कुमार भनिन्छ । जसका नाम १) नासत्य २) दस्र हुन् । यी दुवै अश्विनी कुमार देवताहरूका वैद्य बंने तथा तेस्रो पुत्रको रूपमा रेतःस्रावको जन्म भयो । घोडी रूपधारी संज्ञाको मुखपट्टी घोडा रूपमा संभोग गर्ने कोशिस गरि रहेको समयमा सूर्यको विर्य झरेको थियो । त्यस ठाउँमा खसेको विर्यबाट रेतः स्राव पुत्र जमीन मै उत्पन्न भयो । ऊ घोडामा बसी हातमा धनुष आदि लिएर उत्पन्न भएको थियो । जुन स्थानमा यो आगोको गोला (अग्निपिण्ड) सूर्यले घोडाको रूप धारण गरेर घोडी रूपी नारी संज्ञासँग

संभोग गरेको थियो र जहाँ दुई पुत्र अशिनी कुमार (नासत्य तथा दस्र) जन्माएका थिए, त्यस तीर्थको नाम अश्व तीर्थ, भानु तीर्थ र पंचवटी आश्रमको नाउँले विख्यात भयो । सूर्यका दुवै कन्याहरू दुई नदी अरूणा र वरूणा को नामले आफ्नो पितासँग भेटन आएका थिए । ती दुवैको गंगा नदीमा मिलन (संगम) भएको ठाउँ धेरै उत्तम तीर्थ मानिन्छ । ती तीर्थहरूमा स्नान तथा दान गर्दा अक्षय धन प्राप्त हुन्छ । त्यस तीर्थको स्मरण किर्तन, श्रवण (सुन्दा) गर्दा सर्व पापको नास भई मनुष्य सुखी हुन्छ । **(उपरोक्त विवरण गीता प्रेस गोरखपुरबाट प्रकाशित मार्कण्डेय पुराणको पृष्ट १७२ देखि १७५ अध्याय वैवस्वत मन्वन्तरको कथा तथा सावर्णिक मन्वन्तरको संक्षिप्त परिचयबाट तथा ब्रह्मा पुराण अध्याय "जन स्थान, अश्व तीर्थ, भानु तीर्थ र अरूणा वरूणा संगमको महिमाबाट तथा विष्णु पुराणको तृतीय अंशको अध्याय २ श्लोक १ देखि १३ पृष्ठ १६६-१६७ बाट लिइएको हो ।)** यसै विष्णु पुराण द्वितीय अंशको अध्याय ८ को श्लोक ४१ देखि ५२ सम्म तथा पृष्ठ १३२ मा भनिएको छ- सूर्य कहिले दिनमा तेज गतिले हिड्छ, कहिले रातमा मन्द गतिले हिड्छ । यसरी आफ्नो एक दिन रातको चक्र मण्डलाकारमा घुमेर पूरा गर्दछ । **{पुराण वक्ताको भाव- सूर्यले पृथ्वीको चारैतिर चक्र लगाउनाले (घुम्नाले) दिन रात हुन्छ, जबकि वर्तमानमा (सन् २००६ सम्मको खोज) स्पष्ट भइ सकेको छ कि पृथ्वी स्वयं घुम्छ, जसकारण दिन-रात बन्दछ तथा पृथ्वी एक वर्षमा (३६४ दिनमा) सूर्यका चारैतिर घुम्छ, जसकारण दिन-रात लामो वा छोटो हुन्छ ।}**

पुराण वक्ताले यो पनि लेखेको छन्– साँझको बेला (संध्या ,समय) मन्देहा नामको भयङ्कर राक्षसगण सूर्यलाई खान चाहन्छ । संध्याकालमा सूर्यसँग तिनको भयङ्कर युद्ध हुन्छ ।

निष्कर्ष :- उपरोक्त पुराणको लेखबाट पुराणका वक्ता श्री पराशर ऋषिको आध्यात्मिक एवं सामान्य ज्ञान थाहा हुन्छ, उनि विद्वान थिएनन् । अनि ती महापुरूषद्वारा बताइएको श्राद्ध कर्म जुन तपाईं गर्नु हुन्छ, त्यसलाई कसरी श्रेष्ठ मान्ने ? जबकि पवित्र वेदहरूमा पवित्र गीता जी आदि प्रभुदत्त (परमात्माले दिएको) सद्ग्रन्थहरूमा श्राद्ध कर्म र देवताहरूको पूजालाई मूर्खको साधना भनेर लेखिएको छ । पूर्वोक्त लेखमा रूची ऋषिको प्रकरणमा तपाईंले पढ्नु भयो, जसमा वेदका ज्ञाता रूची ऋषि जी आफ्ना पितृहरूलाई वेदहरूको प्रमाण दिएर भन्दै छन्– श्राद्धकर्म, देवताहरूको पुजा, भूत (प्रेत) पुजालाई वेदहरूमा मूर्खको साधना भनिएको छ । फेरि तपाईं मलाई किन शास्त्र विरूद्ध साधना गर्ने प्रेरणा दिइ रहनु भएको छ ? श्री रूची ऋषि जी र चारैजना पितृहरू पनि यस कुरालाई समर्थन गर्दै भनिरहेका छन्– हो, यो सत्य हो, वेदहरूमा श्राद्ध कर्म, देवताहरूको पुजा, प्रेत (भूत) पुजा गर्न निषेध छ । मूर्खहरूको पुजा भनिएको छ । यसमा रत्तिभर सन्देह छैन । त्यसपछि पितृहरूले आफ्ना मोला-माला वंशज रूची ऋषिलाई शास्त्रविधि अनुसार साधना त्याग्न र शास्त्र विरूद्ध मनोमानी आचरण (पूजा) गर्नको लागि विवश तुल्याए, जसकारणले श्री रूची ऋषिले पनि शास्त्रविधि त्यागेर मनोमानी आचरण गरेर मानव जीवनलाई व्यर्थ तुल्याए र पितृ जूनी (योनि) प्राप्त भयो । श्रीमद्भगवत गीता जी (जो चारै वेदहरूको सारांश हो) को अध्याय १६ श्लोक २३-२४ मा भनिएको छ– शास्त्रविधि त्यागेर मनोमानी आचरण

(पुजा) गर्ने साधकलाई न सिद्धी प्राप्ति हुन्छ, न उसको परमगति (मोक्ष) हुन्छ, न कुनै सुख नै प्राप्त हुन्छ अर्थात् त्यो शास्त्र विरूद्ध साधना गर्ने योगी (भक्त) को जीवन नष्ट हुन्छ । यो प्रमाण गीता अध्याय १६ श्लोक २३ मा छ । श्लोक २४ मा जुन साधना ग्रहण गर्नु पर्दछ तथा जुन त्याग्नु पर्दछ, त्यसको लागि तिमीलाई शास्त्र (चारै वेद) नै प्रमाण हुन् । अन्य कसैको लोकवेद (दन्त्य कथा) लाई अवलम्बन गर्नु हुदैन ।

प्रश्न :- पुराणहरूको रचना कुन कारणले भयो ? के कारणले गर्दा श्रद्धालुहरू वेदहरूलाई छोडेर पुराणहरूमा आसक्त छन् ?

उत्तर :- पवित्र श्रीमद्भगवद गीता जी चारै वेदहरूको सारांश हो । गीता अध्याय ४ श्लोक ३४ तथा युजर्वेद अध्याय ४० मन्त्र १० तथा १३ मा गीता एवं वेद ज्ञानदाता प्रभु भनि रहेका छन्– कसैले परमात्मालाई उत्पन्न हुने अर्थात् जन्म लिने भनेका छन्, कसैले उत्पन्न नहुने भनेका छन् तर ती परमात्माको तत्वज्ञान तत्वदर्शी (धीराणाम्) सन्तजनले नै बताउने छन् । उनीसँग विनम्रतापूर्वक सोध । ऋषिहरूले वेदहरू पढे, तिनका अनुसार तथा कालको प्रेरणाले हठयोगद्वारा सिद्धि प्राप्त गरे, चमत्कार गर्न थाले, आशिर्वाद दिन थाले । साधारण व्यक्तिहरूलाई अत्यन्त लाभ हुन थाल्यो, जसकारणले साधारण जनता ती ऋषिहरूको प्रत्येक कुरामा अटुट विश्वास गर्न थाले । ऋषिहरूका शरणागत भएका व्यक्तिहरू उनीहरूको प्रवचन सुन्थे । ऋषि जी भन्थे– परमात्माको भक्ति गर्नु पर्छ अन्यथा मानव जन्म व्यर्थ छ । अनि अनुयायीहरू भन्थे– हे गुरूवर ! हजुरको जस्तो कठीन साधना हामी गर्न सक्दैनौं । ती ऋषिहरू आफ्ना अनुयायीहरूलाई कुनै पनि साधना गर भन्थे । अनुयायीहरू आफ्ना गुरूदेव ऋषिद्वारा बताइएको शास्त्रविरूद्ध साधना गर्न थाले । पुत्र प्राप्ति, पुत्र विवाह, धन वृद्धि कष्ट निवारण आदि उद्देश्यले गरिएको साधनाहरू गर्ने केहीलाई ऋषिहरूको आशिर्वादले तथा पूर्व जन्महरूको पुण्यबाट लाभ प्राप्त हुन्थ्यो । तर तिनका गुरु ऋषिले बताएको शास्त्रविरूद्ध साधनाले अनुयायीहरूलाई कुनै लाभ हुँदैन्थ्यो । श्रद्धालुहरू आफूले गरि रहेको भक्तिले गर्दा लाभ प्राप्त भइ रहेको छ भन्ने ठान्दथे । यही कारणले ती ऋषिहरूका अनुयायीहरू शास्त्रविरूद्ध साधनाप्रति आरुढ हुँदै गए । यसका पछाडि काल भगवान (कालरूपी ब्रह्म अर्थात् ब्रह्मा, विष्णु र शिवका पिता) को चाल छ । उनी सम्पूर्ण प्राणीहरू शास्त्रविरूद्ध साधना गरेर मेरो (कालको) जालमा फँसी रहून् भनी चाहन्छन् । यदि कुनै ज्ञानी व्यक्तिले परमात्मालाई वेदहरूलाई आफ्नो आधारमा बुझेर केवल एक पूर्ण परमात्माको भक्ति गर्नाले मोक्ष हुन्छ भन्ने ठानी वेदहरू अनुसार साधना गरेपनि कालको जालबाट निस्कन सक्दैन किनकि वेदहरूमा रहेका भक्ति विधि केवल ब्रह्मसम्मको मात्र छ । पूर्ण मोक्ष त परम अक्षर ब्रह्मको उपासनाबाट मात्र सम्भव छ । त्यो उपासना तत्वदर्शी सन्तले बताउने छन् । ती तत्वद्रष्टा सन्त ती ऋषिहरूले भेटेनन् । ती ऋषिहरूका अनुयायीहरू आफ्ना गुरुदेव जीले बताए अनुसार कुनै पनि मन्त्र जाप गर्थे, कुनै नदीमा स्नान गर्न जान्थे, तथा कुनै ढुङ्गा वा माटोको लिङ्ग बनाएर त्यसको पूजा गर्थे । तिनीहरूलाई ती ऋषिको भक्ति कमाइबाट प्राप्त आशिर्वाद तथा आफ्नो पूर्व जन्मको भक्तिबाट वाञ्छित लाभ प्राप्त हुन्थ्यो किनकि सत्य युगमा धेरै पूण्यकर्मी मानवहरूले जन्म लिन्छन् । तिनमा पूर्व जन्मको शुभकर्म अत्यधिक हुन्छ ।

उनीहरूको अधिकांश मनोकामनाको पूर्ती पूर्व जन्मका पुण्यहरूबाट नै हुन्छ । ती श्रद्धालुहरू त्यो शास्त्रविरूद्ध साधनालाई सत्य मानेर साधना गर्थे र आफूले गरेको साधना (नाम, जाप, मूर्ति पूजा वा नदी स्नान) बाट मेरो मनोकामना पूर्ण भएको हो भन्ने ठान्दथे । तर वास्तवमा त्यो लाभ ती साधकहरूको पूर्व जन्मको शुभकर्महरूबाट प्राप्त हुने गर्दथ्यो । केही ती ऋषि गुरूहरूको आशिर्वादबाट प्राप्त हुन्थ्यो । ती ऋषि गुरूको भक्ति कम हुन्थ्यो । जस्तो :- कुनै धनी व्यक्तिले आफ्ना प्रशंसकहरूलाई आफूसँग भएको धन दिन्छ भने उसको धन क्षय हुन्छ । यसैबाट उसका साथीहरूलाई आर्थिक लाभ हुन्छ । यदि त्यस धनी व्यक्तिले आफ्नो कारोबार नगरेर केवल धन बाँडि रहेको भए निर्धन हुन्छ । यसैगरी ऋषिजन जङ्गलमा गएर सिद्धि प्राप्तिको साधना गरेर आउँछन् र पछि त्यही सिद्धिहरू आफ्ना अनुयायीहरूलाई बाँडी दिन्छन् । अन्तमा भक्तिहिन भएर पितृ योनी प्राप्त गर्दछन् । ऋषिहरूका ऋषि शिष्य आफ्ना गुरू जी ऋषिसँग भन्छन्– हे गुरूवर । हजुरले जुन मन्त्र जाप (ॐ गुरू, ॐ नमो भगवते वासुदेवायः, ॐ ऐ नमः आदि) अमूक व्यक्तिलाई जाप गर्न दिनु भयो तथा नदीमा स्नान गर्ने विधि बताउनु भएको थियो तथा मूर्ती पूजा, लिङ्ग पूजाको विधान बताउनु भएको थियो, जसबाट उसलाई मनोवाञ्छित फल प्राप्त भयो तर यी सम्पूर्ण मन्त्रहरू तथा विधिहरू वेदहरूमा कतै लेखिएको छैन । यी साधना गर्नु त शास्त्रविरूद्ध साधना हो । जसलाई हानिकारक भनिएको छ । तपाईं यो शास्त्रविरूद्ध साधना किन बताउनु हुन्छ ? यस शास्त्रविरूद्ध साधनाले पनि उनीहरूलाई लाभ भइ रहेको छ । जबकि वेदहरू तथा गीतामा शास्त्रविधि त्यागेर मनोमानी आचरण (पूजा) गर्ने साधकलाई कुनै लाभ हुँदैन, न त्यसबाट सिद्धि प्राप्त हुन्छ, न कुनै सुख हुन्छ, न त उसको परम गति नै हुन्छ भनेर लेखिएको छ । (गीता अध्याय १६ श्लोक २३ मा पनि प्रमाण छ ।) तपाईंले बताउनु भएको विधिबाट लाभ प्राप्त हुन्छ भने के वेदहरू तथा गीतामा लेखिएको विवरण सही होइन । ऋषि जीहरू उत्तर दिन्थे:- यजुर्वेद अध्याय ४० मन्त्र १० तथा १३ मा (तथा गीता अध्याय ४ श्लोक ३४ मा) जुन तत्वज्ञान वेदले पनि जान्दैन त्यो तत्वदर्शी सन्तजन (ऋषिजन) ले जान्दछन् भनेर लेखिएको छ । त्यो तत्वज्ञान हामीसँग छ । त्यसैको आधारमा हामी यो साधना बताउँछौ । यसकारण ती ऋषिहरूका शिष्य ऋषिजन पनि आफ्ना गुरूदेवको अज्ञानलाई तत्वज्ञान ठानेर शास्त्रविधि त्यागेर मनमुखी जाप गर्न थाले । कहिल्यै कसैलाई कुनै लाभ नहुँदा ती अज्ञानी ऋषि गुरूजन आफ्ना ऋषि शिष्यहरूलाई कठिन हठयोग गर्न भन्न थाले । कसैलाई जलमा उभिएर, कसैलाई शिर्षासनमा (गोडा माथि र शिर जमीनमा राखी) कसैलाई पद्मासनमा बसेर साधना गर्न भन्न थाले । जसले गर्दा ती शिष्य ऋषिहरूमा केही आफ्नो पूर्व जन्मको शुभकर्महरूबाट तथा वर्तमानमा गरिएको हठयोगबाट सिद्धि एवं केही गुरू जीको कमाइबाट आशीर्वादद्वारा (यदि त्यस ऋषिको शेष छ भने) सिद्धिहरू प्राप्त हुन्छ । त्यस पश्चात् त्यो शिष्य स्वयम् गुरू बनेर आफ्ना अनुयायीहरूलाई अन्य मनमुखी साधना बताउन थाले । जस कारणले सम्पूर्ण भक्त समाज शास्त्रविधि त्यागेर मनोमानी आचरण (पूजा) गर्न थालेका छन् ।

प्रमाण :- (१) श्री देवी पुराण छैठौं स्कन्ध अध्याय १० पृष्ठ ४१४ मा महर्षि

व्यासजी राजा जन्मेजयलाई ज्ञान सुनाइ रहेका छन् :- भने हे राजन ! यो निश्चित कि सत्ययुगमा ब्राह्मण वेदका पूर्ण विद्वान थिए । उनीहरू भगवती जगदम्बाको आरा निरन्तर रूपमा गर्थे । भगवतीको दर्शन गर्नका लागि ती सदा लालायित रहन्थे गायत्रीको ध्यान, प्रणायाम र जपमा उनीहरू आफ्नो सारा समय व्यतित गर्थे । म बीजको जाप गर्नु उनीहरूको प्रधान कार्य थियो । प्रत्येक गाउँमा शक्ति (दुर्गा) मन्दिर स्थापित होस् भन्ने ती सत्ययुगमा ब्राह्मणहरूको हार्दिक इच्छा रहन्थ्यो तत्वज्ञानको पारगामी ती ब्राह्मणहरूद्वारा जुनै पनि कर्म हुन्थ्यो, त्यसमा सत्य, दया शौच यी तीन गुणहरू निहित रहन्थे । (लेख समाप्त)

सार विचार :- उपरोक्त उल्लेख श्रीदेवी पुराणबाट लिइएको हो । यसमा य भनिएको छ— सत्ययुगमा ब्राह्मण वेदका पूर्ण विद्वान हुन्थे अर्थात् तत्वदर्शी हुन्थे । पू देवीको गर्थे । गाउँ-गाउँमा देवीको मन्दिर बनाउन चाहन्थे ।

अन्य प्रमाण :- (२) श्रीदेवी पुराण प्रथम स्कन्ध अध्याय ४ पृष्ठ २८-२९ मा ब्रह्मा जीले सोधेपछि श्री विष्णु जीले भने— म श्री भगवती शक्तिको सदा आधि रहन्छु, उनैको आधीन भएर म शेष शैय्यामा सुत्छु, उत्पत्तिको समयमा जाग्छु । निरन्तर त्यही भगवती शक्ति (दुर्गा) को ध्यान मग्न रहन्छु, मेरो विचारमा यस शक्ति भन्दा ठूलो कुनै देवता छैनन् । म अधिकतर समय तप गर्ने तथा राक्षसहरूको संह गर्नमा नै व्यतित गर्दछु ।

विशेष विचार :- विचारणीय कुरो के छ भने वेदहरूमा कहीं पनि दुर्गा (प्रकृ को पूजा गर्ने प्रावधान छैन । केवल ब्रह्म अर्थात् क्षर पुरुषको साधना ॐ नाम जापद्वारा गर्ने उल्लेख छ । पूर्ण ब्रह्म अर्थात् परम अक्षर ब्रह्मको पूजाबाट पूर्ण मो हुन्छ । उनको मन्त्रको जाप ॐ-तत्-सत् हो, जसमा तत र सत् मन्त्र साङ्केतिक जसको विषयमा तत्वदर्शी सन्तले बताउने छन् । यो उल्लेख वेदहरू तथा श्रीमद्भग गीतामा छ । ब्रह्म साधनाको ॐ (ओम्) मन्त्र हो । तर यो पनि पूर्ण मोक्षदाय छैन । यसरी वेद ज्ञान हीनहरूलाई तत्वदर्शी भनिन्थ्यो तथा उनीहरूद्वारा बताइए भक्ति मार्ग सम्पूर्ण श्रद्धालुहरूले ग्रहण गरे । जुन व्यर्थ छ । जबकि श्रीदेवी जी (दु जी) (श्री देवी पुराणको सातौं स्कन्धको अध्याय ३६ पृष्ठ ५६२ देखि ५६३ सम्ममा य भनेकी छिन् :- त्यस ब्रह्मको स्वरूप के हो ? यो बताइन्छ । जो प्रकाश स्वरूप सबै अत्यन्त समीपमा स्थित महान पद अर्थात् परम प्राप्य छन्, ती समस्त पूजाको ज्ञानभन्दा अलग छन्- अर्थात् कसैको बुद्धिमा आउने खालका छैनन् । तिमी यस्तो जान । प्रकाश स्वरूप छन्, जो सूक्ष्मभन्दा पनि अत्यन्त सूक्ष्म छन्, जसमा सम्पूर्ण लोक र लोकहरूमा निवास गर्ने प्राणीहरू स्थित छन्, यी तिनै "अक्षर ब्रह्म" हुन् । उनी पर सत्य र अमृत- अविनाशी तत्व हुन् । तिमी त्यस भेदन गर्न योग्य लक्ष्यको भेदन ग मन लगाएर त्यसमा तन्मय होऊ । उनै एक परमात्मालाई मात्र जान, अरू कुरा छोडि देऊ । ती परमात्मा सम्पूर्ण प्राणीहरूको हृदयमा अन्तर्यामी रूपले वर्तमानमा रहन्छन् यी विश्वात्मा अर्थात् ब्रह्मको ॐ नामको जापका साथ ध्यान गर । यसबाट अज्ञानम अन्धकारभन्दा सर्वथा अलग र संसार समुन्द्रको पारिपट्टी जो ब्रह्म छन् उनलाई पाउ छौ । ती सबका आत्मा ब्रह्म-ब्रह्मलोक रूपी दिव्य आकाशमा स्थित छन् । उनलाई धी

पुरुष अर्थात् तत्वदर्शी सन्त (धीर बुद्धिमान पुरुष) ले आफ्नो विज्ञान (तत्वज्ञान) द्वारा ती अविनाशी ब्रह्मलाई देख्दछन् । ती पुरुषोत्तमलाई देखेपछि यस जीवनको अविद्या नष्ट हुन्छ । ती निर्मल र निष्कलङ्क ब्रह्म प्रकाशमयमा दिव्य परम धाममा विराजित छन् । यो सम्पूर्ण विश्व सर्व श्रेष्ठ ब्रह्म नै हो । जुन श्रेष्ठ पुरुषले यस प्रकार अनुभव गर्दछ, ऊ नै कृतार्थ हो । ती ब्रह्मलाई प्राप्त गर्ने पुरुष नित्य प्रसन्नचित्त रहन्छन् । (लेख समप्त)

सार विचार :- पूर्वोक्त उल्लेखमा श्रीदेवी पुराणको छैठौं स्कन्धको अध्याय १० पृष्ठ ४१४ मा व्यास जीले भनेका छन्– सत्ययुगका ब्राह्मण वेदका महाविद्वान अर्थात् तत्वदर्शी थिए । तिनीहरू देवीको आरधना गर्दथे । उपरोक्त उल्लेखमा यसै श्रीदेवी पुराणमा श्रीदेवी जी भनि रहेकी छिन्– ती ब्रह्मको उपासना गर । उसको जप गर्ने मन्त्र ॐ हो । अन्य सारा कुराहरू त्यागीदेऊ । ती ब्रह्म ब्रह्मलोकमा छन् । उनैको पूजाले संसार समुद्रको पारि रहेका ब्रह्मलाई पाउने छौ । ती निर्मल र निष्कलङ्क ब्रह्म दिव्य धाममा विराजित छन् । श्री विष्णु भगवान त (श्रीदेवी पुराण प्रथम स्कन्ध अध्याय ४, पृष्ठ २८-२९) भनि रहेका छन्– श्रीदेवी दुर्गाभन्दा ठूलो कुनै भगवान छैनन्, म यिनैको पूजा गर्दछु, अन्य ऋषिजन पनि देवी दुर्गालाई नै प्रभु मानेर पूजा गर्थे । उनको मन्दिर पनि बनाइन्थ्यो । जबकि देवी दुर्गा (प्रकृति) कुनै अन्य-पूर्ण परमात्मा छन्, उनैको पूजा गर्नु पर्दछ भनि रहेकी छिन् । यसबाट न त विष्णु जीलाई वेदहरूको ज्ञान छ, न त अन्य ऋषिहरूलाई नै वेदहरूको ज्ञान थियो, केवल लोकवेद (सुनी-सुनाएको क्षेत्रीय ज्ञान) नै सुन्थे र सुनाउँथे भन्ने सिद्ध हुन्छ । श्रीदेवी यसो पनि भनि रहेकी छिन्– सारा संसार नै ब्रह्म हो । यो ज्ञान विचलित तुल्याउने खालको छ । यसभन्दा माथिल्लो ज्ञान वेद ज्ञान हो, जुन श्रीदेवी (दुर्गा) ले बताएकी छिन् । ब्रह्म काल तथा दुर्गा (प्रकृति देवी) जी दुबैले यथार्थ ज्ञानका साथसाथै भ्रमित ज्ञान पनि प्रदान गर्दछन् किनकि यिनीहरू काल ब्रह्म अन्तर्गतका प्राणीहरूलाई तत्वज्ञान प्राप्त होस् भन्ने चाहँदैनन । त्यसैले भ्रमित ज्ञान प्रदान गरेर ऋषि, महर्षि तथा देव, ब्राह्मण तथा श्री ब्रह्मा जी, श्री विष्णु जी र श्री शिव जी पनि तत्वज्ञानसँग परिचित छैनन् । यसैकारण सबैको जन्म-मरण चक्र चलि रहन्छ । पूर्ण परमात्मा स्वयम् यस ब्रह्म कालको लोकमा प्रकट भएर तत्वदर्शी सन्तको भूमिका निर्वाह गरी तत्वज्ञान प्रदान गर्नु हुन्छ ।

उदाहरण :- संक्षिप्त ब्रह्मा पुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित) को अध्याय 'अहिल्या संगम तीर्थको महात्यम' पृष्ठ १५८-१५९: श्री ब्रह्मा जी भन्छन्– मैले एउटी सुन्दर कन्या उत्पत्ति गरें । युवा भएपछि उसको विवाह गर्ने ख्याल आयो । ती युवतीलाई पत्नी रूपमा, प्राप्त गर्नका लागि इन्द्र, वरुण आदि कैयौं देवता आए । ती कन्यालाई पत्नी रूपमा दिन उनीहरूले मलाई प्रार्थना गर्न थाले । म ती कन्याको विवाह गौतम ऋषिसँग गर्न चाहन्थें । देवगण थुप्रै भएकाले मैले जसले पृथ्वीको प्रदक्षिणा गरेर (पृथ्वीको चक्कर लगाएर) पहिले आउँछ उसैसँग अहिल्या नामक कन्याको विवाह गरिने छ भनेर एउटा शर्त राखें । सम्पूर्ण देवहरू गए । गौतम ऋषिले बच्चा जन्माई रहेको एउटा गाई देखे । बच्चा आधा बाहिर र आधा भित्र थियो । गौतम ऋषिले त्यस

सुरभीको पृथ्वी भावले परिक्रमा गरे । यसका साथै गौतम ऋषिले शिव लिङ्गको प्रदक्षिणा गरे र सबैभन्दा पहिले फर्केर मकहाँ (ब्रह्माकहाँ) आए । म (ब्रह्मा) पनि कन्या अहिल्याको विवाह गौतमसँग गर्न चाहन्थे । गौतमले मसँग भने– 'कमलासन विश्वात्मन् हजुरलाई बारम्बार नमस्कार छ । ब्रह्मन् ! मैले सारा वसुधाको प्रदक्षि गरें । (ब्रह्मा जीले भने) मैले ध्यानद्वारा हेरें । सबै कुरा थाहा पाएपछि गौतमसँग ब्रह्मर्षि ! तिमीलाई नै यी सुन्दर कन्या दिन्छु । वास्तवमा तिमीले पृथ्वीको प्रदक्षि गऱ्यौ । वेदहरूका लागि पनि दुर्बाध (अर्थात् जुन कुराको ज्ञान वेदहरूमा पनि छैन त्यस धर्मको स्वरुप तिमी जान्दछौ । जुन गाईले आधा प्रसव गरि सकेको छ, त्यो द्विप भएको पृथ्वी तुल्य छ । त्यसको परिक्रमा गर्दा सारा पृथ्वी परिक्रमा हुन्छ । शि लिङ्गको प्रदक्षिणाको पनि फल यहि हो ।

विचार गरौं :- श्री ब्रह्मा जीलाई काल सृष्टिमा वेदहरूका उत्कृष्ट विद्व मानिन्छ । उसले भनेका वचनहरू वेदका वचन मानिन्छ । ब्रह्मा जीलाई वेदहरूका ज्ञ बिल्कुलै छैन । यसैको प्रमाण उनले बताएका उपरोक्त ज्ञानबाट थाहा हुन्छ । का ब्रह्मले गौतमको मनमा प्रेरणा गरे अनि ब्रह्मले आफ्नो मनोकामना पूर्तिका लागि त्य शास्त्रविरूद्ध साधनाको पुष्टि गाईको प्रदक्षिणाको फल र शिव लिंगको प्रदक्षिणाको फ सारा पृथ्वीको प्रदक्षिणाको फल तुल्य हुन्छ भनी आफ्ना पुत्र रजोगुणी ब्रह्मामा प्रेतव रूपमा प्रवेश भएर गरि दिए । श्री ब्रह्मा जीको मुखबाट निस्किएको वचनहरूलाई सा देवताहरू तथा ऋषिहरूले स्वीकार गर्नु पर्दछ । यसरी यी पुराणहरूको रचना भयो जुनपछि महर्षि वेद व्यास (कृष्ण द्वैपायन) ले लिपीबद्ध गरे । विष्णु पुराणको प्रथ अंशको अध्याय १५ श्लोक ११ देखि ५१ पृष्ठ ६३ देखि ६६ मा लेखिएको छ ।' पू समयमा वेद वक्ताहरू (तत्वदर्शी सन्तहरू) मध्ये श्रेष्ठ एक कण्डु नामक मुनिश्वर थिए उनले गोमती नदी किनारमा घोर तपस्या गरे । अनि एउटी प्रम्लोचा अप्सराले उन तपलाई खण्डित तुल्याइन्, उनीसँग ९ सय वर्षसम्म विलास गरिन् अनि उनी गइन्

विचार गरौं :- वेदहरूका सारांश पवित्र गीताजीको अध्याय १६, अध्याय १७ र अध्या ३ मा प्रमाण छ । हठयोगद्वारा घोर तप गर्नु व्यर्थ हो, जस्तो गीता अध्याय ३ श्लोक देखि ८ मा भनिएको छ– जुन व्यक्ति एउटै स्थानमा बसेर तप ताप्दछ, त शास्त्रविरूद्ध साधक हो । गीता अध्याय १७ श्लोक ५ र ६ मा घोर तप गर्न मना गरिएको छ । श्री गौतम ऋषि कण्डू आदि ऋषिहरूले भनेका वेद विरूद्ध वचनहरू कारण अन्य अनुयायीहरूलाई ती ऋषिहरूको भक्ति कमाइले लाभ भयो । जसकारण ती तत्वज्ञानहीन ऋषिहरूलाई तत्ववेत्ता (तत्वज्ञान जान्ने) भन्न थालियो । जबकि श्रीमद्भगवत गीता अध्याय ४ श्लोक ३४ मा वर्णित तत्वदर्शी सन्तको पहिचान गीत अध्याय १५ श्लोक १ देखि ४ तथा १६ देखि १७ मा बताइएको छ– जुन सन्त ऋषिले उल्टो झुण्डिएको संसार रुपी वृक्षको विस्तृत विवरण बताउँछन्, उनी (वेदवित वेदको तात्पर्य जान्ने अर्थात् तत्वदर्शी सन्त हुन् । जस्तो:- माथिल्तिरको जरा (मूल लाई परम अक्षर ब्रह्म अर्थात् पूर्ण ब्रह्म जानौं । जमीन बाहिरको सँगै देखिने वृक्षक भाग फेदलाई अक्षर पुरूष अर्थात् परब्रह्म जानौं । त्यस फेदबाट निस्किएको एउट मोटो हाँगालाई क्षर पुरूष अर्थात् ब्रह्म जानौं । त्यस मोटो हाँगाबाट तीनवटा

शाखाहरूलाई रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमोगुण शिव जी जानौं । ती शाखाहरूमा भएका पातहरूलाई अन्य संसारी प्राणी जानौं । यो उपरोक्त ज्ञान स्वयम् पूर्ण परमात्माले नै बताउँछन् । उनी स्वयम् केही दिन यस काल लोकमा अतिथिको रूपमा रहन्छन् । आफ्नो तत्वज्ञानलाई लोकोक्तिहरू दोहाहरू एवम् साखीहरू तथा कविताहरू (शब्दहरू-भजनहरू) को माध्यमले उच्चारण गर्दछन् । उनै पूर्ण परमात्माले कलियुगमा अवतरित भएर सन् १३९८ देखि सन् १५१८ सम्म १२० वर्ष काशीमा जुलाहाको भूमिका निर्वाह गरेर आफ्नो तत्वज्ञान बताउनु भयो ।

कबीर अक्षर पुरुष एक पेड है, निरंजन वाकी डार ।
तीनो देवा शाखा हे, ये पात रूप संसार ॥

यही तत्वदर्शी सन्तको प्रमाण ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १६ देखि २० मा छ । (कृपया यसै पुस्तकको पृष्ठ ७८ देखि ८२ सम्म पढ्नु होस् ।) जुन तत्वज्ञान (संसार रूपी वृक्षको प्रत्येक अङ्ग) को ज्ञान कुनै ऋषि तथा सन्तलाई थिएन । त्यो स्वयम् परमात्मा कबीर बन्दी छोड जीले बताउनु भएको थियो । जुन अहिले म दास (रामपाल दास) द्वारा उजागर गरिएको छ । त्यो तत्वज्ञान वर्तमानमा म दासका अतिरिक्त कसैसँग छैन ।

पुराण रचनाको दोस्रो कारण :- श्री ब्रह्मा जी सर्वप्रथम उत्पन्न भएका थिए । जसकारण उनका वंशजहरूले श्री ब्रह्मा जीलाई सर्वज्ञ मानेर संसार रचनाको कारण एवम् सबैको रचना गर्ने परमेश्वरको विषयमा जान्न चाहे । देवी पुराणको तेस्रो स्कन्ध अध्याय ३ देखि ६ मा श्री ब्रह्मा जी स्वयम् भनि रहेका छन्– जब म सचेत भएँ, तब आफूलाई कमलको फूलमा बसेको पाएँ । यस अगाध जलमा कहाँबाट उत्पन्न भए, मलाई उत्पन्न गर्ने कुन प्रभु हुन् ? मलाई थाहा छैन । यसबाट श्री ब्रह्मा जी सर्वज्ञ होइनन् भन्ने सिद्ध हुन्छ । उनले बताएका सृष्टि रचनाको ज्ञान पनि सत्य हुन सक्दैन । हो, आफ्नो जन्म पश्चातको वर्णन, पुराणहरूमा भएका घटनाक्रमको ज्ञान सही छ, तर जुन भक्तिसाधनाको विधि एवम् परमेश्वरको परिचय यदि वेदहरूसँग मेल खाँदैन भने त्यो असत्य हो ।

श्री शिव पुराण, श्री विष्णु पुराण, श्री ब्रह्मा पुराण तथा श्री देवी पुराण आदि यी पुराणहरूको ज्ञानदाता श्री ब्रह्मा जी भगवान हुन् । श्री देवी पुराणको तेस्रो स्कन्ध (गीता प्रेस गोरखपुरबाट प्रकाशित, जसको अनुवादकर्ता श्री हनुमान प्रसाद पोद्दार तथा चिमन लाल गोश्वामी) मा ब्रह्माण्डको रचनाको ज्ञान दिने बेलामा श्री ब्रह्मा जीले आफ्ना पुत्र नारदसँग भने– 'पुत्र नारद ! जब मेरो उत्पत्ति भयो, त्यतिखेर म कमलको फूलमा बसेको थिएँ । मेरो उत्पत्तिकर्ता को हुन् मलाई थाहा छैन । यस अगाध जलमा म कसरी उत्पन्न भएँ —— ।'

श्री ब्रह्मा जीद्वारा दिइएको पुराणहरूको ज्ञान अधुरो छ । सम्पूर्ण ज्ञान होइन किनकि श्री ब्रह्मा जीले ब्रह्माण्डको रचनाको ज्ञान दिने प्रयत्न पनि गरेका छन्, जुन संशययुक्त तथा सुने सुनाएको हो, एवम् जुन तोडमोड गरेर बताएका छन् किनकि पूर्ण परमात्मा अग्नि ऋषिको नामबाट प्रकट भएर श्री ब्रह्मा जीलाई भेट्नु भएको थियो तथा पाँचौ श्वसम (सूक्ष्म) वेदबाट सृष्टि रचनाको ज्ञान एवम् कालको जाल सम्झाउनु भएको

थियो । श्री ब्रह्मा जीले ती ऋषिबाट उपदेश ग्रहण गरे तर पछि कालरुपी ब्रह्मले ब्रह्मा जीको बुद्धि बदलि दिए र कुनै पाँचौ वेद छैन, केवल चारवटा मात्र वेदहरु यिनैमा भएका ज्ञान श्रेष्ठ हुन्, अरू कसैको कुरामा विश्वास गर्नु हुँदैन, तिमी ज ज्ञानदाता हौ, तिमीले कसैको ज्ञान ग्रहण गर्नु आवश्यक छैन भन्ने जस्ता प्रेरणा भि मरि दिए ।

यसकारण श्री ब्रह्मा जीले परमेश्वरबाट सुनेको ज्ञानलाई सत्य नमानेर अ बुद्धिद्वारा काल रुपी ब्रह्मको गुप्त प्रेरणाले त्यसलाई तोडमोड गरी आफ्ना वंशजहरु बताए, जुन पुराणहरूमा लिपीबद्ध छ । श्री ब्रह्मा जीले आफ्नो जन्म पश्चात् नै घटनाहरूको सत्य विवरण बताएका छन् । जुन पूर्वोक्त पुराणहरूमा लेखिएको छ ।

जिन्दा भेषधारी परमेश्वरले भन्नु भयो– हे धर्मदास ! तिमीले जुन यो तीर्थ गरि रहेको छौ, यसको गीताजीमा कुनै विवरण छैन ।

"स्वामी विवेकानन्द जीको संक्षिप्त जीवन परिचय"

स्वामी विवेकानन्द जीको जन्म सन् १८६३ जनवरी १२ मा एक का परिवारमा भयो । उनी आफ्ना आमा-बुवाका छैठौं सन्तान थिए । उनको बाल्यका नाम नरेन्द्र दत्त थियो । सन् १८८२ मा दक्षिणेश्वर काली मन्दिरमा श्री राम परमहंशलाई आफ्नो आध्यात्मिक गुरू बनाए । सन् १८९३ मे १ मा उनले राम मिशन स्थापना गरे । तीव्र बुद्धिका धनी स्वामी विवेकानन्द जीलाई एक पटक पढे मात्रनै सैयौं पृष्ठको पुस्तक कण्ठस्थ हुन्थ्यो । उनले एल. एल. बि. अर्थात् कानु स्नातकको अध्ययन गरेका थिए । तर पनि पूर्ण सतगुरु बिना अध्यात्म ज्ञान रह्यो । काली माताको पूजा तथा श्री कृष्ण जीको पूजा शास्त्रविरुद्ध विधिद्वारा मानव जीवनको मूल उद्देश्य पूर्ण मोक्ष प्राप्तिबाट वञ्चित रहे ।

असाध्य रोगका कारण सन् १९०२ मा मात्र ३९ वर्षको अल्पायुमा परलोक मए । यिनका गुरू जी श्री रामकृष्ण परमहंशको पनि गलाको क्यान्सरका कारण भएको थियो । श्री रामकृष्ण परमहंश जी काली देवीका परम भक्त थिए । य साथसाथै राम तथा कृष्ण अवतारहरूको पनि भक्ति गर्थे र गराउँथे । स्वामी विवेका जी पनि आफ्ना गुरू जीद्वारा बताइएको भक्ति गर्थे । दुवैको रोगका कारण मृत्यु भय यथार्थ भक्तिबाट वञ्चित रहेर दुवैको मानव जीवन व्यर्थै गयो ।

अन्ध श्रद्धा भक्ति कसरी प्रारम्भ भयो ?

यदि मानव समाजलाई यस रहस्यको ज्ञान अवगत भयो भने विश्वको मा समाजलाई परम शान्ति तथा सनातन परमधाम प्राप्त हुने छ । यस कुराको वर्णन गी अध्याय १८ श्लोक ६२ मा गरिएको हो । कालको एक्काईस ब्रह्माण्ड खाली हुने छ यिनै कुराहरूको चिन्ता काल ब्रह्म अर्थात् ज्योति निरंजनलाई रहि रहन्छ । यसैकारण काल ब्रह्मले सत्ययुग देखि नै अन्ध श्रद्धा भक्ति अर्थात् शास्त्रविधि त्यागेर मनोमा आचरण सुरू गराएका थिए । ऋषिहरूले पहिले त वेदहरूमा वर्णित विधिद्वारा साध गरे । ॐ (ओम्) नामको स्मरण तथा पाँचै यज्ञ गरे । यस साधनाले परमात्मा प्रा हुँदैन । यो कुरा गीता अध्याय ११ श्लोक ४८ मा स्पष्ट छ– चारै वेदहरूमा वर्णित ना

जाप, यज्ञ, दान, उग्र तपहरूबाट काल ब्रह्मको प्राप्ति हुँदैन । जसकारणले ऋषिहरूले परमेश्वरलाई निराकार भनेर सन्तोष गरे । यसकारणले ऋषिजनले केही सिद्धि तथा केही रिद्धिहरू प्राप्त गर्थे । यसैकारणले लोकमा प्रसिद्धि हुन्थे । अनि आफ्नो जीवनको गाडी चलाउनका लागि अन्य नागरिक सेवकहरूको कष्ट निवारण तथा धन लाभका लागि वेदहरूका मन्त्रहरू (श्लोकहरू) नित्य पाठ गर्न दिन्थे । केही जिज्ञासुहरूलाई पनि वेद ज्ञानका साथसाथै आफ्नो अनुभव बताउन थाले र भन्थे– परमात्मा निराकार छन् । हामीले वेदमा लेखिएको ॐ (ओउम्) को जाप तथा पाँचै यज्ञ गरेर समाधि लगाई कोशिस गर्‍यौं, परमात्मा पाइँदैन । उनी त निराकार छन् ।

श्री ब्रह्मा रजगुण, श्री विष्णु सतगुण तथा श्री शिव तमगुण साकार देवता हुन्, यिनै परमेश्वरका साकार रूप हुन् । जिज्ञासु ऋषिहरूले आफ्ना वरिष्ठ ऋषिहरूबाट सुनेका अधुरो अध्यात्मिक ज्ञानको प्रचार गर्न सुरु गरे । उनीहरूलाई संस्कृत भाषाको ज्ञान हुन्थ्यो । वेद मन्त्रहरू संस्कृतमा भन्थे । प्रवचन वेदहरूका विपरीत गर्थे र भन्थे– परमात्मा निराकार छन्, उनलाई देख्न सकिँदैन, श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव नै परमात्माका साकार रूप हुन् । यी अविनाशी छन् । यिनका कोही माता-पिता छैनन् । श्री ब्रह्माको भक्तिलाई निषेध भनिएको छ तथा श्री विष्णु एवम् श्री शिवको भक्ति गर्ने विधान बताइएको छ, जुन वेद तथा गीता शास्त्रहरू विरुद्ध छन् । यसका साथसाथै यिनै ऋषिहरूले देवी दुर्गा (अष्टंगी माया) देवी काली आदि देवीहरूको साधना गरेर अरूलाई साधना गर्ने सल्लाह दिए । ऋषिहरूले परमात्मा प्राप्तिको उद्देश्य त्यागि दिए । लोकका प्रसिद्धि तथा निर्वाह एवम् धन प्राप्तिको उद्देश्यका लागि साधना गर्न प्रारम्भ गरे । यसैकारणले श्राद्ध, पिण्डदान, मूर्ति पूजालाई बढावा मिल्यो । यी सबै कालका जाल हुन् ।

उदाहरणः- राजा परिक्षितलाई सर्पले डस्ने समय र उनको निश्चित मृत्युको बारेमा ऋषिहरूलाई थाहा थियो । ऋषि कश्यपले साधना गरेर तनकष्ट निवारण गर्ने सिद्धि प्राप्त गरेका थिए । ऋषि कश्यप राजा परिक्षितलाई भेट्न आफ्नो निवासबाट हस्तिनापुर (हालको दिल्ली) तर्फ हिँडे । राजा परिक्षितलाई तक्षक सर्पले डसेपछि आफ्नो सिद्धि मन्त्रले जीवित गरि दिने र त्यसको बदलामा राजाबाट धुप्रै धन प्राप्त गर्ने उनको उद्देश्य थियो । उनको यो उद्देश्य तक्षक सर्पलाई थाहा भयो । तक्षक सर्प कश्यप ऋषि हस्तिनापुर जाँदै गरेको बाटोमा मानव रूप धारण गरेर उभिए । तक्षक सर्पले ऋषिसँग सोधे– ऋषि जी तपाईं कहाँ जाँदै हुनु हुन्छ ? ऋषि जीले जवाफमा भने– म हस्तिनापुर जाँदै छु । राजा परिक्षितलाई तक्षक सर्पले डस्ने छ, राजाको मृत्यु हुने छ, म तिनलाई जीवित तुल्याउने छु । तक्षक सर्पले भन्यो– मनै तक्षक सर्प हुँ, म आफ्नो विषले यस विशालकाय पिपलको वृक्षलाई जलाएर खरानी बनाउन सक्छु । ऋषि जीले भने- मसँग यस्तो मन्त्र छ, कि म यस वृक्षलाई पुनः त्यस्तै हरियो पारि दिन्छु । तक्षकले मानव रूपबाट सर्पको रूप धारण गरेर पिपलको वृक्षलाई डस्यो । हेर्दाहेर्दै पिपलको वृक्ष डढ्न थाल्यो र कोइला भयो । कश्यप ऋषिले आफ्नो कमण्डलबाट जल लिएर मन्त्र पढी वृक्षको खरानी तथा कोइलामा छर्किए । त्यही समय पिपलको वृक्ष पहिलेको जस्तै हरियो भयो ।

तक्षकले सोध्यो– ऋषि जी तपाईं कुन उद्देश्यले राजालाई जीवित तुल्याउन हुन्छ ? ऋषि कश्यपले धन-प्राप्तिको उद्देश्य बताए । तक्षकले भन्यो– ऋषि जी। परिक्षित मेरो डसाइबाट मरेनन् भने तैंले जानी-बुझी नै उसलाई डसिनस् भनेर ऋषिको श्राप मलाई लाग्ने छ । हे कश्यप ऋषि । म हजुरलाई राजा परिक्षितले पनि बढी धन दिन्छु भनेर तक्षकले अनेकौं हीरा, सुनको मोहर ऋषि जीका राखि दिए र यी सब लिएर फर्कनु होस् भन्यो । ऋषि जीले राजा परिक्षितको आयु छ कि छैन यदि आयु शेष छैन भने म आफ्नो मन्त्रले जीवित तुल्याउन सक्दिन हेर्ने विचार गरे । कश्यप ऋषिले राजा परिक्षितको आयु शेष छैन, र त्यही दिन मात्र जीवन शेष रहेको देखें । कश्यप ऋषि जीले तक्षक सर्पको कुरा मानेर धुप्रै लिएर फर्के । यदि राजा परिक्षितको आयु शेष भएको भए ऋषिले तक्षकको कुरा थिएनन् किनकि राजाले दिने जति धन तक्षकले दिएका थिएनन् । अर्को लाभ थियो । राजालाई जीवनदान दिनाले लोक (देश) मा अत्यधिक महिमा हुने थि राजाको आयु शेष नभएकाले ऋषिले तक्षकले दिएको धनमा नै सन्तोष गर्नु ठाने ।

"तत्वज्ञानको अभावले साधकहरूको दूर्दशा"

➢ श्री विष्णु पुराण प्रथम अंशको अध्याय १ श्लोक १२ देखि २१ सम्म पृष्ठ लेखिएको छः- श्री पराशर जीका पिता श्री शक्ति ऋषिलाई ऋषि विश्वामित्रको प्रेर राक्षसहरूले खाएका थिए । श्री पराशरजीले राक्षसहरूलाई नष्ट गर्नका लागि एउटा प्रारम्भ गरे । जसमा सैयौं राक्षसहरू जलेर नष्ट भए । तब श्री पराशर जीका हजु श्री वशिष्ठ जीले पराशरलाई सम्झाउँदै भने– पुत्र ! तिम्रो पिता जीलाई यस्तै थियो । क्रोध त मूर्खलाई मात्र हुने गर्छ, विचारवानलाई कसरी क्रोध हुन सक्छ प्रियवर ! क्रोध त मनुष्यले अत्यन्त कष्टले सञ्चित गरेको यश र तपको पनि नाशक हो । हे नाती ! यस लोक र परलोक दुबै बिगार्ने क्रोधलाई महर्षिगणले त्याग्दछन् । त्यसैले तिमी यसको वशिभूत नहोऊ । आफ्नो यो यज्ञ समाप्त ग साधुहरूको धन सदा क्षमा नै हो । महात्मा हजुरबुबाले यसरी सम्झाएपछि श्री पर जीले राक्षसहरूलाई नष्ट गर्ने त्यो यज्ञ समाप्त गरे ।

फेरि श्लोक २२ देखि ३१ सम्म पृष्ठ २-३ मा लेखिएको छ :- ऋषि पुल तथा महर्षि वशिष्ठ जीले भन्नु भएको ज्ञान उहाँकै आशीर्वादले मलाई (पराशरल सम्झना आयो । ऋषि पराशर जीले आफ्ना शिष्य मैत्रेय जीलाई यो विष्णु पुराण सु हे मैत्रेय ! यो जगत् विष्णुबाट उत्पन्न भएको हो । उहाँमै स्थित छ । उहाँ नै यस स्थिति र लयको कर्ता हुनु हुन्छ । यो जगत् पनि उहाँ नै हुनु हुन्छ ।

➢ विष्णु पुराणको चौथो अंशको अध्याय ५ को श्लोक १ देखि १० सम्म पृष्ठ मा लेखिएको छ :- इक्ष्वाकुका निमि नामक पुत्र थिए । उनले एक सहस्र (एक हज वर्षसम्म लगातार यज्ञ गर्ने निर्णय लिए । यसका लागि श्री वशिष्ठ जीलाई होता प्रार्थना गरे । वशिष्ठ जीले भने– मैले इन्द्रलाई यज्ञ गर्न स्वीकृति दिएको छु । त्यो

पाँच सय वर्षसम्म चल्ने छ । त्यसपछि म तिम्रो ऋत्विक (होता) हुन्छु । वशिष्ठ ऋषिले यसो भनेपछि राजा निमिले कुनै जवाफ दिएनन् । वशिष्ठ जीले राजाले उनको कथन स्वीकार गरे भन्ने ठाने । र इन्द्रको पाँचसय वर्षमा समाप्त हुने यज्ञ प्रारम्भ गरे । तर राजा निमिले पनि ऋषि गौतम आदि अन्य होताहरूद्वारा आफ्नो यज्ञ प्रारम्भ गराए ।

इन्द्रको यज्ञ समाप्त गरेर वशिष्ठ मुनि राजा निमिको घर आए । त्यहाँ गौतम ऋषिलाई होताको कर्म गरि रहेको देखेर वशिष्ठ ऋषिले राजा निमिलाई तेरो मृत्यु हुने छ भनेर श्राप दिए । त्यस बेला राजा निमि सुति रहेका थिए । ब्यूझेपछि ऋषि वशिष्ठले आफूलाई मृत्यु हुने श्राप दिएको थाहा पाए । राजा निमिले ऋषि वशिष्ठलाई पनि तेरो पनि मृत्यु हुने छ भनेर श्राप दिए । दुवैको मृत्यु भयो । वशिष्ठ मुनिको लिङ्ग शरीर मित्रावरूणको विर्यमा प्रविष्ट भयो । एउटी उर्वशीलाई हेर्नाले मित्रावरूणको विर्य स्खलित भयो । जुन नजिकै रहेको एउटा घडामा झऱ्यो र त्यस घडाबाट वशिष्ठको आत्माले पुनः शरीर प्राप्त गऱ्यो ।

यसरी वशिष्ठले पुनः शरीर धारण गरे । विष्णु पुराणको चतुर्थ अंशको अध्याय ४ श्लोक ३८ देखि ७२ सम्म पृष्ठ २४७ देखि २४९ मा उपरोक्त विवरण लेखिएको छ । एक इक्ष्वाकु वंशमा मित्रसह नामक राजा थिए । उनले आफ्ना कुल गुरू वशिष्ठ जीबाट यज्ञ गराए । एउटा मृगधारी राक्षसलाई राजाले जङ्गलमा मारेका थिए । त्यसले राक्षस रूप धारण गरेर मृत्यु प्राप्त गरेको थियो । त्यस राक्षसको साथीले पनि मृग धारण गरेको थियो । उसले आफ्नो साथीको मृत्युको बदला लिने कसम खायो र अन्तर्ध्यान भयो । यज्ञ पूर्ण भएपछि वशिष्ठ जी घुम्न बाहिर गए । पछाडिबाट त्यो मृग राक्षस वशिष्ठको रूप धारण गरेर आयो र राजा मित्रसह (सय दास) लाई भने- मलाई खानका लागि नरमासु तयार गर, म अहिले आउँछु । राजाले आज्ञाको पालन गरे । वशिष्ठ ऋषि आएपछि राजाले नर मासु सुनको पात्रमा राखेर दिए । यस राजामा अभिमान भरिएकाले यसले मलाई जानी-जानी खानका लागि नर मासु दिएको हो भन्ने सोचेर ऋषि वशिष्ठ जीले क्रोधका कारण क्षुब्धचित्त भएर राजालाई तँ राक्षस् हुने छस् र नर मासु खाने गर्ने छस् भनी श्राप दिए । राजाले गुरू जी हजुरले नै त नर मासु तयार गर भन्नु भएको थियो भने । तब वशिष्ठ जीले ध्यानद्वारा सम्पूर्ण कारण थाहा पाए र राजालाई निर्दोष जानेर भने– तिमीले केवल १२ वर्ष नर मासु खानु पर्ने छ अर्थात् १२ वर्षसम्म राक्षस हुने छौ । अनि सबै ठीक हुने छ । तबसम्ममा शिष्य राजाले आफ्ना गुरूलाई श्राप दिन चाहेका थिए तर उनकी पत्नीले भनेपछि श्राप दिएनन् । एक दिन एउटा ब्राह्मण ऋषि आफ्नी पत्नीसँग विलास गरि रहेका थिए । त्यस राजाबाट राक्षस बनेको मित्रसह राक्षसले उसलाई खायो । ब्राह्मणीले आग्रह गरे पनि छोडेनन् अनि ब्राह्मणीले राजालाई श्राप दिइन्– तँ जत्तिखेर आफ्नी पत्नीसँग सम्भोग गर्ने छस्, त्यही दिन तेरो मृत्यु हुने छ । १२ वर्षपछि राजा मुक्त भएपछि आफ्नी पत्नीसँग सम्भोग गर्न चाहे अनि रानीले ती ब्राह्मणीको श्राप सम्झना गराइन् । राजाले त्यसै दिनबाट स्त्रीसम्भोग त्यागे । राजा पुत्रहीन थिए । कुल गुरू वशिष्ठ ऋषिले उनकी पत्नीको गर्भधान गरे । जसबाट राजाकी पत्नीले अश्मक नामक पुत्र जन्माइन् । उनै वशष्ठि

जीको विर्यबाट उत्पन्न अश्मकबाट पछि त्यही कुलमा राजा दशरथ, श्रीरामच लक्ष्मण, भरत आदि उत्पन्न भए । श्री विष्णु पुराण श्लोक ७३ देखि ९४ सम्म पृ २४९-२५० मा ।

समीक्षा :- परमेश्वर कबीर बन्दी छोड जीले भन्नु भएको छ :-

पण्डित और मसालची, दोनों सूझें नाय ।
औरनको करें चानना, रहें आप अंधेरे माय ॥

अनुवादः- स्वसम् वेदको वाणीको :- परमेश्वर कबीर जी भन्नु हुन्छः- मसाल (पुरानो समयमा नाटक मण्डलीलाई उज्यालोको लागि एउटा ३ फूट लामो लट्ठी एउटा छेउमा कपडा बेरेर त्यसमा मट्टीतेल हाली प्रज्वलित गरिन्थ्यो । त्यस मसालल एउटा व्यक्तिले समातेर उज्यालो परसम्म पुगोस् भनेर हात उचालेर राख्थ्यो त्यसकारण त्यस मसाल समातेको व्यक्ति अर्थात् मसालची माथि अँध्यारो हुन्थ्यो अरूमा प्रकाश पर्थ्यो । यसैको तुलना यहाँ मसालची र पण्डित अर्थात् विद्वानसँ गरिएको छ ।) ले मसाल उचाल्दा आफू अँध्यारोमा रहन्छ, त्यस्तै पण्डितले सद्उपदे दिन्छ तर आफू स्वयम् त्यसको अनुशरण गर्दैन ।

उपरोक्त विष्णु पुराणको लेखमा पण्डित श्री वशिष्ठ जी आफ्ना नातीलाई भ रहेको छन्– पण्डितले क्रोध गर्नु हुँदैन, क्रोध त मूर्खलाई मात्र हुने गर्द विचारवानहरू (विद्वानहरू) भला कसरी हुन सक्छ ? क्रोधले त मनुष्यको तप यशलाई नष्ट पारि दिन्छ । तर स्वयम् वशिष्ठ जीले आफ्नो उपदेशको अनुशर गरेनन् । पृष्ठ २५२ को उपरोक्त लेखमा 'राजा निमिले गौतम ऋषिबाट यज्ञ गराए देखेर अति क्रोधित भएर वशिष्ठ जीले राजा निमिलाई मृत्युको श्राप दिए । जसकार राजाको मृत्यु भयो । यसैगरी पृष्ठ २४७ देखि २४९ मा राजा मित्रसह (सौदास) ला क्रोधवश तँ राक्षस हुने छस् र मान्छेको मासु खानेछस् भनेर श्राप दिए ।

उपरोक्त विवरणको मन्थनबाट निष्कर्षः-

कबीर, कहते हैं करते नही, मुह से बडेलबार । जमपुर धक्के खाएँगे, धर्मराय दरबार ॥
कबीर, करनी तज कथनी कथें, अज्ञानी दिन रात । कुकर ज्यू भौकत फिरें, सुनि-सुनाई बात ॥

उपरोक्त दुबै साखीहरुको भावार्थ :- एक अर्काबाट ज्ञान ग्रहण गरेर ज्ञा (पण्डित) बनी अरूलाई शिक्षा दिँदै हिँड्छ, तर स्वयम् अनुशरण गर्दैन । कुकुर भुक हिँडि रहे जस्तै त्यस पण्डितको अवस्था हुन्छ जो स्वयम्ले ज्ञानको अनुशरण गर्दैन । अनि त्यो जमपुर अर्थात् यमलोकमा नर्कमा पर्दछ । यस्तै अवस्था महर्षि वशिष्ठ जी तथा पराशरजी आदि ऋषिहरूको छ ।

उपरोक्त विवरणमा यो पनि लेखिएको छ– वशिष्ठ जीको मृत्यु राजा निमिको श्रापले भएको थियो । वशिष्ठको लिङ्ग शरीर मित्रावरूणको विर्यमा प्रविष्ट भयो । उर्वशीलाई देखेपछि मित्रावरूणको विर्य स्खलित भयो । त्यसबाट वशिष्ठ जीलाई पुनः शरीर प्राप्त भयो । परमेश्वर कबीर जी द्वारा बताइएको तत्वज्ञानको आधारमा सन्त गरीबदास जीले भनेका छन् :-

लिङ्ग शरीर मोक्ष नही भाई । आगे जाकर देह उठाई ।

भावार्थ :- जुन साधकको सुक्ष्म शरीर साधनाद्वारा चार्ज (शक्तियुक्त) भएपछि ऊ लिङ्ग शरीर बन्दछ, जसकारण उसको मानव शरीरको समय बढी हुन्छ । कुनै कारणले मृत्यु भयो भने पनि फेरि मानव शरीर प्राप्त हुन्छ । त्यसमा भक्तिद्वारा संचित शक्ति पनि विद्यमान रहन्छ । त्यस व्यक्तिले कसैलाई श्राप दिएर, तथा कसैलाई आशीर्वाद दिएर आफ्नो पूर्व संचित भक्ति धन नष्ट गर्दछ । अनुयायीहरूलाई शास्त्रविरूद्ध साधना बताएर पापको भागी बन्छ । जसकारणले उसको ब्याट्री डिस्चार्ज (भक्ति शक्ति रहित शरीर हुन्छ ।) यसैकारणले चौरासी लाख प्राणीहरूको शरीरमा जन्मेर कष्ट भोग्दछ, अनि नर्कमा झर्दछ किनकि लिङ्ग शरीर बन्नाले मात्र मोक्ष हुँदैन । त्यो मोक्ष मार्ग त तत्वज्ञानद्वारा पूर्ण सन्त (तत्वदर्शी सन्त) बाट सार नाम प्राप्त गरेर मात्र सम्भव छ, अन्यथा छैन । जुन तत्वज्ञान ऋषिहरू, देवताहरू, ब्रह्मा, विष्णु तथा शिव जीलाई पनि प्राप्त भएन, त्यो तत्वज्ञान अर्थात् वास्तविक मोक्ष प्राप्तिको मार्ग परमेश्वर कबीर जी एवम् पूज्य गुरू जीको आशीर्वादले म दास (रामपाल दास) सँग छ । निःशुल्क प्राप्त गर्नु होस् । यसैले परम पूज्य कबीर परमेश्वर जी भन्नु हुन्छ :-

सुर नर मुनि जन तैतीस करोडी, बन्धे सभी निरंजन डोरी ।

भावार्थः तेत्तीस करोड देवता, ब्रह्मा, विष्णु तथा शिव सहित सारा तत्वज्ञानको अभावले ब्रह्मसम्मको भक्ति गरेर यसैबाट प्राप्त हुने अल्प लाभ पाएर यिनै निरंजन (काल) को डोरी अर्थात् परम्पराले बाँधिएका छन् । तिनीहरूलाई पूर्ण परमात्माको भक्तिको पूर्ण मोक्ष मार्गको ज्ञान छैन ।

निष्कर्ष :- सूक्ष्मवेदको ज्ञानको अभावले परमात्मा प्राप्ति भएन । जसकारणले ऋषिजन रिद्धि-सिद्धिहरूमा लिप्त भए । कसैलाई सिद्धिको लाभ र कसैलाई हानी पुऱ्याएर धन उपार्जन गर्न थाले । त्यसको बिग्रिएको रूप जन्त्र-मन्त्र बन्यो । जस्तो :- वर्तमानमा मानिसहरू तान्त्रिक तथा भूत-प्रेत विद्या जान्नेहरू कहाँ जान्छन् र मेरो दुश्मनलाई हानी पुऱ्याइ दिनु भयो भने जे माग्नु हुन्छ त्यही दिन्छु भन्छन् । कोही भूत प्रेतबाट पिछा छुटाउन भूत-प्रेत विद्या जान्ने झाँक्री कहाँ गएर धन लुटाउँछन् । कसैले पिपल पूजा गर्न भन्यो अनि उसले गर्न थाल्यो । कसैले जांडी वृक्षको पूर्ण गर्नाले लाभ हुन्छ भन्यो । कसैले तुलसीको बोटको पूजाको विधानलाई दृढ गराए । कुनै तान्त्रिकले वैष्णव देवी मन्दिरमा जान भने । कसैले केदारनाथ, पशुपतिनाथ आदि धामहरूको पूजा बताए । दुःखी व्यक्ति यी सब गर्न थाल्यो ।

यसरी अन्ध श्रद्धा भक्तिको जन्म भयो, जसले अहिले गहीरो जरा गाडि सकेको छ । अन्ध श्रद्धा भक्ति षडयन्त्रको रूपमा काल ब्रह्मले प्रारम्भ गराएको हो । उनी गोप्य रूपमा कार्य गर्दछन् । जस्तो शिवलिङ्गको पूजाका लागि श्री ब्रह्मा, श्री विष्णु जीलाई पनि भ्रमित तुल्याइ दिए । ब्रह्मा-विष्णु पनि लिङ्ग पूजा गर्न थाले । सारा ऋषि तथा श्रद्धालुहरू पनि यसैगरी भ्रमित भएर लिङ्ग पूजा गर्न थाले ।

शअब काल ब्रह्मको यो षडयन्त्र जानौं :-

"कबीर परमेश्वर जीको कालसँग वार्ता"

अहिले हामी काल ब्रह्मको लोकमा बसि रहेका छौं । आत्मालाई स्थूल सू आदि-आदि शरीरले ढाकेर कालले जीव बनाइ दिएको छ । यसले जीवलाई भ्रमि तुल्याएको छ । आत्माका जनक परमात्मालाई बिर्साइ दिएको छ । स्वयम्लाई परमात सिद्ध गरेको छ । यसले परमात्मा दुःखी होऊन् भनेर परमात्माको अंश जीवात्माल दुखित तुल्याउँछ । ऊ नै मन रूपमा प्रत्येक आत्माको साथमा रहन्छ । गल्ती गराउँछ दण्ड जीवात्माले भोग्दछ, जस्तोः- रक्सी, अफीम, सूर्ति आदिको नशाको लत लगाउ बलात्कार गराउनु तथा अन्य पाप गराउनु । यी सब मनको प्रेरणाले कालले गराउँछ जब तपाईंले लेखक (सन्त रामपाल) बाट दीक्षा लिनु हुने छ, तब यो सोझो बा हिंड्छ किनकि जीवात्माको साथमा परमात्माको शक्ति रहन थाल्दछ । तत्वज्ञानद्वा आत्मालाई विवेक प्राप्त हुन्छ । परमात्माको शक्तिका कारण आत्मा दृढ हुन्छ । का ब्रह्म केवल परमात्मासँग मात्र डराउँछ । सन्त गरीबदास जीले भनेका छन् :-

काल डरै करतार से, जय-जय-जय जगदीश । जौरा जौडी झाडता, पग रज डारै शीश ॥

काल जो पीसे पिसना, जौरा है पनिहार । ये दो असल मजदूर है, सतगुरू के दरबार ॥

भावार्थ स्पष्ट छ :- परमात्मा कबीर जी हाम्रो आत्मालाई कालको जालबा निकाल्नका लागि प्रयत्न गरि रहनु भएको छ । काल ब्रह्म फँसाउने प्रयत्न गर्दछ यसपछिको प्रकरणमा प्रत्यक्ष प्रमाण छ ।

जब परमेश्वरले सम्पूर्ण ब्रह्माण्डको रचना गरेर आफ्नो लोकमा विश्राम ग लाग्नु भयो। त्यसपछि हामी सबै कालको ब्रह्माण्डमा रहेर आफूले गरेक क्रियाकलापहरूको (कर्मको) दण्ड भोग्न थाल्यौं र ज्यादै दुःखी रहन थाल्यौं। सुख तथ शान्तिको खोजमा भौतारिन थाल्यौं र हामीलाई आफ्नो निज घर सतलोकको यादले सताउन थाल्यो तथा त्यहाँ जानका लागि भक्ति प्रारम्भ गर्‍यौं। कसैले चारै वेद कण्ठस्थ गरे, त कसैले उग्र तप गर्न लागे र हवन, यज्ञ, ध्यान, समाधी आदि क्रियाहरू प्रारम्भ गरे तर आफ्नो निज घर सतलोक जान सकेनन् किनकि उपरोक्त क्रियाहरू गर्नाले अर्को जन्ममा असल समृद्ध जीवन पाएर (जस्तो, राजा-महाराज, ठूला व्यापारी अधिकृत, देव-महादेव, स्वर्ग- महास्वर्ग आदि) पुनः लाख चौरासी भोग्न थाले। धै आजित भए र परमपिता परमेश्वरसँग प्रार्थना गर्न थाले– हे दयालु । हामीलाई निज घरको बाटो देखाउनु होस्। हामी हृदयदेखि नै हजुरको भक्ति गर्दछौं। हजुर हामीलाई किन दर्शन दिनु हुन्न ?

यी वृतान्त कबीर साहेबले धर्मदास जीलाई बताउँदै भन्नु भयो– धर्मदास यी जीवहरूको पुकार सुनेर म आफ्नो सतलोकबाट जोगजीतको रूप बनाएर काल लोकमा आएँ। तब एक्काईसौं ब्रह्माण्डमा जहाँ कालको निज घर छ, त्यहाँ तप्त शिलामा

जीवहरूलाई भुटेर सूक्ष्म शरीरबाट गन्ध निकालि राखिएको थियो। म पुगेपछि ती जीवहरूको जलन समाप्त भयो। उनीहरूले मलाई देखेर भने– हे पुरुष ! हजुर को हुनु हुन्छ? हजुरको दर्शनले मात्र नै हामीलाई धेरै सुख तथा शान्तिको महसुस भइ रहेको छ। अनि मैले म पारब्रह्म परमेश्वर कबीर हूँ भनेर बताएँ। तिमीहरू सबै जीवहरू मेरो लोकबाट आएर काल ब्रह्मको लोकमा फँसेका छौ। यो काल प्रतिदिन एकलाख मानिसको सुक्ष्म शरीरबाट गन्ध निकालेर खान्छ र पछि नाना प्रकारका योनीमा दण्ड भोग्नका लागि छोडि दिन्छ। तब ती जीवात्माहरूले भन्न थाले– हे दयालु परमेश्वर! हामीलाई यो कालको जेलबाट छुटाउनु होस्। मैले यो ब्रह्माण्ड कालले तीनपटक भक्ति गरेर मबाट प्राप्त गरेको हो भन्ने कुरा बताएँ। जुन यहाँका वस्तुहरू तिमीहरू प्रयोग गरि रहेका छौ यी सब कालका हुन् र तिमीहरू सबै आफ्नो इच्छाले आएका हौ। यसैले तिमीहरूमाथि काल ब्रह्मको धेरै ऋण भएको छ र ती ऋणहरू मेरो सच्चा नामको जाप बीना समाप्त हुँदैन।

जबसम्म तिमी ऋणमुक्त हुँदैनौ तबसम्म तिमी काल ब्रह्मको जेलबाट बाहिर जान सक्दैनौ। यसका लागि तिमीहरूले मबाट नाम उपदेश लिएर भक्ति गर्नु पर्छ। तब म तिमीहरूलाई छुट्एर लैजान्छु। हामी यो वार्ता गरि रहँदा त्यहाँ काल ब्रह्म प्रकट भयो र धेरै क्रोधित भएर ममाथि हमला गर्‍यो। मैले आफ्नो शब्द शक्तिले त्यसलाई मुर्छित गरि दिएँ। फेरि केही समय पश्चात ऊ होसमा आयो। मेरो चरणमा गिरेर क्षमा याचना गर्न थाल्यो र हजुर मभन्दा ठूलो हुनु हुन्छ, म माथि दया गर्नु होस् र मेरो लोकमा किन आउनु भएको हो बताउनु होस् भनेर सोध्यो। तब मैले काल पुरुषलाई केही जीवात्माहरू भक्ति गरेर आफ्नो निज घर सतलोकमा फर्केर जान चाहन्छन् भन्ने कुरा बताएँ। उनीहरूलाई सतभक्ति मार्ग मिलि रहेको छैन। त्यसैले उनीहरू भक्ति गरेपछि पनि यसै लोकमा रहन्छन्। म तिनीहरूलाई सतभक्ति मार्ग बताउन र तँ काल होस्, एक लाख जीवको आहार गर्छस्, सवालाख जीवहरू उत्पन्न गर्छस् तथा भगवान् बनेर बसेको छस् भनेर तेरो भेद बताउन आएको हूँ। म यिनीहरूलाई तिमीहरू जसको भक्ति गर्दछौ त्यो भगवान् होइन, काल हो भनेर बताउँछु। यति सुन्नासाथ कालले यदि सबै जीव फर्केर गए भने मेरो भोजन के हुन्छ? म त भोकै मर्छु भन्न थाल्यो। हजुरसँग मेरो प्रार्थना छ– तीन युगमा कम सङ्ख्यामा जीव लैजानु होस् र सबैलाई म काल हूँ र सबलाई खान्छु भन्ने मेरो भेद (रहस्य) नदिनु होला जब कलियुग आउँछ तब हजुरले चाहे जति जीव लानु होला। यो वचन कालले मबाट प्राप्त गर्‍यो। कबीर साहेबले धर्मदासलाई अझ अगाडि बताउँदै भन्नु भयो– सत्ययुग, त्रेतायुग, द्वापरयुगमा पनि म आएको थिएँ र धेरै जीवलाई सतलोक लिएर गएँ तर यसको भेद बताइन। अब म कलियुगमा आएको छु र कालसँग मेरो वार्ता भएको छ। कालब्रह्मले मसँग तपाईले जति शक्ति लगाउनु होस्, तपाईका कुरा कसैले पनि सुन्ने छैनन् भन्यो। पहिलो कुरा त

मैले जीवलाई भक्तिको लायक छोडेको छैन। त्यसमा बिडी, सिगरेट, रक्सी, मासु आ दुर्व्यसनको बानी पारेर यिनीहरूको वृत्तिलाई बिगारि दिएको छु। नाना प्रकारका पाख पूजामा जीवात्माहरूलाई लगाइ दिएको छु। दोस्रो कुरा यो हुनेछ कि जब तपाईं आफ् ज्ञान दिएर आफ्नो लोकमा फर्किनु हुने छ म (काल) आफ्नो दूतलाई पठाएर तपाईं पन्थसँग मिल्दो जुल्दो बान्ह पन्थ चलाएर जीवलाई भ्रमित तुल्याइ दिन्छु। महि सतलोकको बताउने छन्, तपाईंको ज्ञान भन्ने छन् तर नाम जाप भने मेरो गर्ने छ जसको परिणाम स्वरूप मेरो नै भोजन बन्ने छन्। यो कुरा सुनेर कबीर साहेबले ति आफ्नो कोसिस गर्नु म सत्मार्ग बताएर नै फर्कन्छु र जसले मेरो ज्ञान सुन्ने छ, त तिम्रो बहकाउमा कहिल्यै आउने छैन भन्नु भयो।

सतगुरु कबीर साहेबले भन्नु भयो– हे निरञ्जन। यदि मैले चाहे भने तिम्रा स खेल क्षणभरमा नै समाप्त गर्न सक्छु तर यसो गर्नाले मेरा वचन भङ्ग हुन्छ। यो सो म आफ्ना प्यारा हंसहरूलाई यथार्थ ज्ञान दिएर शब्दको बल प्रदान गरी सतलो लैजाने छु अनि भन्नु भयो :

सुनो धर्मराया, हम संखो हंसा पद परसाया।
जिन लीन्हा हमरा प्रवाना, सो हंसा हम किए अमाना।।

(पवित्र कबीर सागरमा जीवहरूलाई भुल भुलैयामा राख्नका लागि तथा आफ भोक मेटाउनका लागि अनेक प्रकारका तरिकाको वर्णन)

द्वादस पंथ करूं मै साजा, नाम तुम्हारा ले करूं अवाजा।
द्वादस यम संसार पठहो, नाम तुम्हारे पंथ चलैहो।।
प्रथम दूत मम प्रगटे जाई, पीछे अंश तुम्हारा आई।।
यही विधि जीवनको भ्रमाऊं, पुरूष नाम जीवन सम्फाऊं।।
द्वादस पंथ नाम जो लैहे, सो हमरे मुख आन समै है।।
कहा तुम्हारा जीव नहीं माने, हमारी ओर होय बाद बखानै।।
मैं दृढ फंदा रची बनाई, जामें जीव रहे उरफाई।।
देवल देव पाषान पूजाई, तीर्थ व्रत जप-तप मन लाई।।
यज्ञ होम अरू नेम अचारा, और अनेक फंद में डारा।।
जो ज्ञानी जाओ संसारा, जीव न मानै कहा तुम्हारा।।

(सतगुरू वचन)

ज्ञानी कहे सुनो अन्याई, काटो फंद जीव ले जाई।।
जेतिक फंद तुम रचे विचारी, सत्य शबद तै सबै बिंडारी।।
जौन जीव हम शब्द दृढावै, फंद तुम्हारा सकल मुकावै।।
चौका कर प्रवाना पाई, पुरूष नाम तिहि देऊं चिन्हाई।।

ताके निकट काल नही आवै, संधि देखी ताकहं सिर नावै।।

उपरोक्त विवरणबाट अहिले चलेका अनेक पन्थहरूसँग कबीर साहेबद्वारा बताइएको सतभक्ति मार्ग छैन तथा यी सब कालबाट प्रेरित छन् भन्ने सिद्ध हुन्छ। अतः बुद्धिमान्ले सोच विचार गरेर भक्तिमार्ग अपनाउनु पर्छ किनकि मनुष्य जन्म अनमोल छ, यो पटक पटक पाइँदैन। कबीर साहेब भन्नु हुन्छ :-

कबीर मानुष जन्म दुर्लभ है, मिले न बारम्बार ।

तरूवर से पत्ता टूट गिरे, बहुर न लगता डारि ॥

काल ब्रह्मले कबीर जीबाट तीन युगमा कम जीव लैजाने वचन लिनु

(विस्तृत एवम् सम्पूर्ण वर्णन)

प्रश्न :- कबीर जीको नामबाट चलेको १२ पन्थहरूका वास्तविक मुखिया को हुन् र तेह्रौं पन्थ कसले चलाउने छन् ?

उत्तर :- जोगजितको रूपमा काल ब्रह्मसँग परमेश्वर कबीर जीको विवाद भएको थियो । त्यो विवरण "स्वसमवेद बोध" पृष्ठ ११७ देखि १२२ सम्म तथा "अनुराग सागर" ६० देखि ६७ सम्म छ ।

परमेश्वर कबीर जी आफ्ना पुत्र जोगजितको रूपमा पहिलो पटक कालको प्रथम ब्रह्माण्डमा प्रकट हुनु भयो, जुन एक्काईसौं ब्रह्माण्ड हो, जहाँ तप्तशिला बनेको छ । काल ब्रह्मले जोगजितसँग झगडा गऱ्यो । अनि विवश भएर चरण समाती क्षमा याचना गऱ्यो र प्रतिज्ञा गराएर केही सुविधा माग्यो ।

१. तीनै युग (सत्ययुग, त्रेतायुग र द्वापरयुग) मा थोरै जीव पार गर्नु ।

२. जोर-जबरजस्ती गरेर मेरो लोकबाट जीव नलैजानु ।

३. हजुर आफ्नो ज्ञान सम्झाउनु होला, जसले हजुरको ज्ञान स्वीकाऱ्यो त्यो हजुरको र जसले मेरो ज्ञान मान्यो त्यो मेरो ।

४. कलियुगमा पहिले मेरा दूतहरू प्रकट हुनु पर्छ, त्यसपछि हजुरका दूतहरू जाऊन् ।

५. त्रेतायुगमा समुद्रमा पुल बनाइ दिनुहोला । त्यस समय मेरा पुत्र विष्णुले रामचन्द्र रूपमा लङ्काका राजा रावणसँग युद्ध गर्नेछन्, समुद्रले बाटो दिने छैन ।

६. द्वापर युगमा बौद्ध शरीर त्यागेर जाने छु । राजा इन्द्रदमनले मेरो नामले (जगन्नाथ नामले) समुद्रको किनारमा मेरो आज्ञाले मन्दिर बनाउन चाहने छ । त्यस काममा समुद्रले बाधा पुऱ्याउने छ । हजुरले त्यस मन्दिरको सुरक्षा गर्नु होला ।

परमेश्वरले सम्पूर्ण माग स्वीकार गर्नु भयो र वचनवद्ध हुनु भयो । तब काल ब्रह्म हाँस्यो र भन्यो– हे जोगजित । संसारमा जानु होस् । कलियुगको समय आएपछि

म आफ्ना १२ दूत (नक्कली सतगुरू) संसारमा पठाउने छु । कलियुग ५५० हुँदासम्म मेरो दूतहरूको माध्यमले तेरो नामबाट (कबीर जीको नामबाट) १२ कबी चलाई दिन्छु । कबीर जीले जोगजित रूपमा काल ब्रह्मसँग भन्नु भएको कलियुगमा मेरो नाम कबीर हुने छ र म कबीर नामले पन्थ चलाउने छु । त्यसैले ज्योति निरंजनले भनेको थियो– हजुरले कबीर नामले एउटा पन्थ चलाउनु भयो (काल) कबीर नामले १२ पन्थ चलाउने छु । सारा मानिसलाई भ्रमित तुल्याएर जालमा फँसाई राख्ने छु । यिनका अतिरिक्त अन्य थुप्रै पन्थहरू चलाउने छु, सतलोक, सच्चखण्डको कुरा गर्ने छन् र तिनीहरूसँग सत्य साधना हुने जसकारण तिनीहरू सत्यलोकको आशामा गलत नामहरू जाप गरेर मेरै जाल रहने छन् ।

{राधास्वामी पन्थ सेठ शिवदयाल सिंह, पन्नी गली आगरा, उत्तर प्र चलाएको राधा स्वामी पन्थ पूर्ण रूपमा कालको पन्थ हो । यसका अन्य शाखाहरू प्रकार छन्:

१. राधा स्वामी डेरा ब्यास (पन्जाब), २. डेरा सच्चा सौदा सिरसा जगमालवाली त. कालांवाल जिल्ला सिरसा (हरियाणा), ३. जय गुरूदेव (श्री दासको) पन्थ, मथुरा उत्तर प्रदेश, ४. डेरा दिनौंद जिला भिवानी (हरियाणा), ५. कृपाल पन्थ, दिल्ली र ६. ठाकुर सिंह राधास्वामी पन्थ ।

यी सारा पन्थ तथा यिनका अनुयायीहरू काल जालमा नै रहने छन् किनकि सारा पन्थहरूका प्रवर्तक श्री शिवदयाल सिंह सेठ मृत्यु पश्चात् प्रेत बने र आफ्नी शिष्या बुक्कीमा प्रवेश गरेर हुक्का पिउँथे । भोजन खान्थे तथा आफ्नो सानो भाइ सिंह तथा सालिगराम भक्तहरूसँग बुक्की भित्र रहेर कुरा गर्थे । भक्तमति बु जीवित रहँदासम्म सेठ शिवदयाल जी उनको शरीरमा रहे । प्रमाण :- जीवन च स्वामी जी महाराज (श्री शिवदयाल सिंह), लेखक :- सेठ प्रताप सिंह (स्वामी ज कान्छा भाइ), आगरा उत्तर प्रदेश ।

विचार गरौं :- जुन पन्थको मुखिया नै प्रेत बन्यो, जुन साधना उनी गर्थे साधना उपरोक्त उनका शाखाहरूका अनुयायीहरू तथा सन्तहरू गर्दछन् । तिनको यही दशा हुने छ । परमात्मा कबीर जीले बताउनु भएको काल वार्ता सत्य हो । कुराको यो प्रत्यक्ष प्रमाण हो किनकि यी सबै सतलोक (सच्चखण्ड) को कुरा गर्छ नक्कली नामहरूको जाप गर्दछन् । यसकारण कालको जालमा नै रहने छन् ।}

काल ब्रह्मले सोधेका थिए– हजुर कलियुगको कुन समयमा आफ्नो सत्य क पन्थ चलाउनु हुने छ ? कबीर जीले ५५०५ (पाँच हजार पाँच सय पाँच) वर्ष बिते म आफ्नो यथार्थ तेह्रौं कबीर पन्थ चलाउने छु भन्नु भएको थियो । यो कुरा सु कालले भन्यो– त्यस समय पूर्व नै म सारा पृथ्वीमा शास्त्र-विधि त्यागेर मनोम

आचरण गराउँछु र शास्त्रविरुद्ध ज्ञान बताएर झुठो नाम तथा गलत साधनामा अभ्यस्त गराइ दिन्छु । अनि जब तेरो तेह्रौं अंश आएर सत्य कबीर पन्थ चलाउने छ, तब उसको कुरामा कसैले विश्वास गर्ने छैन, यसको विपरित उसैसँग झगडा गर्ने छन् । कलियुगको ५५०५ पूरा (सन् १९९७ मा) भएपछि शिक्षामा क्रान्ति ल्याइने छ, सारा मानिस अक्षर ज्ञानयुक्त हुने छन् । त्यस समय मेरो दासले सम्पूर्ण धार्मिक ग्रन्थहरू सही रूपमा बुझेर मानव समाजलाई परिचित गराउने छन् । सारा प्रमाणहरू प्रत्यक्ष देखेर शिक्षित मानव सत्यसँग परिचित ुने छन् र तत्काल मेरो तेह्रौं पन्थमा दीक्षा लिने छ र सारा विश्व मैले बताएको भक्ति विधि तथा तत्वज्ञानलाई हृदयदेखि नै स्वीकार गरेर भक्ति गर्ने छ । त्यसबेला पुनः सत्ययुगको जस्तो वातावरण हुने छ । आपसी रागद्वेष, चोरी-जारी लुटी-ठगी कसैले गर्ने छैनन् । कसैले धन सङ्ग्रह गर्ने छैन । भक्तिलाई अत्यधिक महत्त्व दिइने छ । जस्तो यस समयमा अधिक धन हुने, ठूलो व्यवसाय हुने तथा ठूला-ठूला महल भएका व्यक्तिलाई महान मानिएको हुन्छ तर १३ औं पन्थको प्रारम्भ पश्चात ती व्यक्तिहरुलाई मूर्ख मानिने छ र सामान्य घर बनाएर भक्ति गर्नेहरुलाई महान, ठूला र सम्मानित व्यक्ति मानिने छ ।

(विस्तृत जानकारी यसै पुस्तकको पृष्ठ १३० मा "तप्त शिलामा जलि रहेका प्राणीहरुसँग वार्ता" भएको प्रकरणमा पढ्नु हुने छ ।)

प्रमाणका लागि लगभग ६ सय वर्ष पहिले लेखिएको पवित्र कबीर सागरको भिन्न-भिन्न अध्यायहरुबाट अमृत वाणी

"कबीर जी तथा ज्योति निरंजनको वार्ता"

अनुराग सागर को पृष्ठ ६२ बाट :-

"धर्मराय (ज्योति निरंजन) वचन"

धर्मराय अस विनती ठानी । मैं सेवक द्वितीया न जानी ।।१
ज्ञानी बिनती एक हमारा । सो न करहू जिह से हो मोर बिगारा ।।२
पुरूष दीन्ह जस मोकहं राजु । तुम भी देहहु तो होवे मम काजु ।।३
अब मैं वचन तुम्हरो मानी । लीजो हंसा हम सो ज्ञानी ।।४

पृष्ठ ६३ बाट अनुराग सागर को वाणी :-

दयावन्त तुम साहेब दाता । ऐतिक कृपा करो हो ताता ।।५
पुरूष शाप मोकहं दीन्हा ।लख जीव नित ग्रासन कीन्हा ।।६

पृष्ठ ६४ बाट अनुराग सागर को वाणी:-

जो जीव सकल लोक तव आवै । कैसे क्षुधा मोर मिटावै ।।७
जैसे पुरूष कृपा मोपे कीन्हा । भौसागर का राज मोहे दीन्हा ।।८
तुम भी कृपा मोपर करहु । जो माँगे सो मोहे देहो बरहु ।।९
सतयुग, त्रेता, द्वापर मांही । तीनों युग जीव थोड़े जाही ।।१०
चौथा युग जब कलयुग आवै । तब तव शण जीव बहु जावै ।।११

पृष्ठ ६५ बाट अनुराग सागर को वाणी, माथिको वाणी पंक्ति नं. ३ बाट

प्रथम दूत मम प्रकटै जाई । पीछे अंश तुम्हारा आई ॥१२

पृष्ठ ६४ बाट अनुराग सागर को वाणी, माथिको वाणी पंक्ति नं. ६ :-

ऐसा वचन हरि मोहे दीजै । तब संसार गवन तव कीजै ॥१३

"जोगजीत वचन = ज्ञानी बचन"

पृष्ठ ६४ बाट अनुराग सागर को वाणी, माथिको वाणी पंक्ति नं. ७ :-

अरे काल तुम परपंच पसारा । तीनों युग जीवन दुख डारा ॥१४
बीनती तोरी लीन्ह मैं जानि । मोकहं ठगा काल अभिमानी ॥१५
जस बीनती तू मोसन कीन्ही । सो अब बख्स तोहे दीन्ही ॥१६
चौथा युग जब कलयुग आवै । तब हम अपना अंश पठावैं ॥१७

"धर्मराय (काल) वचन"

पृष्ठ ६४ बाट अनुराग सागर को वाणी, माथिको वाणी पंक्ति नं. १७ :-

हे साहिब तुम पंथ चलाऊ । जीव उबार लोक लै जाऊ ॥१८

पृष्ठ ६६ बाट अनुराग सागर को वाणी, माथिको वाणी पंक्ति नं. ८, ९ १६ देखि २१

सन्धि छाप (सार शब्द) मोहे दिजे ज्ञानी । जैसे देवोंगे हंस सहदानी ॥
जो जन मोकूं संधि (सार शब्द) बतावै। ताके निकट काल नही आवै ॥
कहै धर्मराय जाओ संसारा । आनहु जीव नाम आधारा ॥२१
जो हंसा तुम्हरे गुण गावै । ताहि निकट हम नहीं जावैं ॥२२
जो कोई लेहै शरण तुम्हारी । मम सिर पग दै होवै पारी ॥२३
हम तो तुम संग कीन्ह ढ़िठाई । तात जान किन्ही लड़काइ ॥२४
कोटिन अवगुन बालक करही । पिता एक चित नहीं धरही ॥२५
जो पिता बालक कूं देहै निकारी । तब को रक्षा करै हमारी ॥२६
सारनाम देखो जेहि साथा । ताहि हंस मैं नीवाऊँ माथा ॥२७

ज्ञानी (कबीर) वचन

अनुराग सागर पृष्ठ ६६ :-

जो तोहि देहुं संधि बताई । तो तूं जीवन को हइहो दुखदाई ॥२८
तुम परपंच जान हम पावा । काल चलै नहीं तुम्हरा दावा ॥२९
धर्मराय तोहि प्रकट भाखा । गुप्त अंक बीरा हम राखा ॥३०
जो कोई लेई नाम हमारा । ताहि छोड़ तुम हो जाना नियारा ॥३१
जो तुम मोर हंस को रोको भाई । तो तुम काल रहन नहीं पाई ॥३२

"धर्मराय (काल निरंजन) बचन"

पृष्ठ ६२ तथा ६३ बाट अनुराग सागर को वाणी :-

बेसक जाओ ज्ञानी संसारा । जीव न मानै कहा तुम्हारा ॥३३
कहा तुम्हारा जीव ना मानै । हमरी और होय बाद बखानै ॥३४
दृढ़ फंदा मैं रचा बनाई । जामें सकल जीव उरझाई ॥३५
वेद-शास्त्र समर्ति गुणगाना । पुत्र मेरे तीन प्रधाना ॥३६
तीनहू बहु बाजी रचि राखा । हमरी महिमा ज्ञान मुख भाखा ॥३७

देवल देव पाषाण पुजाई । तीर्थ व्रत जप तप मन लाई ।।३८
पूजा विश्व देव अराधी । यह मति जीवों को राखा बाँधि ।।३९
जग (यज्ञ) होम और नेम आचारा । और अनेक फंद मैं डारा ।।४०

"ज्ञानी (कबीर) वचन"

हमने कहा सुनो अन्याई । काटों फंद जीव ले जांई ।।४१
जेते फंद तुम रचे विचारी । सत्य शब्द ते सबै विडारी ।।४२
जौन जीव हम शब्द दृढ़ावै । फंद तुम्हारा सकल मुक्तावै ।।४३
जबही जीव चिन्ही ज्ञान हमारा । तज़ही भ्रम सब तोर पसारा।।४४
सत्यनाम जीवन समझावै । हंस उभार लोक लै जावै ।।४५.
पुरुष सुमिरन सार बीरा, नाम अविचल जनावहूँ ।
शीश तुम्हारे पाँव देके, हंस लोक पठावहूँ ।।४६
ताके निकट काल नहीं आवे । संधि देख ताको सिर नावै ।।४८.

(संधि = सत्यनाम+सारनाम)

"धर्मराय (काल) वचन"

पंथ एक तुम आप चलऊ । जीवन को सतलोक लै जाऊ ।।४९
द्वादश पंथ करुँ मै साजा । नाम तुम्हारा ले करों आवाजा ।।५०
द्वादश यम संसार पठाऊँ । नाम कबीर ले पंथ चलाऊँ ।।५१
प्रथम दूत मेरे प्रगटै जाई । पीछे अंश तुम्हारा आई ।।५२
यहि विधि जीवन को भ्रमाऊँ । आपन नाम पुरुष का बताऊँ ।।५३
द्वादश पंथ नाम जो लैहि । हमरे मुख में आन समैहि ।।५४

"ज्ञानी (कबीर) वचन" चौपाई

अध्याय "स्वसमवेद बोध" पृष्ठ १२१ :-

अरे काल परपंच पसारा । तीनों युग जीवन दुख आधारा ।।५५
बीनती तोरी लीन मैं मानी । मोकहं ठगे काल अभिमानी ।।५६
चौथा युग जब कलयुग आई । तब हम अपना अंश पठाई ।।५७
काल फंद छूटै नर लोई । सकल सृष्टि परवानिक (दीक्षित) होई ।।५८
घर-घर देखो बोध (ज्ञान) बिचारा (चर्चा) । सत्यनाम सब ठोर उचारा।।५९
पाँच हजार पाँच सौ पाँचा । तब यह वचन होयगा साचा ।।६०
कलयुग बीत जाए जब ऐता । सब जीव परम पुरुष पद चेता ।।६१

भावार्थ :- (वाणी संख्या ५५ देखि ६१ सम्म) परमेश्वर कबीर जीले भन्नु भयो– हे काल । तैले विशाल प्रपञ्च रचेको छस् । तीनै युगहरु (सत्ययुग, त्रेतायुग, द्वापरयुग) मा ज़ीवलाई बडो कष्ट दिने छस् । जस्तो तैँले भनि रहेको छस् । तैँले मसँग प्रार्थना गरेको थिइस्, मैले त्यो माने । तैँले मसँग धोकापूर्ण कार्य गरिस् तर चौथो युग कलियुग आएपछि म मेरो अंश अर्थात् आफ्नो कृपा पात्र आत्मालाई पठाउने छु । हे काल । तैँले बनाएका सारा फन्दा अर्थात् अज्ञान आधारको गलत ज्ञान एवम् साधनालाई

सत्य शब्द तथा सत्य ज्ञानद्वारा समाप्त पार्ने छ । त्यस समय सारा विश्व प्र अर्थात् ती मेरा सन्तबाट दीक्षा लिएर दिक्षित हुने छ । त्यस समयसम्म अर्थात् क ५५०५ वर्ष नबितेसम्म सत्यनाम मूल नाम (सार शब्द) तथा मूल ज्ञान (तत्वज्ञान) गर्नु छैन तर कलियुग ५५०५ वर्ष बितेपछि घर-घरमा मेरो आध्यात्मिक ज्ञानको सुरु हुने छ र सत्यनाम, सार शब्द सबै उपदेशीलाई प्रदान गरिने छ । यो मैले रहेको वचन कलियुग ५५०५ वर्ष पूरा भएपछि सिद्ध हुने छ । कलियुगको ५५०५ बितेपछि सम्पूर्ण मानव प्राणी परम पुरुष अर्थात् सत्य पुरुषको पद अर्थात् परमपदसँग परिचित हुने छन्, जसको विषयमा गीता अध्याय १५ श्लोक ४ मा भनि छ– तत्वदर्शी सन्त प्राप्त भए पश्चात् परमेश्वरको त्यस परम पदको खोजी गर्नु जहाँ गइ सकेपछि साधक फर्केर संसारमा कहिल्यै आउँदैन । जुन परमेश्वरले संसा वृक्षको विस्तार गर्नु भएको छ अर्थात् जुन परमेश्वरले सृष्टिको रचना गर्नु भएको उनै परमेश्वरको भक्ति गर ।

उपरोक्त वाणीको भावार्थ :- त्यस समय ती परमेश्वरको पद (सत्यलोक) विषयमा सबैलाई पूर्ण ज्ञान हुने छ ।

स्वसमवेद बोध पृष्ठ १७०

अथ स्वंसम वेद की स्फुटवार्ता-चौपाई

एक लाख और असि हजारा । पीर पैगंबर और अवतारा ।।६२
सो सब आही निरंजन वंशा । तन धरी-धरी करैं निज पिता प्रशंसा ।।६३
दश अवतार निरंजन के रे । राम कृष्ण सब मांही बडेरे ।।६४
इनसे बड़ा ज्योति निरंजन सोई । यामें फेर बदल नहीं कोई ।।६५

भावार्थ :- परमेश्वर कबीर जीले भन्नु भएको छ– बाबा आदमदेखि हज मुहम्मदसम्म कुल एक लाख असी हजार (१,८०,०००) पैगम्बर तथा हिन्दूले मान्ने अवतार सबै कालले पठाएका हुन् । यी दस अवतारहरूमा राम तथा कृष्ण प्रमुख हु यी सबैले कालको महिमा गान गरेर सारा जीवहरूलाई भ्रमित तुल्याई काल साधना बनाएर गए । यी सबैका मुखिया ज्योति निरंजन काल (ब्रह्म) हुन् ।

स्वसमवेद बोध पृष्ठ १७१ (१५१५):-

सत्य कबीर वचन

दोहे :- पाँच हजार अरु पाँच सौ पाँच जब कलयुग बीत जाय ।
महापुरुष फरमान तब, जग तारन कूं आय ।।६६
हिन्दु तुर्क आदि सबै, जेते जीव जहानं ।
सत्य नाम की साख गही, पावैं पद निर्वान ।।६७
यथा सरितगण आप ही, मिलैं सिन्धु मैं धाय ।
सत्य सुकृत के मध्य तिमि, सब ही पंथ समाय ।।६८
जब लग पूर्ण होय नहीं, ठीक का तिथि बार ।

कपट-चातुरी तबहि लौ, स्वसम बेद निरधार । ।६९
सबही नारी-नर शुद्ध तब, जब ठीक का दिन आवंत ।
कपट चातुरी छोड़ि के, शरण कबीर गहंत ।।७०
एक अनेक ह्वै गए, पुनः अनेक हों एक ।
हंस चलै सतलोक सब, सत्यनाम की टेक ।।७१
घर घर बोध विचार हो, दुर्मति दूर बहाय ।
कलयुग में सब एक होई, बरतें सहज सुभाय ।।७२
कहाँ उग्र कहाँ शुद्र हो, हरै सबकी भव पीर(पीड़) ।।७३
सो समान समदृष्टि है, समर्थ सत्य कबीर ।।७४

भावार्थ :- परमेश्वर कबीर जी बताउनु हुन्छ– हे धर्मदास । मैले ज्योति निरञ्जन अर्थात् काल ब्रह्मसँग पनि भनेको थिएँ, अब तिमीलाई पनि भनि रहेको छु ।

कबीर सागरको अध्याय 'स्वसमवेद बोध' को वाणी संख्या ६६ देखि ७४ को सरलार्थ :- जुन समयमा कलियुग पाँचहजार पाँच सय पाँच (५५०५) वर्ष बित्ने छ, त्यस समय एक महापुरूष विश्वलाई पार गर्नका लागि आउने छन् । त्यस समयसम्म बनेका जे जति हिन्दू-मुसलमान आदि पन्थ र संसारमा जे जति जीवहरू छन् ती सबै मानव शरीर प्राप्त गरेर ती महापुरूषबाट सत्यनाम लिई सत्यनामको शक्तिले मोक्ष प्राप्त गर्नेछन् । ती सत्य कबीर पन्थ चलाउने महापुरूषको त्यस (१३ औं) पन्थमा सारा पन्थहरू (१२ कबीर नामको तथा अन्य सबै पन्थका अनुयायी) स्वतः विभिन्न नदीहरू निर्बाध दौडेर समुद्रमा झरे जसरी तीव्र गतीमा समाहित हुने छन् । तिनलाई ती नदीहरूलाई कसैले रोक्न सक्दैन, यसैगरी त्यस १३ औं पन्थमा सारा पन्थहरू शिघ्रतापूर्वक समाहित भएर एउटै पन्थ बन्ने छ । तर जबसम्म ठीकको समय आउँदैन अर्थात् कलियुग ५५०५ वर्ष पूरा नभएसम्म मैले स्वसमवेद बोध अध्यायमा भनि रहेको ज्ञान, जुन तिमी लेखि रहेका छौ, त्यो निराधार लाग्ने छ ।

जब त्यो निर्धारित समय आउने छ, त्यस समय स्त्री-पुरुष मैले (कबीर जीले) पठाएको सतगुरूद्वारा मेरो वाणीको विचार सुनेर उच्च विचार भएका तथा शुद्ध आचरणयुक्त भएर कपट, व्यर्थको चतुराइ त्यागेर मेरो (कबीर जीको) शरण ग्रहण गर्ने छन् । परमात्माबाट लाभ लिनका लागि एउटा "मानव" धर्मबाट अनेक पन्थ (धार्मिक समुदाय) बनेका छन्, ती सारा पुनः एक हुने छन् । सबै हंस (निर्विकार भक्त) आत्माहरू सत्यनामको जाप गरेर भक्तिको शक्तिले सतलोक जाने छन् । मेरो अध्यात्म ज्ञानको चर्चा घर-घरमा हुने छ । जसकारणले सबैको दुर्मति समाप्त हुने छ । कलियुगमा फेरि एक भएर सहज व्यवहार गर्ने छन् अर्थात् शान्तिपूर्वक जीवन जिउने छन् । कलियुगमा फेरि सत्ययुगको जस्तो वातावरण हुने छ । सबै प्रेमपूर्वक रहने छन् । धन प्रतिको ईच्छा त्यागेर साधारण जिउने छन् । त्यस सत्य साधनाबाट सबैका सबैखालका कष्टहरू समाप्त हुने छ । उग्र अर्थात् डाँकु, लुटेरा, कसाई, शुद्र चाहे अन्य खराब काम गर्ने जो सुकै भएपनि नीच हुने छन् । परमात्माले सत्य भक्ति गर्नेहरूको

भवपीर अर्थात् सांसारिक कष्ट हर्नु हुने छ अर्थात् पन्छाइ दिनु हुने छ । साधनाद्वारा सबैको भवपीर अर्थात् सांसारिक कष्ट समाप्त हुने छ र त्यस १३ पन्थका प्रवर्तकले सबैलाई समान दृष्टिले हेर्ने छ अर्थात् उँच-नीचको भेदभाव गर्ने छै उहाँ समर्थ सत्य कबीर नै हुनु हुने छ । (मम् सन्त मलाई नै जान मेरै स्वरूपम् ।)

प्रश्न :- त्यो १३ औं पन्थ कुन हो ? त्यसको प्रवर्तक को हुन् ?

उत्तर :- त्यो १३ औं पन्थ "यथार्थ सत कबीर" पन्थ हो । त्यस पन्थका प्रव स्वयम् कबीर परमेश्वर जी हुनु हुन्छ । वर्तमानमा त्यस पन्थका सञ्चालक उहे गुलाम स्वामी रामदेवानन्द जीका पुत्र रामपाल दास हुन् । (अध्यात्मिक दृष्टिले जीलाई पिता मानिन्छ, जसले आत्मालाई पोषण गर्दछन् ।)

प्रमाण :- त्यसो त सन्त धर्मदास जीका वंश परम्परामा भएका महन्तहरू जोडिएका श्रद्धालुहरूले अज्ञानतावश १३ औं पन्थ र सञ्चालक धर्मदासका (परिवार) को धारामा भएकाहरूलाई सिद्ध गर्ने कुचेष्टा गरेका छन् । तर हात्तिको भैंसीलाई लगाई दिएर कसैले यो भैंसीको वस्त्र हो भन्छ भने बुद्धिमानले त तत्काल वस्त्र भैंसीको होइन, यो त भैंसीभन्दा कैयौं गुणा लामो र चौडा पशुको हो भन्ने पाइ हाल्छन्, भलै उनीहरूले यो वस्त्र हात्तीको हो भनी बताउन नसकून् ।

तप्तशिलामा जलि रहेका प्राणीहरूसँग वार्ता

धर्मदास जीले प्रश्न गरे– हे परमेश्वर ! हामी हजुरसँग विश्वासघात ग आएका थियौं । हामी नीच आत्माप्रति हजुरलाई फेरि पनि दया लाग्यो । काल ब्रह्म यस भयङ्कर लोकमा हजुरको कसरी र कहिले-कहिले आगमन भयो ?

उत्तरः- (कबीर्देवको) जुन समयमा सृष्टि रचना गरें, काल ब्रह्मले यी आत्मा आकर्षित गर्‍यो । यिनीहरू स्वेच्छाले यसका साथमा यहाँ आएका हुन् । केही सम पश्चात् नै काल ब्रह्मले यिनीहरूलाई तप्तशिलामा तताएर तड्पाउन थाल्यो तथा अ कष्टमय प्राणीहरूको शरीरमा हालेर कष्ट भोग्न विवश पार्न थाल्यो । तब सा आत्माहरू परमेश्वरलाई याद गरी सुखको चाहना गर्न थाले । अनि आफ्ना आत्माहरू कष्ट मैले हेर्न सकिनँ । म पहिलो सत्य युगमा अन्य रूप धारण गरी यस का ब्रह्मको लोकमा आएँ ।

सर्व प्रथम त्यस स्थानमा पुगें, जहाँ प्रतिदिन एक लाख मानव शरीर धा प्राणीहरूको सुक्ष्म शरीरलाई तप्तशिलामा तताएर त्यसबाट निस्केको मयल खान्छ तप्तशिला पत्थरको एउटा टुक्रा हो । यो तावाको आकारको हुन्छ र स्वतः ता रहन्छ । त्यसबेला त्यो तप्तशिलामा एक लाख प्राणी तड्पि रहेका थिए, हाहाका मच्चिएको थियो । मुटु नै कमाउने गरी चिच्याइ रहेका थिए । जस्तो चामलको पकाउँदा सीता छड्किन्छ त्यसैगरी सारा प्राणीहरू त्यस तप्तशिलामा छड्कि रहे थिए । म त्यस तप्तशिला नजिक गएर उभिएँ । मेरो प्रतापले तप्तशिलाको आगो आँच (ताप) ले ती प्राणीहरूलाई प्रभावित गर्न बन्द गर्‍यो । तप्तशिला पहिलेको जस बलि रहेको थियो तर मेरो उपस्थितिले गर्दा आगोको आँच (ताप) ले ती प्राणीहरूला पोलि रहेको थिएन । सारा प्राणीहरू आफूलाई कष्ट रहित ठानेर शान्त भए र त्यहे तप्तशिलामा बसेर मतिर हेर्न थाले । मलाई सोधे– हे परमेश्वर ! यहाँ हामी कु

कर्मको दण्ड भोगी रहेका छौं ? हे प्रभु । हजुरको कृपाले अब हामीलाई कुनै कष्ट छैन । हामी आगोमा बसेर पनि आफूलाई सामान्यभन्दा पनि अधिक सुखी महसुस गरी रहेका छौं । हजुर को हुनु हुन्छ ? के हजुर नै काल ब्रह्म हुनु हुन्छ या उनका कुनै अनुचर ? कृपया हामीलाई सम्पूर्ण भेद बताउनु होस् ।

उत्तर :- (कविर्देवको) मैले ती दुःखी प्राणीहरूलाई भनें– हे जीवात्माहरू । म काल ब्रह्म होइन । म तत् ब्रह्म अर्थात् म त्यो परमात्मा हूँ जसको विषयमा वेदमा पनि भनिएको छ– ती पूर्ण परमात्माको पूर्ण ज्ञान म पनि जान्दिनँ, उनको विषयमा त तत्वदर्शी सन्तले मात्र वास्तविक ज्ञान दिन सक्छन्, उनीसँग सोध । यजुर्वेद अध्याय ४० श्लोक १० तथा १३ मा भनिएको छ– परमात्मा कस्ता छन् ? तथा विद्वान को हुन् ? यो ज्ञान धीराणाम् अर्थात् तत्वदर्शी सन्तले नै बताउने छन्, उनैबाट सुन । यही प्रमाण गीता अध्याय ४ श्लोक ३४ मा लेखिएको छ- तत्वज्ञान तत्वदर्शी सन्तको समीपमा गएर जान, जो परमात्माको विषयमा पूर्ण परिचित छन् । तत्वदर्शी सन्तको पहिचान गीता अध्याय १५ श्लोक १ मा बताइएको छ । जुन श्लोक १ देखि ४ सम्मको विवरणबाट स्पष्ट रूपमा सम्झन सकिन्छ । गीता अध्याय १३ श्लोक २ तथा ११ मा पनि गीता ज्ञानदाता काल ब्रह्मले भनेका छन्- तत्वज्ञान नै वास्तविक ज्ञान हो । यस्तो मेरो मत छ ।

विचारणीय विषय :- वेदहरू तथा गीता ज्ञानदाता काल ब्रह्मले भनेका छन्– मैले दिएको ज्ञान (वेदहरू तथा गीता ज्ञान) पूर्ण छैन । त्यो तत्वज्ञान त तत्वदर्शी सन्तले मात्र जान्दछन् । उनको खोज गरेर आफ्नो कल्याण गराउनु होस् । वेदहरू तथा गीताको ज्ञानको आधारमा भक्ति गर्नेहरूको जन्म-मृत्यु, स्वर्ग-नर्कको चक्र तथा यो तप्तशिलाको कष्ट सदा रहि रहन्छ । तिमीहरू, जुन काल ब्रह्मको विषयमा जान्दछौ, उनी लोकवेदको आधारमा पुरूषोत्तम रूपमा प्रसिद्ध छन् । तर वास्तवमा पुरूषोत्तम त अरू नै छन् । प्रमाण गीता अध्याय १५ श्लोक १६ देखि १८ मा गीता ज्ञानदाता स्वयम् भनि रहेका छन्– उत्तम पुरूषः अर्थात् पुरूषोत्तम त अरू नै छन् । जसलाई परमात्मा भनिन्छ, जसले तीनै लोकमा प्रवेश गरेर सबैको धारण-पोषण गर्दछन्, ती वास्तवमा अविनाशी प्रभु हुन् । (गीता अध्याय १५ श्लोक १७ मा) फेरि गीता अध्याय १५ श्लोक १८ मा आफ्नो विषयमा गीता ज्ञानदाताले भनेका छन्– मलाई त लोक वेदको आधारमा पुरूषोत्तम मान्दछन्, म वास्तवमा पुरूषोत्तम होइन । उनले गीता अध्याय ११ श्लोक ३२ मा भन्दछन्– म काल हूँ, सबैलाई खानका लागि आएको हूँ । गीता अध्याय ११ श्लोक २१ मा अर्जुनले प्रत्यक्ष देखेको विवरण भने– हे भगवान् । तपाई ती ऋषिहरूलाई पनि खाइ रहनु भएको छ, जो वेद मन्त्रहरूद्वारा हजुरको स्तुति गरि रहेका छन् । हजुर देवताहरू तथा सिद्धहरूको समुहलाई पनि खान तयार हुनु हुन्छ, तिनीहरू आफ्नो जीवनको रक्षाका लागि हजुरसँग मङ्गल कामना गरि रहेका छन् । काल भगवानले भने– म सबैलाई खानका लागि प्रवृत्त भएको हूँ ।

हे धर्मदास । त्यस तप्तशिलामा ऋषि, महर्षि तथा अन्य वेद पाठ गर्ने एवम् पढ्ने विद्वानहरू पनि कष्ट उठाइ रहेका थिए । उनी वेदहरूका मन्त्रसँग पनि परिचित थिए । ती सबैले एकै स्वरमा भने– हे पूर्ण परमात्मा । हजुर सत्य भनि रहनु भएको

छ, यो ज्ञान वेदहरूमा लेखिएको छ । (वेदहरूका सार ज्ञान नै गीता जीमा लि छ ।) सत्ययुगमा सम्पूर्ण मनुष्यहरू साधना गर्थे । कसैले श्री विष्णु जी तथा श्री जीको कसैले देवी जीको जुन त्यस समयका गुरुहरूले प्रचलित गरेका थिए । वेदहरू पनि राम्ररी नबुझेका ऋषिहरूद्वारा बताइएको थियो । केही गुरुजन ऋषिजन पनि त्यही तप्तशिलामा कष्ट भोगि रहेको थिए । आ-आफ्नो साधनालाई मानेर स्वयम् पनि गर्ने र आफ्ना अनुयायीहरूबाट पनि गराउनेहरू पनि भन्न थाले परमेश्वर ! हाम्रो भक्ति शास्त्र विरूद्ध थियो । अहिले हजुरको कृपाले हामीलाई भयो । हाम्रो त्यो शास्त्रविरूद्ध साधना कुनै काम लागेन । हामी यहाँ तप्तशि महाकष्ट भोगि रहेका छौं । (यही प्रमाण गीता अध्याय १६ श्लोक २३ मा छ– ज शास्त्रविधि त्यागेर मनोमानी आचरण (पूजा) गर्दछ, तिनलाई न त कुनै सुख हुन्छ त तिनलाई कुनै सिद्धि प्राप्त हुन्छ तथा न तिनको गति अर्थात् मोक्ष हुन्छ अ शास्त्रविधि विरूद्धको भक्ति व्यर्थ छ ।)

तब मैले (कबीर देवले) ती तप्तशिलामा विराजमान प्राणीहरूलाई सृष्टि र सुनाएँ (कृपया पाठकगण सृष्टि रचना यसै पुस्तकको पृष्ठ २०८ मा पढ्नु होस जसबाट उनीहरूलाई कसरी आफ्नै गोडामा बन्चरो हानेर काल ब्रह्मको जालमा फ भन्ने कुराको ज्ञान भयो । ती सारा प्राणीहरूले भने– हे परमेश्वर ! हामीलाई महादु:खदायक काल लोकबाट निकाल्नु होस् । हामीलाई आफ्नो सतलोकमा लै होस् । तब मैले ती प्राणीहरूलाई भने– म तिमीहरूलाई सतलोक लैजान सक्दि किनकि तिमीहरू स्वेच्छाले यस काल ब्रह्मको साथमा आएका थियौ । तिमीहरूको समाप्त भइ सकेको छ । तिमीहरू माथि काल ब्रह्मको ऋण छ । त्यस ऋणबाट मु भएर मात्र तिमीहरू सत्यलोक जान सक्छौ । त्यसको विधि:- जब तिमीहरूले पृथ्वी मानव जन्म प्राप्त गर्‍यौ र म कुनै अर्को भेषमा प्रकट भएर यो तत्वज्ञान बताउन आ वा आफ्नो कुनै अंशलाई पठाऊ, तब तिमीहरूले मेरो सत्य शब्द (सार शब्द) त सारज्ञान अर्थात् तत्वज्ञान ग्रहण गरेर मर्यादामा रही भक्ति गर्नु, अनि तिमीहरू सतल जान सम्भव हुन्छ ।

हे धर्मदास ! मैले (कबिर परमेश्वरले) ती तप्तशिलामा उपस्थित तथा पृ लोकमा वेदका प्रकाण्ड विद्वान रूपमा प्रसिद्ध ऋषिहरूलाई प्रश्न सोधें । प्रश्न (क जीको):- तपाईंहरूले वेदहरू पढ्नु भएको छ । वेदहरूमा प्रभुलाई साकार लेखिएको छ कि निराकार कृपया बताउनु होस् । ती ऋषिहरूले एकै स्वरमा ज दिए– परमात्मा निराकार हुनु हुन्छ । केवल उहाँको प्रकाश मात्र समाधिद्वारा शरी देख्न सकिन्छ । समाधिमा परमात्मा प्रत्यक्ष हुन्छन् । मैले (कबिर परमेश्वरले) मतीहिनहरूसँग सोधे– प्रत्यक्षको तात्पर्य के हो ? उनीहरूले जवाफ दिए– प्रत्यक्ष तात्पर्य समाधिमा परमात्माको साक्षात्कार हुनु । मैले भनें प्रत्यक्ष त साकार वस्तु हुन्छ । जस्तो कसैले कसैलाई पानी ल्याउन भन्यो । उसले पानी ल्याएर राखि दियो त्यो ल्याइएको पदार्थ अर्थात् जल साक्षात् वस्तु हो "पानी" शब्द होइन । कुनै घ देख्यो, अनि समाधि दशामा घडाको साक्षात्कार भयो । यसरी बाहिर भएको साक वस्तुको समाधि दशामा साक्षात्कार हुन्छ । जुन वस्तुको आकार नै छैन, त्यसको साक्ष

हुनु असम्भव छ । यो तपाईंहरूको मिथ्याज्ञान हो । तपाईंहरूलाई कहिल्यै पनि परमात्मा साक्षात्कार हुनु भएन । तपाईंहरू व्यर्थमा महिमा बनाएर अनुयायीहरूलाई भ्रमित तुल्याएर महापापको भागीदार भई यस काल ब्रह्मको लोकमा महाकष्ट भोगि रहनु भएको छ ।

(परमेश्वर कबीर जीले भन्नु भयो) :- हे ऋषिजन ! तपाईंहरूले परमात्मा निराकार छन् केवल उनको प्रकाश मात्र देख्न सकिन्छ भन्नु भयो । हे भोला-भाला प्राणी विचार गर जस्तो कुनै नेत्रहिनले अर्को नेत्रहीनबाट सूर्यको विषयमा मिथ्या ज्ञान प्राप्त गर्‍यो र 'सूर्य' निराकार छ, त्यसको केवल प्रकाश मात्र देख्न सकिन्छ भनि रहेको छ भने त्यस नेत्रहिनसँग सोध– सूर्य बिना प्रकाश कसको देख्यौ ? तपाईं सूर्यलाई निराकार भनि रहनु भएको छ, त्यसको प्रकाश देखिन्छ भनी प्रचार गरि रहनु भएको छ, किन मिथ्या भाषण दिइ रहनु भएको छ ? ठीक यस्तै दशा वेद ज्ञानलाई तत्वपूर्वक जान्ने मिथ्या दावा गर्ने वेद ज्ञानहीन ऋषि तथा महर्षिहरूको छ । तपाईंहरूलाई न वेद ज्ञानको पूर्ण जानकारी छ, न त तपाईंहरूको भक्ति विधि शास्त्रानुकूल छ । तपाईंहरू महादोषका पात्र बन्नु भएको छ, तपाईंहरूलाई घोर नर्कमा हालिने छ । पृथ्वी लोकमा तपाईंलाई एक परमज्ञानी मानेर तपाईंका सयौं शिष्यहरू तपाईंद्वारा बताइएको मिथ्या ज्ञानको प्रचार गरेर लाखौं सोझा-साझा आत्माहरूलाई कालको जालमा फँसाई रहेका छन् । तपाईंहरूलाई ऋषि तथा महर्षि मानेर तपाईंहरूको मूर्ति स्थापित गरिने छ । केही धूर्त व्यक्तिले त्यहाँ मन्दिर बनाएर आफ्नो स्वार्थ सिद्ध गर्नेछन् । यी सारा दोष पनि कैयौं वर्षसम्म तपाईंहरूलाई प्राप्त भइ रहन्छ । सोझा-साझा जनताहरूले तपाईंहरू जस्ता अज्ञानीहरूलाई महर्षि ठानेर तपाईंहरूका नामको कैयौं संस्था चलाउने छन् तथा तपाईंहरूले रचेका आफ्ना अनुभवका पुस्तकहरू सोझा-साझा जनताहरूलाई बेचेर धन कमाएर आफ्नो परिवारको पोषण गर्नेछन् तथा मोज-मस्तीमा त्यो धन खर्च गर्ने छन् । तपाईंहरूले रचना गरेको वेदज्ञान विरूद्धका पुस्तकहरूद्वारा लाखौं व्यक्तिहरू व्यर्थ ज्ञान ग्रहण गरी नर्कमा जाने छन् । यी सारा दोषहरू पनि तपाईंहरूकै टाउकोमा राखिने छ । ती भोला-भाला प्राणीहरू पृथ्वीमा तपाईंहरूको जय-जयकार गरि रहेका हुने छन् तथा तपाईंहरू त्यस घोर नर्कमा चित्कार गरि रहेका हुने छौ । महाकष्टका कारण चिच्याइ चिच्याइ रोइ रहेको हुने छौ । अनि पृथ्वी लोकमा बनेको तपाईंहरूको महिमा के काम लाग्यो त ?

हे धर्मदास । मेरो यस तत्वज्ञान रूपी तीतो सत्यसँग परिचित भएपछि ती नक्कली गुरू एवम् ऋषि-महर्षिहरू आफ्ना कूकृत्य थाहा पाएर भयले काम्न थाले किनकि त्यहाँ उनीहरूले हातहातै प्रमाण पाइ रहेका थिए । मैले उनीहरूसँग भने– यदि यो सच्चाइ मैले या मैले पठाएको मेरो अंशले तपाईंहरूलाई तथा पृथ्वीमा तपाईंका यी शिष्यहरू समक्ष भनेको भए तपाईंहरू तथा तपाईंहरूा शिष्यहरू मलाई वा मेरो अंश सन्तलाई कुट्न दौडने थिए वा हामीलाई सन्त तथा ऋषिहरूको निन्दक भनेर जनताको माझमा बदनाम गर्ने थियौ हाम्रो एउटा कुरा पनि सुन्ने थिएनौ । सारा नक्कली ऋषि-महर्षिहरू, गुरू तथा उनका साथमा उपस्थित तिनका अनुयायीहरूले एकै स्वरमा भने– हजुर । सत्य भनि रहेको हुनु हुन्छ, त्यहाँ त हामी आफ्ना ज्ञानलाई सर्वोच्च मानि रहेका थियौं । हे परमेश्वर । हजुरले आँखा खोलि दिनु भयो ।

परमेश्वर कबीर देवले भन्नु भयो– हे धर्मदास । मैले ती नक्कली महर्षि भने– तपाईंहरूले वेदमा परमेश्वरलाई निराकार भनिएको छ भन्यौ, तपाईंहरूको पनि मिथ्या छ किनकि वेदहरूले मेरो विषयमा भनेका छन् कि परमेश्वर सशरीर हुन्छ, उनै परमात्मा अन्य शरीर धारण गरेर अतिथि जसरी केही समय यस ब्रह्मको लोकमा आउनु हुन्छ । त्यसबेला अज्ञानरूपी निन्द्रामा सुतेका प्राणीहरू तत्वज्ञान प्रदान गर्नु हुन्छ ।

प्रमाण :- यजुर्वेद अध्याय ५ श्लोक १ मा, अध्याय १ श्लोक १५ मा ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र १७ देखि २० सम्ममा पनि छ ।

(परमेश्वर कबीर जी तप्तशिलामा भएको वार्ताद्वारा आफ्ना प्रिय आत्मा धर्मदास जीलाई पनि तत्वज्ञानसँग परिचित गराइ रहनु भएको थियो । यही तत्व अमृतवाणी धर्मदास जीले लिपीबद्ध गरे, जुन पाँचौं वेद अर्थात् कबीर सागर प्रसिद्ध छ ।)

परमेश्वर कबीर जीले भन्नु भयो– हे धर्मदास । मैले बताएका वेदका म सुन्नासाथ ती नक्कली ऋषिहरूलाई सम्झना आयो र भन्न थाले– हजुर सत्य रहनु भएको छ मालिक । वेदहरूमा यस्तै लेखेको छ । हामी पढ्थ्यौं तर हाम्रो काल ब्रह्मले बाँधेर राखेका थिए । हामीले बुझ्न सकेनौं । केवल लोकवेद (वे विरूद्धको सुनी-सुनाएको ज्ञान) नै सुनाउने गर्थ्यौं । {गीता अध्याय १० श्लोक ९ ११ मा प्रमाण छ । जसमा भनिएको छ- जो म काल ब्रह्ममा नै आश्रित छ, ति म यस्तो ज्ञान दिन्छु । तिनीहरू आपसमा विचार गरेर मेरै नै गुणहरूको ज्ञान गराउने गरि रहन्छन् । जसकारण ती ममा नै रमण गरि रहन्छन् । ती ममा नै अ श्रद्धालुहरूलाई म (काल ब्रह्म) त्यो ज्ञान दिन्छु, जसले उनीहरूले मलाई नै प्राप्त अर्थात् काल जालमा नै रहन्छन् । तिनीहरू माथि अनुग्रह गर्नका लागि म स्व तिनीहरूलाई यो ज्ञान दिन्छु, जसबाट तिनीहरूले मलाई नै प्राप्त गर्दछन् ।}

(कबीर सागर बाट वाणी) कबीर जी को जीवहरूसँगको संवाद :-

बहु विधि जीवन कीन्ह पुकारा, काल देत है कष्ट अपारा ॥
यम का कष्ट सहा नहीं जाई, हे सतगुरू होहुँ सहाई ॥
आए जहाँ यम जीव सतावै, काल निरंजन जीव नचावै ॥
चटक-पटक करे जीव तहँ भाई, ठाढे भया पुनि तहाँ मैं जाई ॥
मोहि देख जीव कीन्ह पुकारा, हे साहिब हमों लेहु उबारा ॥
तब हम सत्य शब्द गुहरावा, पुरूष शबद से जीव तपत बुझावा ॥
यम ते छुड़ाव लेव तुम स्वामी, दया करो प्रभु अन्तर यामि ॥

भावार्थ :- उपरोक्त वाणीमा तप्तशिलामा कष्ट भोगि रहेका प्राणीहरूले शक्तिसँग कष्ट निवारणका लागि प्रार्थना गरे, तब म (कबीर परमेश्वर) त्यस तप्तशि नजिक प्रकट भएँ । आफ्नो शक्तिले तप्तशिलाको ताप शान्त पारें । सम्पूर्ण प्राणी तत्वज्ञानसँग परिचित भई म (कबीर परमेश्वर) सँग कालको जालबाट निकाल्न प्रार्थ गरे ।

तब मैं कहाँ जीवन समझाई, जोर करूँ तो वचन नसाई ।

भावार्थ :- कबीर परमेश्वर जी भन्नु हुन्छ– तब मैले ती प्राणीहरूलाई भने- म बलपूर्वक तिमीहरूलाई कालबाट छुटाउन सक्छु तर मैले यसलाई म बलपूर्वक जीवहरूलाई लैजान्न भनेर वचन दिएको छु किनकि मैले नै तिमीहरूको इच्छाले काल लोकमा आउने आज्ञा दिएको हूँ र तिमीहरूले यहाँ (सतलोकमा) स्वेच्छाले आउने प्रार्थना गऱ्यौ भने मात्र तिमीहरूलाई भक्ति शक्तियुक्त बनाएर सतलोकमा ल्याउने छु भनेको थिएँ ।

जब तुम जाय धरो जग देहा, तब तुम करिहौ शब्द स्नेहा ॥
पुरूष नाम सुमिरन सहिदाना, बीरा सार गहो प्रवाना ॥
देह धरो सत्य शब्द समाई, तब हम सतलोक ले जाई ॥
जहाँ आशा तहाँ बासा होई, मन कर्म वचन सुमिरै जोई ॥

भावार्थ :- परमेश्वर कबीर जी भन्नु हुन्छ- हे प्राणीहरू । जब तिमीहरूले संसारमा मानव शरीर प्राप्त गर्ने छौ, मेरो पूर्ण सन्तबाट सम्पूर्ण मन्त्र (सतनाम तथा सारशब्द) प्राप्त गरेर साँचो मनले भक्ति गर्नु । तिमीले मानव शरीर प्राप्त गरेर सत्य साधना (तीनवटै मन्त्र ओम, तत् सत्) अन्तिम स्वाससम्म गऱ्यौ भने म तिमीहरूलाई सतलोक लैजान्छु । तिमीहरूले अनन्य मन एवम् मन, वचन तथा कर्मले (कबीर परमेश्वर) मा साँचो लगन लगाउनु त्यो सच्चा आशा, जुन सतलोक जानका लागि गरिन्छ, त्यसैको आधारमा तिमीहरूले सतलोकमा निवास गर्ने छौ किनकि साधकको जहाँ जाने सच्चा लगन हुन्छ, अन्तिम समयमा त्यही प्रभुलाई प्राप्त गर्दछ ।

॥ चौपाई ॥

कहे जीव सुन पुरूष पूराना, देह धरी बिसरो नहीं ज्ञाना ॥
पुरूष जानि सुमिरा जमराई, बेद पूरान कहे समुझाई ॥
बेद पूरान कहे मति येहा, निराकार से किजै नेहा ॥
सुर नर मुनिजन तैंतीस करोड़ि, बंधे सब निरंजन डोरि ॥
ताके मते कीन्ह हम आशा, अब मोहि चीन्ह परा यम फांसा ॥

भावार्थ :- सारा प्राणीहरूले भने– हे आदि पुरूष परमेश्वर । जुन समयमा मानव शरीर प्राप्त हुने छ, हजुरको यस तत्वज्ञानलाई बिर्सने छैनौं । हामीले त काल ब्रह्म (क्षर पुरूष) लाई परमेश्वर मानेर पूजा गरेका थियौं । वेदहरूलाई जे जसरी बुझ्यौ त्यही लोकवेदको आधारले तथा पुराणहरूको ज्ञानको आधारले पूर्ण परमात्मा ठानेर कालको पूजा गरेका हौं । हे परमेश्वर । हामी मात्र होइनौं, तेत्तीस कोटी देवताहरू, अठ्ठासी हजार ऋषि आदि तथा अन्य सम्पूर्ण साधकहरू पनि काल ब्रह्मलाई नै पूर्ण परमात्मा जानेर साधना गरी काल ब्रह्मको नै डोरीले बाँधिएका छन् अर्थात् ती सबै पनि कालमा नै छन् । जन्म-मृत्युको कुचक्र उनीहरूमाथि पनि सदा चलि रहने छ ।

सुनो जीव यह छल यम केरा, यह यम फंदा कीन्ह घनेरा ॥

॥ छन्द ॥

काल कला अनेक कीन्हो, जीव कारण ठाट हो ।
बेद शास्त्रा पूरान स्मृति, अन्त रोकै बाट हो ॥
सोरठा-जीव पड़े बस कालके, काल कराल प्रचण्ड ।
सतनाम चिन्हे बिना, जन्म जन्म भव दण्ड ॥

भावार्थ :- कबीर परमेश्वरले भन्नु भयो– हे प्राणीहरू । यो सारा छल ब्रह्मले तिमीहरू सारा प्राणीहरूलाई आफ्नो जालमा फँसाएर राख्नका लागि गरेक चारै वेदहरू (ऋग्वेद, यजुर्वेद, सामवेद तथा अथर्ववेद) का ज्ञान अधुरो छ किनी ज्ञान तत्वदर्शी सन्तले बताउने छन् । जुन पूर्ण मोक्ष दायक छ । पुराणहरू, अन्य तथा ६ शास्त्रहरूको ज्ञान ती देवता तथा ऋषिहरूको अनुभव हो, जो स्वय ज्ञानसँग परिचित छैनन् । त्यसैले तत्वज्ञानको आधारले सतनामको सुमिरणले मोक्ष सम्भव छ अन्यथा जन्म-मरणको कष्ट सदा रहि रहन्छ ।

"परमेश्वर कबीर जीसँग काल ब्रह्मले विवाद गर्नु"

हे धर्मदास । काल ब्रह्म आहारका लागि तप्तशिला तर्फ आयो । तब मै प्राणीहरूलाई भने– हेर ऊ आउँदै छ, काल ब्रह्म साकार छ, जसलाई ति निराकार भन्ने गर्थ्यौं । तेजोमय शरीर सानो निधार, लामा दाँत र डरलाग्दो छ । हे प्राणीहरू । अब तिमीहरू जाऊ । यति भन्नासाथ तप्तशिलामा उपस्थित प्राणीहरू आकाशमा उडेर धर्मराजको दरबारमा आए । त्यहाँबाट कर्मको आधारमा नर्क वा कुनै प्राणीको शरीरमा पठाइन्छ ।

हे धर्मदास । काल ब्रह्म (ज्योति निरंजन) तप्तशिलाको नजिक आ उसको मेरो स्वरूप मेरो पुत्र योगसन्तायन उर्फ योगजितको जस्तो देख्यो । जुन मैले काल ब्रह्मलाई सतलोकबाट निष्काशित गरेको थिएँ । उसले मलाई योगजित क्रोधित भएर भन्यो– हे योगजित । यहाँ मेरो लोकमा मेरा आज्ञा बिना किन आइ आज म तँलाई मार्छु । तेरो जीवन लिला समाप्त गरि दिन्छु । तैंले मलाई सतलो घोक्राएर निकालेको थिइस् । मैले सतलोकबाट ननिकाल्न तँलाई धेरै विनय गरेको तर तैंले एक सुनिनस् । के तँ पिता जीको (सत्यपुरूषको) कुनै सन्देश आदेश आएको हो भने त्यो मलाई भन् र त्यसपछि युद्धका लागि तयार हो । (मलाई थाहा सकेको थियो कि उसले मलाई योगजित सम्झि रहेको छ, त्यसैले मैले योगजि भूमिका गर्दै भने) मैले भनैं– हे काल निरंजन । मलाई पिता जी अर्थात् सत्यपु पठाउनु भएको हो । तेरो लोकमा सम्पूर्ण आत्माहरू महाकष्ट भोगि रहेछन् । उनीह पुकार परमेश्वरले सुनि सक्नु भएको छ । अब म तेरो तलको ब्रह्माण्डमा जान्छु । बताएको लोकवेद (व्यर्थज्ञान) को पर्दाफास गर्छु तथा तत्वज्ञानद्वारा सम्पूर्ण प्राणीहरू पूर्ण परमात्माको ज्ञानसँग परिचित गराएर सत्य साधना प्राप्त गराउँछु । जसबाट स मानव शरीरधारी प्राणीहरू सत्य साधना गरेर आफ्नो पूर्व स्थान सतलोक जाने छन् ।

हे धर्मदास । मेरो कुरा सुनेर काल ब्रह्म अत्यन्त क्रोधित भयो र मलाई सम गर्ने उद्देश्यले ममाथि आक्रमण गर्‍यो । मैले सतनामको सुमिरण गरैं, जसको प्रभा काल ब्रह्म तल पाताल लोकमा झर्‍यो । भयभित भएर काम्न थाल्यो । त्यसको स्थि प्वाँख काटिएको पंक्षीको जस्तै भयो, जुन झरेको स्थानमा फटफटाइ रहन्छ तर उ सक्दैन । म पनि उसँगै पाताल लोकमा पुगें । काल ब्रह्मले योगजितसँग शक्तिशा सिद्धि छ, यसलाई म मार्न सक्दिन भन्ने कुरा थाहा पायो । तब उस (काल ब्रह्म) आफ्नो स्वार्थ सिद्ध गर्ने अर्को युक्ति सोच्यो । उसले भन्यो– हे योगजित । तपाई मे ठूला दाजु हुनु हुन्छ, म तपाईंको सानो भाइ हूँ । सानोले त उत्पात मचाउने गर्छ

बूलोको बडप्पन क्षमा गर्नुमा नै हुन्छ । मलाई क्षमा गर्नु होस् । यसो भन्दै काल ब्रह्म घिस्रदै मेरो अति निकटमा आयो र मेरो चरण समातेर अनुनय विनय गर्न थाल्यो । म उसलाई लिएर फेरि एक्काईसौं ब्रह्माण्डमा तप्तशिला नजिक आएँ । मैले भनें हे काल निरंजन ! मैले तलाई क्षमा गरें, मेरो गोडा छोड म तलका लोकहरूमा जानु छ र सम्पूर्ण आत्माहरूलाई तेरो जालबाट मुक्त गराउनु छ ।

काल ब्रह्म (ज्योति निरंजन) ले भन्यो– हे बूल्दाजु ! म हजुरलाई पिता तुल्य मान्दछु । हजुर मलाई केही बरदान दिनु होस् । जसकारणले मेरो लोकका केही त्रुटिहरू समाप्त होऊन् । त्यसपछि हजुर तलको लोकमा जानु होला । मैले के माग्छस् माग् भने । ब्रह्म कालले हजुर वचनबद्ध हुनु होस् अनि माग्छु भन्यो । मैले म वचनबद्ध हुन्छु के माग्छस् माग भनें ।

काल ब्रह्मले भन्यो– (१) तीनै युगहरू (सत्य, त्रेता, द्वापर) मा थोरै जीव लैजानु होला । चौथो युग कलियुगमा हजुरले अधिक जीवहरूलाई मुक्त गराउनु होला । पिता जीले मलाई एक लाख मानव शरीरधारी प्राणी नित्य खाने श्राप दिनु भएको छ । यदि हजुरले सारा जीवहरू एउटै युगमा लैजानु भयो भने म त भोकै मर्ने छु । (२) म हजुरको रूप धारण गर्न सकूँ (३) जुन आत्माले हजुरको ज्ञानलाई बुझेर हजुरको भक्ति मार्ग ग्रहण गरेर आजीवन साधना गर्छ, त्यो हजुरको लोकमा जाओस् । जुन आत्माको नाम खण्ड हुन्छ अर्थात् त्यसले हजुरको भक्तिमार्ग त्यागेर मेरो भक्ति गर्न थाल्यो वा हजुरको मार्गलाई स्वीकार नै गरेन भने ती सम्पूर्ण प्राणीहरू मेरै लोकमा रहून (४) त्रेता युगमा मेरो अंश विष्णु अवतार रामचन्द्रलाई समुन्द्रमा पुल बनाउन सहयोग गर्नु होला । (५) द्वापरमा मेरो अंश कृष्ण रूपमा जाने छ । उसले जगन्नाथको नामबाट एउटा मन्दिर बनाउन चाहने छ तर समुन्द्रले त्यस मन्दिरलाई भत्काउने छ । हजुरले समुद्रबाट त्यस मन्दिरको रक्षा गर्नु होला । उपरोक्त वर मलाई प्रदान गरेर हजुर तल जानु होस् तथा पिता जीका आज्ञा पालन गर्नु होस् । मैले काल ब्रह्मसँग भने– हे ज्योति निरंजन ! तिमीले मागेका उपरोक्त वरहरू मैले तिमीलाई दिएँ । (तथाअस्तु)

हे धर्मदास ! त्यस स्वार्थीले तत्काल मेरो गोडाहरू छोड्यो र भन्यो– हे जोगजित ! तपाई कुन नाम जापले भक्ति गराउनु हुन्छ ? त्यो मलाई बताउनु होस् ताकि म ती आत्माहरूलाई सतलोक जान दिऊँ । जोसँग हजुरको मन्त्र जाप हुन्छ, म त्यसलाई छोडि दिन्छु । हे धर्मदास ! कालले मसँग छल गर्न खोज्यो । सत्यनाम वा सारनाम थाहा पाएर उसले आफ्ना दूतहरू (सन्देश वाहक गुरुहरू) लाई बताउने थियो । उनीहरूले बताएको यस सारनामबाट साधकलाई कुनै लाभ प्राप्त हुने थिएन अनि जब म वा मेरो अंश यही मन्त्र जापका लागि दिंदा सारा प्राणीहरूले यो त हाम्रा गुरुदेवले जाप मन्त्र दिनु भएको छ, तपाईले के नयाँ कुरा भन्नु भएको हो र ? भन्ने थिए । हे धर्मदास ! यो महाधोका हुने थियो । त्यसैले मैले कालब्रह्मसँग भने– मैले तेरो चाल थाहा पाइ सकेको छु । म तँलाई त्यो सारनाम तथा सारज्ञान (तत्वज्ञान) बताउँदिन । जुन प्राणीसँग मैले बताएको सारनाम हुने छ, उसको नजिक पनि तँ जान सक्ने छैनस् । उसलाई तँ रोक्न सक्ने छैनस् । उसले तेरो शिरमा पैतालाले टेकेर त्यस सारनामको भक्तिको शक्तिले सत्यलोक जाने छ ।

हे धर्मदास । तब काल ब्रह्मले हाँस्दै भन्यो– हे सहज दास । (हे धर्मदास
काल ब्रह्मलाई म भिन्न भिन्न रूपमा आफ्ना पुत्रहरू देखाइ रहेको थिएँ । ऊ कुनै बे
मलाई योगजित ठान्दथ्यो, कुनै बेला उसलाई लाग्थ्यो सायद यो सहजदास हो । कहि
लाग्थ्यो यो ज्ञानी हो । यी सबै नाम ती १६ पुत्रहरूका हुन् जो सतलोक सृष्टि
आदिमा वचन शक्तिले उत्पन्न गरेको थिएँ । कृपया सृष्टि रचनामा पढ्नु होस् ।) त
**तल संसारमा जानु होस्, मैले सारा जीवहरूलाई लोकवेदमा आधारित तुल्याएको छु
मैले आफ्ना ऋषि-महर्षिहरूलाई शास्त्रहरू (वेदहरू) का विपरीत ज्ञान प्रदान गरेको छु
उनीहरू हामी वेदहरू अनुसार ज्ञान बताइ रहेका छौं भन्छन् तर तिनका लोक
शास्त्रहरूको ज्ञानको विपरीत छन् । ती ऋषिहरूलाई महाज्ञानी ठानेर अन्य प्रजा तिनै
ज्ञानमा अति दृढ भएर लागेका छन् । उनीहरू भन्छन्– पूर्ण परमात्माको भक्ति गर
उहाँ नै मोक्ष दायक हुनु हुन्छ तर साधना विधि मेरो (काल ब्रह्म) जालमा फँसी र
मात्र बताउँछन् । जसकारणले सम्पूर्ण साधकहरू तथा ऋषिजन मेरै फन्दामा उ
रहन्छन् । कलियुगमा कैयौं धर्म बनाइ दिन्छु । ती आपसमा झगडा गरी रहन्छन्,
रहन्छन् । अन्य कुनै सन्त वा गुरूको ज्ञानलाई स्वीकार गर्ने छैनन् । कलियुगमा उ
भूतको पूजा, भैरब काली, आदिको पूजा, देवी तथा अन्य देवताहरूको पूजा एवं त
व्रत आदि गर्नुमा नै सम्पूर्ण प्रजाहरूले आफ्नो मोक्ष ठान्ने छन् । मन्दिर पूजा, सम
पूजा, मूर्ति पूजा वा मृत्यु प्राप्त भएका गुरूहरूको धामहरूको पूजा तथा पितृ पू
(श्राद्ध-पिण्ड दान गर्नु) मानै सम्पूर्ण साधकहरूलाई दृढतापूर्वक लगाइ दिन्छु । श्री वि
अवतार राम, कृष्ण तथा श्री शिव जीलाई पूर्ण परमात्मा मानेर उनै तीन गुण
(रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव जी) पूजामा नै आफ्नो कल्याण सम्
छन् । यी तीन मध्ये विशेष गरी विष्णु तथा शिवलाई सर्वेश्वर, महेश्वर, अजर अ
छन्, यिनका कोही माता-पिता छैनन्, यिनै पूजा योग्य छन्, यीभन्दा अर्को कुनै
पूज्य छैनन् भन्ने जस्ता ज्ञानप्रतिं सम्पूर्ण हिन्दू समाजलाई कलियुगमा आश्रित तुल्
दिइने छ ।**

**जतिखेर तपाईं वा तपाईंका सन्देशवाहक कलियुगमा सारज्ञान अर्थात् तत्वज्
प्रदान गर्न चाहने छ, ती उपरोक्त साधनाहरूलाई व्यर्थ बताउने छ तथा विष्णु
शिवभन्दा माथि कुनै अन्य परमेश्वर छन् भनी परमेश्वरको ज्ञान बताउँदा तपाईं
तपाईंका अंश (सन्त) को कुरा कसैले सुन्ने छैन । यसका विपरीत निन्दाको प
कहलाउनु हुने छ तथा मेरा सन्तहरू (दूतहरू) ले तपाईंसँग झगडा पनि गर्ने छन्
प्रजालाई तपाईंको विरोधी बनाएर तपाईंका शत्रु बनाइ दिने छन् । तपाईं मैले रचे
चक्रव्यूहलाई तोड्न सक्नु हुने छैन । खाली हात फर्कनु पर्ने छ । अनि सुन् स
दास । तँ परमेश्वरको नामले एउटा पन्थ चलाउने छस्, म नक्कली परमेश्वरको
पन्थ जस्तो १२ पन्थ चलाउँछु । ती १२ पन्थहरूमा मैले पठाएका दूतहरूबाट ज
नाम उपदेश लिने छन्, तिनीहरूले महिमा त तपाईंको ज्ञान अनुसार (कबीर सागर त
अन्य सन्तद्वारा बोलिएका मिल्दा-जुल्दा वाणी अनुसार) बताउने छन् तर गलत न
प्रदान गर्ने छन् । जसले गर्दा ती मेरै जालमा रहने छन् । यसरी म सम्
जीवहरूलाई भ्रमित तुल्याएर मुक्त हुन दिन्न ।**

उपरोक्त उल्लेख निम्न वाणीहरूको सारांश हो ।

॥ कबीर वचन ॥

चौपाई = धर्मदास जो पूछो मोहि, युग-२ कथा कहो मैं तोहि ।
जबही पुरूष आज्ञा कीन्हा, जीवन काज पृथ्वी पग दीन्हा ॥
करि प्रणाम तबही पगुधारा, पहुंचे जाय धर्म दरबारा ।
प्रथम चले जीव के काजा, पुरूष प्रताप शीश पर छाजा ॥
आवत मिले धर्म अन्याई, तिन पुनि हम से रार बढ़ाई ।
मो कुँ देख धर्म ठीग आवा, महा क्रोध बोले अतुरावा ॥

॥ काल ब्रह्म वचन ॥

योग जीत इहवां कस आवो, सो तुम हमसो वचन सुनाओ ।
कै तुम हमको मारन आओ, पुरूष वचन सो मोहि सुनाओ ॥

॥ कबीर वचन ॥

तासो कहयो सुनो धर्मराई, जीव काज संसार सिंधाई ।
जीवन कह तुम बहुत भुलावा, बार-बार जीवन सतावा ॥
पुरूष भेद तुम गुप्त राखा, अपनी महिमा प्रकट भाखा ।
तपत शिला पर जीव जरावहु, जारि वारि निजस्वाद करावहु ॥
तुम अस कष्ट जीवन कहै दीन्हा, ताते पुरूष मोहि आज्ञा दीन्हा ।
जीव चिताय लोक ले जाऊँ, काल कष्ट से जीव बचाऊँ ॥
ताते हम संसार ही जायब, दे प्रवाना लोक पठायब ।
यह सुनी काल भयंकर भयऊ, हम कह त्रास दिखान लयऊ ॥

॥ धर्मराय (काल ब्रह्म) वचन ॥

सत्तर-२ युग हम सेवा कीन्ही, राज बड़ाई पुरूष मोहि दीन्ही ।
फिर चौसठ युग सेवा ठयऊ, अष्ट खंड पुरूष महि दयऊ ॥
तब तुम मारि निकारे मोहि, जोगजीत नहीं छोडु तोहि ।

॥सतगुरु कबीर वचन ॥

तब हम कहयो सुनो धर्मराया, हम तुम्हरे डर नहीं डराया ।
हम कंह तेज पुरूष बल आही, अरे काल तव डर मोहि नाहि ॥
पुरूष प्रताप सुमिरा तिहि बारा, शब्द अंगते कालहि सारा ।
ततक्षण दृष्टि ताहि पर हेरा, श्याम ललाट भयो तिहि केरा ॥
पंख घात जस होय पखेरू, ऐसे काल महि पर हेरू ।
करे क्रोध कछु नाहीं बसाई, तब पुनि परेऊ चरणन तर आई ॥

॥निरंजन (काल ब्रह्म) वचन ॥

कह निरंजन सुनो ज्ञानी, करो विनती तोहि सो ।
जान बंधु विरोध किन्हो, घाट भई अब मोहि सो ॥
पुरूष सम अब तोहि जानो, नहीं दूजी भावना ।
तुम बड़े सर्वज्ञ साहिब, क्षमा छत्र तनावना ॥
तुम हुँ करो बखसीश, पुरूष दीन्ह जस राज हम ।

षोढ़स में तुम ईश, ज्ञानी पुरुष सो एक सम ॥

॥ चौपाई ॥

धर्मराय अस विनती ठानी, मैं सेवक द्वितिय नहीं जानी ।
दयावंत तुम साहिब दाता, एतिक कृपा करो हे ताता ।
पुरूष शाप मो कंह अस दीन्हा, लख जीव नित ग्रासन कीनहा ॥
जो जीव सकल लोक तुम आवे, तो कैसे क्षुद्या मोरि बुतावे ।
ज्ञानी विनती एक हमारा, सो न करहुँ जिहि मोर बिगाड़ा ॥
पुरूष दीन्ह जस मो कहँ राजू, तुम भी देहु तो होय काजु ।
अब हम वचन तुम्हारा मानी, लीजो हंसा हम सो ज्ञानी ॥
विनती एक करो तो सो ताता, वचन बंध मानो हमरी बाता ।
सतयुग त्रेता द्वापर माही, तीनों युग जीव थोड़े जाही । ।
चौथा युग जब कलियुग आवै, तब-त्व शरण जीव बहु जावै ।
ऐसा वचन हरि मोहि दीजै, तब संसार गमन तुम कीजै । ।

॥ कबीर वचन ॥

विनती तोर लीन्ह मैं जानी, मोकह ठगे काल अभिमानी ।
जस विनती तू मो संग कीन्ही, सो अब बकस तोहि मै दीन्ही ॥
चौथा युग जब कलियुग आवै, तब हम अपना अंश पठावैं ।
जिहि परवाना देह है, सत्यशब्द दे हाथ ।
सो जीव यम नहिं पाय है, सदा ताहि हम साथ ॥

॥ निरंजन (काल) वचन ॥

संधि छाप मोहि दीजे ज्ञानी, जस देहो हंस हि सहिदानी ॥
जो जीव मोकहु संधि बतावे, ताके निकट काल नहीं आवै ॥
नाम निशानी मो कह दीजे, हे साहिब यह दाया कीजै ॥

॥ सतगुरू कबीर वचन ॥

जो तोहि देहुं संधि लखाई, जीवन काज होई हो दुख दाई ।
तव परपंच ज्ञान हम पावा, काल चलै नहीं तुम्हारा दावा ।
धर्मराय तोहि प्रकट भाखा, गुप्त अंक बीड़ा हम राखा ।
जो कोई लैह नाम हमारा, ताहि छोड़ तुम होहु नियारा ।
जो तुम हंस ही रोको जाई, तो तुम काल रहन नहीं पाई ॥

॥ धर्मराय (काल ब्रह्म) वचन ॥

हे साहिब तुम पंथ चलाओ, जीव उबार लोक ले जाऊँ ।
पंथ एक तुम आप चलओ, जीवन लै सतलोक पठाओ ॥
द्वादस पंथ करो मै साजा, नाम तुम्हारा ले करो अवाजा ।
द्वादस यम संसार पठहो, नाम तुम्हारे पंथ चलैहो ॥
प्रथम दूत मम प्रगटे जाई, पीछे अंश तुम्हारा आई ॥
यही विधि जीवनको भ्रमाऊं, पुरूष नाम जीवन समझाऊं ॥
द्वादस पंथ नाम जो लैहे, सो हमरे मुख आन समै है ॥

कहा तुम्हारा जीव नहीं माने, हमारी ओर होय बाद बखानै ॥
और अनेक पंथ चलाऊं, वासे भ्रमित ज्ञान फैलाऊं ॥
मैं दृढ़ फंदा रची बनाई, जामें जीव रहे उरझाई ॥
देवल देव पाषान पूजाई, तीर्थ व्रत जप-तप मन लाई ॥
यज्ञ होम अरु नेम अचारा, और अनेक फंद में डारा ॥
जो ज्ञानी जेहो संसारा, जीव न मानै कहा तुम्हारा ॥

(सतगुरू कबीर वचन)

ज्ञानी कहे सुनो अन्याई, काटों फंद जीवं ले जाई ।।
जेतिक फंद तुम रचे विचारी, तत्व ज्ञान तै सबै बिंडारी ॥
जौन जीव हम शब्द दृढावै, फंद तुम्हारा सकल मुकावै ॥
निश्चय कर प्रवाना पाई, पुरूष नाम तिहि देऊं चिन्हाई ॥
ताके निकट काल नहीं आवै, संधि देखी ताकहं सिर नावै ॥

॥ छन्द ॥

जो मेटि डारों तोहि को, अब पलटि कला दिखलाऊँ ।
लै जीव बंद छोड़ाय यम सो, अमर लोक सिधावऊँ ॥
यह सोच चित्त कीन्हेऊं, पुरूष वचन अस नाही ।
सत्य शब्द दृढ़ जो गहे, ले पहुचाऊँ ताहि ॥

॥ धर्मराय (काल ब्रह्म) वचन ॥

कह धर्मराय जाओ संसारा, आनहु जीव नाम आधारा ।
जो हंसा तुमरो गुण गाई, ताहि निकट तो हम नही आई ।
जो कोई जै है शरण तुम्हारा, हम सिर पग दै होवे पारा ।
हमतो तुम संग किन्ही ढिठाई, पिता जान कीन्ही लरिकाई ।
कोटिन अवगुन बालक करई, पिता एक हृदय नहीं धरई ।
जो पितु बालक देही निकारी, तब को रक्षा करै हमारी ।

॥ ज्ञानी वचन (कबीर वचन) ॥

धर्मराय उठ शीश निवायो, तब हम संसार सिधायो ।
जब हम देखा धर्म सकाना, तब तहवां से क़ीन्ह पयाना ।
कह कबीर सुनि धर्मनिनागर, तब मैं चली आयऊ भौसागर ।
आये चतुरानन के पासा, तासो कीन्हा शब्द प्रकाशा ।
वाको मैं अपना नाम जनाया, अग्नि ऋषि नाम बताया ।
ब्रह्मा चित्त दै सुनवे लीन्हा, पूछो बहुत पुरुष का चिन्हा ।
ब्रह्मा मोहे सतगुरु कह टेरा, अग्नि ज्ञान अद्वित है तेरा ।
प्रथम मन्त्र ब्रह्मा लीन्हा, तब वहां ते गवन मैं किन्हा ।
तब ही निरंजन कीन्ही उपाई, ज्येष्ठ पुत्र ब्रह्मा मोर जाई ।
निरंजन मन घट आन विराजे, ब्रह्मा बुद्धि फेरि उपराजे ॥

हे धर्मदास । काल ब्रह्मको उपरोक्त कुरा सुनेर मैले भनैं– हे ज्योति निरंजन । तँ महापापी होस्, तैंले भोला-भाला आत्माहरुसँग महाधोका गरि रहेको छस् । म तेरा

सम्पूर्ण दाउ व्यर्थ गरि दिन्छु । म कलियुगमा प्रकट भएपछि ज्ञान त प्रचार गरेर नै तर सारनाम वा सारज्ञान गुप्त रूपमा राख्छु । त्यो सारज्ञान तथा सारना दिएको ज्ञान (पाँचौं वेद) मा नै हुन्छ तर ती १२ पन्थ (जुन कबीर नामक कहलिने छ वा तँ द्वारा प्रेरित अन्य पन्थ) ले त्यो ज्ञान तथा सारनाम बुझ्न छैन । १२ औं पन्थ (गरीबदास पन्थ) मा मेरो महिमाको वाणी प्रकट हुने छ औं पन्थ (गरीबदास पन्थ) सहित सबै पन्थहरूका अनुयायीहरूसँग सारज्ञान वा हुने छैन । जसकारणले ती १२ औं पन्थहरूका अनुयायीहरू असंख्य जन्मसम्म सत्यलोक जान सक्ने छैनन् किनकि ती अभिमानी हुने छन् । मैले पठाएको वंश को कुरा मान्ने छैनन् । अनि १२ औं पन्थ (गरिबदास पन्थ) मा त्यसपछि म नै छु । त्यो १३ औं अंश मेरै हुने छ, तब सम्पूर्ण पन्थहरूलाई समाप्त पारी एउटा चलाउने छ ।

विशेष विचार :- १२ पन्थहरूको नाम- कबीर परमेश्वर जीको पन्थमा का कबीर नामले चलाइएको १२ पन्थहरूको उल्लेख पुस्तक- कबीर सागर अध्याय- चरित्र बोध (बोध सागर) पृष्ठ संख्या १८७० बाट (१) नारायण दास पन्थ (२) या (जागू) पन्थ (३) सूरत गोपाल पन्थ (४) मूल निरंजन पन्थ (५) टकसार पन्थ भगवान दास (ब्रह्म) पन्थ (७) सतनामी पन्थ (८) कमालीय (कमालको) पन्थ (९) कबीर पन्थ (१०) प्रेम धाम (परम धाम) को वाणी पन्थ (११) जीवा (१२) ग़रीबदास पन्थ

अन्य प्रमाण पुस्तक 'कबीर सागर' अध्याय - कबीर वाणी पृष्ठ १३६-१३७ म
अन्य प्रमाण पुस्तक कबीर सागर अध्याय =कबीर बानी पृष्ठ = १३६ - १३७ मा

द्वादश पंथ चलो सो भेद

द्वादश पंथ काल फुरमाना । भुले जीव न जाय ठिकाना ।
ताते आगम कहि हम राखा । वंश हमार चूरामणि शाखा ॥
प्रथम जगमें जागू भ्रमावै । बिना भेद ओ ग्रन्थ चुरावै ॥
दुसरि सुरति गोपालहि होई । अक्षर जो जोग दृढ़ावे सोई ॥
तिसरा मूल निरंजन बानी । लोकवेद की निर्णय ठानी ॥
चौथे पंथ टकसार भेद लै आवे । नीर पवन को सन्धि बतावै ।
सो ब्रह्म अभिमानी जानी । सो बहुत जीवन की करी है हानी ॥
पांचौ पंथ बीज को लेखा । लोक प्रलोक कहें हममें देखा ॥
पांच तत्व का मर्म दृढ़ावै । सो बीजक शुक्ल ले आवै ॥
छठवां पंथ सत्यनामि प्रकाशा । घटके माही मार्ग निवासा ॥
सातवां जीव पंथले बोले बानी । भयो प्रतीत मर्म नहिं जानी ॥
आठवे राम कबीर कहावै । सतगुरू भ्रमलै जीव दृढावै ॥
नौमे ज्ञानकी काल दिखावै । भई प्रतीत जीव सुख पावै ॥
दसवें भेद परमधाम की बानी । साख हमारी निर्णय ठानी ॥
साखी भाव प्रेम उपजावै । ब्रह्मज्ञान की राह चलावै ॥
तिनमें वंश अंश अधिकारा । तिनमेंसो शब्द होय निरधारा ॥
सम्वत् सत्रासै पचहतर होई, ता दिन प्रेम प्रकटै जग सोई ।

साखी हमारी ले जीव समझावै, असंख्य जन्म ठोर नही पावै ।
बारहवें पथ प्रकट ह्वै बानी, शब्द हमारे की निर्णय ठानी ॥
अस्थिर घर का मरम न पावै, ये बारा पंथ हमही को ध्यावै ।
बारहवें पथ हम ही चलि आवैं, सब पंथ मेटि एक ही पंथ चलावै ।

तेह्रौं वंश (अंश) द्वारा सम्पूर्ण पंथहरू मेटाएर एउटै पंथ चलाउने प्रमाण :-
पुस्तक=कबीर सागर=अध्याय=कबीर बानी पृष्ठ १३४

बारहवें वंश प्रकट होय उजियारा, तेरहवें वंश मिटे सकल अंधियारा

यसै अध्यायमा पृष्ठ १३६ मा पनि प्रमाण छ :-

"द्वादश पंथ काल फरमाना, भूले जीव न जाऐं ठिकाना"

कबीर सागर=अध्याय=कबीर बानी (बोध सागर) मा पृष्ठ १३६-१३७ मा प्रमाण:-

धर्म दास मेरी लाख दोहाई, मूल (सार) शब्द बाहर न जाई ।।
सार शब्द बाहर जो परही, बिचली पीढ़ी हंस नही तरही ।
तेतीस अर्ब ज्ञान हम भाखा, मूल ज्ञान गुप्त हम राखा ।
मूल ज्ञान तब तक छुपाई, जब लग द्वादश पंथ मिट जाई ।।

पुस्तक=कबीर सागर=अध्याय जीव धर्म बोध(बोध सागर) पृष्ठ १९३७ मा प्रमाण:-

धर्मदास तोहि लाख दोहाई । सार शब्द बाहर नहिं जाई ।।
सार शब्द बाहर जो परि है । बिचलै पीढी हंस नही तरि है ।।
युगन-युगन तुम सेवा किन्ही । ता पीछे हम इहां पग दीनी ।।
कोटिन जन्म भक्ति जब कीन्हा । सार शब्द तब ही पै चीन्हा ।।
अंकूरी जीव होय जो कोई । सार शब्द अधिकारी सोई ।।
सत्यकबीर प्रमाण बखाना । ऐसो कठिन है पद निर्वाना ।।

विशेष :- कबीर सागर पुस्तकको अध्याय "कबीर" पृष्ठ १३४ मा त प्रथम पन्थका सञ्चालक "नारायण दास" (धर्मदासका जेठा छोरा लेखिएको छ । यसै अध्यायको पृष्ठ १३६ मा प्रथम पन्थका सञ्चालक "चूडामणी" लेखिएको छ । जो कबीर परमेश्वर जीको कृपाले उत्पन्न भएका धर्मदास जीका कान्छा छोरा हुन् ।) वास्तवमा बाह्र पन्थमा प्रथम पन्थका सञ्चालक "चूडामणी" नै हुन् किनकि नारायण दासले त परमेश्वर कबीर जीको कुरालाई स्वीकार नै गरेको थिएन तथा भाइ चूडामणीसँग द्वेष राख्थ्यो । "चूडामणी" ले बान्धव गढ त्यागेर "कुदरमाल" नामक स्थानमा गए र त्यसको केही समय पश्चात् बाँधवगढ शहर पूर्ण रूपमा नष्ट भएको थियो । त्यसैले पृष्ठ १३४ (कबीर सागर-अध्याय- कबीर वाणी) मा लेखिएको नारायण दास सही होइन, त्यस ठाउँमा "चूडामणी" हुनु उचित हुन्छ । किनकि कबीर सागर अध्याय "कबीर बानी" पृष्ठ १८७० मा लेखिएको बाह्र पन्थको विवरणमा चूरामणी जोडेर बाह्र पन्थ हुन्छ । यो फेरबदल दामाखेडा वालाले गर्ने चेष्टा गरेका हुन् । तर सत्यता मेटाउन सकेनन् ।

कबीर सागर "कबीर बानी" नामक अध्याय (बोध सागर) पृष्ठ नं. १३४ देखि १३८ मा लेखिएको विवरणको भावार्थ:-

पृष्ठ १३४ मा बाह्र वंशहरू (अंशहरू) पछि तेह्रौं वंश (अंश) मा सारा अज्ञान रूपी अँध्यारो मेटिने छ । बाह्र वंश कालको वशमा भएर आ-आफ्ना चतुरता देखाउने छन् । पृष्ठ १३६-१३७ मा "बाह्र पन्थहरू" विवरण दिएको छ तथा संवत १७७५ मा

प्रभुको प्रेम प्रकट हुने छ तथा मेरो बानी प्रकट हुने छ भनी लेखिएको छ। (छुड
हरियाणाका सन्त गरीबदास जी महाराजको जन्म १७७४ मा भएको हो। उनलाई
कबीर जीले १७८४ मा भेट्नु भएको थियो। यहाँ यसैकुराको वर्णन छ तथा
१७७५ को ठाउँमा १७७४ हुनु पर्छ। गल्तीले १७७५ लेखिएको हो।

भावार्थः- गरीबदास जीको बाह्रौं पन्थ चल्ने छ, यो पन्थले मेरो (कबीर जी
साखी ल्याएर जीवलाई सम्झाउने छ। तर वास्तविक मन्त्र तथा सारज्ञानसँग अपरि
रहने हुनाले त्यस बाह्र पन्थका साधकहरू असंख्यौं जन्म सतलोक जान सक्ने छैन
उपरोक्त बाह्र पन्थले मलाई नै प्रमाण मानेर भक्ति गर्ने छ तर स्थायी स्थान (सतल
अर्थात् मोक्ष प्राप्त गर्ने छैनन्। बाह्रौं पन्थ (गरिबदास को पन्थ) मा त्यसपछि म (क
जी) स्वयम् नै आउने छु तथा बाह्र पन्थहरू सबै मेटाएर एउटै पन्थ चलाउने छु
त्यस समयसम्म सारज्ञान तथा सारशब्द लुकाएर राख्नु छ। यही प्रमाण
गरिबदास जी महाराजले आफ्नो अमृतवाणी "असूर निकंदन रमैणी" मा दिएका छ
"सतगुरू दिल्ली मण्डल आयसी सूती धरती सूम जगायसी"। पूरानो रोहतक जिल्ला
दिल्ली मण्डल भनिन्छ। जुन पहिले अंग्रेजको शासन कालमा केन्द्रको अधिनमा थियो

सन्त गरीबदास अर्थात् बाह्रौं पन्थमा भक्तिको झलक

सन्त गरीबदास जी महाराज (छुडानीका) लाई जुन तत्वज्ञान परमेश्वर क
जीले बताउनु भयो तथा माथिका सम्पूर्ण ब्रह्माण्डहरू प्रत्यक्ष देखाउनु भयो, त्यस
विषयमा सन्त गरिबदास जीले लगभग दुई हजार चारसय (२४००) अमृतवाणी बो
जुन लिपीबद्ध गरिएको थियो। ती वाणीहरू अहिले ग्रन्थका रूपमा प्रिन्ट गरिएको छ
पहिले हस्तलिखित थियो। यस अमृत ज्ञानलाई सही रूपमा नबुझेर सन्त गरीबद
जीको आशय विरूद्ध ज्ञान बताउन सुरू गरे तथा साधना पनि ग्रन्थको आदेश विपर
सुरु गरे। यसको कारण के थियो भने– सन्त गरीबदास जीले सन् १७७८ मा श
त्यागेका थिए। त्यस समय उनका नाममात्रका शिष्य थिए। जसलाई प्रथम मन्त्र मा
दिइएको थियो। केवल एक शीतल दास जीलाई गुप्त रहस्य बताएका थिए। उनल
पनि गोप्य रूपमा राख्न आदेश थियो। केवल आफ्नो एक उत्तराधिकारीलाई दि
आदेश थियो। यो परम्परा मेरा गुरू जीसम्म चल्यो। जसकारणले अन्य गरीबदा
वाला साधकहरूलाई यथार्थ भक्ति ज्ञान प्राप्त भएन। उनीहरू मनोमानी साधना ग
थाले तथा ग्रन्थलाई नबुझेर एउटा सोहं नामका जाप गर्न थाले। यस सन्दर्भमा
पनि मानिन्छ र सत्य पनि हो– सन्त गरीबदास जीको बाह्रौं पन्थको विस्तार स
ब्रह्मसागर जी भूरीवाला (रामपुर धाम, पन्जाब) द्वारा गरिएको हो। पन्जाब प्रा
अतिरिक्त हिमाचल प्रदेशमा हरिद्वार तथा ऋषिकेशमा तथा सारा भारतवर्षमा २०० भ
बढी आश्रम छन्। पन्जाबमा मात्रै लगभग १२५ गाउँमा सन्त गरीबदास जीका प्रचार
सन्त भूरीवाल ब्रह्मसागर जीका कुटी आश्रमहरू छन्। कैयौं (लुधियाना, तलवण्डी
उँची, निर्वी, रामपुर, जलूर आदि) मा ठूला आश्रम बनेका छन्। हरिद्वार त
ऋषिकेशमा लगभग २९ आश्रम छन्।

श्री सन्त भूरीवाला के भक्ति साधना गर्थे तथा अनुयायीहरूलाई के प्रदान गर्थे
त्यसको वर्णन गर्छु :-

सन्त ब्रह्मसागर भूरी (लोई) वाला जी सोहं नाम जाप गर्थे । जाप गर्ने विधि यस्तो थियो :- "सो" को जाप स्वास बाहिर छोड्दा तथा "हं" को जाप सास भित्रतिर लिंदै गर्दा गर्थे । यिनले सन् १८९६ देखि सन् १९१७ सम्म (२१ वर्ष) मौन रहेर कैलपुर गाउँ, लुधियाना जिल्ला (पन्जाब) मा साधना गरेका थिए । यिनैले नै छुडानी धाम (हरियाणा) लाई प्रख्यात तुल्याए । यिनैले सन्त गरीबदास जीको मृत शरीरमा बनेको सानो मंठी (मन्दिर) को जीर्णोद्वार गराएर त्यसमा सन्त गरीबदास जीको मूर्ति स्थापित गराई स्मारक बनाएका छन्, जसलाई छतरी साहेब भनिन्छ, जहाँ अहिले वर्षमा २ पटक ठूलो समागम हुन्छ । श्री ब्रह्मसागरले बताउने गरेको भक्ति छुडानी तथा सम्पूर्ण आश्रमहरूमा प्रचलित छ । एउटा अर्को पनि कमाल छ :- "सोहं" नाम स्मरण केवल तिनलाई दिइन्छ जसले गेरूवा वस्त्र धारण गर्छन्, र घर त्यागेर आश्रममा रहेर सेवा गर्दछन् । जो जनताजन अनुयायी बन्छन्, तिनलाई केवल "ॐ भगवते वासुदेवाय नमः" नाम जाप गर्ने दीक्षा दिइन्छ । श्री ब्रह्मसागर जी भूरीवाला र सन्त गरीबदास जीलाई साक्षात् श्री विष्णु (श्री कृष्ण) को अवतार मान्दछन् । श्री ब्रह्मसागर जी एउटा च्यादर (ओढ्ने) राख्थे, जसलाई पन्जाबमा भूरी (हरियाणामा लोई) भनिन्छ । त्यसैकारण श्री ब्रह्मसागर जीलाई भूरीवाला बाबा भन्न थाले । यिनको जन्म २२ अगस्त सन् १८६२ मा कृष्ण जन्माष्टमीको दिन भएको थियो तथा यिनले २४ दिसम्बर १९४७-८५ वर्षको आयुमा जलूर साहेब धाम संगरूर जिल्ला पन्जाबमा चोला छोडे । यिनको जन्मस्थान रामपुर गाउँ, तहसील-आनन्दपुर साहेब, विलासपुर जिल्ला, पन्जाब थियो । सन्त गरीबदास जीको ग्रन्थ साथसाथै श्रीमद्भगवत (सुधा सागर) को पाठ पनि यिनका अनुयायी सन्त-भक्तहरू गर्थे । अहिले श्री दर्शन सिंह महन्त जी छन् ।

पाठकजनलाई सन्त गरीबदास जीको बाह्रौं कबीर पन्थमा के भक्ति चलि रहेको छ त्यो थाहा भयो । यिनलाई सन्त गरीबदास जीका अमृतवाणीहरूको यथार्थ ज्ञान छैन । जसकारणले गुरूदेवको अंगबाट "सोहं" नाम लिई दुई भाग बनाएर भक्ति गर्न थाले । सोझा-साझा जनतालाई श्री कृष्ण जीको पूजाको मन्त्र दिन थाले, जुन ग्रन्थमा छँदै छैन । गुरू देवको अंगमा लेखेको छ- "सतगुरू सोहं नाम दे, गुज बिरज विस्तार बिन सोहं सूझै नहीं मूल मंत्र निज सार ।" यस वाणीमा स्पष्ट छ- सतगुरूले सोहं नाम दिएर त्यसको गुप्त भेद विस्तारपूर्वक बताउनु हुन्छ । यस नाम (सोहं) भन्दा माथि पनि एउटा नाम छ, जसबाट मोक्ष सम्भव छ । सुमिरनको अंगमा ग्रन्थमा लेखिएको छ- "सोहं उपर और है, सत सुकृत एक नाम । सब हंसौ का वंश है, बस्ती है बिन ठाम ।" त्यस सोहं भन्दा माथिको मन्त्र अर्थात् सारशब्द बिना मोक्ष हुन सक्दैन । जसकारणले परमेश्वर कबीर जीले कबीर सागरको अध्याय "कबीर बानी" पृष्ठ १३६-१३७ मा स्पष्ट पार्नु भएको छ :-

बारहवें पंथ प्रकट हवै बानी । शब्द हमारे की निर्णय ठानी ।।
साखी हमारी ले जीव समझावै । असंख जन्म ठौर नही पावैं ।।
अस्थिर घर का मर्म नही पावैं । ये बारह पंथ हमही को ध्यावैं ।।
बारहवें पंथ हम ही चलि आवैं । सब पंथ मिटा एक पंथ चलावैं ।।
धर्मदास मेरी लाख दोहाई । सार शब्द कही बाहर नही जाई ।।
सार शब्द बाहर जो परही । बिचली पीढ़ी हंस नहीं तरहीं ।।

भावार्थ :- परमेश्वर कबीर जीले आफ्ना परम शिष्य धर्मदास जीलाई भन्नु हे धर्मदास । जतिखेर कलियुग पाँच हजार पाँच सय पाँच (५५०५) वर्ष बित्ने छ समय बीचका पिंढीको उद्धार गर्नका लागि यथार्थ भक्ति पन्थ चलाइने छ । काल ब्रह्मले धोका दिएर मेरो (कबीर जीको) नामले फर्जी पन्थ चलाउने छ । छैठौं पिंढीलाई पनि कालले भ्रमित तुल्याएर मैले बताएको सत्य साधना छुटाएर साधना प्रारम्भ गराउने छ । यसरी कालले मेरो अर्थात् कबीर नामबाट बाह्र पन्थ प्रारम्भ गराउने छ । अन्य पन्थ पनि सुरु गराउने छ, जसमा सतलोकको हुने छ, तर सबै व्यर्थको साधना बताएर साधकहरूलाई कालको जालमा नै राख्ने हे धर्मदास । मैले तिमीलाई भक्ति साधनाको सम्पूर्ण मन्त्र बताएको छु । यसमा (सारशब्द) पनि भनेको छु । यस सारशब्द कलियुग पाँच हजार पाँच सय पाँच वर्ष नबितेसम्म कसैलाई नबताउनू । मेरो नामबाट चल्ने पन्थहरूमा बाह्रौं पन्थ पन्थ हुने छ । त्यस पन्थको प्रवर्तकको जन्म वि.सं. १७७४ मा हुने छ । उसबाट अध्यात्मिक ज्ञान तथा भक्ति साधनाको वाणी प्रकट गराउँछु । उसबाट मेरो सुनी-सुनी म प्रति भक्त समाजको प्रेम बढ्ने छ । यी बाह्र पन्थका अनुयायीहरू वाणी पढेर निर्णय गर्ने छन्, तर सही रूपमा नबुझेर सत्य भक्तिबाट वञ्चित छन् । जसकारणले असंख्यौ जन्मसम्म स्थिर घर अर्थात् अमरलोक (सतलोक) गर्न सक्ने छैनन् । जुन बाह्रौं पन्थ (सन्त गरीबदास जीको) चल्ने छ, त्यस पश्चात् त्यही बाह्रौं पन्थमा म (परमेश्वर कबीर जी) जान्छु । यथार्थ तेह्रौं पन्थ सम्पूर्ण पन्थहरू (धर्महरू) लाई तत्वज्ञानको आधारले सम्झाएर एक बनाउँछु । पिंढीलाई यथार्थ ज्ञान तथा भक्ति बताएर साथै भक्ति गर्ने प्रेरणा जगाई भक्ति सतलोक लैजान्छु ।

❖ त्यो तेह्रौं पन्थ अहिले लेखक (सन्त रामपाल दास) द्वारा चलाइएको छ सबै परमेश्वर कबीर जीको कृपा तथा गुरूदेव जीको आशीर्वादले भइ रहेको छ ।

❖ सन्त ब्रह्मसागर भूरीवाला तिनै बाह्र पन्थहरू मध्ये बाह्रौं पन्थ गरीबदास अनुयायी थिए । उनीद्वारा गरिएको साधना तथा जापको मन्त्रहरूबाट यिनको मुक्ति कि भएन स्पष्ट हुन्छ ।

सारनाम बिना सतलोक प्राप्त हुन सक्दैन । त्यो म (सन्त रामपाल दास) विश्वमा कसैसँग छैन ।

प्रत्येक देव तथा परमेश्वरको स्थिति

सुक्ष्मवेदको ज्ञान परमेश्वर कबीर जीले भन्नु भएको छ :-

कबीर, अक्षर पुरुष एक पेड़ है, निरंजन वाकी डार ।
त्रिदेवा शाखा भए, पात रूप संसार ।।१
कबीर, एकै साधे सब सधै, सब साधे सब जाय ।
माली सींचै मूल को, फलै-फूलै अघाय ।।२

शब्दार्थ :- वाणी संख्या १-२ मा परमेश्वर कबीर जीले गीताको अध्याय श्लोक १-४ तथा १६-१७ को ज्ञान बताउनु भएको छ ।

❖ "गीता अनुसार कुन प्रभुको भक्ति गर्नु पर्छ" ❖

त्यसैले सूक्ष्मवेदमा भनिएको छ :-

भजन करो उस रब का, जो दाता है कूल सब का ।

श्रीमद्भगवत गीता अध्याय १५ श्लोक १-४ तथा १६-१७ मा भनिएको छ— यो संसार पीपलको वृक्ष जस्तै छ । जुन सन्तले यो संसार रूपी पीपलको वृक्षको मूल (जरा) देखि तीनै गुणहरू रूपी शाखाहरूसम्म सर्वाङ्ग भिन्न-भिन्न रूपमा बताउँछन्, (सः वेद वित्) उनी वेदका तात्पर्य जान्ने अर्थात् उनी तत्वदर्शी सन्त हुन् ।

आफूले रचना गरेको सृष्टिको ज्ञान तथा वास्तविक आध्यात्मिक ज्ञान स्वयम् परमात्मा पृथ्वीमा प्रकट भएर आफ्नै मुखारविन्दबाट सुनाउँछन् । परमात्मा आफ्नो अमरधामबाट हिंडेर पृथ्वीमा प्रकट हुन्छन् । असल आत्माहरूलाई भेट्छन् । उनले तत्वदर्शी सन्तको भूमिका निर्वाह गर्दै दोहा, शब्द, चौपाईहरूद्वारा तत्वज्ञान सुनाउँछन् । उनै परमेश्वर सन् १३९८ देखि १५१८ सम्म १२० वर्ष सम्म भारत वर्षको पवित्र धरती काशी शहरमा जुलाहा (धाणक, कपडा बुन्ने) को रूपमा रहेर तत्वज्ञान बताएका थिए ।

कबीर, अक्षर पुरुष एक पेड है, क्षर पुरुष वाकी डार ।
तीनों देवा शाखा है, पात रूप संसार ॥
कबीर, अक्षर पुरुष वृक्षका तना है, क्षर पुरुष है डार ।
त्रयदेव शाखा भए, पात जानों संसार ।
कबीर, हम ही अलख अल्लाह है, मूल रूप संसार ।
अनन्त कोटि ब्रह्माण्डका, मैं ही सृजनहार ॥

सरलार्थ : वृक्षको माटो भन्दा बाहिरको भागको जानकारी बताइएको छ । वृक्षको फेदलाई "अक्षर पुरुष" जानौं । फेदमन्दा माथिबाट निस्केका मोटा हाँगाहरूमध्ये एउटा हाँगालाई "क्षर पुरुष" जानौं । अनि फेरि त्यस मोटो हाँगाबाट तीनवटा शाखा (हाँगा) निस्किएको मानौं । ती तीनै देवता (रजगुण ब्रह्मा जी, सतगुण विष्णु जी तथा तमगुण शिव जी) लाई तीन शाखा जानौं र ती हाँगाहरूमा लागेका पातहरू जीव-जन्तु जानौं ।

परमेश्वर कबीर जीले तत्वज्ञानमा सबै ज्ञान बताउनु भएको छ । गीता अध्याय ४ श्लोक ३२ मा पनि भनिएको छ- यज्ञ अर्थात् धार्मिक अनुष्ठानहरूको जानकारी (ब्रह्मणः मुखे) सच्चिदानन्द घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्मले आफ्नो मुखारबिन्दबाट बोलेका वाणीमा विस्तार पूर्वक बताइएको छ, त्यो तत्वज्ञान हो ।

गीता अध्याय ४ श्लोक ३४ मा भनेका छन्— परमात्मा स्वयम्ले बताएको तत्वज्ञान उनको कृपा पात्र सन्तले मात्र बुझ्न सक्छन् । त्यो तत्वज्ञान तिमी तत्वदर्शी सन्त कहाँ गएर जान । उनलाई दण्डवत् प्रणाम (जमिनमा घोप्टो परेर लम्पसार परी) गर, नम्रतापूर्वक प्रश्न गर्नाले ती तत्वदर्शी सन्तले तत्वज्ञान उपदेश दिने छन् ।

यो तत्वज्ञान स्वयम् परमेश्वर पृथ्वीमा प्रकट भएर बताएका थिए । गीता अध्याय १५ श्लोक १ मा तत्वदर्शी सन्तको पहिचान बताइएको छ— जुन सन्तले संसार रूपी वृक्षको मूल (जरा) देखि सम्पूर्ण अङ्गहरू जान्दछन्, ती तत्वदर्शी सन्त हुन् ।

❖ अब संसार रूपी वृक्षको सर्वाङ्ग जानौं :

१. मूल (जरा) : यी परम अक्षर ब्रह्म हुन्, जो सबका मालिक हुन् । स
उत्पत्ति गर्छन् । सबको धारण-पोषण गर्छन् । जसको विषयको जानकारी गीता अ
८ श्लोक १ को प्रश्नको उत्तर गीता अध्याय ८ को नै श्लोक ३, ८, ९, १० तथा
२१, २२ मा दिइएको छ । त्यसैको वर्णन गीता अध्याय १५ श्लोक १७ मा छ । ज
गीता अध्याय १५ श्लोक १६ मा दुई पुरूष बताएको छ– एक क्षर पुरूष र अर्को
पुरूष । यी दुई तथा यिनका अन्तर्गत भएका सारा शरीरधारी प्राणीहरू नाशवान छ
जीवात्मा त कसैको मर्दैन ।

गीता अध्याय १५ को नै श्लोक १७ मा भनेका छन्– (उत्तम पुरूषः) अ
पुरूषोत्तम त (अन्यः) अरू नै छन् जसलाई (परमात्मा इति उदाहृतः) परमात्मा भ
(यः लोक त्रयम्) जो तीनै लोकहरूमा (अविश्य विभर्ती) प्रवेश गरेर सबैको धारण-प
गर्दछन् (अव्ययः ईश्वरः) अविनाशी परमेश्वर हुन्, यिनै परम अक्षर ब्रह्म संसार
वृक्षको मूल (जरा) रूप परमेश्वर हुन् । यी ती परमात्मा हुन्, जसको विषयमा
गरीब दास जीले भनेका छन् :-

"भजन करो उस रब का, जो दाता है कूल सब का ।"


यिनी असङ्ख्य ब्रह्माण्डका मालिक हुन् । यिनी क्षर पुरूष तथा अक्षर पुरू
पनि मालिक तथा उत्पत्तिकर्ता हुन् ।

२. अक्षर पुरूष : यिनलाई संसाररूपी वृक्षको फेद जानौं । यिनी सात
ब्रह्माण्डका मालिक हुन्, नाशवान छन् ।

३. क्षर पुरूष : यिनी गीता ज्ञानदाता हुन् । यिनलाई "क्षर ब्रह्म" पनि भनि
यी केवल २१ ब्रह्माण्डका मालिक हुन् र यिनी पनि नाशवान छन् ।

४. तीन देवताहरू (रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव)
शाखाहरू : यी एउटा ब्रह्माण्डमा बनेको तीन लोकहरू (पृथ्वी लोक, पाताल लोक
स्वर्ग लोक) मा एक एक विभागका मन्त्री हुन्, मालिक हुन् ।

जस्तो :- रजगुण विभागका मालिक श्री ब्रह्मा जी हुन्, उनैको प्रभावले
प्राणी सन्तान उत्पत्ति गर्दछन् । सतगुण विभागका मालिक श्री विष्णु जी हुन्, उ
प्रभावले एक आपसमा माया तथा स्नेह हुन्छ र सबैलाई आफूले गरेको कार्य अनु
फल दिन्छन् । तमोगुण विभागका मालिक श्री शङ्कर जी हुन्, उनैको कारणले स
अन्त्य हुन्छ र पात रूपमा संसारका प्राणीहरूलाई बुझौं । यी हुन संसार रूपी वृ
सर्वाङ्गको भिन्न-भिन्न जानकारी । यो ज्ञान स्वयम् परमेश्वर कबीर जीले अ
मुखारबिन्दबाट बोल्नु भएको थियो ।यी सबै श्री धनी धर्मदास (बाँधवगढ) द्वारा क
वाणी, कबीर बीजक कबीर शब्दावली तथा कबीर सागरमा लेखिएको थियो । ती
परमेश्वरले भन्नु भएकै थियो वा अहिले यस दास (सन्त रामपाल दास) ले बुझेको
सम्पूर्ण अध्यात्म ज्ञान मलाई प्राप्त हुनु पनि परमेश्वर कबीर जीको नै कृपा हो ।



माथि जरा तलतिर हाँगा भएको उल्टो झुण्डिएको संसार रुपी वृक्षको चित्र

गीता अध्याय १५ श्लोक १ देखि ४ तथा १६ देखि १७ को सारांश चित्र

गीता अध्याय १५ श्लोक १ अनुसारको तत्वदर्शी सन्तको पहिचानबाट पनि दास (सन्त रामपाल दास) नै तत्वदर्शी सन्त हो भन्ने सिद्ध हुन्छ ।

पुनः प्रसङ्गमा आऔं :- "भजन करो उस रब का, जो दाता है कूल सब का अहिले सम्म भक्ति गर्नु पर्छ भन्ने कुरा बताएँ तर अब भक्ति कसको गर्ने भन्ने कु स्पष्ट गर्छु । १. श्री ब्रह्मा जी रजगुण, २. श्री विष्णु जी सतगुण, ३. श्री शिव तमगुण रूपी तीनै शाखा, ४. क्षर पुरुष गीता ज्ञानदाता हाँगा, ५. अक्षर पुरुष फेद त ६. परम अक्षर पुरुष = जरा मध्ये कसको भक्ति गर्ने ?

उदाहरण :- हामीले नर्सरीबाट आँपको बिरूवा ल्याएर त्यसलाई आफ्नो तथा घर-आँगनमा रोप्दा कसरी रोप्छौं ?

जमिनमा खाल्टो खन्छौं । बिरूवाको जरा खाल्टोमा राखेर माटोले पुर्छौं अ बिरूवाको जरामा पानी तथा मल हाल्छौं अर्थात् बिरूवाको जरालाई पूजा गर्छौं जराबाट आहार अर्थात् पौष्टिक तत्व फेदमा आउँछ । फेदले आवश्यक आहार रा बाँकी हाँगाहरूमा पठाउँछ । मोटो हाँगाले आवश्यक आहार राखेर बाँकी शाखाह (डालो) मा पठाउँछ । यसैगरी शाखाहरूले बाँकी आहार पातसम्म पठाउँछन् । यस त्यो बिरूवा रूख बनेर फल दिन थाल्छ ।


पाठकवर्ग बडो बुद्धिमान छन् । हामीले कुन परमात्माको पूजा गर्नु पर्छ स्वयम्ले बुझे होलान् ।

सूक्ष्म वेदमा परमेश्वर कबीर जीले भन्नु भएको छ-


कबीर, एकै साधै सब सधै, सब साधै सब जाय ।
मालि सींचै मूल कूँ, फूलै फलै अघाय ।।

एउटा मूल मालिकको पूजा गर्नाले सारा देवताहरूको पूजा हुन्छ । शास्त्रानुकूल हो । यदि कसैले तीन देवताहरू मध्ये कुनै एक वा दुई (श्री विष्णु सतगुण तथा श्री शिव जी तमगुण) को पूजा गर्दछ वा तिनैलाई इष्ट रूपमा पूजा गर्द भने त्यो गीता अध्याय १३ श्लोक १० मा वर्णित अव्यभिचारिणी भक्ति नहुनाले व्य छ । जस्तो कुनै स्त्रीले आफ्नो पति बाहेक पर पुरुषसँग शारीरिक सम्बन्ध राख्दिन भने तिनी अव्यभिचारिणी हुन् । यदि कसैले पर पुरुषसँग शारीरिक सम्बन्ध राखिन् भ तिनी व्यभिचारिणी हुनाले समाजमा निन्दनीय हुन्छिन् । उनी पतिको नजरबाट गिर्छिन

शास्त्रानुकूल साधना अर्थात् सोझो पारी रोपिएको भक्ति रूपी बिरूवाको चि यसै पुस्तकको पृष्ठ १५१ मा र शास्त्र विरूद्ध साधना अर्थात् उल्टोपारी रोपिएको भक्ति रूपी बिरूवाको चित्र पृष्ठ १५२ मा हेर्नु होस् ।



शास्त्रानुकूल साधना अर्थात् सिधा रोपिएको भक्ति रूपी बिरुवा


गीता अध्याय नं. १५
श्लोक नं. १ देखि ४ तथा
श्लोक नं. १६ र १७ को आशय
पूर्ण ब्रह्म कबीर साहेब
मूल जरा
फेद
(अक्षर पुरुष परब्रह्म)
कबीर-- अक्षर पुरुष एक पेड है,
निरंजन वाकी डार।
तीनो देवा शाखा है, पात रूप
संसार ॥
हाँगा
(क्षर पुरुष)
विष्णु (शाखा)
ब्रह्मा
शिव
शास्त्रविरुद्ध साधना अर्थात् उल्टो रोपिएको भक्ति रूपी बिरुवा

उपरोक्त प्रमाणहरूबाट एक मूल मालिकको भक्ति गर्नाले साधकको आत्मकल्याण सम्भव छ भन्ने स्पष्ट हुन्छ ।

अन्य प्रमाण :- गीता अध्याय ३ श्लोक १० देखि १५ मा माथि उल्लेखित भक्तिको समर्थन गरिएको छ ।

❖ गीता अध्याय ३ श्लोक १० :- प्रजापति अर्थात् कुलको मालिकले सृष्टिको आदिमा यज्ञ सहित अर्थात् धार्मिक अनुष्ठानहरूको ज्ञान सहित प्रजाहरूलाई उत्पन्न गरेर आदेश दिएका थिए– तिमीहरू सबै धार्मिक अनुष्ठानहरूद्वारा वृद्धि होऊ । यस यज्ञ अर्थात् धार्मिक अनुष्ठानले तिमीहरूलाई इच्छित भोग प्रदान गर्ने छ । (गीता अध्याय ३ श्लोक १०)

❖ यस शास्त्रानुकुल धार्मिक अनुष्ठानद्वारा देवताहरू (संसार रूपी बिरूवाका हाँगाहरू) लाई उन्नत तुल्याऊ अर्थात् पूर्ण परमात्मा (मूल मालिक) लाई इष्ट मानेर साधना गर्नाले शाखाहरू (हाँगाहरू) स्वतः उन्नत हुन्छन् । यस सम्बन्धी माथि स्पष्ट पारिएको छ । अनि ती देवताहरू (शाखाहरू अर्थात् हाँगाहरू ठूलो भएर फल दिन्छन्) ले तिमीहरूलाई उन्नत तुल्याऊन् अर्थात् हामीले शास्त्रानुकूल साधना गऱ्यौं भने हाम्रो भक्ति कर्म बन्ने छ, कर्मको फल यी तीनै देवताहरू (श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जी रूपी शाखाहरू) ले दिन्छन् । यसरी एक अर्कालाई उन्नत तुल्याउँदै तिम्रो कल्याण हुने छ तथा यसबाट अर्का परमात्मा प्राप्त गर्ने छौ । (यो गीता ज्ञानदाताले भनि रहेको छ) । (गीता अध्याय ३ श्लोक ११)

❖ शास्त्रानुकूल गरिएको यज्ञ अर्थात् अनुष्ठानद्वारा बढेका देवता (संसार रूपी बिरूवाका शाखाहरू) ले तिमीहरूलाई नमागिकन नै इच्छित भोग निश्चय नै दिइ रहन्छन् । जस्तो बिरूवालाई सिंचाइ गर्दा बिरूवा रूख बन्छ । ती शाखाहरू फलले भरिपूर्ण हुन्छ । अनि त्यस रूखका हाँगाहरूले स्वतः प्रत्येक वर्ष फल दिइ रहन्छ, अर्थात् तिमीहरूले गरेका शास्त्रानुकूल भक्ति कर्मको सञ्चित फल यिनै देवताहरूले दिइ रहन्छन् चाहे फल माग या नमाग । यदि ती देवताहरूले दिएका कर्म संस्कारको धन पुनः धर्ममा लगाएनौ भने त्यो साधक भक्तिको चोर हुन्छ । त्यसले भविष्यमा पुण्य रहित भएर हानी व्यहोर्नु पर्दछ । (गीता अध्याय ३ श्लोक १२)

❖ यज्ञबाट बचेको अन्न खाने सन्तजन सारा पापबाट मुक्त हुन्छ । भावार्थ : तत्वदर्शी सन्तले सर्वप्रथम परम अक्षर ब्रह्मलाई भोग लगाउँछन् र बचेको भोजन सबै भक्तहरूलाई बाँड्छन् । यो सत्य साधनाको पहिचान हो र ती सन्तले सम्पूर्ण भक्ति मन्त्र पनि शास्त्रानकुल आधारमा दिन्छन् । जसकारणले साधक सम्पूर्ण पापहरूबाट मुक्त भएर सत्यलोक जान्छ र शास्त्रविधि अनुसार धार्मिक कार्यहरू तथा धर्म नगर्ने पापीहरू केवल आफ्नो शरीर पोषणका लागि अन्न पकाउँछन् । ती त पाप नै खान्छन् । (गीता अध्याय ३ श्लोक १३)

❖ सम्पूर्ण प्राणीहरू अन्नबाट उत्पन्न हुन्छन् अर्थात् अन्न खानाले शरीरमा सन्तान उत्पत्ति गर्ने पदार्थ बन्दछ, जसबाट सारा प्राणीहरूको उत्पत्ति हुन्छ । अन्नको उत्पत्ति

वृष्टिबाट हुन्छ । वृष्टि अर्थात् वर्षा शास्त्रविधि अनुसार गरिएको यज्ञ अर्थात् धार्मिक अनुष्ठानबाट हुन्छ । यज्ञ अर्थात् धार्मिक अनुष्ठान शास्त्रहरुमा वर्णित विधिद्वारा गरिन्छ । कर्म ब्रह्म अर्थात् क्षर पुरुषबाट उत्पन्न भएको जान किनकि हामी ब्रह्म (काल) को लोकमा आएका छौ, त्यसैले हामीले कर्म गरेपछि मात्र सबै कुरा प्राप्त हुन्छ । हामी सत्यलोकमा हुँदा कार्य नगरिकन नै सारा कुरा प्राप्त हुन्थ्यो । त्यसैले कर्मलाई ब्रह्म (काल) बाट उत्पन्न भएको हो भन्ने बुझ भनिएको हो तथा ब्रह्म (काल) को उत्पत्ति अविनाशी परमात्माबाट भएको हो । यस सम्बन्धी वर्णन गीता अध्याय १५ श्लोक १७ मा छ तथा सृष्टि रचना अध्यायमा पढ्नु होस् ।) यसबाट (सर्वगतम् ब्रह्म) सर्वव्यापी परम अक्षर परमात्मा अर्थात् परम अक्षर ब्रह्म सदा यज्ञ अर्थात् धार्मिक अनुष्ठानहरुमा (प्रतिष्ठितम्) प्रतिष्ठित छन् अर्थात् सारा धार्मिक कार्यहरुमा परम अक्षर ब्रह्म ईष्ट रुपमा पूज्य छन् भन्ने सिद्ध हुन्छ । (गीता अध्याय ३ श्लोक १४-१५)

परम अक्षर ब्रह्म गीता ज्ञानदाताभन्दा भिन्न छन् । गीता ज्ञानदाता स्वयम्ले गीता अध्याय १८ श्लोक ६२ मा भनेका छन्– हे भारत ! तिमी सर्व भावले ती परमेश्वर अर्थात् परम अक्षर ब्रह्मको शरणमा जाऊ, ती परमेश्वरको कृपाले नै तिमीले परम शान्ति तथा शास्वत् स्थान अर्थात् सनातन परम धाम प्राप्त गर्ने छौ ।

❖ गीता अध्याय १५ श्लोक ४ मा गीता ज्ञानदाताले भनेका छन्– तत्वदर्शी सन्त प्राप्त भए पश्चात् तत्वज्ञान रुपी शस्त्रद्वारा अज्ञानलाई काटेर परमेश्वरको त्यो परमपदको खोज गर्नु पर्छ, जहाँ गएपछि साधक पुनः फर्केर संसारमा कहिल्यै जन्म लिदैन अर्थात् उसले सनातन परमधाम प्राप्त गर्दछ, जहाँ परम शान्ति छ, कुनै कष्ट छैन, त्यहाँ मृत्यु हुँदैन, वृद्धावस्था हुँदैन र कुनै पदार्थको अभाव छैन । जो परमेश्वरबाट संसाररुपी वृक्षको प्रवृत्ति विस्तार प्राप्त भएको छ, उनै परमेश्वरको भक्ति गर्नु पर्छ ।

❖ गीता अध्याय १३ श्लोक १७ मा गीता ज्ञानदाताले भनेका छन्– ती पूर्णब्रह्म अर्थात् मभन्दा भिन्न प्रभु अर्को शब्दमा परम अक्षर ब्रह्म (जसको विषयमा गीता अध्याय ८ श्लोक ३ मा भनिएको छ ।) ज्योतिहरुका पनि ज्योति, मायाभन्दा अति परको मनिन्छ, बोधरुप (जान्न योग्य) परमात्मा तत्वज्ञानद्वारा प्राप्त गर्न योग्य छन् र सबको हृदयमा विशेष रुपले स्थित छन् । (गीता अध्याय १३ श्लोक १७)

विचार गरौं :- जुन तत्वज्ञानले परम अक्षर ब्रह्म प्राप्त हुन्छ, त्यसलाई सूक्ष्म वेद पनि भनिन्छ । त्यसको ज्ञान गीता ज्ञानदातालाई छैन । त्यसैले गीता ज्ञानदाताले गीता अध्याय ४ श्लोक ३२ तथा ३४ मा भनेका छन्– यज्ञ अर्थात् धार्मिक अनुष्ठानहरुको विस्तार पूर्वक ज्ञान स्वयम् (ब्रह्मणः मुखे) सच्चिदानन्द घन ब्रह्म परमात्मा अर्थात् परम अक्षर ब्रह्मले आफ्नै मुख कमलबाट बोलेर बताउँदछन्, जसलाई सच्चिदानन्द घन ब्रह्मको वाणी भनिन्छ । त्यसलाई तत्वज्ञान भनिन्छ । त्यसलाई बुझेर साधक सम्पूर्ण पापहरुबाट मुक्त हुन्छ । (गीता अध्याय ४ श्लोक ३२)

❖ पाठकवर्गसँग निवेदन :- गीता अध्याय ४ श्लोक ३२ को मूल पाठमा 'ब्रह्मण' शब्द छ । गीता प्रेस गोरखपुरबाट प्रकाशित गीता तथा अन्य स्थानबाट प्रकाशित गीतामा अनुवादकहरुले ब्रह्मणः को अर्थ 'वेद' लेखेका छन्, जुन गलत हो ।

गीता अध्याय १७ श्लोक २३ मा पनि "ब्रह्मण" शब्द छ । जसमा अनुवादकहरूले सही अर्थ "सच्चिदानन्द घन ब्रह्म" लेखेका छन् । त्यसैले गीता अध्याय ४ श्लोक ३२ मा "ब्रह्मणः मुखे" को अर्थ "सच्चिदानन्द घन ब्रह्मको मुख कमलबाट उच्चारित वाणीमा" लेख्नु उचित हो ।

गीता अध्याय ४ श्लोक ३४ मा गीता ज्ञानदाताले भनेका छन्- परमेश्वरले आफ्नो मुख कमलबाट बताउने त्यो तत्वज्ञान तिमी तत्वदर्शी सन्तका समीपमा गएर बुझ, उनलाई दण्डवत प्रणाम गर्नाले तथा नम्रतापूर्वक प्रश्न गर्नाले ती परमात्म तत्व राम्ररी जान्ने तत्वदर्शी महात्माले तिमीलाई तत्वज्ञानको उपदेश दिने छन् ।

प्रभुप्रेमी पाठकवर्ग । यसबाट परम अक्षर परमात्मा प्राप्त हुने तत्वज्ञान गीता ग्रन्थमा छैन भन्ने कुरा सिद्ध हुन्छ । गीता चारै वेद (ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद) को सङ्क्षिप्त रूप हो । तिनको सारांश हो । यसबाट सूक्ष्मवेदमा भएको तत्वज्ञान प्रचलित कुनै पनि ग्रन्थमा छैन भन्ने सिद्ध हुन्छ । त्यो ज्ञान म (सन्त रामपाल दास) सँग छ, विश्वमा अरू कोही सँग छैन ।

प्रश्नः के श्री ब्रह्मा जी रजगुण, श्री विष्णु जी सतगुण, तथा श्री शिव जी तमगुण पनि ईष्ट रूपमा पूज्य छैनन् ? हिन्दू धर्ममा यिनै देवताहरूको पूजा गरिन्छ । हिन्दू धर्मगुरूहरू, शङ्कराचार्य, तथा अन्यले यिनैलाई ईष्ट रूपमा मानेर पूजा गर्नु भन्छन् र उनीहरू स्वयम् पनि गर्छन् । तपाईंका कुरा अविश्वसनीय महसुस हुन्छन् । के तपाई यी कुरा गीतामा प्रमाणित गर्न सक्नु हुन्छ ?

उत्तर : हिन्दू धर्मका धर्मगुरूहरूलाई आफ्नै सद्ग्रन्थहरूको ज्ञान छैन । जस्तो अक्षर ज्ञान दिने अध्यापकलाई आफ्नो पाठ्यक्रमका पुस्तकहरूको विषयवस्तु सम्बन्धी ज्ञान छैन भने त्यो अध्यापक विद्यार्थीहरूका लागि हानिकारक हुन्छ । त्यो सही शिक्षक होइन । ठीक यही स्थिति हिन्दू धर्मका धर्मगुरूहरूको छ ।

प्रमाण : श्रीमद्भगवत गीता अध्याय ७ श्लोक १२ देखि १५ मा गीता ज्ञानदाताले भनेका छन्– तीनै गुणहरू (रजगुण श्री ब्रह्मा जीबाट उत्पत्ति, सतगुण श्री विष्णु जीबाट स्थिति तथा तमगुण श्री शङ्कर जीबाट संहार) बाट जे भइ रहेका छन्, तिनका निमित्त म नै हूँ तर तिनीहरूमा म र ममा तिनीहरू छैनन् । (गीता अध्याय ७ श्लोक १२)

पहिले रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव शङ्कर हुन् भनेर प्रमाणित गरौं :-

१. मार्कण्डेय पुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित केवल हिन्दी सचित्र मोटा टाइप) को पृष्ठ १२३ मा लेखिएको छ– ब्रह्मा, विष्णु तथा महेश ब्रह्मका प्रधान शक्तिहरू हुन् । यी नै तीन गुण हुन्, यिनै तीन देवता हुन् ।

२. श्री देवी पुराण (श्री खेम चन्द श्री कृष्ण चन्द बैंकटेश्वर प्रेस मुम्बई बाट प्रकाशित) को तेस्रो स्कन्धको अध्याय ५ श्लोक ८ मा भनिएको छ :-

यदा दयादर्मना न सदा अम्विके कथम् अहम् विहितः तमोगुणः
कमलज रजगुणः कथम् विहितः च श्री हरिः सत्वगुणः (देवी पुराण ३/५/८)

अनुवाद :- भगवान शिव आफ्नी माता दुर्गा जीसँग प्रश्न गर्दछन्- हे माता ! यदि हजुर हामी माथि दयायुक्त हुनु हुन्छ भने मलाई तमोगुणी बनाएर किन उत्पन्न गर्नु भयो ? कमलबाट उत्पन्न ब्रह्मा जीलाई रजोगुणी र श्री विष्णु जीलाई सतगुणी किन बनाउनु भयो ?

❖ यसबाट प्रमाणित हुन्छ :- १. रजगुण भने पनि, ब्रह्मा जी भने पनि एकै हुन्, २ सतगुण तथा विष्णु जी एकै हुन्, त्यस्तै ३. तमगुण तथा शिव जी पनि एकै हुन् ।

गीता अध्याय ७ श्लोक १२ को भावार्थ :- गीता ज्ञानदाता काल ब्रह्म हुन् । (प्रमाण :- गीता अध्याय ११ श्लोक ३१, ३२) गीता अध्याय ११ श्लोक ३१ मा अर्जुनले सोधे- हे महानुभाव ! हजुर को हुनु हुन्छ ? जब कि श्री कृष्ण जी अर्जुनका जेठान थिए । श्री कृष्ण जी की बहिनी सुभद्रासँग अर्जुनले विवाह गरेका थिए । विचार गरौं- यदि गीता ज्ञानदाता श्री कृष्ण भएका भए अर्जुनले तपाईं को हुनु हुन्छ भनेर सोध्ने अवस्था आउने थिएन । के ज्वाईंले आफ्ना जेठानलाई चिन्दैनन् ? वास्तवमा काल ब्रह्म श्री कृष्ण भएका भए अर्जुनले तपाईं को हुनु हुन्छ भनेर सोध्ने अवस्था आउने थिएन । वास्तवमा काल ब्रह्म श्री कृष्ण जीको शरीरमा प्रेतवत् रूपमा प्रवेश गरेर गीता ज्ञान भनि रहेका थिए । (अधिक प्रमाणका लागि कृपया "गीता तिम्रो ज्ञान अमृत", "गहरी नजर गीता में" "ज्ञान गंगा", आध्यात्मिक ज्ञान गंगा तथा श्रीमद्भगवत गीता कसले बोलेको हो जस्ता कुराहरू डी. भी. डी. मा भएको सत्सङ्ग हेर्नु होस् । यी सबै हाम्रो Web site = www.jagatgururampalji.org मा उपलब्ध छ । निःशुल्क डाउनलोड गर्न सक्नु हुन्छ। Youtube मा पनि Satsang Barwala Ashram वा Sant Rampalji ke satsang eg]/ Search गर्न सक्नु हुन्छ ।) गीता ज्ञानदाता काल ब्रह्म हुन् । उनी स्वयम् गीता अध्याय ११ श्लोक ३२ मा भनि रहेका छन्- म काल हूँ, अहिले यहाँ प्रवृत्त भएको छु अर्थात् अहिले प्रकट भएको छु । यदि कृष्ण जीले गीता ज्ञान भनि रहेका भए म अहिले आएको हूँ भन्ने थिएनन् किनकि कृष्ण जी पहिले देखि नै विद्यमान थिए । श्री कृष्ण जीले पहिले कहिल्यै म काल हूँ भनेनन्, न त पछि नै कहिल्यै सबैको नाश गर्ने बढेको काल हूँ भनेका छन् । उनले कौरवको सभामा आफ्नो विराट रूप पनि देखाएका थिए । विराट रूप भक्तियुक्त प्रत्येक आत्माको हुन्छ । कसै-कसैले मात्र यसलाई प्रकट गर्न सक्छ । यो भक्तिको शक्ति अनुसार हुन्छ ।

गीता ज्ञानदाताले गीता अध्याय ११ श्लोक ४७ मा भनेका छन्- हे अर्जुन ! मेरो यो विराट रूप तिमी बाहेक पहिले कसैले देखेको छैन । "पाठकवर्गसँग निवेदन छ- श्री कृष्ण जीले त पहिले नै कौरवको सभामा आफ्नो विराट रूप देखाएका थिए । जुन उपस्थित सैकडौं कौरवहरू सहित हजारौंले देखेका थिए । त्यसैले यदि श्री कृष्ण जीले गीता ज्ञान भनि रहेका भए मेरो विराट रूप तिमी बाहेक पहिले कसैले देखेका छैनन् भनेर कदापि भन्ने थिएनन् । यसबाट स्पष्ट हुन्छ- गीता ज्ञानदाता "काल ब्रह्म" हुन् जसलाई गीता अध्याय १५ श्लोक १६ मा क्षर पुरुष भनिएको छ । जसले गीता अध्याय ८ श्लोक १३ मा भनेका छन् :-

"ओम् इति एकाक्षरम् ब्रह्म व्यवहारन् माम् अनुस्मरन्
यः प्रयाति त्यजन् देहम् सः याति परमाम् गतिम् ।"

सरलार्थ :- गीता ज्ञानदाता भन्छन्– (माम् ब्रह्म) म ब्रह्मको (ओम इति एकाक्षरम्) यो एउटा ॐ एक अक्षर हो । (व्यवहारन्) उच्चारण गरेर (अनुस्मरन्) स्मरण गर्दै (यः प्रयाति त्यजन देहम्) जुन साधकले शरीर त्यागदछ (सः याति परमाम् गतिम्) उसले ॐ नामः बाट प्राप्त हुने परम गति प्राप्त गर्दछ । यसलाई अझ स्पष्ट पार्छु ।

श्री देवी पुराण (सचित्र मोटा टाइप, केवल हिन्दी, गीता प्रेस गोरखपुरबाट प्रकाशित) को सातौं स्कन्ध पृष्ठ ५६२-५६३ मा भएको प्रकरणको नेपाली अनुवाद यस प्रकार छ :-

श्री देवी जी राजा हिमालयलाई ब्रह्म ज्ञानोपदेश दिदै भन्छिन्– हे राजन् । तिमी ओम् (ॐ) नामको जाप गर, जसबाट ब्रह्मको प्राप्ति हुन्छ । यो ॐ नाम ब्रह्म जाप मन्त्र हो र सबै कुरा अर्थात् पूजाहरू त्यागेर केवल एक ओम् नामको जाप गर, ब्रह्म प्राप्तिको उद्देश्य राख, तिम्रो कल्याण हुने छ । यसबाट ब्रह्म प्राप्त हुने छ, ती ब्रह्म दिव्य आकाश रूपी ब्रह्म लोकमा रहन्छन् । यस देवी महापुराणबाट पनि ओम् (ॐ) नामको जाप ब्रह्मको हो भन्ने स्पष्ट हुन्छ ।

अन्य प्रमाणः श्री शिव महापुराण (गीता प्रेस गोरखापुरबाट प्रकाशित सचित्र मोटा टाईप) को विध्वेश्वर संहिता को पृष्ठ २३ देखि २५ मा भएको प्रकरणको नेपाली अनुवाद यस प्रकार छ :-

एक समय श्री ब्रह्मा जी रजगुण तथा सतगुण विष्णु जीको युद्ध भयो । कारण के थियो भने श्री ब्रह्मा जी श्री विष्णु जीको निवासमा गएर भने– हे अभिमानी । तैले म आउँदा उठेर सत्कार गरिनस्, तँ पुत्र भएर पनि पितालाई सत्कार गर्दैनस् । म सारा जगत उत्पत्ति गर्ने सबैको पिता हूँ । यी सब कुरा सुनेर श्री विष्णु जीलाई भित्र भित्रै धेरै रिस उठ्यो, तर पनि मुस्कुराउँदै भने– आऊ पुत्र, आऊ, म त तिम्रो पिता हूँ । तिम्रो उत्पत्ति मेरो नाभी कमलबाट भएको हो । यत्ति मै दुबैले हतियार उठाए । आपसमा युद्ध गर्न थाले । त्यसै बेला काल ब्रह्मले यी दुईको बिचमा एक तेजोमय स्तम्भ खडा गरि दिए । यस कारणले दुवैले युद्ध रोक्नु पर्‍यो । त्यही बेला काल ब्रह्मले आफ्ना पुत्र शिवको रूप बनाए तथा आफ्नी पत्नी दुर्गालाई पार्वती बनाएर उनीहरुका सामु प्रकट भए र भने– यहाँको ईश को हो तिमीहरूलाई थाहा छैन । म ब्रह्म हूँ । यो संसार मेरो हो । हे विष्णु तथा ब्रह्मा । तिमीहरू दुईले तप गरेर मबाट एक-एकवटा कृत (काम) प्राप्त गरेका छौ । ब्रह्मालाई सृष्टिको उत्पत्ति तथा विष्णुलाई स्थिति । पुत्रहरू । सुन । मैले यसै गरी महेश तथा रूद्रलाई पनि एक-एक कृत (काम) संहार तथा तिरो भाव दिएको छु । जाप गर्नको लागि मेरो एक अक्षर ओम् (ॐ) मन्त्र छ । यी पाँच अवयवहरू (अ, उ, म, नाद तथा बिन्दु) को सङ्ग्रहबाट एक "ॐ" अक्षर मन्त्र बनेको हो । यसबाट पाठकवर्गलाई "ॐ" एक अक्षर ब्रह्म जापको मन्त्र हो, यसका साथै श्री ब्रह्मा, श्री विष्णु तथा श्री महेशभन्दा भिन्न काल ब्रह्म छन् र ब्रह्मा जी, विष्णु जी तथा शिव जी तीनै काल ब्रह्मका पुत्रहरू हुन् भन्ने स्पष्ट हुन्छ ।

अन्य प्रमाण :- श्री शिव महापुराण गीता प्रेस गोरखपुरबाट प्रकाशित, सचित्र मोटा टाईप) मा रूद्र संहिताको पृष्ठ ११० मा लेखिएको छ– रजगुण ब्रह्मा, सतगुण विष्णु

तथा तमगुण शिव तीनै देवताहरूमा गुण छ । म यिनीहरूभन्दा भिन्न हूँ ।

यी सारा प्रमाणहरूबाट गीता ज्ञानदाता काल ब्रह्म हुन् भन्ने पनि स्पष्ट हुन्
यिनलाई प्रत्येक दिन एक लाख मानव शरीर धारी प्राणीहरूलाई खाने तथा सवा ल
प्रतिदिन उत्पन्न गर्ने श्राप लागेको छ।

यिनै कारणले काल ब्रह्मले आफ्ना तीनै पुत्रहरूलाई एक-एक गुणयुक्त बनाए
छन् । यिनका शरीरबाट निस्कि रहेको गुणहरूको सूक्ष्म प्रभावले प्रत्येक प्राणीलाई वि
तुल्याएर कार्य गराउँदछ । जस्तो भान्सा घरमा खुर्सानी झान्दा हाछ्यूँ आउँछ
त्यसलाई कसैले रोक्न सक्दैन । स्थूल रूपमा खुर्सानी भान्सा घरमा हुन्छ, त्यस
निस्केको गुणले पर कोठमा बसेका व्यक्तिहरूलाई प्रभावित पार्दछ ।

यसैगरी तीनै देवताहरू (श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जी)
आफ्ना लोकमा रहन्छन्, तर तिनका शरीरबाट निस्कि रहेका गुणहरूको सूक्ष्म प्र
तीनै लोकहरू (स्वर्ग लोक, पाताल लोक र पृथ्वी लोक) का प्राणीहरूलाई प्रभा
तुल्याइ रहन्छ। यसबाट काल ब्रह्मका लागि एक लाख मानवको आहार तयार हु
त्यसैले गीता अध्याय ७ श्लोक १२ मा गीता ज्ञानदाता ब्रह्मले भनेका छन्-

❖ तीन गुणहरूबाट जे जति भइ रहेका छन्, त्यसको निमित्त कारण म नै हूँ
जस्तो रजगुण ब्रह्मा जीबाट उत्पत्ति, सतगुण विष्णु जीबाट स्थिति तथा तमगुण शि
जीबाट संहार हुन्छ। यी सब यिनीहरूद्वारा मेरो लागि भइ रहेको छ, यस्तो जान,
ती ममा र म तिनमा छैन किनकि काल ब्रह्म यी तीन देवताहरूभन्दा भिन्न छन्
(गीता अध्याय ७ श्लोक १२)

❖ सारा संसार यिनै तीन गुणहरू (रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शि
प्रति नै मोहित छन् । यिनी सम्मको ज्ञान राख्छन् । यी तीन देवताहरूभन्दा अल
मलाई तथा (अव्ययम्) ती अविनाशी परमात्मालाई जान्दैनन् । (गीता अध्याय
श्लोक १३)

❖ किनकि यो अलौकिक त्रिगुणमयी मेरो माया {अर्थात् मेरा पुत्रहरूद्वा
फैल्याइएको मायाजाल) बडो दुस्कर छ, निकम्मा छ । जुन साधकले केवल म (का
ब्रह्म) लाई भज्दछ, ती यस माया (ब्रह्मा, विष्णु महेशको भक्तिबाट प्राप्त हुने लाभभन्द
अधिक लाभ ब्रह्मको भक्तिमा छ । त्यसैले भनिएको छ- जसले यी तीनैबाट प्राप्त हु
लाभलाई त्यागेर काल ब्रह्मको साधना गर्दछ। तिनीहरूले यसको उल्लङ्घन गरे
अर्थात् यिनको साधनालाई त्याग्दछन् ।} को उल्लङ्घन गर्दछन् । (गीता अध्याय ७
श्लोक १४)

❖ गीता अध्याय ७ श्लोक १५ मा भनेका छन्- तीनै गुणहरू रजगुण ब्रह्मा जी,
सतगुण विष्णु जी तथा तमगुण शिव जी) रूपी मायाजालद्वारा जसको ज्ञान हराइ
सकेको छ अर्थात् जुन साधकले यी तीनै देवताहरूभन्दा भिन्न प्रभुलाई जान्दैन, यिनैबाट
प्राप्त हुने नाम मात्रको लाभलाई नै मोक्ष मानेर यिनीहरूसँग टाँस्सिइ रहन्छन् ।
यिनीहरूको पूजा गरि रहन्छन् । यस्ता व्यक्तिहरू असुर स्वभावलाई धारण गरेका

मनुष्यहरूमा नीच, दूषित कर्म गर्ने मूर्खहरू म काल ब्रह्मलाई पनि भज्दैनन् । (गीता अध्याय ७ श्लोक १५)

गीता अध्याय १४ श्लोक १९ मा गीता ज्ञानदाताले भनेका छन्- जत्तिखेरसम्म द्रष्टा अर्थात् तत्वज्ञान सुन्ने र तीनै गुणहरू (रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव) लाई ईष्ट रूपमा पूजा गर्नेहरूले आफ्नो पुरानो धारणालाई बदल्दैनन् अर्थात् यी तीन सिवाय अरू कसैलाई कर्ता मान्दैनन् र यी तीनमन्दा अन्य पूर्ण परमात्माको ज्ञान प्राप्त गरे पनि ऊ मेरो नै जालमा रहन्छ । (गीता अध्याय १४ श्लोक १९)

गीता अध्याय १४ श्लोक २० मा गीता ज्ञानदाताले भनेका छन्– देहधारी मनुष्यले यी तीनैलाई उल्लङ्घन गरेर अर्थात् यी तीनैको पूजा त्यागेर नै जन्म-मरण, वृद्धावस्था तथा अन्य सारा दुःखबाट मुक्त भएर परमानन्द अर्थात् गीता अध्याय १८ श्लोक ६२ मा तथा अध्याय १५ श्लोक ४ मा वर्णित परम शान्ति तथा सनातन परमधाम प्राप्त गर्दछ ।

सारांश :- तीनै देवताहरू (रजगुण ब्रह्मा जी, सतगुण विष्णु जी, तथा तमगुण शिव जी) को पूजा गर्नेलाई राक्षस स्वभाव धारण गरेका मानिसहरूमा नीच, दूषित कर्म गर्ने मूर्ख भनिएको छ । भावार्थ : यिनीहरूको पूजा गर्नु हुँदैन ।

कारण : १. श्री ब्रह्मा जी रजगुणको पूजा हिरण्यकश्यपले गरेका थिए । आफ्नै पुत्र प्रह्लादको शत्रु बने र राक्षस कहलिए । कुकुरको जस्तो मरण प्राप्त भयो ।

२. श्री शिव जी तमगुणको पूजा रावणले गरे । जगत जननी सीताको हरण गरे । पत्नी बनाउने कुचेष्टा गरे । राक्षस कहलिए । कुकुरको गतिले मरे । भस्मासुरले पनि तमगुण शिवको पूजा गरेका थिए । राक्षस कहलिए । अकालमा मारिए ।

३. सतगुण श्री विष्णु जी को पूजा गर्नेहरूलाई वैष्णव भनिन्छ। एक समय हरिद्वारमा एक कुम्भको पर्व लाग्यो । त्यस पर्वमा स्नान गर्नका लागि सम्पूर्ण सन्त (गिरी, पुरी, नाथ र नागा) आए । नागा तमोगुणी श्री शिव जीका पुजारी हुन्छन् । वैष्णव सतगुण श्री विष्णुका पुजारी हुन्छन् । सबै जना हरिद्वारमा हरकी पैडीमा स्नानको तयारी गर्न थाले । उनीहरू २० हजारको सङ्ख्यामा थिए । केही समय पश्चात् त्यति नै सङ्ख्यामा वैष्णव साधुहरू हरकी पैडीमा पुगे । वैष्णवहरूले नागाहरूलाई पहिले हामी स्नान गर्छौं, हामी श्रेष्ठ हौं भने । यही कुरामा झगडा सुरू भयो । तरवार, छुरी, कटारी लिएर युद्ध गर्न थाले । दुबैतिरका तीन गुणका उपासक लगभग २५ हजार साधुहरू काटिएर मरे ।

त्यसैले गीता अध्याय ७ श्लोक १२ देखि १५ तीनै गुणहरू (रजगुण ब्रह्मा जी, सतगुण विष्णु जी तथा तमगुण शिव जी) का उपासकहरूलाई राक्षस स्वभाव धारण गरेका मनुष्यहरूमा नीच दूषित कर्म गर्ने मूर्ख भनिएको छ ।

यसबाट सिद्ध हुन्छ :- श्री ब्रह्मा जी रजगुण, श्री विष्णु जी सतगुण तथा श्री शिव जी तमगुणको भक्ति गर्नेहरू मूर्ख, राक्षस, मनुष्यहरूमा नीच तथा घटिया कर्म गर्ने मूर्ख व्यक्ति हुन् अर्थात् यिनीहरूको पूजा गर्न श्रीमद्भगवत गीतामा निषेध गरिएको छ, यिनीहरूलाई ईष्ट रूपमा पूजा गर्नु व्यर्थ छ ।

पूजा तथा साधनामा अन्तर

प्रश्नः काल ब्रह्मको पूजा गर्नु पर्छ या पर्दैन ? गीतामा प्रमाण देखाउनु होस्

उत्तरः गर्नु पर्दैन । सर्व प्रथम म पूजा तथा साधनाको अन्तर बताउँछु ।

भक्ति अर्थात् पूजाः जस्तो हामीलाई पृथ्वीमा मीठो शीतल जल छ भन्ने था छ । त्यसलाई कसरी प्राप्त गर्न सकिन्छ ? यसका लागि पहिले जमिनमा प्वाल प यन्त्रको सहायताले प्वाल पारिन्छ । त्यस प्वालमा फलामको पाइप हालिन्छ अ हेन्डपम्प (कल) लगाइन्छ, त्यसपछि त्यो जीवनदाता शीतल जल प्राप्त हुन्छ ।

हाम्रो पूज्य जल हो, त्यसलाई प्राप्त गर्न प्रयोग गरिएका उपकरण तथा प्रय साधना हुन् भन्ने जानौं । यदि हामी उपकरणको पूजामा लागि रह्यौं भने जल प्रा हुन सक्दैन । उपकरणद्वारा पूज्य वस्तु प्राप्त हुन्छ ।

अर्को उदाहरणः जस्तो पतिव्रता नारीले परिवारका सम्पूर्ण सदस्यहरूलाई सत्क गर्छिन् । सबैलाई मर्यादा अनुरूप सम्मान गर्छिन् । सासु-ससुरालाई मातापिता समा नन्द तथा आमाजूलाई सानी तथा ठूली दिदी-बहिनी समान, जेठाजु तथा देवरल दाजु-भाइ समान तर पूजा आफ्नो पतिलाई मात्र गर्छिन् । जब उनीहरू भिन्न वा अल भएपछि आफ्नो भागमा परेका सारा सामान लिएर आफ्नो पतिको भागमा परेको घरम जान्छिन् ।

अर्को उदाहरणः जस्तो हाम्रो आँप खाने चाहना हुन्छ । हाम्रा लागि आँपको फ पूज्य हुन्छ । आँप पाउन धनको आवश्यकता हुन्छ । धन जम्मा गर्न मजदूरी, जागिर खेती आदि गर्नु पर्छ । अनि आँपको फल प्राप्त हुन्छ । त्यसैले आँप पूज्य हो र अन्य क्रिया (कार्य) साधना हुन् । साध्य वस्तु प्राप्त गर्नका लागि साधना गर्नु पर्छ । साधन भिन्न हो, पूजा अर्थात् भक्ति भिन्न हो । यी दुई बीचको अन्तर स्पष्ट भयो ।

यहाँ के ब्रह्मको पूजा गर्नु पर्छ भन्ने प्रसङ्ग चलि रहेछ । उत्तरः- गर्नु पर्दैन अब श्रीमद्भगवत गीतामा प्रमाण देखाउँछुः

गीता अध्याय ७ श्लोक १२ देखि १५ मा गीता ज्ञानदाताले भनेका छन्– तीनै गुणहरू (रजगुण श्री ब्रह्मा जी, सतगुण श्री विष्णु ती तथा तमगुण श्री शिव जी) को भक्ति व्यर्थ छ । फेरि गीता अध्याय ७ श्लोक १६, १७ र १८ मा गीता ज्ञानदाता ब्रह्मले आफ्नो भक्तिबाट हुने गति अर्थात् मोक्षलाई "अनुत्तम" अर्थात् घटिया भनेका छन् । मानिसहरूले मेरा चार प्रकारका भक्ति गर्दछन् भनेका छन्–

१. अर्थार्थी : धनलाभका लागि वेद अनुसार अनुष्ठान गर्नेहरू,

२. आर्त : सङ्कट निवारणका लागि वेद अनुसार अनुष्ठान गर्नेहरू,

३. जिज्ञासु : परमात्माको विषय जान्न इच्छुक (ज्ञान ग्रहण गरेर स्वयम् वक्ता बन्नेहरू ।

यी तीन प्रकारका ब्रह्म पुजारीहरूलाई व्यर्थ भनिएको छ ।

४. ज्ञानी :- ज्ञानीलाई मानव जीवन बडो दुर्लभ छ, त्यसैले मानव जीवन प्राप्त गरेर आत्म कल्याण गराउनु पर्छ भन्ने थाहा हुन्छ । उनीहरूलाई अन्य देवताहरूको पूजाबाट मोक्ष लाभ नहुने भएकाले एक परमात्माको भक्ति अनन्य मनले गर्नाले पूर्ण मोक्ष सम्भव छ भन्ने कुराको ज्ञान हुन्छ । उनीहरूलाई तत्वदर्शी सन्त प्राप्त भएन । उनीहरूले वेदलाई जे जसरी जाने वा बुझे, त्यसको आधारमा ब्रह्मलाई एक समर्थ प्रभु मानेर यजुर्वेद अध्याय ४० मन्त्र १५ बाट ओम् नाम (मन्त्र) लिएर भक्ति गरे तर पूर्ण मोक्ष भएन । ओम् (ॐ) नाम (मन्त्र) ब्रह्म साधनाको हो । त्यसबाट ब्रह्मलोक प्राप्त हुन्छ, जुन यस अघिका प्रकरणहरूमा प्रमाणित भइ सकेको छ । गीता अध्याय ८ श्लोक १६ मा भनेका छन्– ब्रह्मलोक पर्यन्त सबै लोकहरू पुनरावृत्तिमा छन् अर्थात् ब्रह्मलोकमा गएका साधक पनि पुनः फर्केर संसारमा जन्म-मृत्युको चक्रमा पर्दछन् ।

काल ब्रह्मको साधनाबाट गीता अध्याय १५ श्लोक ४ मा भनिएको मोक्ष प्राप्त हुँदैन । जसमा भनिएको छ– तत्वज्ञानद्वारा अज्ञानलाई काटेर परमेश्वरको त्यस परम पदको खोजी गर्नु पर्छ, जहाँ गए पश्चात् साधक पुनः फर्केर संसारमा कहिल्यै आउदैनन्।

❖ गीता अध्याय ७ श्लोक १८ मा गीता ज्ञानदाताले भनेका छन्– यी ज्ञानी आत्माहरू (जसलाई चौथो नम्बरका ब्रह्मका साधक भनिएका छन् ।) उदार अर्थात् असल त छन्, तर यी तत्व ज्ञानको अभावले मेरो अनुत्तम गतिमा नै स्थित रहे । गीता ज्ञानदाताले आफ्नो साधनाबाट प्राप्त हुने गतिलाई पनि अनुत्तम अर्थात् घटिया भनेका छन्, त्यसैले ब्रह्मको पूजा गर्नु पनि उचित छैन ।

कारण :- एक चुणक नामका ज्ञानी आत्मा भएका ऋषि थिए । उनले ओम् (ॐ) नामको जाप तथा हजारौं वर्ष हठयोग गरे । यसले उनमा सिद्धि आयो । ब्रह्मको साधना गर्नाले जन्म-मृत्यु, स्वर्ग-नर्कको चक्र सदा रहि रहन्छ किनकि गीता अध्याय २ श्लोक १२, गीता अध्याय ४ श्लोक ५, गीता अध्याय १० श्लोक २ मा गीता ज्ञानदाता ब्रह्मले भनेका छन्– अर्जुन । तिम्रो र मेरो अनेकौं जन्म भइ सकेको छ, तिमी जान्दैनौ, म जान्दछु । तिमी, म या यी सबै राजाहरू पहिले पनि जन्मिएका थिए, पछि पनि जन्मने छन् । यो न सोच की हामी सबै अहिले मात्र जन्मेका हौं । मेरो उत्पत्तिको बारेमा महर्षिजन तथा यी देवताहरू जान्दैनन् किनकि यी सब मद्वारा उत्पन्न भएका हुन् । यसबाट स्वसिद्ध हुन्छ– जब गीता ज्ञानदाता ब्रह्म पनि जन्मन्छन् र मर्छन् भने यिनका पुजारी कसरी अमर हुन सक्छन् ? यसबाट सिद्ध हुन्छ- ब्रह्मको उपासनाबाट त्यो मोक्ष हुन सक्दैन, जुन गीता अध्याय १८ श्लोक ६२ तथा अध्याय १५ श्लोक ४ मा भनिएको छ । यी श्लोकहरूमा गीता ज्ञानदाताले स्पष्ट निर्देशन दिएका छन्– हे भारत! तिमी सर्वभावले ती परमेश्वर परम अक्षर ब्रह्मको शरणमा जाऊ । ती परमेश्वरको कृपाले नै तिमीले परम शान्ति तथा सनातन परमधाम अर्थात् सत्यलोक प्राप्त गर्ने छौ । तत्वज्ञान बुझि सकेपछि परमात्माको त्यस परमपदको खोज गर्नु पर्छ, जहाँ गए पश्चात्, साधक पुनः फर्केर संसारमा कहिल्यै आउदैन । विचार गरौं:- गीता ज्ञानदाता स्वयम् जन्मन्छन् तथा मर्छन्, त्यसैले ब्रह्मको पूजाबाट प्राप्त हुने गतिलाई अनुत्तम भनिएको छ ।

अब चुणक ऋषिको प्रसङ्ग सुनाउँछु :- चुणक ऋषिले ओम् (ॐ) नामको जा तथा हठयोग गरे । वेदहरू (ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद) मा बताइए भक्तिद्वारा परमात्मा प्राप्ति हुँदैन । यसको प्रमाण गीता अध्याय ११ श्लोक ४७, ४८ म छ। गीता ज्ञानदाता ब्रह्म भन्छन्– हे अर्जुन ! यो मेरो (काल ब्रह्मको) विराट रूप हो मेरो यस रूपको दर्शन तिमी बाहेक पहिले कसैलाई भएको छैन । म तिमीप्रति कृ गरेर यो रूप देखाएको हूँ । मेरो यस रूपको दर्शन अर्थात् ब्रह्म प्राप्ति न वेदहरूम वर्णित विधिद्वारा अर्थात् ओम् नामको जापले, न तपले न त हवन आदि यज्ञले हुन अर्थात् वेदहरूमा वर्णित विधिद्वारा ब्रह्म प्राप्ति हुँदैन । यसै कारणले चुणक जस्त ऋषिले पनि ब्रह्मलाई निराकार ठानि रहे । चुणक ऋषिमा सिद्धि आयो । यसले गद संसार प्रसिद्ध भए । सिद्धि प्राप्त साधकले वर्षौंसम्म साधना गरेर चार्ज गरेको ब्याट्र कसैलाई श्राप दिएर त कसैलाई आशीर्वाद दिएर आफ्नो भक्ति नाश गर्दछ । कसैमा सिद्धिद्वारा तन्त्रमन्त्र गरेर आफ्नो भक्ति नाश गर्दछ तथा संसारमा प्रशंसाको पात्र बने स्वयम् प्रभु बनेर बस्छ·।

एक मानधाता नामक चक्रवर्ती राजा थिए । सारा पृथ्वीमा उनको राज्य थियो उनलाई पृथ्वीमा भएका अन्य पराधीन राजाहरू कोही स्वतन्त्र हुन चाहेका छन् कि छैनन् भनेर बुझ्न मन लाग्यो । त्यसैले आफ्नो नीजि घोडाको घाटीमा मानधाता राजाको पराधीनता स्वीकार छैन भने यस घोडालाई समात्नु र युद्धका लागि तयार हुनु भने पत्र लेखेर झुण्ड्याए । मानधाता राजासँग ७२ अक्षौणी (करोड) सेना थिए । त्यस घोडासँगै सैनिकहरू पनि हिंडे । सारा पृथ्वी घुमे । कुनै पनि राजाले त्यो घोडा समातेनन् । यसबाट पृथ्वीका साना राजा रजौटाहरू चक्रवर्ती शासक मानधाताको अधीनमा छन् भन्ने स्पष्ट हुन्छ । घोडासँगै भएका सारा सैनिकहरू खुशियाली मनाउँदै फर्कदै थिए । बाटोमा चुणक ऋषिको कुटी थियो । घोडामा सवार सैनिकहरूलाई चुणक ऋषिले सोधे– हे सैनिकहरू ! कहाँ गएका थियौ ? यो घोडाको घोडसवार कहाँ गए ? सैनिकहरूले ऋषि जीलाई सारा कुरा सुनाए । ऋषिले सोधे– के कसैले राजा मानधाताको युद्ध स्वीकार गरेनन् ? सैनिकहरूले भने यदि पाखुरीमा शक्ति छ भने तथा कसैले आमाको दूध पिएका छन् भने हाम्रा राजासँग युद्ध गरेर हेरोस् । राजासँग ७२ अक्षौणी (करोड) सेना छन् । यदि कसैले युद्ध गर्ने हिम्मत गर्छ भने त्यसको बङ्गारा तोडि दिन्छौं । काल ब्रह्मका पुजारी ऋषि चुणकले भने– हे सैनिकहरू ! तिम्रा राजाको युद्ध मैले स्वीकार गरें । यो घोडा कुटीको वृक्षमा बाँधि देऊ । सैनिकहरूले भने– हे कङ्गाल ! तँ सँग खानका लागि अन्न पनि छैन । राजा मानधातासँग के युद्ध गर्छस् ? आफ्नो भक्ति गर् । ऋषिले भने– जे हुन्छ, हेरौंला । जाऊ, गएर तिम्रा राजालाई चुणक ऋषिले युद्ध स्वीकार गरे भन । राजालाई यी कुरा अवगत भएपछि सोच मग्न भए– आज एउटा कङ्गाल विपरीत बुद्धि भएको ऋषिले आँट गर्‍यो भने भोलि फेरि अर्कोले हिम्मत गर्ने छ । समस्यालाई सुरू मै समाधान गर्नु पर्छ । जनतालाई भयभित तुल्याउनका लागि एक व्यक्तिलाई मार्न राजाले ७२ करोड सेनाको चार समूह बनाए । युद्ध गर्न पहिले १८ करोड सैनिकहरूको समूह पठाए । काल

ब्रह्मका पुजारी ऋषिले सिद्धि शक्तिले चारवटा (पुतली) परमाणु बम तयार गरे । एउटा बम हाने । १८ करोड सैनिक मरे । राजाले दोस्रो टुकडी पठाए । ऋषिले दोस्रो बम हाने । राजाले फेरि अर्को टुकडी पठाए, ती पनि मारिए । यसरी राजा मानधाताको ७२ करोड सेना काल ब्रह्मका पुजारी चुणक ऋषिले विनाश गरे ।

विचार गरौं :- ऋषि-महर्षिहरूले राजाहरूको बिचमा दखल दिनु हुन्न किनकि ऋषिहरूले हजारौं वर्षसम्म परमात्मा प्राप्तिका लागि ॐ नामको जाप गरे तर परमात्मा प्राप्त भएन किनकि गीता अध्याय ११ श्लोक ४७-४८ मा वेदहरू (ऋग्वेद, यजुर्वेद, अथर्ववेद र सामवेद) मा वर्णित विधिद्वारा ब्रह्मको प्राप्ति हुँदैन भनेर लेखिएको छ । त्यसैले यसबाट ऋषिहरूमा सिद्धि प्रकट हुन्छ । अज्ञानताका कारण त्यही भुलभुलैयालाई यिनीहरूले भक्तिको उपलब्धि मान्दछन् । जसकारणले भक्ति गरेर पनि त्यो पद प्राप्त गर्न सकेनन्, जहाँ गए पश्चात् पुनः जन्म हुँदैन किनकि तिनलाई तत्वदर्शी सन्त प्राप्त भएन । सूक्ष्म वेदमा भनिएको छ :-

कबीर, गुरू बिन काहु न पाया ज्ञाना, ज्यों थोथा भुस छडे मूढ किसाना ।
गुरू बिन वेद पढे जो प्राणी, समझे न सार रहे अज्ञानी ॥

गरीब, बहत्तर क्षौणी खा गया, चुणक ऋषिश्वर एक ।
देह धारें जौरा फिरें, सबही काल के भेष ।

भावार्थ :- तत्वदर्शी सन्त गुरू प्राप्त नभएकाले साधकले गरेको साधना मनोमानी आचरण हुन्छ किनकि उसले शास्त्रविधि त्यागेको हुन्छ । जस कारणले साधकलाई कुनै लाभ हुँदैन । गीता अध्याय १६ श्लोक २३-२४ मा प्रमाण छ– हे भारत ! जुन साधकले शास्त्रविधि त्यागेर मनोमानी आचरण गर्छ, उसलाई न सुख हुन्छ, न सिद्धि प्राप्त हुन्छ, न त उसको गति अर्थात् मोक्ष नै हुन्छ । त्यसैले कुन साधना गर्नु हुन्छ वा कुन साधना गर्नु हुँदैन भन्ने विषयमा तिम्रा लागि शास्त्र नै प्रमाण हो ।

गुरू बिना अर्थात् तत्वदर्शी सन्तबिना चाहे वेदहरू पढ वा तिनलाई कण्ठस्थ नै गर, त्यो अर्थहीन नै हुन्छ । जस्तो पहिलेका ब्राह्मणहरू वेदका मन्त्रहरू कण्ठस्थ गर्थे । चारै वेदका मन्त्रहरू याद गर्नेलाई चतुर्वेदी तथा तिन वेदका मन्त्रहरू याद गर्नेलाई त्रिवेदी भनिन्थ्यो । तर तिनीहरूलाई वेदका गूढ रहस्यको ज्ञान भएन, जसकारणले ती ऋषिजन वेदहरू पढेर तथा घोकेर पनि अज्ञानी नै रहे । सूक्ष्म वेदमा भनिएको छ–

"पीठ मनुखा दाख लदी है, ऊँट खात बबूल ।"

भावार्थ :- पहिले रेगिस्तान (मरुभूमि) मा मुनक्का दाख (सुकाएको अङ्गुर) ऊँटमा लादेर लैजान्थे । ऊँटको पिठ्यूँमा यति स्वादिष्ट मुनक्का दाख लादिएको हुन्थ्यो तर स्वयम् ऊँट बबूल (कीकर) को रूखको काँडामा मुख गाडेर बबूलको पात खान्थ्यो । ज्ञान बिना सारा ऋषिजन चारै वेदहरू रुपी मुनक्का दाख बोकेर हिंड्थे तर

पूजा भने काल ब्रह्म (बबूल) को गर्थे, जसबाट न परम धाम तथा न परम शान्ति प्राप्त हुन्थ्यो। फेरि सूक्ष्म वेदमा भनिएको छ :-

बनजारे के बैल ज्यों, फिरा देश-विदेश।
खाण्ड छोड भुष खात है, बिन सतगुरू, उपदेश ॥

भावार्थ :- पहिले गधालाई जस्तो बोरामा खाण्ड (चिनी) भरेर गोरूलाई बोकाए बन्जारा अर्थात् व्यापारीहरूले एक स्थानबाट अर्को स्थानमा ल्याउने-लैजाने गर्थे गोरूको पिठ्यूँमा चिनीको बोरा हुन्थ्यो तर स्वयम् गोरु भुस खान्थ्यो। यसैगरी गुरुबाट तत्वज्ञान प्राप्त नहूँदा ऋषिजन वेदरूपी सक्खर त कण्ठस्थ पार्थे तर त्यसलाई राम्रोसँग न बुझी वेद विरूद्धको साधना गर्थे।

उदाहरण :- श्री देवी पुराण (सचित्र मोटा टाईप केवल हिन्दी, गीता प्रेस गोरखपुरबाट प्रकाशित) को पाँचौ स्कन्द पृष्ठ ४१४ मा लेखिएको छ– वेद व्यास जीले भने- सत्य युगका ब्राह्मण वेदका पूर्ण विद्वान थिए। ती देवी अर्थात् श्री दुर्गा जीको पूजा गर्थे। प्रत्येक गाउँमा श्री देवीको मन्दिर बनाउने तिनको प्रबल इच्छा थियो।

पाठक जन विचार गरौं :-

चारै वेदहरू तथा यिनै वेदहरूका सारांश श्रीमद्भगवत गीतामा पनि कहीं देवीको पूजा गर्न निर्देश छैन भने सत्ययुगका ब्राह्मण केको वेदका विद्वान थिए? यसै श्री देवी पुराणको सातौं स्कन्द पृष्ठ ५६२-५६३ मा श्री देवी जीले राजा हिमालयसँग भनेकी थिइन्– तिमी मेरो पूजा पनि त्याग। यदि ब्रह्म प्राप्ति चाहन्छौ भने अरू सब कुरा त्यागेर केवल ओम् (ॐ) को जाप गर। यो ब्रह्मको मन्त्र हो। यसबाट ब्रह्मलाई प्राप्त गर्ने छौ। ती ब्रह्म ब्रह्मलोक रूपी दिव्य आकाशमा रहन्छन्। पाठकवर्ग। सत्ययुगका ब्रह्मणहरूको त यस्तो ज्ञान तथा साधना थियो भने अहिलेका ब्राह्मणहरूसँग कस्तो ज्ञान होला? सहजै बुझ्न सकिन्छ। यसै श्री देवी पुराणको पाँचौं स्कन्द पृष्ठ ४१४ मा पनि लेखिएको छ– सत्ययुगमा जसलाई राक्षस भनिन्थ्यो, तिनलाई कलियुगमा ब्राह्मण मानिन्छ। ब्राह्मण कुनै जाति विशेष होइन। जुनसुकै जातिको भए पनि परमात्मा अर्थात् ब्रह्मका लागि प्रयत्नशील साधकलाई ब्राह्मण भनिन्छ। अहिले परम्परागत ब्राह्मण कम छन्। सन्त रूपमा ब्रह्म ज्ञान दिनेहरू अधिक छन्। ती ब्राह्मण अर्थात् मार्गदर्शक गुरू कहलिन्छन् तर तत्वज्ञानहीन हुन्। त्यसैले भनिन्छ तत्वदर्शी गुरू बिना कसैलाई वेदका गूढ रहस्यको ज्ञान भएन, जसकारणले वेद पढ्थे तर वेद विरूद्धको साधना गर्थे। वेदहरू तथा गीतामा तीनै देवताहरू (श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जी) को पूजा गर्नु निषेध छ। सारा हिन्दू समाजलाई ज्ञानहीन सन्तहरूको माध्यमबाट यिनै तीन देवताहरूमा केन्द्रित गरिएको छ। श्री देवी दुर्गा, विष्णु जी तथा शिव जीको भक्ति गरि रहेका छन् तथा गराइ रहेका छन्। पहिलेदेखि नै यो लोक वेद (दन्त्य कथा) को ज्ञान चल्दै आइ रहेको छ, जुन आज

मेरा सामुन्ने वूलो पर्खाल बनेर खडा छ । म शास्त्रोक्त ज्ञान भन्छु, प्रोजेक्टरमा देखाउँछु, तर पहिलेका अज्ञानलाई सत्य मानेर सत्य प्रत्यक्ष रूपमा देखेर पनि विश्वास गरि रहेका छैनन्। विरोध गर्दछन्, जेल पठाउँछन् । सूक्ष्म वेदमा भनिएको छ :-

गरीब, वेद पढै पर भेद न जानें, बाँचै पुराण अठारह ।
पत्थरकी पूजा करें, बिसरे सिरजनहारा ।।

भावार्थ : वेद तथा अठार पुराणहरू पढ्छन् र मूर्ति पूजा गर्छन् । वेदोक्त सबैका सिर्जनहार परम अक्षर ब्रह्मलाई भुलेका छन् । अन्य प्रभुहरुको पूजा गरेर ती परम शक्ति तथा सनातन परम धाम अर्थात् परमेश्वरको गीता अध्याय १८ श्लोक ६२ तथा गीता अध्याय १५ श्लोक चारमा भनिएको परम पदबाट बन्चित रहन्छन् । सूक्ष्म वेदमा लेखिएको छ :-

गुरूवा गाम बिगाडे सन्तो, गुरूवा गाम बिगाडे ।
ऐसे कर्म जीव के ला दिए, फिर झडै नही झाडे ।।

भावार्थ : तत्वज्ञानसँग अपरिचित वेदज्ञानहीन गुरूहरुले गाउँ-गाउँमा शास्त्र विरूद्ध ज्ञान एवं भक्तिको अज्ञान सुनाएर तिनीहरूलाई यस्तो भ्रमित तुल्याएका छन् कि अब त सम्झाउँदा पनि शास्त्र विरूद्ध साधना त्याग्न तयार हुँदैनन् ।

गीता अध्याय १६ श्लोक २३ मा लेखिएको छ– शास्त्र विधि त्यागेर मनोमानी आचरण गर्नाले न सिद्धि प्राप्त हुन्छ, न सुख प्राप्त हुन्छ, तथा न त गति (मुक्ति) नै हुन्छ अर्थात् व्यर्थको साधना हो ।

अर्कोतर्फ चुणक ऋषिको कथामा पढि सकिएको छ कि ऋषि चुणक जीलाई सिद्धि प्राप्त भयो । पाठकवर्ग ! यो सम्झनु जरूरी छ कि सिद्धि भक्तिको बाइ प्रोडक्ट हो, जस्तो जौंको पनि भुस हुन्छ, जसमा अधिक तुस हुन्छ । पशुले खायो भने मुखमा घोच्छ र घाउ बनाउँछ । यो सिद्धि काल ब्रह्मको भक्तिबाट प्राप्त हुन्छ, जुन चुणक ऋषि जीलाई प्राप्त भयो ।

शास्त्र विधि अनुसार भक्ति गर्नाले प्राप्त हुने सिद्धिलाई गहूँको भुस सम्झौ, जुन पशुहरूका लागि उपयोगी तथा खानमा सजिलो हुन्छ । भावार्थः शास्त्रविधि अनुसार साधना नगर्दा प्राप्त हुने सिद्धिले साधकलाई नष्ट गर्दछ किनकि अज्ञानतावश त्यसको प्रयोग गरेर ऋषिजनले कसैको हानी गर्दछन्, कसैलाई आशीर्वाद दिएर ओम् (ॐ) नाम जापबाट प्राप्त हुने भक्तिको शक्ति समाप्त गरेर पुनः खाली हुन्छन् ।

जस्तो चुणक ऋषिले चक्रवर्ती राजा मानधाताको ७२ करोड सेना विनाश गरे, आफ्नो भक्तिको सिद्धि पनि गुमाए । सूक्ष्म वेदमा भनिएको छ :-

गरीब, बंहतर क्षौणी क्षय करी, चुणक ऋषिश्वर एक ।
देह धारे जौरा (मृत्यु) फिरै, सब ही काल के भेष ।।

भावार्थ : ऋषिहरूमा सर्व श्रेष्ठ ऋषि चुणक जीले ७२ करोड सेना नाश गरे हेर्दा त यी महात्मा जस्तै देखिन्छन्, आफ्नो सरोकारको कुनै काम पर्‍यो भने स जसरी निस्कन्छन् । स-साना कुरामा कसैलाई श्राप दिनु, कसैसँग बेमतलवमा जो खोज्नु यिनीहरूका लागि आम कुरा हुन्छ ।

"ऋषि दुर्वासाको कर्तुत"

❖ दुर्वासा नामका एक काल ब्रह्मका पूजारी (ब्रह्म साधक) थिए । उनी कतै जा थिए । बाटोमा एउटी सुन्दर अप्सरा (स्वर्गकी नारी) सँग भेट भयो । उनले सुन्द मोतीका माला लगाएकी थिइन् । ऋषि दुर्वासाले ती अप्सरासँग त्यो माला मागे देवपरीलाई दुर्वासा सर्प जस्तै छन्, उनले भनेको कुरा मानेन भने तत्काल श्राप दिन्छन् भन्ने थाहा थियो । ती अप्सराले गलाबाट माला निकालेर आदरपूर्वक ऋषि जीला दिइन् । ऋषि जीले त्यो माला कपालको जुडोमा लगाए र हिडे । बाटामा स्वर्गका राजा इन्द्र आफ्नो ऐरावत हात्तिमा चढेर आउँदै थिए । उनका अगाडि-अगाडि अप्सरा तथा गन्धर्वहरू गाउँदै-बाजा बजाउँदै हिडि रहेका थिए । अन्य करोडौ देवी-देवताहरू सम्मानका लागि साथ साथै हिंडि रहेका थिए । ऋषि दुर्वासाले आफ्नो शिरबाट माला निकालेर इन्द्रतर्फ फ्याँके । इन्द्रले त्यो माला हात्तिको गर्दनमा राखि दिए । हात्तिले त्यो माला आफ्नो सुंढले झिकेर जमीनमा फ्याँकि दियो । हात्तिमा सवार हूँदा इन्द्रलाई कुनै भक्त वा देवताले फूलमाला चढाउँदा त्यो फूलमाला पछि हात्तिको गर्दनमा राख्ने गर्थे । हात्तिले त्यो झिकेर फ्याँक्थ्यो । त्यही आधारमा दुर्वासा ऋषिले दिएका माला पनि हात्तिले फ्याँकि दियो ।

यी सब देखेर दुर्वासा ऋषि क्रोधित भए र भने– हे इन्द्र ! तँलाई राज्यको अभिमान भएछ । मैले दिएको मालाको अनादर गरिस् । म तेरो सारा राज्य नष्ट होस् भन्ने श्राप दिन्छु भने । देवराज इन्द्र थरथर काम्दै भने– हे विप्र । मैले हजुरको मालालाई आदरपूर्वक ग्रहण गरेर हात्तिमाथि राखेको थिएँ । हात्तिले आफ्नो औपचारिकताका कारण तल जमीनमा राखि दियो । मलाई माफ गर्नु होस् । इन्द्रले हात्तिबाट तल ओर्लेर बारम्बार करबद्ध भएर दण्डवत् प्रणाम गरेर क्षमा याचना गरे तर ऋषि दुर्वासा मान्दै मानेनन् । उनले मैले भनेको कुरा फिर्ता हुनै सक्दैन भने । केही समय पश्चात् नै इन्द्रको सर्वनाश भयो र स्वर्ग उजाडियो ।

❖ एक समय ऋषि दुर्वासा जी द्वारिका नगर नजिकैको जङ्गलमा केही समयका लागि बसे । दुर्वासा आफ्नो नगरको नजिक आएका छन् भन्ने कुरो द्वारिका बासीले थाहा पाए । यिनी त्रिकालदर्शी तथा सिद्धियुक्त ऋषि हुन् भन्ने सुनेका थिए तर द्वारिका बासीहरू श्री कृष्ण बाहेक कसैलाई शक्तिशाली मान्दैनथे । श्री कृष्णका पुत्र श्री प्रद्युम्न सहित थुप्रै यादवहरूले ऋषि दुर्वासाको परीक्षा लिने विचार गरेर योजना बनाए किनकि उनीहरूले ऋषि दुर्वासा त्रिकालदर्शी तथा मनको कुरा पनि बताउन सक्ने अन्तर्यामी छन् भन्ने सुनेका थिए । यस्तो विचार गरेर प्रद्युम्नलाई गर्भवती आइमाई बनाएर १०-१२

जना मानिसहरू ऋषि भएको ठाउँमा गए । एक जनालाई उनको पति पनि बनाएका थिए । दुर्वासा ऋषिका सामु गएर भने– हे ऋषि जी ! यी महिलालाई धेरै समय पश्चात् परमात्माको कृपा प्राप्त भएकाले गर्भ रहेको छ । यिनी महिलाका पति हुन् । यी दुवै गर्भमा छोरा छ कि छोरी भन्ने जान्न बडो उत्सुक छन् । हजुर त अन्तर्यामी हुनु हुन्छ, कृपया बताउनु होस् । उनीहरूले प्रद्युम्नको पेटमा एउटा सानो कराही बाधेका थिए । त्यसमाथि रूवाको डल्लो तथा पुराना कपडा बाँधेर गर्भ बनाएका थिए र महिलाको पहिरन लगाइ दिएका थिए । ऋषि दुर्वासाले दिव्य दृष्टिद्वारा हेरे र यिनीहरू, मसँग मजाक गर्न आएका हुन् भन्ने थाहा पाए । दुर्वासा जी यो गर्भबाट यादव कुलको विनाश हुने छ भनेर क्रोधित भए । सबैजना त्यहाँबाट हिंडे ।

नगर भरी ऋषि दुर्वासाले यादवहरूको नाश हुने छ भनेर श्राप दिएको कुरो आगो जसरी फैलियो । उनीहरूलाई हामीसँग सर्व शक्तिमान भगवान अखिल ब्रह्माण्डका नायक श्री कृष्ण छन् र हामीलाई दुर्वासा ऋषिले दिएका श्रापको प्रभाव पर्दैन भन्ने विश्वास थियो, तर पनि केही बुद्धिजीवि मानिसहरू जम्मा भएर श्री कृष्णका समीपमा गएर बच्चाहरूले ऋषि दुर्वासासँग गरेको ख्याल ठट्टा र ऋषि दुर्वासाले दिएको श्रापको बारेमा वृतान्त सुनाए । केही समय सोच मग्न भएर श्री कृष्ण जीले बच्चाहरूलाई साथमै लिएर गई क्षमा माग भने । दुर्वासाको सामु गए, क्षमा याचना गरे तर ऋषि दुर्वासाले मैले भनेको कुरा फिर्ता हुन सक्दैन भने ।

सारा मानिसहरू फर्किए श्री कृष्णका सामु गई सारा कुरा सुनाए । द्वारिकामा भोजन बन्द भयो । सारा नगर चिन्तामा डुब्यो । श्री कृष्णले भने– चिन्ता किन गर्छौ ? गर्भमा प्रयोग गरिएको वस्तुले हाम्रो विनाश हुन्छ भनेका छन् । यसो गर, कपडा र रूवा जलाएर र फलामको कराही ढुङ्गामा घोटेर प्रभास क्षेत्र (यमुना नदीको किनारको एक स्थानको नाम) मा यमुना नदीमा हालि देओ । त्यहीं बसेर घोट, चुरा (चुर्ण) तथा खरानी पनि पानीमा बगाइ देओ । न रहन्छ बाँस, न बज्छ बाँसुरी ? जब गर्भमा भएका सामान नै रहेन भने हाम्रो नाश कसरी हुन्छ ? द्वारिका बासीलाई यो कुरा राम्रो लाग्यो र सङ्कट मुक्त महसुस गरे । श्री कृष्ण जीको आदेश अनुसार सबथोक गरे । कराहीको एउटा कडा राम्रोसँग घोटिएन । त्यसलाई त्यत्तिकै यमुना नदीमा फ्याँकि दिए । त्यो चम्किलो खाद्य पदार्थ सम्झेर एउटा माछाले खायो । बालिया नामक एउटा भिल्लले त्यो माछा समात्यो । माछा काटेपछि त्यसबाट निस्किएको त्यो धातु जाँच गरेर विषयुक्त बनाएर आफ्नो तीरको अघिल्लो भागमा लगायो र सुरक्षितसँग राख्यो । फलामको कराही घोट्दा निस्किएको चुरा (चुर्ण/लेप) पानीमा हालेपछि लामा-लामा सरकण्ड (करौती) जस्तो घाँसको रूपमा यमुना नदीको किनारमा उम्रियो ।

केही समय पश्चात् द्वारिका नगरीमा उत्पात मच्चिन थाल्यो । स-साना कुरा नै एक-अर्कालाई मार्न थाले । आपसमा शत्रुता बढ्न थाल्यो । नगरका मानिसहरूको यस्तो दशा देखेर नगरका गन्यमान्य व्यक्तिहरू श्री कृष्ण सामु गएर सारा कुरा सुनाए र यसको कारण सोधे किनकि श्री कृष्ण जी यादव तथा पाण्डवहरूका आध्यात्मिक गुरु थिए । सङ्कटको निवारण गुरुबाट नै गराइन्छ । श्री कृष्ण जीले कारण बताए- दुर्वासा ऋषिले दिएको श्राप फल्दै छ । यसको समाधानका लागि भर्खर जन्मिएको बालक भए पनि पुरुष यादवहरू त्यो फलामको कराही घोटेको प्रभास क्षेत्रमा गई यमुना नदीमा स्नान गर, तब तिमीहरू श्राप मुक्त हुने छौ । सारा द्वारिका बासीले श्री कृष्ण जीको आज्ञा पालन गरे । सारा पुरुष यादवहरू श्राप मुक्त हुने ध्येयले स्नान गर्न गए । ऋषि दुर्वासाको श्रापको कारणले सारा यादवहरू समूह बनाएर जम्मा भए । श्राप मुक्त भएपछि आपसी मतभेद समाप्त हुन्छ कि भन्ने उद्देश्यले पहिले स्नान गरे, तर यसो भएन । पहिले सबैले स्नान गरे अनि आपसमा गाली-गलौज सुरू भयो । फलामको कराही घोट्दा निस्किएको चुर्णबाट उम्रिएको घाँसको पातले तरवारको जस्तै काम गर्थ्यो । त्यही सरकण्डा उखेलेर एक-अर्कालाई हान्न थाले । सरकण्डाले लाग्ना साथ शिर छिन्थ्यो र शरीरबाट अलग भएर झर्थ्यो । यसरी सारा यादवहरू आपसमा काटिएर मरे । केही दुई चार सय बाँकी थिए । त्यसै बेला श्री कृष्ण पनि त्यहाँ पुगे । उनले पनि त्यो घाँस उखेले । त्यो फलामको मुसल बन्यो । बाँकी बचेका आफ्ना वंशजहरूलाई स्वयम् कृष्णले मारे ।

त्यसपछि श्री कृष्ण जी एउटा रूखमुनि विश्राम गर्न थाले । त्यत्तिकैमा दैव संयोगले फलामको कराहीको कडाको विषाक्त तीर बनाएको बालिया नामक त्यो भिल्ल पनि त्यही तीर लिएर सिकारको खोजमा श्री कृष्ण जी विश्राम गरि रहेको स्थानमा आए । श्री कृष्ण जीको दायाँ पैतालामा पद्म बनेको थियो, त्यसबाट सय वाटको जस्तो चमक आइ रहेको थियो । रूखको झ्याङ तल सम्म लत्रेको थियो । त्यसको बिचबाट पद्मको चमक अस्पष्ट देखिन्थ्यो । बालिया भिल्लले त्यो हरिणको आँखा होला भनेर हरिणलाई मार्नका लागि तीर चलायो । तीर श्री कृष्ण जीको गोडामा लाग्यो । उनी मरें, मरें भनेर कराउन थाले । बालियालाई तीर कुनै व्यक्तिलाई लाग्यो भन्ने आभास भयो । दौडेर गएर हेर्दा त द्वारिकाधीश पीडाले छटपटाइ रहेका थिए । बालियाले भन्यो- हे महाराज । मबाट अन्जानमा तीर चल्यो । हजुरको पैतालाको चमकलाई हरिणको आँखा सम्झेर तीर हानें । मबाट गल्ति भयो, मलाई माफ गर्नु होस् महाराज । तब श्री कृष्ण जीले भने– तिमीबाट कुनै गल्ति भएको छैन। यो तिम्रो र मेरो पछिल्लो जीवनको लेनदेन हो । त्यो मैले चुकाएँ । तिमी त्रेतायुगमा सुग्रिवको भाइ बाली थियौ,

म दशरथका पुत्र रामचन्द्र थिएँ । मैले पनि तिमीलाई रूखको आड लिएर धोकापूर्वक मारेको थिएँ । त्यही बदला पूरा गरेका हौ ।

यसरी दुर्वासा ऋषिका श्रापबाट सम्पूर्ण यादव कूल नष्ट भयो । वर्तमानमा भएका यादवहरू त्यस बेला माताको गर्भमा थिए र पछि जन्मे । सूक्ष्म वेदमा लेखिएको छ :-

गरीब, दुर्वासा कोपे तहाँ, समझ न आई नीच ।

छप्पन करोड यादव कटे, मची रुधिर की कीच ॥

सरलार्थ :- दुर्वासाले बच्चाहरूले गरेको ख्याल ठट्टालाई यत्ति गम्भीरतापूर्वक लिए कि उनीहरूको कूल नाश हुने श्राप दिए । ती नीच दुर्वासाले के अनर्थ हुन्छ भन्ने पनि सोचेनन् । कुरा खासै केही पनि थिएन, तर दुर्वासा नीच ऋषिले यति ठूलो अपराध गरे कि छपन्न करोड यादवहरू आपसमा काटिएर मरे र रगत बगेर हिलो नै भयो ।

त्यसैगरी चुणक ऋषिले बेमतलवमा जोरी खोजेर राजा मानधाताका ७२ करोड सेना नाश गरे ।

❖ कपिल नामक एक ऋषि थिए । उनलाई भगवान विष्णुको २४ अवतारमध्ये एक मानिन्थ्यो । उनी तपस्या गरि रहेका थिए । अर्का एक सगड नामका राजा थिए । उनका ६० हजार पुत्र थिए । कुनै ऋषिले एउटा तलाउ, एउटा कुवाँ र एउटा बगैचा बनाएमा एक अश्वमेघ यज्ञ बराबरको फल प्राप्त हुन्छ भनेको सुनेपछि राजा सगडका छोराहरू तत्काल यो कार्य गर्न सुरू गरे । जान्ने बुझ्ने मानिसहरूले यसरी जहाँ तहाँ तलाऊ, कुवाँ तथा बगैंचा बनाउँदा पृथ्वीमा अन्न उत्पादन हुने ठाउँ रहने छैन भन्ने प्रतिक्रिया दिए । कुनै राजाले विरोध गर्दा उनीहरूसँग युद्ध गर्थे । सगड राजाका पुत्रहरूले आफ्नो साथमा एउटा घोडा लिएर हिँडे । त्यस घोडाको घाँटीमा यदि कसैले हाम्रो कार्यमा बाधा व्यवधान पुऱ्याउने हो भने यो घोडा समातु र युद्धका लागि तयार रहनु भन्ने व्यहोरा लेखिको पत्र झुण्ड्याइएको थियो । ती विपरीत बुद्धि भएकाहरूसँग कसले टक्कर लिनु ? पृथ्वी देवी भगवान विष्णु कहाँ गइन् र गाइको रूप धारण गरेर भनिन्- हे भगवान । पृथ्वीमा एक सगड राजा छन् । उनका ६० हजार पुत्र छन् । यिनीहरू यसरी पागल भएका छन् कि मलाई खनि सके । त्यहाँ मानवहरूका लागि खान आवश्यक अन्न पनि उब्जन सक्दैन । भगवान विष्णुले तिमी जाऊ, उनीहरूले अब केही गर्ने छैनन् भने । भगवान विष्णुले देवराज इन्द्रलाई बोलाएर सम्झाए- राजा सगडका ६० हजार पुत्रहरू यज्ञ गर्दै छन् । यदि उनीहरूको १०० यज्ञ पूरा भयो भने तिम्रो इन्द्रगद्दी उनीहरूलाई दिनु पर्ने छ । सम्भव छ भने समय रहँदै केही गर । इन्द्रले आफ्नो नोकरलाई सबैथोक सम्झाएर बुझाएर पठाए । राति राजा सगडका पुत्रहरू घोडा रूखमा बाँधेर सुति रहेका थिए । ती देवराज इन्द्रका दूतहरूले घोडा खोलेर लगि तपस्वी कपिल जीको तिघ्रामा बाँधि दिए । कपिल ऋषि वर्षौंदेखि तपस्या गरि रहेकाले उनको शरीर अस्थिपञ्जर जस्तो भएको थियो । पद्म आसनमा थिए । गोडा पनि पातलो थियो । वर्षाको समयमा रूखको जराबाट माटो बगेर जराको बिचमा

६-७ इञ्चको खाली प्वाल (Gap) भए जस्तै ऋषि कपिलका गोडा बिचमा थियो । इन्द्रका नोकरहरूले गोडा बिचमा भएको खाली प्वालमा घोडा बाँधि दिए ।

राजाका छोराहरूले विहान उठ्नासाथ घोडा हेरे । घोडाको खोजीमा युद्ध तयारीका साथ ६० हजारको समुह हिंड्यो । घोडाको पद चिन्ह हेर्दै कपिल मु आश्रममा पुगे । घोडालाई बाँधेको देखर सगड राजाका पुत्रहरूले ऋषि कपिल कोखमा भालाले घोचे । कपिल जीका पलकहरू बढेर लामो भई जमिनमा पुगेका ऋषि जीलाई असह्य पीडा भएपछि रिसाएर पलकहरू हातमा लिएर उठाए, आँख अग्निवाण छुट्यो । सगडका ६० हजार पुत्रहरूको सेना बिटा वा मुठा झैं असरल्ल अर्थात् सगडका ६० हजार छोराहरू एक चिहान भए । सूक्ष्म वेदमा भनिएको छ :-

६० हजार सगड के होते, कपिल मुनिश्वर खाए ।
जै परमेश्वर के करैं भक्ति, तो अजर-अमर हो जाए ।
७२ क्षौणी खा गया चुणक ऋषिश्वर एक ।
देहे धारें जौरा फिरैं, सभी कालके भेष ॥
दुर्वासा कोपे तहाँ, समझ न आई नीच ।
५६ करोड यादव कटे मची रूधिर की कीच ॥

भावार्थ :- कपिल मुनि जी, चुणक मुनि जी तथा दुर्वासा मुनि जी संसा कत्ति प्रसिद्ध छन्, यी सब काल ब्रह्मको भक्ति गर्ने भेषधारी ऋषि हुन् । यी हिंड- गर्ने मृत्यु थिए । मनुष्य रूपमा हिंड-डुल गर्ने घाल (घाल = माटोको एउटा स भाँडोलाई तान्त्रिक विद्याद्वारा आकाशमा उडाएर शत्रुलाई भेद्छ, त्यसबाट ठूलो ह हुन्छ) हुन् । मुलवश सोझा-साझा प्राणीहरू यिनीहरूलाई महान आत्मा ठान्दछन् ।

यी सबै ज्ञानी आत्मा थिए । उदार हृदयका थिए । परमात्मा प्राप्ति तथा आप कल्याणका लागि तन, मन, धन अर्पण गरे तर तत्वदर्शी सन्त प्राप्त नभएकाले क ब्रह्मलाई एक समर्थ प्रभु मानेर गल्ती गरे । ओम् (ॐ) नामको जाप तथा अत्यधि हठयोग समाधीद्वारा उनैको साधना गरे । जसबाट परमात्मा प्राप्ति त हुँदैन नै, उल्टो हानी हुन्छ किनकि यो साधना शास्त्र विरूद्ध छ । गीता अध्याय १६ श्लोक २ २४ मा शास्त्रविधि त्यागेर जसले मनोमानी आचरण, गर्दछ, उसको साधना व्यर्थ छ ती उदार आत्माहरू यसैकारणले काल ब्रह्मको अनुत्तम गतिमा स्थित रहे भनिएको छ

गीता अध्याय १७ श्लोक ५ र ६ मा भनिएको छ :

❖ जो मनुष्य शास्त्र विधि रहित केवल मनोकल्पित घोर तप ताप्दछन् र द अहङ्कार युक्त, कामना आशक्ति अभिमानले युक्त छन् । (गीता अध्याय १७ श्लोक ५)

❖ शरीरमा स्थित सम्पूर्ण कमलहरूमा देव शक्तिहरू तथा पूर्ण परमात्मा तथा मलाई पनि कृश गर्ने अर्थात् कष्ट दिने अज्ञानीहरूलाई तिमी असुर स्वभाव भएको जान (गीता अध्याय १७ श्लोक ६)

❖ यही प्रमाण गीता अध्याय १६ श्लोक १७ देखि २० मा छ ।

❖ ती आफू स्वयम्लाई श्रेष्ठ ठान्ने घमण्डी पुरुष धन र मानको मदले युक्त भएर केवल नाम मात्रको यज्ञहरूद्वारा पाखण्डपूर्वक शास्त्रविधि रहित पूजन गर्दछन् । (गीता अध्याय १६ श्लोक १७)

❖ अहङ्कार, बल, घमण्ड, कामना, क्रोध आदि वशमा रहेका र अर्काको निन्दा गर्ने पुरुष आफ्नो र अर्काको शरीरमा स्थित मसँग द्वेष गर्ने हुन्छन् । (गीता अध्याय १६ श्लोक १८)

❖ वचनद्वारा करोडौं व्यक्तिहरूको हत्या गर्ने ती द्वेष गर्ने पापाचारी क्रुरकर्मी नराधमहरू अर्थात् नीच मनुष्यहरूलाई म संसारमा बारम्बार आसुरी अर्थात् राक्षसी योनीहरूमा नै हाल्छु । (गीता अध्याय १६ श्लोक १९) सूक्ष्म वेदमा पनि यिनीहरूलाई नीच भनिएको छ :-

दुर्वासा कोपे तहाँ, समझ न आई नीच ।
५६ करोड यादव कटे, मची रूधीर की कीच ॥

हे अर्जुन ! मूर्खहरूले मलाई प्राप्त नगरी नै जन्मौ-जन्मसम्म आसुरी योनी प्राप्त गर्दछन्, त्यसभन्दा पनि अति नीच गति प्राप्त गर्दछन् अर्थात् घोर नर्कमा पर्दछन् । (गीता अध्याय १७ श्लोक २०)

❖ उपरोक्त प्रमाणहरूबाट गीता अध्याय ७ श्लोक १८ मा गीता ज्ञान दाताले आफ्नो साधनाले हुने गतिलाई पनि यिनै कारणले अनुत्तम अर्थात् घटिया भनेका छन् भन्ने सिद्ध हुन्छ । यस श्लोकमा भनेका छन् :-

❖ गीता अध्याय ७ श्लोक १८ = गीता ज्ञानदाताले भनेका छन्- चौथो प्रकारका ज्ञानी साधक सबै उदार छन् किनकि परमात्मा प्राप्तिका लागि आफ्नो शरीर नष्ट हुने कुराको वास्ता गरेनन् र हजारौं वर्ष भोकै-प्यासै साधनारत रहे तर तत्वदर्शी सन्त प्राप्त नहुनाले ती सबै मेरो अनुत्तम अर्थात् घटिया गति अर्थात् माथि ऋषिहरूलाई प्राप्त भएको जस्तै ब्रह्म साधनाबाट हुने मोक्षमा स्थित रहे अर्थात् जन्म-मरण, चौरासी लाख योनीहरूको चक्करको गतिमा रहे । (गीता अध्याय ७ श्लोक १८)

❖ निष्कर्षः चुणक, दुर्वासा तथा कपिल ऋषिले जाप गरेको ओम् (ॐ) नामको भक्तिको फलस्वरूप यिनीहरू केही समय ब्रह्मलोकमा जाने छन् । त्यहाँ भक्ति समाप्त पारी पुनः पृथ्वीमा राजा बन्ने छन् किनकि सूक्ष्म वेदमा लेखिएको छ :-

तप से राज, राज मध मानम्, जन्म तीसरे शुकर स्वानम् ।

अनि कुकुर, गधा, बन्ने छन्, अनि नर्क जाने छन् । कुकुर बनेपछि यिनको शिरमा किरा पर्ने छ । यिनका श्रापबाट मरेकाहरूको पाप यिनीहरूले भोग्नु पर्ने छ । किराले छानी-छानी यिनका मासु खाने छन् । त्यसैले यस्ता साधकहरूको विषयमा गीतामा बताइएका कुराहरू माथि पढियो ।

❖ उपरोक्त कथाहरूबाट प्राप्त साराश :-

१. ब्रह्म साधना अनुत्तम (घटिया) छ ।

२. तीन ताप श्री कृष्ण जीले पनि समाप्त गर्न सकेनन् । श्राप दिनु तीन (दैविक ताप) मा पर्दछ । दुर्वासाको श्रापको शिकार स्वयम् श्री कृष्ण सहित यादवहरू पनि भए ।

३. श्री कृष्ण जीले श्राप मुक्त हुनका लागि यमुनामा स्नान गर्ने समाध उपाय बताए । त्यसबाट श्राप नाश होइन, यादवहरूको विनाश भने अवश्य भ विचार गरौ :- यस्ता स्नान या तीर्थ गर्नाले सङ्कट मुक्त भइन्छ भन्ने सल्लाह सन्त तथा ब्राह्मण कत्ति प्रभावकारी होलान् ? अर्थात् यिनीहरूको सल्लाह तथा स मुक्त हुने उपाय व्यर्थ छन् किनकि भगवान त्रिलोकीनाथले बताएका यमुना स्न समाधानले केही लाभ भएन भने अन्य टपर्टुइयाँहरू, ब्राह्मणहरू तथा गुरुहरू बताइएका स्नान आदि गर्ने समाधानका उपायहरूबाट केही हुने वाला छैन ।

४. पहिले श्रीकृष्ण जीले दुर्वासाको श्रापबाट बच्ने तरिका बताएका थिए । करामीलाई घोटेर चुर्ण बनाएर युमना नदीको प्रवास क्षेत्रमा फाल्न भनेका थिए रहने छ बाँस, न बज्ने छ बाँसुरी तर बाँस पनि रह्यो र ५६ करोड यादवह बाँसुरी पनि बज्यो ।

सज्जनवर्ग । अहिलेका मानिसहरू बुद्धिमान छन्, शिक्षित छन् । म (रामपाल दास) द्वारा बताइएका ज्ञान शास्त्रसँग दाँजेर परख गरी भक्ति गरेर हेर्नु ह अनि के अचम्म हुन्छ भन्ने कुराको महसुस हुने छ ।

❖ प्रसङ्ग अगाडि बढाऔं :-

१. तीनै गुणहरू (रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव जी) को भ गर्नु व्यर्थ सिद्ध भयो ।

२. गीता ज्ञानदाता ब्रह्मको भक्ति स्वयम् गीता ज्ञानदाताले गीता अध्याय ७ श्लो १८ मा अनुत्तम भनेका छन् । उनले गीता अध्याय १८ श्लोक ६२ मा तिनै परमेश अर्थात् परम अक्षर ब्रह्मको शरणमा जान भनेका छन् । उनै परमेश्वरको कृपाले तिमीलाई परम शान्ति तथा सनातन परम धाम प्राप्त हुने छ पनि भनेका छन् ।

३. गीता अध्याय १५ श्लोक १ देखि ४ मा संसार रूपी वृक्षको वर्णन छ त तत्वदर्शी सन्तको पहिचान पनि बताइएको छ । संसार रूपी वृक्षका सम्पूर्ण भागहरू ज (मूल) कुन परमेश्वर हुन् ? फेद कुन प्रभु हुन् ? हाँगा कुन प्रभु हुन्? शाखाहरू कु कुन देवता हुन् ? पात रूप संसार हो जस्ता कुराहरूको वर्णन छ ।

यसै अध्याय १५ श्लोक १६ मा स्पष्ट पारिएको छ :-

१. क्षर पुरूष (यी २१ ब्रह्माण्डका मालिक हुन्) :- यिनलाई ब्रह्म, काल ब्रह्म ज्योति (निरञ्जन पनि भनिएको छ । यी नाशवान छन् । हामी यिनैको लोकमा ब रहेका छौं । हामी यिनको लोकबाट मुक्त हुनु छ तथा आफ्ना परमात्मा कबीर जीक समीप सतलोकमा जानु छ ।

२. अक्षर पुरुष :- यी सात शङ्ख ब्रह्माण्डका प्रमुख हुन् । यिनी पनि नाशवान छन् । हामीले यिनको सात शङ्ख ब्रह्माण्ड हुँदै सत्यलोक जानु छ । त्यसैले यिनक भाडा तिर्नु छ । यिनीसँग हाम्रो यति मात्र काम हो ।

❖ गीता अध्याय १५ श्लोक १७ मा भनेका छन् :-

उत्तम : पुरुषः तू अन्यः परमात्मा इति उदाहृतः ।
यः लोक त्रयम् आविश्य विभर्ति अव्ययः ईश्वरः ॥

सरलार्थ :- गीता अध्याय १५ श्लोक १६ मा भनिएका दुई पुरुषहरू- एक क्षर पुरुष र अर्को अक्षर पुरुष हुन् । उत्तम पुरूष अर्थात् पुरुषोत्तम यी दुईभन्दा भिन्न छन्, उनैलाई परमात्मा भनिन्छ, जसले तीनै लोकमा प्रवेश गरेर सबको भरण-पोषण गर्दछन् । उनी वास्तवमा अविनाशी परमात्मा हुन् । (गीता अध्याय १५ श्लोक १७) गीता अध्याय ३ श्लोक १४-१५ मा पनि स्पष्ट छ– सर्वगतम् ब्रह्म अर्थात् सर्वव्यापी परमात्मा सच्चिदानन्द घन ब्रह्म हुन् । उनलाई वासुदेव पनि भनिन्छ । जसको विषयमा गीता अध्याय ७ श्लोक १९ मा पनि भनिएको छ– उनी नै सदा यज्ञहरू अर्थात्, धार्मिक अनुष्ठानहरूमा प्रतिष्ठित छन् अर्थात् इष्ट रूपमा पूज्य छन् ।

पूर्ण गुरूबाट दीक्षा लिएर मर्यादामा रही भक्ति गर । यसरी जिउने मार्गमा हिंडेर संसारमा सुखी जीवन जिऔं तथा मोक्ष रूपी गन्तव्य प्राप्त गरौं ।

भक्ति अवश्य गर

❖ कबीर परमेश्वर जी फेरि भन्नु हुन्छ :-

बिन उपदेश अचम्भ है, क्यों जिवत हैं प्राण ।
भक्ति बिना कहाँ ठौर है, ये नर नाहीं पाषाण ॥

भावार्थः - परमात्मा कबीर जी भन्नु हुन्छ- हे भोला-भाला मानव । मलाई आश्चर्य छ कि तिमी गुरूबाट दीक्षा लिए बिना नै कुन आशा लिएर जीवित छौ । न त शरीर तिम्रो हो, यो पनि त्यागेर जान्छौ । अनिं सम्पत्ति तिम्रो कसरी हुन सक्छ ?

कबीर, काया तेरी है नही, माया कहाँ से होय ।
भक्ति कर दिल पाक से, जीवन है दिन दोय ॥

जसलाई भक्ति बिना जीवको कहीं पनि ठेगाना छैन भन्ने विवेक छैन, ती नर अर्थात् मानव नै होइनन्, ती त ढुङ्गा हुन् । तिनको बुद्धिमा पत्थर गिरेको छ । कबीर जी फेरि भन्नु हुन्छ : बेगारको परिभाषा :-

अगम निगम को खोज ले, बुद्धि विवेक विचार ।
उदय-अस्त का राज मिले, तो बिन नाम बेगार ॥

भावार्थ :- पहिलेको समयमा पुलिस थानामा जीप-कार आदि गाडीहरू हुदैनथ्यो । जब पुलिसवालाले कहीं कतै छापा मार्नु पर्दा थ्री ह्वीलर वा फोर ह्वीलर भएका मानिसलाई जबरजस्ती समातेर ल्याउँथे र त्यसमा बसेर जानु, पर्ने ठाउँमा लिएर जान्थे । ड्राइभर पनि थ्री ह्वीलरकै मालिक हुन्थ्यो र पेट्रोल-डिजल पनि उसले आफैले हाल्थ्यो । त्यस दिन उसले मजदुरी पनि गर्न पाउदैनथ्यो । पुलिसहरूले उसलाई सारा दिन यता-उता घुमाइ रहन्थे । आज यो दिनभरी काम गरि रहेको छ, यसको आज

कमाइ पनि राम्रै हुन्छ भनेर आम व्यक्तिहरू सोच्थे, तर उसैको मनलाई मात्र थाह थियो, त्यस दिन उसलाई के भइ रहेको थियो । यस्तै राजाहरू यस जन्ममा भक्ति नगरी केवल राज्य व्यवस्था कायम गर्ने कार्यमा जीवन समाप्त गरि रहेका छन् भने ती बेगारको काम गरेर जान्छन् । पूर्व जन्मको धर्म-कर्मले राजा बन्छन् । वर्तमान जन्ममा त्यही पुण्य खाइ तथा खर्च गरि रहेको हुन्छ । जनतालाई त राजा बडो मोज गरि रहेको छ भन्ने महसुस हुन्छ तर आध्यात्मिक दृष्टिले त उसले बेगार गरि रहेको छ। भक्ति कमाइ गरि रहेको छैन । यदि व्यक्तिले पूर्णगुरुबाट दीक्षा लिएर भक्ति गर्दैन भने उसले चाहे उदय-अस्त अर्थात् सम्पूर्ण पृथ्वीको राज्य प्राप्त गरे पनि उसले थ्री ह्वीलरको धनीले जस्तो व्यर्थको दौड धुप अर्थात् चहल पहल गरि रहेको छ । उसलाई कुनै लाभ हुदैन । त्यसैले राजा होस् वा प्रजा, धनी होस् वा निर्धन सबैले नयाँ सिराबाट भक्ति गर्नु पर्छ । त्यसैबाट उसको भविष्य उज्ज्वल हुन्छ ।

❖ परमात्मा कबीर जीले आफ्ना शिष्य सन्त गरीबदास जीलाई तत्वज्ञान सम्झाउनु भयो, जुन यस प्रकार छ :- (राग आसावरी शब्द नं. १)

मन तू चलि रे सुख के सागर, जहाँ शब्द सिंधु रत्नागर ।(टेक)
कोटि जन्म तोहे मरतां होगे, कुछ नहीं हाथ लगा रे ।
कुकर-सुकर खर भया बौरे, कौआ हँस बुगा रे ।।(१)
कोटि जन्म तू राजा किन्हा, मिटि न मन की आशा ।
भिक्षुक होकर दर-दर हांड्या, मिल्या न निर्गुण रासा ।।(२)
इन्द्र कुबेर ईश की पद्वी, ब्रह्मा, वरुण धर्मराया ।
विष्णुनाथ के पुर कूं जाकर, बहुर अपूठा आया ।।(३)
असँख्य जन्म तोहे मरते होगे, जीवित क्यूं ना मरै रे ।
द्वादश मध्य महल मठ बौरे, बहुर न देह धरै रे ।।(४)
दोजख बहिश्त सभी तै देखे, राज-पाट के रसिया ।
तीन लोक से तृप्त नाहीं, यह मन भोगी खसिया ।।(५)
सतगुरु मिलै तो इच्छा मेटैं, पद मिल पदै समाना ।
चल हँसा उस लोक पठाऊँ, जो आदि अमर अस्थाना ।।(६)
चार मुक्ति जहाँ चम्पी करती, माया हो रही दासी ।
दास गरीब अभय पद परसै, मिलै राम अविनाशी ।।(७)

सूक्ष्मवेदका वाणीको सरलार्थ :-

वाणीको सरलार्थ :- आत्मा र मनलाई पात्र बनाएर सन्त गरीबदास जीले संसारका मानवलाई सम्झाएका छन् । उनी भन्छन्— संसार दुःखको घर हो । यसभन्दा भिन्न एउटा अर्को संसार छ । जहाँ कुनै दुःख छैन । त्यो ठाउँ (सनातन परम धाम=सतलोक) हो तथा त्यहाँका प्रभु (अविनाशी परमेश्वर) सुखहरूका सागर हुनु हुन्छ ।

सुख सागर अर्थात् अमर परमात्मा एवं उनको राजधानी अमर लोकको संक्षिप्त परिभाषा बताएका छन् :-

शंखों लहर मेहर की ऊपजै, कहर नही जहाँ कोई ।
दास गरीब अचल अविनाशी, सुख का सागर सोई ॥

भावार्थ :- जत्तिखेर म (लेखक) एक्लै हुन्छु, तब कहिले काहीं भित्रदेखि नै यस्तो तरङ्ग उठ्छ, त्यसबेला सबै आफ्नै जस्तो लाग्छ, चाहे कसैले मलाई जत्ति नै दुःख दिएको होस् । ऊ प्रति द्वेष भावना रहदैन । सबैप्रति दयाको भाव रहन्छ । यो अवस्था केही मिनट मात्र रहन्छ । त्यसलाई दयाको लहर भनिएको छ । सतलोक अर्थात् सनातन परम धाममा गए पश्चात् प्रत्येक प्राणीलाई बडो आनन्द आउँछ । त्यहाँ यस्ता असङ्ख्यौं लहरहरू आत्मामा उठि रहन्छ । जब त्यो लहर मेरो आत्माबाट हट्छ अनि उही दुःखमय स्थिति प्रारम्भ हुन्छ । उसले यस्तो किन भन्यो? त्यो व्यक्ति राम्रो छैन, त्यो हानी भयो, यसो भयो, त्यसो भयो । यसलाई कहर (दुःख) को लहर भनिन्छ ।

त्यस सतलोकमा मेहर (दया) को असङ्ख्य लहर उठ्दछन्, त्यहाँ कुनै कहर (भयङ्कर दुःख) छैन । त्यसो त सतलोकमा कुनै दुःख छैन । कहरको अर्थ भयङ्कर दुःख हुन्छ । जस्तो एउटा गाउँमा आपसी शत्रुताका कारण विरोधीले अर्को पक्षको एउटा परिवारको तीन सदस्यहरूको हत्या गरे, कतै भुकम्पका कारण हजारौं व्यक्ति मर्दछन् । यसलाई कहर टुट्नु वा कहर गरि दिनु भनिन्छ । माथि लेखिएको वाणीमा सुख सागरको परिभाषा संक्षिप्त रूपमा बताइएको छ । त्यसमा भनिएको छ– त्यो अमर लोक अचल अविनाशी अर्थात् कहिल्यै चलायमान अर्थात् ध्वंश हुदैन तथा त्यहाँ रहने परमेश्वर पनि अविनाशी हुनु हुन्छ । त्यो स्थान तथा परमेश्वर सुखको समुद्र हुनु हुन्छ । जस्तो समुद्री जहाज बन्दरगाहको किनारबाट १०० वा २०० कि. मी. टाढा जाँदा जहाजका यात्रीहरूले जल अर्थात् समुद्र बाहेक केही पनि देख्दैनन् । चारैतिर जलै जल मात्र देखिन्छ । यसैगरी सतलोक (सत्यलोक) मा सुखका अतिरिक्त अरू केही पनि छैन अर्थात् त्यहाँ कुनै दुःख छैन ।

अब अगाडि लेखिएको वाणीको सरलार्थ लेख्दछु :-

मन तू चल रे सुख के सागर, जहाँ शब्द सिंधु रत्नागर ॥ (टेक)
कोटि जन्म तोहे भ्रमत होगे, कुछ नहीं हाथ लगा रे ।
कुकर शुकर खर भया बौरे, कौआ हँस बुगा रे ॥

परमेश्वर कबीर जीले आफ्ना असल आत्मा सन्त गरीबदास जीलाई सूक्ष्मवेद सम्झाउनु भयो । त्यसलाई सन्त गरीबदास जी (छुडानी गाउँ, झज्जर जिल्ला, हरियाणा प्रान्तका) ले आत्मा तथा मनलाई पात्र बनाएर विश्वका मानवलाई काल (ब्रह्म) को लोकको कष्ट तथा सतलोकको सुख बताएर त्यस परम धाममा जानका लागि शास्त्रोक्त सत्य साधना गर्ने प्रेरणा दिएका छन् । मन तु चल रे सुखके सागर अर्थात् सनातन परम धाममा हिंड जहाँ शब्द नष्ट हुदैन । त्यसैले शब्दको अर्थ अविनाशीपनसँग सम्बन्धित छ, त्यो स्थान अमरत्वको सिन्धु अर्थात् सागर हो र मोक्ष रुपी रत्नको आगर अर्थात् खानी हो । यस काल ब्रह्मको लोकमा तपाईंले भक्ति पनि गर्नु भयो, तर शास्त्रानुकूल साधना बताउने तत्वदर्शी सन्त प्राप्त नहुनाले तपाई करोडौं जन्मदेखि

भट्कि रहनु भएको छ। करोडौं-अरबौं रूपियाँ सङ्ग्रह गर्ने कार्यमा सारा जीवन लगाउनु हुन्छ, अनि मृत्यु हुन्छ । त्यो तपाईंको पूर्व संस्कारहरूका कारण सङ्ग्रहित धन छोडेर संसारबाट जानु भयो । त्यो धन सङ्ग्रह गर्दा गरिएको पाप तपाईंसँगै गयो । तपाईंले त्यस मानव जीवनमा तत्वदर्शी सन्तबाट दीक्षा लिएर शास्त्रविधि अनुसार भक्तिको साधना गर्नु भएन ।जसकारण तपाईंको हातमा केही परेन । पूर्वका पुण्यहरूको बदलामा धन लिनु भयो । त्यो धन यहीं रह्यो, तपाईंलाई केही पनि प्राप्त भएन । तपाईंले प्राप्त गर्नु भयो त केवल धन सङ्ग्रह गर्दाको तथा शास्त्रानुकूल भक्ति नगर्नाको पाप ।

जसकारण तपाईं कुकर=कुकुर, खर=गधा, सुकर=सुँगुर, कौआ=काग, हँस=सरोवरमा केवल मोती खाने एक पक्षी, बुगा=बकुल्ला आदि आदिको योनीहरू प्राप्त गरी कष्ट भोग्नु भयो ।

क्रोटि जन्म तू राजा कीन्हा, मिटि न मन की आशा ।
भिक्षुक होकर दर-दर हांड्या, मिला न निर्गुण रासा ॥

सरलार्थः- हे मानव ! तिमीले काल (ब्रह्म) को कठीन भन्दा कठीन साधना गऱ्यौ । घर त्यागेर जङ्गलमा निवास गऱ्यौ । अनि गाउँ तथा नगरमा घरघरको ढोका-ढोका हांडया अर्थात् चहाऱ्यौ । भिक्षा प्राप्तिका लागि जङ्गलमा साधनारत साधक नजिकैको गाउँ वा शहरमा जान्छ । एउटा घरबाट पूरा भिक्षा प्राप्त भएन भने अन्य घरहरूबाट भोजन लिई जङ्गलमा जान्छ । कहिले काहीं त साधकले एक दिन भिक्षा मागेर ल्याउँछ र त्यसैबाट दुई-तीन दिनसम्म जीवन निर्वाह गर्छ । रोटीलाई पातलो कपडा (रूमाल जस्तो पातलो कपडा जसलाई छालना भनिन्छ) मा बेरेर रूखको हाँगामा झुण्ड्याउँथे त्यो रोटी सुक्छ । त्यसलाई पानीमा भिजाएर नरम बनाई खान्थे ती प्रत्येक दिन भिक्षा माग्न जाँदा व्यर्थमा खेर जाने समय बचत गरी त्यसलाई काल ब्रह्मको साधनामा लगाउँथे । भावार्थः- जन्म-मरणबाट छुट्कारा पाउनका लागि अर्थात् पूर्ण मोक्ष प्राप्तिका लागि वेदहरूमा वर्णित विधि तथा लोकवेदद्वारा घोर तप गर्थे । तिनलाई तत्वदर्शी सन्त प्राप्त नहुनाले निर्गुण रासा अर्थात् गुप्त ज्ञान (तत्वज्ञान) प्राप्त भएन किनकि यजुर्वेद अध्याय ४० मन्त्र १० तथा चारै वेदहरूका सारांश रूप श्रीमद्भगवत गीता अध्याय ४ श्लोक ३२ र ३४ मा भनिएको छ– जुन यज्ञहरू अर्थात् धार्मिक अनुष्ठानहरूको विस्तृत ज्ञान स्वयम् सच्चिदानन्द घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्मले आफ्नो मुख कमलबाट उच्चारण गरेर (बोलेर) सुनाउँछन्, त्यो तत्वज्ञान अर्थात् सूक्ष्मवेद हो । गीता ज्ञानदाता ब्रह्मले भनेका छन्– त्यो तत्वज्ञान तिमी तत्वज्ञानीका सामिप्यमा गएर जान, उनलाई दण्डवत् प्रणाम गर्नाले, नम्रतापूर्वक प्रश्न गर्नाले ती परमात्मतत्व भलिभाँती जान्ने तत्वदर्शी सन्तले तिमीलाई तत्वज्ञानको उपदेश दिने छन् । यसबाट तत्वज्ञान न वेदहरूमा छ, न त गीता शास्त्रमा नै छ भन्ने सिद्व हुन्छ । यदि भएको भए एउटा अर्को अध्याय पनि भन्ने थिए । तत्वज्ञान त्यस अध्यायमा पढ्नु होस् भन्ने थिए । सन्त गरीबदास जीले मनको बहानामा मानव शरीरधारी प्राणीहरूलाई यसरी सम्झाएका छन्– त्यो निर्गुण रासा अर्थात् तत्वज्ञान प्राप्त नभएकाले काल ब्रह्मको साधना गरेर तपाईं करोडौं जन्महरूमा राजा बन्नु भयो । फेरि पनि मनको इच्छा समाप्त भएन

किनकि राजाले स्वर्गमा सुख छ, यहाँ राज्यमा कुनै सुख-चैन तथा शान्ति छैन भन्ने सोच्दछ ।

निर्गुण रासाको भावार्थः- निर्गुणको अर्थः- त्यो वस्तु त छ तर त्यसको लाभ प्राप्त भइ रहेको छैन । वृक्षको बिउमा फल तथा 'वृक्ष निर्गुण रुपमा छ, त्यो बिउ माटोमा रोपेर सिचाइ गरी त्यो सरगुण वस्तु (वृक्ष, वृक्षको फल) प्राप्त गर्न सकिन्छ । त्यो ज्ञान नभएकाले आँपको फल तथा छायाँबाट वञ्चित रहन्छ । रासा=झञ्झट 'अर्थात् उल्झेको कार्य । सूक्ष्मवेदमा परमेश्वर कबीर जीले भन्नु भएको छः-

नौ मन (३६० कि.ग्रा) सूत=काँचो धागो

कबीर, नौ मन सूत उलझिया, ऋषि रहे झख मार ।
सतगुरु ऐसा सुलझा दे, उलझे न दूजी बार ॥

सरलार्थ :- परमेश्वर कबीर जीले भन्नु भएको छ– अध्यात्म ज्ञान रूपी नौ मन धागो उल्झिएको छ । एक कि. ग्रा. उल्झेको धागो मिलाउन जुलाहालाई एक दिन भन्दा पनि बढी समय लाग्थ्यो । यदि धागो सुल्झाउँदा चुँडियो भने कपडामा गाँठो पर्छ । गाँठा-गुँठी भएको कपडा कसैले किन्दैनथे । त्यसैले परमेश्वर कबीर जुलाहाले जुलाहाको सन्दर्भ दिएर सटीक उदाहरण दिएर सम्झाउनु भएको छ– धेरै उल्झिएको धागो कसैले सुल्झाउदैन्थे अर्थात् संगाल्दैनथे । अध्यात्म ज्ञान त्यही नौ मन उल्झिएको धागो जस्तै हो, जसलाई सतगुरु अर्थात् तत्वदर्शी सन्तले यसरी सुल्झाउँछन्, जुन पुनः उल्झदैन ! नसुल्झिएको अध्यात्म ज्ञानको आधारमा अर्थात् लोकवेद अनुसार साधना गरेर स्वर्ग-नर्क, चौरासी लाख प्रकारका प्राणीहरूको जीवन, पृथ्वीमा पृथ्वीको कुनै टुक्राको राज्य, स्वर्गको राज्य प्राप्त गर्‍यो र पुनः जन्म-मरणको चक्रमा झरेर कष्टमाथि कष्ट उठायो । तर वेदहरूमा वर्णित विधि अनुसार काल ब्रह्मको साधना गर्नाले गीता अध्याय १८ श्लोक ६२ मा भनिएको त्यो परम शान्ति तथा सनातन परम धाम प्राप्त भएन, न त गीता अध्याय १५ श्लोक ४ मा भनिएको परमेश्वरको त्यो परम पद प्राप्त भयो जहाँ गए पश्चात् साधक फर्केर संसारमा कहिल्यै आउँदैन । काल ब्रह्मको साधनाले निम्न लाभ भइ रहन्छ :-

वाणी नं ३ :- इन्द्र कुबेर, ईश की पदवी, ब्रह्मा वरूण धर्मराया ।
विष्णुनाथ के पुर कूं जाकर, बहुर अपूठा आया ॥

सरलार्थ :- काल ब्रह्मको साधना गरेर साधकले इन्द्रको पद पनि प्राप्त गर्दछ । इन्द्र स्वर्गको राजाको पद हो । यसलाई देवराज अर्थात् देवताहरूका राजा तथा सुरपति पनि भनिन्छ । यिनले सिचाइ विभाग अर्थात् वर्षा मन्त्रालय पनि आफ्नो अधीनमा राख्छन् ।

प्रश्न :- इन्द्रको पदवी कसरी प्राप्त हुन्छ?

उत्तर :- अधिक तप गर्नाले तथा सय मन (४ हजार कि. ग्रा.) गाई वा भैसीको घिउ प्रयोग गरी धर्मयज्ञ गर्नाले एक धर्मयज्ञ सम्पन्न हुन्छ । यस्तो-यस्तो सयवटा धर्मयज्ञ निर्विघ्न रुपमा गर्नाले साधकले इन्द्रको पदवी प्राप्त गर्दछ । तप वा यज्ञको

क्रममा यज्ञ वा तपको मर्यादा भङ्ग भयो भने फेरि नयाँ सिराबाट यज्ञ तथा तप गर्नु पर्छ । यसरी इन्द्रको पदवी प्राप्त हुन्छ ।

प्रश्न :- इन्द्रको शासन काल कत्ति छ ? मृत्यु उपरान्त इन्द्रको पद छोडेर प्राणीले कुन योनी प्राप्त गर्दछ ?

उत्तर :- स्वर्गको राजाको पदमा इन्द्र ७२ चौकडी अर्थात् ७२ चतुर्युगसम्म रहन्छन् । एक चतुर्यगमा सत्ययुग+त्रेतायुग+द्वापरयुग र कलियुगको समय हुन्छ । जुन १७२८०००+१२९६०००+८६४०००+४३२००० क्रमशः सत्ययुग + त्रेतायुग + द्वापरयुग र कलियुगको समय अर्थात् ४३ लाख २० हजार वर्षको समय एक चतुर्युगमा हुन्छ । यसरी बनेको ७२ चतुर्युग सम्म त्यो साधकले इन्द्रको पदमा स्वर्गको राजाको सुख भोग गर्दछ । एक कल्प अर्थात् ब्रह्मा जीको एक दिनमा (जुन एक हजार आठ चतुर्युगको हुन्छ) १४ वटा जीवले इन्द्रको पदमा रहेर आफूले गरेको पुण्य कर्म भोग्दछ । इन्द्रको पदको भोग गरी ती प्राणीहरूले गधाको जीवन प्राप्त गर्छन् ।

कथाः "मार्कण्डेय ऋषि तथा अप्सराको संवाद"

एक समय बंगालको खाडीमा मार्कण्डेय ऋषि तपस्या गरि रहेका थिए । इन्द्रको पदमा विराजमान हुँदा एउटा शर्त हुन्छ, जस अनुसार यदि इन्द्रको शासनकाल ७२ चौकडी युगको अवधिमा पृथ्वीमा कुनै व्यक्तिले इन्द्र पद प्राप्त गर्न योग्य तप वा धर्मयज्ञ गऱ्यो र उसको कार्यमा कुनै बाधा आएन भने त्यस साधकलाई इन्द्रको पद दिइन्छ र वर्तमानमा भएका इन्द्रबाट त्यो पद खोसिन्छ । त्यसैले सम्भव भएसम्म इन्द्रले आफ्नो शासन कालमा कुनै पनि साधकको तप वा धर्मयज्ञ पूर्ण हुन दिदैनन् । उसको साधना भङ्ग गराइ छोड्छन्, चाहे त्यसका लागि जेसुकै गर्नु परोस् ।

इन्द्रलाई उनका दूतहरूले बंगालको खाडीमा मार्कण्डेय नामका ऋषिले तप गरि रहेका छन् भन्ने कुरा बताए । इन्द्रले मार्कण्डेय ऋषिको तप भङ्ग गर्नका लागि उर्वशी नामकी अप्सरा (इन्द्रकी पत्नी) पठाए । सम्पूर्ण श्रृङ्गार गरेर देवपरी मार्कण्डेय ऋषिको सामुन्ने गएर नाच्न गाउन थालिन् । आफ्नो सिद्धीले त्यस स्थानमा वसन्त ऋतुको जस्तो वातावरण बनाइन् । मार्कण्डेय ऋषिले कुनै उत्सुकता देखाएनन् । उर्वशीले इजार चुडाइन् र निःवस्त्र भइन् । तब मार्कण्डेय ऋषिले भने– हे पुत्री । हे बहिनी । हे माता ! तिमी यो के गरि रहेकी छ्यौ ? तिमी यहाँ घोर जङ्गलमा एक्लै के कति कामले आयौ ? उर्वशीले भनिन्– ऋषि जी । मेरो रूप देखेर यस आरण्य खण्ड (वन खण्ड) का सारा साधकहरूले आफ्नो सन्तुलन गुमाए तर तपाईं डगमग हुनु भएन, थाहा छैन हजुरको समाधी कहाँ थियो ? कृपया हजुर मसँग इन्द्रलोक हिड्नु होस्, अन्यथा तँ हारेर आइस् भनी मलाई सजाय दिइने छ । मार्कण्डेय ऋषिले भने– मेरो समाधी ब्रह्मलोकमा गएको थियो । त्यहाँ म ती उर्वशीहरूको नाच हेरि रहेको थिएँ, जो यति सुन्दर थिए, कि तिमी जस्ता त तिनका ७-७ जना नोकर्नीहरू छन् । त्यसैले म तिमीलाई किन हेर्थें, तिमीप्रति किन आसक्त हुन्थें ? यदि तिमीभन्दा सुन्दरी कोही छ

भने उसलाई ल्याऊ । तब देवपरीले भनिन्– इन्द्रकी पटरानी अर्थात् मुख्य रानी म नै हूँ । म भन्दा सुन्दरी स्वर्गमा कुनै स्त्री छैनन् ।

तब मार्कण्डेय ऋषिले सोधे– इन्द्रको मृत्यु भएपछि तिमी के गर्छ्यौ ? जवाफमा उर्वशीले म १४ इन्द्र भोग गर्छु भनिन् । भावार्थ : श्री ब्रह्मा जीको एक दिनमा १००८ चतुर्युग हुन्छ, जसमा ७२-७२ चतुर्युगको शासनकाल पूरा गरेर १४ जना इन्द्रको मृत्यु हुन्छ । इन्द्रकी रानीको आत्माले कुनै मानव जन्ममा यति अत्यधिक पुण्य गरेको थियो कि जसको कारणले उनी १४ इन्द्रको मुख्य रानी बनेर स्वर्ग सुख तथा पुरुष सुख भोग गर्छिन् ।

मार्कण्डेय ऋषिले भने– ती १४ इन्द्र मरेपछि तिमी के गर्छ्यौ नि ? उर्वशीले जवाफमा भनिन्– त्यसपछि म मृत्युलोक (पृथ्वी लोकलाई मनुष्य लोक अर्थात् मृत्यु लोक भनिन्छ।) मा गधी बन्ने छु र मेरा पति भएका इन्द्रहरू सबैले पृथ्वीमा गधाको योनी प्राप्त गर्ने छन् ।

मार्कण्डेय ऋषिले भने– त्यसो हो भने किन मलाई त्यस्तो लोकमा लगि रहेकी थियौ, जहाँको राजा गधा बन्ने छ र रानीले गधीको योनी प्राप्त गर्ने छिन् ? जवाफमा उर्वशीले भनिन्– आफ्नो इज्जत राख्नका लागि, न भए उनले तँ हारेर आइस् भन्ने छन् ।

मार्कण्डेय ऋषिले भने– गधीको के को इज्जत ? तिमी अहिले पनि गधी नै छौ किनकि तिमीले १४ वटा इन्द्र खसम बनाउने छौ र मृत्यु उपरान्त गधी बन्ने छु भनेर तिमी स्वयम् स्वीकार गरि रहेकी छौ ? गधीको के को इज्जत ? यत्तिकैमा विधान अनुसार आफ्नो इन्द्रको राज्य मार्कण्डेय ऋषिलाई दिनका लागि त्यहाँ इन्द्र आए । इन्द्रले भने- ऋषि जी म हारें तपाईंले जित्नु भयो । हजुर इन्द्रको पदवी स्वीकार गर्नु होस् । मार्कण्डेय ऋषिले भने– हे इन्द्र ! यो इन्द्रको पदवी मेरा लागि कुनै कामको छैन । मेरो लागि त यो कागको विष्टा समान छ । मार्कण्डेय ऋषिले पुनः इन्द्रलाई भने- तिमी मैले भने अनुसार साधना गर, तिमीलाई ब्रह्मलोक लैजान्छु । इन्द्रको यो राज्य त्यागि देऊ । तब इन्द्रले भने– हे ऋषि जी ! अहिले मलाई मोज-मस्ती गर्न दिनु होस्, पछि विचार गरूँला ।

पाठकजन विचार गरौं:- इन्द्रलाई मृत्यु उपरान्त गधाको जीवन प्राप्त हुन्छ भन्ने थाहा छ, तर पनि त्यो क्षणिक सुख त्याग्न चाहँदैन । पछि विचार गरौंला भन्छ । अनि कहिले विचार गर्छ त ? गधा बनेपछि त कुम्हालेले विचार गर्ने छ । कति भार गधामाथि लाद्ने हो ? कहाँनिर लठ्ठी हान्ने हो ? ठिक यसैगरी यस पृथ्वीमा काही स-साना ठाउँका प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री वा राज्यका मन्त्री बनेका छन् । यस्तै कोही कुनै पदमा सरकारी अधिकारी वा कर्मचारी बनेका छन् या वा धनी छन् । तिनीहरूलाई भक्ति गर नभए गधा बन्ने छौ भन्यो भने कि त ती रिसाउँछन् र किन हामी गधा बन्ने ? यस्तो कुरा फेरि नगर भन्छन् । केही सभ्यहरू भने गधा बनेको कसले देखेको छ र भन्छन् । उनीहरूलाई यी सब सन्त तथा ग्रन्थहरूले भनेका छन् भन्ने बताएपछि प्रायः जसोले जे हुन्छ हेरौंला भन्छन् ।

तिनीहरूसँग अनुरोध छ– मृत्यु पश्चात् गधा बनेपछि के हेर्छौ, त्यसपछि तिमीमाथि कस्तो व्यवहार गर्ने हो भनेर कुम्हालेले हेर्ने छ वा विचार गर्ने छ । हेर्नु वा विचार गर्नु छ भने वर्तमानमा नै हेर वा विचार गर । खराब आचरण छोड शास्त्रानुकूल साधना गर, जुन वर्तमानमा विश्वमा केवल म (रामपाल दास) सँग छ आऊ ग्रहण गर र आफ्नो जीवनको कल्याण गराऊ ।

माथि लेखिएको वाणी नं. ३ मा भनिएको छ– इन्द्र, कुबेर तथा ईशको पद प्राप्त गर्ने, ब्रह्मा जीको पद तथा वरूण, धर्मरायको पद प्राप्त गरेर तथा विष्णु जीको लोक प्राप्त गरेर देवपद प्राप्त गरेकाहरू पनि फर्केर पुनः जन्म-मरणको चक्रमा रहन्छ।

स्वर्ग लोकमा ३३ करोड देवपद छन् । जस्तो भारत वर्षको संसदमा ५४ सांसदहरूको पद छ । व्यक्ति परिवर्तन भइ रहन्छन् । तिनै सांसदहरूबाट प्रधानमन्त्री तथा अन्य केन्द्रीय मन्त्रीहरू आदि बन्दछन् ।

यसैगरी ती ३३ करोड देवताहरू मध्येबाट नै कुबेरको पद अर्थात् धनको देवताको पद प्राप्त हुन्छ,जस्तै :- वित्त अर्थात् अर्थ मन्त्री । ईशको पदवीको अ प्रभु पद हुन्छ, जुन लोकवेद अनुसार कुल तीनवटा मानिन्छ :- १. श्री ब्रह्मा जी, २. श्री विष्णु जी, ३. श्री शिव जी ।

वरूण देव जलका देवता हुन् । धर्मराय मुख्य न्यायाधीश हुन् । उनैले स जीवहरूलाई कर्मको फल दिन्छन् । उनलाई धर्मराज पनि भनिन्छ । यी सबैले का ब्रह्मको साधना गरेर पद प्राप्त गर्दछन् । पुण्य क्षीण (समाप्त) भएपछि सारा देव पदबाट मुक्त भएर पशु-पक्षी आदिका ८४ लाख प्रकारका योनीहरूमा जान्छन् । अ फेरि नयाँ ब्रह्मा जी, नयाँ विष्णु जी तथा नयाँ शिव जी यी पदहरूमा विराजमान हुन्छन् ।

उपरोक्त यी सबै देवताहरू जन्मन्छन्-मर्छन् । यी अविनाशी होइनन् यिनीहरूको अवस्था यसै पुस्तकको सृष्टि रचना अध्यायमा स्पष्ट हुने छ कि यी कति जना प्रभु छन् ? कसका पुत्र हुन् ? र यिनकी माता को हुन् ?

अन्य प्रमाण :- श्री देवी पुराण (सचित्र मोटा टाइप केवल हिन्दी, गीता प्रेस गोरखपुरबाट प्रकाशित) को तेस्रो स्कन्धको पृष्ठ १२३ मा लेखिएको छ :- तपाई शुद्ध स्वरुपा हुनु हुन्छ, यो सारा संसार तपाईंबाट नै उद्भाषित भइ रहेको छ । म (विष्णु), ब्रह्मा र शङ्कर तपाईको कृपाले विद्यमान छौ । हाम्रो त अविर्भाव अर्थात् जन्म तथा तिरोभाव अर्थात् मृत्यु हुन्छ । तपाई प्रकृति देवी हुनु हुन्छ ।

शङ्कर भगवानले भने– हे देवी । यदि विष्णुपछि उत्पन्न हुने ब्रह्मा तपाईंबाट उत्पन्न भएका हुन् भने के म तमोगुणी लिला गर्ने शङ्कर तपाईंको सन्तान भइनँ ? अर्थात् मलाई पनि उत्पन्न गर्ने तपाई नै हुनु हुन्छ । हामी त केवल नियमित कार्य मात्र गर्न सक्छौं अर्थात् जसको भाग्यमा जे लेखिएको छ, हामी त्यही मात्र प्रदान गर्न सक्छौं । न यसभन्दा बढी गर्न सक्छौं, न त यसभन्दा कम ।

पाठकगण ! यस श्री देवी पुराणको उल्लेखबाट श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव जी नाशवान छन् र यिनकी माता जीको नाम श्री देवी दुर्गा हो भन्ने स्पष्ट

छ । अधिक जानकारी तपाईंले 'सृष्टि रचना' अध्यायबाट ग्रहण गर्नु हुने छ, जुन यसै पुस्तकमा छ । यी प्रधान देवता हुन् । अन्य यिनीभन्दा निम्न स्तरका देव हुन् । यी सारा जन्मन्छन्-मर्छन्, अविनाशी राम होइनन्, अविनाशी परमात्मा होइनन् ।

श्रीमद्भगवत गीता अध्याय १० श्लोक २ मा गीता ज्ञानदाता ब्रह्म मन्छन्– मेरो उत्पत्तिको विषयमा न देवताहरू जान्दछन्, न त महर्षिजनले नै जान्दछन् किनकि यी सबैको आदि कारण म नै हूँ अर्थात् यी सारा मबाट नै उत्पन्न भएका हुन् ।

गीता अध्याय ४ श्लोक ५ मा गीता ज्ञानदाताले भनेका छन्– हे अर्जुन ! तिम्रो र मेरो थुप्रै जन्म भइ सकेको छ, तिमी जान्दैनौ, म जान्दछु । गीता अध्याय २ श्लोक १२ मा पनि स्पष्ट छ– तिमी, म र सारा राजा-सेना पहिले पनि जन्मेका थियौं, पछि पनि जन्मने छौं ।

गीता अध्याय १४ श्लोक ३ मा गीता ज्ञानदाताले भनेका छन्– हे अर्जुन ! मेरी प्रकृति अर्थात् दुर्गाले त गर्भ धारण गर्छिन्, म उनको गर्भमा बिज स्थापित गर्दछु, जसबाट सारा प्राणीहरूको उत्पत्ति हुन्छ ।

गीता अध्याय १४ श्लोक ५ मा गीता ज्ञानदाताले भनेका छन्– हे अर्जुन ! नाना प्रकारका सबै योनीहरूमा जे जति शरीरधारी मूर्तिहरू उत्पन्न हुन्छन् (महत्) प्रकृति त यी सबैलाई गर्भ धारण गर्ने माता हुन् । (अहम् ब्रह्म) म ब्रह्म बिज स्थापित गर्ने पिता हुँ ।

गीता अध्याय १४ श्लोक ४ मा गीता ज्ञानदाताले स्पष्ट पारेका छन्– हे अर्जुन ! सतगुण श्री विष्णु जी, रजगुण श्री ब्रह्मा जी तथा तमगुण श्री शिव जी यी प्रकृति अर्थात् दुर्गा देवीबाट उत्पन्न तीनै देवताहरू अर्थात् तीनै गुणहरूले अविनाशी जीवात्माहरूलाई कर्मको आधारमा शरीरमा बाँध्दछन् ।

उल्लेखित प्रमाणहरूबाट उपरोक्त देवताहरू नाशवान हुन् तथा काल ब्रह्मका सन्तान हुन् भन्ने स्पष्ट हुन्छ।

वाणी सङ्ख्या ३ को सरलार्थ प्रसङ्ग चलि रहेको छ :- इन्द्र, कुबेर, ईश अर्थात् ब्रह्मा, विष्णु, शिव सम्मको पदवी प्राप्ति गरेर तथा वरुण, धर्मरायको पदवी तथा श्री विष्णुनाथको लोक प्राप्त गरेर पनि जन्म-मरणको चक्रमा रहि रहन्छन् ।

मार्कण्डेय ऋषि जीले ब्रह्म साधना गरि रहेका थिए । त्यसैलाई सर्वोत्तम ठानि रहेका थिए । त्यसैले इन्द्रलाई आऊ तिमीलाई ब्रह्म साधनाको ज्ञान गराउँछु भनि रहेका थिए । ब्रह्मलोकको तुलनामा स्वर्गको राज्य हलुवाको तुलनामा कागको विष्टा जस्तै हो ।

पाठकगण ! ब्रह्म साधना गर्ने श्री चुणक ऋषि, श्री दुर्वासा ऋषि तथा ब्रह्म साधना गरेका कपिल मुनिको साधनालाई गीता ज्ञानदाताले गीता अध्याय ७ श्लोक १८ मा अनुत्तम अर्थात् घटिया भनेका छन् । त्यही स्तरको साधना मार्कण्डेय ऋषि जीको थियो । त्यसै साधनालाई अति उत्तम ठानेर गरि रहेका थिए र इन्द्र जीलाई पनि ब्रह्म साधना गर्न सल्लाह दिइ रहेका थिए । सूक्ष्म वेदमा भनिएको छ :-

औरौं पंथ बतावही, आप न जाने राह ॥१॥
मोती मुक्ता दर्शत नाही, यह जग है सब अन्ध रे ।

दिखत के तो नैन चिसम हैं, फिरा मोतिया बिन्द रे ।।२।।
वेद पढे पर भेद न जानें, बाचे पुराण अठारा ।
पत्थर की पूजा करें, भूले सिरजनहारा ।।३।।

वाणी नं. १ को भावार्थ :- अरूलाई मार्ग दर्शन गर्दछन्, तर स्वयम्लाई भ
मार्गको ज्ञान छैन ।

वाणी नं. २ को भावार्थः- तत्वदर्शी सन्तको अभावका कारण मोती मुक्ता
मोक्ष रूपी मोती अर्थात् मोक्ष मन्त्र देख्दैनन् । यो सारा संसार आध्यात्मिक
नभएको नेत्रहीन अन्धा हो । जस कसैलाई पनि मोतिबिन्दु (एक प्रकारको नेत्र
जसमा आँखा स्वस्थ देखिन्छ तर त्यस रोगग्रस्त व्यक्तिले केही देख्दैन) लागेको
यो उदाहरण दिएर भन्नु भएको छ– फर्रर संस्कृत भाषा बोल्दछन्, लाग्दछ
महाविद्वान हुन्, तर सद्ग्रन्थका गूढ रहस्यहरू जान्दैनन् । यिनीहरूलाई अज्ञान
मोतिबिन्दु लागेको छ ।

वाणी नं. ३ को भावार्थ :- वेदहरू पढेर मुखाग्र गर्नेहरू वेदहरूका गूढ रहस्य
नबुझी त्यसका विरूद्ध साधना गर्छन् र गराउँछन् । वेदहरूमा पत्थरको मूर्ति पूज
कहीं कतै उल्लेख छैन तर ती वेदका विद्वान कहलिनेहरू पत्थर पूजा गर्छन्
गराउँछन् । वेदहरूमा वर्णित सिर्जनहारलाई बिर्साइ दिए ।

श्रीमद्भगवत गीता अध्याय ४ श्लोक २५ देखि २९ मा यही बताइएको
साधकले आफूले गरेको साधना जे जस्तो भए पनि उत्तम सम्झेर गरि रहेको हुन्
सारा साधकले आ-आफ्नो भक्तिलाई पापनाशक ठान्दछन् ।

गीता अध्याय ४ श्लाक ३२ मा स्पष्ट गरिएको छ– यज्ञहरू अर्थात् धा
अनुष्ठानहरूको ज्ञान स्वयम् सच्चिदानन्द घन ब्रह्मले आफ्नो मुखारविन्दबाट बोलि
वाणीमा विस्तारपूर्वक भनिएको छ, त्यही नै तत्वज्ञान हो, जसलाई बुझेपछि सा
सम्पूर्ण पापहरूबाट मुक्त हुन्छ ।

गीता अध्याय ४ श्लोक ३४ मा स्पष्ट पारेका छन्– त्यो तत्वज्ञान तत्व
सन्तले जान्दछन्, उनलाई दण्डवत् प्रणाम गरेर नम्रतापूर्वक प्रश्न गर्नाले ती तत्व
जान्ने ज्ञानी महात्माले तिमीलाई तत्वज्ञानको उपदेश दिने छन् ।

माथिको वाणीमा निर्गुण रासा भनिएको त्यो तत्वज्ञान प्राप्त नहुनाले स
साधकहरू जन्म-मरणको चक्रमा नै रहे ।

मार्कण्डेय ऋषि ब्रह्म साधना गरि रहेका थिए । श्रीमद्भगवत गीता अध्याय
श्लोक १६ मा भनिएको छ– ब्रह्मलोकमा गएका साधक पनि पुनरावृत्ति अर्थात् बारम्
जन्म-मरणको चक्रमा नै रहन्छन् ।

वाणी सङ्ख्या ४ :- असङ्ख्य जन्म तोहे मरता होगे, जीवित क्यों न मरै रे ।
द्वादश मध्य महल मठ बोरे बहुर न देह धरै रे ।

सरलार्थ :- हे मानव ! तिमी असङ्ख्यौं पटक जन्म्यौ र मर्‍यौ । सत्य सा
गर तथा जीवितै मर । जीवित मर्नुको तात्पर्यः- यस संसारका प्रत्येक वस्तु अस्था
छन् । यो शरीर पनि स्थायी छैन । जन्म-मृत्युको बखेडा (झमेला) पनि भयङ्कर छ
यस संसारमा दुःखको अतिरिक्त केही छैन । मानव शरीर प्राप्त गरेर मोक्ष प्राप्त ग

र पशुको जस्तो जीवन जियौ । भक्तलाई यस्ता कुराहरूको ज्ञान हुन्छ । जस्तो गीता अध्याय ७ श्लोक २९ मा भनिएको छ– जुन साधक केवल जरा अर्थात् वृद्धावस्थाको कष्ट तथा मरणको दुःखबाट मुक्त हुनका लागि साधनारत छ, उसले तत् ब्रह्म तथा सम्पूर्ण अध्यात्म एवम् कर्महरू जान्दछ ।

यसरी तत्वज्ञान भएपछि मानिसहरूलाई अनावश्यक वस्तुहरू प्रति इच्छा रहदैन, तमाखु, सूर्ति, रक्सी, मासु सेवन गर्दैन । नाचगान मूर्खहरूको कार्य हो भन्ने बोध हुन्छ । जे जस्तो भोजन प्राप्त हुन्छ, त्यसैमा सन्तुष्ट रहन्छ।

आत्म कल्याणका लागि साधकले विचार गर्दछ– यदि म सत्सङ्गमा गइनँ भने गुरू जीको दर्शन पाउँदिनँ । सत्सङ्ग विचार न सुन्नाले मनले फेरि विकार गर्न थाल्दछ । त्यो साधक सम्पूर्ण कार्य छोडेर सत्सङ्ग सुन्न जान्छ । उसले विचार गर्दछ– हामी हरेक दिन सुन्छौ तथा देख्छौ, स-साना बच्चाहरूलाई छोडेर पिताले संसार त्याग्दछ । ठूला-ठूला पूँजीपतिहरू दुर्घटनामा मर्दछन् । जीवनभर जोडेका सारा सम्पत्ति छोडेर जान्छन् । पुनः ती सम्पत्ति सम्हाल्न आउँदैनन् । मृत्युभन्दा अघि एक दिन पनि काम छोड्न मन लाग्दैनथ्यो तर अब स्थायी रूपमा नै कार्य छुट्यो ।

आज भाइलाई फुर्सत छ

एक जना भक्त सत्सङ्गमा जान थाल्यो । दीक्षा लियो, ज्ञान सुन्यो र भक्ति गर्न थाल्यो । आफ्ना साथीलाई पनि सत्सङ्गमा जान तथा भक्ति गर्न अनुरोध गऱ्यो तर साथीले मानेन । कामबाट नै फुर्सद छैन भन्थ्यो । स-साना बच्चाहरू छन्, यिनको पालन-पोषण गर्नु छ, त्यसैले काम छोडेर सत्सङ्गमा जान थाले भने सारा काम चौपट हुन्छ भन्थ्यो ।

ती सत्सङ्गमा जाने भक्तले जब-जब उनलाई सत्सङ्गमा जान आग्रह गर्थ्यो, तब-तब ऊ अहिले कामबाट फुर्सद छैन भन्थ्यो । एक वर्ष पश्चात् त्यस मित्रको मृत्यु भयो । उसको पार्थिव शरीर लिएर आफन्त तथा नगरबासीहरू हिंडे, साथमा गाउँ-घरमा रहेका मानिसहरू पनि हिंडे । सबैले "राम नाम सत्य छ, सत्य बोलौं गत् छ" भनि रहेका थिए ।

तर ती भक्तले भने "राम नाम त सत्य छ, तर आज भने भाइलाई फुर्सत छ" भनि रहेका थिए । नगरवासीहरू सत्य बोलौं गत् छ भन्थे तर ती भक्त आज भाइलाई फुर्सत छ भन्थे । अन्य व्यक्तिहरूले यसो नभन, यिनको घरका मानिसहरूले नराम्रो मान्छन् भनेर सम्झाए, तर ती भक्तले म त यसै भन्छु भने । मैले यस मूर्खलाई हात जोडेर सत्सङ्गमा जान र भक्ति गर्न अनुरोध गरेको थिएँ तर ऊ अहिले फुर्सत छैन भन्थ्यो । आज यसले स्थायी रूपमा फुर्सत् पाएको छ । स-साना बच्चाहरूलाई पनि छोडेर गयो, जसको पालन-पोषणको बहाना बनाएर परमात्माबाट टाढा रह्यो । भक्ति गरेको भए खाली हात त जादैनथ्यो नि । केही भक्ति धन लिएर जान्थ्यो । बच्चाको पालन-पोषण त परमात्माले गर्छन् । भक्ति गर्नाले परमात्माले भक्तको आयु पनि थपि दिन्छन् । भक्तजन यस्तो विचार गरेर भक्ति गर्दछन्, काम छोडेर सत्सङ्ग सुन्न जान्छन् ।

भक्तले विचार गर्दछ :- परमात्माले न गरून् कि हाम्रो मृत्यु होस्, अनि हाम्रो कसले गर्छ ? हामी आफ्नो मृत्यु भएको ठान्दछौं । हामी तीन दिनका लागि म यस्तो विचार राखेर सत्सङ्गमा जाऔं अर्थात् आफूलाई मृत ठानी सत्सङ्गमा जाउ त्यसो त परमात्माको भक्तको कार्य बिग्रदैन । तर पनि हामी सोच्दछौं- यदि अनुपस्थितिमा काम बिग्रिएछ भने तीन दिनपछि गएर सम्हालौंला । यदि वास्तवमै ति काटियो अर्थात् मृत्यु भयो भने त हाम्रो काम सदाका लागि बिग्रन्छ । अनि क त्यसलाई सम्हाल्न आउन सकिदैन । यस्तो अवस्थालाई जिउँदै मर्नु भनिन्छ ।

वाणीको शेष सरलार्थ :-

द्वादश मध्य महल मठ बौरे, बहुर न देहि धरै रे ।

सरलार्थ :- श्रीमद्भगवत गीता अध्याय १५ श्लोक ४ मा भनिएको तत्वज्ञानको प्राप्ति पश्चात् परमेश्वरको त्यो परमपदको खोजी गर्नु पर्छ, जहाँ गए साधक फर्केर संसारमा कहिल्यै आउँदैन अर्थात् उसको पुनर्जन्म हुँदैन । उसले शरीर धारण गर्दैन । सूक्ष्म वेदको यस वाणीले यही स्पष्ट पारेको छ- परम धाम द्वा अर्थात् १२ औं द्वार पार गरेर त्यस परम धाममा गइन्छ । आजसम्म सम्पूर्ण ऋषि-म सन्त, मण्डलेश्वरहरू आदिले १० द्वार बताउँथे । तर परमेश्वर कबीर जीले आ स्थान प्राप्त गर्ने सत्यमार्ग तथा सत्य स्थान स्वयम्ले नै बताउनु भएको छ। उहाँले औ द्वार बताउनु भएको छ । यसबाट पनि सिद्ध हुन्छ- आजसम्म (सन् २०१२ स पहिलेका सारा ऋषि, सन्त तथा पन्थहरूको भक्ति काल ब्रह्मसम्मको थि जसकारणले जन्म-मरणको चक्र चलि रह्यो ।

वाणी सङ्ख्या- ५ :- दोजख बहिश्त सभी तै, देखे राजपाट के रसिया ।
तीन लोक से तृप्त नाहीं, यह मन भोगी खसिया ॥

सरलार्थ :- तत्वज्ञानको अभावमा पूर्ण मोक्षको मार्ग प्राप्त न हुनाले क दोजख अर्थात् नर्कमा गयौं, कहिले बहिश्त अर्थात् स्वर्गमा गयौं त कहिले राजा आनन्द लियौं । यदि यस मानवलाई तीन लोकको राज्य दियो भने पनि तृप्त हुँदैन ।

उदाहरणः यदि कोही गाउँको प्रधानपञ्च बन्यो भने सांसद हुन पाए मोज हु भन्ने इच्छा राख्दछ । सांसदले मन्त्री हुन पाए त अझ राम्रो हुने थियो भन्ने सोच्द मन्त्री बनेपछि मुख्य मन्त्री हुन पाए सबैको मुखिया हुन पाइन्थ्यो, छुट्टै खालको आ पनि हुन्थ्यो, सारा प्रान्तमा आदेश चल्थ्यो भन्ने इच्छा राख्दछ । मुख्य मन्त्री भए पछ प्रधानमन्त्री बन्ने प्रबल इच्छा जाग्दछ । प्रधानमन्त्री बन्न पाए जीवन सफल हुने थि भन्ने सोच्दछ । तर तबसम्म जीवन लिला समाप्त हुन्छ । अनि गधा बनेर कुम्हाले लवठी खाइ रहेको हुन्छ । त्यसैले तत्वज्ञानमा सम्झाइएको छ- काल ब्रह्मद्व बनाइएको स्वर्ग-नर्क तथा राजपाट प्राप्तिको मुलभुलैयामा सारा जीवन व्यर्थ फाल्यो । कहीं पनि सन्तोष भएन, यो मन यस्तो खुसरा (हिजडा) छ ।

एक जना अब्राहिम सुल्तान अधम नामक बलख शहरका राजा थिएं । उनी जन्मका असल भक्त थिए । तर वर्तमानमा भएको ऐश्वर्यमा मस्त भएर परमात्मा बिर्सेका थिए । राज्यको ठाट तथा महलमा आनन्दसँग बसेका थिए । एक दि

परमात्माले एक यात्रीको रूप बनाएर सतलोकबाट आई राजाको महलमा गएर भन्नु भयो– हे धर्मशालाका धनी ! मलाई एउटा कोठा भाडामा देऊ, रात बिताउनु छ, कति पैसा हो भन । राजाले भने– हे भोला यात्री ! के यो धर्मशाला जस्तो देखिन्छ ? म राजा हूँ र यो मेरो महल हो । यात्री रूपमा परमात्माले सोध्नु भयो– तपाईंभन्दा पहिले यस महलमा को रहन्थे ? जवाफमा राजाले भने– मेरा पिता, हजुरबुबा रहन्थे । यात्री रूपमा परमेश्वरले यस महलमा तपाईं कति दिन रहनु हुन्छ भनेर सोध्नु भयो । जवाफमा राजाले म पनि एक दिन यी सब छोडेर जान्छु भने । परमेश्वरले भन्नु भयो– उसो भए यो धर्मशाला न भएर के हो त ? यो धर्मशाला हो । जसरी तपाईंका पिता, हजुरबुबा गए, त्यसैगरी तपाईं पनि जानु हुने छ, त्यसैले मैले महललाई धर्मशाला भनेको हूँ । राजालाई वास्तविकताको ज्ञान भयो । संसारको इच्छा त्यागेर आत्म कल्याण गराए । सदा रहने खालको सुख तथा अमर जीवन प्राप्त गर्नका लागि दीक्षा लिए र आजीवन भक्ति गरे । आफ्नो मानव जीवन सफल तुल्याए ।

वाणी सङ्ख्या- ६ :- सतगुरू मिलै तो इच्छा मेटैं, पद मिल पदे समाना ।
चल हंसा उस लोक पठाऊँ, जो आदि अमर अस्थाना ॥

सरलार्थ :- यदि तत्वदर्शी सन्त सतगुरू प्राप्त भयो भने उपरोक्त ज्ञान बताएर काल ब्रह्मको लोकको सम्पूर्ण वस्तुहरूबाट तथा पदहरूबाट इच्छा समाप्त गरी "पद मिल पदे समाना" यसमा एउटा "पद" को अर्थ हो पद्धति अर्थात् शास्त्रविधि अनुसार साधना अर्को पदको अर्थ हो "परम पद" यानी "पदवी" । सतगुरूले शास्त्र अनुसार पद्धति बताएर परमेश्वरको त्यो परमपद प्राप्ति गराइ दिनु हुन्छ, जहाँ गए पश्चात् साधक फेरि फर्केर संसारमा कहिल्यै आउँदैन । हे भक्त ! हिड, तिमीलाई त्यस लोकमा पठाउँछु, जुन आदि अमर स्थान हो अर्थात् गीता अध्याय १८ श्लोक ६२ मा वर्णित सनातन परमधाम हो, जहाँ परम शान्ति छ ।

वाणी सङ्ख्या- ७ :- चार मुक्ति जहाँ चम्पी करती, माया हो रही दासी ।
दास गरीब अभय पद परसै, मिले राम अविनाशी ॥

सरलार्थ :- त्यस सनातन परम धाममा परम शान्ति तथा अत्यधिक सुख छ । काल ब्रह्मको लोकमा चार मुक्ति मानिन्छ, जुन प्राप्त गरेर साधक आफूलाई धन्य ठान्दछ । तर ती स्थायी होइनन् । केही समय पश्चात् पुण्य समाप्त हुना साथ फेरि ८४ लाख प्रकारको योनीहरूमा कष्ट उठाउँदछ । तर त्यस सत्यलोकमा चार मुक्ति भएको सुख सदा रहि रहन्छ । माया हजुरको नोकर्नी बनेर रहन्छिन् ।

सन्त गरीबदास जीले भनेका छन्– अमरलोकमा गए पश्चात् प्राणी निर्भय हुन्छ र त्यस सनातन परम धाममा ती अविनाशी राम अर्थात् परमेश्वर प्राप्त हुन्छ । त्यसैले पूर्ण मोक्षका लागि शास्त्रानुकूल भक्ति गर्नु पर्छ, जसद्वारा ती भगवानसम्म पुग्न सकिन्छ ।

उपरोक्त वाणी तथा पूर्वोक्त विवरणबाट स्पष्ट हुन्छ- श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जी र यिनका पिता काल ब्रह्म अर्थात् क्षर पुरुष एवम् अक्षर पुरुष

सम्पूर्ण राम अर्थात् प्रभु नाशवान छन् । केवल परम अक्षर ब्रह्म नै अविनाशी
अर्थात् प्रभु हुन् । यिनै परमेश्वरको भक्तिले नै परम शान्ति तथा सनातन परम
अर्थात् पूर्ण मोक्ष प्राप्त हुने छ, जहाँ चार मुक्तिका सुख सदा रहन्छ । माया अर्थ
सारा सुख सुविधाहरू साधकको नोकरको रूपमा उपस्थित रहन्छ । सूक्ष्म वेद
भनिएको छ :-

कबीर, माया दासी सन्त की, उभय दे आशिष ।
विलसी और लातों छडी, सुमर-सुमर जगदीश ॥

भावार्थ : सम्पूर्ण सुख सुविधाहरू धनबाट प्राप्त हुन्छ । त्यो धन शास्त्रवि
अनुसार भक्ति गर्ने सन्त-भक्तको भक्तिबाट स्वतः प्राप्त हुन्छ, धन प्राप्त गर्नु उस
उद्देश्य हुदैन तर पनि अवश्य प्राप्त हुन्छ, द्यथ उचयमगअत हुन्छ । जस्तो कसैले गहूँ
बाली लगायो भने उसको उद्देश्य गहूँको अन्न प्राप्त गर्नु हो तर भुस तथा छुवाली प
अवश्य प्राप्त हुन्छ । भुस तथा छुवाली गहूँको अन्नको द्यथ उचयमगअत हो । यसैग
सत्य साधना गर्नेलाई धन (माया) पनि स्वतः प्राप्त हुन्छ । साधकले त्यसको भोग गर
र माया आफै पछि लागेर आउँछ अर्थात् धनको अभाव रहदैन, तापनि आवश्यक्ताभन
अधिक प्राप्त हुन्छ । परमेश्वरको भक्ति गरेर भक्त तथा सन्तले मायाको आनन्दसँगै पू
मोक्ष पनि प्राप्त गर्दछन् ।

❖ उपरोक्त प्रसङ्गलाई अगाडि बढाऔं: मानव शरीर प्राप्त प्राणीले आफ्नो उद्दे
बिर्सनु हुँदैन । भक्ति गरेर आफ्नो कल्याण गर्नु पर्छ । सूक्ष्म वेदमा लेखिएको छः- (र
आसावरी शब्द नं. ७१)

यह सौदा फिर नाही सन्तों, यह सौदा फिर नाही ।
लोहे जैसा ताव जात है, काया देह सराही ॥
तीन लोक और भुवन चतुर्दश, सब जग सौदे आही ।
दुगने-तिगुने किए चौगुने, किन्हूँ मूल गवाही ॥

भावार्थ :- जस्तो कुनै दुई जना व्यापारी व्यापार गर्न टाढाको कुनै सहरमा ग
। उनीहरूले साथमा ५-५ लाख रूपियाँ मूल धन लगे । एउटाले आफ्नो सम्पत्ति
सदुपयोग गर्‍यो । धर्मशाला वा होटलको कोठा भाडामा लियो । सामान किन्यो
महङ्गोमा बेच्यो । यसबाट उसले २० लाख कमायो । दुई वर्षपछि फर्केर आफ्नो घ
आयो । सबैतिर उसको प्रशंसा भयो र धनी बन्यो ।

अर्को व्यापारीले पनि धर्मशाला वा होटलमा भाडामा कोठा लियो । रक्सी पिउ
थाल्यो । ऊ वेश्याहरूका नृत्य हेर्थ्यो, खाना खान्थ्यो र सुत्थ्यो । उसले आफूसँग भएक
मूल धन ५ लाख रूपियाँ सिध्यायो । फर्केर घर आयो । उसलाई ऋण लाग्यो ।
लाख रूपियाँ उधारो वा सापटी दिएका मानिसले आफ्नो पैसा फिर्ता मागे । पैसा ति
नसकेकोले उसलाई आफ्नो मजदुर बनायो र आफ्नो ५ लाख धन असुल गर्‍यो
उपरोक्त वाणीहरूको तात्पर्य यही हो । तीन लोक (स्वर्ग लोक, पाताल लोक र पृथ्वी

लोक) मा भएका सारा प्राणीहरू आ-आफ्नो राम-नामको व्यापार गर्न आएका हुन् । कसैले त दुई गुणा, कसैले तीन गुणा, कसैले चार गुणा धन कमाएका छन् अर्थात् पूर्ण सन्तबाट दीक्षा लिएर मानव जीवनको स्वासको पूँजी जुन मूल धन सत्य भक्ति गरेर वृद्धि गरे । जसले भक्ति गरेनन्, शास्त्रविधि त्यागेर मनोमानी आचरण गरे या अनाधिकारी गुरुबाट दीक्षा लिएर भक्ति गरे, उनीहरुलाई कुनै लाभ प्राप्त हुँदैन । पवित्र गीता अध्याय १६ श्लोक २३-२४ मा यसको प्रमाण छ । जसकारणले उसले पनि आफ्नो मनुष्य जीवनको स्वासरुपी मूल धन सत्य भक्तिबिना नष्ट गर्‍यो ।

भक्ति नगर्नाले हुने हानीको अन्य विवरण

यह दम टूटै पिण्डा फूटै, हो लेखा दरगाह मांही ।
उस दरगाह में मार पडैगी, जम पकडेंगे बांही ॥
नर-नारायण देहि पाय कर, फेर चौरासी जांही ।
उस दिन की मोहे डरनी लागे, लज्जा रह के नांही ॥
जा सतगुरू की मैं बलिहारी, जो जामण मरण मिटाही ।
कुल परिवार तेरा कुटुम्ब कबीला, मसलित एक ठहराही ।
बाँध पींजरी आगै धर लिया, मरघट कूँ ले जाही ।
अग्नि लगा दिया जब लम्बा, फूंक दिया उस ठाहीं ॥
पुराण उठा फिर पण्डित आए, पीछे गरूड पढाहीं ॥

भावार्थ :- यो दम अर्थात् स्वास समाप्त भएको दिन शरीर रुपी पिण्ड छुट्ने छ । अनि परमात्माको दरबारमा पाप-पुण्यको हिसाब हुने छ । भक्ति नगर्ने या शास्त्र विरूद्ध भक्ति गर्नेलाई यमका दूतले हात समातेर लैजाने छन्, चाहे कोही कुनै देशको राजा नै किन नहोस्, त्यसले कुटाइ खाने छ । सन्त गरीबदास जीलाई परमेश्वर कबीर जीले भेट्नु भएको थियो । उनको आत्मालाई माथि लिएर जानु भयो । सम्पूर्ण ब्रह्माण्डहरू देखाएर तथा सम्पूर्ण आध्यात्मिक ज्ञान सम्झाएर पुनः शरीरमा फर्काउनु भयो । सन्त गरीब दास जी प्रत्यक्ष आफैले देखेको अवस्थाको बयान गर्दै भन्छन्: हे मानव । तिमीले नर शरीर प्राप्त गरेका छौ । यो शरीर नारायण अर्थात् परमात्माको शरीर जस्तै अर्थात् उनैको स्वरूप हौ । अन्य प्राणीहरुलाई यो सुन्दर शरीर प्राप्त छैन । यो (शरीर) प्राप्त भएपछि प्राणीले आजीवन भगवानको भक्ति गर्नु पर्छ । यस्तो परमात्मा स्वरूप शरीर प्राप्त गरेर पनि सत्य भक्ति नगरेकोले पुनः चौरासी लाख योनीहरूको चक्रमा गइ रहेका छन् । धिक्कार छ तिम्रो मानव जीवन । मलाई त त्यस दिनको चिन्ता तथा डर छ, कहीं भक्ति कम भएर ती परमात्माको दरबारमा इज्जत हुन्छ वा हुँदैन, के थाहा ? मलाई त भक्ति गर्दा गर्दै पनि भक्ति कम हुने हो कि भन्ने डर लाग्छ । तिमीहरू त भक्ति नै गर्दैनौ । यदि गरि रहेका छौ भने पनि शास्त्र विरूद्ध । तिम्रो अवस्था खराब हुने छ । म तिमीलाई जन्म मरणको दीर्घ रोग मेटाउने अर्थात् समाप्त गरी दिने सतगुरु छान्न सल्लाह दिन्छु । सत्य भक्ति नगर्नेहरुको मृत्यु

पश्चात् कस्तो अवस्था होला ? आसपासका आफन्तहरू जम्मा हुन्छन् । सबै जना श्मशान घाट लैजाने एउटै विचार वा सहमती बन्छ । (शमशान घाट लगेर आ लगाइन्छ, घोचो वा बाँसले घोची-घोची छाति भाँचिन्छ, सारा शरीर जलाइन्छ । खल्ती भएका सबै कुराहरू निकाल्छन् । अनि शास्त्रविधि त्यागेर मनोमानी आचरण गर्ने गराउने गुरूले त्यस संसारबाट गएको जीवको कल्याणका लागि गरूड पुराण पा गर्दछ ।)

तत्व ज्ञान (सूक्ष्मवेद) मा भनिएको छ– आफ्नो मानव जीवन पूरा गरेर त्यो जी गयो । परमात्माको दरबारमा उसको हिसाब हुने छ । ऊ कर्म अनुसार कतै गध कुकुर आदि बन्ने पङ्तिमा खडा हुने छ । मृत्यु पश्चात् गरिएको गरूड पुराणको पा उसकोलागि के काम लाग्यो त ? यी सब शास्त्रविरूद्ध व्यर्थका क्रियाकर्म हुन् । त्य प्राणीलाई मानव शरीर छँदै भगवानको संविधानको ज्ञान सुनाउनु पर्ने थियो । जसबा उसलाई असल र खराबको ज्ञान हुने थियो र उसले आफ्नो मानव जीवन सफ तुल्याउने थियो ।

प्रेत शिला पर जाय विराजे, फिर पितरों पिण्ड भराही ।
बहुर श्राद्ध खान कूँ आया, काग भये कलि माहीं ॥

भावार्थ : मृत्यु उपरान्त त्यस जीवको कल्याण अर्थात् गतिका लागि गरिने शास् विरूद्ध क्रियाहरू व्यर्थ हुन्– जस्तो मर्ने व्यक्तिको गति अर्थात् मोक्षका लागि गरू पुराण पाठ गराउनु, अस्थी गंगामा प्रवाहित गर्नु, तेन्हौं वा सत्रौंको काममा हवन त भण्डारा आदि गर्नु । पहिले प्रत्येक महिना उसको गतिका लागि वर्ष दिनसम्म मासि क्रिया गरिन्छ, अनि ६ महिनामा छमासी क्रिया गरिन्छ फेरि वार्षिकी क्रिया गरिन्छ अनि पिण्ड दान क्रिया र श्राद्ध गराउँछन् । श्राद्धको दिन पुरोहित स्वयम्ले भोज तयार गरेर कहीं तिम्रो पिता काग बनेका त छैनन् भनी अलिकति केही खाना घरक छतमा राख्न लगाउँछन् । जब कागले खाना खान्छ, तब स्वर्गवासी तिम्रा माता वा पित (जसका लागि यी सारा क्रिया वा कार्य तथा श्राद्ध गरिएको हुन्छ ।) काग बनेका छन् यिनको श्राद्ध सफल भयो भन्छन् । यस उपरोक्त विवरणबाट उपरोक्त क्रियाक गरिएको त्यो व्यक्ति काग बनि सकेको छ भन्ने स्पष्ट हुन्छ ।

श्राद्ध गर्ने पुरोहितले भन्छ– श्राद्ध गर्नाले त्यस जीव एक वर्षको लागि तृ हुन्छ । फेरि एक वर्षमा श्राद्ध गर्नु पर्छ ।

विचार गरौः- जीवित रहँदा दिनमा तीन पटक भोजन गर्दथ्यो । अब चाहिँ एक दिन भोजन गर्नाले एक वर्षसम्म कसरी तृप्त हुन सक्छ ? यदि हरेक दिन छतमा खाना राख्यो भने त्यस कागले हरेक दिन नै खाना खान्छ ।

अर्को कुराः मृत्यु पश्चात् गरिने सम्पूर्ण क्रियाहरू गति (मोक्ष) गराउने उद्देश्यले गरिएको थियो । ती ज्ञानहीन गुरूहरूले अन्तमा काग बनाई छोडे । ऊ प्रेत शिलामा प्रेत योनी भोगि रहेको छ । तर गुरू र काग मस्तसँग भोजन गरि रहेका छन् । पिण्ड

दानको लाभ प्रेत योनीबाट मुक्ति भनिएको छ । मानौं प्रेत योनी छुट्यो । त्यसपछि ऊ गधा या गोरू बन्यो भने के गति गराए त ?

नर से फिर पशुवा किजै, गधा बैल बनाई ।
छप्पन भोग कहाँ मन बौरे, कही कुरडी चरने जाई ॥

मानव जीवनमा हामी कति राम्रा-राम्रा ५६ प्रकारका भोजन खान्थ्यौं । भक्ति नगर्नाले वा शास्त्र विरूद्ध साधना गर्नाले गधा बन्ने छौ, अनि यी ५६ प्रकारका भोजन कहाँ प्राप्त हुन्छ ? कतै कुरडी (घाँसे जमीनमा) मा भुँडी भर्नका लागि घाँस चर्न जान्छ । यसैगरी गोरू आदि पशुहरुको योनीमा कष्ट माथि कष्ट भोग्दै जान्छ ।

जै सतगुरू की संगत करते, सकल कर्म कटि जाई ।
अमर पुरी पर आसन होते, जहाँ धूप न छाँई ॥

सन्त गरीबदास जीले परमेश्वर कबीर जीबाट प्राप्त सूक्ष्म वेदमा भनेका छन्- यदि सतगुरू (तत्वदर्शी सन्त) को शरणमा गएर दीक्षा लिएको भए उपरोक्त सम्पूर्ण कर्महरूका कष्ट काटिने थियो अर्थात् प्रेत, गधा, गोरू आदि बन्ने थिएन । अमरपुरीमा आसन हुने थियो अर्थात् गीता अध्याय १८ श्लोक ६२ तथा अध्याय १५ श्लोक ४ मा वर्णित सनातन परमधाम प्राप्त हुने थियो, परम शान्ति प्राप्त हुने थियो । पुनः फर्केर संसारमा कहिल्यै आउनु पर्दैनथ्यो अर्थात् जन्म-मरणको कष्टदायक चक्र सदाका लागि समाप्त हुने थियो । त्यस अमरलोक (सत्यलोक) मा घाम-छायाँ छैन अर्थात् जस्तो घाम दुःखदायी भयो भने छायाको आवश्यकता पर्छ । त्यस सत्यलोकमा केवल सुख छ, दुःख छैन ।

सुरत निरत मन पवन पयाना, शब्दै शब्द समाई ।
गरीब दास गलतान महल में, मिले कबीर गोसांई ।

सन्त गरीबदास जी भन्छन्– मलाई कबीर परमेश्वरले भेट्नु भयो र सुरत-निरत, मन तथा स्वासमा ध्यान राखेरं नामको स्मरण गर्ने विधि बताउनु भयो, जुन साधनाद्वारा सतलोकमा भइ रहेको शब्द ध्वनिलाई समातेर सतलोकमा गएँ । जसकारण सत्यलोक (शाश्वत स्थान) मा आफ्नो महलमा आनन्दले बस्छु किनकि परमेश्वर कबीर जीले सन्त गरीबदास जीलाई सत्य साधना बताउनु भएको थियो र गरीबदास जीले परमेश्वरसँगै गएर त्यो स्थान (सत्यलोक) देखेर आएका थिए । यिनै कारणले उनी विश्वासका साथ भन्छन्– मैले गरेको यो शास्त्रानुकूल साधना परमात्माले बताउनु भएको हो । यो शब्द अर्थात् नाम जाप गर्नाले म अवश्य पूर्ण मोक्ष प्राप्त गर्ने छु, यसमा कुनै संशय छैन । जसकारणले म (गरीबदास) सत्यलोकमा बनेको आफ्नो महल (विशाल घर) मा जाने छु । त्यसैले निश्चिन्त तथा गलतान (महल प्राप्तिको खुशीमा मस्त) छु किनकि मलाई पूर्णगुरू परमात्मा कबीर जीले आफ्नो लोकबाट आएर भेट्नु भयो ।

गरीब, अजब नगर में ले गए, हमको सतगुरू आन ।
झिलके बिम्ब अगाध गति, सूते चादर तान ॥

भावार्थ :- गरीबदास जी भन्छन्– सतगुरू अर्थात् परमेश्वर कवीर जी स्वयम् आफ्नो निज धाम सत्यलोकबाट आउनु भयो र मलाई साथमा लिएर अजब (अद्भुत) नगर अर्थात् सत्यलोकमा बनेको शहरमा लैजानु भयो । त्यो स्थान प्रत्यक्ष रूपमा आफैले देखेर म परमात्माले बताउनु भएको भक्ति मार्गमा हिँडि रहेको छु । सत्यनाम, सारनामको साधना गरि रहेको छु । त्यसैले चादर (ओढ्ने) ओढेर सुति रहेको छु अर्थात् मेरो मोक्ष हुने कुरोमा कुनै संदेह छैन ।

चादर तानकर सोना (ओढ्ने ओढेर सुत्नु) = निश्चिन्त भएर बस्नु । जसको कुनै कार्य बाँकी छैन र ओढ्ने ओढेर सुतेको छ भने गाउँका मानिसहरूले भन्छन्- हेर, ओढ्ने ओढेर सुति रहेको छ । के यसको कुनै काम छैन ? ठीक त्यसैगरी गरीब दास जी भन्छन्– अब ठूला-ठूला महल बनाउनु व्यर्थ लागि रहेको छ । अब त त्यस सतलोकमा जाने हो, जहाँ बनि बनाएका विशाल भवनहरू छन् । जसलाई गल्ती वश हामीले छोडेर यस काललोकमा आएका हौं । अहिले अवसर प्राप्त भएको छ । सत्य भक्ति तथा तत्वज्ञान प्राप्त भएको छ ।

सज्जन वर्ग । त्यो सत्य भक्ति अहिले म (रामपाल दास) सँग छ । जसबाट संसार रूपी दुःखको घर संसारबाट मुक्त भएर त्यो परम शान्ति तथा शाश्वत स्थान (सनातन परम धाम) प्राप्त हुन्छ, जसको विषयमा गीता अध्याय १८ श्लोक ६२ तथा गीता अध्याय १५ श्लोक ४ मा भनिएको छ– तत्वदर्शी सन्तबाट तत्वज्ञान प्राप्त गर्नु पर्छ । त्यस तत्वज्ञानले अज्ञानलाई नाश गरी परमेश्वरको त्यस परम पदको खोजी गर्नु पर्छ, जहाँ गए पश्चात् साधक पुनः फर्केर संसारमा कहिल्यै आउँदैन ।

"भक्ति नगर्दा अत्यन्त दुःख हुन्छ"

सूक्ष्म वेदमा भनिएको छ :-

यह संसार समझदा नाही, कहंदा शाम दूपहरे नूँ ।
गरीबदास यह वक्त जात है, रोवोगे इस पहरे नूँ ॥

आध्यात्मिक ज्ञानको अभावले परमात्माको विधानसँग परिचित नहुँदा यी प्राणी यस संसार रूपी दुःखको घरमा महान कष्ट झेलि रहेका छन् र यसैलाई सुखको स्थान मानि रहेका छन् । जस्तो कुनै एउटा मानिस जेठ-असारको महिनामा दिनको १२-१ बजे हरियाणा प्रान्तमा रक्सी पिएर टन्टलापुर घाममा लडेको छ, पसिनाले शरीर पूरा भिजेको छ, शरीर भरी माटो लागेको छ । एउटा मानिसले उसलाई भन्यो– ए भाइ । उठ, तिमीलाई चर्को घामले पोलि रहेको छ, हिँड, रूख मुनि लगेर राखि दिन्छु । अनि त्यो जँड्याहाले भन्छ– म एकदम ठीक छु, मस्ती छ, कुनै कष्ट छैन ।

❖ एउटा व्यक्ति कुनै कारणवश अदालतमा गयो । त्यहाँ उसको आफन्तसँग भेट भयो । एक-अर्काले कुशल-मङ्गल सोधे । दुवैले सबै ठीक छ, आनन्द छ भने ।

❖ एक व्यक्तिको एक मात्र ज्यादै रोगी पुत्र थियो । उसलाई पी. जी. आई. मा भर्ती गराइएको थियो । छोरो बाँच्ने आशा ज्यादै कम थियो । यस्तो स्थितिमा आमा-बुबाको कस्तो अवस्था हुन्छ राम्रोसँग बुझ्न सकिन्छ । आफन्तहरू भेट्न आए । बच्चाको

अवस्था कस्तो छ भनेर सोधे । जवाफमा रोगी छोराका बुवाले बच्ने आशा छैन भन्यो । आफन्तले अरू त कुशलै छ नि भन्दा जवाफमा उसले सबै राम्रो छ भन्यो।

विचार गरौ :- रक्सीको नशामा लट्ठ भएर चर्को घामको तातो झेलि रहेको थियो । तर पनि आनन्द छ भनि रहेको थियो ।

❖ अदालतमा भेट भएका आफन्तहरू सबैले आनन्द छ भनि रहेका थिए । विचार गरौ:- जुन मानिस अदालतको कोलमा फँसेको छ, त्यसलाई सपनामा पनि सुख हुँदैन । तर पनि दुवै जना आनन्द छ भनि रहेका थिए ।

❖ जुन व्यक्तिको एक्लो छोरो मृत्यु शैय्यामा छ, त्यसलाई कसरी आनन्द हुन सक्छ ? त्यसैले सूक्ष्मवेदमा भनिएको छ– यस दुःखालय संसारमा यी प्राणीहरू महाकष्टलाई सुख मानि रहेका छन् ।

यह संसार समंझदा नाही, कहंदा शाम दोपहरे नूँ ।
गरीब दास यह वक्त जात है, रोवोगे इस पहरे नूँ ॥

सन्त गरीब दास जी भन्छन्- मनुष्य जीवन प्राप्त गरेर जसले भक्ति गर्दैन, त्यसले गधा, कुकुर आदिको योनीमा कष्ट भोग्दछ । कुकुर रातमा आकाशतिर फर्केर रून्छ । त्यसैले गरीबदास जी भन्छन्– यो मानव शरीर प्राप्त भएको समय एक पटक हातबाट गुम्यो र भक्ति गरेनौ भने त यो समय (इस पहरे) सम्झेर रूने छौ ।

भक्ति मार्गमा यात्रा

आध्यात्मिक ज्ञान नभएसम्म त जीवले मायाको नशामा आफ्नो उद्देश्य भुलि सकेको थियो र माथि बताए जस्तै जेठ महिनाको गर्मीमा दिनको मध्यान्हको घाममा जँड्याहा व्यक्ति रक्सीको नशामा लट्ठ भई पसिनाले भिजेर बालुवामा लट्पटिदा पनि मजा आइ रहेको छ भन्छ । तर नशा हटे पश्चात् उसलाई थाहा हुन्छ, ऊ त जङ्गलमा लडि रहेको छ, घर त अझै टाढा छ ।

कबीर जी भन्नु हुन्छ :-

कबीर, यह माया अटपटी, सब घट आन अड़ी ।
किस-किस को समझाऊँ, या कूऐ भांग पड़ी ॥

अध्यात्म ज्ञान रूपी औषधि सेवन गर्नाले जीवको नशा हट्छ । अनि ऊ भक्तिको यात्रामा हिड्छ किनकि उसलाई आफ्ना पिता परमात्माको समीपमा पुग्नु छ र त्यो सतलोक जीवको आफ्नो घर हो । यात्रामा हिड्ने व्यक्ति सारा सामान बोकेर हिड्न सक्दैन । केवल आवश्यक सामान लिएर यात्रामा जान्छ । यसैगरी भक्तिको यात्रामा आफूलाई हलुका बनाएर हिड्नु पर्छ । तब मात्र गन्तव्य प्राप्त गर्न सकिन्छ । भक्ति रूपी मार्गमा हिड्नका लागि आफूमा मानसिक शान्ति हुनु अनिवार्य छ । आफ्ना परम्पराहरू, नशा, मान बढाइ, आडम्बर आदि मानसिक दुःखका कारण हुन् । यो भार व्यर्थका लागि उपस्थित छन्, जस्तो:- ठूला महल, महङ्गा कार, श्रृङ्गार गर्नु, महङ्गा आभुषण (सुनका गहना) सङ्ग्रह गर्नु, विवाहमा दाइजो लिनु वा दिनु, ब्याण्ड बाजा,

डी. जे. बजाउनु, घोडचढीको बेलामा सारा परिवार लाज शरम नभएको जसरी न
मृत्यु भोज गर्नु, बच्चाको जन्ममा खुशी मनाउनु, खुशीको अवसरमा पट्का पड्का
फजुल खर्च गर्नु आदि-आदि जीवनको भक्ति यात्रामा बाधक भएकाले त्याग्नु पर्छ।

"गुरू बिना मोक्ष छैन"

प्रश्न :- के गुरू बिना भक्ति गर्न सकिदैन ?

उत्तर :- भक्ति गर्न सकिन्छ, तर त्यो व्यर्थको प्रयत्न हुने छ।

प्रश्न :- कारण बताउनु होस् ?

उत्तर :- सूक्ष्मवेदमा परमात्माको विधान बताइएको छ :

कबीर, गुरू बिन माला फेरते, गुरू बिन देते दान ।
गुरू बिन दोनों निष्फल है, पूछो वेद पुराण ।।
कबीर, राम कृष्ण से कौन बडा, उन्हों भी गुरू किन्ह ।
तीन लोक के वे धनी, गुरू आगे आधीन ।।
कबीर, राम कृष्ण बडे तिन्हूं पुर राजा ।
तिन गुरु बन्द कीन्ह निज काजा ।।

भावार्थ :- गुरू धारण नगरी यदि नाम जापको माला फेर्दछन् र दान दि
भने त्यो व्यर्थ छ। यदि तपाईंलाई कुनै सन्देह छ भने आफ्नो वेद तथा पुराणमा प्र
हेर्न सक्नु हुन्छ ।

श्रीमद्भगवत गीता चारै वेदका सारांश हुन् । गीता अध्याय २ श्लोक ७
अर्जुनले भने— हे कृष्ण । म हजुरको शिष्य हूँ, हजुरको शरणमा छु । गीता अध्याय
श्लोक ३ मा श्री कृष्ण जीमा प्रवेश गरेर काल ब्रह्मले अर्जुनलाई भने— तिमी मेरा भ
हौ । पुराणमा प्रमाण छ— श्री रामचन्द्र जीले ऋषि वशिष्ठ जीबाट नाम दीक्षा लि
थिए र आफ्नो घर तथा राजकाजमा गुरू वशिष्ठबाट आज्ञा लिएर कार्य गर्दथे।
कृष्ण जीले ऋषि संदीपनि जीबाट अक्षर ज्ञान प्राप्त गरे तथा श्री कृष्ण जी
आध्यात्मिक गुरू श्री दुर्वासा ऋषि थिए ।

कबीर परमेश्वर जी हामीलाई सम्झाउन चाहनु हुन्छ— तिमीहरू अरू कसैल
श्री राम तथा श्री कृष्ण जी भन्दा ठूला अर्थात् समर्थवान मान्दैनौं । ती तीन लोक
मालिक थिए । उनीहरूले पनि गुरू बनाएर भक्ति गरे, जीवन सफल तुल्याए । यस
अरू कसैले गुरू बिना भक्ति गर्दछ भने त्यो कत्ति सही हो भन्ने सहजै थाहा पा
सकिन्छ । अर्थात् त्यो व्यर्थ छ ।

❖ गुरू बिना देखा-सेखी एवं भने-सुनेको भक्तिलाई लोक वेद अनुसारको भ
भनिन्छ । लोक वेदको अर्थ कुनै क्षेत्रमा प्रचलित तत्वज्ञान विपरितको भक्ति ज्ञान हो
लोकवेदको आधारमा यस दास (सन्तरामपाल दास) श्री हनुमान जी, बाबा श्याम ज
श्री राम, श्री कृष्ण, श्री शिव जी तथा देवी-देवताहरूको भक्ति गर्दथ्यो । हनुमान जी

भक्तिमा मङ्गलबारको व्रत गर्थ्यो, बुन्दी (बुनियाँ) को प्रसाद बाँड्थ्यो र स्वयम् देशी घिउको गिच चुरमा खान्थ्यो । बाबा हनुमानलाई डाल्डा वनस्पति घिउमा बनेको बुनियाँको भोग लगाउँथ्यो । हरे राम, हरे कृष्ण कृष्ण कृष्ण हरे हरे को मन्त्र जाप गर्दथ्यो । कसैले भन्यो–

ओम् नाम सबसे बडा, इससे बडा न कोय ।
ॐ नाम का जाप करे, तो शुद्ध आत्मा होय ॥

यस कारणले ओम् नामको जाप सुरु गरें । ओम् नमो शिवायः शिवको मन्त्र जाप गर्थें । ओम् नमो भगवते वासुदेवायः नामः विष्णुको जाप गर्थें । तीर्थ जानु, दान गर्नु, त्यहाँ स्नान गर्नु यी सब लोक वेदको आधारमा गर्थें ।

घरमा सुख हूँदा म उपरोक्त भक्तिको कारणले भएको हो भन्ने ठान्दथें । जस्तोः परीक्षामा पास हुनु, विवाह हुनु, पुत्र तथा पुत्रीहरूको जन्म हुनु, जागिर पाउनु । यी सारा सुख उपरोक्त साधनाबाट भएको हो भन्ने ठान्दथें । कबीर परमेश्वर जीले सूक्षम वेदमा भन्नु भएको छ :-

कबीर, पीछे लाग्या जाऊँ था, मै लोक वेद के साथ ।
रास्ते में सतगुरू मिले, दीपक दिन्हा हाथ ॥

भावार्थ :- साधकले लोकवेद अर्थात् दन्त्य कथाको आधारमा भक्ति गरि रहेको थियो । ऊ शास्त्र विरुद्धको साधनाको मार्गमा हिंडि रहेको थियो । बाटोमा अर्थात् एक दिन तत्वदर्शी सन्त भक्तिको मार्गमा भेट हुनु भयो । उहाँले शास्त्रविधि अनुसारको शास्त्र प्रमाणित साधना रूपी दीयो (बत्ति) दिनु भयो अर्थात् सत्य शास्त्रानुकुल साधनाको ज्ञान अवगत गराउनु भयो र जीवन नष्ट हुनबाट जोगियो । सत गुरुले बताउनु भएको तत्वज्ञानको उज्यालोले मैले गलत भक्ति गरि रहेको थिएँ भन्ने थाहा पाएँ । श्रीमद्भगवत गीता अध्याय १६ श्लोक २३-२४ मा भनिएको छ– जुन साधकले शास्त्र विधि त्यागेर मनोमानी आचरण गर्दछ, उसलाई न त सुख हुन्छ, न सिद्धि प्राप्त हुन्छ, न त गति अर्थात् मोक्ष प्राप्त हुन्छ अर्थात् ती सब व्यर्थका साधना हुन् । फेरि गीता अध्याय १६ श्लोक २४ मा भनिएको छ– अर्जुन । यसैले तिम्रा लागि कर्तव्य र अकर्तव्यको व्यवस्थामा शास्त्र नै प्रमाण हो ।

यस दास (सन्त रामपाल दास) तथा पूरा हिन्दू समाजले गरेको उपरोक्त साधना सबै गीता तथा वेदहरुमा वर्णित नभएकाले शास्त्र विरुद्धको साधना हो, जुन व्यर्थ छ ।

कबीर, गुरू बिन काहु न पाया ज्ञाना, ज्यो थोथा भुस छडे मूढकिसाना ।
कबीर, गुरू बिन वेद पढै जो प्राणी, समझै न सार रहे अज्ञानी ।

त्यसैले गुरू जीबाट वेद शास्त्रहरूको ज्ञान लिनु पर्छ, जसबाट सत्य भक्तिको शास्त्रानुकुल साधना गरेर मानव जीवन धन्य हुन्छ ।

पूर्ण गुरूको वचनको शक्तिले भक्ति हुन्छ

गुरू जीबाट दीक्षा लिएर भक्ति गर्नु लाभदायक हुन्छ । बिना गुरू भक्ति गर्न कुनै लाभ हुँदैन । उदाहरण :-

❖ एक जना राजाकी रानी साह्रै धार्मिक थिइन् । उनले पमरेश्वर कबीर जी गुरू दीक्षा लिएकी थिइन् । उनी हरेक दिन गुरू दर्शनको लागि जाने गर्थिन् । यी राजालाई मन पर्दैनथ्यो तर राजाले रानीलाई त्यहाँ जानबाट रोक्न सकि रहेका थिए किनकि सर्व प्रथम त उनी एक शक्तिशाली राजाकी छोरी थिइन् भने अर्को रा आफ्नी पत्नीलाई सधैं प्रसन्न भएको देख्न चाहन्थे ।

एक दिन राजाले रानीलाई रिसाउँदिनौ भने एउटा कुरा भन्छु भने । रानी हुन्छ भनिन् । राजाले भने– तिमी सधैं आफ्ना गुरू कहाँ जान्छ्यौ, भक्ति गुरू बि पनि त हुन सक्छ नि । जवाफमा रानीले भनिन्– गुरू जीले त गुरू बिना भक्ति व्यर्थ हो भन्नु भएको छ । रानीका कुरा सुनेपछि राजाले भने– म भोलि तिमीसँगै ग तिम्रो गुरू जीलाई भेट्छु र उहाँबाट यो कुरा स्पष्ट गर्छु ।

भोलिपल्ट राजा रानीसँगै गुरू जी सामु गएर भने– तपाईं किन गुरू बिना भ हुँदैन भनेर जनतालाई मूर्ख बनाइ रहनु भएको छ, किन भक्ति सफल हुँदैन ? न जाप गर्ने न हो, त्यो त एक अर्कासँग सोधेर जाप गरे भइ हाल्यो नि । सन्तले भ राजन ! हजुरको कुरामा दम छ,म हजुरको दरबारमा आउँछु र यस प्रश्नको जव त्यही दिन्छु । निश्चित दिनमा सन्त जी राजदरबारमा गए । राजा सिंहासन विराजमान थिए, छेउछाउमा सिपाही खडा थिए । सन्तलाई बस्नका लागि अलग्गै कु राखिएको थियो । सन्त जानासाथ छेउछाउमा खडा रहेका सिपाहीहरूसँग राजाल देखाउँदै यसलाई गिरफ्तार गर भने । सिपाहीहरू टसमस पनि भएनन् । सन्तले त पटक सम्म यसलाई गिरफ्तार गर भन्ने आदेश दिए, तर सिपाहीहरूले राजाल गिरफ्तार गरेनन् ।

राजा सन्तप्रति क्रोधित भए र विचार गरे- यस अभागीले राज्य हात पार्न लागि मेरी पत्नीलाई बहकाएको रहेछ । तत्काल राजाले सन्तलाई गिरफ्तार ग सिपाहीहरूलाई आदेश दिए । एक पटक मात्र राजाको आदेश आउनासाथ सिपाहीहरू सन्तलाई गिरफ्तार गरे ।

सन्तले भने– हे राजन । तपाईं घरमा बोलाएर एउटा सन्तको अनादर गर्दै हुन्छ ?, यो राम्रो कुरा होइन । राजाले भने– तपाईं बकवास गर्दै हुनु हुन्थ्यो, मल गिरफ्तार गर्ने आदेश दिदै हुनु हुन्थ्यो । सन्तले भने– मैले त तपाईंको त्यही प्रश्न जवाफ दिएको हुँ, जसमा तपाईले गुरूबाट दीक्षा लिएर भक्ति गर्नु किन आवश्यक भनी सोध्नु भएको थियो । मलाई सिपाहीबाट छुटाउनु होस्, तब म जवाफ दिन्छु राजाले सन्तलाई छोड्न आदेश दिए । सिपाहीहरूले सन्तलाई छोडि दिए । सन्त भने– हे राजा जी ! मैले सिपाहीहरूसँग राजालाई गिरफ्तार गर भन्ने आदेश दिएँ त उनीहरू टसमस पनि भएनन् । तर त्यही वाक्य तपाईंले भन्दा तत्काल मलाई गिरफ्ता

गरे । तपाईंको बोलीमा राज्यको शक्ति छ । मेरो वचनमा आध्यात्मिक शक्ति छ । तपाईंले त्यही नाम जाप भक्तिका लागि कसैलाई भन्नु भयो भने त्यस मन्त्रले कुनै काम गर्दैन । तर त्यही नाम जाप गर्न मैले भने भने, त्यो तत्काल प्रभावपूर्ण रूपमा क्रियान्वित हुन्छ । त्यसैले पूर्ण सन्तबाट दीक्षा लिनाले साधकमा तत्काल आध्यात्मिक प्रक्रिया प्रारम्भ हुन्छ, उसको आत्मामा भक्तिको अङ्कुर पलाउँछ । सूक्ष्म वेदमा भनिएको छ :-

सत गुरू पशु मानुष करि डारै, सिद्धि देय कर ब्रह्म विचारे ।

भावार्थः सतगुरूले पहिले मनुष्यलाई सत्सङ्ग सुनाएर असल मानिस बनाउनु हुन्छ, सारा खराब आचरण छुटाउनु हुन्छ । फेरि आफ्नो भक्तिको सिद्धि अर्थात् शक्ति शिष्यको अन्तःकरणमा शब्दद्वारा प्रवेश गराएर ब्रह्म अर्थात् परमात्माको साधना गर्ने विचार प्रबल गराउनु हुन्छ, जसबाट भक्तिमा साधकको रूचि दिनानुदिन बढ्दै जान्छ । अनि ऊ देवता बन्दछ । कबीर जीले भन्नु भएको छ :-

कबीर, गुरू बिन माला फेरते, गुरू बिन देते दान ।

गुरू बिन दोनों निष्फल हैं, चाहे पूछो वेद पुराण ।।

योग, यज्ञ तप दान करावै, गुरू विमुख फल कभी नहीं पावै ।

भावार्थ : गुरू बिना नाम जापको माला फेर्नु, तथा दान दिनु सब व्यर्थ छ । वेद तथा पुराणहरूमा पनि यही प्रमाण छ । अन्तिम चौपाइको भावार्थः यदि दीक्षा लिएर गुरु विमुख भई अर्थात् गुरूलाई छोडेर त्यही मन्त्रहरू जाप गरि रह्यो तथा यज्ञ हवन दान पनि गरि रहेको छ भने पनि त्यो व्यर्थ छ । उसलाई कुनै लाभ हुँदैन ।

कबीर, तांते सतगुरू शरणा लिजै, कपट भाव सब दूर करिजै ।

अन्य प्रमाण :-

कबीर गर्भयोगेश्वर गुरू बिना, करते हरि की सेव ।

कहै कबीर बैकुंठ से, फेर दिया सुखदेव ।।

राजा जनक गुरू किया, फिर किन्ही हर की सेव ।

कहै कबीर बैकुंठ मे, चले गए सुखदेव ।

भावार्थः ऋषि वेदव्यास जीका पुत्र शुकदेव जी आफ्नो पूर्व जन्मको भक्तिको शक्तिले उडेर स्वर्गमा जान्थे । एक दिन उनी श्री विष्णु जीको लोकमा बनेको स्वर्गमा प्रवेश गर्ने मनसायले गए । त्यहाँका कर्मचारीहरूले ऋषि शुकदेव जीसँग स्वर्गद्वारमा आफ्नो गुरु जीको नाम बताउन आग्रह गरे । शुकदेव जीले भने– गुरूको के आवश्यकता छ र ? अरू गुरू धारण गरेर यहाँ आएका छन्, ममा त यत्ति शक्ति छ कि म गुरू बिना नै आएको छु । द्वारपालले भने– ऋषि जी यो त तपाईंको पूर्व जन्ममा सङ्ग्रह गरिएको भक्तिको शक्ति हो । यदि पुनः गुरू धारण गरेर भक्ति गर्नु भएन भने पूर्व जन्मको भक्ति केही समयसम्म मात्र चल्ने छ र तपाईंको मानव जन्म नष्ट हुने छ ।

उदाहरणका लागि :- अहिले इन्भर्टरको ब्याट्रीमा चार्जर लगाएर चार्ज गरि छ । यदि चार्जर हटाइ दियो भने इन्भर्टरले आफ्नो काम गरि रहन्छ किनकि त्य उर्जा सङ्ग्रह भइ सकेको छ । केही समय पश्चात् त्यस इन्भर्टरले सबै कार्य छोड्छ । न बत्ती बल्छ, न त पङ्खा चल्छ । त्यसलाई पुनः चार्ज गर्नु अनि रहन्छ । त्यसका लागि चार्जर चाहिन्छ । चार्जरलाई गुरु र बिजुलीलाई परमेश्वर ज ऋषि सुकदेवलाई आफ्नो सिद्धिको अभिमान थियो र उनी मानेनन् । कुरो भग विष्णुसम्म पुग्यो । श्री विष्णु जीले पनि सुकदेव जीलाई पहिले गुरु बनाऊ र मात्र आऊ भने । सुकदेव जीले भने– भगवान पृथ्वी लोकमा म समान कोही छैनन्, असल गुरु नै छन् । कृपया हजुरले नै भन्नु होस्, म कसलाई गुरु बनाऊँ ? विष्णु जी राजा जनकलाई गुरु बनाऊ भनेर आफ्नो महलमा गए । सुकदेव ऋषि फ पृथ्वीमा आए । राजा जनकबाट दीक्षा लिएर उनले बताए अनुसारको भक्ति मन्त्र जाप गरे, तब ऋषि सुकदेवलाई स्वर्गमा रहन दिइयो । त्यसैले गुरु बनाएर भ गर्नाले नै सफलता सम्भव छ । गुरु बिना भक्ति, दान आदि गर्नु व्यर्थ छ ।

❖ गुरु पूरा (पूर्ण) हुनु पर्छ, झूठा गुरुबाट कुनै लाभ प्राप्त हुँदैन ।

प्रश्न :- पूरा (पूर्ण) गुरुको पहिचान के हो ? जुन सन्तको ज्ञान सुन्यो, ऊ सतगुरु जस्तै लाग्छ ।

उत्तर :- सूक्ष्म वेदमा गुरुको लक्षण बताइएको छ :-

गरीब, सतगुरु के लक्षण कहूँ, मधुरे वैन विनोद
चार वेद छः शास्त्र, कह अठारह बोध ॥

सन्त गरीबदास जी (छुडानी गाऊँ, झज्जर जिल्ला, हरियाणा) लाई परमे कबीर जीले भेट्नु भएको थियो । उनको आत्मालाई माथि आफ्नो सत्यल (सनातन परम धाम) लिएर जानु भएको थियो । माथिका सारा लोकहरु अवलो गराएर पुनः पृथ्वीमा फर्काउनु भएको थियो । उनलाई सम्पूर्ण अध्यात्म ज्ञान भन्नु भ थियो । उनको ज्ञानयोग परमेश्वर कबीर जीले खोल्नु भएको थियो । त्यसको आधा सन्त गरीबदास जीले गुरुको पहिचान बताएका हुन्– सच्चा गुरु अर्थात् सतगु यस्तो ज्ञान बताउँछन् कि यिनको वचनले आत्मालाई आनन्दित तुल्याउँछ, बडो म आभास हुन्छ किनकि उनी सत्यमा आधारित हुन्छन् त्यसैले सतगुरुले चारै वेदहरु त सम्पूर्ण शास्त्रहरुको ज्ञान विस्तारपूर्वक भन्दछन् ।

यही प्रमाण परमेश्वर कबीर जीले सूक्ष्मवेदमा कबीर सागरको अध्याय "जीव बोध" पृष्ठ १९६० मा दिनु भएको छ :-

गुरु के लक्षण चार बखाना, प्रथम वेद शास्त्रको ज्ञाना ।
दुजे हरि भक्ति मन कर्म बानि, तीजे समदृष्टि करि जानी ॥
चौथे वेद विधि सब कर्मा, ये चार गुरु गुण जानों मर्मा ॥

सरलार्थ :- कबीर परमेश्वर जीले सच्चा गुरुका चार मुख्य लक्षण हुन्छन् भएको छ :

१. सम्पूर्ण वेद तथा शास्त्रहरू सही रूपमा जानेका हुन्छन् ।

२. उनी स्वयम्ले मन, वचन र कर्मले भक्ति गर्छन् अर्थात् उनको भनाइ र काम गराइमा कुनै अन्तर हुँदैन ।

३. उनले सारा अनुयायीसँग समान व्यवहार गर्छन्, भेदभाव राख्दैनन् ।

४. उनले सम्पूर्ण भक्ति कर्म वेदहरू (चार वेदहरू सबैलाई थाहा छ :- १. ऋग्वेद, २. यजुर्वेद, ३. सामवेद, ४. अथर्ववेद तथा पाँचौ वेद सूक्ष्म वेद हुन् ।) अनुसार गर्दछन् र गराउँदछन् ।

❖ वेदहरू (ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद) मा जाप गर्ने केवल ओम् = ॐ एक नाम छ ।

प्रमाण :- यजुर्वेद अध्याय ४० मन्त्र १५ तथा १७ मा ।

मन्त्र १५ मा भनेका छन्– ओम् (ॐ) नामको स्मरण कार्य गर्दा गर्दै गर, विशेष तडपका साथ गर, मनुष्य जन्मको परम कर्तव्य ठानेर स्मरण गर, ॐ को जाप मृत्यु पर्यन्त गर्नाले ॐ को स्मरणबाट प्राप्त हुने जत्ति अमरत्व प्राप्त हुन्छ । (यजुर्वेद ४०/१५)

❖ यजुर्वेद अध्याय ४० मन्त्र १७ मा वेद ज्ञान दाता ब्रह्म नै हुन् । उनले भनेका छन्- पूर्ण परमात्मा त परोक्ष (अव्यक्त अर्थात् लुकेका) छन् । उनी सबैको दृष्टिमा आउँदैनन् । (उनको जानकारी यजुर्वेद अध्याय ४० मन्त्र १० मा बताइएको छ- उनको यथार्थ ज्ञान तत्वदर्शी सन्तले मात्र जान्दछन्, उनीबाट सुन) फेरि यजुर्वेद अध्याय ४० मन्त्र १७ मा भनेका छन्– (अहम् खम् ब्रह्म) म ब्रह्म हुँ । मेरो ओम् = ॐ नाम हो । म माथि दिव्य आकाश रूपी ब्रह्म लोकमा रहन्छु । (यजुर्वेद ४०/१७)

यही प्रमाण श्री देवी महापुराणमा छ :- (गीता प्रेस गोरखपुरबाट प्रकाशित सचित्र मोटा टाइप केवल हिन्दी) को सातौं स्कन्ध पृष्ठ ५६२-५६३ मा श्री देवी जीले राजा हिमालयलाई भनेकी छन्- राजन् । तिमी यदि आत्मकल्याण चाहन्छौ भने मेरो भक्ति सहित सम्पूर्ण कुराहरू छोडेर केवल एक ओम् (ॐ) नामको जाप गर, ब्रह्म प्राप्तिको उद्देश्य राख । यसबाट तिमीले ब्रह्मलाई प्राप्त गर्ने छौ । उनी ब्रह्म लोक रूपी दिव्य आकाशमा रहन्छन् । यसबाट पनि वेदहरूमा जापका लागि केवल एक "ओम्" नाम छ भन्ने स्पष्ट भयो । वेदहरूका सारांश श्रीमद्भगवत गीताको अध्याय ८ श्लोक १३ मा भनिएको छ :-

ओम् इति एकाक्षरम् ब्रह्म व्याहरन् माम् अनुस्मरन् ।
यः प्रयाति त्वजन् देहम् सः याति परमाम् गतिम् ॥

अनुवाद :- गीता ज्ञानदाता ब्रह्मले भनेका छन्– म ब्रह्मको केवल ओम = ॐ एक अक्षर छ, यसको उच्चारण स्मरण गर्दै जो साधकले शरीर त्याग्दछ, उसले मृत्यु उपरान्त ॐ नामको स्मरणले प्राप्त हुने परम गति अर्थात् ब्रह्मलोक प्राप्त गर्दछ ।

श्रीमद्भगवत गीता तथा वेदहरूमा यसका अतिरिक्त अर्थात् "ओम् = ॐ" को अतिरिक्त ब्रह्म साधनाको कुनै नाम छैन ।

ओम् = ॐ नामको जाप शास्त्र प्रमाणित छ भन्ने प्रमाणित हुन्छ ।

❖ गीता ज्ञानदाताले स्पष्ट गरेका छन्– अर्जुन ! तिम्रो र मेरो थुप्रै जन्म भ सकेको छ, पछि पनि हुने छ । मेरो उत्पत्तिको विषयमा ऋषि तथा देवतागणह जान्दैनन् (गीता अध्याय/श्लोक २/१२, ४/५, १०/२)

यसबाट सिद्ध हुन्छ :- गीता ज्ञानदाता ब्रह्म नाशवान छन् तथा जन्मन्छन् मर्छन् । यिनका पुजारी पनि जन्म-मरणको चक्रमा नै रहन्छन् । त्यसैले गीता अध्याय श्लोक १६ मा भनेका छन्- ब्रह्म लोकमा गएका साधक पनि पुनर्जन्ममा रहन्छन् त्यसैले गीता ज्ञानदाताले गीता अध्याय १८ श्लोक ६२ मा भनेका छन्– हे भारत तिमी सम्पूर्ण भावले ती परमेश्वरको शरणमा जाऊ, तिनै परमेश्वरको कृपाले तिमीलाई परमशान्ति तथा सनातन परमधाम अर्थात् सत्यलोक प्राप्त हुने छ ।

❖ फेरि गीता अध्याय १५ श्लोक ४ मा गीता ज्ञानदाताले भनेका छन्– ज तत्वदर्शी सन्तबाट तत्वज्ञान प्राप्त हुन्छ, उनले बताए अनुसार साधना गरेर, त्यसपछि परमेश्वरको त्यो परम पदको खोज गर्नु पर्छ, जहाँ गए पश्चात् साधक पुनः फर्के कहिल्यै संसारमा आउँदैनन् । केवल तिनै परमेश्वरको पूजा गर । गीता अध्याय श्लोक २९ मा गीता ज्ञानदाता भन्छन् :-

जरा मरण मोक्षाय माम् आश्रित्य यतन्ति ये ।

ते तत् ब्रह्म विदुः कृत्सनम् अध्यात्मम् कर्म च अधिलम् ॥

भावार्थ :- गीता ज्ञानदाता भन्दछन्– जो मैले बताएको ज्ञानमा आश्रित भए अर्थात् मैले भने अनुसार तत्वदर्शी सन्तबाट तत्वज्ञान जान्दछन् । जो जरा अर्था वृद्धावस्था तथा मृत्युको कष्टबाट मोक्ष प्राप्त गर्नका लागि प्रयत्न गर्दछन् । भक्तिक प्रतिफल स्वरूप संसारका कुनै पनि बहुमूल्य वस्तुको इच्छा राख्दैनन् । उनले (त ब्रह्म विदुः) त्यस ब्रह्मको सम्पूर्ण अध्यात्म र सारा कर्महरू जान्दछन् ।

❖ अर्जुनले गीता अध्याय ८ श्लोक १ मा सोधे :- 'तत् ब्रह्म' के हो ? यसक उत्तर गीता ज्ञानदाताले गीता अध्याय ८ श्लोक ३ मा दिएका छन्– उनी "परम अक्ष ब्रह्म" हुन् ।

❖ गीता अध्याय ८ श्लोक ५ तथा ७ मा त गीता ज्ञानदाताले आफ्नो भक्ति ग भनेका छन् र मेरो भक्तिले मलाई प्राप्त गर्ने छौ भन्ने विश्वास दिलाएका छन् । मेरो भक्तिले जन्म-मरण कर्म चक्र रहि रहन्छ, युद्ध पनि गर्नु पर्छ, परमशान्ति भने हु सक्दैन ।

❖ फेरि गीता ज्ञानदाताले तुरुन्त गीता अध्याय ८ श्लोक ८, ९, १० मा भनेका छन्– "तत् ब्रह्म" अर्थात् परम अक्षर ब्रह्म" को भक्ति गर्नेले सच्चिदानन्द घन ब्रह्म अर्थात मभन्दा अर्को दिव्य परमेश्वरलाई प्राप्त गर्ने छ ।

❖ यसैगरी परम अक्षर ब्रह्मको महिमा गीता अध्याय १५ श्लोक १७ मा बताएका छन् । गीता अध्याय १५ श्लोक १६ मा दुई पुरुष भनेका छन्– १. क्षर पुरुष- यी गीता ज्ञानदाता हुन्, यिनको २१ ब्रह्माण्डहरूको क्षेत्र छ । यिनी गीता ज्ञानदाता ब्रह्म हुन् ।

२. अक्षर पुरूष :- यिनको ७ शंख ब्रह्माण्डको क्षेत्र छ । यी दुवैलाई नाशवान भनिएको छ । यिनका लोकका सारा जीवहरू पनि नाशवान भनिएको छ :-

गीता अध्याय १५ श्लोक १७ मा भनिएको छ :-

उत्तम पुरूषः तू अन्यः परमात्मा इति उदाहृतः ।
यः लोक त्रयम् आविश्य विभर्ति अव्ययः ईश्वर : ॥

अनुवाद : उत्तम पुरूष = पुरूषोत्तम अर्थात् परम अक्षर ब्रह्म त माथि वर्णित क्षर पुरुष तथा अक्षर पुरूष भन्दा अलग छन्, जसलाई परमात्मा भनिन्छ, जो तीनै लोकहरू (क्षर पुरुषको २१ ब्रह्माण्डको क्षेत्र भएको लोक, दोस्रो अक्षर पुरूषको ७ शङ्ख ब्रह्माण्डहरू भएको लोक, तेस्रो माथिका चार लोकहरू (सत्यलोक, अलखलोक, अगमलोक, तथा अनामीलोक) यसरी बनेका तीनै लोकहरू) मा प्रवेश गरेर सबैको धारण-पोषण गर्दछन्, उनी नै वास्तविक अविनाशी परमेश्वर हुन् ।

❖ गीता अध्याय १७ श्लोक २३ मा यस परम अक्षर ब्रह्मको प्राप्तिको मन्त्र बताइएको छ :-

ॐ तत् सत् इति निर्देशः ब्रह्मणः त्रिविधः स्मृतः ।
ब्राह्मणाः तेन वेदाः यज्ञाः च विहिता पुरा ॥

ब्राह्मणः = सच्चिदानन्द घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्मको भक्तिको साधना अर्थात् परमेश्वरको त्यस परम पद प्राप्त गर्ने मन्त्र बताइएको छ, जहाँ गए पश्चात् साधक फेरि फर्केर कहिल्यै संसारमा आउँदैन । जहाँ परम शान्ति प्राप्त हुन्छ, जुन सनातन परम धाम हो ।

ॐ = "ब्रह्म" अर्थात्, "क्षर पुरूष" को मन्त्र हो, यो प्रत्यक्ष छ । तत् = "अक्षर पुरूषको जाप मन्त्र हो, यो साङ्केतिक छ । वास्तविक मन्त्र सूक्ष्मवेदमा बताइएको छ । यो मन्त्र दीक्षा दिने बेलामा दीक्षार्थीलाई सार्वजनिक गरिन्छ । अरूलाई बताइदैन ।

सत् = यो "परम अक्षर पुरूष" को साधना मन्त्र हो । यो पनि साङ्केतिक छ । दीक्षा दिने समयमा दीक्षार्थीलाई बताइन्छ । यथार्थ मन्त्र सूक्ष्मवेदमा लेखिएको छ ।

यही प्रमाण सामवेद मन्त्र सङ्ख्या ८२२ मा पनि छ– तीन नामको जापले पूर्ण मोक्ष प्राप्त हुन्छ ।

सङ्ख्या नं. ८२२ सामवेद उतार्चिक अध्याय ३ खण्ड नं. ५ श्लोक नं. ८ (सन्त रामपाल दासद्वारा भाषा-भाष्य)

मनीषिझि पवते पूर्व्यः कविर्नृभिर्यतः परि कोशां असिष्यदत्।
त्रितस्य नाम जनयन्मधु क्षरन्निन्द्रस्य वायुं सख्याय वर्धयन्।।८।।

मनीषिझि - पवते-पूर्व्यः - कविर्-नृभि-यतः - परि-कोशान्-असिष्यदत्-त्रि-तस्य-नाम-जनयन्-मधु-क्षरनः - न-इन्द्रस्य-वायुम्-सख्याय-वर्धयन्।

शब्दार्थ :- (पूर्व्यः) सनातन अर्थात् सर्वप्रथम प्रकट (कविर नृभि) कवीर परमेश्वर मानव रूप धारण गरेर अर्थात् गुरु रूपमा प्रकट भएर (मनीषिझि) हृदयदेखि नै चाहने श्रद्धापूर्वक भक्तिगर्ने भक्तात्मालाई (त्रि) तीन (नाम) मन्त्र अर्थात् नाम उपदेश दिएर (पवते) पाप रहित अर्थात् पवित्र गरेर (जनयन्) जन्म तथा (क्षरनः) मृत्युबाट (न) रहित

गर्नु हुन्छ तथा (तस्य) उसको (वायुम्) प्राण अर्थात् जीवन-श्वासलाई जुन संस्कार व गणनाका लागि राखेको हुन्छ लाई (कोशान्) आफ्नो भण्डारबाट (सख्याय) मित्रताव आधारले (परि) पूर्ण रूपमा (वर्धयन्) बढाउनु हुन्छ। (यत:) जसकारणले (इन्द्रस्य परमेश्वरको (मधु) वास्तविक आनन्द (असिष्यदत्) आफ्नो आशीर्वाद प्रसादले प्रा गराउनु हुन्छ।

भावार्थ :- यस मन्त्रमा स्पष्ट गरिएको छ– पूर्ण परमात्मा कविर अर्थात् कबी मानव शरीरमा गुरु रूपमा प्रकट भएर प्रभु प्रेमीहरूलाई तीन नामको जाप दिएर सत भक्ति गराउनु हुन्छ तथा त्यस मित्र भक्तलाई पवित्र बनाएर आफ्नो आशिर्वादले पू परमात्मा प्राप्ति गराएर पूर्ण सुख प्राप्त गराउनु हुन्छ । साधकको आयु बढाउनु हुन्छ यही प्रमाण गीताको अध्याय १७ श्लोक २३ मा छ कि ओम्-तत्-सत् इति निर्दे ब्रह्मणः त्रिविध स्मृतः भावार्थ : पूर्ण परमात्मा प्राप्ति गर्ने ॐ (१) तत् (२) सत् (३) य मन्त्र जाप स्मरण गर्ने निर्देशन छ । यो नाम तत्त्वदर्शी सन्तबाट प्राप्त गर। तत्त्वदर्श सन्तको विषयमा गीता अध्याय ४ श्लोक नं. ३४ मा भनिएको छ तथा गीता अध्याय न १५ श्लोक नं. १ देखि ४ मा तत्वदर्शी सन्तको पहिचान बताइएको छ तथा तत्त्वदर्श सन्तबाट तत्त्व ज्ञान लिएपछि ती परमपद परमेश्वरको खोजी गर्नु पर्छ भनिएको छ जहाँ गएपछि साधक फर्केर संसारमा कहिल्यै आउँदैनन् अर्थात् पूर्ण मुक्त हुन्छन् । उ पूर्ण परमात्माबाट संसारको रचना भएको हो ।

विशेष :- उपरोक्त विवरणबाट पवित्र चारै वेदहरू पनि पूर्ण परमात्मा नै पूज योग्य हुनु हुन्छ भन्ने कुराको साक्षी छन् । उहाँको वास्तविक नाम कविर्देव (कबी परमेश्वर) हो तथा तीन मन्त्रको नाम जाप गर्नाले पूर्ण मोक्ष हुन्छ भन्ने स्पष्ट भयो ।

यो तीन मन्त्रको जापको प्रमाण वेदहरुका सारांश श्रीमद्भगवत गीतामा छ यसबाट त्यो स्थान प्राप्त हुन्छ, जहाँ गए पश्चात् साधक फर्केर फेरि कहिल्यै संसारम आउँदैन । जुन सनातन परम धाम हो, जहाँ गएपछि परम शान्ति प्राप्त हुन्छ ।

वेदहरू तथा गीतामा यी अनमोल तीन नाम मन्त्र अस्पष्ट अर्थात् साङ्केतिव रूपमा छ । त्यसैले चारै वेदहरू तथा गीता अनुसार साधना गर्नाले त्यो स्थान एवम परमात्मा प्राप्त हुन सक्दैन । त्यसैले गीता अध्याय ४ श्लोक ३२ एवम् ३४ मा गीत ज्ञानदाताले स्पष्ट पारेका छन्- यज्ञहरू अर्थात् धार्मिक अनुष्ठानहरुको यथार्थ ज्ञा (ब्रह्मणः मुखे) सच्चिदानन्द घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्मले आफ्नो मुख कमलद्वारा वाणी बोलेर बताउँछन्, त्यसलाई सच्चिदानन्द घन ब्रह्मको वाणी भनिन्छ त्यसलाई तत्वज्ञान तथा सूक्ष्म वेद पनि भनिन्छ । त्यसलाई बुझि सकेपछि सम्पूर्ण पापहरूबाट मुक्त भइन्छ । जसमा सम्पूर्ण भक्ति मन्त्र तथा विधि बताइएको छ । (गीता अध्याय ४ श्लोक ३२)

❖ गीता अध्याय ४ श्लोक ३४- त्यो तत्वज्ञान तिमी तत्वदर्शी सन्तको सामिप्यमा गएर बुझ, उनलाई दण्डवत प्रणाम गर्नाले, कपट त्यागेर नम्रता पूर्वक प्रश्न गर्नाले ती परमात्मा तत्वलाई भलि-भाँति जान्ने ज्ञानी महात्माले तिमीलाई तत्वज्ञानको उपदेश दिने छन् । (गीता अध्याय ४ श्लोक ३४)

सज्जनवृन्द ! त्यो तत्वदर्शी सन्त यो दास (सन्त रामपाल दास) हो । त्यो तत्वज्ञान मसँग छ। म बाहेक अहिले कसैसँग छैन । विश्वमा लगभग ७ अरब जनसङ्ख्या छ । यी अरबौं मानिसहरूमा यो ज्ञान जान्ने म बाहेक कोही पनि छैन ।

❖ गीता अध्याय ७ श्लोक १२ देखि १५ सम्ममा गीता ज्ञानदाताले तीन गुणहरू (रजगुण ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) को भक्ति गर्नेहरू १. राक्षस स्वभाव धारण गरेका, २. मनुष्यहरूमा नीच, ३. दुषित कर्म गर्ने, ४. मूर्खहरू मेरो भक्ति गर्दैनन् भनेका छन् । फेरि गीता ज्ञानदाताले गीता अध्याय ७ श्लोक १६ देखि १८ मा आफ्नो साधना गर्नेहरूको अवस्था बताएका छन्– मेरो भक्ति चार प्रकारका साधक (१. आर्त, २. अर्थार्थी, ३. जिज्ञासु, ४. ज्ञानी) ले गर्दछन् । यी मध्ये केवल ज्ञानी साधकलाई श्रेष्ठ भनिएको छ, तर त्यो पनि तत्व ज्ञान न हुनाले मेरो अर्थात् ब्रह्मको अनुत्तम अर्थात् घटिया गतिमा नै स्थित रहे ।

❖ गीता अध्याय ७ श्लोक १९ मा गीता ज्ञानदाताले भनेका छन्– मेरो पूजा पनि जन्म-जन्मान्तरको अन्तको जन्ममा कुनै ज्ञानी आत्माले सही तरिकाले गर्दछ । अन्यथा अन्य उपासनामा लागि रहन्छ । "केवल वासुदेव अर्थात् सर्वगतम् ब्रह्म नै सबै थोक हुन् । उनको भक्तिले नै परम शान्ति प्राप्त हुन्छ । उनैको भक्तिले सनातन परमधाम प्राप्त हुन्छ । उनैको भक्तिले त्यो परमपद प्राप्त हुन्छ, जहाँ गए पश्चात् साधक पुनः फर्केर संसारमा कहिल्यै आउँदैन । तिनै परम अक्षर ब्रह्म सबैका उत्पत्तिकर्ता हुन्, उनी नै संसार रूपी वृक्षको मूल (जरा) हुन्, जो तीनै लोकमा प्रवेश गरेर सबैको धारण-पोषण गर्दछन्, उनी नै पाप-नाशक हुन् । उनी नै पूर्ण मोक्षदायक हुन्, उनैको भक्ति गर्नु पर्छ ।" यो बताउने महात्मा दुर्लभ छन् ।

प्रिय पाठकगण ! वर्तमानमा त्यो तत्वदर्शी सन्त यो दास (सन्त रामपाल दास) हो । मसँग सम्पूर्ण वेद-शास्त्रहरूको ज्ञान छ । बासुदेव भगवानको भक्तिको सम्पूर्ण मन्त्र छ । अब "बासुदेव" को परिभाषा बताउँछु :

बासुदेवको परिभाषा

गीता अध्याय ३ श्लोक १४-१५ मा भनेका छन्– सम्पूर्ण प्राणीहरू अन्नबाट उत्पन्न हुन्छन् । अधिक जानकारी अगाडि नै दिइएको छ । यहाँ केवल यस विषयलाई लिएर हेरौं :-

फेरि भनेका छन्– ब्रह्म अर्थात् क्षर पुरुषको उत्पत्ति अविनाशी परमात्माबाट भएको हो, जसको विषयमा गीता अध्याय १५ श्लोक १७ मा भनिएको छ । यसबाट "सर्वगतम् ब्रह्म" = सर्वव्यापी परम अक्षर ब्रह्म अर्थात् वासुदेव सदा यज्ञमा प्रतिष्ठित छ भन्ने सिद्ध हुन्छ ।

विचार गरौं :- सर्व गतम् ब्रह्मको अर्थ सर्वव्यापी परम अक्षर परमात्मा हुन्छ । (गीता अध्याय ३ श्लोक १५)

१. श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जी तीनै देवताहरू ब्रह्माण्डमा बनेका तीन लोक (स्वर्ग लोक, पृथ्वीलोक र पाताल लोक) मा केवल एक विभाग अर्थात् गुणका प्रधान हुन् । यी सर्वगतम् ब्रह्म अर्थात् सर्वव्यापी परमात्मा वासुदेव होइनन् ।

२. ब्रह्म अर्थात् क्षर पुरुष :- यी केवल २१ ब्रह्माण्डहरूका प्रभु हुन् । यी सर्वव्यापी अर्थात् वासुदेव होइनन् ।

३. अक्षर पुरुष :- यी केवल ७ शङ्ख ब्रह्माण्डहरूका प्रभु हुन्, यिनी सर्वव्यापी अर्थात् वासुदेव होइनन् ।

४. परम अक्षर ब्रह्म :- यिनी सम्पूर्ण ब्रह्माण्डहरूका स्वामी हुन्, सबैको पाल पोषण गर्ने हुन्। यी वासुदेव हुन् ।

विशेष :- अधिक जानकारीका लागि यसै पुस्तकको 'सृष्टि रचना' अध्याय प होस् ।

❖ जस्तो यस अघि नै भनिएको छ, परम अक्षर ब्रह्म स्वयम् पृथ्वीमा प्रकट भ असल आत्माहरूलाई भेट्नु हुन्छ । उनीहरूलाई तत्वज्ञान बताउनु हुन्छ । यही विध अनुसार उनै परमात्माले सन्त गरीबदास जी (छुडानी गाउँ, झज्जर जिल्ला, हरिया प्रान्त) लाई एक जिन्दा महात्माको भेषमा सन् १७२७ मा भेट्नु भयो । गरीबदास जी आत्मालाई त्यस सनातन परमधाममा लैजानु भएको थियो । अनि माथिका सम्पू ब्रह्माण्डहरू तथा प्रभुहरूको स्थिति बताएर तथा तत्वज्ञान परिचित गराएर पुनः शरीर प्रवेश गराउनु भएको थियो । त्यत्तिखेर सन्त गरीबदास जीको आयु १० वर्षको थियो त्यसदिन सन्त गरीबदास जीलाई मृत ठानी चितामा राखेर अन्तिम संस्कारको तया हुदै थियो । त्यसै समय उनको आत्मालाई शरीरमा प्रवेश गराइ दिनु भयो । जीवि भएपछि कुलका सारा मानिसहरूको खुशीको सीमा नै रहेन । त्यसपछि सन्त गरीबदा जीले एक अनमोल ग्रन्थ रचना गरे । त्यस ग्रन्थमा आफूले प्रत्यक्ष देखेका तथा स्वय परमात्माद्वारा बताइएका ज्ञान वर्णन गरिएको छ । यो ग्रन्थको लेखन कार्य गोपाल दा नामक दादू पन्थी साधुले गरेका थिए । यो ग्रन्थ अहिले प्रकाशित छ ।

❖ पंजाब प्रान्तको लुधियाना शहर नजिक एक वासीयर गाउँ छ । त्यहाँ एक प्र प्रेमी व्यक्ति रामराय उर्फ झूमकरा रहन्थे । उनले सन्त गरीबदास जीको महिमा सुने दर्शनका लागि छुडानी गाउँ आए । सन्त गरीबदास जीले यही ज्ञान सुनाए जुन य दास (सन्त रामपाल दास) लाई सन्त गरीबदासबाट प्राप्त भएको छ । यही ज्ञा तपाईंहरूलाई यस पुस्तक तथा अन्य पुस्तकहरूद्वारा सुनाइएको छ ।

ती रामरायले प्रश्न गरे– हे महात्मा जी । यो ज्ञान त आजसम्म कसैले भनेनन् । सन्त गरीबदास जीले वाणीद्वारा बताए ।

कोट्यों मध्य कोई नही राई झूमकरा । अरबो मे कोई गरक सुनो राई झूमकरा ।

अनुवाद तथा भावार्थ :- सन्त गरीबदास जीले भने– यो ज्ञान करोडौंमा कसैसँग पनि पाइदैन, अरबौंमा कोही एक जनासँग पाइन्छ । ती सन्त सर्व ज्ञान सम्पन्न साधनाका सम्पूर्ण मन्त्रहरूबाट गरक अर्थात् परिपूर्ण हुन्छन् । प्रिय पाठकहरू ।

वर्तमानमा बरवाला हिसार जिल्लामा भएका सन्त नै ती सर्वज्ञान सम्पन्न सन्त हुन् । ज्ञान बुझेर लाभ उठाऔं ।

प्रश्न :- प्राचीन कालदेखि चल्दै आइ रहेको भक्ति साधनालाई तपाई कसरी गलत भन्न सक्नु हुन्छ ? सारा ऋषिहरूले गर्ने तप हामी सारा हिन्दू समाजमा देखि रहेका छौं– जस्तो : सबैले हरे कृष्ण हरे राम, राधे राधे श्याम मिलादे, ओम् नमः शिवायः, ओम् नमो भगवते वासुदेवायः नमः जय सियाराम, राधे श्याम, ओम् तत सत् आदि मध्ये कुनै एक मन्त्रको जाप गर्दै आइ रहेका छन् । अहिले पनि गरि रहेका छन् । श्री रामचन्द्र जी, श्री कृष्ण जीलाई हामी पूर्ण परमात्मा मान्छौं, त्यसैले यिनका नाम जप्छौं । तपाईं यी नाम जापका मन्त्रहरूलाई व्यर्थको जाप भन्नु हुन्छ । यसको कारण सहित स्पष्ट पार्नु होस् ।

उत्तर :- यदि प्राचीन कालमा यो साधना तथा यी मन्त्रहरू भएको भए श्रीमद्भगवत गीता अध्याय ४ श्लोक १-२ मा गीता ज्ञानदाताले यसो भन्ने थिएनन्– यो योग अर्थात् जुन भक्ति विधि म गीता ज्ञानमा भनि रहेको छु, यो अहिले लुप्त प्रायः भइ सकेको छ अर्थात् नष्ट भइ सकेको छ । यो ज्ञान तथा भक्ति मैले सूर्य देवलाई भनेको थिएँ, सूर्य देवले मनुलाई, मनुले आफ्ना पुत्र इक्ष्वाकुलाई भने, अनि केही राजर्षिहरूले थाहा पाए । अहिले लामो समय अर्थात् द्वापरभन्दा धेरै समय अगाडि देखि लुप्त थियो तथा मनु, इक्ष्वाकु आदि सबै सत्य युगको प्रथम चरणमा थिए । यदि तपाईं राजा दशरथका पुत्र श्री रामचन्द्र जी तथा श्री वासुदेव पुत्र श्री कृष्णचन्द्र जीलाई पूर्ण परमात्मा मान्नु हुन्छ र यिनैका नाम हरे कृष्ण हरे राम आदि जाप गर्नु हुन्छ र यिनैबाट मोक्ष ठान्नु हुन्छ भने श्रीमद्भगवत गीतामा वर्णित यथार्थ प्राचीन योगमा अर्थात् भक्ति विधिको विपरित हुनाले व्यर्थ छन् । शास्त्रविधि त्यागेर मनोमानी आचरण भयो, जसकारणले उपरोक्त प्रश्नमा लेखिएका अन्य मन्त्रहरू पनि शास्त्र सम्मत अर्थात् शास्त्रद्वारा प्रमाणित छैनन्, त्यसैले व्यर्थ छ । गीता अध्याय १६ श्लोक २३-२४ मा भनेका छन्- जसले शास्त्रविधि त्यागेर मनोमानी आचरण गर्दछ, त्यसलाई न सुख प्राप्त हुन्छ, न सिद्धि प्राप्त हुन्छ, न त उसको गति नै हुन्छ अर्थात् त्यो व्यर्थको साधना हो । (गीता अध्याय १६ श्लोक २३)

❖ गीता अध्याय १६ श्लोक २४ मा भनेका छन्– त्यसैले तिम्रो लागि अर्जुन, कर्तव्य र अकर्तव्यको व्यवस्थामा शास्त्र नै प्रमाण हो । भावार्थः जुन भक्ति विधि प्रमाणित शास्त्रहरूमा (चारै वेदहरू- ऋग्वेद, यजुर्वेद, सामवेद तथा अथर्ववेद एवम् यिनै चार वेदहरूका सारांश श्रीमद्भगवत गीता र सूक्ष्मवेद = जुन परमात्मा स्वयम्ले आफ्नै मुखारबिन्दबाट बोल्नु भएको थियो । यी भक्तिको ज्ञान तथा समाधानका प्रमाणित शास्त्र हुन्) वर्णित छैन, त्यो शास्त्र विरुद्ध साधना हो । त्यसैले भक्तिको कुन कुन कर्म गर्नु हुन्छ र कुन कुन गर्नु हुँदैन, त्यसका लागि शास्त्रहरूलाई नै आधार मानौ, शास्त्रहरूमा वर्णित भक्ति विधिलाई अपनाऔ र अरू सब त्यागौ ।

❖ श्री राम जीको जन्म त्रेतायुगको अन्तिम चरणमा भएको थियो । श्री कृष्ण जीको जन्म द्वापर युगको अन्तिम चरणमा भएको थियो । सत्ययुगदेखि नै मानव भक्ति गर्दै

आइ रहेको छ । त्यतिखेर कुन राम थिए ? अब यहाँ भन्नु होला– श्री विष्णु जी सत्ययुगभन्दा पहिलेका हुन् र श्री राम, श्री कृष्ण जी पनि स्वयम् श्री विष्णु जी थिए । सत्ययुगमा पनि प्रमाण छ– महर्षि बाल्मिकी जी राम-राम नाम जप्थे, विष्णु-विष्णु जप्दैनथे । यसबाट सिद्ध हुन्छ- श्री विष्णु जी, श्री राम तथा श्री कृ जीभन्दा भिन्न कोही "राम" अर्थात् "मालिक" छन् । त्यही रामको जप गर्नु पर्छ, गीता अध्याय ७ श्लोक २९ मा छ । जसको विषयमा यसो भनिएको छ- "तत् ब्रह्म लाई जान्नेले केवल जरा अर्थात् वृद्धावस्था तथा मृत्युबाट छुटकारा पाउन मात्र भ गर्दछ । अर्जुनले गीता अध्याय ८ श्लोक १ मा प्रश्न गरे– त्यो "तत् ब्रह्म" के हो ?

गीता ज्ञानदाताले गीता अध्याय ८ श्लोक ३ मा उत्तर दिए- ती "परम अ ब्रह्म" हुन् । गीता अध्याय ८ को नै श्लोक ५ र ७ मा गीता ज्ञानदाताले आफ्नो भ गर्न भनेका छन्, जसको जाप मन्त्र गीता अध्याय ८ को नै श्लोक १३ मा भने छन् । (ओम् इति एकाक्षरम् ब्रह्म व्यहरन् माम् अनुस्मरन् —)

❖ गीता अध्याय ८ को श्लोक ८, ९, १० मा गीता ज्ञानदाताले आफू भन्दा अन्य तत् ब्रह्म अर्थात् परम अक्षर ब्रह्मको भक्ति गर्न भनेका छन् । उनको भक्तिको न जाप मन्त्र गीता अध्याय १७ श्लोक २३ मा भनेका छन् :-

ॐ तत् सत् इति निर्देश : ब्रह्मण: त्रिविध : स्मरत : ।
ब्राह्मणाः तेन वेदाः च यज्ञाः च विहिताः पुरा ॥

सरलार्थ :- ब्रह्मणः = सच्चिदानन्द घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्म भक्तिको ॐ, तत्, सत् मन्त्र स्मरण गर्न (निर्देशः) आदेश छ । जुन (त्रिविधः) ती प्रकारले (स्मरतः) स्मरण गर्नका लागि भनिएको छ (ब्राह्मणाः) विद्वान अर्थात् तत्वद सन्त (तेन) त्यस (वेदाः) ज्ञानको आधारमा भक्ति गर्दथे । (च) र (यज्ञाः) धार्मि यज्ञहरूको अनुष्ठान (च) र अन्य भक्ति कर्म (पुरा) सृष्टिको आदि अर्थात् सृष्टि प्रारम्भमा (विहिता) गरिन्थ्यो ।

श्रीमद्भगवत गीताबाट सिद्ध हुन्छ :- गीता ज्ञानदाताभन्दा अर्का कोही पू परमात्मा छन्, जो श्री विष्णु जी, श्री ब्रह्मा जी तथा श्री शिव जीभन्दा पनि भि छन् । जसको विषयमा गीता अध्याय १५ श्लोक १, ४ र १७ मा तथा गीता अध्याय १ श्लोक ६२ मा तथा अरू थुप्रै ठाउँमा गीतामा उनी पूर्ण परमात्मा हुन् भनिएको छ गीता अध्याय १५ श्लोक १६ मा दुई पुरुष भनिएको छ र दुबैलाई नाशवान प भनिएको छ । तिनका मातहतमा भएका सारा प्राणीहरू पनि नाशवान छन् । (१) क्ष पुरुष- यी केवल एक्काईस ब्रह्माण्डहरूका प्रभु हुन् । (२) अक्षर पुरुष- यिनी ७ शङ्ख ब्रह्माण्डका प्रभु हुन् । यी दुवै पूर्ण परमात्मा होइनन् । (गीता अध्याय १५ श्लोक १६)

❖ गीता अध्याय १५ श्लोक १७ मा गीता ज्ञानदाताले भनेका छन्– उत्तमः पुरुष तुः अन्य अर्थात् पुरुषोत्तम त कोही माथि वर्णित दुवै पुरुषहरू (क्षर पुरुष तथा अक्षर पुरुष) भन्दा भिन्न छन्, जसलाई (परमात्मा इति उदाहृतः) परमात्मा भनिएको छ । (य लोकत्रयम्) जो तीनै लोकहरूमा (आविश्य विभर्ति) प्रवेश गरेर धारण-पोषण गर्दछन् (अव्ययः ईश्वरः) अविनाशी परमेश्वर हुन् । गीता अध्याय १५ श्लोक १७)

पूर्ण परमात्मा परम अक्षर ब्रह्म हुन् भन्ने सिद्ध भयो । उनको भक्तिको मन्त्र ॐ, तत्, सत् हो भन्ने पनि सिद्ध भयो । ॐ तत् सत् यी तीन मन्त्रहरू यी उपरोक्त तीन प्रभुहरू (ॐ = क्षर पुरुष अर्थात् क्षर ब्रह्म गीता ज्ञानदाताको, तत् = यो साङ्केतिक छ, अधिक विस्तार यसै पुस्तकको सुरुमा दिइएको प्रकरण पढ्नु होस् । यो सत् मन्त्र परम अक्षर ब्रह्म) को हो । श्रीमद्भगवत गीतामा पूर्ण मोक्ष प्राप्तिको साङ्केतिक मन्त्र छ । जुन आजसम्म (सन् २०१२ सम्म) कसैले स्पष्ट पार्न सकेनन् । तपाईले जाप गरि रहेको हरि ओम् तत् सत् पनि व्यर्थ छ किनकि तपाईंलाई तत् र सत्को वास्तविक मन्त्रहरूको ज्ञान छैन ।

उदाहरणः एक जना धनवान् व्यक्तिले आफ्नो धन आफ्नै घरमा खाल्टो खनेर गाड्यो । त्यो स्थान केवल धनी व्यक्तिलाई मात्र थाहा थियो । त्यस धनी व्यक्तिले एउटा रजिष्टरमा साङ्केतिक स्थान लेखि दिए । अचानक धनी व्यक्तिको मृत्यु भयो । पिताको संस्कार पूरा गरेर छोराहरूले त्यो रजिष्टर (खाता) खोले, जसमा धन कहाँ गाडिएको छ भन्ने कुरा लेखिएको थियो । त्यस धनी व्यक्तिले छोराहरूलाई भन्थे मात्र तर देखाउँदैनथे ।

धनी व्यक्तिको घर अगाडि आँगन थियो । त्यस आँगनको एउटा कुनामा मन्दिर थियो । त्यस रजिष्टरमा लेखिएको थियो– पूर्णिमाको रात २ बजे सारा धन मन्दिरको गुम्बजमा गाडिएको छ । छोराहरूले रातको २ बजे मन्दिरको गुम्बज फुटाएर धन खोजे, तर केही प्राप्त भएन् । उनीहरू दुःखी भए । एक दिन शोक व्यक्त गर्नका लागि त्यस धनी व्यक्तिका मित्र आए । छोराहरूले यथास्थानमा धन प्राप्त नभएको कुरा व्यक्त गरे । त्यस धनी व्यक्तिका मित्रले त्यो खाता मगाएर त्यसमा लेखिएको व्याख्या पढे र मन्दिरको गुम्बज पुनः निर्माण गर्न लगाए र भने– पहिलेको जस्तै बनाउनु, म फेरि कुनै दिन आउँछु र धन राखिएको स्थान बताउँछु । ती व्यक्ति पूर्णिमाको दिन आए । रातको २ बजे मन्दिरको गुम्बजको छायाँ जहाँ निर थियो, त्यहाँ खन्न लगाए । त्यस खातामा लेखिए अनुसार नै सारा धन प्राप्त भयो । छोराहरू खुशी तथा धनी भए ।

तपाई जुन हरि ओम् तत् सत्को जाप गरि रहनु भएको छ, त्यो मन्दिरको गुम्बज फुटाउनु जस्तै हो, केही हात लाग्दैन । यथास्थान वास्तविक मन्त्र म (सन्त रामपाल दास) सँग छ। त्यो ग्रहण गरेर भक्तिको धनी तथा सुखी होऔं ।

प्रश्न :- राधा जी बरसाना गाउँ (उत्तर प्रदेश) को नजिकै वृन्दा वनमा रहन्थिन् । त्यहाँका मानिसहरू "राधे-राधे" नाम जप्छन् । विहान वा कुनै पनि बेला कसैसँग भेट हूँदा "राम-राम" भन्दैनन् । तिनीहरू कसैलाई काका राधे-राधे भन्छन् र काकाले पनि बाबु राधे-राधे भन्छन् । के ती मूर्ख हुन् ?

उत्तर :- तत्वज्ञानको अभावमा लोकवेदलाई सत्यज्ञान मानेर यो शास्त्र विरूद्धको मन्त्रहरूको जाप चलि रहेछ । त्यसो त माथि नै स्पष्ट गरि सकिएको छ । गीता अध्याय १६ श्लोक २३-२४ मा भनिएको छ– शास्त्रविधि त्यागेर मनोमानी आचरण गर्ने

अर्थात् शास्त्रमा नभएका नाम जाप गर्नेहरूलाई न सुख प्राप्त हुन्छ, न सिद्धि प्राप्त हुन्छ, न त उनीहरूको गति नै हुन्छ अर्थात् त्यो व्यर्थको जाप साधना हो । त्यसैले तिम्रो लागि अर्जुन कर्तव्य र अकर्तव्यको व्यवस्थाका लागि शास्त्र नै प्रमाण हो । यो पहिले भनि सकेको छु । अब कुरो आयोः- काका-भतिजा राधे-राधे शब्द किन उच्चारण गर्छन् । तपाईंलाई राधा को थिइन् भन्ने थाहा छ । राधा श्री कृष्ण जीको प्रेमिका थिइन् । त्यसबेला बरसाना गाउँका मानिसहरू राधालाई कुलटा, बद्चलन, निर्लज्ज आदि-आदि विशेषणले सम्बोधन गर्थे । उनीहरू एक-आपसमा कुरा गर्थे– यो अर्को गाउँको नन्द बाबाको छोरासँग लुकी-लुकी भेट्न जान्छे, यसलाई आफ्नो घरमा आउन पनि नदिनु, छोरीहरूमा गलत प्रभाव पर्छ । श्रीमान् जी । अहिले त्यही बरसानाका मानिसहरू राधा जीका लागि स्वयम् (स्त्री-पुरुष, युवतीहरू) राधे-राधे श्याम मिलादे भन्छन् । जस्तो तपाईंले पहिलेको प्रश्नमा म यो नाम पनि जाप गर्छु भन्नु भएको थियो- अहिले न राधा जी छन्, न त कृष्ण जी नै । अनि अहिले सन्निपातको ज्वरोको रोगीले जस्तो "राधे-राधे श्याम मिलादे" भनेर बडबडाई रहेछन् । यही स्थितिअन्य मन्त्रहरूको छ, जुन तपाईंले पहिलेका प्रश्नहरूमा भन्नु भयो । तिनलाई बुझ्नु होस् । ती पनि शास्त्र प्रमाणित न भएकाले व्यर्थ छन् ।

❖ अब तपाईंको प्रश्नको उत्तर भन्छुः काकाले पनि राधे-राधे भन्छ र भतिजाले पनि राधे-राधे भन्छ । तपाईंलाई थाहा छ राधा जी श्री कृष्ण जीकी प्रेमिका थिइन् । तपाईंलाई यो पनि थाहा छ कि श्री कृष्ण जीले रूकमणी जीलाई भगाएर रथमा बसाएर ल्याउन लाग्दा रूकमणीका दाजु आफ्नी बहिनीलाई छुटाएर ल्याउन घोडामा सवार भई पछिपछि दौडिए । श्री कृष्ण जीले पहिले उनलाई पिटे र फेरि रथ पछाडि बाँधेर घिसारे । रूकमणी जी पनि श्री कृष्ण की प्रेमिका थिइन् । उनीहरूका बिचमा रूकमणीको दाजु आए । उनको कस्तो हालत भयो । रूकमणीले प्रार्थना गरेपछि श्री कृष्णले उनको दाजुको जीवन दान दिएका थिए । यदि आज भगवान श्री कृष्ण र राधा भएका भए र काका भतिजाले राधे-राधे भन्दा श्री कृष्ण जीलाई मन पर्थ्यो ? पर्दैनथ्यो । काका भतिजा दुवैलाई रथमा बाँधेर घिसार्थे । यदि तपाईं कसैको प्रेमिकाको नाम लिएर बर्बराउनु भयो भने उसको प्रेमीलाई कस्तो असर पर्छ ? यदि शक्तिशाली छ भने बङ्गारा झारि दिन्छ, कमजोर छ भने रोएर बस्छ, सराप्छ । के ऊ प्रसन्न हुन्छ ? हुँदैन । त्यसैले शास्त्र प्रमाणित नभएको यो जाप व्यर्थ छ । शास्त्र प्रमाणित नाम मसँग छ । आउनु होस् र आफ्नो कल्याण गराउनु होस् ।

प्रश्न :- तपाईंको प्रश्न (पूर्ण गुरूको पहिचान के हो ?) को उत्तरमा एक ठाउँमा लेखिएको छ– ॐ (ओम) नामको जाप शास्त्र प्रमाणिक छ भन्ने प्रमाणित भयो । (काल ब्रह्मको पूजा गर्नु पर्छ वा पर्दैन ?) यसको उत्तरमा ॐ (ओम) नाम जाप गर्ने ऋषिहरूको पूजालाई शास्त्रविधि त्यागेर मनोमानी आचरण भनिएको छ ।

उत्तर :- ती ऋषिहरू ॐ (ओम) को नामको जापका साथै हठ गरेर घोर तप पनि गर्थे । जसकारणले तिनका साधनालाई शास्त्र विरूद्ध भनिएको छ । ओम् (ॐ)

नामको जाप शास्त्र प्रमाणित त हो, तर मोक्षदायक होइन्, जसबाट अनुत्तम गति (मुक्ति) प्राप्त हुन्छ। त्यसैले ती ऋषिहरूको पूजा विधि शास्त्रविरूद्ध छ । वेद तथा गीतामा त्यस पूर्ण परमात्माको भक्ति गर्न भनिएको छ । उनको भक्ति नगरी गरिएको मनमानी पूजा शास्त्र विरूद्ध हो ।

प्रश्न :- महर्षि बाल्मिकी जी त सत्य युगमा थिए । उनी पनि राम-राम जप्थे । के यो मन्त्र पनि शास्त्र प्रमाणित छैन ?

उत्तर :- पहिले नै बताइएको छ कि गीता अध्याय ४ श्लोक १-२ मा गीता ज्ञानदाताले भनेका छन्– यो ज्ञान मैले सूर्यलाई सुनाएको थिएँ । उनले आफ्ना पुत्र मनुलाई भने । अनि केही राजर्षिहरूलाई प्राप्त भयो । सत्य युगको प्रारम्भमा नै यी सब सूर्य, मनुहरू राजर्षि थिए । त्यसपछि यो ज्ञान नष्ट भएको थियो । महर्षि बाल्मिकी जीले सप्त ऋषिहरूलाई भेटे । उनीहरूले तपस्या गरेर सिद्धि प्राप्त गरेका थिए । त्यही हठयोग गरेर तपको विधि महर्षि वाल्मिकीलाई बताए । जुन हठयोग तप महर्षि वाल्मिकीले तन-मनले श्रद्धापूर्वक गरे । केही समय पश्चात् शरीरको माथिल्लो भाग (शिर) बाट, "राम-राम" भन्ने शब्द सुने । त्यही शब्द महर्षि बाल्मिकीले तपस्याको समयमा उच्चारण गर्न थाले । सुन्नेहरूलाई उनले मरा मरा बोलेको जस्तो लाग्थ्यो । तर उनले राम राम भनि रहेका थिए । उनलाई तपस्याको परिणाम स्वरूप केही सिद्धि प्राप्त भयो । उनको दिव्य दृष्टि खुल्यो । यसै कारणले उनले श्री राम चन्द्र जीको जन्मभन्दा हजारौं वर्ष पहिले नै रामायण अर्थात् श्री रामचन्द्रको जीवनको सम्पूर्ण घटनाहरू लेखे । त्यस ग्रन्थको नाम "वाल्मिकी रामायण" हो । यो संस्कृत भाषामा लेखिएको थियो । राम-रामको जापले कुनै आध्यात्मिक लाभ हुँदैन । तर परमात्माको बोधक शब्द भएकाले उच्चारण गर्दा परमात्मालाई सम्झि रहिन्छ । त्यसैले राम नामको उच्चारणको प्रचलन हिन्दू धर्ममा प्राचीन कालदेखि नै छ । जस्तो स्वामी रामानन्द जी राम-राम शब्दले सम्बोधित गर्थे । तिनका शिष्यहरूले पनि एक-अर्कालाई राम-राम शब्दले सम्बोधित गर्थे, तर जाप मन्त्र ॐ थियो । यसैगरी हामी "कबीर पन्थी" सत् साहेब" भन्छौं । हाम्रो जाप मन्त्र अरू नै छ । त्यही भक्तिले भगवानसम्म पुग्न सकिन्छ । सूक्ष्म वेदमा भनिएको छ :-

सतगुरू मिले तो इच्छा मेटै, पद मिल पदै समाना ।
चल हंसा उस लोक पठाऊँ, जो अजर अमर अस्थाना ।
चार मुक्ति जहाँ चम्पी करती, माया हो रही दासी ।
दास गरीब अभय पद परसै, मिलै राम अविनाशी ॥

सङ्क्षिप्त सृष्टि रचना

श्री देवी भागवत् पुराणको पहिलो स्कन्धमा अध्याय १ देखि ८ पृष्ठ २१ देखि ४३ मा प्रमाण छ । महर्षि व्यास जीका परम शिष्य श्री सूत जीसँग शौनकादि ऋषिहरूले हे सूत जी । कृपया देवी पुराणको पावन कथा सुनाउनु होस् भनेर आग्रह गरे । तब श्री सूत जीले भन्नु भयो- (पृष्ठ २३) पुराणहरूका ज्ञाता तथा वेदहरूका ज्ञाताहरूको कथन छ तथा यो राम्रोसँग विदित पनि छ कि ब्रह्मा जी यस अखिल जगतका सृष्टा हुन् । साथ साथै उनीहरू ब्रह्मा जीको जन्म भगवान् विष्णु जीको नाभि कमलबाट भएको हो पनि भन्छन् । फेरि यस्तो स्थितिमा ब्रह्मा जी स्वतन्त्र सृष्टा कसरी भए ? भगवान् विष्णुलाई स्वतन्त्र सृष्टा भन्न सकिंदैन किनकि उनी शेष नागको शैय्यामा सुतेका थिए । नाभिबाट कमल निस्कियो र त्यसमा ब्रह्मा जी प्रकट भए । किनकि श्री विष्णु जी पनि त कसैको आधारमा अवलम्बित (आश्रित) थिए । उनको आधारभूत क्षीर समुन्द्रलाई पनि स्वतन्त्र सृष्टा मान्न सकिन्न किनकि त्यो रस हो, रस पात्र बिना स्थिर हुदैन, कोही न कोही यसको आंधार हुनु पर्दछ । अतयव चराचर जगत्को आधारभूता भगवती जगदम्बिका नै सृष्टा रूपमा निश्चित् भइन् । (देवी पुराणको पृष्ठ ४१ मा लेखिएको छ)

ऋषिहरूले सोधे:- महाभाग सूत जी ! यो कथा प्रसङ्ग सुनेर हामीलाई त बडो आश्चर्य भइ रहेछ किनकि वेद, शास्त्र, पुराण र विज्ञजनहरूले सदा ब्रह्मा, विष्णु र शङ्कर नै सनातन देवता हुन् भनेर निर्णय गरेका छन् । यी भन्दा बाहेक ब्रह्माण्डमा अर्का कुनै देवता नै छैनन् । तपाईले यो सम्पूर्ण सृष्टि कारण भूत जुन जगदम्बिका (दुर्गा) को विषयमा भन्नु भएको छ, ती कुन शक्ति हुन् ? उनको सृष्टि कसरी भयो ? यी सब बताउने कृपा गर्नु होस् ।

सूत जी भन्नु हुन्छ :- मुनिवरहरू ! चराचर सहित यस त्रिलोकमा को यस्ता छन्, जसले यस सन्देह हटाउन सकून् । ब्रह्मा जीका पुत्र नारद, कपिल आदि दिव्य महापुरूष पनि यस प्रश्नको समाधान गर्न निरूपाय (उपाय विहीन) हुन्छन् । महानुभावहरू ! यो विषय बडो गहन र विचारणीय छ । यसको सम्बन्धमा म के भन्न सक्छु र ?

(श्री देवी पुराणको तेस्रो स्कन्धको अध्याय १३ पृष्ठ ११५ मा) नारद जीले आफ्ना पिता ब्रह्मा जीसँग सोधे- 'पिता जी ! यो सम्पूर्ण ब्रह्माण्ड कहाँबाट उत्पन्न भएको हो । विभो ! हजुरले सम्यक प्रकारले यसको रचना गर्नु भएको हो ? अथवा विष्णु जी यसका रचयिता हुनु हुन्छ ? या शङ्करले यसको सृष्टि गर्नु भएको हो ? जगत् प्रभो ! हजुर विश्वको आत्मा हुनु हुन्छ । साँचो कुरा बताउने कृपा गर्नु होस्, कुन देवताको पूजा गर्नु पर्दछ ? तथा कुन देवता (प्रभु) सबैभन्दा ठूला एवं सर्व समर्थवान् छन् । यी सब प्रश्नको समाधान गरेर मेरो हृदयको सन्देह समाधन गर्ने कृपा गर्नु होस् । 'ब्रह्मा जीले भने- 'पुत्र म यस प्रश्नको के जवाफ दिऊँ ? यो प्रश्न बडो जटिल छ । यस संसारमा कुनै पनि रागी पुरूष छैन, जसलाई यो रहस्य विदित छ । (श्री देवी पुराणबाट लेख समाप्त)

प्रिय पाठकजन, जुन सृष्टि रचनाको विषयमा तथा सर्व समर्थ प्रभुको विषयमा न व्यास जी जान्दछन् न त श्री ब्रह्मा जी नै । ती रहस्यहरू यस सृष्टि रचनाको उल्लेखमा पढ्नु होस् :-

सबैभन्दा पहिले सतपुरूष एक्लै थिए, कुनै रचना थिएन । सर्व प्रथम परमेश्वर जीले वचन (शब्द) द्वारा चार अविनाशी लोकको रचना गरे ।

१. अनामी लोक जसलाई अकह लोक पनि भनिन्छ ।

२. अगम लोक

३. अलख लोक

४. सतलोक

अनि परमात्माले चारै लोकमा चार रूप धारण गरे । प्रत्येक लोकमा भिन्न-भिन्न चार नामबाट प्रसिद्ध भए ।

१. अनामी लोकमा अनामी पुरूष या अकह पुरूष

२. अगमलोकमा अगम पुरूष

३. अलख लोकमा अलख पुरूष

४. सतलोकमा सतपुरूष नाम राखे ।

त्यसपछि चारै लोकमा परमात्माले वचनद्वारा नै एक-एक सिंहासन (तख्त) बनाउनु भयो । प्रत्येक सिंहासनमा सम्राटको जस्तो मुकुट धारण गरेर विराजमान भए । अनि सतलोकमा परमेश्वरले अन्य रचना गर्नु भयो । एक शब्द (वचन) बाट १६ द्वीपहरू तथा एउटा मानसरोवरको रचना गर्नु भयो । त्यसपछि १६ वचनद्वारा १६ पुत्रहरू उत्पन्न गर्नु भयो । तिनीहरूमध्ये मुख्य भुमिका अचिन्त, तेज, सहजदास, जोगजित, कूर्म, इच्छा, धैर्य र ज्ञानीको रहेको छ । समर्थ बिना कुनै कार्य सफल हुन सक्दैन भन्ने आफ्ना पुत्रहरूलाई पाठ सिकाउनु थियो । "जिसका काम उसीको साजे और करे तो मूर्ख बाजे ।" त्यसैले सतपुरूषले आफ्ना पुत्र अचिन्तलाई भन्नु भयो- तिमी सतलोकमा अझ अरू रचना गर । मैले केही शक्ति तिमीलाई प्रदान गरेको छु । अचिन्तले आफ्नो वचनद्वारा अक्षर पुरूषको उत्पत्ति गरे । युवा अक्षर पुरूष उत्पन्न भए । उनी स्नान गर्न मानसरोवरमा गए, त्यहीं जलमा तैरिन थाले । केही समय पश्चात् उनलाई निन्द्रा लाग्यो । मानसरोवरको तल गए । (सतलोकमा अमर शरीर छ, त्यहाँ शरीर स्वासमा निर्भर हुँदैन ।) धेरै समयसम्म अक्षर पुरूष जलबाट बाहिर आएनन् । अचिन्तले त्यस पछिको सृष्टि गर्न सकेनन्, तब सतपुरूष (परम अक्षर पुरूष) ले मानसरोवरमा गएर अलिकति जल आफ्नो हातमा लिनु भयो । वचनद्वारा त्यस जललाई एउटा विशाल अण्डा बनाएर वचनद्वारा नै एउटा आत्मा उत्पन्न गरी अण्डामा हालि दिनु भयो र अण्डालाई जलमा राखि दिनु भयो । अण्डा जलमा तल जान थाल्यो । अण्डाको गडगडाहटको आवाजले अक्षर पुरूषको निन्द्रा भङ्ग भयो । अक्षर पुरूषले कसले मलाई ब्युँझायो भन्ने सोची क्रोधपूर्ण दृष्टिले हेरे । उनको क्रोध त्यस अण्डामा पऱ्यो र फुट्यो । त्यसबाट एक तेजोमय युवा व्यक्ति निस्कियो । त्यसको नाम क्षर पुरुष राखियो । (पछि यिनी काल कहलिए ।) सतपुरूषले दुबैलाई जल बाहिर आउन भन्नु भयो । अक्षर पुरूषलाई तिमी निद्रामा भएकाले उठाउनका लागि यी सब गरिएको हो भनी सम्झाउनु भयो र अक्षर पुरूष तथा क्षर पुरुषलाई अचिन्तको लोकमा बस्न भन्नु भयो ।

केही समय पश्चात् (क्षर पुरुष, जसलाई ज्योति निरञ्जन काल पनि भनिन्छ।) अक्षर पुरुषको मनमा हामी तीन चाहिँ एउटा लोकमा बसि रहेका छौं तर अन्य दाजुभाइहरू भने एक-एक द्वीपमा बसेका छन् भन्ने विचार जाग्यो । त्यसपछि उनले अलग द्वीप प्राप्त गर्न तप प्रारम्भ गरे । यसभन्दा पहिले सतपुरुषजीले आफ्ना पुत्र अचिन्तलाई भन्नु भयो- तिमी सृष्टि रचना गर्न सक्दैनौ भन्ने शिक्षा दिनका लागि अन्य रचना गर भनेको हुँ । तर तिमीले अक्षर पुरुषलाई पनि उठाउन सकेनौं । अब यसपछि यस्तो कुनै पनि कोशिश नगर्नू । सारा रचना म आफ्नो शब्द शक्तिले गर्छु ।

सतपुरुष जीले सतलोकमा असङ्ख्यौं लोकहरू रचना गर्नु भयो । प्रत्येक लोकमा आफ्नो वचन (शब्द) ले अन्य आत्माहरूको उत्पत्ति गर्नु भयो । यी सबै लोक सतपुरुषको सिंहासनको छेउछाउमा थिए । यिनमा केवल नर हंस (सतलोकमा मनुष्यलाई हंस भनिन्छ ।) मात्र रहन्छन् । तिनीहरूलाई परमेश्वरले आफ्नो परिवार (नरहंस) उत्पन्न गर्न सक्ने शक्ति दिनु भएको छ । तिनीहरूले केवल दुई पुत्रमात्र उत्पन्न गर्न सक्छन् ।

क्षर पुरुष (ज्योति निरञ्जन) ले तप गर्न सुरू गरे । उनले ७० युगसम्म तप गरे । सतपुरुष जीले क्षर पुरुषसँग तिमी केका लागि तप गरि रहेका छौ भनेर सोध्नु भयो । क्षर पुरुषले भने- मेरा लागि यो स्थान कम छ । मलाई अलग्गै स्थान चाहियो । परमेश्वर (सतपुरुष) जी ले ७० युग सम्मको तपको प्रतिफल स्वरूप २१ ब्रह्माण्ड दिनु भयो; जुन सतलोकको बाहिरी क्षेत्रमा थियो । मानौं २१ प्लट प्राप्त भएको होस् । ज्योति निरञ्जन (क्षर पुरुष) ले यी ब्रह्माण्डहरूमा केही रचना पनि हुनु पर्छ भन्ने विचार गरी फेरि ७० युग तप गरे । सतपुरुषले अब फेरि के चाहियो भनेर सोध्नु भयो । क्षर पुरुषले सृष्टि रचना गर्ने सामग्री दिन प्रार्थना गरे । सतपुरुष जीले उसलाई पाँच तत्त्व (जल, पृथ्वी, अग्नि, वायु तथा आकाश) तथा तीन गुण (रजगुण, सतगुण तथा तमगुण) दिनु भयो र यसबाट आफ्नो रचना गर भन्नु भयो ।

क्षर पुरुषले फेरि तेस्रो पटक तप प्रारम्भ गरे । ६४ (चौसठ्ठी) युग तप गरि सकेपछि तिमी के चाहन्छौ भनी सत्यपुरुषले सोध्नु भयो । जवाफमा क्षरपुरुष (ज्योति निरन्जन) ले भने- मलाई केही आत्माहरू दिनु होस् । मलाई यहाँ एक्लै बस्न मन लागि रहेको छैन । यसरी क्षरपुरुषलाई आत्माहरू प्राप्त भयो । यसपछि पढ्नु होस्:

"हामी कालको लोकमा कसरी आयौं ?

जतिखेर क्षर पुरुष (ज्योति निरञ्जन) एउटा गोडामा खडा भएर तप गरि रहेका थिए, हामी सबै आत्माहरू यी क्षर पुरुषप्रति आकर्षित भयौं । जसरी युवा तथा बच्चाहरू अभिनेता एवं अभिनेत्रीप्रति आसक्त हुन्छन् । उनीहरूसँग लिनु-दिनु केही हुदैन । व्यर्थमा उनीहरूप्रति चाह राख्छन् । तिनीहरू आफ्नो कमाइका लागि नाच-गान गर्छन् । युवा तथा बच्चाहरू उनीहरूलाई देखेर वा अभिनय हेरेर धन नष्ट गर्छन् । ठीक यसैगरी हामी आफ्ना परम पिता सतपुरुषलाई छोडेर काल पुरुष (क्षर पुरुष)

लाई हृदयदेखि नै चाहन थाल्यौं । हामीलाई सारा सुविधा दिइ रहनु भएको परमेश्वरबाट मुख मोडेर नक्कली ड्रामा गर्ने काल ब्रह्मलाई चाहन लाग्यौं । सतपुरूषजीले बीच-बीचमा थुप्रै पटक तिमीहरू काल ब्रह्मको क्रिया नहेर, मस्तसँग बस भनेर आकाशवाणी गर्नु भयो । हामी देखावटी रूपमा सावधान त भयौं तर भित्रबाट ब्रह्मप्रतिको चाह कम भएन । परमेश्वर त अन्तर्यामी हुनु हुन्छ । उहाँले यिनीहरू यहाँ रहन योग्य छैनन् भन्ने थाहा पाउनु भयो । काल पुरूष (क्षर पुरूष = ज्योति निरञ्जन) ले दुई पटक तप गरेर फल प्राप्त गरे । त्यसपछि अब केही जीवात्माहरू पनि मेरो साथमा रहनु पर्छ, एक्लै बस्न मन लाग्दैन भन्ने सोचे । त्यसैले जीवात्मा प्राप्तिका लागि तप गर्न थाले । ६४ युगसम्म तप गरेपछि परमेश्वर जीले ज्योति निरञ्जनलाई अब केका लागि तप गरि रहेका छौ भनेर सोध्नु भयो । क्षर पुरूषले केही आत्माहरू प्रदान गर्नु होस्, मलाई एक्लै बस्न मन लाग्दैन भने । जवाफमा सतपुरूषले भन्नु भयो- तिम्रो तपको बदलामा म अझ ब्रह्माण्डहरू दिन सक्छु तर मेरा आत्माहरू दिन्न । यी मेरो शरीरबाट उत्पन्न भएका हुन् । अँ, यदि ती स्वयम् जान चाहन्छन् भने जान सक्छन् । युवा कबीर (समर्थ कबीर) को वचन सुनेपछि ज्योति निरञ्जन हाम्रा सामु आए । हामी सबै हंस आत्माहरू पहिले देखि नै उनीप्रति आसक्त थियौं । हामी सबै उनलाई चारैतिरबाट घेरेर उभियौं । ज्योति निरञ्जनले भने- मैले पिता जीबाट छुट्टै २१ ब्रह्माण्ड प्राप्त गरेको छु । त्यहाँ नाना प्रकारका रमणीय स्थलहरू बनाएको छु । के तपाईंहरू मसँग जानु हुन्छ ? आज २१ ब्रह्माण्डमा आजित. हामी सबै हंसहरूले यदि पिता जीले आज्ञा दिनु भयो भने हामी तयार छौं भन्यौं । त्यसपछि क्षर पुरूष (काल) पूर्ण ब्रह्म महान कविर (समर्थ कबीर प्रभु) का सामु गए र सम्पूर्ण वार्ता सुनाए । तब कबिरग्नि (कबीर परमेश्वर) ले मेरासामु ज-जसले स्वीकृति दिन्छन्, तिनलाई जाने आज्ञा दिन्छु भन्नु भयो । क्षर पुरूष र परम अक्षर पुरूष (कविर्मितौजा) दुबैजना हामी सबै हंस आत्माहरू भएका ठाउँमा आउनु भयो । सत् कविर्देवले ब्रह्मका साथ जान चाहने हंसआत्माले हात उठाएर स्वीकृति जनाऊ भन्नु भयो । आफ्ना पिताका सामु हात उठाउने कसैको हिम्मत भएन । कसैले स्वीकृति जनाएनन् । धेरै समयसम्म निस्तब्धता छाइ रह्यो । त्यसपछि एउटा हंस आत्माले साहस गर्‍यो र पिता जी म जान चाहन्छु भन्यो । अनि उसको देखासिकी (आज काल-ब्रह्मको २१ ब्रह्माण्डमा फँसेका) गरेर हामी सबै आत्माहरूले स्वीकृति दियौं । परमेश्वर कबीर जीले ज्योति निरञ्जनसँग भन्नु भयो- तिमी आफ्नो ठाउँमा जाऊ । तिमीसँग जान स्वीकृति जनाउने सबै हंस आत्माहरूलाई तिमीकहाँ पठाइ दिन्छु । ज्योति निरञ्जन आफ्नो २१ ब्रह्माण्डमा गए । त्यसबेलासम्म यी २१ ब्रह्माण्डहरू सतलोकमा नै थिए ।

त्यसपछि पूर्ण ब्रह्मले सर्वप्रथम स्वीकृति दिने हंसलाई केटीको रूप दिनु भयो तर स्त्री इन्द्रिय रचना गर्नु भएन र ती सर्व ज्योति निरन्जन (ब्रह्म) को साथ जाने सहमति दिएका आत्माहरूलाई त्यस केटीको शरीरमा प्रवेश गराउनु भयो तथा उनको नाम आष्ट्रा (आदिमाया/प्रकृति देवी/दुर्गा) राख्नु भयो र भन्नु भयो- पुत्री मैले तिमीलाई शब्द शक्ति प्रदान गरेको छु, ब्रह्मले भने जति जीव उत्पन्न गरि दिनू । पूर्ण ब्रह्म

कविर्देव (कबीर साहेब) ले आफ्नो छोरो सहज दासद्वारा प्रकृतिलाई क्षर पुरुषक साथमा पठाइ दिनु भयो । सहज दासले ज्योति निरन्जनलाई पिता जीले यो बहिनीक शरीरमा तपाईंसँग जान सहमति दिने सबै आत्माहरू प्रवेश गराएर वचन शक्ति पनि प्रदान गर्नु भएको छ भन्ने कुरा बताए । तपाईंले चाहे जति जीव प्रकृतिले आफ्न शब्दबाट नै उत्पन्न गर्ने छिन् । यति भनेर सहजदास आफ्नो द्वीपमा फर्के ।

तरुणावस्था हुनाले युवतीको आकर्षक रूपरङ्गप्रति ब्रह्ममा विषय वासना उत्पन्न भयो र प्रकृति देवीसँग अभद्र गतिविधि प्रारम्भ गरे। दुर्गाले आफूसँग पिताले दिनु भएक शब्दशक्ति छ भनेर सुनाइन् । तपाईंले भने जति जीव म वचनबाट नै उत्पन्न गरि दिन्छु । तर मैथुन परम्परा नगर्नु होस् । तपाईं पनि उनै पिताको शब्दको अण्डाबा उत्पन्न हुनु भएको हो र म पनि उनै परमपिताको वचनबाट उत्पन्न भएको हूँ । दाजु बहिनी बीचको यो योग महापापको कारण बन्ने छ । तर ज्योति निरन्जनले प्रकृति देवीको एउटा पनि प्रार्थना सुनेन । आफ्नो शब्द शक्तिद्वारा नङले प्रकृतिको स्त्री जनेन्द्रिय (भग) बनाएर बलात्कार गर्ने सोच बनायो । त्यसै समय दुर्गाले आफ्नो इज्जत रक्षाका लागि कुनै अरू उपाय नदेखेर आफूलाई सूक्ष्म रूप बनाएर ज्योति निरञ्जनक खुला मुखद्वारा पेटमा प्रवेश गरिन् र पूर्ण ब्रह्म कविर्देव (कबीर परमेश्वर) सँग आफ्न रक्षार्थ याचना गरिन् । त्यही समय कविर्देव (कविर देव) आफ्नो पुत्र योग संताय अर्थात् योगजीतको रूप बनाएर त्यहाँ प्रकट हुनु भयो अनि छोरीलाई ब्रह्मको पेटबा बाहिर निकालेर ज्योति निरन्जनलाई आजदेखि तेरो नाम 'काल' हुने छ, तेरो जन्म मृत्यु भइ रहन्छ, यसैले तेरो नाम क्षर पुरुष हुने छ, एक लाख मानव शरीरधारी प्राणीहरू खाने छस् तथा सवालाख उत्पन्न गर्ने छस्, तिमीहरू दुबैलाई एक्काईस ब्रह्माण्ड सहित निष्कासित गरिन्छ भन्नु भयो र एक्काईस ब्रह्माण्ड विमानको गति समान त्यहाँबा प्रस्थान गर्‍यो । सहज दासको द्वीप हुँदै सतलोकबाट सोन्ह शंख कोस (एक कोस लगभग ३ कि.मी.) दूरीमा आएर रोकियो । विशेष विवरणः- अहिलेसम्म निम्न तीनवट शक्तिहरूको विवरण प्राप्त भएको छ :-

१. पूर्णब्रह्म :- जसलाई सत्यपुरुष, अकाल पुरुष, शब्दस्वरूपी राम, परम अक्षर ब्रह्म, परम अक्षर पुरुष आदि अन्य उपमात्मक नामहरूले पनि चिनिन्छ । पूर्ण ब्रह्म नै समस्त ब्रह्माण्डका स्वामी अर्थात् वासुदेव हुनु हुन्छ तथा यथार्थमा अविनाशी हु हुन्छ ।

२. पमब्रह्म :- जसलाई अक्षर पुरुष पनि भनिन्छ। यिनी पनि अविनाशी छैनन् । यिनी सात शंख ब्रह्माण्डका स्वामी हुन् ।

३. ब्रह्म :- जसलाई ज्योति निरन्जन, काल, कैल, क्षर पुरुष तथा धर्मराय आदि नामले चिनिन्छ । जो केवल एक्काईस ब्रह्माण्डका स्वामी हुन् । अब यिनै ब्रह्मको सृष्टिको एक ब्रह्माण्डको परिचय दिइने छ, जसमा अरू तीन नाम पढ्न पाइने छ- ब्रह्मा, विष्णु र शिव ।

ब्रह्म र ब्रह्मा बीच भिन्नता :- एक ब्रह्माण्डमा बनेको सर्वोपरि स्थानमा ब्रह्म (क्षर पुरुष) स्वयम् तीन गुप्त स्थानको रचना गरेर ब्रह्मा, विष्णु र शिवका रूपमा रहन्छन् तथा आफ्नी पत्नी (दुर्गा) को सहयोगले तीन पुत्रहरू उत्पन्न गर्छन् । उनीहरूको नाम पनि ब्रह्मा, विष्णु र शिव नै राख्छन् । ब्रह्मका पुत्र ब्रह्मा एक ब्रह्माण्डमा बनेका केवल तीनलोक (पृथ्वी, स्वर्ग, पाताल) मा एउटा रजोगुण विभागको मन्त्री (स्वामी) मात्र हुन् । यिनलाई त्रिलोकीय ब्रह्मा भनिन्छ र ब्रह्मलोकमा ब्रह्माका रूपमा रहने ब्रह्मलाई चाहिँ महाब्रह्मा वा ब्रह्मलोकीय ब्रह्मा भनिन्छ । यिनै ब्रह्म (काल) लाई सदाशिव, महाशिव र महाविष्णु पनि भनिन्छ ।


श्री विष्णु पुराणमा प्रमाण :- चतुर्थ अंश अध्याय १ पृष्ठ २३०-२३१ मा श्री ब्रह्मा जीले भनेका छन्,- ती अजन्मा (नजन्मेका) सर्वमय (व्यापक) विधाता परमेश्वरको आदि, मध्य र अन्त्य तथा स्वरूप, स्वभाव र सार हामी जान्न सक्दैनौ (श्लोक ८३) ।

जसले मेरो रूप धारण गरेर संसारको रचना गर्दछन्, स्थिति कालमा पुरुषरूप तथा रूद्ररूपले विश्वलाई गाँस बनाउछन्, अनन्तरूपले सम्पूर्ण जगत धारण गर्छन् । (श्लोक ८६)

श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीको उत्पत्ति

काल (ब्रह्म, क्षर पुरुष) ले प्रकृति (दुर्गा) सँग अब कसैले मेरो केही बिगार्न सक्दैन त्यसैले मनोमानी गर्छु भन्यो । प्रकृतिले काल ब्रह्मलाई केही शरम त मान भनेर प्रार्थना गर्दै भनिन्,- पहिलो, त तपाईं मेरो दाजु किनकि कबीर पूर्ण परमात्मा (कविर्देव) को शब्द शक्तिले तपाईं अण्डाबाट उत्पन्न हुनु भएको हो र वहाँकै वचन शक्तिले म पनि उत्पन्न भएकी हुँ । अर्को कुरा, म तपाईंको पेटबाट निस्केकी हुनाले म छोरी र तपाईं मेरो बुबा हुनु भयो । यो पवित्र नातामा विकृति ल्याउनु महापाप हो । बुबाले दिनु भएको शब्दशक्तिले तपाईंले भने जति नै प्राणी उत्पन्न गरि दिन्छु । ज्योति निरन्जनले दुर्गाको कुनै कुरा मानेनन् र मैले पाउनु पर्ने सजाय पाएँ र सत्यलोकबाट निष्काशित भएँ र अब मनोमानी गर्छु भने अनि प्रकृतिसँग जबरजस्ती विवाह गरे । उनले तीन छोराहरु (रजगुणयुक्त-ब्रह्मा, सतगुणयुक्त-विष्णु र तमगुणयुक्त-शिव जी) जन्माएर युवा नहुन्जेलसम्म तीनैजनालाई दुर्गा मार्फत् अचेत गराए । युवा भएपछि श्री ब्रह्मा जीलाई कमलको फूलमा, श्री विष्णु जीलाई शेषनागको शैय्यामा र श्री शिव जीलाई कैलाश पर्वतमा सचेत बनाएर एकै ठाउँमा भेला गरी प्रकृतिको मद्दतले यी तीनैजनाको विवाह गराइ दिए । त्यसपछि एउटा ब्रह्माण्डको तीन लोक (स्वर्ग, पृथ्वी र पाताल) मा एक-एकवटा विभागको मन्त्री नियुक्त गरे- ब्रह्मालाई रजोगुण, विष्णुलाई सतोगुण र शिवलाई तमोगुण विभागको प्रमुख बनाएर आफूले मुख्य मन्त्री (महाब्रह्मा, महाविष्णु र महाशिव) को पद गुप्त रूपमा रहे। उनले एउटा ब्रह्माण्डमा एउटा ब्रह्मलोकको रचना गरी त्यहाँ तीन गुप्त स्थान बनाएका छन्। पहिलो, रजोगुण प्रधान


एक ब्रह्माण्डको लघु चित्र




स्थानमा ब्रह्म (काल) स्वयं महाब्रह्मा (मुख्यमन्त्री) का रूपमा तथा दुर्गालाई महासावित्रीका रूपमा राख्छन् । यी दुईको संयोगले यहाँ जन्मेको छोरो स्वतः रजोगुणी बन्छ र उसको नाम ब्रह्मा राख्छन् । दोस्रो, सतोगुण प्रधान स्थानमा यी क्षर पुरुष महाविष्णुका रूपमा तथा दुर्गालाई महालक्ष्मीका रूपमा राख्छन् । यी दुईको संयोगले यस स्थानमा जन्मेको सतोगुणयुक्त छोरोको नाम विष्णु राख्छन् । यिनै कालले बनाएको तेस्रो तमोगुणयुक्त स्थानमा स्वयं सदाशिवको रूपमा र दुर्गालाई महापार्वती रूपमा राख्छन् । यी दुईको पति पत्नीको व्यवहारबाट उत्पन्न तमोगुणयुक्त छोरोको नाम शिव राख्छन् । (प्रमाणका लागि ब्रह्मा, विष्णु, रूद्र तथा महेश्वरभन्दा अन्य सदाशिव छन् भनिएको गीता प्रेस गोरखपुरबाट प्रकाशित र अनुवादकर्ता श्री हनुमानप्रसाद पोद्दारबाट अनुवादित पवित्र श्री शिव पुराण, विध्वेश्वर संहिता पृष्ठ २४-२६ एवं रूद्र संहिता अध्याय ६, ७ र ९ पृष्ठ नं. १०० देखि १०५ सम्म र ११० मा, तथा गीता प्रेस गोरखपुरबाट प्रकाशित एवं श्री हनुमानप्रसाद पोद्दार र चिमनलाल गोश्वामीबाट अनुवादित पवित्र श्रीमद्देवी महापुराण तेस्रो स्कन्ध पृष्ठ नं. ११४-१२३ हेर्नु होस्।) आफूले खानका लागि यिनीहरूलाई धोकामा राखेर श्री ब्रह्मा जीबाट जीवहरूको उत्पत्ति, श्री विष्णु जीबाट स्थिति (एक अर्कालाई मोह ममतामा राखेर कालको जालमा फसाउने) तथा श्री शिव जीबाट सङ्हार गराउँछन् । (किनकि काल पुरुषले एक लाख मानव शरीरधारी प्राणीहरूको सूक्ष्म शरीरबाट मैला निकालेर खानु पर्ने श्राप पाएका छन् । एक्काइसौं ब्रह्माण्डमा रहेको तप्तशीलामा जीवलाई तताई निक्लेको मयल पगालेर खान्छन् । जीव मर्दैन तर असह्य कष्ट हुन्छ । फेरि प्राणीको कर्म अनुसार वा कर्मको आधारमा अन्य शरीर प्रदान गर्छन्।) उदाहरणका लागि, कुनै घरमा तीनवटा कोठाहरु छन् । एउटा कोठामा अश्लील चित्र टाँगिएको हुनाले त्यसमा पस्नासाथ मनमा त्यस्तै मलीन वा नराम्रो विचार उत्पन्न हुन्छ । दोस्रो कोठामा साधु, सन्त र भक्तहरूको चित्र टाँगिएको हुनाले त्यहाँ पस्दा मनमा असल विचार उत्पन्न हुन्छ तथा प्रभु चिन्तन बनि रहन्छ । तेस्रो कोठामा देशभक्त र सहिदहरूको तस्वीर टाँगिएको हुनाले त्यहाँ जाँदा त्यस्तै जोसिलो विचार उत्पन्न हुन्छ । ठीक यसरी नै (काल) ले आफ्नो सुझ-बुझ (बुद्धि) प्रयोग गरी उपरोक्त तीन गुण प्रधान स्थानहरूको रचना ब्रह्मलोकमा गरेका छन् ।

(ब्रह्मलोकको लघु चित्र तथा ज्योति निरञ्जन (काल) को लोक २१ ब्रह्माण्डको लघु चित्र यसै पुस्तकको पृष्ठ २१६ तथा २१७ मा हेर्नु होस् ।)

ब्रह्म लोकको लघु चित्र



ज्योति निरञ्जन (काल) ब्रह्मको लोक (२१ ब्रह्माण्ड) को लघु चित्र



"सम्पूर्ण सृष्टि रचना"

(सूक्ष्म वेदको निष्कर्ष स्वरूप सृष्टि रचनाको वर्णन)

प्रभुप्रेमी आत्माहरू ! पहिलो पटक निम्न सृष्टि रचना पढेपछि दन्त्य कथा ज लागे पनि सर्व पवित्र ग्रन्थहरूको प्रमाणहरू पढेपछि यी वास्तविक आध्यात्मिक ३ ज्ञान कहाँ लुकेका थिए भनेर आश्चर्य लाग्ने छ । कृपया धैर्यपूर्वक अध्ययन गरी अमृतज्ञान सुरक्षित पूर्वक राख्नु होस् । तपाईंको एक सय एक पिढीसम्म काम ल छ। पवित्र आत्माहरू ! कृपया सत्यनारायण (अविनाशी प्रभु अर्थात् सतपुरुष) रचिएको सृष्टिको रचना अर्थात् आफूद्वारा निर्मित सर्व लोकहरूको रचनाको वास्त ज्ञान पढ्नु होस् ।

१. पूर्ण ब्रह्म : यस सृष्टि रचनामा सत्यपुरुष (सत्य लोकका स्वामी वा प्र अलख पुरुष (अलख लोकका प्रभु), अगम पुरुष (अगम लोकका प्रभु) र अनामी पु (अनामी लोकका स्वामी) एउटै पूर्ण ब्रह्म हुनु हुन्छ, जो भिन्न रूप धारण गरी आ चारै लोकमा बस्नु हुन्छ । वहाँ वास्तवमा अविनाशी प्रभु हुनु हुन्छ । वहाँ अन्त असङ्ख्य ब्रह्माण्डहरु छन् ।

२. परब्रह्म : यी सात शंख ब्रह्माण्डका मात्र स्वामी हुन् । यिनलाई अक्षर पु भनेर पनि चिनिन्छ । तर यिनी तथा यिनका ब्रह्माण्डहरु पनि अविनाशी छैनन् ।

३. ब्रह्मः यिनी त २१ ब्रह्माण्डका स्वामी (प्रभु) मात्र हुन् । यिनलाई क्षर पु ज्योति निरञ्जन, काल आदि उपमाबाट चिनिन्छ । यिनी र यिनका सबै ब्रह्म नाशवान छन्।

उपरोक्त तीन पुरूषहरु (प्रभुहरु) को प्रमाण पवित्र श्रीमद्भगवत गीताको अ १५ श्लोक १६-१७ मा पनि छन् ।

४. ब्रह्मा : यिनी ब्रह्मका जेष्ठ सुपुत्र हुन् । विष्णु माहिला अर्थात् दोस्रा र कान्छो अर्थात् तेस्रा पुत्र हुन् । यी तीनै ब्रह्मका पुत्रहरू केवल एक ब्रह्माण्डमा विभाग (गुण) का स्वामी (प्रभु) हुन् तथा नाशवान् छन् । विस्तृत विवरणका ल कृपया निम्न लिखित सृष्टि रचना पढ्नु होस्:

{कविर्देव (कबीर परमेश्वर) ले सूक्ष्म वेद अर्थात् कविर्वाणीमा आफूले रचना भएको सृष्टि सम्बन्धी ज्ञान आफैंले बताउनु भएको छ। जुन निम्न अनुसार छ ।}


सबैभन्दा पहिला एउटा मात्र स्थान अनामी (अनामय) लोक थियो । यस अकह (अवर्णनीय) लोक पनि भनिन्छ । पूर्ण परमात्मा त्यहाँ एक्लै बस्नु हुन्थ्यो । वह वास्तविक नाम कविर्देव अर्थात् कबीर परमेश्वर हो । सबै आत्माहरु वहाँ पूर्ण धनी शरीरमा समाहित थिए । कविर्देवको त्यहाँको उपमात्मक (पदको) नाम अनामी पु हो । (पुरूषको अर्थ प्रभु हो । प्रभुले मानिसलाई आफ्नै स्वरूपमा बनाउनु भएक मानवको नाम पनि पुरूष राखिएको हो।) अनामी पुरूषको एउटा रोम कुप (रौंको प को प्रकाश शंख सूर्यहरूको किरणभन्दा पनि धेरै छ ।

परमेश्वर कबीर साहेबको असङ्ख्य ब्रह्माण्डहरुका लघु चित्र

अनामी लोक : यस लोकमा आत्मा र परमात्मा एक रुप भएर कवीर साहेव नै अनामी रुपमा छन्। जस्तो माटोको स-साना डल्लाहरू वर्षा भएपछि एक पृथ्वी बन्छ, अलग अस्तित्व रहदैन।

अगम लोक: यस लोकमा पनि कवीर साहेव अगम पुरुष रुपमा रहनु हुन्छ।

अलख लोक: यस लोकमा पनि कवीर साहेव अलख पुरुष रुपमा रहनु हुन्छ।



विशेषः- जस्तो कुनै देशको आदरणीय प्रधानमन्त्रीको शारीरिक नाम अर्कै हु तर पदको उपमात्मक (पदवीको) नाम प्रधानमन्त्री हुन्छ । कतिपय अवस्थ प्रधानमन्त्रीले केही विभागहरू आफूसँगै राख्छन् । कुनै विभागको दस्तावेजमा हस्ता गर्नु पर्ने समयमा उनले त्यही पद लेख्छन् । जस्तो :- गृहमन्त्रालयको कागजा हस्ताक्षर गर्दा उनले आफूलाई गृहमन्त्री भनेर लेख्छन् । एउटै व्यक्ति भए पनि त उनको हस्ताक्षरको शक्ति प्रधानमन्त्रीका रूपमा गरेको हस्ताक्षरको भन्दा कम हुन्छ । प्रकार फरक-फरक लोकहरूमा कबीर परमेश्वर (कविर्देव) को ज्योतिमा पनि अन्तर जान्छ ।

ठीक यसरी नै पूर्ण परमात्मा कविर्देव (कबीर परमेश्वर) ले शब्द (वचन) तलका अरू तीन लोकहरु (अगमलोक, अलखलोक र सत्यलोक) को रचना गरेर अ लोकमा प्रकट हुनु भयो र वहाँ त्यहाँको पनि स्वामी हुनु हुन्छ । त्यहाँ वहाँ उपमात्मक नाम अगम पुरूष (प्रभु) हो । अगम प्रभुको मानव सदृश शरीर अत तेजिलो छ, वहाँको एउटा रोम कूपको प्रकाश खरब सूर्यहरूको प्रकाशभन्दा धेरै छ ।

पूर्ण परमात्मा कविर्देव (कबिरदेव = कबीर परमेश्वर) अलख लोकमा प्रकट भयो । वहाँ अलख लोकको पनि स्वामी हुनु हुन्छ । त्यहाँ वहाँको उपमात्मक न अलख पुरूष हो । यी पूर्ण परमेश्वरको मानव सदृश शरीर धेरै तेजिलो, स्वर्ज्योति (स प्रकाशित) छ । वहाँको एउटा रोम कूपको प्रकाश अरब सूर्यहरूको प्रकाशभन्दा धेरै छ

पूर्ण प्रभु सत्यलोकमा प्रकट हुनु भयो । सत्यलोकका अधिपति वहाँ नै हुन्छ । त्यहाँ वहाँको उपमात्मक नाम सत्यपुरूष (अविनाशी प्रभु) हो । वहाँका अ नामहरु अकाल मूर्ति, शब्दस्वरूपी राम, पूर्ण ब्रह्म, परम अक्षर ब्रह्म आदि पनि हुन सत्यपुरूष कविर्देव (कबीर प्रभु) को मानव सदृश शरीर तेजोमय छ । वहाँको ए रोम कुपको प्रकाश करोड सूर्य तथा यत्ति नै चन्द्रमाहरूको प्रकाश भन्दा धेरै छ ।

सत्यपुरूषका रूपमा प्रकट भई सत्यलोकमा विराजमान भएर कविर्देवले सत्यलोक अन्य लोकहरूको रचना गर्नु भयो ।

वहाँले एउटा शब्द (वचन) बाट सोऱ्ह द्वीपहरूको रचना अनि सोऱ्ह शब्दहरू सोऱ्हजना छोराहरु उत्पत्ति गर्नु भयो र एउटा मानसरोवरको रचना गरेर त्यसमा अ भर्नु भयो । वहाँका सोह्र छोराहरूको नाम यस प्रकार छः १. कूर्म, २. ज्ञानी, ३. विवे ४. तेज, ५. सहज, ६. सन्तोष,७. सुरति, ८. आनन्द, ९. क्षमा, १०. निष्काम,११. जलरं १२. अचिन्त, १३. प्रेम, १४. दयाल, १५ धैर्य तथा १६. योग सन्तायन अर्थात् योगजीत ।

सत्यपुरूष कविर्देवले अचिन्तलाई सत्यलोकको अन्य रचनाभार सुम्पिएर रचना ग सक्ने शक्ति दिनु भयो । अचिन्तले शब्दबाटै अक्षर पुरूष (परब्रह्म) उत्पत्ति गरी आफूला सहयोग गर्न आग्रह गरे । मानसरोवरमा नुहाउन गएका अक्षर पुरूष आनन्द मानेर त्य निदाए । धेरै समयसम्म पनि नआएपछि उनलाई निन्द्राबाट ब्युँझाउन अचिन्तले कविर्दे (कबीर परमेश्वर) सँग प्रार्थना गरे । कबीर परमेश्वरले मानसरोवरबाटै केही अमृत ज

लिएर एउटा अण्डा बनाई त्यसमा एउटा आत्मा प्रवेश गराएर मानसरोवरको अमृत जलमा राखि दिनु भयो । अण्डाको गड्गडाहटले अक्षर पुरुष ब्युँझिए र अण्डालाई रिसाएर हेरेकोले त्यो फुटेर दुई टुक्रा भयो र त्यसबाट ज्योति निरन्जन (क्षर पुरुष) निक्ले, जसलाई पछि 'काल' मनियो । यिनको वास्तविक नाम 'कैल' हो । त्यसपछि सत्यपुरुष कविर्देवले तिमीहरु दुवैजना बाहिर आऊ र अचिन्तको द्वीपमा बस भनेर आकाशवाणी गर्नु भयो । वहाँको आज्ञा पाएर अक्षर र क्षर (कैल) पुरुष दुवै अचिन्तको द्वीपमा बस्न थाले (समर्थ नभई कार्य सफल हुँदैन भन्ने बोध गराउन र फेरि प्रभुत्वतर्फ नलागून् भनेर उनीहरूको अयोग्यता देखाइ दिनु भयो) । त्यसपछि पूर्ण धनी कविर्देवले सम्पूर्ण रचना आफैंले गर्नु भयो । आफ्नो शब्द शक्तिले राजेश्वरी (राष्ट्री) शक्ति उत्पन्न गरी समस्त ब्रह्माण्डहरु स्थापित गर्नु भयो । यिनलाई पराशक्ति तथा परानन्दनी पनि भनिन्छ । पूर्ण ब्रह्मले आफ्नो शब्द शक्तिले आफूभित्रबाटै सम्पूर्ण आत्माहरूलाई आफ्नो मानव शरीर सदृश उत्पन्न गर्नु भयो । प्रत्येक हंस आत्माको शरीर परमात्माको जस्तै मानव सदृश छ र तेज सोन्ह (१६) सूर्य समान छ । परमेश्वरको शरीरको एक रोम कुप करोडौं सूर्यहरूभन्दा पनि धेरै प्रकाशयुक्त छ । केही समयपछि क्षर पुरुषले हामी तीनैजना (अचिन्त, क्षर पुरुष र अक्षर पुरुष) एउटै टापुमा बसेका छौं, अरू भने एक-एक द्वीपमा छन्, म पनि साधना गरेर छुट्टै द्वीप प्राप्त गर्छु भनी सोचे । अनि एउटा गोडामा मात्र उभिएर सत्तरी (७०) युगसम्म तपस्या गरे ।

आत्माहरू कालको जालमा कसरी फँसे?

विशेषः जब ब्रह्म (ज्योति निरन्जन) तपस्या गरि रहेका थिए, आज ज्योति निरन्जनको एक्काईस ब्रह्माण्डमा रहेका हामी सबै आत्माहरू यिनको साधनाप्रति आशक्त भयौं तथा अन्तर आत्मा देखिनै यिनलाई चाहन थाल्यौं । आफ्नो सुखदाता प्रभुबाट विमुख भयौं । जसको कारणले पतिव्रता पदबाट झर्‍यौं । पूर्ण प्रभुले बारम्बार सावधान गराउँदा पनि हाम्रो आशक्तता क्षर पुरुषबाट हटेन । {आज पनि काल सृष्टिका सबै प्राणीमा यो प्रभाव विद्यमान छ। फिल्म स्टारहरु (अभिनेता र अभिनेत्रीहरु) का बनावटी हाउभाउ तथा आफ्नो रोजगारको उद्देश्यले गरिएका अभिनयमा युवाहरु आशक्त हुन्छन् र जति रोक्न खोज्दा पनि रोकिँदैनन्। कुनै अभिनेता वा अभिनेत्री नजिकको सहरमा आए भने उनीहरूलाई हेर्नका लागि मात्र भए पनि ती अबोध किशोर किशोरीहरूको अत्याधिक भीड एकत्रित हुन्छ। 'लिनु न दिनु' भने जस्तै रोजी-रोटी अभिनेताहरु कमाइ रहेका हुन्छन् भने बालबालिकाहरु चाहिँ ठगिइ रहेका हुन्छन्। आमाबुबा तथा अभिभावकले जति सम्झाए पनि उनीहरु मान्दैनन्। कहीं न कहीं, कुनै न कुनै बेला लुकेर भए पनि गइ हाल्छन्।}

पूर्ण ब्रह्म कविर्देव (कबीर प्रभु) ले क्षर पुरुषलाई तिमी के चाहन्छौ भनेर सोध्नु भयो । उनले पिता जी मलाई यो स्थान सानो भएकाले अलग्ग एउटा द्वीप प्रदान गर्ने कृपा गर्नु होस् भने । हक्का कबीर (सत् कबीर) ले उनलाई एक्काईस ब्रह्माण्ड प्रदान

गर्नु भयो । केही समय पश्चात् ज्योति निरन्जनले यसमा केही रचना गर्नु पर्छ, खा ब्रह्माण्डको के काम भन्ने विचार गरी सत्तरी युग तपस्या गरेर पूर्ण परमात्मा कवि (कबीर प्रभु) सँग रचना सामग्रीको याचना गरे । सतपुरूषले उनलाई तीन गुण त पाँच तत्त्व प्रदान गर्नु भयो, जसबाट ब्रह्म (ज्योति निरन्जन) ले आफ्नो ब्रह्माण्ड केही रचना गरे। एक्लै मन लाग्दैन यसमा जीव पनि हुनु पर्छ भन्ने कुरा सोचे विचार गरेर फेरि ६४ (चौसठ्ठी) युगसम्म तप गरे पूर्ण परमात्मा कविर देवले स पछि मलाई केही आत्माहरू दिनु होस्, मलाई एक्लै मन लागि रहेको छैन भने । सत पुरूष कविरग्नि (कबीर परमेश्वर) ले भन्नु भयो- हे ब्रह्म ! तिम्रो तपको प्रतिप अनुसार म अझै ब्रह्माण्ड दिन सक्छु तर आफ्ना प्रिय आत्माहरू जपतप र साधना फलका रूपमा दिन सक्दिन तर यदि कोही स्वेच्छापूर्वक तिमीसँग जान चाहन्छ जान सक्छ । युवा कबीर (समर्थ कबीर) को वचन सुनेपछि ज्योति निरन्जन पहि देखि नै उनीप्रति आशक्त ती आत्माहरू भएको ठाउँमा आए । ती आत्माहरूले ज्यो निरन्जनलाई चारैतिरबाट घेरे । ज्योति निरन्जनले मैले पिता जीबाट अलगै एक्काइ ब्रह्माण्ड पाएको छु । त्यहाँ नाना प्रकारका रमणीय स्थल बनाएको छु, के मसँग ज तयार हुनु हुन्छ भनेर सोधे । हामी सर्वहंसहरू २१ ब्रह्माण्डका लागि व्याकुल छौं, हा जान तयार छौं तर पिता जीले आज्ञा दिनु पर्छ भने । तब क्षरपुरूष पूर्ण ब्रह्म मह कविर (समर्थ कबीर प्रभु) को सामु गए र सम्पूर्ण कुरा सुनाए । तब कविरग्नि (क परमेश्वर) ले मेरो सामुन्ने स्वीकृति दिनेलाई आज्ञा दिन्छु भन्नु भयो । क्षर पुरूष (कै तथा परम अक्षर पुरूष (कविर मितौजा) दुबै ती हंस आत्माहरूको समीपमा ग बोलाए । सत कविर्देवले ब्रह्मसँग जान चाहने हंसले हात उठाएर स्वीकृति जनाऊ भ भयो । आफ्ना पिताको अगाडि कसैको हिम्मत भएन । कसैले स्वीकृति दिएनन् । ला समयसम्म शान्ति छाई रह्यो । तत्पश्चात् एक हंस आत्माले साहस गरेर म ज चाहन्छु भन्यो । उसको देखासिकी गरेर (काल ब्रह्मको एक्काईस ब्रह्माण्डमा फसेक सबै आत्माहरूले स्वीकृति जनाए । ज-जसले तिमीसँग जाने स्वीकृति दिएका छन् म सर्व आत्माहरूलाई तिमी भएको ठाउँमा पठाइ दिन्छु भनी परमेश्वर कबीर जीले ज्यो निरन्जनलाई आफ्नो स्थानमा जान भन्नु भयो । ज्योति निरन्जन आफ्नो एक्काई ब्रह्माण्डमा गए । त्यस समयसम्म यी एक्काईस ब्रह्माण्ड सतलोकमा नै थिए ।

त्यसपछि पूर्ण ब्रह्मले सर्वप्रथम स्वीकृति दिने हंसलाई केटीको रूप बनाइ दि भयो तर स्त्री इन्द्रिय रचना गर्नु भएन र ती सबै ज्योति निरन्जन (ब्रह्म) को सा जाने सहमति दिएका आत्माहरूलाई त्यस केटीको शरीरमा प्रवेश गराउनु भयो त उनको नाम आष्ट्रा (आदिमाया प्रकृति देवी/दुर्गा) राख्नु भयो र भन्नु भयो- पुत्री मै तिमीलाई शब्द शक्ति प्रदान गरेको छु, ब्रह्मले भने जति जीव उत्पन्न गरि दिनू । पू ब्रह्म कविर्देव (कबीर साहेब) ले आफ्नो छोरो सहज दासद्वारा प्रकृतिलाई क्षर पुरूष साथमा पठाइ दिनु भयो । सहज दासले ज्योति निरन्जनलाई पिता जीले यो बहिनी

शरीरमा तपाईंसँग जान सहमति दिने सबै आत्माहरू प्रवेश गराएर वचन शक्ति पनि प्रदान गर्नु भएको छ भन्ने कुरा बताए । तपाईंले चाहे जति जीव प्रकृतिले आफ्नो शब्दबाट नै उत्पन्न गर्ने छिन् । यति भनेर सहजदास आफ्नो द्वीपमा फर्के ।


तरूणावस्था हुनाले युवतीको आकर्षक स्मरङ्गप्रति ब्रह्ममा विषय वासना उत्पन्न भयो र प्रकृति देवीसँग अभद्र गतिविधि प्रारम्भ गरे । दुर्गाले आफूसँग पिताले दिनु भएको शब्दशक्ति छ भनेर सुनाइन् । तपाईंले भने जति जीव म वचनबाट नै उत्पन्न गरि दिन्छु । तर मैथुन परम्परा नगर्नु होस्। तपाईं पनि उनै पिताको शब्दको अण्डाबाट उत्पन्न हुनु भएको हो र म पनि उनै परमपिताको वचनबाट उत्पन्न भएको हूँ । दाजु-बहिनी बीचको यो योग महापापको कारण बन्ने छ । तर ज्योति निरन्जनले प्रकृति देवीको एउटा पनि प्रार्थना सुनेनन् । आफ्नो शब्द शक्तिद्वारा नङले प्रकृतिको स्त्री जनेन्द्रिय (भग) बनाएर बलात्कार गर्ने सोच बनाए । त्यसै समय दुर्गाले आफ्नो इज्जत रक्षाका लागि कुनै अरू उपाय नदेखेर आफूलाई सूक्ष्म रूप बनाएर ज्योति निरञ्जनको खुला मुखद्वारा पेटमा प्रवेश गरिन् र पूर्ण ब्रह्म कविर्देव (कबीर परमेश्वर) सँग आफ्नो रक्षार्थ याचना गरिन् । त्यही समय कविर्देव (कविर देव) आफ्नो पुत्र योग संतायन अर्थात् योगजीतको रूप बनाएर त्यहाँ प्रकट हुनु भयो अनि छोरीलाई ब्रह्मको पेटबाट बाहिर निकालेर ज्योति निरन्जनलाई आजदेखि तेरो नाम 'काल' हुने छ, तेरो जन्म मृत्यु भइ रहन्छ, यसैले तेरो नाम क्षर पुरूष हुने छ, एक लाख मानव शरीरधारी प्राणीहरू खाने छस् तथा सवालाख उत्पन्न गर्ने छस्, तिमीहरू दुबैलाई एक्काईस ब्रह्माण्ड सहित निष्कासित गरिन्छ भन्नु भयो र एक्काईस ब्रह्माण्ड विमानको गति समान त्यहाँबाट प्रस्थान गर्‍यो । सहज दासको द्वीप हुँदै सतलोकबाट सोन्ह शंख कोस (एक कोस लगभग ३ कि.मी.) दुरीमा आएर रोकियो । विशेष विवरणः- अहिलेसम्म निम्न तीनवटा शक्तिहरूको विवरण प्राप्त भएको छ :

१. पूर्णब्रह्म : जसलाई सत्यपुरूष, अकाल पुरूष, शब्दस्वरूपी राम, परम अक्षर ब्रह्म, परम अक्षर पुरूष आदि अन्य उपमात्मक नामहरूले पनि चिनिन्छ । पूर्ण ब्रह्म नै समस्त ब्रह्माण्डका स्वामी अर्थात् वासुदेव हुनु हुन्छ तथा यथार्थमा अविनाशी हुनु हुन्छ ।

२. परब्रह्म : जसलाई अक्षर पुरूष पनि भनिन्छ । यिनी पनि अविनाशी छैनन् । यिनी सात शंख ब्रह्माण्डका स्वामी हुन् ।

३. ब्रह्म : जसलाई ज्योति निरन्जन, काल, कैल, क्षर पुरूष तथा धर्मराय आदि नामले चिनिन्छ। जो केवल एक्काईस ब्रह्माण्डका स्वामी हुन् । अब यिनै ब्रह्मको सृष्टिको एक ब्रह्माण्डको परिचय दिइने छ, जसमा अरू तीन नाम पढ्न पाइने छ- ब्रह्मा, विष्णु र शिव ।

एक ब्रह्माण्डको लघु चित्र



<u>ब्रह्म र ब्रह्मा बीच भिन्नता</u> : एक ब्रह्माण्डमा बनेको सर्वोपरि स्थानमा ब्रह्म (क्षर पुरूष) स्वयम् तीन गुप्त स्थानको रचना गरेर ब्रह्मा, विष्णु र शिवका रूपमा रहन्छन् तथा आफ्नी पत्नी (दुर्गा) को सहयोगले तीन पुत्रहरू उत्पन्न गर्छन् । उनीहरूको नाम पनि ब्रह्मा, विष्णु र शिव नै राख्छन् । ब्रह्मका पुत्र ब्रह्मा एक ब्रह्माण्डमा बनेको केवल तीनलोक (पृथ्वी, स्वर्ग, पाताल) मा एउटा रजोगुण विभागको मन्त्री (स्वामी) मात्र हुन् । यिनलाई त्रिलोकीय ब्रह्मा भनिन्छ र ब्रह्मलोकमा ब्रह्माका रूपमा रहने ब्रह्मलाई चाहिँ महाब्रह्मा वा ब्रह्मलोकीय ब्रह्मा भनिन्छ । यिनै ब्रह्म (काल) लाई सदाशिव, महाशिव र महाविष्णु पनि भनिन्छ ।

श्री विष्णु पुराणमा प्रमाणः- चतुर्थ अंश अध्याय १ पृष्ठ २३०-२३१ मा श्री ब्रह्मा जीले भनेका छन्,- ती अजन्मा (नजन्मेका) सर्वमय (व्यापक) विधाता परमेश्वरको आदि, मध्य र अन्त्य तथा स्वरूप, स्वभाव र सार हामी जान्न सक्दैनौ (श्लोक ८३) ।

जसले मेरो रूप धारण गरेर संसारको रचना गर्दछन्, स्थिति कालमा पुरूषरूप तथा रुद्ररूपले विश्वलाई गाँस बनाउछन्, अनन्तरूपले सम्पूर्ण जगत धारण गर्छन् । (श्लोक ८६)

श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीको उत्पत्ति

काल (ब्रह्म, क्षर पुरूष) ले प्रकृति (दुर्गा) सँग अब कसैले मेरो केही बिगार्न सक्दैन त्यसैले मनोमानी गर्छु भने । प्रकृतिले काल ब्रह्मलाई केही शरम त मान भनेर प्रार्थना गर्दै भनिन्,- पहिलो, त तपाईं मेरा दाजु किनकि कबीर पूर्ण परमात्मा (कविर्देव) को शब्दशक्तिले तपाईं अण्डाबाट उत्पन्न हुनु भएको हो र वहाँकै वचन शक्तिले म पनि उत्पन्न भएकी हुँ । अर्को कुरा, म तपाईंको पेटबाट निस्केकी हुनाले म तपाईंकी छोरी र तपाईं मेरो बुबा हुनु भयो । यो पवित्र नातामा बिकार ल्याउनु महापाप हो । बुवाले दिनु भएको शब्दशक्तिले तपाईंले भने जति नै प्राणी उत्पन्न गरि दिन्छु । ज्योति निरन्जनले दुर्गाको कुनै कुरा मानेनन् र मैले पाउनु पर्ने सजाय पाएँ र सत्यलोकबाट निष्काशित भएँ र अब मनोमानी गर्छु भने अनि प्रकृतिसँग जबरजस्ती विवाह गरे । उनले तीन छोराहरू (रजगुणयुक्त-ब्रह्मा, सतगुणयुक्त-विष्णु र तमगुणयुक्त-शिव जी) जन्माएर युवा नहुन्जेलसम्म तीनैजनालाई दुर्गा मार्फत् अचेत गराए । युवा भएपछि श्रीब्रह्मा जीलाई कमलको फूलमा, श्री विष्णु जीलाई शेषनागको शैय्यामा र श्री शिव जीलाई कैलाश पर्वतमा सचेत बनाएर एकै ठाउँमा भेला गरी प्रकृतिको मद्दतले यी तीनैजनाको विवाह गराइ दिए । त्यसपछि एउटा ब्रह्माण्डको तीन लोक (स्वर्ग, पृथ्वी र पाताल) मा एक-एकवटा विभागको मन्त्री नियुक्त गरे- ब्रह्मालाई रजोगुण, विष्णुलाई सतोगुण र शिवलाई तमोगुण विभागको प्रमुख बनाएर आफूले मुख्य मन्त्री (महाब्रह्मा, महाविष्णु र महाशिव) को पद लिई गुप्त रूपमा रहे । उनले एउटा ब्रह्माण्डमा एउटा ब्रह्मलोकको रचना गरी त्यहाँ तीन गुप्तस्थान बनाएका छन् । पहिलो, रजोगुण प्रधान स्थानमा ब्रह्म (काल) स्वयं महाब्रह्मा (मुख्यमन्त्री) का रूपमा तथा दुर्गालाई

महासावित्रीका रूपमा राख्छन् । यी दुईको संयोगले यहाँ जन्मेको छोरो स्वतः रजोगु बन्छ र उसको नाम ब्रह्मा राख्छन् । दोस्रो, सतोगुण प्रधान स्थानमा यी क्षर पुरु महाविष्णुका रूपमा तथा दुर्गालाई महालक्ष्मीका रूपमा राख्छन् । यी दुईको संयोगले य स्थानमा जन्मेको सतोगुणयुक्त छोरोको नाम विष्णु राख्छन् । यिनै कालले बनाएको ते तमोगुणयुक्त स्थानमा स्वयं सदाशिवको रूपमा र दुर्गालाई महापार्वती रूपमा राख्छन् । दुईको पति पत्नीको व्यवहारबाट उत्पन्न तमोगुणयुक्त छोरोको नाम शिव राख्छन् (प्रमाणका लागि ब्रह्मा, विष्णु, रूद्र तथा महेश्वरभन्दा अन्य सदाशिव छन् भनिए गीता प्रेस गोरखपुरबाट प्रकाशित र अनुवादकर्ता श्री हनुमानप्रसाद पोद्दारबाट अनुवादि पवित्र श्री शिव पुराण, विद्यवेश्वर संहिता पृष्ठ २४-२६ एवं रूद्र संहिता अध्याय ६, ७ ९ पृष्ठ नं. १०० देखि १०५ सम्म र ११० मा, तथा गीता प्रेस गोरखपुरबाट प्रकाशि एवं श्री हनुमानप्रसाद पोद्दार र चिमनलाल गोश्वामीबाट अनुवादित पवित्र श्रीमद्दे महापुराण तेस्रो स्कन्ध पृष्ठ नं. ११४-१२३ हेर्नु होस् ।) आफूले खानका लागि यिनीहरूलाई धोकामा राखेर श्री ब्रह्मा जीबाट जीवहरूको उत्पत्ति, श्री विष्णु जीबा स्थिति (एक अर्कालाई मोह ममतामा राखेर कालको जालमा फसाउने) तथा श्री शि जीबाट सङ्हार गराउँछन् । (किनकि काल पुरुषले एक लाख मानव शरीरधा प्राणीहरूको सूक्ष्म शरीरबाट मैला निकालेर खानु पर्ने श्राप पाएका छन् । एक्काइस ब्रह्माण्डमा रहेको तप्तशीलामा जीवलाई तताई निक्लेको मयल पगालेर खान्छन् । जी मर्दैन तर असह्य कष्ट हुन्छ । फेरि प्राणीको कर्म अनुसार वा कर्मको आधारमा अ शरीर प्रदान गर्छन्।) उदाहरणका लागि, कुनै घरमा तीनवटा कोठाहरु छन् । एउ कोठामा अश्लील चित्र टाँगिएको हुनाले त्यसमा पस्नासाथ मनमा त्यस्तै मलीन नराम्रो विचार उत्पन्न हुन्छ । दोस्रो कोठामा साधु, सन्त र भक्तहरूको चित्र टाँगिए हुनाले त्यहाँ पस्दा मनमा असल विचार उत्पन्न हुन्छ तथा प्रभु चिन्तन बनि रहन्छ तेस्रो कोठामा देशभक्त र सहिदहरूको तस्वीर टाँगिएको हुनाले त्यहाँ जाँदा त्यस जोसिलो विचार उत्पन्न हुन्छ । ठीक यसरी नै (काल) ले आफ्नो बुद्धि प्रयोग ग उपरोक्त तीन गुण प्रधान स्थानहरूको रचना ब्रह्मलोकमा गरेका छन् ।

तीन गुण के हुन् ? प्रमाण सहित

तीन गुण रजगुण ब्रह्मा जी, सतगुण विष्णु जी र तमगुण शिव जी हुन् । य तीनैजना ब्रह्म (काल) तथा प्रकृति (दुर्गा) बाट उत्पन्न भएका हुन् तथा नाशवान छन्

प्रमाणः- श्री हनुमानप्रसाद पोद्दारबाट सम्पादित र गीता प्रेस गोरखपुरबा प्रकाशित श्री शिवपुराणको पृष्ठ सं. २४-२६, विध्वेश्वर संहिता, पृष्ठ ११०, अध्याय रूद्र संहितामा ब्रह्मा-विष्णु तथा शिव तीनै देवताहरूमा गुण छन् तर शिव (ब्रह्म/काल लाई गुणातीत (गुणरहित) भनिएको छ ।

दोस्रो प्रमाणः- श्री हनुमानप्रसाद पोद्दार र चिमनलाल गोश्वामीबाट सम्पादित र गीताप्रेस गोरखपुरबाट प्रकाशित श्रीमद्देवी भागवत पुराण, तेस्रो स्कन्ध, अध्याय ५, पृष्ठ १२३ मा भनिएको छ : भगवान विष्णुले दुर्गाको स्तुति गर्दै म (विष्णु), ब्रह्मा र शङ्कर

तपाईंकै कृपाले विद्यमान छौं, हाम्रो अविर्भाव वा जन्म र तिरोभाव वा मृत्यु हुन्छ, हामी नित्य वा अविनाशी छैनौं, तपाईं नै नित्य, जगत् जननी, प्रकृति र सनातनी देवी हुनु हुन्छ भने । भगवान शङ्करले भगवान ब्रह्मा र विष्णु तपाईंबाटै उत्पन्न भएका हुन् भने उनीहरूपछि उत्पन्न हुने म, तमोगुणी लीला गर्ने शङ्कर, के तपाईंको सन्तान होइन ? अर्थात् मलाई पनि उत्पन्न गर्ने तपाईं नै हो, यस संसारको सृष्टि-स्थिति-सङ्हारमा तपाईंको गुण सदा सर्वदा रहन्छन्, यिनै तीन गुणहरूबाट उत्पन्न हामी ब्रह्मा, विष्णु र शङ्कर नियमानुसार कार्यमा तत्पर रहन्छौं भने ।

उपरोक्त विवरण हिन्दीमा अनुवादित श्री देवीमहापुराणबाट लिइएको हो, जसमा केही तथ्यहरु लुकाइएका छन् । त्यसैले खेमराज श्री कृष्णदास प्रकाशन मुम्बईबाट प्रकाशित श्रीमद्देवीभागवत महापुराण समाषटिकम् समहात्यम्मा संस्कृतसहित हिन्दीमा अनुवाद गरिएको छ ।। यसको तेस्रो स्कन्ध, अध्याय ४, पृष्ठ १० को श्लोक ४२ ;

ब्रह्मा - अहम् ईश्वरः फिल ते प्रभावात्सर्वे वयं जनि युता न यदा तू नित्याः, के अन्ये सुराः शतमख प्रमुखाः च नित्या नित्या त्वमेव जननी प्रकृतिः पुराणा ॥४२॥

अनुवादः- हे माता ! ब्रह्मा, म तथा शिव हजुरकै प्रभावबाट जन्मेका हौं, नित्य छैनौं अर्थात् हामी अविनाशी छैनौं, फेरि अन्य इन्द्रादि देवताहरू कसरी नित्य हुन सक्छन् । हजुर नै अविनाशी हुनु हुन्छ, प्रकृति तथा सनातनी देवी हुनु हुन्छ ।

त्यसकै पृष्ठ ११-१२, अध्याय ५, श्लोक ८ मा उल्लेख गरिएको छ : यदि दयार्द्रमना न सदांऽबिके कथमहं विहितः च तमोगुणः कमलजश्च रजोगुणसंभवः सुविहितः किमु सत्वगुणों हरिः ॥८॥

अनुवादः- भगवान् शङ्करले भने- हे माता ! यदि हामीमाथि हजुर दयायुक्त हुनु हुन्छ भने मलाई तमोगुण किन बनाउनु भयो, कमलबाट उत्पन्न ब्रह्मालाई केका लागि रजोगुण बनाउनु भयो तथा विष्णुलाई सतगुण किन बनाउनु भयो ? अर्थात् हामी तीनैजनालाई जीवहरूको जन्म-मृत्यु रूपी दुष्कर्ममा किन लगाउनु भयो ?

श्लोक १२ : रमयसे स्वपतिं पुरुषं सदा तव गतिं न हि विह विद्म शिवे॥१२॥

अनुवादः- आफ्नो पति पुरुष अर्थात् काल भगवान्सँग सदा भोग विलास गरि रहनु हुन्छ । हजुरको गति कसैले पनि जान्दैनन् ।

निष्कर्षः- उपरोक्त प्रमाणहरूबाट के प्रमाणित हुन्छ भने रजगुण-ब्रह्मा, सतगुण-विष्णु तथा तमगुण-शिव हुन् र यी तीनैजना नाशवान छन् । दुर्गाका पति ब्रह्म (काल) हुन् । उनी प्रकृतिसँग भोगविलास गर्छन् ।

ब्रह्म (काल) को अव्यक्त रहने प्रतिज्ञा

(सुक्ष्म वेदबाट शेष सृष्टि रचना - -)

तीनै छोराहरूको उत्पत्ति पछि ब्रह्मले आफ्नी पत्नी दुर्गा (प्रकृति) लाई म भविष्यमा कसैलाई आफ्नो वास्तविक रूपमा दर्शन नदिने प्रतिज्ञा गर्छु, यसैकारण म अव्यक्त मानिने छु,यस कुराको भेद कसैलाई नभन्नु र म गुप्त रहन्छु भने । दुर्गाले

आफ्ना छोराहरूलाई पनि दर्शन दिनु हुन्न भनी सोध्दा ब्रह्मले आफ्ना छोराहरु लगाय कसैले कुनै साधना गरे पनि दर्शन दिन्न र यो मेरो अटल नियम हुने छ भने । दुर्गा आफ्नै सन्तानबाट लुकेर बस्ने तपाईंको यो नियम उत्तम होइन भनेपछि कालले भने यो मेरो विवशता हो । मलाई एक लाख मानव शरीरधारी प्राणीहरूको आहार गर्ने श्रा लागेको छ । यो मेरा छोराहरु (ब्रह्मा, विष्णु र महेश) ले थाहा पाए भने उत्पत्ति स्थिति तथा सङ्हारको कार्य गर्दैनन् र मेरो यो अनुत्तम नियम सँधै कायम रहने छ यी तीनैजना अलि ठूला भएपछि यिनलाई अचेत तुल्याउनू । मेरो विषयमा नबताउ नत्र म तिमीलाई पनि दण्ड दिने छु । यही डरले दुर्गाले वास्तविकता बताउँदिनन् यसैले गीता अध्याय ७ को श्लोक २४ मा भनिएको छ- म कहिल्यै पनि कसैको सामु प्रकट हुन्न, आफ्नो योगमायाद्वारा अदृश्य रहन्छु भन्ने मेरो अनुत्तम नियमबारे बुद्धिहीन जनसमुदाय अपरिचित छ । त्यसैले म अव्यक्तलाई मनुष्य रूपमा आएको अर्थात कृष्ण मान्छन् ।

(अबुद्धय:) बुद्धिहीन (मम्) मेरो (अनुत्तमम्) अनुत्तम् अर्थात् घटिया (अव्यय अविनाशी (परम् भावम्) विशेष भाव (अजानन्त:) नबुझेर (माम् अव्यक्तम्) म अव्यक्तला (व्यक्तिम) मनुष्य रूपमा (आपन्नम) आएको (मन्यन्ते) मान्छन् अर्थात् म कृष्ण होइ (गीता अध्याय ७, श्लोक २४)

गीता अध्याय ११ श्लोक ४७ र ४८ मा गीता ज्ञानदाताले मेरो यो वास्तवि काल रूप न वेदहरूमा वर्णित विधिले, न जप र तपले, न त कुनै क्रियाबाट यस दर्शन अर्थात् ब्रह्म प्राप्ति हुन सक्छ भनेका छन् ।

तीनैजना बालकहरु युवा भएपछि माता भवानी (प्रकृति, अष्टाङ्गी) ले उनीहरूला सागर मन्थन गर्न लगाइन, । पहिलो पटक सागर मन्थन गर्दा निस्केका चारै वेदला ब्रम्हाले लिए । (ज्योति निरञ्जनले आफ्नो श्वासले चार वेद उत्पन्न गरेर गुप्त वा मार्फत् सागरमा निवास गर्ने आज्ञा दिएका थिए ।) त्यो वस्तु लिएर तीनैजना आमाका जाँदा उनले चारै वेद राख्न र पढ्न ब्रह्मालाई आदेश दिइन् ।

नोटः- वास्तवमा पूर्णब्रह्मले ब्रह्म अर्थात् काललाई पाँचवटा वेद दिनु भए थियो तर ब्रह्मले चारवटा मात्र प्रकट गरे । पाँचौं वेद लुकाइ दिए । त्यसलाई पू परमात्माले स्वयं प्रकट भएर कविर्गिर्भीः अर्थात् कविर्वाणी (कबीर वाणी) मार्फ लोकोक्तिहरु तथा दोहा (छन्दवद्ध पद्य) का माध्यमबाट प्रकट गर्नु भयो ।

दोस्रो पटक सागर मन्थन गर्दा प्राप्त भएका तीन कन्या आमाले तीनैजनाला बाँडि दिइन् । (प्रकृति वा दुर्गाले आफ्नै तीन रूप सावित्री, लक्ष्मी र पार्वती धारण गर समुद्रमा लुकाएकी थिइन् । सागर मन्थनको समयमा ती निस्किए । प्रकृतिले लिएक तीन रूपबाट भगवान ब्रह्मालाई सावित्री, भगवान विष्णुलाई लक्ष्मी र भगवान शङ्करला पार्वती पत्नीका रूपमा दिइन् ।) तीनैजनाका भोग विलासबाट सुर र असुर दुवै जन्मिए

(तेस्रो पटक सागर मन्थन गरेपछि ब्रह्माले चौध रत्न, विष्णु र देवताहरूले अमृ तथा असुरहरूले मद्य वा रक्सी पाए भने विष चाहिँ परमार्थ शिवले आफ्नो कण्ठम

खे । तर यो धेरै पछिको घटना हो ।) ब्रह्माले वेद पढ्न थालेपछि सम्पूर्ण ब्रह्माण्डहरूको रचना गर्ने कुलका मालिक पुरुष (प्रभु) त अरू नै कोही हुन् भन्ने थाहा पाए । सर्जक त कोही अन्य प्रभु हुन् भन्ने कुरा वेदमा वर्णन गरिएको छ तर यसको रहस्य हामी पनि जान्दैनौं भनी वेदहरूले भन्छन् बरू कुनै तत्वदर्शी सन्तसँग सोध भन्ने सङ्केत दिइएको छ भनेर ब्रह्मा जीले विष्णु तथा शिव जीलाई सुनाए । अनि त्यो कुरा ब्रह्माले आमालाई बताए । आमाले आफूबाहेक कोही छैन भन्ने गर्थिन् । उनले म नै कर्ता हूँ र म नै सर्वशक्तिमान हूँ भनिन् तर ब्रह्माले वेद त ईश्वरले निर्माण गर्नु भएकोले झुटो हुन सक्दैन भने । दुर्गाले तिम्रो बुवाले तिमीलाई दर्शन दिनु हुन्न, उनले प्रतिज्ञा गरेका छन् भनिन् । तब ब्रह्माले आमा । तपाईंका कुरामा विश्वास लागेन, म ती पुरुषलाई पत्ता लगाएरै छाड्छु भने । उनले दर्शन नदिएमा के गर्छौ भनी दुर्गाले सोध्दा ब्रह्माले म तपाईंलाई आफ्नो अनुहार देखाउँदिन भनी जवाफ दिए । ज्योति निरञ्जनले भने कसैलाई दर्शन दिन्न भनेर कसम खाएका छन् अर्थात् २१ ब्रह्माण्डमा कहिले पनि आफ्नो वास्तविक काल रूपमा आउँदिन भनेका छन्।

गीता अध्याय नं. ७ को श्लोक २४ :-

अव्यक्तम, व्यक्तिम्, आपन्नम्, मन्यन्ते, मांम्, अबुद्धयः।
परम्, भावम्, अजानन्तः, मम, अव्ययम्, अनुत्तमम्॥२४॥

अनुवादः- (अबुद्धयः) बुद्धिहीन मानिस (मम्) मेरो (अनुतमम्) अश्रेष्ठ (अव्ययम्) अटल (परम्) परम (भावम्) भाव (अजानन्तः) लाई नजानेर (अव्यक्तम्) अव्यक्त वा अदृश्यमान (माम्) म काललाई (व्यक्तिम्) आकारमा कृष्ण अवतार (आपन्नम्) भएको (मन्यन्ते) मान्छन्।

गीता अध्याय नं. ७ को श्लोक २५ :-

न, अहम्, प्रकाशः, सर्वस्य, योगमाया समावृतः।
मूढः, अयम्, न, अभिजानाति, लोकः, माम्, अजम्, अव्ययम्॥२५॥

अनुवादः- (अहम्) म (योगमाया समावृतः) योगमायाद्वारा लुकेर (सर्वस्य) बस्छु र सबैका सामु (प्रकाशः) प्रत्यक्ष (न) हुन्न अर्थात् अदृश्य अर्थात् अव्यक्त रहन्छु। त्यसैकारण (अजम्) जन्म नलिने (अव्ययम्) अविनाशी अटल भावयुक्त (माम्) मलाई (अयम्) यो (मूढः) अज्ञानी (लोकः) मानिसहरु वा संसारले (माम) मलाई (न अभिजानाति) जान्दैन वा मलाई अवतारका रूपमा आएको सम्झन्छ। किनकि ब्रह्म आफ्नो शब्द शक्तिले आफूलाई नाना प्रकारको बनाउँछन यी दुर्गाका पति हुन्, त्यसैले यस मन्त्रमा म श्री कृष्ण आदि जसरी दुर्गाबाट जंन्म लिन्न भनेका छन्।

आफ्ना बुबा (काल/ब्रह्म) लाई भेट्ने ब्रह्माको प्रयत्न

त्यसपछि दुर्गाले ब्रह्मालाई अलख निरञ्जन तिम्रो बुवा हुन् तर वहाँले तिमीलाई दर्शन दिनु हुन्न भनिन् । ब्रह्माले आफू दर्शन गरेरै फर्कने कुरा बताए । दर्शन भएन भने तिमी के गर्छौ भनी सोध्दा बुबाको दर्शन नपाएमा तपाई सामु आउँदिन भन्ने प्रतिज्ञा ब्रह्माले गरे । अनि ब्रह्मा जी व्याकुल भएर अन्धकार नै अन्धकार भएको उत्तर

दिशातर्फ हिंडे । त्यहाँ ब्रह्माले चार युगसम्म ध्यान गरे तर केही पाएनन् । का आकाशवाणी गरेर दुर्गालाई किन सृष्टिको रचना नगरेको भनी सोधे । भवानीले तपाई जेठो छोरो, ब्रह्मा जिद्दी गरेर तपाईंको खोजीमा गएको छ भनेर सुनाइन् । ब्र (काल) ले उसलाई फर्काउनु, म दर्शन दिन्न र ब्रह्मा नभई जीव उत्पत्ति गर्नु असम्भ छ भने । अनि दुर्गाले (प्रकृति) आफ्नो शब्द शक्तिले गायत्री नामको युवती उत्पन्न ग ब्रह्मालाई फर्काएर ल्याउन भनिन् । गायत्री ब्रह्मा जीको सामु गइन् तर समाधीमा ल भएकाले ब्रह्मा जीलाई कुनै आभास नै भएन । अनि आदि कुमारी (प्रकृति) गायत्रीलाई ध्यानबाट आदेश दिई ब्रह्माको चरण स्पर्श गर्न लगाइन् र गात्रीले त गरिन् । ब्रह्मा जीको ध्यान भङ्ग भएकोले रिसले कराए,- मेरो ध्यान भङ्ग गर्ने पापिनी हो ? म त्यसलाई श्राप दिन्छु । गायत्रीले भनिन्,- यसमा मेरो दोष छैन पहिले मेरा कुरा सुन्नु होस्, अनि श्राप दिनु पर्ने भए दिनु होला । तपाईं नभई ज उत्पत्ति नहुने भएकोले तपाईंलाई फर्काउन आमाले मलाई पठाउनु भएको हो । ब्रह्म बुबाको दर्शन नै भएको छैन, म कसरी जाऊँ ? यत्तिकै गएमा मेरो उपहास हुने छ तिमीले आमासामु ब्रह्माले बुबा (ज्योति निरन्जन) को दर्शन पाए, मैले आफ्नै आँख देखेको हूँ भन्यौ भने मात्र म तिमीसँग जान्छु भने । तब गायत्रीले तपाईंले मस सम्भोग (सेक्स) गर्नु भयो भने मात्र म झुटो साक्षी दिने छु भनिन् । अनि बुबाको द नभएकोले त्यतिकै आमा समक्ष गएमा लाज हुने छ भन्ने ब्रह्माले सोचे र अर्को कु उपाय नदेखी गायत्रीसँग रतिक्रिया (सम्भोग) गरे ।

अनि गायत्रीको अर्को पनि साक्षी तयार गर्ने कुरामा ब्रह्माले पनि सहम जनाए । गायत्रीले शब्दशक्तिबाट पुहपवती नामको युवती जन्माइन् । दुवैजनाले उनी ब्रह्माले पिताको दर्शन गरेका हुन् भनी साक्षी बन्न आग्रह गरे । पुहपवतीले मैले कि त्यसै झुटो बोल्नू ? तपाईं (ब्रह्मा) ले मसँग रतिक्रिया (सम्भोग) गरेमात्र साक्षी बन्ने भनिन् । गायत्रीले ब्रह्मालाई त्यो बाहेक कुनै उपाय छैन भनेर सम्झाइन् (उक्साइन्) अनि ब्रह्माले पुहपवतीसँग सम्भोग गरे र तीनैजना आदिमाया (प्रकृति) कहाँ गए ब्रह्माले आमालाई हामीले झुटो बोलेको कुरा बताए भने आमाले हामीलाई श्राप दि होला भन्ने डरले उनलाई पनि दोषी बनाउन दुवै देवीहरूले त्यो शर्त राखेका थिए ।

(यहाँ महाराज गरीबदास जी भन्नु हुन्छ : 'दास गरीब यह चूक धुरों धुर')

आमा (दुर्गा) ले ब्रह्मालाई श्राप दिनु

बुबाको दर्शन भयो कि भएन भनेर आमाले ब्रह्मालाई सोध्दा उनले बुबाको दर्शन भएको कुरा सुनाए । दुर्गाले साक्षी पेश गर्न भनिन् । ब्रह्माले गायत्री र पुहपवतीलाई देखाएर यिनीहरूको सामुन्ने नै साक्षात्कार हुनु भएको हो भनेर बताए अनि दुवैले आफ्नै आँखाले देखेका हौं भने । ब्रह्मले त कसैलाई दर्शन दिन्न भनेका थिए तर यिनीह दर्शन पाइयो भन्छन् भनी भवानी (प्रकृति) लाई शङ्का लाग्यो । अनि अष्टङ्गीले ध्या गरेर काल/ज्योति निरञ्जनलाई यो कस्तो कहानी हो? भनेर सोधिन् । ज्यो

रञ्जनले यी तीनैजना झुटो बोल्दै छन् भने । अनि आमाले तिमीहरु झुटो बोल्दै छौ, मीले कुनै दर्शन पाएका छैनौ भनी आकाशवाणी भएको छ भनिन् । आफूले कसम एर बुबाको खोजी गरेको हो तर पनि बुबाको दर्शन नभएकोले आमासमक्ष आउन ाज लाग्यो र झुटो बोलेका हौ भनी ब्रह्माले बताए । आमाले अब म तिमीहरूलाई श्राप दिन्छु भनिन् ।

<u>ब्रह्मालाई श्राप</u> : संसारमा तेरो पूजा हुने छैन । पछि आउने तेरा वंशहरूले धेरै खण्ड गर्ने र झुटा कुरा बताएर संसारलाई ठग्ने छन् । हेर्दा कर्मकाण्ड गरेको देखिए नि भित्री रूपमा विकार गर्नेछन् । उनीहरूले कथा र पुराणहरु पढेर सुनाए पनि द्ग्रन्थहरूमा भएका वास्तविकताको ज्ञान भने हुने छैन तर पनि मान-सम्मान र धन प्तिका लागि गुरू बनेर अनुयायीहरूलाई लोकवेद (शास्त्र विरूद्ध दन्त्यकथा) सुनाउने न् । देवी देवताहरूको पूजा गरेर तथा गराएर अनि अरुको निन्दा गरेर कष्टमाथि ष्ट भोग्ने छन् । उनीहरूका अुनयायीहरूलाई परमार्थ बारे बताउने छैनन् । दक्षिणाका ागि संसारलाई पथभ्रष्ट पार्ने छन् । आफूलाई सबैभन्दा राम्रो ठानेर अरूलाई नराम्रो झने छन् । आमाको मुखबाट यी कुरा सुनेपछि ब्रह्मा मूर्छित भएर जमिनमा लडे र रै बेरपछि मात्र होसमा आए ।

<u>गायत्रीलाई श्राप</u>ः तँ मृत्युलोकमा गाई बन्ने छेस् र तेरा कैयौँ साँढे पति हुने न्।

<u>पुहपवतीलाई श्राप</u> : तेरो बास फोहोरमा हुने छ । तेरो फूल कुनै पूजामा चढाइने छैन । झुटो साक्षी बनेको कारणले तैंले नरक भोग्नु पर्ने छ । तेरो नाम केवडा ा केतकी हुने छ । (नेपालमा केवरा वा क्यात्तुके भन्छन् । यो फोहोर ठाउँमा हुन्छ।)

यसरी तीनै जनालाई श्राप दिएर माता भवानी धेरै पछुताइन् ।{यसरी जीवले पहिले नसोची मन (काल निरञ्जन) को प्रभावबाट गलत कार्य गर्छ र आत्मा (सत्यपुरूषको अंश) को प्रभावबाट ज्ञान पाएपछि पछुताउँछ । आफ्ना बालबालिकाको स-साना गल्तीमा आमा बुबाले रिसाएर (क्रोधवश) हकारे पछि पछुताउँछन् । मन (काल-निरञ्जन) को प्रभावले सम्पूर्ण जीवहरूमा यही प्रक्रिया क्रियान्वयन भइ रहेछ ।} हो, यहाँ एउटा विशेष कुराः कुनै जीवले अर्को कमजोर जीवलाई सताएमा उसले त्यसको प्रतिफल प्राप्त गर्छ भन्ने कानुन निरञ्जन (काल-ब्रह्म) ले पनि बनाएका छन् । आदि भवानी (प्रकृति, अष्टाङ्गी) ले ब्रह्मा, गायत्री र पुहपवतीलाई श्राप दिएपछि अलख निरञ्जन (ब्रह्म/काल) ले भवानी यो तिमीले राम्रो गरिनौ भन्दै द्वापर युगमा तिम्रा पनि पाँच पति हुने छन् भनी श्राप दिए । (द्रौपदी नै आदि मायाको अवतार हो ।) यो आकाशवाणी सुनेर आदि मायाले ज्योति निरञ्जन । म तिम्रै अधीनमा छु, जसो चाहन्छौ त्यसै गर भनिन् ।

आफ्नो बुबा ब्रह्मलाई खोज्न विष्णु निस्कनु र आमाको आशीर्वाद पाउनु

त्यसपछि, तिमी पनि आफ्नो बुबा पत्ता लगाऊ भनेर प्रकृतिले विष्णुलाई भनिन् अनि विष्णु आफ्नो बुबा काल (ब्रह्म) को खोजी गर्दै पाताल लोकमा पुगे । त्यहाँ भएर शेषनागले विष्णुलाई आफ्नो सीमाभित्र पसेको देखी रिसाएर विषले भरिएको फुँक हान्यो । त्यो विषको प्रभावले रङ्ले पोतिए झैं विष्णु जीको रङ् श्याम (कालो) वर्ण भयो । अनि विष्णुले यस नागलाई मजा चखाउँछु भनेर सोच्दै गर्दा ज्योति निरञ्जन अब विष्णुलाई शान्त गराउनु पर्छ भन्ने विचार गरी आकाशवाणी गरे,- विष्णु, अब ति आमाको समीपमा जाऊ र सबै विवरण साँच्चो सुनाऊ । शेष नागबाट तिमीले पाए कष्टको प्रतिशोध द्वापर युगमा तिमीले कृष्ण अवतार धारण गरेर लिने छौ, त्यसबे शेषनागले कालीदहमा कालिन्द्री नामले अवतार लिने छ ।

ऊँच होई के नीच सतावै, ताकर ओएल (बदला) मोही सों पावै।
जो जीव देई पीर पुनी काँहु, हम पुनि ओएल दिवावें ताहूँ।।

त्यसपछि, आमाको समीपमा गई विष्णु जीले बुबाको दर्शन नपाएको सत्य त कुरा बताएपछि आमा सार्है प्रसन्न भएर बाबु, तिमी सत्यवादी हौ, अब म आफ् शक्तिले तिमीलाई तिम्रो बुबासँग भेट गराएर तिम्रो मनको शंका मेटाइ दिन्छु भनिन् ।

कबीर देख पुत्र तोहि पिता भीटाऊँ, तोरै मनका धोखा मिटाऊँ।
मन स्वरूप कर्ता कह जानों, मन ते दूजा और न मानो।
स्वर्ग् पताल दौर मन केरा, मन अस्थीर मन अहै अनेरा।
निरंकार मन ही को कहिए, मन की आस निश दिन रहिए।
देख हूँ पलटि सुन्य मह ज्योति, जहाँपर झिलमिल झालर होती।।

आमा (अष्टाङ्गी/प्रकृति) ले विष्णुलाई मन नै संसारको कर्ता हो, यही ज्यो निरञ्जन हो, ध्यानमा देखिने एक हजार ज्योतिहरू नै उनको रूप हो र सुनिने शंख घण्टा आदि बाजाहरू महास्वर्गमा निरञ्जनको नै बजि रहेको हो भनिन् साथै छोर तिमी सबै देवताहरूको श्रीपेच हौ र तिम्रो हरेक कामना तथा कार्य म पूर्ण गरि दिन् तिम्रो पूजा सम्पूर्ण जगतमा हुने छ, तिमीले मलाई सत्य बताएका छौ, कालक एक्काईस ब्रह्माण्डमा रहेका प्राणीहरूको आफ्नो व्यर्थको महिमा गाउने बानी छ । दु जीले तिम्रो पूजा संसारभरि हुने छ, मैले तिमीलाई तिम्रो बुबाको दर्शन गराएँ भन फुक्र्याउँदै प्रकाश मात्र देखाएर श्री विष्णु जीलाई बहकाइन् । श्री विष्णु जीले प प्रभुको यही अवस्था अर्थात् परमात्माको प्रकाश मात्र देखिन्छ र वहाँ निराकार हुनु हुन् भनेर आफ्ना अनुयायीहरूलाई बताउन थाले । त्यसपछि, रूद्र (महेश) सामु गई आ भवानीले तिमी पनि आफ्नो बुबाको खोजी गर, तिम्रा दुई दाजुहरूले त वहाँको दर्श पाएनन्, उनीहरूलाई जे दिनु थियो, त्यो प्रदान गरें, अब तिमी पनि जे माग्नु छ माग भनिन् । अनि महेशले भने,- हे जननी ! मेरा दाजुहरूले बुबाको दर्शन नपाएकोले प्रयत्

गर्नु व्यर्थ छ । कृपया मलाई अमर (मृत्युञ्जय) हुने वर दिनु होस् । आमाले जवाफमा म यस्तो त गर्न सक्दिन तर तिम्रो आयु सबैभन्दा लामो भइ रहने जुक्ति भने बताइ दिन्छु र त्यो विधि योग समाधि हो (त्यसैले महादेव प्रायः समाधिमा नै रहन्छन्) भनिन् । यसरी आमा (अष्टाङ्गी/प्रकृति) ले तीनैजना छोराहरूको विभाग छुट्याइ दिइन् :- भगवान ब्रह्मा जीलाई काल लोकमा चौरासी लाखको चोला (शरीर) रचना गर्ने अर्थात् रजोगुणले प्रभावित गरी सन्तान उत्पत्तिका लागि वाध्य पारेर जीव उत्पत्ति गराउने विभाग प्रदान गरिन् ।

भगवान विष्णु जीलाई जीवहरूको पालन पोषण (कर्म अनुसार) गर्ने, तथा मोह ममता उत्पन्न गरेर स्थिति कायम गरी राख्ने विभाग प्रदान गरिन् ।

भगवान शिव शङ्कर (महादेव) लाई संहार गर्ने विभाग प्रदान गरिन् किनकि यिनका पिता निरञ्जनले एक लाख मानव शरीरधारी जीव प्रत्येक दिन खानु पर्छ ।

यहाँ ब्रह्मा, विष्णु तथा शङ्कर जीबाट उत्पत्ति, स्थिति र संहार कसरी हुन्छ भन्ने प्रश्न उठ्छ । यी तीनजना आ-आफ्नो लोकमा बस्छन् । हिजो-आज सञ्चार प्रणाली चलाउन उपग्रहलाई आकाशमा छोडिन्छ र त्यसले पृथ्वीमा सञ्चार प्रणाली सञ्चालन गर्छ । ठीक त्यसरी नै यी तीन देवहरु जहाँ रहे पनि यिनका शरीरबाट निस्कने सूक्ष्म गुणको तरङ्गले तीनवटै लोकका हरेक प्राणीमा आ-आफ्नो प्रभाव स्वतः पार्दछ ।

उपरोक्त विवरण त एक ब्रह्माण्डमा ब्रह्म (काल) को रचनाको हो । क्षर पुरुष वा कालको यस्ता एक्काईसवटा ब्रह्माण्ड छन् ।


तर क्षर पुरुष (काल) आफू व्यक्त अर्थात् वास्तविक शारीरिक रूपमा सबैका सामु आउँदैनन् । उनलाई प्राप्त गर्नका लागि तीन देवताहरु (ब्रह्मा, विष्णु र शिव) ले वेदमा वर्णित विधि अनुसार सक्दो साधना गर्दा पनि ब्रह्म (काल) को दर्शन पाएनन् । पछि ऋषिहरूले वेदहरूको अध्ययन गरे । तिनीहरूमा 'अग्नेः तनूर् असि' (पवित्र यजुर्वेद अध्याय १ मन्त्र १५) अर्थात् परमेश्वर सशरीर हुनु हुन्छ तथा 'अग्नेः तनूर् असि विष्णवे त्वा सोमस्य तनूर असि' (पवित्र यजुर्वेद अध्याय ५ मन्त्र १) लेखिएको छ । यी मन्त्रहरूमा वेदले सर्वव्यापक, सर्वपालनकर्ता सत्यपुरुष सशरीर हुनु हुन्छ भन्ने प्रमाण दोहऱ्याएर दिएका छन् । पवित्र यजुर्वेद अध्याय ४० मन्त्र ८ मा सबै प्राणीहरूले चाहेका परमेश्वर कविर अर्थात् कबीर (कविर् मनिषी) हुनु हुन्छ । वहाँको शरीर नाडी-रहित (अस्नाविरम्) र वीर्य (शुक्रम्) बाट निर्मित पाँच तत्त्वले बनेको भौतिक काया-रहित (अकायम्) छ । वहाँ सबैका मालिक हुनु हुन्छ र सर्वोपरि (सबैभन्दा माथिको) सत्यलोकमा विराजमान हुनु हुन्छ । परमेश्वरको स्वयं प्रकाशित तेजपुञ्ज (स्वर्ज्योति) को शरीर छ, जुन शब्द रूप अर्थात् अविनाशी छ । सम्पूर्ण ब्रह्माण्डहरूको रचनाकर्ता (व्यदधाता), स्वयं प्रकट हुनु भएको (स्वयम्भूः) र (यथा तथ्य अर्थात्) वास्तवमा अविनाशी (शाश्वत) कविर्देव (कबीर परमेश्वर) वहाँ नै हुनु हुन्छ । (यसको प्रमाण गीता अध्याय १५ श्लोक १७ मा पनि

छ ।) यसको भावार्थः पूर्ण ब्रह्मको शारीरिक नाम कवीर (कविरदेव) हो । वहाँ (परमेश्वर) को शरीर प्रकाश (नूर) तत्त्वबाट निर्मित छ । परमात्माको शरीर अति सूक्ष्म हुनाले दिव्यदृष्टि खुलि सकेको साधकले मात्र देख्न सक्छ । यसरी नै जीवको पनि सूक्ष्म शरीर हुन्छ, जसलाई आमा र बुबाको संयोगले वीर्य (शुक्रम) बाट बनेको पञ्च तत्त्वको खोल वा पाँच तत्त्वको कायाले ढाकेको हुन्छ । शरीर त्यागेपछि पनि जीवको सूक्ष्म शरीर भने रहि रहन्छ । दिव्यदृष्टि खुलि सकेको साधकले नै त्यो सूक्ष्म शरीरलाई देख्न सक्छ । परमात्मा तथा जीवको स्थितिलाई यसरी नै बुझ्नु पर्छ । वेदमा ओउम् नामको स्मरण गर्ने कुराको प्रमाण छ तर यसबाट ब्रह्मको साधना मात्र हुन्छ । यसै उद्देश्यले ओउम् नामको जपलाई पूर्ण ब्रह्मको मानेर ऋषिहरूले पनि हठयोग गरी (समाधी लगाई) प्रभु प्राप्तिको प्रयास गरे, तर प्रभुको दर्शन भएन, सिद्धि प्राप्त भयो । तिनै सिद्धिरूपी खेलौनाहरु खेलेर ऋषिहरु पनि जन्म मृत्युको चक्रमै घुमि रहे अनि आफ्नो अनुभवका आधारमा शास्त्रमा परमात्मालाई निराकार भनेर लेखि दिए । ब्रह्म (काल) ले आफ्नो वास्तविक स्वरूपमा कसैलाई दर्शन नदिनेर आफूलाई अव्यक्त भनेर चिन्ने छन् भनी बाचा गरेका छन् । (अव्यक्तको अर्थ आकारमा भएता पनि व्यक्तिगत तवरले स्थूल रूपमा दर्शन नदिने भनेको हो । उदाहरणका लागि आकाशमा बादल लागेपछि दिउँसो पनि सूर्य अदृश्य हुन्छ, सूर्य देखिदैन । वास्तवमा त्यो बादलपारि जस्ताको त्यस्तै रूपमा छ । यस अवस्थालाई नै अव्यक्त भनिन्छ ।) प्रमाण निम्ति गीताको अध्याय ७ श्लोक २४-२५ तथा अध्याय ११ श्लोक ४८ र ३२ हेर्नु होस् ।


पवित्र गीता जी भन्ने ब्रह्म (काल) श्री कृष्ण जीको शरीरमा प्रेतवत् रूपमा प्रवेश गरी भनि रहेका छन्,- अर्जुन । म वूलो भएको काल हूँ र सबैलाई खान आएको हूँ । (गीता अध्याय ११ श्लोक नं ३२) यो मेरो वास्तविक रूप हो, यो तिमीबाहेक पहिले न कसैले देख्न सक्यो न त पछि कसैले देख्न सक्ने छ अर्थात् वेदहरूमा वर्णन गरिएका यज्ञ-जप-तप तथा ओउम् नाम आदि विधिले मेरो वास्तविक स्वरूपको दर्शन हुन सक्दैन । (गीता अध्याय ११ श्लोक नं. ४८) म कृष्ण होइन, यी मूर्ख मानिसहरूले म अव्यक्तलाई कृष्ण रूपमा व्यक्त (मनुष्य रूपको) मानि रहेका छन् किनकि यिनीहरूलाई म वास्तविक काल रूपमा सबैका सामु नआई आफ्नो योगमायाद्वारा लुकि रहन्छु भन्ने मेरो निकृष्ट नियम थाहा छैन । (गीता अध्याय ७ श्लोक २४-२५) विचार गर्नु होस्: आफ्नो लुकेर रहने विधानलाई यिनले किन आफैं घटिया (अनुत्तम) भनि रहेका छन् ?

बुबाले आफ्ना सन्तानलाई दर्शन दिँदैनन् भने त्यसमा केही त्रुटि छ, जसकारणले गर्दा उनी लुकेका छन् र सुविधा पनि दिइ रहेका छन् । काल (ब्रह्म) ले श्राप पाएकाले दैनिक एक लाख मानव शरीरधारी प्राणीहरु खानु पर्छ र दैनिक २५ प्रतिशत थप उत्पन्न गरेकालाई व्यवस्थित गर्ने र कर्मभोग अनुसारको दण्ड दिन चौरासी लाख योनीहरूको रचना गरेका छन् । सबैका सामु बसेर कसैको श्रीमती, कसैको छोरा वा आमा-बुबालाई खाएमा सबैले ब्रह्मलाई घृणा गर्ने छन् तथा कुनै बेला पूर्ण परमात्मा

ब्रह्म लोकको लघु चित्र



ज्योति निरञ्जन (काल) ब्रह्मको लोक (२१ ब्रह्माण्ड) को लघु चित्र



कविरग्नि (कवीर परमेश्वर) स्वयं आउनु भयो भने या आफ्नो कोही सन्देशवाहक (दूत) पठाउनु भयो भने सबै प्राणी मिलेर सत्यभक्ति गरी कालको जालबाट निस्कने छन् भनेर उनले सबैलाई धोका दिएर राख्छन् । पवित्र गीता अध्याय ७ श्लोक १८, २४ र २५ मा ब्रह्मको साधनाले हुने मुक्ति (गति) लाई आफैले अति निकृष्ट (अनुत्तमाम) भनेका छन् तथा आफ्नो विधान (नियम) लाई पनि अश्रेष्ट (अनुत्तम) भनेका छन् ।

प्रत्येक ब्रह्माण्डमा बनेका ब्रह्मलोकमा यिनले एउटा महास्वर्ग बनाएका छन । प्राणीहरूलाई धोका दिनका लागि प्रकृति (दुर्गा/आदिमाया) को सहयोगबाट महास्वर्गको एक ठाउँमा नक्कली सत्यलोक, नक्कली अलखलोक, नक्कली अगमलोक र नक्कली अनामीलोकको रचना गराएका छन् । कबीर साहेबको शब्द "कर नैनों दीदार महल में प्यारा है" मा काया भेद किया निरवारा, यह सब रचना पिण्ड मंझारा है । माया अविगत जाल पसारा, सो कारीगर भारा है । आदि माया किन्ही चतुराई, झुठी बाजी पिण्ड दिखाई, अविगत रचना रचि अण्ड माहि वाका प्रतिबिम्ब डारा है। भन्ने वाणी छ।

एउटै ब्रह्माण्डमा अन्य लोकहरु श्री ब्रह्मा जीको लोक, श्री विष्णु जीको लोक, श्री शिव जीको लोक को पनि रचना गरिएका छन् । त्यहाँ बसेर यी तीन प्रभुहरूले तलका तीन लोकहरु (स्वर्गलोक अथवा इन्द्र लोक, पृथ्वी लोक र पाताल लोक) मा एक-एक विभागको मालिक बनेर प्रभुत्व जमाई आफ्नो बुबा काललाई खुवाउनका लागि प्राणीहरूको उत्पत्ति, स्थिति र संहारको कार्यभार सम्हाल्छन् । यी तीनवटै प्रभुहरूको पनि जन्म र मृत्यु हुन्छ र कालले यिनीहरूलाई पनि खान्छन् । यही ब्रह्माण्डमा एउटा मानसरोवर, धर्मराय (न्यायधीश) को लोक पनि छ अनि प्रत्येक देशको राजदूतावास भएझैं त्यहाँ एउटा गुप्त स्थानमा अर्कै रूप धारण गरी पूर्ण परमात्मा विराजमान हुनु हुन्छ । {(ब्रह्माण्डको बनोट अण्डाकार भएकाले अण्ड पनि भनिन्छ । शरीर (पिण्ड) मा एउटा ब्रह्माण्डको रचनालाई टी.भी. मा जस्तै कमलहरूमा देखिने भएकाले यसलाई पिण्ड पनि भनिन्छ ।)} त्यहाँ कोही जान सक्दैन । त्यहाँ सत्यलोकको भक्ति अधुरा भएका आत्माहरु बस्छन् । भक्ति युगको समय आएपछि परमेश्वर कबीर जीले आफ्नो प्रतिनिधिलाई पूर्ण सन्तका रूपमा पठाउनु हुन्छ । त्यसबेला यी पुण्यात्माहरूले पृथ्वीमा मानव शरीर प्राप्त गरी छिटै सतभक्तिमा लागेर सतगुरुबाट दीक्षा पाएर पूर्ण मोक्ष प्राप्त गर्छन् । त्यस ठाउँमा बस्ने हंस आत्माहरूको निजी भक्ति कमाइ खर्च हुँदैन । परमात्माको भण्डारबाट सबै सुविधाहरु उपलब्ध हुन्छन् । ब्रह्म (काल) का उपासकहरूको भक्ति कमाइ स्वर्ग महास्वर्गमा सकिन्छ किनकि यस काल लोक (ब्रह्मलोक) तथा परब्रह्मको लोकमा प्राणीहरूले आफूले गरेका कर्मको फल नै प्राप्त गर्छन् ।

क्षर पुरुष (ब्रह्म) ले आफ्ना २० ब्रह्माण्डहरुलाई चार महाब्रह्माण्डहरूमा विभाजित गरेका छन् । एक महाब्रह्माण्डमा ५ ब्रह्माण्डको समूह बनाएका छन् र चारैतिरबाट अण्डाकारको गोलो घेरा (परिधि) मा स्थित गराएका छन् र चारै महाब्रह्माण्डहरुलाई पुनः अण्डाकार गोलो घेरो (परिधि) मा स्थित गराएका छन् ।

एक्काइसौ ब्रह्माण्डको रचना एक महाब्रह्माण्ड जत्ति स्थान लिएर बनाएका छन् । एक्काइसौ ब्रह्माण्डमा प्रवेश गर्ना साथ तीनवटा बाटो बनाएका छन् । एक्काइसौं ब्रह्माण्डमा पनि बायाँतर्फ आदिमाया (दुर्गा) द्वारा प्राणीहरूलाई झुक्याउनका लागि नक्कली सत्यलोक, नक्कली अलखलोक, नक्कली अगमलोक र नक्कली अनामीलोकको रचना गराएका छन् तथा दायाँतर्फ बान्हजना सर्वश्रेष्ठ ब्रह्म साधक (भक्त) हरूलाई राखेका छन् ।

अनि प्रत्येक युगमा उनीहरूलाई आफ्नो सन्देश वाहक (सन्त सतगुरू) बनाएर पृथ्वीमा पठाउँछन् । तिनीहरूले शास्त्रविधि रहित साधना र ज्ञान सिकाएर आफै पनि भक्तिहीन हुन्छन् र अनुयायीहरूलाई पनि कालको जालमा फँसाई नर्कमा जान्छन् । त्यस बाटोको अगाडि काल (ब्रह्म) को निजी लोकमा जाने एउटा ताला (कुलुफ) लगाई राखिएको छ । ब्रह्म (काल) आफ्नो वास्तविक मानव सदृश काल रूपमा रहने यो ठाउँमा आफै तातो भइ रहने तावाको आकारको (रोटी पकाउने फलामको गोलो भाँडो जस्तो) एउटा ढुङ्गाको टुक्रा छ । जसमा एक लाख मानवधारी प्राणीहरूको सूक्ष्म शरीर भुटेर फोहर निकाली कालले खान्छन् । त्यसबेला प्राणीलाई असाध्य पीडा अनुभव हुन्छ र हाहाकार मच्चिन्छ । केही बेरपछि तिनीहरु बेहोस हुन्छन् । जीव मर्दैन । अनि धर्मराजको लोकमा गएर कर्मको आधारमा अर्को जन्म पाउँछन् । यसरी जन्म-मृत्युको चक्र चलि रहन्छ । माथि उल्लेखित सामुन्नेमा लागेको ताला ब्रह्म (काल) ले आफ्नो आहार हुने प्राणीहरूका लागि केही क्षणका लागि खोल्छन् । पूर्ण परमात्माको सत्यनाम तथा सारनामबाट यो ताला आफै खुल्छ । यसरी कालको जालको बारेमा पूर्ण परमात्मा कविर्देव (कबीर साहेब) आफैले आफ्नो निजी भक्त धर्मदास जीलाई बताउनु भयो ।

परब्रह्मका सात शंख ब्रह्माण्डहरूको स्थापना

कबीर परमेश्वर (कविर्देव) ले पहिले परब्रह्म (अक्षर पुरुष) ले आफ्नो कार्यमा बेवास्ता गरेर मानसरोवरमा गएर सुते भनेर बताउनु भयो । परमेश्वर (कबीर साहेब) ले मानसरोवरमा अण्डा राख्नु भएपछि अक्षर पुरूष (परब्रह्म) ले वहाँलाई रिसाएर हेरेका दुवै अपराधका कारण यिनी पनि सात शंख ब्रह्माण्डसहित सत्यलोकबाट बाहिर निकालिए । आफ्नो साथी ब्रह्म (क्षर पुरूष) सित छुटेपछि अक्षर पुरुष (परब्रह्म) व्याकुल भई परमपिता कविर्देव (कबीर परमेश्वर) लाई बिर्सिएर ब्रह्मको स्मरण गर्दै क्षर पुरूष (ब्रह्म) ले धेरै आनन्द मनाइ रहेका होलान्, म चाहिँ पछि परें भन्ने सोचे । त्यसरी नै परब्रह्मसँग सात शंख ब्रह्माण्डहरूमा जन्म-मृत्युको कर्मदण्ड भोगि रहेका केही आत्माहरूले पनि ब्रह्मसँग २१ ब्रह्माण्डहरूमा गएका हंस आत्माहरूसित छुट्टिनु परेकोले उनीहरूको सम्झनामा व्याकुल भएर पूर्ण परमात्मा सुखदायक कविर्देवलाई बिर्सिए । परमेश्वर कविर्देवले पटक-पटक सम्झाउँदा पनि आस्था कम भएन । परब्रह्म (अक्षर

पुरुष) ले मैले पनि छुट्टै ठाउँ पाएँ भने राम्रो हुन्छ भन्ने सोचेर राज्य प्राप्तिको इच्छाले सारनामको जाप प्रारम्भ गरे । परब्रह्मका सात शंख ब्रह्माण्डमा फसेका अन्य आत्माहरूले पनि ब्रह्मसित गएका आत्माहरूले त्यहाँ मोजमस्ती गरि रहेका होलान् र हामी चाहिँ पछि पऱ्याँ भन्ने सोचे । परब्रह्मको मनमा पनि क्षर पुरुष छुट्टिएर सुखी भएका होलान् भन्ने धारणा बनाएर अन्तर आत्मादेखि नै छुट्टै ठाउँ पाउनका लागि दृढ निश्चय गरे । परब्रह्मले हठयोग नगरेर छुट्टै राज्य प्राप्तिका लागि विशेष तीव्रताका साथ सहज ध्यान योग गर्दै रहे र खानपिन पनि त्यागी पागल झैं घुम्न लागे । उनको वैराग्यबाट आशक्त भएर अरू केही आत्माहरूले उनलाई चाहन थाले । पूर्ण प्रभुले सोध्दा परब्रह्मले केही हंस आत्माहरु सहित छुट्टैठाउँ पाऊँ भनी याचना गरे । कविर्देवले तिमीसँग स्वेच्छाले जान चाहने आत्माहरूलाई पठाइ दिन्छु भन्दै परब्रह्मका साथ जान चाहने हंस आत्माहरूलाई सहमति व्यक्त गर्न भन्नु भयो । लामो समयपछि एउटा हंसले सहमति जनायो र देखासिकी गर्दै अन्य आत्माहरूले पनि सहमति व्यक्त गरे । सबैभन्दा पहिले सहमति जनाउने हंस आत्मालाई स्त्री रूप दिएर उनको नाम ईश्वरी माया (प्रकृति सुरति) राखी अन्य आत्माहरूलाई ईश्वरी मायामा प्रवेश गराई अचिन्तसँग साथ लाएर अक्षर पुरुषकहाँ पठाइ दिनु भयो (पतिव्रता पदबाट झरेकोले सजाय पाए) । कैयौं युगसम्म दुवै सात शंख ब्रह्माण्डमा रहे पनि परब्रह्मले दुर्व्यवहार गरेनन् । ईश्वरी मायालाई उनले स्वेच्छाले अङ्गीकार गरेर शब्द शक्तिबाट नङले स्त्री इन्द्रिय (योनी) बनाई ईश्वरी देवीको सहमतिले सन्तान उत्पन्न गरे । परब्रह्मको लोक (सात शंख ब्रह्माण्डहरु) मा प्राणीहरूले तप्तशीलाको कष्ट भोग्नु पर्दैन । त्यहाँका पशु-पंछीहरु ब्रह्मलोकका देवताहरूभन्दा असल चरित्रका छन् । प्राणीहरूको आयु धेरै लामो भए पनि जन्म-मृत्यु र कर्मको आधारमा कर्मदण्ड भोग्नु तथा परिश्रम गरेरै पेट पाल्नु पर्छ । त्यहाँ स्वर्ग र नर्क पनि त्यसरी नै बनेका छन् । परब्रह्म (अक्षर पुरुष) लाई उनको इच्छारूपी भक्तिध्यान अर्थात् सहज समाधि विधिबाट गरेको कमाइको फलस्वरूप सात शंख ब्रह्माण्डहरु परमात्माले प्रदान गर्नु भयो र सत्यलोकभन्दा भिन्दै ठाउँमा गोलाकार परिधिभित्र राखेर सात शंख ब्रह्माण्डहरु सहित अक्षर ब्रह्म तथा ईश्वरी मायालाई निष्काशित गर्नु भयो ।

पूर्ण ब्रह्म (सत्यपुरुष) सत्यलोक आदिमा भएका असङ्ख्य ब्रह्माण्डहरु लगायत ब्रह्मका २१ ब्रह्माण्ड र परब्रह्मका सात शंख ब्रह्माण्डहरूको पनि प्रभु (मालिक) हुनु हुन्छ अर्थात् परमेश्वर कविर्देव कुलका मालिक हुनु हुन्छ ।

श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव जीका ४-४ भुजा तथा १६ कला छन्। प्रकृति देवी (दुर्गा, अष्टांगी) को आठ भुजा तथा ६४ कला छन् । ब्रह्म (क्षर पुरुष) को १००० भुजा र १००० कला छन् तथा एक्काईस ब्रह्माण्डका प्रभु हुन् । परब्रह्म (अक्षर पुरुष) को १०,००० भुजा तथा १०,००० नै कला छन् तथा ७ शंख ब्रह्माण्डका प्रभु हुन् । पूर्ण ब्रह्म (परम अक्षर ब्रह्म) असङ्ख्य भुजा तथा कला छन् र ब्रह्मको

एक्काईस तथा परब्रह्मको सात शंख ब्रह्माण्ड सहित असङ्ख्य ब्रह्माण्डका प्रभु हुनु हुन्छ । प्रत्येक प्रभु आफ्ना सम्पूर्ण भुजा समेटेर केवल दुई भुजा मात्र पनि राख्न तथा सम्पूर्ण भुजा प्रकट पनि गर्न सक्छन् । पूर्ण परमात्मा परब्रह्मको प्रत्येक ब्रह्माण्डमा पनि अलग स्थान बनाएर अन्य रूपमा गुप्त अवस्थामा रहनु हुन्छ । मानौं, एउटा घुम्ने क्यामेरा भवन बाहिर राखी भवन भित्र टी. भी. राख्दा बाहिरका सम्पूर्ण दृश्य देखिन्छ । त्यस्तै अर्को टी. भी. बाहिर र भित्र क्यामेरा स्थायी रूपमा राखे भित्र बसेका प्रबन्धकको तस्वीर देखिन्छ र सबै कर्मचारी सावधान हुन्छन् ।

यस प्रकार पूर्ण परमात्माले आफू आफ्नो सतलोकमा बसेर सबैलाई नियन्त्रण गर्नु भएको छ। प्रत्येक ब्रह्माण्डमा पनि सतगुरू कविर्देव विद्यमान हुनु हुन्छ । जस्तो सूर्य टाढा भए पनि आफ्नो प्रभाव अन्य लोकमा राखि रहन्छ ।

पवित्र अथर्ववेदमा सृष्टि रचनाको प्रमाण

अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. १

ब्रह्म जज्ञानं प्रथमं पुरस्ताद् वि सीमतः सुरूचो वेन आवः।

स बुध्न्या उपमा अस्य विष्ठाः सतश्च योनिमसतश्च वि वः।।१।।

ब्रह्म, ज, ज्ञानम्, प्रथमम्, पुरस्तात्, विसिमतः, सुरूचः, वेनः, आवः, सः, बुध्न्याः, उपमा, अस्य, विष्ठाः, सतः, च, योनिम,असतः, च, वि वः

अनुवादः- (प्रथमम्) प्राचीन वा सनातन (ब्रह्म) परमात्मा (ज) प्रकट भई (ज्ञानम्) आफ्नो सुझबुझले (पुरस्तात्) शिखर वा सत्यलोक आदिमा (सुरूचः) स्वेच्छाले खुबै उत्साहपूर्वक स्वप्रकाशित (विसिमतः) सीमारहित वा विशाल सीमा भएका विभिन्न लोकहरूलाई (वेन) जुलाहाले तानमा लुगा बुने जसरी (आवः) सुरक्षित गर्नु भयो (च) र (स) वहाँ पूर्ण ब्रह्मले नै सबै रचना गर्नु हुन्छ (अस्य) त्यसैले (बुध्न्याः) तिनै मुख्य मालिकले (योनिम्) मुख्य स्थान सत्यलोकको रचना गर्नु भएको हो (अस्य) यो (उपमा) सँग मिल्दोजुल्दो वा सदृश (सतः) अक्षर पुरूष वा परब्रह्मको केही स्थायी लोक (च) र (असतः) क्षर पुरूषको अस्थायी लोक (वि वः) स्वस्य भिन्न आवास स्थान (विष्ठः) स्थापित गर्नु भयो ।

भावार्थः- **पवित्र वेद भन्ने ब्रह्म (काल) भनि रहेका छन्– सनातन परमेश्वरले स्वयम् अनामय (अनामी) लोकबाट सत्यलोकमा प्रकट भएर आफ्नो सुझबुझले तानमा लुगा बुने झैं रचना गरेर माथिका सत्यलोक आदिलाई सीमारहित स्वप्रकाशित अजर-अमर अर्थात् अविनाशी रूपमा अवस्थित गर्नु भयो तथा तलका परब्रह्मको सात शंख ब्रह्माण्ड र ब्रह्मका एक्काइस ब्रह्माण्ड तथातिनमा रहेका सानाभन्दा साना रचना पनि वहाँ परमेश्वरले नै अस्थायी रूपमा स्थापित गर्नु भयो ।**

अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. २

इयं पित्र्या राष्ट्र्येत्वग्रे प्रथमाय जनुषे भुवनेष्ठाः।

तस्मा एतं सुरूचं ह्वारमह्यं धर्मं श्रीणन्तु प्रथमाय धास्यवे।।२।।

इयम्, पित्र्या, राष्ट्रि, एतु, अग्रे, प्रथमाय, जनुषे, भुवनेष्ठाः, तस्मा, एतम्, सुरचम्, ह्वारमह्यम्, धर्मम्, श्रीणान्तु, प्रथमाय, धास्यवे

अनुवादः- (इयम्) ती (पित्र्या) जगतपिता परमेश्वरले (एतु) यो (अग्रे) सर्वोत्तम (प्रथमाय) सबैभन्दो माया परानन्दनी (राष्ट्रि) राजेश्वरी शक्ति वा पराशक्ति (अर्थात् आकर्षण शक्ति) लाई (जनुषे) उत्पन्न गरी (भुवनेष्ठाः) लोकहरु स्थापना गर्नु भयो, (तस्मा) उनै परमेश्वरले (सुरूचम्) धेरै रूचीसाथ स्वेच्छाले (एतम्) यो (प्रथमाय) प्रथम उत्पत्तिको शक्ति वा पराशक्तिद्वारा (ह्वारमह्यम्) एक अर्काको वियोगलाई रोक्ने वा आकर्षित गर्ने (श्रीणन्तु) गुरुत्वाकर्षणलाई परमात्माले सँधै रहनु भन्ने आदेश दिनु भयो तथा कहिल्यै पनि समाप्त नहुने (धर्मम्) स्वाभाव (धास्यवे) धारण गराई तानमा कपडा झैं बुनेर तिनीहरूलाई स्थिर गर्नु भयो।

भावार्थः- जगत्पिता परमेश्वरले आफ्नो शब्दशक्तिले राष्ट्री अर्थात् सबैभन्दा पहिले माया राजेश्वरी उत्पन्न गरी, त्यही पराशक्तिद्वारा एक अर्काको आकर्षण शक्तिले रोक्ने, कहिल्यै समाप्त नहुने गुणबाट उपरोक्त ब्रह्माण्डहरूलाई स्थापित गर्नु भएको छ ।

अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. ३

प्र यो जज्ञे विद्वानस्य बन्धुर्विश्वा देवाना जनिमा विवक्ति।

ब्रह्म ब्रह्मण उज्जभार मध्यान्नीचैरुच्चैः स्वधा अभि प्र तस्थौ।।३।।

प्र, यः, जज्ञे, विद्वानस्य, बन्धुः, विश्वा, देवानाम्, जनिमा, विवक्ति, ब्रह्मः, ब्रह्मणः, उज्जभार, मध्यात्, निचैः, उच्चैः, स्वधा, अभिः, प्रतस्थौ

अनुवादः- (प्र) सबैभन्दा पहिले (देवानाम्) देवताहरु र ब्रह्माण्डहरूको (जज्ञे) उत्पत्तिको ज्ञानलाई (विद्वानस्य) जिज्ञासु भक्तका (यः) यी (बन्धः) वास्तविक साथी पूर्ण परमात्माले आफ्नो निज सेवकलाई (जनिमा) आफूले गरेको रचनाबारे (विवक्ति) आफैंले सही रूपमा विस्तारपूर्वक बताउनु हुन्छ कि (ब्रह्मः) पूर्ण परमात्माले (मध्यात्) आफ्नो मध्यबाट वा शब्द शक्तिले (ब्रह्मः) ब्रह्म/क्षर पुरुष वा काललाई (उज्जभार) उत्पन्न गरेर (विश्वा) सम्पूर्ण संसार वा सबै लोकहरूलाई (उच्चैः) माथि सत्यलोक आदि र (निचैः) तल परब्रह्म तथा ब्रह्मका सम्पूर्ण ब्रह्माण्डहरु (स्वधा) आफूमा धारण गर्ने (अभि) आकर्षण शक्तिबाट (प्र तस्थौ) दुवैलाई राम्रोसँग स्थापित गर्नु भयो।

भावार्थः- पूर्ण परमात्माले रच्नु भएको सृष्टि तथा सम्पूर्ण आत्माहरूको उत्पत्तिको ज्ञान आफ्नो निजी दासलाई आफैंले सही रूपमा बताउनु हुन्छ,- पूर्ण परमात्माले नै आफ्नो मध्य वा शब्द शक्तिले ब्रह्म (क्षर पुरुष/काल) को उत्पत्ति गरी माथि सत्यलोक, अलखलोक, अगमलोक र अनामीलोक तथा तल परब्रह्मका सात शंख ब्रह्माण्ड र ब्रह्मका २१ ब्रह्माण्डहरु आफूमा धारण गर्ने आकर्षण शक्तिले स्थीर गराउनु भयो ।

पूर्ण परमात्मा कबीर परमेश्वर (कविर्देव) ले आफ्नो निजी सेवक अर्थात् मित्र धर्मदास जी, आदरणीय गरीबदास जी आदिलाई आफूले रच्नु भएको सृष्टिको ज्ञान आफैंले बताउनु भयो । उपरोक्त वेद मन्त्रले पनि यसलाई समर्थन गरेको छ ।

अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. ४

स: हि दिव: स: पृथिव्या ऋतस्था मही क्षेमं रोदसी अस्कभायत्।
महान् मही अस्कभायद् वि जातो द्यां सद्म पार्थिवं च रज:॥४॥

स:, हि, दिव:, स, पृथिव्या, ऋतस्था, मही, क्षेमम्, रोदसी, अस्कभायत्, महान्, मही, अस्कभायद्, विजात:, धाम्, सदम्, पार्थिवम्, च, रज:

अनुवाद:- (स:) उनै सर्वशक्तिमान परमात्माले (हि) नि:सन्देह (दिव:) माथिका चारैवटा दिव्यलोक अर्थात् सत्यलोक, अलखलोक, अगमलोक तथा अनामीलोक वा अकहलोक अर्थात् दिव्य गुणहरूले युक्त लोकहरूलाई (ऋतस्था) सत्य स्थीर अथवा अजर-अमर रूपले स्थीर गर्नु भयो र (स) त्यही अनुरूप (पृथिव्या) परब्रह्मका सात शंख तथा ब्रह्म/कालका एक्काइस ब्रह्माण्डहरु जस्ता तलको पृथ्वी सम्बन्धी सबैलोकहरूलाई (मही) पृथ्वी तत्त्वले (क्षेमम्) सुरक्षाका साथ (अस्कभायत्) स्थीर गरी (रोदसी) आकाश तत्त्व तथा पृथ्वी तत्त्व दुवैले माथि र तलका लोकहरूलाई (महान्) पूर्ण परमात्माले (पार्थिवम्) पृथ्वीका (वि) भिन्न-भिन्न (धाम्) लोकहरु (च) र (सदम्) आवास स्थानका लागि (मही) पृथ्वी तत्त्व लिएर (रज): प्रत्येक ब्रह्माण्डमा स-साना लोकहरु (जात:) रचना गरी (अस्कभायत्) स्थिर गर्नु भयो।

भावार्थ :-पूर्ण ब्रह्मले माथिका चारै लोक- सत्यलोक, अलखलोक, अगमलोक र अनामीलोक अजर-अमर स्थायी अर्थात् अविनाशी रूपमा रच्नु भयो तथा तलका ब्रह्म र परब्रह्मका लोकहरु र अन्य स-साना लोकहरूलाई पनि वहाँ परमेश्वरले नै अस्थायी रूपमा रचना गरेर स्थीर गर्नु भयो । आकाश सूक्ष्म तत्त्व हो र यसको गुण शब्द हुनाले पूर्ण परमात्माले माथिको लोक शब्द रूपले रचेर तेजपुञ्जको बनाउनु भयो तथा तलका परब्रह्म (अक्षर पुरुष) का सात शंख ब्रह्माण्ड र ब्रह्म वा क्षर पुरुषका एक्काइस ब्रह्माण्डहरूलाई पृथ्वीको पृथ्वी तत्त्वबाट अस्थायी रूपमा रच्नु भयो ।

अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र ५

स: बुध्न्यादाष्ट्र जनुषोऽभ्यग्रं बृहस्पतिर्देवता तस्य सम्राट्।
अहर्यच्छुक्रं ज्योतिषो जनिष्टाथ द्युमन्तो वि वसन्तु विप्रा:॥५॥

स:, बुध्न्यात्, आष्ट्र, जनुषे:, अभि, अग्रम्, बृहस्पति:, देवता, तस्य, सम्राट, अह:, यत्, शुक्रम्, ज्योतिष:, जनिष्ट, अथ, द्युमन्त:, वि, वसन्तु, विप्रा:

अनुवाद:- (स:) वहाँ (बुध्न्यात्) मूल मालिकबाट (अभि-अग्रम्) सबैभन्दा पहिलो स्थानमा (आष्ट्र) अष्टङ्गी माया वा दुर्गा अर्थात् प्रकृति देवी (जनुषे:) उत्पन्न भइन् किनकि तलका परब्रह्म र ब्रह्मका लोकहरूको पहिलो स्थान सत्यलोक हो, जसलाई तेस्रो धाम पनि भनिन्छ। (तस्य) यी दुर्गाको पनि मालिक (सम्राट) राजाधिराज नै (बृहस्पति:) सबैभन्दा ठूला पति अर्थात् जगत् गुरू (देवता) परमेश्वर हुनु हुन्छ। (यत्) वहाँसँग (अह:) सबै छुटे र (अथ) त्यसपछि (ज्योतिष:) ज्योति निरञ्जन वा कालको (शुक्रम्) वीर्य वा बीज शक्तिले (जनिष्ट) दुर्गाको पेटबाट उत्पन्न भएका (विप्रा:) भक्त आत्माहरूलाई (वि) अलग अलग रूपमा (द्युमन्त:) मनुष्य लोक तथा स्वर्ग लोकमा ज्योति निरञ्जनको आदेश अनुसार दुर्गाले (वसन्तु) निवास गर भनिन् अर्थात् उनीहरु बसोवास गर्न थाले।

भावार्थ:- पूर्ण परमात्माले माथिका चारै लोकहरूमध्ये तलबाट सबैभन्दा पहिलो वा सत्यलोकमा आष्ट्रा अर्थात् अष्टङ्गी (प्रकृति देवी/दुर्गा) को उत्पत्ति गर्नु भयो । वहाँ राजाधिराज, जगतगुरू नै पूर्ण परमेश्वर (सत्यपुरूष) हुनु हुन्छ, जोसँग सबैको बिछोड भएको छ । अनि सबै प्राणीहरु ज्योति निरञ्जन (काल) को (वीर्य) बीजले दुर्गा (आष्ट्रा) को गर्भबाट उत्पन्न भए तथा स्वर्गलोक र पृथ्वीलोकमा निवास गर्न थाले ।

अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र ६

नूनं तदस्य काव्यो हिनोति महो देवस्य पूर्व्यस्य धाम।
एष जज्ञे बहुभिः साकमित्था पूर्वे अर्धे विषिते ससन् नु॥६॥

नूनम्, तत्, अस्य, काव्यः, महः, देवस्य, पूर्व्यस्य, धाम, हिनोति, पूर्वे, विषिते, एष, जज्ञे, बहुभिः, साकम्, इत्था, अर्धे, ससन्, नु

अनुवादः- (नुनम्) निःसन्देह (तत्) वहाँ पूर्ण परमेश्वर अर्थात् तत् ब्रह्मले नै (अस्य) यो (काव्यः) पूर्ण परमेश्वरको विधिवत भक्ति गर्ने भक्तात्मालाई (महः) सर्वशक्तिमान (देवस्य) परमेश्वरको (पूर्व्यस्य) पहिलेको (धाम) लोक वा सत्यलोकमा (हिनोति) फर्काउनु हुन्छ। (पूर्वे) पहिला (विषिते) विशेष चाहेको (एष) पूर्ण ब्रह्म परमेश्वरलाई (जज्ञे) सृष्टि उत्पत्तिको ज्ञान जानेपछि (बहुभिः) धेरै आनन्द (साकम्) का साथ (अर्धे) आधा (ससन्) सुतेर (इत्था) यसरी विधिवत् (नु) सत्य आत्माले स्तुति गर्दछ ।

भावार्थ:- परमेश्वरले सत्य साधना गर्ने साधकलाई छुटेर आएको त्यही पहिलो स्थान (सत्यलोक) मा लैजानु हुन्छ । त्यहाँ वास्तविक सुखदायक प्रभुलाई प्राप्त गरेर खुसीले आत्मविभोर भई मस्तीले स्तुति गर्छ,- हे परमात्मा ! असङ्ख्य जन्महरूमा अल्मलिएकाहरूले बल्ल वास्तविक ठेगाना पायौं । यसको प्रमाण पवित्र ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र १६ मा पनि छ।

आदरणीय गरीबदास जीलाई यसरी नै पूर्ण परमात्मा कविर्देव (कबीर परमेश्वर) आफैले सत्यभक्ति दिएर सत्यलोक लानु भएको थियो । आफ्नो अमृतवाणीमा आदरणीय गरीबदास जी महाराजले आँखाले देखेको कुरा यसरी भन्छन् :-

गरीब, अजब नगर में ले गए, हम कुँ सतगुरू आन । झिलके बिम्ब अगाध्र गति, सुते चादर तान॥

अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र ७

योऽथर्वाणं पित्तरं देवबन्धुं बृहस्पतिं नमसाव च गच्छात्।
त्वं विश्वेषां जनिता यथासः कविर्देवो न दभायत् स्वधावान्॥७॥

यः-अथर्वाणम्-पित्तरम्-देवबन्धुम्-बृहस्पतिम्-नमसा-अव-च-गच्छात्-त्वम्-विश्वेषाम्-जनिता-यथा-सः-कविर्देवः-न-दभायत्-स्वधावान्

अनुवादः- (यः) जो (अथर्वाणम्) अचल अर्थात् अविनाशी (पित्तरम्) जगतका पिता (देवबन्धुम्) भक्तहरूका वास्तविक साथी वा आत्माका आधार (बृहस्पतिम्) जगतगुरू (च) तथा (नमसा) विनम्र पुजारी अर्थात् विधियुक्त साधकलाई (अव) सुरक्षाका साथ (गच्छात्) सत्यलोक जानेहरूलाई सत्यलोक लैजाने (विश्वेषाम्) सम्पूर्ण ब्रह्माण्डहरूलाई (जनिता) रचना गर्ने जगदम्बा अर्थात् ममतामयी गुणयुक्त तर (न दभायत्) कालले झैं धोका नदिने

(स्वधावान्) स्वभाव अर्थात् गुण भएका तथा (यथा) जस्ताको त्यस्तै अर्थात् उस्तै (स:) उही (त्वम्) हजुर नै (कविर्देव:/कविर्‌देव:) कविर्देव हुनु हुन्छ वा अर्को शब्दमा वहाँलाई नै कबीर परमेश्वर भनिन्छ।

भावार्थ:- यस मन्त्रमा सम्पूर्ण रचना गर्नु हुने परमेश्वरको नाम कविर्देव अर्थात् कबीर परमेश्वर हो भन्ने कुरा स्पष्ट गरिएको छ।

परमेश्वर अचल अर्थात् वास्तवमा अविनाशी जगतगुरु, आत्माका आधार तथा पूर्णमुक्त भएर सत्यलोक जानेहरूलाई सत्यलोक लैजाने, सम्पूर्ण ब्रह्माण्डहरूका रचनहार एवं काल (ब्रह्म) ले जस्तो धोका नदिई जस्ताको त्यस्तै गर्ने वहाँ स्वयं कविर्देव अर्थात् कबीर प्रभु हुनु हुन्छ (यसको प्रमाण गीता अध्याय १५ श्लोक १६ र १७ मा पनि छ)। सम्पूर्ण ब्रह्माण्डहरु र प्राणीहरूलाई आफ्नो शब्द शक्तिले उत्पन्न गर्ने हुनाले वहाँ (जनिता) आमा, (पित्तरम्) बुवा र (बन्धु) दाजुभाइ एवं (देव) परमेश्वर पनि वहाँ नै हुनु हुन्छ । त्यसैले वहाँ कविर्देव (कबीर परमेश्वर) को स्तुति 'त्वमेव माता च पिता त्वमेव, त्वमेव बन्धु च सखा त्वमेव, त्वमेव विद्या च द्रविणम् त्वमेव, त्वमेव सर्वं मम देव देव।' भनेर गर्ने गरिन्छ । पवित्र ऋग्वेद मण्डल नं. १ सुक्त नं. २४ मा यिनै परमेश्वरको महिमाको विस्तृत विवरण छ।

पवित्र ऋग्वेदमा सृष्टि रचनाको प्रमाण

ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र १ मा निम्न प्रमाण छः

सहस्रशीर्षा पुरुष: सहस्राक्ष: सहस्रपात्।
स भूमिं विश्वतों वृत्वात्यतिष्ठद्दशाङ्गुलम्।।१।।


सहस्रशीर्षा-पुरुष:-सहस्राक्ष:-सहस्रपात्-स-भूमिम्-विश्वत:-वृत्वा-अत्यतिठष्त्-दशंगुलम्।

अनुवाद:- (पुरुष:) विराटरूप काल भगवान अर्थात् क्षर पुरुष (सहस्रशीर्षा) हजार टाउका, (सहस्राक्ष:) हजार आँखा र (सहस्रपात) हजार गोडा भएका छन्। (स) त्यो काल (भूमिम्) पृथ्वी भएका २१ वटा ब्रह्माण्डहरूलाई (विश्वत:) चारैतिरबाट (दशांगुलम्) दशै औंलाले पूर्ण नियन्त्रण गरी (वृत्वा) गोलाकार घेरामा घेरेर (अत्यतिंष्ठत्) सबैभन्दा ठूलो वा काललोकको सबैभन्दा आकर्षक एक्काइसौं ब्रह्माण्डमा बस्छन् ।

भावार्थ:- यस मन्त्रमा विराट रूप (काल/ब्रह्म) को वर्णन छ । (गीता अध्याय १०-११ मा पनि यस काल/ब्रह्मको यस्तै वर्णन) अध्याय ११ श्लोक नं. ४६ मा अर्जुनले हे सहस्रबाहु प्रभु, तपाईं आफ्नो चतुर्भुज रूपमा दर्शन दिनु होस् भनेका छन् । हजारौं हात, खुट्टा, आँखा, कान आदि भएका विराटरूप काल प्रभु आफ्नो अधीनमा संम्पूर्ण प्राणीहरूलाई पूर्णरूपमा नियन्त्रण गरी २१ ब्रह्माण्डहरूलाई गोलाकार परिधिमा राखेर आफू त्यसमन्दा माथि (अलग) एक्काईसौं ब्रह्माण्डमा बसेका छन् ।

ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र २ मा पनि निम्न उल्लेख छ :

पुरुष एवेदं सर्व यदभूतं यच्च भाव्यम्।
उतामृतत्त्वस्येशानो यदन्नेनातिरोहति।।२।।



माथि जरा तलतिर हाँगा भएको उल्टो झुण्डिएको संसार रुपी वृक्षको चित्र

पुरूष-एव-इद्रम्-सर्वम्-यत्-भूतम्-यत्-च-भाव्यम्

उत-अमृतत्वस्य-इशानः-यत्-अन्नेन-अतिरोहति।

अनुवादः- (एव) यस प्रकार केही सही रूपमा (पुरूष) भगवान हुन् ती अक्षर पुरूष अर्थात् परब्रह्म हुन् (च) र (इदम्) यो (यत्) जो (भूतम्) उत्पन्न भएको छ र (यत्) जो (भाव्यम्) भविष्यमा हुने छ (सर्वम्) सबै (यत्) प्रयत्न वा मिहिनेतले (अन्नेन) अन्नबाट (अतिरोहति) विकसित हुन्छ । यी अक्षर पुरूष (उत्) सन्देहयुक्त (अमृतत्वस्य) मोक्षका (इशानः) स्वामी हुन् अर्थात् अक्षर पुरूष भगवान हुन् भन्ने केही सत्य भए पनि पूर्ण मोक्षदायक भने होइनन् ।

भावार्थः- यस मन्त्रमा परब्रह्म (अक्षर पुरूष) को विवरण छ । उनमा भगवानका जस्ता केही लक्षण भए पनि उनको भक्तिले पूर्ण मोक्ष नपाइने हुनाले उनलाई सन्देहयुक्त मुक्तिदाता भनिन्छ । कालले जसरी जीवलाई तप्तशीलामा भुटेर नखाने हुनाले उनलाई प्रभुका केही गुणयुक्त भनिएको हो । परब्रह्मको लोकमा पनि प्राणीहरूले कर्माधारमा फल पाउँछन्, अन्नबाटै सम्पूर्ण प्राणीहरूको शरीर विकसित हुन्छ र जन्म-मृत्युको समय कालको भन्दा धेरै भए पनि उत्पत्ति, प्रलय र चौरासी लाख योनीहरूको यातना रहि रहन्छ ।

ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र ३ मा यसरी उल्लेख गरिएको छ :

एतावानस्य महिमातो ज्यायाँश्च पुरूषः।

पादोऽस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि।।३।।

एतावान्-अस्य-महिमा-अतः-ज्यायान्-च-पुरुषः-पादः-अस्य-विश्वा-भूतानि-त्रि-पाद्-अस्य-अमृतम्-दिवि ।

अनुवादः- (अस्य) यी अक्षर पुरूष वा परब्रह्मको त (एतावान्) यति नै (महिमा) प्रभुता छ। (च) तथा (पुरूष) परम अक्षर ब्रह्म वा पूर्ण ब्रह्म परमेश्वर त (अतः) यसभन्दा पनि (ज्यायान्) ठूला हुनु हुन्छ । (विश्वा) समस्त (भूतानि) क्षर पुरुष, अक्षर पुरूष तथा यिनका लोकहरु लगायत सत्यलोक र तिनमा भएका सबै प्राणीहरु (अस्य) यी पूर्ण परमात्मा परम अक्षर पुरूषका (पादः) एउटा गोडा वा एक अंश मात्र हुन्। (अस्य) यी परमेश्वरका (त्रि) तीनवटा (दिवि) दिव्यलोक अर्थात् सत्यलोक, अलखलोक र अगमलोक चाहिँ (अमृतम्) अविनाशी (पाद्) अर्को गोडा हो । अर्थात् सबै ब्रह्माण्डहरूमा उत्पन्न भएका सबै कुरा सत्यपुरूष पूर्ण परमात्माका अंश या अङ्ग हुन् ।

भावार्थः- माथि मन्त्र २ मा चर्चा गरिएको अक्षर पुरूष (परब्रह्म) को महिमा यति नै हो र पूर्ण पुरूष कविर्देव सर्व शक्तिमान हुनु हुन्छ, सम्पूर्ण ब्रह्माण्ड वहाँको अंशमा मात्र अडिएको छ । चौथो अनामी (अनामय) लोक अन्य रचनाभन्दा पहिलेको हुनाले यस मन्त्रमा तीन लोकहरूको वर्णन गरिएको छ । यिनै तीन प्रभुहरु (क्षर र अक्षर पुरुष तथा यी भन्दा अर्कै परम अक्षर पुरूष) को विवरण श्रीमद्भगवत गीता अध्याय १५ श्लोक संख्या १६-१७ मा छ । यसैको प्रमाण आदरणीय गरीबदास साहेब जीले यसरी दिएका छन् :

गरीब, जाके अर्ध रूम पर सकल पसारा, ऐसा पूर्ण ब्रह्म हमारा।।
गरीब, अनन्त कोटि ब्रह्माण्डका एक रति नही भार।
सतगुरू पुरूष कबीर है, कुल के सृजन हार।।

यसकै प्रमाण स्वरूप आदरणीय दादु साहेब जीले भनेका छन्:-

जिन मोकुं निज नाम दिया, सोई सतगुरू हमार।
दादू दूसरा कोए नही, कबीर सृजन हार।।

यसैको प्रमाण आदरणीय नानक साहेब जीले यसरी दिएका छन् :-

यक अर्ज गुफतम पेश तो दर कून करतार ।
हक्का कवीर करीम तू, बेएब परवरदिगार ।।

(श्री गुरु ग्रन्थ साहेब, पृष्ठ नं. ७२१, महला १, राग तिलंग)

(कून करतारको अर्थ सम्पूर्णको सर्जक अर्थात् शब्द शक्तिले रचना गर्ने शब्द स्वरूपी प्रभु हो । हक्का कबीरको अर्थ सत् कबीर हो । करीमको अर्थ दयालु र परवरदिगारको अर्थ परमात्मा हो ।)

ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र ४ मानिम्न उल्लेखित छ :

त्रिपादूर्ध्व उदैत्पुरूषःपादोऽस्येहाभवत्पुनः ।
ततो विष्व ङ्व्यक्रामत्साशनानशने अभि ।।४।।

त्रि-पाद-ऊर्ध्वः-उदैत्-पुरुषः-पादः-अस्य-इह-अभवत्-पूनः-ततः-विश्वङ्-व्यक्रामत्-सः-अशनानशने-अभि।

अनुवादः- (पुरूषः) परम अक्षर ब्रह्म वा अविनाशी परमात्मा (ऊर्ध्वः) माथिका (त्रि) सत्यलोक, अलखलोक र अगमलोक रहेका तीन लोक स्वरूपको (पादः) एउटा गोडामा वा माथिल्लो भागमा (उदैत्) प्रकट हुनु हुन्छ अर्थात् विराजमान हुनु हुन्छ (अस्य) वहाँ परमेश्वर पूर्ण ब्रह्मको (पादः) अर्को गोडा वा भाग जगत रूपमा (पुनर्) फेरि (इह) यहाँ (अभवत्) प्रकट हुन्छ (ततः) त्यसैले (सः) वहाँ अविनाशी पूर्ण परमात्मा (अशनानशने) खाने काल वा क्षर पुरूष र नखाने परब्रह्म वा अक्षर पुरूष (अभि) माथि पनि (विश्वङ्) सर्वत्र (व्यक्रामत्) व्याप्त हुनु हुन्छ अर्थात् वहाँको प्रभुता सम्पूर्ण ब्रह्माण्ड र सम्पूर्ण प्रभुहरूमा निहित छ। वहाँ कुलको मालिक हुनु हुन्छ र वहाँले आफ्नो शक्ति सबैमा फैलाउनु भएको छ ।

भावार्थ :-सम्पूर्ण सृष्टिकर्ता प्रभु आफ्नो रचनाको माथिल्लो भागमा तीनवटै स्थानहरू (सत्यलोक, अलखलोक र अगमलोक) मा तीन रूपमा स्वयं प्रकट हुनु हुन्छ अर्थात् स्वयं नै विराजमान हुनु हुन्छ । अनामी वा अकह (अनामय) लोकमा कुनै रचना नभएको र यो लोक अन्य रचनाभन्दा पहिलेको हुनाले यहाँ अनामी लोकको वर्णन गरिएको छैन । अझकै भनिएको छ भने परमात्माको सत्यलोकबाट छुट्टिएर तलका ब्रह्म र परब्रह्मका लोक उत्पन्न हुन्छन् । पूर्ण परमात्मा त खाने ब्रह्म वा काल (ब्रह्म/कालले ठूलो श्राप लागेकाले एकलाख मानव शरीरधारी प्राणीहरू खान्छन्) र नखाने परब्रह्म वा अक्षर पुरूष (परब्रह्मले प्राणीहरू खाँदैनन् तर जन्म-मृत्यु र कर्मदण्ड भने त्यस्तै रहि रहन्छ) भन्दा माथि सर्वत्र व्याप्त हुनु हुन्छ। अर्थात् पूर्ण परमात्माको प्रभुता सबैमाथि छ, कबीर परमेश्वर नै कुलका मालिक हुनु हुन्छ । वहाँले आफ्नो शक्ति

सबैमा फैलाएर प्रभावित पार्नु भएको छ । सूर्यले आफ्नो प्रकाश फैलाएर सबैलाई प्रभावित पारे झैं पूर्ण परमात्माले सम्पूर्ण ब्रह्माण्डहरूलाई नियन्त्रण गर्नका लागि आफ्नो शक्तिरूपी रेन्ज (क्षमता) छोड्नु भएको छ। मोबाइल फोनको टावर एकदेशीय हुँदाहुँदै पनि आफ्नो शक्ति अर्थात् मोबाइल फोनको रेन्ज (क्षमता) चारैतिर फैलाए झैं आफ्नो निराकार शक्तिलाई सर्वव्यापक गरी एक ठाउँमा बसेर पूर्ण परमात्माले सम्पूर्ण ब्रह्माण्डहरूलाई नियन्त्रण गर्नु हुन्छ ।

यसको प्रमाण आदरणीय गरीबदास जी महाराजले यसरी दिएका छन् :

(अमृतवाणी राग कल्याण)

तीन चरण चिन्तामणी साहेब, शेष बदन पर छाए ।
माता, पिता, कुल न बन्धु, ना किन्हें जननी जाये ॥

ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र ५ मा निम्न उल्लेखित छ

तस्माद्विराऽजायत विराजो अधि पुरूषः ।
स जातो अत्यरिच्यत पश्चाद्भूमिमथो पुरः ॥

तस्मात्-विराट्-अजायत-विराजः-अधि-पुरूषः-स-जातः-अत्यरिच्यत-पश्चात्-भूमिम्-अथः-पुरः

अनुवादः- (तस्मात्) त्यसपछि परमेश्वर सत्यपुरूषको शब्द शक्तिले (विराट्) विराट वा ब्रह्म/क्षर पुरूष तथा काल पनि भनिन्छ (अजायत) उत्पन्न भएका हुन्। (पश्चात्) अनि (विराजः) विराट पुरूष वा काल भगवानभन्दा (अधि) ठूला (पुरूषः) परमेश्वरले (भूमिम्) पृथ्वी भएको लोक र काल ब्रह्म तथा परब्रह्मको लोकहरूलाई (अत्यरिच्यत) राम्रोसँग रच्नु भयो (अथः) फेरि (पुरः) अन्य स-साना लोकहरु पनि (स) पूर्ण परमेश्वरले नै (जातः) उत्पन्न गर्नु भयो अर्थात् स्थापित गर्नु भयो ।

भावार्थः- उपरोक्त मन्त्र ४ मा वर्णित तीनवटै लोकहरु (अगम, अलख र सत्यलोक) को रचनापछि पूर्ण परमात्माले ज्योति निरंजन (ब्रहम) लाई उत्पत्ति अर्थात् सर्वशक्तिमान परामात्मा पूर्ण ब्रह्म कविर्देव (कबीर प्रभु) ले नै विराट अर्थात् ब्रह्म (काल) को उत्पत्ति गर्नु भयो । यही, परम अक्षर पुरूष वा अविनाशी प्रभुबाटै ब्रह्म उत्पन्न भए भन्ने प्रमाण गीता अध्याय ३ श्लोक १५ मा पनि छ । अथर्ववेद काण्ड ४ अनुवाक १ सूक्त ३ मा पनि पूर्ण ब्रह्मले ब्रह्मको उत्पत्ति गर्नु भयो भनी प्रमाण दिइएको छ । पूर्ण ब्रह्मले नै (भूमिम्) भूमि आदि साना-ठूला लोकहरु रचना गर्नु भयो । पूर्ण ब्रह्म यी विराट भगवान वा ब्रह्मभन्दा पनि ठूला अर्थात् यिनका पनि मालिक हुनु हुन्छ ।

ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र १५ मा निम्न उल्लेखित छ

सप्तास्यासन्परिधयस्त्रिः सप्त समिधः कृताः ।
देव यद्यज्ञं तन्वाना अबध्नन्पुरुषं पशुम् ॥१५॥

सप्त-अस्य-आसन्-परिधयः-त्रिसप्त-समिधः-कृताः-देवा-यत्-यज्ञम्-तन्वानाः-अबध्नन्-पुरुषम्-पशुम् ।

अनुवादः- (सप्त) परब्रह्मका सात शंख ब्रह्माण्ड र (त्रिसप्त) काल ब्रह्मका एक्काईस ब्रह्माण्डहरु (समिधः) त कर्मदण्ड दुःखरूपी आगोले (कृताः) दुःखी बनाउने

रिधय:) गोलाकार घेरारूपी सीमाभित्र (आसन्) छन् । (पुरूषम्) पूर्ण परमात्माको ज्ञम्) विधिवत् धार्मिक कर्म अर्थात् पूजा (यत्) गर्ने (पशुम्) कालको कर्मबन्धनको लमा बलीको पशुझैं बाँधिएका (देवा) भक्तात्माहरूलाई (तन्वाना:) कालले रचेको वा लाएको पापको कर्मबन्धनरूपी जालबाट पूर्ण परमात्माले (अबध्नन्) बन्धनरहित गराउनु छ वा वहाँ नै बन्दी छुटाउने बन्दी छोड हुनु हुन्छ ।

भावार्थ:- सात शंख ब्रह्माण्ड परब्रह्मको तथा एक्काईस ब्रह्माण्ड ब्रह्मको हो समा गोलाकार सीमामा बन्द पाप कर्मको आगोमा जलि रहेका प्राणीहरुलाई वास्तविक जा विधि सिकाएर सही उपासना गराउनु हुन्छ । जसकारणले बलि दिइने पशु जस्तो न्म मृत्युको कालको खानाका लागि तप्त शिलाको कष्टबाट पीडित भक्त त्माहरूलाई कालले फैलाएको कर्म बन्धनको जाल तोडेर बन्धन रहित गर्नु हुन्छ र्थात् बन्धनबाट छुटाउने बन्दी छोड हुनु हुन्छ । यसको प्रमाण पवित्र यजुर्वेद अध्याय मन्त्र ३२ मा यसरी दिइएको छः कविरंघारिरसि (कविर्) कबीर परमेश्वर (अंघ) पको (अरि) शत्रु (असि) हुनु हुन्छ वा पाप विनाशक हुनु हुन्छ । वहाँ बम्भारिरसि म्भारि) बन्धनको शत्रु वा बन्दी छोड कबीर परमेश्वर (असि) हुनु हुन्छ ।

ऋग्वेद मण्डल १० सूक्त ९० मन्त्र १६ मा निम्न उल्लेखित छ

यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन्।

ते ह नाकं महिमानः सचन्त यत्र पूर्वे साध्याः सन्ति देवाः॥१६॥

यज्ञेन-यज्ञम्-अ-यजन्त-देवाः-तानि-धर्माणि-प्रथमानि-आसन्-ते-ह-नाकम्-महिमानः-चन्त-यत्र-पूर्वे-साध्याः-सन्ति-देवाः ।

अनुवादः- (अयज्ञम्) अपुरो गलत धार्मिक पूजाको सट्टामा (यज्ञेन) धार्मिक कर्मको धारमा सत्यभक्ति र (यजन्त) पूजा गर्ने (देवाः) निर्विकार देवस्वरूप भक्त आत्माहरु (नि) नै (धर्माणि) धार्मिक शक्ति सम्पन्न (प्रथमानि) मुख्य तथा उत्तम आसन्) हुन् । (ते ह) उनीहरु नै वास्तवमा (महिमानः) महान भक्तिको शक्तिले युक्त एर (साध्याः) सफल भक्त बनेर(सचन्त) भक्ति निमित्त कारण वा सत्यभक्तिको माइबाट (नाकम्) पूर्ण सुखदायक परमेश्वरलाई प्राप्त गर्छन् र उनीहरु (पूर्वे) ष्टिभन्दा पहिले (देवाः) पाप रहित देवस्वरूप भक्त आत्माहरु (सन्ति) बस्ने गरेको (यत्र) उँमा जान्छन् ।

भावार्थ:- जो निर्विकार (मासु, जाँड-रक्सी र सूर्ति सेवन त्यागि दिएका तथा न्य नराम्रा कामबाट रहित भएका) देवस्वरूप भक्तात्माहरूले शास्त्रविधि रहित पूजालाई यागेर शास्त्रानुकुल साधना गरेपछि सत्यभक्तिको कमाइले धनी भएर कालको ऋणबाट क्त भई सम्पूर्ण सुखदायक परमात्मालाई प्राप्त गर्दछन् वा सृष्टिमा सबैभन्दा पहिले चिएका देव स्वरूप वा पापरहित हंस आत्माहरु बस्ने सत्यलोकमा जान्छन् ।

केही आत्माहरु कालको जालमा फसेर यहाँ आए र केही परब्रह्मका साथ सात ख ब्रह्माण्डमा गए पनि असङ्ख्य आत्माहरुको विश्वास पूर्ण परमात्मामा अटल केकोले उनीहरु पतिव्रता पदबाट झरेनन् र उनीहरु त्यही रहे । यहाँ पवित्र वेदले पनि यही कुरालाई सत्य प्रमाणित गरेको छ । गीता अध्याय ८ को श्लोक संख्या ८ देखि

१० मा पनि यसैको प्रमाण दिइएको छ कि शास्त्र विधि अनुसारपूर्ण परमात्मा सत्यसाधना गर्ने साधकले भक्तिको कमाइको बलले पूर्ण परमात्मालाई प्राप्त गर्दछ यसले के सिद्ध गर्दछ भने प्रभुहरु तीनवटा छन् : ब्रह्म, परब्रह्म र पूर्णब्रह्म यिनीहरूलाई (१) ब्रह्म/ईश/क्षर पुरूष,(२) परब्रह्म/अक्षर पुरूष/अक्षर ब्रह्म/ईश्वर र पूर्ण ब्रह्म/परम अक्षर ब्रह्म/परमेश्वर/ सत्यपुरूष/आदि पर्यायवाची शब्दहरुबाट जानिन्छ ।

ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र १७ देखि २० मा स्पष्ट प्रमाणित गरिएको पूर्ण परमात्मा कविर्देव (कबीर परमेश्वर) शिशुरूप धारण गरेर प्रकट भई आफ्नो नि ज्ञान अर्थात् तत्त्वज्ञान (कविर्गीर्भिः) कबीर वाणीको माध्यमले आफ्ना अनुयायीहरू बोलेर वर्णन गर्नु हुन्छ । ब्रह्म (क्षर पुरूष)र परब्रह्म (अक्षर पुरूष) का धामहरु भ भिन्दै पूर्ण ब्रह्म (परम अक्षर पुरूष) तेस्रो ऋतधाम (सत्यलोक) मा कविर्देव (क परमेश्वर) साकाररूपमा विराजमान हुनु हुन्छ र सत्यलोकभन्दा माथिको चौथो अना लोकमा पनि अनामी पुरूषका रूपमा मनुष्य सदृश आकारमा विराजमान हुनु हुन्छ ।

पवित्र श्रीमद्देवी महापुराणमा सृष्टि रचनाको प्रमाण

ब्रह्मा, विष्णु र शिवका माता-पिता

(दुर्गा र ब्रह्मको योगबाट ब्रह्मा, विष्णु र शिवको जन्म)

पवित्र श्रीमद्देवी महापुराण तेस्रो स्कन्ध अध्याय १-३ (गीताप्रेस गोरखपुर प्रकाशित, अनुवादकर्ता श्री हनुमान प्रसाद पोद्दार तथा चिमन लाल गोस्वामी जी पृष्ठ ११४ बाट) पृष्ठ नं. ११४ देखि ११८ सम्ममा कयौं आचार्यहरू भवानीलाई सम्पूर्ण मनो पूरा गर्ने भनी बताउँछन् भनेर विवरण दिइएको छ। उनी प्रकृति कहलाउँछिन् व ब्रह्मसँग अभेद सम्बन्ध छ । जस्तो पत्नीलाई अर्धाङ्गिनी पनि भनिन्छ अर्थात् दुर्गा ब्र (काल) की पत्नी हुन् । एउटा ब्रह्माण्डको सृष्टि रचनाको विषयमा राजा श्री परीक्षित सोधेपछि श्री व्यास जी भन्नु हुन्छ- मैले श्री नारद जी सँग सोधेको थिएँ- हे देवर्षि यस ब्रह्माण्डको रचना कसरी भयो ? मेरो यस प्रश्नको उत्तरमा श्री नारद जीले भ भयो- मैले आफ्नो पिता ब्रह्मासँग यस ब्रह्माण्डको रचना तपाईंले गर्नु भएको हो विष्णु जी यसका रचयिता हुन् या शिव जीले रचेका हुन् ? सत्य बताउने कृपा होस् भनेर सोधेको थिएँ । तब मेरा पूज्य पिता श्री ब्रह्मा जीले पुत्र नारद, मै आफूलाई कमलको फूलमा बसेको पाएको थिएँ, मलाई थाहा छैन म यस अगाध जल कहाँबाट उत्पन्न भएँ । एक हजार वर्षसम्म पृथ्वीको अन्वेषण गरि रहें, कहीं जल छेउ वा किनारा पाइनँ । अनि तपस्या गर भन्ने आकाशवाणी भयो । एक हजा वर्षसम्म तपस्या गरें । अनि सृष्टि गर्न आकाशवाणी भयो । यत्तिकैमा नै मधु र कैट नामका दुई राक्षस आए । उनीहरूको भयले म कमलको डाँठ पक्रेर तल ओर्लें । त्य भगवान् विष्णु जी शेष शैय्यामा अचेत अवस्थामा थिए । उनबाट एक स्त्री (प्रेतव प्रविष्ट दुर्गा) निस्किइन् । उनी आकाशमा आभूषण पहिरिदै गरेको देखिइन लागिन् तब भगवान् विष्णु होसमा आए । त्यहाँ म र विष्णु दुई मात्र थियौं । यतिकैमा भगवा

व पनि आए । देवीले हामीलाई विमानमा बसाइन् तथा ब्रह्म लोकमा लगिन् । त्यहाँ क ब्रह्मा, एक विष्णु तथा एक शिव अरू देखें अनि एक देवी देखिइन् । उनलाई खेपछि विष्णु जीले विवेकपूर्वक निम्न वर्णन गरे (ब्रह्म कालले विष्णुलाई चेतना प्रदान रे उसलाई आफ्नो बाल्य काल याद आयो तब बाल्य कालको कहानी सुनाए ।)

पृष्ठ ११९-१२० मा भगवान् विष्णु जीले श्री ब्रह्मा तथा श्री शिव जी सँग यिनी मी तीनै जनाकी माता हुन् । यिनी जगत् जननी प्रकृति देवी हुन् । मैले यी देवीलाई सानो बालक हुँदा पालन पोषण गर्दै झोलुङ्गामा हल्लाइ रहेकी देखेको थिएँ ।

तेस्रो स्कन्ध पृष्ठ नं. १२३ मा श्री विष्णु जीले दुर्गा जीको स्तुति गर्दै भने,- पाई शुद्ध स्वरुपा हुनु हुन्छ । यो सारा संसार तपाईबाटै उद्भासित भइ रहेछ। म वष्णु), ब्रह्मा र शङ्कर तपाईंको कृपाले नै विद्यमान छौं । हाम्रो अविर्भाव (जन्म) र रोभाव (मृत्यु) हुने गर्छ अर्थात् हामी तीनै देव नाशवान छौं, तपाई नै नित्य विनाशी), जगत जननी, प्रकृति देवी हुनु हुन्छ ।

भगवान शङ्कर बोले,- देवी, यदि महाभाग विष्णु तपाईबाटै प्रकट (उत्पन्न) एका हुन् भने उनी पछि उत्पन्न हुने ब्रह्मा पनि तपाईंकै बालक भए । अनि म मोगुणी लीला गर्ने शङ्कर के तपाईंको सन्तान होइन ? अर्थात् मलाई उत्पन्न गर्ने नि तपाई नै हुनु हुन्छ ।

विचार गर्नु होस्ः उपरोक्त विवरणबाट ब्रह्मा जी, विष्णु जी र शिव जी नाशवान् न्, उनीहरु मृत्युञ्जय (अजर-अमर) र सर्वेश्वर होइनन्, उनीहरु दुर्गा प्रकृति) का छोरा हुन् र ब्रह्म (काल/सदा शिव) यिनका पिता हुन् भन्ने सिद्ध हुन्छ ।

तेस्रो स्कन्ध पृष्ठ नं. १२५ मा ब्रह्मा जीले हे आमा ! वेदमा जुन ब्रह्म भनिएको , त्यो तपाई नै हुनु हुन्छ वा कोही अन्य प्रभु हुन् भनेर सोधे । जवाफमा दुर्गाले म था ब्रह्म एकै हौं भनिन् । फेरि यसै स्कन्धको अध्याय नं. ६ को पृष्ठ नं. १२९ मा- ब मेरा काम सिद्ध गर्नका लागि विमानमा बसेर तिमीहरु चाँडै जाऊ । कुनै कठिन काम परेमा तिमीहरूले स्मरण गर्ना साथ म सामुन्ने आउने छु । हे देवताहरु ! तिमीहरूले मेरो (दुर्गाको) र ब्रह्मको ध्यान सँधै गरि रहनु पर्छ । हामी दुवैको स्मरण गरि रह्यौ ने तिमीहरूको कार्य सिद्ध हुने कुरामा अलिकति पनि सन्देह छैन भनिएको छ ।

र्गा (प्रकृति) र ब्रह्म (काल) ब्रह्मा, विष्णु र शिवका माता-पिता हुन्, यी तीनै देवता ाशवान छन् । पूर्ण शक्तियुक्त छैनन् भन्ने उपरोक्त व्याख्याबाट स्वसिद्ध छ ।

तीन देवताहरु (श्री ब्रह्मा जी, श्री विष्णु जी रश्री शिव जी) को विवाह दुर्गा प्रकृती देवी) ले गरि दिइन् । यसको विवरण तेस्रो स्कन्धको पृष्ठ नं. १२८-१२९मा छ।)

ीता अध्याय नं. ७ को श्लोक नं. १२ मा निम्न उल्लेखित छ

ये, च, एव, सात्विकाः, भावाः, राजसाः, तामसाः, च, ये,

मतः, एव, इति, तान्, विद्धि, न, तु, अहम्, तेषु, ते, मयि॥

अनुवादः- (च) अरू (एवं) पनि (ये) जुन (सात्विकाः) सत्वगुण विष्णु जीले गर्ने स्थिति (भावा) भाव हो, (ये) जुन (राजसाः) रजोगुण ब्रह्मा जीबाट गर्ने उत्पत्ति (च) था (तामसाः) तमोगुण शिवबाट गर्ने संहार (तान्) सबै तिमी र (मतः, एव) मबाट

सुनियोजित नियम अनुसार नै हुनेछन् (इति) भन्ने (विद्धि) जान (तु) तर वास्तवमा(तेषु) उनमा (अहम्) म तथा (ते) उनी (मयि) ममा (न) छैनन्।

पवित्र शिव महापुराणमा सृष्टि रचनाको प्रमाण

(काल ब्रह्म र दुर्गाबाट विष्णु, ब्रह्मा र शिवको उत्पत्ति)

यसको प्रमाण पवित्र श्री शिवपुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित अनुवादकर्ता श्री हनुमानप्रसाद पोद्दार) को अध्याय ६ रूद्र संहिता, पृष्ठ नं. १०० मा भनिएको छ भने मूर्ति रहित परब्रह्मको मूर्ति नै भगवान सदाशिव हुन् । यिनको शरीरबाट निस्किएको एउटा शक्ति नै अम्बिका, प्रकृति (दुर्गा) र त्रिदेव जननी (श्री ब्रह्मा जी, श्री विष्णु जी रश्री शिव जीलाई उत्पन्न गर्ने आमा) भनेर चिनिइन् । उनका आठ हातहरू छन् । सदाशिवलाई नै शिव, शम्भू र महेश्वर पनि मनिन्छ । (पृष्ठ नं १०१) उनी आफ्नो सम्पूर्ण अङ्गमा खरानी घस्छन् । ती कालरूप ब्रह्मले शिवलोक नामक एउटा क्षेत्रको निर्माण गरे । अनि दुवैले पति पत्नीको व्यवहार गरे, जसबाट एउटा पुत्र उत्पन्न भयो । उनको नाम विष्णु राखियो । (पृष्ठ नं १०२)

रूद्र संहिता अध्याय नं ७ पृष्ठ नं. १०३ मा ब्रह्मा जीले मेरो उत्पत्ति पनि भगवान सदाशिव (ब्रह्म/काल) तथा प्रकृति (दुर्गा) को संयोगबाट अर्थात् पति पत्नीको व्यवहारबाट भएको हो अनि मलाई बेहोस पारि दिए भनेका छन् ।

रूद्र संहिता अध्याय नं. ९ पृष्ठ नं ११० मा के भनिएको छ भने यस प्रकार ब्रह्मा, विष्णु र रूद्र यी तीनै देवताहरूमा गुण छ, तर शिव (काल/ब्रह्म) लाई भने गुणातीत मानिन्छ । यहाँ चार सिद्ध भए अर्थात् सदाशिव (ब्रह्म/काल) र प्रकृति (दुर्गा) बाटै ब्रह्मा, विष्णु र शिव उत्पन्न भएका हुन् । यी तीनै भगवानहरू (श्री ब्रह्मा जी, श्री विष्णु जी र श्री शिव जी) का माता श्री दुर्गा जी र पिता श्री ज्योति निरञ्जन (ब्रह्म) हुन् । यी तीनै प्रभु रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमगुण-शिव जी हुन् ।

पवित्र श्रीमद्भगवत गीता जीमा सृष्टि रचनाको प्रमाण

यसको प्रमाण पवित्र गीता जी अध्याय १४ श्लोक ३ देखि ५ सम्ममा छ । ब्रह्म (काल) भन्छन्,- प्रकृति (दुर्गा) त मेरी पत्नी हुन् तथा म ब्रह्म (काल) यिनको पति हूँ । हामी दुईको संयोगले सम्पूर्ण प्राणीहरू सहित तीनै गुणहरू (रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमोगुण-शिव जी) को उत्पत्ति भएको हो । म (ब्रह्म) सम्पूर्ण प्राणीका पिता हुँ र प्रकृति (दुर्गा) यिनीहरूकी माता हुन् । म यिनको पेटमा बीज स्थापना गर्छु जसबाट सम्पूर्ण प्राणीहरूको उत्पत्ति हुन्छ । प्रकृति (दुर्गा) बाट उत्पन्न तीनै गुण (रजगुण ब्रह्मा, सतगुण विष्णु र तमोगुण शिव) ले जीवलाई कर्मको आधारले शरीरमा बाँध्दछ । यसको प्रमाण अध्याय १५ श्लोक १ देखि ४ तथा १६ र १७ मा पनि छ ।

गीता अध्याय नं १५ को श्लोक नं १

ऊर्ध्वमूलम्, अधःशाखम्, अश्वत्थम्, प्राहुः, अव्ययम्,
छन्दांसि, यस्य, पर्णानि, यः, तम्, वेद, सः, वेदवित्॥

अनुवादः- (ऊर्ध्वमूलम्) माथिल्तिर पूर्ण परमात्मा, आदि पुरुष, परमेश्वररूपी जरा भएको (अधःशाखम्) तल्तिर शाखा भएको (अव्ययम्) अविनाशी (अश्वत्थम्) विस्तारित पिपलको रूख छ, (यस्य) जसको (छन्दांसि) स-साना भाग वा हाँगा र (पर्णानि) पातहरू (प्राहुः) रहेका छन् (तम्) त्यो संसाररूपी रूखलाई (यः वेद) सर्वाङ्ग सहित जसले जान्दछ (सः) उनी नै (वेदवित्) पूर्ण ज्ञानी वा तत्त्वदर्शी हुन् ।

गीता अध्याय १५ को श्लोक नं २

अधः, च ऊर्ध्वम्, प्रसृताः, तस्य, शाखाः, गुणप्रवृद्धाः,
विषयप्रवालाः, अधः, च, मूलानि, अनुसन्ततानि, कर्मानुबन्धीनि, मनुष्यलोके॥

अनुवादः- (तस्य) त्यस वृक्षको (अधः) तल्तिर (च) र (ऊर्ध्वम) माथिल्तिर (गुणप्रवृद्धाः) तीनै गुणहरु रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमोगुण-शिव रूपमा (प्रसृता) फैलिएका (विषयाप्रवालाः) काम, क्रोध, मोह, लोभ र अहंकार जस्ता विकाररूपी (शाखाः) ब्रह्मा, विष्णु र शिव स्वरूपका हाँगा नै (कर्मानुबन्धीनिं) जीवलाई कर्ममा बाँध्ने (मूलानि) जरा वा मुख्य कारण हुन् (च) तथा (मनुष्यलोके) मनुष्यलोक वा पृथ्वीलोकमा (अधः) तल - नरक, चौरासी लाख जुनीहरूमा (ऊर्ध्वम्) माथि स्वर्गलोक आदिमा (अनुसन्ततानि) व्यवस्थित गरिएको छ ।

गीता अध्याय १५ को श्लोक नं. ३

न, रूपम्, अस्य, इह, तथा, उपलभ्यते, न, अन्तः, न, च, आदिः, न, च,
सम्प्रतिष्ठा, अश्वत्थम्, एनम्, सुविरूढमूलम्, असंगशस्त्रेण, दृढेन, छित्वा॥

अनुवादः- (अस्य) यो रचनाको (न) न (आदिः) शुरुवात (च) र (न) न त (अन्तः) अन्त्य छ (न) न (तथा) त्यस्तो (रूपम्) स्वरूप (उपलभ्यते) पाइन्छ (च) तथा (इह) यहाँ विचार कालमा अर्थात् मैले दिँदैगरेको गीताज्ञानका बारेमा मलाई पनि पूरा जानकारी (न) छैन (सम्प्रतिष्ठा) किनकि सम्पूर्ण ब्रह्माण्डहरूको रचनाको स्थिति सम्बन्धी राम्रो ज्ञान मलाई पनि छैन। (एनम्) यो (सुविरूढमूलम्) राम्रोसँग स्थायी स्थिति भएको, (अश्वत्थम्) बलियो स्वरूप भएको संसाररूपी रूखको ज्ञानको (असङ्गशस्त्रेण) पूर्ण ज्ञानरूपी (दृढेन) दृढ सुक्ष्म वेद अर्थात् तत्त्वज्ञानले जानेर (छित्वा) त्यसलाई काटेर वा निरञ्जनको भक्तिलाई क्षणिक अर्थात् क्षणभङ्गुर बुझेर ब्रह्मा, विष्णु, शिव, ब्रह्म र परब्रह्मभन्दा पनि अगाडि पूर्ण ब्रह्मको खोजी गर्नु पर्छ ।

गीता अध्याय १५ को श्लोक नं. ४

ततः, पदम्, तत्, परिमार्गितव्यम्, यस्मिन्, गताः, न, निवर्तन्ति, भूयः,
तम्, एव्, च, आद्यम्, पुरुषम्, प्रपद्ये, यतः, प्रवृतिः, प्रसृता, पुराणी॥

अनुवादः- तत्त्वदर्शी सन्तलाई (ततः) भेटेपछि (तत्) परमात्माको (पदम्) पद स्थान अर्थात् सत्यलोक (परिमार्गितव्यम्) राम्रोसँग खोज्नु पर्छ (यस्मिन्) जहाँ (गताः) गएका साधकहरु (भूयः) फेरि (न, निवर्तन्ति) फर्केर संसारमा आउँदैनन् (च) र (यतः) वहाँ परमात्मा-परम अक्षर ब्रह्मले (पुराणी) आदि वा पहिले (प्रवृतिः) रचना वा सृष्टि (प्रसृता) गर्नु भएको हो। (तम्) अज्ञात (आद्यम्) आदि वा पहिलो यम अर्थात् म (काल निरञ्जन) पनि (पुरुषम्) पूर्ण परमात्माको (एव) नै (प्रपद्ये) शरणमा छु तथा वहाँकै पूजा गर्छु ।

गीता अध्याय १५ को श्लोक नं. १६

द्वौ, इमौ, पुरुषौ, लोके, क्षरः, च, अक्षरः, एव, च,
क्षरः, सर्वाणि, भूतानि, कूटस्थः, अक्षरः, उच्यते॥

अनुवादः- (लोके) यस संसारमा (द्वौ) दुई प्रकारका (क्षरः) नाशवान (च) र (अक्षरः) अविनाशी (पुरुषौ) भगवान छन् । (एवं) यसरी (इमो) यी दुई प्रभुहरूका लोकहरूमा (सर्वाणि) सम्पूर्ण (भूतानि) प्राणीहरूको शरीर त (क्षरः) नाशवान छ (च) र (कूटस्थः) जीवात्माहरूलाई (अक्षरः) अविनाशी (उच्यते) भनिन्छ ।

गीता अध्याय १५ को श्लोक नं १७

उत्तमः, पुरुषः, तु, अन्यः, परमात्मा, इति, उदाहृतः,
यः, लोकत्रयम्, आविश्य, बिभर्ति, अव्ययः,ईश्वरः ॥

अनुवादः- (उत्तमः) उत्तम (पुरुषः) प्रभु (तु) त (अन्यः) माथिका दुवै प्रभुहरु वा क्षर र अक्षर पुरुषभन्दा फरक हुनु हुन्छ (इति) वहाँलाई नै वास्तवमा (परमात्मा) परमात्मा (उदाहृतः) भनिएको छ (यः) जसले (लोकत्रयम्) तीनै लोकहरूमा (आविश्य) प्रवेश गरेर (बिभर्ति) सबैको धारण पोषण गर्नु हुन्छ र (अव्ययः) वहाँनै अविनाशी (ईश्वरः) प्रभुहरूमा श्रेष्ठ अर्थात् समर्थ प्रभु हुनु हुन्छ ।

भावार्थः- गीता ज्ञानदाता प्रभुले कतिसम्म बताए भने यो संसारलाई उल्टो झुण्डि रहेको रूख जस्तो सम्झ । माथिल्तिरको जरा (मूल) लाई पूर्ण परमात्मा र तल्तिरका हाँगाबिँगा आदिलाई अन्य भाग बुझ । यो संसाररूपी रूखको प्रत्येक भागको भिन्नभिन्न विवरण जान्ने सन्त नै तत्त्वदर्शी सन्त हुन् । उनको बारेमा गीता अध्याय ४ श्लोक नं ३४ मा बताइएको छ । गीता अध्याय १५ श्लोक नं २ र ३ मा तीन गुणरूपी शाखा छन् भन्ने मात्र बताइएको छ । यहाँ विचारकालमा अर्थात् गीतामा म (गीता ज्ञानदाता) लाई यो संसारको रचनाको आदि र अन्त्यको ज्ञान नहुनाले तिमीलाई पूर्ण जानकारी दिन सक्दिन भनिएको छ । यसका लागि गीता अध्याय ४ श्लोक नं. ३४ मा कुनै तत्त्वदर्शी सन्तले नै पूर्ण परमात्माको ज्ञान दिन सक्छन् भनिएको छ । यस गीता अध्याय १५ श्लोक नं. १ मा तत्त्वदर्शी सन्तको पहिचान बताउँदै उनले संसाररूपी रूखको प्रत्येक भागको ज्ञान गराउने हुनाले उनीसँगै सोध भनिएको हो । गीता अध्याय १५ को श्लोक नं. ४ मा तत्त्वदर्शी सन्त भेटिएपछि परमपद परमेश्वरको खोजी गर्नु पर्छ अर्थात् तत्त्वदर्शी सन्तले बताए अनुसार साधना गर्नु पर्छ, जसबाट पूर्ण मोक्ष (अनादि मोक्ष) प्राप्त हुन्छ भनिएको छ । गीता अध्याय १५ को श्लोक नं. १६ र १७ मा तीन प्रभुहरु पहिलो क्षर पुरुष (ब्रह्म), दोस्रो अक्षर पुरुष (परब्रह्म) र तेस्रो परम अक्षर पुरुष (पूर्ण ब्रह्म) मध्ये क्षर पुरुष र अक्षर पुरुष वास्तवमा अविनाशी छैनन् । अविनाशी परमात्मा त यी दुई भन्दा अलग हुनु हुन्छ । वहाँले तीनै लोकमा प्रवेश गरेर सर्वलाई धारण-पोषण गर्नु हुन्छ भनेर स्पष्ट गरिएको छ ।

माथि उल्लेखित श्रीमद्भगवत गीताको अध्याय १५ श्लोक नं. १. देखि ४ तथा १६ र १७ मा यो प्रमाणित भयो कि उल्टो झुण्डिएको संसाररूपी रूखको मूल वा जरा त परम अक्षर ब्रह्म अर्थात् पूर्ण ब्रह्म हुनु हुन्छ जसबाटै सिंगो रूखको पालन हुन्छ । पृथ्वीभन्दा ठीक बाहिर जमिनसँग जोडिएको रूखको भाग वा फेदलाई अक्षर पुरुष वा

परब्रह्म भनेर जान । फेदभन्दा माथि निस्कने मोटा हाँगाहरूमध्ये एउटा हाँगोलाई ब्रह्म अर्थात् क्षर पुरुष सम्झ. । त्यो मोटो हाँगाबाट निस्केका तीनवटा साना शाखाहरूलाई ब्रह्मा, विष्णु र शिव भनेर बुझ । अनि शाखाहरूबाट निस्केका पातहरूलाई सांसारिक प्राणीहरु भनी बुझ । उपरोक्त गीता अध्याय १५ श्लोक नं. १६ र १७ मा क्षर पुरुष (ब्रह्म) र अक्षर पुरुष (परब्रह्म) लगायत यी दुवैका लोकहरूमा भएका सबै प्राणीहरूको स्थूल शरीर त नाशवान छ तर जीवात्मा भने अविनाशी छ, अर्थात् उपरोक्त दुवै प्रभु र यिनीहरु अन्तर्गत रहेका प्राणी नाशवान छन् भन्ने स्पष्ट हुन्छ । अक्षर पुरुषलाई अविनाशी भनिए पनि वास्तवमा अविनाशी परमात्मा त यी दुईभन्दा भिन्दै हुनु हुन्छ । वहाँ तीनै लोकमा प्रवेश गरेर सबैको पालन-पोषण गर्नु हुन्छ । माथिको बयानमा तीन प्रभुहरूको भिन्न भिन्न विवरण दिइएको छ ।

पवित्र बाईबल तथा पवित्र कुरान शरीफमा सृष्टि रचनाको प्रमाण

यसको प्रमाण पवित्र बाइबल र पवित्र कुरान शरीफमा पनि छ । कुरान शरीफमा पवित्र बाइबलको पनि ज्ञान छ, यसैले यी दुई पवित्र सद्ग्रन्थहरूले मिलेर सृष्टिका रचयिता को र कस्ता छन् तथा उनको वास्तविक नाम के हो भन्ने तथ्य प्रमाणित गरेका छन् ।

पवित्र बाइबल (उत्पत्ति ग्रन्थ पृष्ठ नं. २ अ. १:२०-२:५) :-

छैठौं दिन : प्राणी र मनुष्य

अन्य प्राणीहरूको रचना गरेर (२६) फेरि परमेश्वरले भन्नु भयो मैले मनुष्यलाई आफ्नो स्वरूप अनुसार आफ्नै समानता (सादृश्यता) मा बनाएँ। जसले सबै प्राणीहरु माथि काबु राख्ने छ। (२७) अनि परमेश्वरले मनुष्यलाई आफ्नो स्वरूप अनुसार उत्पन्न गर्नु भयो, आफ्नै स्वरूप अनुसार परमेश्वरले तिनीहरूलाई उत्पन्न गर्नु भयो, नर र नारी गरेर मनुष्यहरूको सृष्टि गर्नु भयो ।

(२९) प्रभुले मनुष्यहरूका लागि खानलाई बिउ हुने ससाना बोट बिरूवा तथा जे जत्ति रूखहरुमा बिउ हुने फलहरु छन् ती भोजनका लागि प्रदान गर्नु भएको छ । (मासु खान भन्नु भएको छैन ।)

सातौं दिन : विश्रामको दिन

परमेश्वरले छ दिनमा सम्पूर्ण सृष्टिको उत्पत्ति गरेर सातौं दिन विश्राम गर्नु भयो ।

पवित्र बाइबलले परमात्मा मानव सदृश शरीरमा हुनु हुन्छ र वहाँले ६ दिनमा सम्पूर्ण सृष्टिको रचना गरेर विश्राम गर्नु भयो भन्ने कुरा सिद्ध गरेको छ ।

पवित्र कुरान शरीफ (सुरत फुर्कानि २५, आयत नं ५२, ५८ र ५९)

आयत ५२:- फला तुतिअल् - काफिरन् व जहिदहुम बिही जिहादन् कबीरा (कबीरन्)॥५२॥

भावार्थः- हजरत मुहम्मद जीका खुदा (प्रभु) ले भनि रहेछन् कि ए पैगम्बर । तपाईं काफिरहरु (एकमात्र प्रभुको भक्ति त्यागेर अन्य देवी देवताहरू मूर्ति आदिको पूजा गर्ने) को भनाइ नमान्नु किनकि ती मानिसहरु कबीरलाई पूर्ण परमात्मा मान्दैनन् । तपाईं मैले दिएको यस कुरानको ज्ञानका आधारमा अटल रहनू । कबीर नै पूर्ण प्रभु

हुनु हुन्छ र कबीर अल्लाहका लागि संघर्ष गर्नू (लडाईं झगडा गर्नु होइन) अर्थात् अडिग रहनू ।

आयत ५८:- व तवक्कल अलल् - हय्यिल्लजी ला यमूतु व सब्बिह् बिहम्दिही व कफा बिही बिजुनूबि अिबादिही खबीरा (कबीरा) ॥५८॥

भावार्थः- हजरत मुहम्मद जीले आफ्नो प्रभु मानेका अल्लाह (प्रभु) ले कुनै अर्को प्रभु तर्फ सङ्केत गर्दै भनि रहेछन्, 'ए पैगम्बर, जिन्दा (लामो कालो चोगा लाउने) महात्माका रूपमा तिमीले आकारमा भेटेको कबीर परमात्मामाथि विश्वास राख । वहाँ कहिल्यै मर्नु हुन्न वा वास्तवमा अविनाशी हुनु हुन्छ । वहाँको प्रशंसा र पवित्रता (पवित्र महिमा) को गुणगान गर्दै जाऊ । कबीर अल्लाह (कविर्देव) पूजा गरिन योग्य हुनु हुन्छ तथा आफ्ना उपासकहरूको सम्पूर्ण पाप विनाश गर्ने हुनु हुन्छ ।

आयत ५९:- अल्ल्जी खलकस्समावाति वल्अर्ज व मा बैनहुमा फी सित्तति अय्यामिन् सुम्मस्तवा अलल्अर्शि अर्रह्मानु फस्अल् बिही खबीरन् (कबीरन्) ॥५९॥

भावार्थः- हजरत मुहम्मदलाई कुरान शरीफ बताउने प्रभु (अल्लाह) ले भनि रहेछन्,- कबीर प्रभुले धर्ती तथा आकाशका बीचमा विद्यमान सम्पूर्ण सृष्टिको रचना ६ दिनमा गरेर सातौं दिन माथिको आफ्नो सत्यलोकमा रहेको सिंहासनमा विराजमान हुनु भयो । वहाँको विषयमा जानकारीका लागि कुनै (बाखबर) तत्त्वदर्शी सन्तलाई सोध । पूर्ण परमात्मालाई कसरी पाउन सकिन्छ भन्ने वास्तविक ज्ञान कुनै तत्त्वदर्शी सन्त (बाखबर) लाई सोध, म जान्दिनँ ।

उपरोक्त दुवै पवित्र धर्म (इसाई तथा मुसलमान) का पवित्र शास्त्रहरूले पनि मिलेर प्रमाणित गरेका छन्- सम्पूर्ण सृष्टिका रचयिता, सम्पूर्ण पाप विनाशक, सर्वशक्तिमान, अविनाशी परमात्मा मानव सदृश शरीरमा आकारमा सत्यलोकमा बस्नु हुन्छ । वहाँको नाम कबीर हो, वहाँलाई नै अल्लाहु अकबिरू पनि भनिन्छ ।

आदरणीय धर्मदास जीले पूज्य कबीर प्रभुसँग सोध्नु भयो,-ए सर्व शक्तिमान, आजसम्म यो तत्त्वज्ञान कसैले भनेनन्, वेदका मर्मज्ञ ज्ञानीहरूले पनि बताएनन् । चारै पवित्र वेद र चारै पवित्र कतेब (कुरान शरीफ आदि) झूटा हुन् भन्ने यसबाट सिद्ध हुन्छ । अनि पूर्ण परमात्माले भन्नु भयो : कबीर, बेद कतेब झूठे नहीं भाई, झूठे हैं जो समझे नाहिं ॥

भावार्थः- चारै पवित्र वेद (ऋग्वेद, अथर्ववेद, यजुर्वेद र सामवेद) तथा चारै पवित्र कतेब (कुरान शरीफ, जबूर, तौरात र इंजिल) गलत छैनन् तर यिनलाई नबुझ्नेहरू त मूर्ख नै हुन् ।

पूज्य कबीर परमेश्वर (कविर् देव) जीको अमृतवाणीमा सृष्टि रचनाको प्रमाण

विशेषः निम्न अमृतवाणी सन् १४०३ देखि 'जब कविर्देव (कबीर परमेश्वर) लीलामय शरीरमा ५ वर्षको हुनु भयो सन् १५१८ '(जब कविर्देव (कबीर परमेश्वर) मगहरबाट सशरीर सतलोक जानु भयो) को बीचमा लगभग ६०० वर्षपूर्व परम पूज्य कबीर परमेश्वर (कविर्देव) जी द्वारा आफ्नो निजी सेवक (दास भक्त) आदरणीय धर्मदास साहेब जीलाई सुनाउनु भएको थियो तथा धनी धर्मदास साहेब जीले लिपिबद्ध गरेका थिए । तर त्यस समयका पवित्र हिन्दू तथा पवित्र मुसलमानहरूका नादान

गुरुहरु (अनुभवहीन पण्डित) ले यो धाणक (जुलाहा, कपडा बुन्ने कारिगर) झूठो हो भने। कुनै सद्ग्रन्थमा श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीका माता पिताको नाम छैन । यी तिनै प्रभु अविनाशी छन्, यिनीहरुको जन्म मृत्यु हुँदैन । न पवित्र वेदहरू न त कुरान शरीफ आदिमा कबीर परमेश्वरको प्रमाण छ तथा परमात्मालाई निराकार लेखेको छ। हामी सधैं पढ्छौं । सोझा आत्मा भएकाहरूले ती विचक्षणहरु (चतुर गुरू, तीव्र बुद्धि भएका) प्रति साँच्चै यी कबीर धाणक त अशिक्षित हुन् तथा गुरु जी शिक्षित हुन् र सत्य भनि रहेका होलान् भनी विश्वास गरे । आज त्यही सत्यता प्रकाशमान भइ रहेछ तथा सर्व पवित्र धर्महरुको पवित्र सद्ग्रन्थ साक्षी छन् । यसबाट पूर्ण परमेश्वर, सर्व सृष्टि रचनाकार, कूलको सृष्टिकर्ता तथा सर्वज्ञ काशी (बनारस) मा कमलको फूल माथि प्रकट हुनु भएका कविर्देव (कबीर परमेश्वर) नै हुनु हुन्छ तथा १२० वर्षसम्म वास्तविक तेजोमय (तेजस्वी) शरीरमा मानव सदृश शरीर हल्का तेजको बनाएर रहनु भयो तथा आफूद्वारा रचिएको सृष्टिको वास्तविक ज्ञान दिएर सशरीर सतलोक जानु भयो भन्ने सिद्ध हुन्छ । कृपया प्रेमी पाठक परमेश्वर कबीर साहेब जीद्वारा उच्चारित निम्न अमृतवाणी पढ्नु होस् ।

धर्मदास यह जग बौराना। कोइ न जाने पद निरवाना।।
यहि कारन मैं कथा पसारा। जगसे कहियो राम नियारा।।
यही ज्ञान जग जीव सुनाओ। सब जीवोंका भरम नशाओ।।
अब मैं तुमसे कहों चिताई। त्रयदेवनकी उत्पत्ति भाई।।
कुछ संक्षेप कहों गुहराई। सब संशय तुम्हरे मिट जाई।।
भरम गये जग वेद पुराना। आदि रामका का भेद न जाना।।
राम राम सब जगत बखाने। आदि राम कोइ बिरला जाने।।
ज्ञानी सुने सो हिरदै लगाई। मूर्ख सुने सो गम्य ना पाई।।
माँ अष्टंगी पिता निरंजन। वे जम दारूण वंशन अंजन।।
पहिले कीन्ह निरंजन राई। पीछेसे माया उपजाई।।
माया रूप देख अति शोभा। देव निरंजन तन मन लोभा।।
कामदेव धर्मराय सत्ताये। देवी को तुरतही धर खाये।।
पेट से देवी करी पुकारा। साहब मेरा करो उबारा।।
टेर सुनी तब हम तहाँ आये। अष्टंगी को बंद छुडाये।।
सतलोक में कीन्हा दुराचारि, काल निरंजन दिन्हा निकारि।।
माया समेत दिया भगाई, सोलह संख कोस दूरी परआई।।
अष्टंगी और काल अब दोई, मंद कर्म से गए बिगोई।।
धर्मराय को हिकमत कीन्हा। नख रेखा से भगकर लीन्हा।।
धर्मराय किन्हाँ भोग विलासा। मायाको रही तब आसा।।
तीन पुत्र अष्टंगी जाये। ब्रह्मा विष्णु शिव नाम धराये।।
तीन देव विस्तार चलाये। इनमें यह जग धोखा खायें।।
पुरूष गम्य कैसे को पावै। काल निरंजन जग भरमावै।।
तीन लोक अपने सुत दीन्हा। सुन्न निरंजन बासा लीन्हा।।

अलख निरंजन सुन्न ठिकाना। ब्रह्मा विष्णु शिव भेद न जाना।।
तीन देव सो उनको धावें। निरंजन का वे पार ना पावें।।
अलख निरंजन बडा बटपारा। तीन लोक जिव कीन्ह अहारा।।
ब्रह्मा विष्णु शिव नही बचाये। सकल खाय पुन धूर उडाये।।
तिनके सुत हैं तीनो देवा। आंधर जीव करत हैं सेवा।।
अकाल पुरूष काहू नहिं चीन्हां। काल पाय सबही गह लीन्हां।।
ब्रह्म काल सकल जग जाने। आदि ब्रह्मको ना पहिचाने।
तीनों देव और औतारा। ताको भजे सकल संसारा।।
तीनों गुणका यह विस्तारा। धर्मदास मैं कहों पुकारा।।
गुण तीनों की भक्ति में, भूल परो संसार।
कहै कबीर निज नाम बिन, कैसे उतरैं पार।।

उपरोक्त अमृतवाणीमा परमेश्वर कबीर साहेब जी आफ्ना निजी सेवक श्री धर्मदास साहेब जीलाई भन्नु हुन्छ,- धर्मदास, यो सम्पूर्ण संसार तत्त्वज्ञानको अभावले विचलित छ । कसैलाई पूर्ण मोक्षको मार्ग तथा पूर्ण सृष्टि रचनाको ज्ञान छैन । यसैले म तिमीलाई मैले रचेको सृष्टिको कथा सुनाउँछु । बुद्धिमान व्यक्तिले त तुरुन्तै बुझ्छ । तर सम्पूर्ण प्रमाण देखेर पनि नमान्ने अबोध प्राणी कालको प्रभावले प्रभावित छ, ऊ भक्तियोग्य छैन । अब म तीनैजना भगवान (ब्रह्मा जी, विष्णु जी र शिव जी) को उत्पत्ति कसरी भयो भन्ने बताउँछु । यिनीहरूको आमा अष्टङ्गी (दुर्गा) र बुबा ज्योति निरञ्जन (ब्रह्म काल) हुन् । पहिला अण्डाबाट ब्रह्मको उत्पत्ति भयो अनि दुर्गाको उत्पत्ति भयो । दुर्गाको रूपमा आशक्त भएर काल (ब्रह्म) ले गल्ती (दुर्व्यवहार) गरेकोले दुर्गा (प्रकृति) ले उनको पेटमा शरण लिइन् । ज्योति निरञ्जन (काल) भएको ठाउँमा म गएँ र भवानीलाई ब्रह्मको पेटबाट निकालेर एक्काईस ब्रह्माण्डसहित १६ शंख कोस टाढा पठाइ दिएँ । ज्योति निरञ्जन (धर्मराय) ले प्रकृति देवी (दुर्गा) सँग भोग-विलास गरी संयोगबाट तीन गुण (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमोगुण-शिव) को उत्पत्ति भयो । यिनै तीन गुणहरूकै साधना गरेर सम्पूर्ण प्राणी कालको जालमा फसेकाले वास्तविक मन्त्र नपाइ पूर्ण मोक्ष कसरी हुन्छ ?

विशेषः- प्रिय पाठक, विचार गरौं : श्री ब्रह्मा, श्री विष्णु रश्री शिव जीको अवस्थालाई अविनाशी भनिएको थियो । सम्पूर्ण हिन्दू समाजले अहिलेसम्म पनि यी तीनै नाशवान परमात्माहरूलाई अजर-अमर तथा जन्म-मृत्युरहित मानि रहेका छन् । यिनका पिता कालरूपी ब्रह्म र माता दुर्गा (प्रकृति/अष्टाङ्गी) हुन् भन्ने अगाडि प्रमाणमा पढ्यौं । यो ज्ञान हाम्रो शास्त्रमा पनि विद्यमान छ । तर हिन्दू समाजमा कलियुगी गुरु, ऋषि र सन्तहरूलाई यस कुराको ज्ञान छैन । पाठ्यक्रम बारे नै अपरिचित अध्यापक विद्वान नभएर विद्यार्थीहरूको भविष्यका शत्रु हुन् । यस्तै अहिलेसम्म श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव जीका आमा बुबा को हुन् भन्ने थाहा नभएका गुरु, ऋषि र सन्तहरु पनि ज्ञानहीन हुन् किनकि उनीहरूले सम्पूर्ण भक्त समाजलाई शास्त्रविधि विपरीत ज्ञान (लोकवेद र दन्त्य कथा) सुनाएर अज्ञानताले परिपूर्ण गरि दिए । शास्त्रविधि विपरीत भक्ति साधना गराएर परमात्माको वास्तविक लाभ (पूर्ण मोक्ष) बाट वञ्चित गरी सबैको

मानव जन्म नष्ट गराए । श्रीमद्भगवत गीता अध्याय १६ श्लोक २३ र २४ मा शास्त्रविधि त्यागेर मनोमानी आचरणले पूजा गर्नेलाई कुनै लाभ प्राप्त हुँदैन भन्ने कुराको प्रमाण छ। पूर्ण परमात्मा कबीर जीले सन् १४०३ बाटै सम्पूर्ण शास्त्रयुक्त ज्ञान आफ्नो अमृतवाणी (कविरवाणी) मा बताउन थाल्नु भएको थियो । तर ती अज्ञानी गुरुहरूले यो ज्ञानलाई भक्त समाजसम्म पुग्न दिएनन् । यो कुरा अहिले प्रष्ट हुदै छ । यसबाट कविर्देव (कबीर प्रभु) तत्त्वदर्शी सन्तका रूपमा स्वयं पूर्ण परमात्मा नै आउनु भएको थियो भन्ने तथ्य सिद्ध हुन्छ ।

आदरणीय गरीबदास साहेब जीको अमृतवाणीमा सृष्टि रचनाको प्रमाण

आदि रमैणी (सद् ग्रन्थ पृष्ठ नं ६९०-६९२ सम्म)

आदि रमैणी अदली सारा। जा दिन होते धुंधुंकारा।।१।।
सतपुरूष कीन्हा प्रकाशा। हम होते तखत कबीर खवासा।।२।।
मन मोहिनी सिरजी माया। सतपुरूष एक ख्याल बनाया।।३।।
धर्मराया सिरजे दरबानी। चौसठ जुगतप सेवा ठानी।।४।।
पुरूष पृथिवी जाकूं दीन्ही। राज करो देवा आधीनी।।५।।
ब्रह्मण्ड इकीस राज तुम्ह दीन्हा। मन की इच्छा सब जुग लीन्हा।।६।।
माया मूल रूप एक छाजा। मोहि लिये जिनहूँ धर्मराजा।।७।।
धर्म का मन चंचल चित धार्‍या। मन माया का रूप बिचारा।।८।।
चंचल चेरी चपल चिरागा। या के परसे सरबस जागा।।९।।
धर्मराय कीया मन का भागी। विषय वासना संग से जागी।।१०।।
आदि पुरूष अदली अनरागी। धर्मराया दिया दिल सें त्यागी।।११।।
पुरूष लोक सें दीया ढहाही। अगम दीप चलि आये भाई।।१२।।
सहज दास जिस दीप रहंता। कारण कौन कौन कुल पंथा।।१३।।
धर्मराय बोले दरबानी। सुनो सहज दास ब्रह्मज्ञानी।।१४।।
चौसठ जुग हम सेवा कीन्ही। पुरूष पृथिवी हम कूं दीन्ही।।१५।।
चंचल रूप भया मन बौरा। मनमोहिनी ठगिया भौंरा।।१६।।
सतपुरूष के ना मन भाये। पुरूष लोक से हम चलि आये।।१७।।
अगर दीप सुनत बडभागी। सहज दास मेटो मन पागी।।१८।।
बोले सहजदास दिल दानी। हम तो चाकर सत सहदानी।।१९।।
सतपुरूष सें अरज गुजारूं। जब तुम्हारा बिवाण उतारूं।।२०।।
सहज दास को कीया पीयाना। सत्यलोक लीया प्रवाना।।२१।।
सतपुरूष साहिब सरबंगी। अविगत अदली अचल अभंगी।।२२।।
धर्मराय तुम्हरा दरबानी। अगर दीप चलि गये प्रानी ।।२३।।
कौन हुकम करी अरज अवाजा। कहां पठावौ उस धर्मराजा ।।२४।।
भई अवाज अदली एक साचा। विषय लोक जा तीन्यूं बाचा ।।२५।।

सहज विमाँन चले अधिकाई। छिन में अगर दीप चलि आई ।।२६।।
हमतो अरज करी अनरागी। तुम्ह विषय लोक जावो बडभागी ।।२७।।
धर्मराय के चले विमाना। मानसरोवर आये प्राना ।।२८।।
मानसरोवर रहन न पाये। दरै कबीरा थांना लाये।।२९।।
बंकनाल की विषमी बाटी। तहां कबीरा रोकी घाटी।।३०।।
इन पाँचों मिलि जगत बंधाना। लख चौरासी जीव संताना।।३१।।
ब्रह्मा विष्णु महेश्वर माया। धर्मराय का राज पठाया।।३२।।
यौह खोखा पुर भूठी बाजी। भिसति बैकुण्ठ दगासी साजी।।३३।।
कृतिम जीव भुलानें भाई। निज घर की तो खबरि न पाई।।३४।।
सवा लाख उपजें नित हंसा। एक लाख विनशें नित अंसा।।३५।।
उपति खपति प्रलय फेरी। हर्ष शोक जौरा जम जेरी।।३६।।
पाँचों तत्त्व है प्रलय माँही। सत्वगुण रजगुण तमगुण झांई।।३७।।
आठों अंग मिली है माया। पिण्ड ब्रह्मण्ड सकल भरमाया।।३८।।
या में सुरति शब्द की डोरी। पिण्ड ब्रह्मण्ड लगी हे खोरी।।३९।।
श्वासा पारस मन गह राखो। खोल्हि कपाट अमीरस चाखो।।४०।।
सुनाऊं हंस शब्द सुन दासा। अगम दीप है अग है बासा।।४१।।
भवसागर जम दण्ड जमाना। धर्मराया का है तलबांना।।४२।।
पाँचों ऊपर पद की नगरी। बाट बिहंगम बंकी डगरी।।४३।।
हमरा धर्मराय सों दावा। भवसागर में जीव भरमावा।।४४।।
हम तो कहैं अगम की बानी। जहाँ अविगत अदली आप बिनानी।।४५।।
बंदी छोड हमारा नामं। अजर अमर है अस्थीर ठामं।।४६।।
जुगन जुगन हम कहते आये। जम जौरा सें हंस छुटाये।।४७।।
जो कोई मानें शब्द हमारा। भवसागर नही भरमें धारा।।४८।।
या में सुरति शब्द का लेखा। तन अंदर मन कहो कीन्ही देखा।।४९।।
दास गरीब अगम की बानी। खोजा हंसा शब्द सहदानी।।५०।।

उपरोक्त अमृतवाणीको भावार्थः- आदरणीय गरीबदास जी भन्छन्,- यहाँ पहिले अन्धकार मात्र थियो । पूर्ण परमात्मा कबीर साहेब जी सत्यलोकमा सिंहासनमा विराजमान हुनु हुन्थ्यो, हामी दास थियौं । परमात्माले ज्योति निरञ्जनलाई उत्पन्न गरी उनको तपको फलस्वरूप एक्काइस ब्रह्माण्ड प्रदान गर्नु भयो र माया (प्रकृति) को उत्पत्ति गर्नु भयो । युवा दुर्गाको रूपमा मोहित भएर ज्योति निरञ्जन (ब्रह्म) दुर्गा (प्रकृति) लाई बलात्कार गर्ने चेष्टा गरेको गलत कामको सजाय स्वरूप सत्यलोकबाट निकालिए र प्रतिदिन एक लाख मानव शरीरधारी प्राणी आहार गर्ने र सवा लाख उत्पन्न गर्ने श्राप पाए । यहाँ सम्पूर्ण प्राणीहरूले जन्म मृत्युको कष्ट उठाइ रहेका छन् । पूर्ण परमात्माको वास्तविक शब्द (साँचो नामको जप मन्त्र) मबाट प्राप्त गर्नेलाई कालको बन्धनबाट छुटाइ दिन्छु । मेरो नाम बन्दी छोड हो । आफ्नो गुरू तथा प्रभु कबीर परमात्माको आधारमा आदरणीय गरिबदास जी भन्छन्,- साँचो मन्त्र अर्थात् सत्यनाम तथा सारशब्द प्राप्त गरेमा पूर्ण मोक्ष हुन्छ । नभए नक्कली नामदान गर्ने सन्त र

न्तहरूका मीठा मीठा कुरामा फसेर शास्त्रविधि रहित साधना गरी कालको जालमा सेर कष्टमाथि कष्ट उठाउने छौ ।

॥ गरीबदास जी महाराजको वाणी॥
(सत ग्रन्थ साहिब पृष्ठ नं. ६९० बाट सामार)

माया आदि निरंजन भाई, अपने जाऐ आपै खाई।
ब्रह्मा विष्णु महेश्वर चेला, ऊँ सोहं का है खेला॥
सिखर सुन्न में धर्म अन्यायी, जिन शक्ति डायन महल पठाई॥
लाख ग्रास नित उठ दूती, माया आदि तख्त की कुती॥
सवा लाखा घडिये नित भांडे, हंसा उतपति परलय डांडे।
ये तीनों चेला बटपारी, सिरजे पुरूषा सिरजी नारी॥
खोखापुर में जीव भुलाये, स्वपना बहिस्त बैकुंठ बनाये।
यो हरहट का कुआ लोई, या गल बंध्या है सब कोई।
कीडी कुजंर और अवतारा, हरहट डोरी बंधे कई बारा।
अरब अलील इन्द्र हैं भाई, हरहट डोरी बंधे सब आई॥
शेष महेश गणेश्वर ताहिं, हरहट डोरी बंधे सब आहिं।
शुक्रादिक ब्रह्मादिक देवा, हरहट डोरी बंधे सब खेवा॥
कोटिक कर्ता फिरता देख्या, हरहट डोरी कहूँ सुन लेखा।
चतुर्भुजी भगवान कहावैं, हरहट डोरी बंधे सब आवैं॥
यो है खोखापुर का कुआ, या में पडा सो निश्चय मुवा।

ज्योति निरञ्जन (कालबली) को वशमा परेर यी तीनै देवताले (रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमोगुण-शिव जी) आफ्नो महिमा देखाएर जीवहरूलाई स्वर्ग, नरक तथा भवसागर (चौरासी लाख योनीहरु) मा अल्मल्याइ रहन्छन् । ज्योति निरञ्जनले आफ्नो मायाले नागिनीले झैं जीवहरु पैदा गर्छन् र मार्छन् । नागिनीले अण्डाहरूको चारैतिर आफ्नो पुच्छरको कुण्डली बनाई ती अण्डाहरूमा आफ्नो फणाले हान्छे । जसले गर्दा अण्डा फुट्छन् र तिनीहरूबाट बच्चा निस्कन्छन् अनि तिनीहरूलाई खान्छे । नागिनीका थुप्रै अण्डा हुन्छन् र फणा हान्दा कतिपय अण्डा फुट्छन् । फुटेका अण्डाहरूबाट बच्चा निस्किन्छन् । कुनै बच्चा कुण्डली (सर्पनीको पुच्छरको घेरा) बाट बाहिर निस्के भने मात्र ती बाँच्छन् नत्र कुण्डलीभित्र नागिनीले छोड्दिन । कुण्डली भित्रका सबै बच्चाहरूलाई नागिनीले खान्छे ।

माया काली नांगिनी, अपने जाये खात। कुण्डली में छोडै नही, सौ बातों कि बात॥

यो कालबलीको जाल हो । पूर्ण सन्तबाट नाम लिएर निरञ्जनसम्मको भक्ति गरे पनि निरञ्जनको कुण्डली (एक्काईस ब्रह्माण्डहरु) भन्दा बाहिर निस्कन सकिँदैन। स्वयं ब्रह्मा, विष्णु, महेश र आदि-माया शेराँवाली (दुर्गा) पनि निरञ्जनको कुण्डलीभित्रै छन्। यी विचराहरु अवतार धारण गरेर आउँछन् र जन्म मृत्युको चक्रमा घुमि रहन्छन्। ध्रुव, प्रह्लाद र शुकदेव ऋषिले सोहं जप जपेर पनि मुक्त भएनन्, काललोकमा नै रहे । ध्रुव पनि एक कल्प अर्थात् एक हजार चतुर्युगसम्म मात्र मुक्त छन् भनेर श्री विष्णु पुराणको

प्रथम अंशको अध्याय १२ को श्लोक ९३ पृष्ठ ५१ मा लेखिएको छ। 'ॐ नमः भगवते वासुदेवाय' मन्त्र जप गर्ने भक्तहरु पनि कृष्णसम्मको भक्ति गरि रहेका हुन्छन् र तिनीहरु चौरासी लाख योनीको चक्रबाट उम्किन सक्दैनन् । परम पुज्य कबीर साहेब जी र आदरणीय गरीबदास साहेब जी महाराजका वाणीले यस तथ्यको प्रत्यक्ष प्रमाण दिन्छ:

अनन्त कोटि अवतार हैं, माया के गोविन्द। कर्ता हो हो अवतरे, बहुर पडे जग फंध।।

सत्यपुरूष कबीर साहेब जीको भक्तिले मात्र जीव मुक्त हुन सक्छ । जीव सत्यलोकमा फर्केर नआएसम्म काल लोकमा यसरी नै कर्म गरि रहन्छ । अनि गरिएको नाम र दान धर्मको कमाई स्वर्गरूपी होटलहरूमा सिध्याएर फेरि फर्की कर्मको आधारमा चौरासी लाख प्रकारका प्राणीको शरीरमा कष्ट भोगेर काल लोकमा घुमि रहन्छ । माया (दुर्गा) बाट उत्पन्न भएर करोडौं गोविन्द (ब्रह्मा, विष्णु र शिव) मरि सकेका छन् । उनीहरूले भगवानको अवतार लिएर आएका थिए र फेरि कर्म बन्धनमा बाँधिएर कर्म भोग गरी चौरासी लाख योनीमा गए । भगवान विष्णुलाई देवर्षि नारदले श्राप दिए र श्री रामचन्द्रका रूपमा अयोध्यामा आई बालीको बध गरे । त्यस कर्मको दण्ड भोग्न श्री कृष्ण जीको रूपमा जन्म लिए । बालीको आत्माले शिकारी बनेर प्रतिशोध लिन श्री कृष्ण जीको गोडामा विषाक्त तीर हानेर बध गर्‍यो । महाराज गरीबदास जी आफ्नो वाणीमा भन्छन् :

ब्रह्मा विष्णु महेश्वर माया, और धर्मराय कहिये।
इन पाँचों मिल परपंच बनाया, बाणी हमरी लहिये।।
इन पाँचों मिल जीव अटकाये, जुगन-जुगन हम आन छुटाये।
बन्दी छोड हमारा नामं, अजर अमर है अस्थिर ठामं।।
पीर पैगम्बर कुतुब औलिया, सुर नर मुनिजन ज्ञानी।
येता को तौ राह न पाया, जमके बंधे प्राणी।।
धर्मरायकी धूमा-धामी, जमपर जंग चलाऊँ।
जोरा को तो जान न दूंगा, बांध अदल घर ल्याऊँ।।
काल अकाल दोहूँ को मोसूं, महाकाल सिर मूंडू।
मै तो तख्त हजुरी हुकमी, चोर खोज कूं ढूंढू।।
मूला माया मग में बैठी, हंसा चुन-चुन खाई।
ज्योति स्वरूपी भया निरंजन, मैं ही कर्ता भाई।।
सहंस अठासी दीप मुनीश्वर, बंधे मुला डोरी।
ऐत्यां में नम का तलबाना, चलिए पुरूष कीशोरी।।
मूला का तो माथा दागूं, सतकी मोहर करूंगा।
पुरूष दीप कूं हंस चलाऊँ, दरा न रोकन दूंगा।।
हम तो बन्दी छोड कहावां, धर्मराय है चकवै।
सतलोक की सकल सुनावां, वाणी हमरी अखवै।।
नौ लख पट्टन ऊपर खेलूं, साहदरे कूं रोकूं।

द्वादस कोटि कटक सब काटूं, हंस पठाऊँ मोखूं॥
चौदह भुवन गमन है मेरा, जल थल में सरबंगी।
खालिक खलक खलक में खालिक, अविगत अचल अभंगी॥
अगर अलील चक्र है मेरा, जित से हम चल आए।
पाँचों पर प्रवाना मेरा, बंधि छुटावन धाये॥
जहाँ ओंकार निरंजन नाही, ब्रह्मा विष्णु वेद नही जाही।
जहाँ करता नही जान भगवाना, काया माया पिण्ड न प्राणा॥
पाँच तत्त्व तीनों गुण नाही, जोराकाल दीप नहीं जाही।
अमर करुं सतलोक पठाऊँ, तातैं बन्दी छोड कहाऊँ॥

कबीर परमेश्वर (कविर्देव) को महिमा बताउँदै गरीबदास जी भन्छन्,- हाम्रो प्रभु विर् (कविर्देव) बन्दी छोड हुनु हुन्छ । बन्दी छोडको अर्थ कालको कारागारबाट टाउने हो । काल ब्रह्मको एक्काईस ब्रह्माण्डहरुमा सम्पूर्ण प्राणी पापका कारण लको बन्दी बनेका छन् । पूर्ण परमात्मा (कविर्देव) कबीर साहेब बाहेक पापको विनाश ब्रह्म, ब्रह्म, ब्रह्मा, विष्णु र शिव जी आदिले गर्न सक्दैनन् र कर्म अनुसारको फल त्र दिन्छन् । यजुर्वेद अध्याय ५ को मन्त्र ३२ मा 'कविरंघारिरसि' वा कविर्देव (कबीर मेश्वर) पापका शत्रु र 'बम्भारिरसि' वा बन्धनको शत्रु अर्थात् बन्दी छोड हुनु हुन्छ निएको छ ।

यी पाँचजना (ब्रह्मा, विष्णु, शिव, माया र धर्मराय) भन्दा माथिका सत्यपुरुष मात्मा (कविर्देव) सत्यलोकका मालिक हुनु हुन्छ । परब्रह्म, ब्रह्म, तथा ब्रह्मा, विष्णु, शव र आदि-माया नाशवान परमात्मा हुन् र महाप्रलयमा यी तथा यिनका लोकहरु माप्त हुन्छन् । यिनीहरुको आयु आम जीवको भन्दा कैयौं हजार गुणा ज्यादा लामो ए पनि निर्धारित समयमा एक दिन अवश्य पूरा हुन्छ । गरीबदास जी महाराज भन्छन्:

शिव ब्रह्मा का राज, इन्द्र गिनती कहां। चार मुक्ति वैकुण्ठ समझ, येता लह्या॥
संख जुगन की जुनी, उम्र बड धारिया। जा जननी कुर्बान, सु कागज पारिया॥
येती उम्र बुलंद मरैगा अंत रे। सतगुरू लगे न कान, न भैंट संत रे॥

शंख युग लामो आयु भए पनि एक दिन अवश्य पूरा हुन्छ । सत्यपुरुष परमात्मा कविर्देव) कबीर साहेबका प्रतिनिधि र नाम दान गर्ने आदेश प्राप्त पूर्ण सन्त (गुरू) ले ीन नाम (ओ३म+तत्+सत् साङ्केतिक) को मन्त्र दिनु हुन्छ । वहाँबाट उपदेश लिएर ामको कमाइ गर्‍यौं भने हामी सत्यलोकको अधिकारी हंस हुन सक्छौं । सत्य साधना िनाको लामो आयु कुनै कामको हुँदैन किनकि निरञ्जन लोकमा दुःख नै दुःख छ ।

कबीर, जीवना तो थोडा ही भला, जै सत सुमरन होय।
लाख वर्षका जीवना, लेखै धरै ना कोय॥

कबीर साहेबले आफ्नो (पूर्णब्रह्मको) जानकारी आफै यसरी दिनु हुन्छ, "यी रमात्माहरुभन्दा माथि असङ्ख्य भुजा वा हात भएका परमात्मा सत्य पुरुष हुनु हुन्छ,

वहाँ सत्यलोक (सचखण्ड वा सतधाम) मा बस्नु हुन्छ तथा वहाँ अन्तर्गत सम्पूर्ण लोकहरु ब्रह्म (काल) का एक्काइस ब्रह्माण्ड र ब्रह्मा, विष्णु, शिव र शक्तिका लोकहरु तथा परब्रह्मको सात शंख ब्रह्माण्ड र अन्य सबै ब्रह्माण्डे पर्दछन् । पूर्ण गुरुबाट प्राप्त हुने सत्यनाम-सारनामको जपले त्यहाँ जान सकिन्छ । सच्चखण्ड (सत्यलोक) मा जाने आत्माको पुनर्जन्म हुँदैन । सत्यपुरुष (पूर्णब्रह्म) कबीर साहेब (कविर्देव) आफू नै अन्य लोकमा पनि फरक फरक नामले वा अलख लोकमा अलख पुरुष, अगम लोकमा अगम पुरुष र अकहलोकमा अनामी पुरुषका रूपमा विराजमान हुनु हुन्छ । यी त उपमात्मक नाम हुन्, तर पूर्ण पुरुषको वास्तविक नाम कविर्देव (भाषा फरक भएर कबीर साहेब) हो ।

आदरणीय नानक साहेब जीको अमृतवाणीमा सृष्टि रचनाको प्रमाण

श्री नानकसाहेब जीको अमृतवाणी, महला १, राग बिलावलु, अंश १ (गु.ग्र. पृष्ठ ८३९)


आपे सचु कीआ कर जोडि। अंडज फोडि जोडि विछोड॥
धरती आकाश कीए वैसण कउ थाउ। राति दिनंतु कीए भउ-भाउ॥
जिन कीए करि वेखणहारा। (३)
त्रितीआ ब्रह्मा-विसनु-महेसा। देवी देव उपाए वेसा॥ (४)
पउण पाणी अगनी बिसराउ। ताही निरंजन साचो नाउ।
तिसु महि मनुआ रहिआ लिव लाई। प्रणवति नानकु कालु न खाई॥ (१०)

भावार्थ:- सच्चा परमात्मा (सत्यपुरुष) ले आफ्नै हातले सम्पूर्ण सृष्टिको रचना गर्नु भएको हो । वहाँले अण्डा बनाउनु भयो र फुटाउनु भयो, अनि त्यसबाट ज्योति निरञ्जन निस्किए । पूर्ण परमात्माले सम्पूर्ण प्राणीहरूलाई बस्नका लागि धर्ती, आकाश, हावा, पानी आदि पाँच तत्त्वको रचना गर्नु भयो । आफूले रचेको सृष्टिको साक्षी वहाँ आफू नै हुनु हुन्छ, अरू कसैले यसको सही जानकारी दिन सक्दैन । अण्डा फुटेर निस्केका निरञ्जन पछि श्री ब्रह्मा जी, श्री विष्णु जी र श्री शिव जी तथा अन्य देवी देवता र अनगिन्ती जीवहरु उत्पन्न भए । अनि अन्य देवताहरूको जीवन चरित्र र ऋषिहरूको अनुभवबाट ६ शास्त्र र १८ पुराण बने । पूर्ण परमात्माको सच्चा नाम (सत्यनाम) को साधना अनन्य मनले गर्दा तथा गुरु मर्यादामा रहने (प्रणवति) लाई कालले खाँदैन भनी नानक जी भन्नु हुन्छ ।

राग मारु (अंश) अमृतवाणी महला १ (गु.ग्र. पृष्ठ १०३७)

सुनहु ब्रह्मा, बिसनु, महेसु उपाए। सुने वरते जुग सबाए॥
इसु पद बिचारे सो जनु पुरा। तिसं मिलिए भरमु चुकाइदा॥ (३)
साम वेदु, रूगु जुजरू अथरबणु। ब्रह्में मुख माइआ है त्रैगुण॥
ता की कीमत कहि न सकै। को तिउ बोले जिउ बुलाईदा॥ (९)

उपरोक्त अमृतवाणीको सारांश:- पूर्ण सृष्टि रचना बारे बताउँदै अण्डाको दुई भाग भएर को निस्किए, ब्रह्मलोकको शून्य वा गोप्य स्थानमा कसले ब्रह्मा, विष्णु र



योह हरहट का कुवाँ लोई, या गल बंध्या है सब कोई ।
कीडी कुंजर और अवतारा, हरहट डोरी बंधे कई बारा ॥

कालको लोकमा जन्म - मरण रूपी हरहट (चक्र)

शिव जीको उत्पत्ति गरे, ब्रह्म (काल) को मुखबाट चारै वेदहरु (पवित्र ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद) को उच्चारण गराउने परमात्मा को हुनु हुन्छ तथा आफूले चाहे जसरी नै प्रत्येक प्राणीलाई बोल्न लगाउने पूर्ण परमात्मा को हुनु हुन्छ भनी बुझाउने सन्तको खोजी गर । यी सम्पूर्ण ज्ञान पूर्ण रूपमा बताउने सन्तको नजिक जाऊ । तिम्रा सबै शंकाहरूको पूर्ण निवारण गर्न सक्ने पूर्ण सन्त अर्थात् तत्त्वदर्शी सन्त हुनु हुन्छ ।

श्री गुरू ग्रन्थ साहेब पृष्ठ ९२९ श्री नानक साहेब जीको अमृतवाणी, राग रामकली, महला १ दखणी ओअंकार

ओअंकारि ब्रह्मा उतपति। ओअंकारू कीआ जिनी चित। ओअंकारि सैल जुग भए। ओअंकारि बेद निरमए। ओअंकारि सबदी उधरे। ओअंकारि गुरूमुखि तरे। ओनम अखर सुणहू बीचारू। ओनम अखरू त्रिभवण सारू।

उपरोक्त अमृतवाणीमा श्री नानक साहेब जी भन्छन् : ओंकार अर्थात् ज्योति निरञ्जन (काल) बाट ब्रह्मा उत्पत्ति भए । कैयौं युगसम्म मस्ती गरेर ओंकार (ब्रह्म) ले वेदहरूको उत्पत्ति गरे, जुन ब्रह्माले प्राप्त गरे । तीन लोकको भक्तिका लागि वास्तवमा एक ओ३म् मन्त्र मात्र जप गर्नु पर्छ । यो ओ३म् शब्द पूर्ण सन्तबाट उपदेश लिएर अर्थात् गुरू धारण गरेर जप गर्नाले उद्धार हुन्छ ।

विशेष :-श्री नानक साहेब जीले ठाउँ ठाउँमा तीन मन्त्र (ओ३म् + तत् + सत्) को रहस्यात्मक विवरण दिनु भएको छ । त्यसलाई पूर्ण सन्त (तत्त्वदर्शी सन्त) ले मात्र बुझ्न सक्नु हुन्छ र तीनवटै मन्त्र जपको बारेमा उपदेशीलाई बुझाउन सक्नु हुन्छ ।

(पृ. १०३८) उत्तम सतिगुरू पुरूष निराले, सबदि रते हरि रस मतवाले।
रिधि, बुधि, सिधि, गिआन गुरू ते पाइए, पूरे भाग मिलाईदा।।१५।।
सतिगुरू ते पाए बीचारा, सुन समाधि सचे घरबारा।
नानक निरमल नादु सबद धुनि, सचु रामैं नामि समाइदा।।१७।।

भावार्थः- वास्तविक ज्ञान दिने सत्‌गुरू अनुपम हुनु हुन्छ । वहाँले नामको जप मात्र जप्नु हुन्छ, अन्य हठयोग साधना बताउनु हुन्न । यदि तपाईंलाई धन-सम्पत्ति, पद, बुद्धि वा भक्तिशक्ति नै चाहिए पनि त्यो भक्ति मार्गको ज्ञान पूर्ण सन्तले पूर्णरूपमा प्रदान गर्नु हुन्छ । यस्ता पूर्ण सन्त त ठूलो भाग्यले मात्र भेटिन्छ । आफ्नो वास्तविक घर (सत्यलोक) माथि शून्य (आकाश) मा परमेश्वरले रच्नु भएको विवरण पूर्ण सन्तले नै बताउछन् ।

त्यहाँ वास्तविक सार नामको धुन (आवाज) बजि रहन्छ । अविनाशी परमेश्वरको सार शब्दले मात्र त्यस आनन्दमा समेटिन सकिन्छ अर्थात् त्यो वास्तविक सुखदायक स्थानमा वास हुन सक्छ, अरू नामहरु र अपूर्ण ज्ञान भएका गुरुहरूबाट हुन सक्दैन ।

आंशिक अमृतवाणी, महला पहला (श्री गु.ग्र. पृष्ठ ३५९-३६०)

सिव नगरी महि आसणि बैसउ कलप त्यागी वादं। (१)
सिंडी सबद सदा धुनि सोहै अहिनिसि पूरै नादं। (२)
हरि कीरति रह रासि हमारी गुरू मुख पंथ अतीत। (३)

सगली जोती हमारी संमिआ नाना वरण अनेकं।
कह नानक सुणि भरथरी जोगी पारब्रह्म लिव एकं। (४)

भावार्थ:- श्री नानक साहेब जी भन्छन्,- हे भरथरी योगी जी । तपाईंको साधना शिवसम्म मात्र छ । उनबाट तपाईंले शिव नगरी (लोक) मा स्थान पाउनु भएको छ । तपाईंको शरीरमा आइ रहेका सिंगी आदि शब्द त यिनै कमलहरूका हुन् जुन टेलिभिजन झैं प्रत्येक देवको लोकबाट आएर शरीरमा सुन्ने गरिन्छ । म त एकमात्र परमात्मा पारब्रह्म अर्थात् सबैभन्दा माथि रहनु हुने पूर्ण परमात्माको नै अनन्य मनले भक्ति गर्छु । म बाहिरिया देखावटी (भस्म लगाउने, हातमा डण्डा लिने) गर्दिनँ । म त सबै प्राणीहरूलाई एकमात्र पूर्ण परमात्मा (सत्यपुरूष) कै सन्तान सम्झन्छु । त्यही शक्तिले सबै चलायमान छन् । मेरो मुद्रा त गुरूबाट साँच्चो नाम प्राप्त गरेर जप गर्नु हो तथा क्षमा गर्नु हाम्रो बाणी (भेषभुषा) हो । म त पूर्ण परमात्माको उपासक हूँ । पूर्ण सतगुरूको भक्ति मार्ग यसभन्दा भिन्न छ ।

अमृतवाणी, राग आसा, महला १ (श्री गु.ग्र. पृष्ठ ४२०)

।।आसा महला।।१।। जिनी नामु विसारिआ दुजै भरमि भुलाई। मूलु छोडि डाली लगे क्रिआ पावाहि छाई।।२।। साहिबु मेरा एकु है अवरू नही भाई। किरपा ते सुखु पाइआ साचे परथाई।।३।। गुरू की सेवा सो करे जिसु आपि कराए। नानक सिरू दे छुटीऐ दरगह पति पाए।।८।।१८।।

भावार्थ:-श्री नानक साहेब भन्छन्,- पूर्ण परमात्माको नाम छोडेर अन्य भगवानहरूको नाम जपको भ्रममा अल्मलिइ रहेकाहरू मूल (पूर्ण परमात्मा) लाई छोडेर हाँगाहरू (तीन गुणरूपका रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) मा सिँचाई (पूजा) गरि रहेछन् । त्यो साधनाले कुनै सुख पाइँदैन अर्थात् रूख सुक्यो भने छाँयामा बस्न पाउँदैनौं अर्थात् शास्त्र विधि रहित साधना गर्ने काम व्यर्थ प्रयत्न हुनाले यसबाट कुनै लाभ हुँदैन । यसको प्रमाण पवित्र गीता अध्याय १६ श्लोक २३-२४ मा पूर्ण परमात्मा प्राप्त गर्न मनमुखी (मनोमानी) साधना त्यागेर पूर्ण गुरूदेव प्रति समर्पित हुनै पर्छ । साँच्चो नाम जप गर्नाले नै मोक्ष सम्भव छ, नत्र मृत्युपछि नरक जाने छ भनिएको छ ।

श्री गुरू ग्रन्थ साहेब, पृष्ठ नं. ८४३ र ८४४

।। बिलावलु महला।।१।। मैं मन चाहु घणा साचि विगासी राम। मोही प्रेम पिरे प्रभु अबिनासी राम।। अविगतो हरि नाथु नाथह तिसै भावै सो थीऐ। किरपालु सदा दइआलु दाता जीआ अंदरि तूं जीऐ।। मैं आधारू तेरा तू खसमु मेरा मै ताणु तकिआ तेरओ। साचि सूचा सदा नानक गुरसबदि झगरू निबेरओ।।४।।२।।

उपरोक्त अमृतवाणीमा श्री नानक साहेब भन्छन्,- अविनाशी पूर्ण परमात्मा नाथहरूको पनि नाथ वा देवताहरूको पनि देवता (ब्रह्मा, विष्णु, शिव, ब्रह्म र परब्रह्म आदिका पनि नाथ वा स्वामी) हुनु हुन्छ । मैले साँच्चो नाम (सत्यनाम) लाई हृदयमा

समेटेको छु । ए परमात्मा ! सम्पूर्ण प्राणीको जीवन आधार हजुर नै हुनु हुन्छ । म हजुरमा आश्रित छु, हजुर मेरो मालिक हुनु हुन्छ । हजुरले नै गुरू रूपमा आएर सत्यभक्तिको निर्णायक ज्ञान दिई सबै विवाद अर्थात् सबै शंकाहरु समाधान गर्नु भयो ।

श्री गुरू ग्रन्थ साहेब, पृष्ठ नं. ७२१, राग तिलंग, महला १

यक अर्ज गुफतम् पेश तो दर कून करतार।

हक्का कबीर करीम तू बेअब परवरदिगार।

नानक बुगोयद जन तुरा तेरे चाकरां पाखाक।

उपरोक्त अमृतवाणीमा तपाई (हक्का कबीर) सत्कबीर, (कून करतार) शब्द शक्तिबाट रचना गर्ने शब्द स्वरूपी प्रभु अर्थात् सम्पूर्ण सृष्टिको रचनाकार हुनु हुन्छ, हजुर नै (बेअब) निर्दोष निर्विकार र (परवरदिगार) सम्पूर्ण प्राणीहरूको पालनकर्ता दयालु प्रभु हुनु हुन्छ । म हजुरको दासको पनि दास हुँ भन्ने तथ्य स्पष्ट गर्नु भएको छ ।

श्री गुरू ग्रन्थ साहेब, पृष्ठ नं. २४, राग सीरी, महला १

तेरा एक नाम तारे संसार, मैं ऐहा आस ऐहो आधार।

नानक नीच कहै बिचार, धाणक रूप रहा करतार।।

माथिको अमृतवाणीमा काशीका कपडा बुन्ने जुलाहा (धाणक) का रूपमा नै कुलका सृष्टिकर्ता (करतार) हुनु हुन्छ भन्ने कुराको प्रमाण दिनु भएको छ । अति आधीन भएर श्री गुरू नानक जी भन्छन्,- म साँच्चो मनि रहेछु कि यी धाणक अर्थात् कबीर जुलाहा नै पूर्ण ब्रह्म (सत्यपुरूष) हुनु हुन्छ ।

विशेष:- उपरोक्त प्रमाणहरूको साङ्केतिक ज्ञानबाट सृष्टि रचना कसरी भयो भन्ने कुरा प्रमाणित भयो । अब पूर्ण परमात्मा प्राप्त गर्नु पर्छ, जुन पूर्ण सन्तबाट नाम लिएर मात्र सम्भव छ ।

अन्य सन्तहरूले बताएका सृष्टि रचनाको दन्त्यकथा

अन्य सन्तहरूले बताएको सृष्टि रचनाको ज्ञान कस्तो छ ? सृष्टि रचनाको विषयमा राधास्वामी पन्थका सन्तहरु तथा धन-धन सतगुरू पन्थका सन्तको विचार सम्बन्धमा निम्न तथ्यहरु पढ्नु होस् :-

पवित्र पुस्तक जीवन चरित्र परम सन्त बाबा जयमल सिंह जी महाराज, 'सृष्टिको रचना' (सावन कृपाल पब्लिकेसन, दिल्ली) पृष्ठ नं. १०२-१०३ का अनुसार

सुरूमा सत्यपुरूष निराकार थिए, अनि इजहार (आकार) मा आएपछि माथिका तीनवटा निर्मल मण्डल (सतलोक, अलखलोक र अगमलोक) बने र प्रकाश र मण्डल (लोक) हरु का नाद (धुन) बने।

पवित्र पुस्तक सारवचन (नसर), प्रकाशक : राधास्वामी सत्संग सभा, दयाल बाग आगरा, 'सृष्टिको रचना' पृष्ठ ८ का अनुसार

पहिला धून्धूकार (अन्धकार) थियो। त्यहाँ पुरूष शून्य समाधिमा थिए। जत्तिखेर केही पनि रचना भएको थिएन। अनि मौज (इच्छा) भएपछि शब्द प्रकट भयो र त्यसबाट

सबै रचना भयो- पहिला सत्यलोक र फेरि सत्यपुरुषको कलाले तीन लोक र अरू सबै विस्तार भयो।

यो ज्ञान कुनै युवक जागिर खान जाँदाको अन्तरवार्ता जस्तै छ । अन्तरवार्तामा अधिकारीले तपाईंले महाभारत पढ्नु भएको छ भनी सोधे । केटोले महाभारत मुखाग्र पारेको छु भन्यो । अधिकारीले पाँच पाण्डवको नाम बताउन भन्दा केटोले भन्यो,- एउटा भीम थियो, उसको एउटा ठूलो दाजु, एउटा ऊभन्दा सानो, एउटा अर्को पनि थियो र एउटाको नाम चाहिँ मैले बिर्से । माथि दिइएका सृष्टि रचनाको ज्ञान पनि यस्तै छ ।

सत्यपुरुष तथा सत्यलोकको महिमा बताउने वाला र पाँच नाम (ओंकार, ज्योति-निरञ्जन, ररंकार, सोहं र सत्यनाम) तथा तीन नाम (अकाल मूर्ति, सत्यपुरुष र शब्द स्वरूपी राम) दिने सन्तहरूले लेखेका पुस्तकहरूका केही निष्कर्ष यस प्रकार छन् :-

सन्तमत प्रकाश, भाग ३, पृष्ठ ७६ मा सच्चखण्ड वा सत्यनाम चौथो लोक हो भनी सत्यनामलाई स्थान बताइएको छ । अनि यस पवित्र पुस्तकको पृष्ठ ७९ मा एउटा राम दशरथको छोरा, दोस्रो राम 'मन' तेस्रो राम 'ब्रह्म' र चौथो राम 'सतनाम'- यो नै सही राम हो भनी लेखिएको छ। फेरि, पवित्र पुस्तक सन्तमत प्रकाश, पहिलो भाग, पृष्ठ १७ मा त्यो सत्यलोक हो, त्यसैलाई सत्यनाम भनिन्छ भनेर लेखिएको छ । पवित्र पुस्तक 'सारवचन नसर यानि वार्तिक', पृष्ठ ३ मा 'अब राधास्वामी पद सबैभन्दा उच्च स्थान हो भनेर बुझ्नु पर्छ, जसलाई सन्तहरूले सत्यलोक, सच्चखण्ड, सारशब्द, सत्यशब्द, सत्यनाम र सत्यपुरुष भनेर वर्णन गरेका छन् भनी उल्लेखित छ । आगराबाट प्रकाशित पवित्र पुस्तक 'सार वचन (नसर)',पृष्ठ ४ मा पनि ठीक माथिको झैं वर्णन गरिएको छ । पवित्र पुस्तक 'सच्चखण्ड को सडक' पृष्ठ २२६ मा सन्तहरूको देश सच्चखण्ड वा सत्यलोक हो, त्यसैलाई सत्यनाम, सत्यशब्द वा सारशब्द भनिन्छ भनिएको छ ।

विशेषः उपरोक्त व्याख्या यस्तो लाग्यो जस्तो कसैले जीवनमा शहर, कार, पेट्रोल देखेको छैन, ड्राइभर (चालक) कसलाई भनिन्छ भन्ने ज्ञान पनि छैन र त्यो व्यक्तिले अन्य साथीहरूसँग भनोस्- म शहर जान्छु कारमा बसेर आनन्द मनाउँछु । अनि साथीहरूले सोधे कार कस्तो हुन्छ, पेट्रोल कस्तो हुन्छ, चालक कस्तो हुन्छ, शहर कस्तो छ ? ती गुरू जीले उत्तर दिए- शहर भन या कार एउटै कुरा हो । शहर पनि कार नै हो, पेट्रोल पनि कार नै हो, ड्राइभर पनि कारलाई नै भनिन्छ, सडक पनि कारलाई नै भनिन्छ ।

विचार गरौं:- सतपुरूष त पूर्ण परमात्मा हुनु हुन्छ, सतनाम त्यो दुई मन्त्रको नाम हो जसमा एक ओउम् + तत् साङ्केतिक छ र यसपछि सारनाम साधकलाई पूर्ण गुरूद्वारा दिइन्छ । सतनाम तथा सारनाम दुवै स्मरण गर्ने नाम हुन् । सतलोक सतपुरूष रहनु हुने स्थान हो । पुण्य आत्माहरू सत्य तथा असत्यको स्वयम् निर्णय गर्नु होस् ।

"भक्ति मर्यादा"

नाम (दीक्षा) लिने व्यक्तिहरूका लागि आवश्यक जानकारी

१. पूर्ण गुरूबाट दीक्षा लिनु पर्छ:- पूर्ण गुरूको पहिचान : अहिले कलियुगको भक्त समाजका लागि पूर्ण गुरूको पहिचान गर्ने कार्य अत्यन्त जटिल सवाल बनेको छ। तर यसको संक्षिप्त र साधारण उत्तर के हो भने शास्त्र अनुसार भक्ति गर्ने र आफ्ना अनुयायीहरु अर्थात् शिष्यहरूलाई पनि शास्त्रानुसार भक्ति गराउने गुरू नै पूर्ण सन्त हुन्। किनकि भक्तिमार्गको संविधान भनेकै कबीर साहेबका वाणी, नानक साहेबका वाणी, वेद, गीता, पुराण, कुरान, पवित्र बाइबल आदि धार्मिक शास्त्रहरु हुन्। शास्त्रहरु अनुसार भक्ति साधना बताउने र भक्त समाजलाई सो बमोजिम मार्गदर्शन गराउने गुरु मात्र पूर्ण सन्त हुन्। शास्त्र विरूद्ध साधना गराई यो अनमोल मानव जन्मसँग खेलबाड गर्ने त भक्त समाजको घोर शत्रु हो। यस्ता गुरू वा सन्तलाई भगवानको दरबारको घोर नरकमा उँघोमुन्टो पारेर झुण्ड्याइन्छ।

उदाहरणका लागि, पाठ्यक्रमभन्दा बाहिर रहेर शिक्षा दिने कुनै पनि अध्यापक विद्यार्थीहरूको शत्रु हो।

गीता अध्याय नं. ७ को श्लोक नं. १५ :

न, माम्, दुष्कृतिनः, मूढाः, प्रपद्यन्ते, नराधमाः,
मायया, अपहृतज्ञानाः, आसुरम्, भावम्, आश्रिताः॥

अनुवादः- मायाले गर्दा ज्ञान हराइ सकेका र आसुर स्वभाव धारण गरेका मानिसहरूमा नीच, दुषित कर्म गर्ने मूर्खहरु मेरो भजन गर्दैनन् अर्थात् तिनीहरु तीन गुणहरु (रजो गुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) को साधना मात्र गरि रहन्छन्।

यजुर्वेद अध्याय नं. ४० श्लोक नं. १० (सन्त रामपाल दास जीबाट भाषा भाष्य)
अन्यदेवाहुः सम्भवादन्यदाहुरसम्भवात्, इति शुश्रुम धीराणा ये नस्तद्विचचक्षिरे॥

अनुवादः- परमात्मालाई सामान्यतया निराकार अर्थात् कहिल्यै नजन्मने मनिन्छ। अर्काथरीले आकारमा अर्थात् जन्म लिएर अवतार रूपमा आउने भन्छन्। टिकाऊ अर्थात् पूर्णज्ञानीले मात्र यो तथ्यलाई राम्रोसित बताउँछन् र सही तरिकाले त्यही समरूप अर्थात् यथार्थ रूपमा फरक फरक रूपका आधारमा प्रत्यक्ष ज्ञान गराउँछन्।

गीता अध्याय नं. ४ को श्लोक नं. ३४

तत्, विद्धि, प्रणिपातेन, परिप्रश्नेन, सेवया।
उपदेक्ष्यन्ति, ते, ज्ञानम्, ज्ञानिनः तत्त्वदर्शिनः॥

अनुवादः- पूर्ण परमात्माको ज्ञान भएका र समाधानको रहस्य बुझेका सन्तहरूलाई दण्डवत् प्रणाम गर्नाले, उनीहरूको सेवा गर्नाले र कपट छाडेर नम्रतापूर्वक प्रश्न गर्नाले परमात्म तत्त्वबारे राम्ररी जान्ने ती ज्ञानी महात्माले मात्र तिमीलाई तत्त्व ज्ञानको उपदेश दिने छन्।

२. नशालु वस्तुहरूको सेवन गर्न निषेध :- हुक्का, जाँड-रक्सी, बियर, तमाखु, सूर्ती, बिडी, सिगरेट, सुँघ्ने नस, गुट्खा, मासु, अण्डा, अफीम, गाँजा र अन्य नशालु चिजहरूको सेवन त परको कुरा कसैलाई नशालु पदार्थ ल्याएर दिनु पनि हुँदैन । यी सबै नशालु पदार्थहरु धेरै हानीकारक हुन् भन्दै बन्दी छोड गरिबदास जी महाराजले आफ्नो वाणीमा बताएका छन् :-

सुरापान मद्य मासाहारी, गमन करै भोगै पर नारी। सतर जन्म कटत है शीश, साक्षी साहिब है जगदीश।।
पर द्वारा स्त्री का खोलै, सतर जन्म अंधा होवै डोलै। मदिरा पीवै कडवा पानी, सत्तर जन्म श्वान के जानी।।

गरीब, हुक्का हरदम पिवते, लाल मिलावै धूर। इसमे संशय है नही, जन्म पिछले सूर।।१।।
गरीब, सो नारी जारी करै, सुरा पान सौ बांर। एक चिलम हुक्का भरै, डुबै काली धार।।२।।
गरीब, सूर गऊ कु खात है, भक्ति बिहुनें राड। भांग तम्बाखू खा गए, सो चाबत है हाड।।३।।
गरीब, भांग तम्बाखू पीव ही, सुरा पान सैं हेत। गौस्त मट्टी खाय कर, जंगली बनें प्रेत।।४।।
गरीब, पान तम्बाखू चाब ही, नास नाक मे देत। सो तो इरानै गए, ज्यूं भडभूजे का रेत।।५।।
गरीब, भांग तम्बाखू पीव ही, गोस्त गला कबाब। मोर मृग कूं भखत है, देगें कहां जवाब।।६।।

३. तीर्थस्थानहरूमा जान निषेध :- कुनै प्रकारको पनि ब्रत बस्नु पर्दैन । कुनै तीर्थ यात्रा गर्नु तथा गंगा स्नान गर्नु पनि पर्दैन । कुनै पनि धार्मिक स्थलमा स्नानार्थ र दर्शनार्थ जानु पर्दैन । कुनै मन्दिर तथा धाममा भगवान छन् भनी पूजा र भक्तिको भावले जानु हुँदैन। भगवान कुनै मन्दिरको पुजारीले बाँधेर राख्ने पशु होइनन् । भगवान त कण-कणमा व्याप्त हुनु हुन्छ । त्यसैले यी सबै साधनाहरु शास्त्र विरूद्ध छन् ।

केही विचार गरेर त हेरौं :- यी सबै तीर्थस्थल (जगन्नाथको मन्दिर, बद्रीनाथ, हरिद्वार, मक्का, मदिना, अमरनाथ, वैष्णोदेवी, वृन्दावन, मथुरा, बरसाना, अयोध्याको राम मन्दिर, काशी धाम, छुडानी धाम आदि), मन्दिर, मस्जिद, गुरुद्वारा, चर्च र इष्ट धाम यस्ता ठाउँ हुन्, जहाँ कुनै सन्त बस्दथे। उनीहरूले त्यहाँ आफ्नो भक्ति साधना गरी भक्तिरूपी धन जोडे र आफ्नो शरीर छोडी आफ्नो इष्टदेवको लोकमा गए । त्यसपछि उनीहरूको सम्झनालाई प्रमाणित गरी राख्न त्यहाँ कसैले मन्दिर, कसैले मस्जिद, कसैले गुरूद्वारा त कसैले चर्च वा कसैले धर्मशाला बनाए ताकि उनीहरूको सम्झना रहि रहोस् र हामी जस्ता तुच्छ प्राणीहरूलाई यी महान आत्माहरूले गरे झैं हामीले पनि गर्नु पर्छ भन्ने शिक्षा मिलोस् । महान सन्तहरूले गरे जस्तो भक्ति साधना गर भन्ने सन्देश यी सबै धार्मिक स्थलहरूले दिन्छन् । यसका लागि यस्तो साधना गर्ने तथा त्यसको तरिका बताउन सक्ने सन्त खोजी गरेर उनले भने जस्तो गर भन्ने शिक्षा तीर्थस्थलहरूले दिन्छन् । तर पछि गएर यिनै स्थानहरूको पूजा प्रारम्भ भयो, जुन नितान्त व्यर्थ र शास्त्र विरूद्ध छ ।

यी स्थानहरु कुनै हलुवाइले भट्टी राखेर जेरी, लड्डु आदि बनाई आफूले खाएर आफ्ना साथी सङ्गीहरूलाई पनि खुवाएपछि छोडेको ठाउँ जस्तै त हुन् । त्यसपछि त्यो

ठाउँमा न हलुवाइ रहन्छ न त मिठाइ नै, त्यहाँ त भट्टी मात्र रहन्छ । त्यसले न हामीलाई मिठाइ बनाउन सिकाउँछ, न त हाम्रो पेट नै भर्न सक्छ । कसैले हलुवाइले मिठाइ बनाएको भट्टी देखाउँछु, ल जाऊँ भन्यो । त्यहाँ गएर भट्टी अवलोकन गरी सात फेरा लगाउँदा के मिठाइ पाइन्छ त ? यसका लागि पहिले मिठाइ खुवाउने र त्यसपछि बनाउने विधि सिकाउने हलुवाइ नै खोज्नु पर्छ । अनि उनले भने जस्तो मात्र गर्नु पर्छ, अन्यथा होइन ।

ठीक यसरी नै तीर्थस्थलहरूको पूजा गर्नुको सट्टा शास्त्र अनुसार पूर्ण परमात्मा कबीर साहेबको भक्ति गर्ने र सो तरिका बताउने सन्तको खोजी गर्नु पर्छ । उनले जसो भन्छन् त्यसो मात्र गर्नु पर्छ, आफ्नो मनोमानी गर्नु हुँदैन ।

सामवेद संख्या नं. १४०० उतार्चिक अध्याय १२, खण्ड ३, श्लोक नं. ५ (सन्त रामपाल दास महाराज जीबाट भाषा-भाष्य) :-

भद्रा वस्त्रा समन्याऽवसानो महान् कविर्निवचनानी शंसन्।
आ वच्यस्व चम्वोः पूयमानो विचक्षणो जागृविर्देववीतौ ॥५॥

अनुवादः- चलाख व्यक्तिहरूले आफ्ना वचनले पूर्ण परमात्मा (पूर्ण ब्रह्म) को पूजा गर्ने सतमार्गको दर्शन नगरेर अमृत दिनुको सट्टा भूत पूजा, पितृपूजा, श्राद्ध, तीनै गुण (रजगुण, सतगुण र तमगुण) तथा ब्रह्म कालको पूजा र मन्दिर, मस्जिद, गुरुद्वारा, चर्च तथा तीर्थ, व्रत जस्ता आन उपासना रूपी खटिरा तथा घाउबाट निस्केका पीपलाई आदरसाथ आचमन गराइ रहेका हुन्छन् । उसलाई परम सुखदायक पूर्ण ब्रह्म कबीरले सशरीर साधारण भेष भुषामा (वस्त्रको अर्थ भेषभुषा हो र सन्तको भाषामा यसलाई चोला पनि भनिन्छ, जस्तो कुनै सन्तले शरीर त्यागेर जानु भएमा महात्माले चोला छोडेर जानु भयो भनिन्छ) सत्यलोकको शरीर समान अर्को तेजपुञ्जको शरीर धारण गरी आम व्यक्ति सरह केही दिन संसारमा जीवन बिताएर आफ्ना शब्द साखीहरू (ज्ञान विषयक कविता) का माध्यमले सत्यज्ञानको वर्णन गर्दै पूर्ण परमात्माको लुकेको वास्तविक सत्यज्ञान तथा भक्तिलाई जागृत गराउनु हुन्छ ।

गीता अध्याय नं. १६ को श्लोक नं. २३:-

यः, शास्त्रविधिम्, उत्सृज्य, वर्तते, कामकारतः, न, सः,
सिद्धिम्, अवाप्नोति, न, सुखम्, न, पराम्, गतिम्॥

अनुवादः- शास्त्र विधिलाई त्यागेर आफ्नो इच्छाले मनोमानी आचरण गर्ने मानिसले न सिद्धि न परम गति न त सुख नै प्राप्त गर्छ ।

गीता अध्याय नं. ६ को श्लोक नं. १६ :-

न, अति, अश्नतः, तु, योगः, अस्ति, न, च, एकान्तम्, अनश्नतः,
न, च, अति, स्वप्नशीलस्य, जाग्रतः, न, एव, च, अर्जुन॥

अनुवाद :- हे अर्जुन ! यो योग अर्थात् भक्ति न अधिक खानेहरू, न बिल्कुलै नखानेहरू, न एकान्त स्थानमा आसन लगाई साधना गर्नेहरू तथा न अधिक शयन गर्ने स्वभाव भएकाहरू र न त सदा जागृत रहनेहरूको सिद्ध हुन्छ ।

पूजै देई धाम को, शीश हलावै जो। गरीबदास साची कहै, हद काफिर है सो।।
कबीर, गंगा काठे घर करै, पीवै निर्मल नीर। मुक्ति नही हरि नाम बिन, सतगुरू कहै कबीर।।
कबीर, तीर्थ कर-कर जग मूवा, उडै पानी न्हाय। राम ही नाम ना जपा, काल घसीटे जाय।।
गरीब, पीतल ही का थाल है, पीतल का लोटा। जड मूरत को पूजतें, आवैगा टोटा।।
गरीब, पीतल चमच्चा पूजिये, जो थाल परोसै। जड मूरत किस काम की, मति रहो भरोसै।।
कबीर, पर्वत पर्वत मै फिर्या, कारण अपने राम। राम सरीखे जन मिले, जिन सारे सब काम।।

४. पितृ पूजा निषेध :- कुनै पनि प्रकारको पितृ पूजा, श्राद्ध आदि गर्नु हुँदैन । गीता ज्ञानदाताले पनि यी पितृहरूको तथा भूतहरूको पूजा गर्न पूर्ण रूपमा मनाही गर्दै गीता जीको अध्याय नं. ९ को श्लोक नं. २५ मा भनेका छन् :-

यान्ति, देवव्रताः, देवान्, पितृऋन्, यान्ति, पितृव्रताः ।
भूतानि, यान्ति, भूतेज्याः, मद्याजिनः, अपि, माम् ।

अनुवाद :- देवताहरूको पूजा गर्नेहरूले देवता नै प्राप्त गर्छन्, पितृहरूको पूजा गर्नेहरूले पितृ नै प्राप्त गर्छन् तथा भूतहरूलाई पूजा गर्नेहरूले भूत नै प्राप्त गर्छन् र मतानुसार पूजा गर्ने भक्तहरु मबाटै लाभान्वित हुन्छन् ।

बन्दी छोड गरीबदास महाराज जी पनि भन्छन् :-

गरीब, भूत रमै सो भूत है, देव रमै सो देव ।
राम रमै सो राम है, सुनो सकल सुर भेव ॥

यसैले, पूर्ण मुक्ति गराउन सक्ने (पूर्ण परमात्मा) परमेश्वरको भक्ति गर । वहाँ परमात्मा पूर्ण ब्रह्म सत्यपुरूष (सत कबीर) हुनु हुन्छ । गीता जीको अध्याय नं. १८ को श्लोक नं ४६ मा यसको प्रमाण छ :-

यतः प्रवृतिर्भूतानां येन सर्वमिंद ततम्।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ।।४६।।

अनुवादः- जुन परमेश्वरबाट सम्पूर्ण प्राणीहरूको उत्पत्ति भएको छ र जसबाट यो समस्त जगत् व्याप्त छ, ती परमेश्वरको आफ्नो स्वाभाविक कर्महरूद्वारा पूजा गरेर मनुष्यले परम सिद्धि प्राप्त गर्दछ ।

गीता अध्याय नं १८ को श्लोक नं. ६२ मा पनि भनिएको छ :-

तमेव शरणं गच्छ सर्वभावेन भारत।
तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शास्वतम् ।।६२।।

अनुवाद :- ए भरतवंशी अर्जुन ! तिमी सर्वभावले ती ईश्वरकै शरणमा जाऊ । वहाँको कृपाले तिमीलाई परम शान्ति र अविनाशी परम (संसारभन्दा माथिको) पद प्राप्त हुन्छ ।

सर्वभावको तात्पर्य कुनै अन्य पूजा नगरेर मन-कर्म-वचनले एक परमेश्वरमा आस्था राख्नु हो ।

गीता अध्याय नं. ८ श्लोक नं. २२ मा भनिएको छ :-

पुरूषः स परः पार्थ भक्त्या लभ्यस्त्वनन्यया।
यस्यान्तः स्थानि भूतानि येन सर्वमिदं ततम्।।२२।।

अनुवाद :- हे पृथानन्दन अर्जुन ! सम्पूर्ण प्राणी जसमा अन्तर्निहित छन् र जसबाट यो सम्पूर्ण संसार व्याप्त छ, ती परम पुरुष परमात्मा त अनन्यभक्तिद्वारा प्राप्त हुने योग्य हुनु हुन्छ।

अनन्य भक्तिको तात्पर्य अरू देवी देवताहरु अर्थात् तीन गुणहरु (रजगुण-ब्रह्मा, सतगुण-विष्णु, तमोगुण-शिव) को नभई एउटै परमेश्वर (पूर्ण ब्रह्म) को भक्ति गर्नु हो। गीताजीको अध्याय नं. १५ श्लोक नं. १ देखि ४ मा यसकै प्रमाण दिइएको छ।

गीता अध्याय नं. १५ को श्लोक नं. १ :-

ऊर्ध्वमूलम्, अधःशाखम्, अश्वत्थम्, प्राहुः अव्ययम्,
छन्दांसि, यस्य, पर्णानि, यः, तम्, वेद, सः, वेदवित्।।१।।

अनुवाद :- माथिल्तिर जरा र तलतिर हाँगा भएको अविनाशी विस्तृत संसार रूपि पिपलको वृक्ष हो, जसका स-साना भाग वा हाँगा तथा पातहरु भनिएका छन्, त्यस संसार रूपि वृक्षलाई जसले यस प्रकार जान्दछ त्यो पूर्ण ज्ञानी अर्थात् तत्वदर्शी सन्त हो।

गीता अध्याय नं. १५ को श्लोक नं. २ :-

अधः, च, ऊर्ध्वम्, प्रसृताः, तस्य, शाखाः, गुणप्रवृद्धाः, विषयप्रवालाः,
अधः, च, मूलानि, अनुसन्ततानि, कर्मानुबन्धीनि, मनुष्यलोके।।२।।

अनुवाद :- त्यस रूखको तल्तिर र माथिल्तिर तीन गुणहरु (ब्रह्मा-रजगुण, विष्णु- सतगुण र शिव-तमगुण) का रूपमा फैलिएका काम, क्रोध, मोह, लोभ, अहङ्कार जस्ता विकाररूपी पालुवा, हाँगा स्वरूपका ब्रह्मा, विष्णु र शिव नै जीवलाई कर्ममा बाँध्ने मूल कारण हुन् तथा मनुष्यलोक, स्वर्ग, नरकलोक, पृथ्वीलोकमा तलतिर (चौरासीलाख जुनीमा) र मास्तिर समेत व्यवस्थित गरिएका छन्।

गीता अध्याय नं. १५ को श्लोक नं. ३ :-

न, रूपम्, अस्य, इह, तथा, उपलभ्यते, न, अन्तः, न, च, आदिः, न, च,
सम्प्रतिष्ठा, अश्वत्थम्, एनम्, सुविरूढमूलम्, असङ्गशस्त्रेण, दृढेन, छित्वा।।३।।

अनुवादः- यस रचनाको आदि तथा अन्त्य छैन, न त्यस्तो स्वरूप पाइन्छ। यहाँ विचार कालमा अर्थात् मैले दिइ रहेको गीता ज्ञानबारे मलाई पनि पूर्ण जानकारी छैन किनकि सबै ब्रह्माण्डहरूको रचनाको स्थितिबारे मलाई राम्रो ज्ञान छैन। राम्रोसँग स्थायी स्थिति, बलियों स्वरूप भएको यो निर्लेप तत्त्वज्ञानरूपी दृढ शस्त्रले अर्थात् निर्मल तत्त्व ज्ञानले काटेर अर्थात् निरञ्जनको भक्तिलाई क्षणिक जानेर मात्र यसलाई बुझ्न सकिन्छ।

गीता अध्याय नं. १५ को श्लोक नं. ४ :-

ततः पदं तत्परिमार्गितव्यं यस्मिन्गता न निवर्तन्ति भूयः।
तमेव चाद्यं पुरुषं प्रपद्ये यतः प्रवृत्तिः प्रसृता पुराणी।।४।।

अनुवाद :- त्यसपछि ती परमपद परमात्माको खोज गर्नु पर्छ। जसलाई प्राप्त गरेको मनुष्य फर्केर संसारमा पुनः आउँदैनन् र जसबाट अनादि कालदेखि चलि आइ रहेको यो सृष्टि विस्तार प्राप्त भएको छ, ती आदि पुरुष परमात्माको नै म शरणागत छु ।

यसै आधारमा स्वयं भगवान श्रीकृष्णले देवी-देवताका राजा इन्द्रको पूजा छोड्न लगाएर परमात्माको भक्ति गर्ने प्रेरणा दिएका थिए । त्यसैले गोवर्धन पर्वत उठाएर इन्द्रको क्रोधबाट ब्रजवासीहरुको रक्षा उनले गरेका थिए ।

गरीब, इन्द्र चढा ब्रिज डुबोवन, भीगा भीत न लेव।
इन्द्र कढाई होत जगत् में, पूजा खा गए देव।।
कबीर, इस संसार को, समझाऊँ कै बार।
पूँछ जो पकडै भेढ की, उतरा चाहै पार।।

५. गुरुको आज्ञा पालन गर्नु :- गुरुदेव जीको आज्ञा बिना घरमा कुनै पनि प्रकारको धार्मिक अनुष्ठान गर्नु हुँदैन । बन्दी छोडले आफ्नो वाणीमा भन्नु भएको छ :-

"गुरु बिन यज्ञ हवन जो करही, मिथ्या जावे कवहुँ नही फलहिं"
कबीर, गुरु बिन माला फेरते, गुरु बिन देते दान।
गुरु बिन दोनों निष्फल है, पुछो वेद पुराण।।

६. माता मसानी पुज्न निषेधः- आफ्नो खेतमा बनेका थान र मठ-मन्दिर वा कुनै अन्य देवताको समाधि पुज्नु हुँदैन। कसैको पनि समाधि पुज्नै हुँदैन । अन्य कुनै उपासना पनि गर्नु हुँदैन । यहाँसम्म कि तीनवटै गुणहरु (ब्रह्मा, विष्णु र शिव) को पूजा पनि गर्नु हुँदैन । गुरुले बताउनु भए अनुसार मात्र गर्नु पर्छ ।

गीता अध्याय नं. ७ को श्लोक नं. १५ :-

न, माम्, दुष्कृतिनः, मूढाः, प्रपद्यन्ते, नराधमाः,
मायया, अपहृतज्ञानाः, आसुरम्, भावम्, आश्रिताः।।

अनुवादः- मायाले ज्ञान हरण गरि सकेका आसुर स्वभाव धारण गरेका नीच कर्म गर्ने मुर्खहरुले मलाई भज्दैनन् अर्थात् तिनीहरु तीनवटै गुणहरु (रजगुण-ब्रह्मा, सतगुण-विष्णु, तमगुण-शिव) को साधना नै गरि हन्छन् ।

कबीर, माई समानी शेढ शीतला, भैरव भूत हनुमंत। परमात्मा उनसे दूरं है, जो इनको पूजंत।।
कबीर, सौ वर्ष तो गुरु की सेवा, एक दिन आन उपासी। वो अपराधी आत्मा, परै काल की फासी।।
गुरु को तजै भजै जो आना। ता पसुवा को फोकट ज्ञाना।।

७. सङ्कट मोचन कबीर साहेब हुनु हुन्छः - कर्म कष्ट (सङ्कट) भएमा कुनै पनि इष्ट देवताको या माता मसानी (बोक्सी-डाइनी) आदिको पूजा कहिल्यै गर्नु हुँदैन । कुनै पनि प्रकारको भाकल गर्नु नै हुँदैन । बन्दीछोड कबीर साहेब नै सबै दुःख हरण गर्ने सङ्कट मोचन हुनु भएकोले वहाँलाई मात्र पुज्नु पर्छ ।

सामवेद संख्या नं. ८२२ उतार्चिक अध्याय ३ खण्ड नं. ५ श्लोक नं. ८ (सन्त रामपाल दासले गर्नु भएको भाषा-भाष्य) :-

मनीषिभिः पवते पूर्व्यः कविर्नृभिर्यतः परि कोशां असिष्यदत् ।

त्रितस्य नाम जनयन्मधु क्षरन्निन्द्रस्य वायुं सख्याय वर्धयन् ॥८॥

नेपाली अनुवाद :- सनातन अर्थात् अनिवाशी कबीर परमेश्वरलाई हृदयदेखि नै चाहनेहरू तथा श्रद्धापूर्वक भक्ति गर्ने भक्तात्मालाई तीन मन्त्र उपदेश दिएर पवित्र गरेर जन्म तथा मृत्युबाट रहित गर्नु हुन्छ तथा उसको संस्कारवस आफ्नो मित्र अर्थात् भक्तका रूपमा गणना गरि दिएको प्राण अर्थात् जीवन श्वासहरूलाई आफ्नो भण्डारबाट पूर्ण रूपमा बढाइ दिनु हुन्छ । जस कारणले परमेश्वरको वास्तविक आनन्दलाई आफ्नै आशिर्वाद प्रसादले प्राप्त गराउनु हुन्छ ।

कबीर, देवी देव ठाढे भये, हमको ठौर बताओ।
जो मुझ (कबीर) को पूजै नहीं, उनको लुटो खाओ॥
कबीर, काल जो पीसै पीसना, जोरा है पनिहार।
ये दो असल मजूर हैं, सतगुरू के दरबार॥

८. अनावश्यक दान निषेधः- कहीँ-कसैलाई दानका रूपमा केही दिनु हुँदैन । पैसा र नसिलाइएको कपडा आदि केही पनि दिनु हुँदैन । कसैले दानका रूपमा केही माग्न आए उसलाई खाना तथा चिया, पानी, लस्सी आदि दिनु हुन्छ तर नगद वा नपकाएको जिन्सी वस्तु चाहिँ दिनु हुँदैन । के थाहा त्यस भिक्षुले पैसाको दुरूपयोग पो गर्छ कि ? जस्तो : एउटा भिखारीले आफ्नो छोरो उपचार नपाएर छट्पटाइ रहेको छ भन्ने झुटो कुरा एकजना व्यक्तिलाई सुनायो । झुटो कहानी सुनाएपछि उसले केही पैसा माग्यो । भावनामा बगेर त्यस व्यक्तिले भिखारीलाई १०० रूपियाँ दियो । त्यो भिखारी पहिले एक पाउ रक्सी पिउने गर्थ्यो भने त्यस दिन उसले आधा बोतल रक्सी पियो र श्रीमतीलाई धेरै कुट-पीट गऱ्यो । उसकी श्रीमतीले बालबच्चासहित आत्महत्या गरिन् । त्यो व्यक्तिले गरेको त्यो दान त्यस परिवारको विनाशको कारण बन्यो । यदि तपाईं यस्तो दुःखी व्यक्तिलाई मद्दत गर्न चाहनु हुन्छ भने उसको बालकलाई औषधी किनि दिनु होस्, पैसा नदिनु होस् ।

कबीर, गुरू बिन माला फेरते, गुरू बिन देते दान। गुरू बिन दोनों निष्फल है, पूछो वेद पुरान॥

९. जुठो खान निषेध :- जाँड-रक्सी, माछा-मासु, सूर्ती, अण्डा, बियर, अफीम, गाँजा आदि सेवन गर्ने मानिसको जुठो खानु हुँदैन ।

१०. सत्यलोक गमन (देहान्त) पछि किरिया-कर्म निषेध :- परिवारमा कसैको मृत्यु भएमा घरको कुनै सदस्य वा अन्य कसैले पनि चितामा अग्नि दिनु हुन्छ तर अग्नि प्रज्वलित गर्ने समयमा मङ्गलाचरण वाचन गरि दिनू । तर उसको अस्थि आदि केही पनि उठाउनु हुँदैन । त्यो ठाउँ सफा गर्नु अनिवार्य भएमा ती अस्थिहरु आफूले नै उठाएर कुनै ठाउँमा बगि रहेको पानीमा बगाइ दिनु र त्यस बेला मङ्गलाचरण गरि दिनू । पिण्ड दिनु पर्दैन तथा तेन्हौं, छ मासिक, बर्खी, आदि कुनै पनि श्राद्ध गर्नु पर्दैन । अरू कोही पनि व्यक्तिबाट हवन आदि गराउनु हुँदैन । शोक व्यक्त गर्न आउने

आफन्त तथा नातेदारहरूका लागि कुनै एक दिन छुट्याएर त्यस दिन पनि सँधै झैं नित्य नियम गरेर ज्योति जागृत गर्नु होस् अनि सबैलाई खाना खुवाउनु होस् । तपाईं मर्ने व्यक्तिको नाममा कुनै धर्म गर्न चाहनु हुन्छ भने आफ्नो गुरूदेवको आज्ञा लिएर बन्दीछोड गरीबदास जी महाराजको अमृतमयी वाणीको अखण्ड पाठ गराउनु होस् । पाठ गर्ने आज्ञा मिलेन भने त्यो परिवारको उपदेशी (उपदेश प्राप्त) भक्तले चार वा सात दिनसम्म घरमा शुद्ध घिउको एउटा अखण्ड बत्ती बाल्नु होस् तथा प्रतिदिन चारपटक ब्रह्म गायत्री मन्त्र जप गर्नु होस् । उक्त सत्यलोक वासीका लागि तीन वा एक पटकको मन्त्रको दान सङ्कल्प गर्नु होस् । तपाईंलाई उचित लागे अनुसार एक, दुई वा तीन पटकसम्मको मन्त्र जपको फल उसलाई दान गरि दिनु होस् । निम्न कुरा सम्झिँदै प्रतिदिनको जस्तै ज्योति जगाउने तथा आरती गाउने र नाम स्मरण गर्ने कार्य गरि रहनु होस् :-

कबीर, साथी हमारे चले गए, हम भी चालन हार। कोए कागज मे बाँकी रह रही, ताते लाग रही वार॥
कबीर, देह पडी तो क्या हुआ, झुठा सभी पटीट। पंक्षी उड्या आकाश कूं, चलता कर गया बिट॥

कर्म काण्डको विषयमा सत्य कथा

मेरा (सन्त रामपाल दासका) पूज्य गुरूदेव स्वामी राम देवानन्द जी महाराज सोन्ह (१६) वर्षको हुँदा एकजना महात्माको सत्सङ्ग सुनेपछि बैरागी हुनु भएको थियो । एक दिन वहाँ खेतमा जानु भएको थियो । नजिकै वन थियो। वहाँले वनमा गएर एउटा मरेको जनावरको हड्डीहरु भएकै ठाउँमा आफूले लगाएका लुगा च्यातेर फ्याँकि दिनु भयो र महात्मा जीका साथ लागेर जानु भएको थियो ।

वहाँको खोजी हुँदा वनमा केही हड्डीहरूसँगै वहाँका फाटेका लुगा भेटिए र कुनै जङ्गली जनावरले वहाँलाई खाएछ भन्ने वहाँका आफन्तहरूले सोचे । ती लुगा तथा हड्डीहरु उठाएर घरमा ल्याई अन्तिम संस्कार गरेर तेन्हौं, ६ मासिक तथा श्राद्ध समेत गर्न थाले ।

मेरा पुज्य गुरूदेव धेरै वृद्ध हुनु भएपछि एक पटक घर जानु भएको थियो। अनि वहाँले घर छाडी जानु भएको र वहाँ जिवितै हुनु भएको कुरा आफन्तहरूले थाहा पाए । वहाँले घर छोडेर जानु भएपछि वहाँको खोजी भएको र वनमा केही हड्डीहरूसँगै वहाँको लुगा भेटिएकोले कुनै जङ्गली जनावरले खाएछ भन्ने सोची ती लुगा तथा हड्डीहरु घरमा ल्याएर अन्तिम संस्कार गरि दिएको कुरा उनीहरूले बताए ।

अनि मैले (रामपाल दासले) मेरा पूज्य गुरूदेवको कान्छी बुहारी (भाइको श्रीमती) लाई हाम्रा पूज्य गुरूदेव घर छोडेर जानु भएपछि तपाईंले के के गर्नु भयो ? भनी सोधें । आफ्नो विवाह भएर घरमा आउँदा त वहाँको श्राद्ध भइ रहेको थियो भन्ने कुरा बताउँदै मैले आफ्नै हातले यिनको ६० वटा श्राद्ध गरि सकेकी छु भनिन् । भैंसीले दूध नदिने, थुनमा खराबी आउने र घरमा यस्तै प्रकारका अरू कुनै हानी नोक्सानी हुँदा हामी धामी कहाँ जान्थ्यौं र धामीले तिम्रो घरमा कोही निसन्तान (अविवाहित) मरेकोले दुःख दिइ रहेको छ भन्थे । अनि त्यसलाई शान्त पार्न उसलाई लुगा कपडा आदि दान गर्ने गर्दै आइ रहेका छौं ।

अनि मैले (रामपाल जी महाराजले) ती वृद्धालाई वहाँले त संसारको उद्धार गरि रहनु भएको छ, वहाँले कसलाई दुःख दिनु भएको थियो र ? बरू वहाँ त सुखदाता पो हुनु हुन्छ । वहाँ तपाईको सामुन्ने नै हुनु हुन्छ, अब यी व्यर्थका श्राद्ध जस्ता साधनाहरू छोडि दिनु होस् है भने । तब उनले यो त पुरानो रीति-रिवाज हो, यो कसरी छोडी दिऊँ ?" भनेर जवाफ दिइन् अर्थात् हामी आफ्ना पुराना रिवाजहरूमा यति अभ्यस्त भएका छौं कि हामीले गल्ती गरि रहेको प्रत्यक्ष प्रमाण भएर पनि छोड्न सक्दैनौ । यसबाट श्राद्ध, पितृपूजा आदि जस्ता कार्य गर्नु व्यर्थ हुन् भन्ने प्रमाणित हुन्छ ।

११. शिशुको जन्ममा शास्त्र विरूद्ध पूजा निषेधः- शिशुको जन्मपछि छैठी आदिजस्ता कुरा मान्नु पर्दैन। सुतकको कारणले दैनिक रूपमा गरिने पूजा, भक्ति, आरती, ज्योति जगाउने आदि काम रोक्नु पर्दैन ।

यस सन्दर्भमा एउटा छोटो कथा भन्छु- एकजना मानिसको विवाह भएको दस वर्षपछि छोरो जन्मियो । छोरो पाएको खुशीमा उसले धेरै हर्ष बढाइ गऱ्यो । उसले बीस पच्चीसवटा गाउँका गाउँलेहरूलाई भोजका लागि निम्तो दियो र धेरै नाच गान पनि भयो अर्थात् पर्याप्त पैसा खर्च गऱ्यो। अनि एक वर्षपछि उसको त्यो छोरो मऱ्यो । अनि त्यो परिवार टाउको ठोकी ठोकी रोएर आफ्नो दुर्भाग्यलाई सराप्न थाल्यो । यसैले कबीर साहेब बताउनु हुन्छ :-

कबीर, बेटा जाया खुशी हुई, बहुत बजाये थाल। आना जाना लग रहा, ज्यों कीडी का नाल।।
कबीर, पतझड आवत देख कर, बन रोवै मन माहि। ऊंची डाली पात थे, अब पीले हो हो जाहिं।।
कबीर, पात झडंता यू कहै, सुन भई तरूवर राय। अब के बिछुडे नही मिला, न जाने कहाँ गिरेंगे जाय।।
कबीर, तरूवर कहता पात से सुनो पात एक बात। यहाँ की याहे रीति है, एक आवत एक जात।।

१२. देवीको धाममा कपाल काटेर चढाउन निषेध :- बालबालिकाको कपाल चढाउन देवीको धाममा जानु हुँदैन । कपाल लामो हुनासाथ काटेर फ्याँक्नु पर्छ । एउटा मन्दिरमा एकजना श्रद्धालु भक्त आफ्नो छोरा वा छोरीको कपाल काटी चढाउन गयो । त्यहाँ भएको नाइ (हजाम) ले बाहिर चलेकोभन्दा तीनगुना बढी पैसा लियो र एक पटक कैंचीले काटेको कपालको मुठो आमाबुबालाई दियो । उनीहरूले त्यो कपाल श्रद्धापूर्वक मन्दिरमा चढाए । पुजारीले त्यसलाई एउटा थैलोमा राखि दियो र राती उठाएर एकान्त ठाउँमा फ्याँकि दियो । यो त नाटक मात्र हो। पहिलेको जसरी स्वामाविक तरिकाले कपाल काटौं र फालौं । परमात्मा नामबाट प्रसन्न हुनु हुन्छ, पाखण्डले होइन ।

१३. नाम जपबाट सुख :- नाम (उपदेश) दुःख निवारणको दृष्टिकोणले मात्र लिनु हुँदैन, बरू आत्म कल्याणका लागि लिनु पर्छ । अनि सुमिरण गर्नाले सबै सुखहरु आफैं आउँछन् ।

कबीर, सुमिरण से सुख होत है, सुमिरण से दुःख जाए।
कहैं कबीर सुमिरण किए, सांई माहिं समाय।।

१४. व्यभिचार निषेधः- पराइ स्त्रीलाई आमा, छोरी तथा दिदी-बहिनीको दृष्टिकोणले हेर्नु पर्छ । व्यभिचार महापाप हो । जस्तो :-

गरीब, पर द्वारा स्त्री का खोलै। सत्तर जन्म अन्धा हो डोलै। सुरापान मद्य मांसाहारी।

गवन करे भोगै पर नारी।। सत्तर जन्म कटत है शीशं। साक्षी साहिब है जगदीशं।।

पर नारी ना परसियो, मानो वचन हमार। भवन चर्तुदश तास सिर, त्रिलोकी का भार।।

पर नारी ना परसियो, सुनो शब्द सलतंत। धर्मराय के खंभ से, अर्धमुखी लटकंत।।

१५ निन्दा सुन्न तथा गर्न निषेध :- आफ्नो गुरूको निन्दा भुलेर पनि गर्नु हुँदैन र सुन्नु पनि हुँदैन । सुन्नु भन्नाले कसैले आफ्नो गुरुको बारेमा मिथ्या कुरा गरेमा झगडा गर्नु भनेको होइन बरू त्यसले विचारै नगरी बोलि रहेको छ अर्थात् झुटो कुरा गरि रहेको छ भन्ने सम्झनु पर्छ ।

गुरू की निंदा सुनै जो काना। ताको निश्चय नरक निदाना।।

अपने मुख निंदा जो करहीं। शुकर श्वान गर्भ में परहीं।।

निन्दा त कसैको पनि गर्नु हुँदैन र सुन्नु पनि हुँदैन । चाहे ती साधारण व्यक्ति नै किन न हुन् । कबीर साहेब भन्नु हुन्छ :-

'तिनका कबहू न निन्दीये, जो पाव तले हो। कबहु उठ आखिन पडे, पीर घनेरी हो।।'

१६. गुरू दर्शनको महिमा :- सत्सङ्गमा समय पाउनासाथ आउने कोशिस गर्नु पर्छ । सत्सङ्गमा नक्कल (मान-मनितो) गर्नका लागि आउनु हुँदैन । आफूलाई एउटा रोगी सम्झेर आउनु पर्छ। रोगी व्यक्ति चाहे जति नै पैसा भएको वा उच्च पदमा रहेको भए पनि अस्पताल जाने उसको उद्देश्य त रोगमुक्त हुनु नै हो । डाक्टरले सुत्नु भन्दा ऊ सुत्छ, बस्नु भन्दा बस्छ र बाहिर जानु भन्दा बाहिर जान्छ । फेरि भित्र आउनु भनी बोलाउँदा चुपचाप भित्र आउँछ । ठीक यसै प्रकारले तपाई सत्सङ्गमा आउने हो भने मात्र तपाईलाई सत्सङ्गमा आएको लाभ हुन्छ अन्यथा आगमन निस्फल हुन्छ । सत्सङ्गमा बस्ने ठाउँ जहाँ मिल्यो त्यहीं बस्नु पर्छ र जे पाइयो त्यो परमात्मा कबीर साहेबको कृपाले पाएको प्रसाद सम्झेर खुशीपूर्वक खानु पर्छ ।

कबीर, संत मिलन कूं चालिए, तज माया अभिमान। जो-जो कदम आगे रखे, वो ही यज्ञ समान।।

कबीर, संत मिलन कूं जाईए, दिन में कई-कई बार। आसोज के मेह ज्यों, घना करे उपकार।।

कबीर, दर्शन साधु का, परमात्मा आवे याद। लेखे में वोहे घडी, बाकी के दिन बाद।।

कबीर, दर्शन साधु का, मुख पर बसै सुहाग। दर्श उन्ही को होत है, जिनके पूर्ण भाग।।

१७. गुरू महिमा :- कहीं पाठ या सत्सङ्ग भइ रहेको ठाउँमा जाँदा वा गुरु जीको दर्शन गर्न मात्र जाँदा सबैभन्दा पहिला गुरू जीलाई दण्डवत (सुतेर) प्रणाम गर्नु पर्छ र त्यसपछि सतग्रन्थ साहेब तथा कबीर साहेब, गरीबदास जी, स्वामी रामदेवानन्द जी तथा गुरू जीका मूर्ति वा तसीवरहरूलाई प्रणाम गर्नु पर्छ, जसको उद्देश्य मात्र भावना कायम राख्नु हो । मूर्ति पूजा गर्नु हुँदैन । प्रणाम मात्र गर्नु भनेको पूजा गर्नु होइन । यसले भक्तलाई श्रद्धा कायम गरी राख्न सहयोग गर्छ । पूजा चाहिँ तात्कालीन गुरु तथा नाम मन्त्रको गर्नु पर्छ, जसले मुक्त गराउँछ ।

कबीर, गुरू गोविन्द दोऊ खडे, काके लागु पाय।

बलिहारी गुरू आपने, जिन गोविन्द दियो मिलाय।।

कबीर, गुरू बडे है गोविन्द से, मन में देख विचार।

हरि सुमरे सो रह गए, गुरू भजे होय पार।।

कबीर, हरि के रूठतां, गरू की शरण मे जाय।
कबीर गुरू जै रूठजां, हरि नही होत सहाय।
कबीर, सात समुद्र की मसि करुं, लेखनि करुं बनिराय।
धरती का कागज करूं, तो गुरू गुन लिखा न जाय॥

१८ मासु खान निषेध :- अण्डा तथा मासु खानु र जीव हिंसा गर्नु हुँदैन । यी महापाप हुन् । साहेब कबीर जी तथा गरीबदास जी महाराजले बताउनु भएको छ :

कबीर, जीव हने हिंसा करे, प्रकट पाप सिर होय। निगम पुनि ऐसे पाप तें, भिस्त गया नहि कोय॥१॥
कबीर, तिलभर मछली खायके, कोटि गऊ दे दान। काशी करौत ले मरे, तो भी नरक निदान॥२॥
कबीर, बकरी पाती खात है, ताकीं काढी खाल। जो बकरीको खात है, तिनका कौन हवाल॥३॥
कबीर, गला काटि कलमा भरे, कीया कहै हलाल। साहब लेखा मांगसी, तब होसी कौन हवाल॥४॥
कबीर, दिनको रोजा रहत है, रात हनत हैं गाय। यह खून वह वंदगी, कहु क्यों खुशी खुदाय॥५॥
कबीर, कबिरा तेई पीर है, जो जानै पर पीर। जो पर पीर न जानि है, सो काफिर बेपीर॥६॥
कबीर, खूब खाना है खीचडी, माही परी टुक लौन। मांस पराया खायकै, गला कटावै कौन॥७॥
कबीर, मुसलमान मारै करदसो, हिंदू मारै तरवार। कहै कबीर दोनूं मिलि, जैहै यमके द्वार॥८॥
कबीर, मांस अहारी मानव, प्रत्यक्ष राक्सस जानि। ताकी संगति मति करै, होइ भक्ति में हानि॥९॥
कबीर, मांस खांय ते ढेड सब, मद पीवैं सो नीच। कुलकीं दुरमति पर हरै, राम कहै सो ऊंच॥१०॥
कबीर, मांस मछलिया खात हैं, सुरापान से हेत। ते नर नरकें जाहिंगे, माता पिता समेत॥११॥
गरीब, जीव हिंसा जो करते है, या आगे क्या पाप। कंटक जुनी जिहान में, सिंह भेडिया और सांप॥
झोटे बकरे मुरगे ताई। लेखा सब ही लेत गुसाई॥ मृग मोर मारे महमंता। अचरा चर है जीव अनंता॥

जिह्वा स्वाद हिते प्राना। नीमा नाश गया हम जाना॥
तीतर लवा बुटेरी चिडिया। खूनी मारे बडे अगडिया॥
अदले बदले लेखे लेखा। समझ देख सुन ज्ञान विवेका॥
गरीब, शब्द हमारा मानियो, और सुनते हो नर नारि।
जीव दया बिन कुफर है, चले जमाना हारि॥

अनजानमा भएको हिंसाको पाप लाग्दैन । बन्दी छोड कबीर साहेब भन्नु हुन्छ :

'इच्छा कर मारै नही, बिन इच्छा मर जाए। क्है कबीर तास का, पाप नही लगाए ॥'

१९. गुरूद्रोहीसित सम्पर्क निषेध :- गुरू जीसँग विद्रोह गर्ने (विमुख हुने) भक्त महापापको भागी हुन्छ । कसैलाई मार्ग राम्रो नलागेमा कसैले पनि आफ्नो गुरू फेर्न सक्छ । पूर्व गुरूसँग शत्रुता राख्ने वा पूर्व गुरूको निन्दा गर्नेलाई चाहिँ गुरूद्रोही भनिन्छ । त्यस्तो व्यक्तिसँग भक्ति चर्चा गर्दा उपदेशीलाई दोष लाग्छ । उसको भक्ति समाप्त हुन्छ ।

गरीब, गुरू द्रोही की पैड पर, जे पग आवै बीर। चौरासी निश्चय पडै सतगुरू कहै कबीर॥
कबीर, जान बुझ साची तजै, करै झुठे से नेह। जाकी संगत हे प्रभु, स्वपन में भी ना देह॥

अर्थात्, गुरुद्रोहीको सङ्गत गर्नेहरु भक्ति रहित भएर नरक वा चौरासी लाख जुनिमा जान्छन् ।

२०. जुवा निषेध :- जुवा, तास कहिल्यै खेल्नु हुँदैन ।

कबीर, मांस भखै और मद पिये, धन वेश्या सों खाय। जूआ खेलि चोरी करै, अंत समूला जाय।।

२१. नाच गान निषेध :- कुनै पनि प्रकारको खुशीको अवसरमा नाच्नु वा अश्लील गीत गाउनु भक्तिभावको विरूद्ध हो । उदाहरणका लागि, एकजना विधवा बहिनी कुनै खुसीको अवसरमा आफ्नो नातेदारकहाँ गएकी थिइन् । सबै खुसी मनाउँदै नाचगान गरि रहेका थिए तर ती बहिनी एउटा कुनामा बसेर प्रभु चिन्तनमा लागि रहेकी थिइन् । अनि उनका आफन्तहरूले उनलाई सोधे,- "तपाईं किन निराश भएर बसि रहनु भएको छ ? तपाईं पनि हामीहरु जस्तै नाच्नु होस्, गाउनु होस् र खुसी मनाउनु होस् न ।" यसप्रति ती बहिनीले भनिन्,- "के को खुसी मनाऊँ ? म विधवाको एउटा मात्र छोरो पनि भगवानको प्यारो भयो। मेरा निम्ति अब के खुसी छ र ?" ठीक यस्तै प्रकारको अवस्था यस लोकको प्रत्येक व्यक्तिको छ । यहाँ गुरू नानक जीको निम्न वाणी स्मरणीय छ :-

ना जाने काल की कर डारै, किस विधि ढल पासा वे।
जिन्हादे सिर ते मौत खुडगदी, उन्हानूं केडा हांसा वे।।
साध मिलें साडी शादी (खुशी) हौंदी, विछड दां दिल गिरि (दुःख) वे।
अखदे नानक सुनो जिहाना, मुश्किल हाल फकीरी वे।

कबीर साहेब जी महाराज पनि भन्नु हुन्छ :-

कबीर, झुठे सुखको सुख कहै, मान रहा मन मोद।
सकल चबीना काल का, कुछ मुख में कुछ गोद।।
कबीर, बेटा जाया खुशी हुई, बहुत बजाये थाल।
आवण जाणा लग रहा, ज्यों कीडी का नाल।।

विशेष :- स्त्री तथा पुरूष दुवै परमात्मा प्राप्तिका अधिकारी हुन् । महिलाहरूले मासिक धर्म (Maince्s) को अवधिमा पनि आफ्नो दैनिक पूजा, ज्योति बाल्नु आदि रोक्नु हुँदैन । कसैको देहान्त तथा जन्ममा पनि दैनिक पूजा कर्म बन्द गर्नु पर्दैन ।

नोट :- यी एक्काईस सूत्रीय आदेशहरु पालना नगर्ने भक्तको नाम समाप्त हुन्छ। अनजानमा कुनै गल्ती भएको खण्डमा भने त्यो माफ हुन्छ तर कसैले जानि-बुझी कुनै गल्ती गर्दछ भने त्यो भक्त नाम रहित हुन्छ। यसको समाधान गुरुदेव जीबाट क्षमायाचना गरेर पुनः नाम उपदेश लिनु नै हो ।

लेखक
सन्त रामपाल दास महाराज
सतलोक आश्रम, बरवाला
हिसार जिल्ला, हरियाणा (भारत)

"ज्यान जोगिए लाखौं उपाय"

"विवाह गरेको चौध वर्षपछि परमात्माले संतान दिनु भयो"

म सुखवीर दासको पुत्र श्री जगमाल सिंह, गाउँ-भूराबास (जिल्ला झज्जर) को स्थाई निवासी हुँ । अहिले म गाउँ मैजुखेडा (तहसील ऐलनावाद जिल्ला सिरसा) मा बसोबास गरि रहेको छु । मेरो विवाह सन् १९९३ मा भएको थियो । विवाह पछि मैले झज्जर चुंगी रोहतकमा क्लिनिक खोलें । त्यसपछि भक्तमतिले अनुबंधको आधारमा सन् १९९९ मा (ANM) पदमा जागीर पाइन् । त्यसपछि हामी ऐलनावादमा बस्न थाल्यौं । हाम्रो कुनै संतान थिएन । अनि केही दिनपछि हामी सन्तानको लागि यताउता चक्कर काट्न थाल्यौं । महाज्योति कार्यालय D.L.F. कालोनी रोहतकमा देखायौं र रोहतकमा धेरै धामी-झाँक्रीहरूलाई पनि देखायौं । डाक्टरहरूलाई पनि देखायौं तर कुनै लाभ भएन । केही समयपछि कसैले रामतीर्थ सीता कुण्डमा स्नान गर्न पठाए । त्यहाँ अमृतसर गुरूद्वारा र दुर्गा मन्दीरमा पनि गयौं । हरिद्वार अग्रोहा धाममा, शीतला माता मन्दिर गुडगाउँ पनि गयौं । प्रत्येक पूर्णिमाको दिन सालासार र दोजारी धाम पनि जान्थ्यौं । म हनुमानको पुजा र बाबा हरिदासको पुजा पनि गर्दथे तथा आजीवन मंगलवारको व्रत लिने प्रण गरेको थिएँ । यी सबबाट पनि कुनै लाभ नभएपछि हामीले सिरसाको तलवाड नर्सिङ होममा ट्यूब जाँच गरायौं । त्यसबाट अण्डा बन्दो रहेन छ भन्ने थाहा भयो । फेरि एपेक्स अस्पतालमा देखायौं । त्यहाँबाट टेष्ट ट्यूव बेबीको लागि पठायो । उनीहरूले एक चोटीमा डेढ लाख खर्च हुने बताए र एक चोटीमै पनि सफल हुन सक्छ तथा दुई चोटी पनि गर्नुपर्ने हुन्छ भने । हामीसँग त्यति पैसा थिएन ।

फेरि हामीले सन्तहरूको शरण लिने विचार गर्‍यौं । त्यही मौजूखेडामा एक बिट्टु सेठको पसल थियो । ऊ ८ साल देखि राधास्वामी व्यासको सेवक थियो । ऊसँग कुरा गरेर त्यहाँबाट नामदान लिन तयार भयौं तर पत्नीले त्यहाँबाट नाम लिन मानिनन् । राधा स्वामीको डेरा धेरै टाढा भएकाले उनले सच्चा सौदा सिरसाबाट नाम लिन भनिन् । तर सच्चा सौदाबाट नाम लिने मेरो इच्छा थिएन । हामी आपसमा ३-४ दिन देखि कुराकानी गरि रहेका थियौं । त्यहिक्रममा चारदिन पछि संत रामपाल जी महाराजले दैनिक भास्कर पत्रिकामा सच्चा सौदाको बारेमा लेख्नु भएको लेख देखें । त्यसमा यिनीहरू शास्त्रविरुद्ध ज्ञान दिएर भक्तहरूको अनमोल मानव जीवन व्यर्थ तुल्याइ रहेछन् भनी लेखिएको थियो । मैले भक्तमतिलाई भने- शास्त्रानुसार साधना नगर्नु मनोमानी आचरण हो र यो सही नै त लेखेका छन् । अनि मैले सतलोक आश्रममा सम्पर्क गरें र पुस्तक मगाएँ । पुस्तक ध्यानपूर्वक पढें र सोचें - हामी थुप्रै ठाउँमा भट्कियौं, कुनै फाइदा भएन । यदि हामीलाई यहाँबाट लाभ भयो भने हामी सबै देवी देवताहरूलाई छोडि दिन्छौं । हाम्रो लागि त जसले हामीलाई लाभ दिन्छ, उही भगवान हो । । अनि मैले २५-७-२००५ मा करौंथा आश्रम गएर नाम उपदेश लिएँ । नाम लिनुभन्दा पहिले म पायरिया रोगबाट ग्रस्त थिएँ । सबै बङ्गारा-दाँत हल्लिन थालेको थियो । दु:खी रहन्थ्यो । जब म नाम लिन जाँदा दुखाइ निको हुने गोली खान बिर्सिएँ । जब नाम लिएपछि दाँतको दुखाइ कहाँ गयो थाहै भएन । लाग्यो दाँत

कहिल्यै दुखेको नै थिएन । नाम लिएपछि आश्रममा खाना खाएँ, तर पनि दुखेन । दाँत छाम्दा अलिअलि हल्लिएको थियो । अहिले पनि हल्लिरहेको छ, तर दुखाइ छैन । त्यसपछि दर्शनको लागि गएँ । सतगुरूदेवको चरण रूवा (कपास) भन्दा पनि नरम महसुस भयो । म त दुखाइ तथा चीन्ता विहीन भएँ । म धेरै खुसी भएँ । मनमा यो भन्दा माथी कुनै शक्ति छैन भन्ने कुरा आफै आइरह्यो । नाम लिएर घर गएँ र सबै देवी देवताको फोटोहरू जल प्रवाह गर्न लाग्दा पत्नी रिसाइन् र मैले मंगलबारको दिन हनुमानको ज्योति कहाँ बाल्नु भन्न थालिन् । धेरै सम्झाएपछि पत्नीले मनमा संकल्प गरिन्- मैले दुइटा काम सोचेकी छु । तीमध्ये कुनै यौटा काम मात्रै पनि पूरा भयो भने म तपाईंको गुरूलाई मान्छु, नत्र मान्दिनँ । पाँचौ दिन ती दुईमध्ये एक काम पूर्ण भयो । फेरि नाम लिँदा लिँदै दुई महिना बित्यो । अनि ११ औं महिनामा हाम्रो छिमेकी आंटी आइन् । उनको सामुन्नेमा हाम्रो कुलरमा आगो लाग्यो । हामीले अब त जाडो सुरू भइसक्यो त्यसैले गर्मीमा बनाउनु पर्ला भनी विचार गऱ्यौं । मार्च महिना लागेपछि पसलमा गएर कुलरको मोटर ल्याइदिन भन्दा पसलेले सातौं दिनमा लैजानु होला भन्यो । त्यसपछि चौथो दिन राती सुतेको समयमा गुरू जी आउनु भयो । उहाँ हातमा पिलास-चाबी र पेचकस लिएर कुलरमा मोटर लगाउन थाल्नु भयो । म उठें र हेरें तब गुरू जी कुलरको मोटर लगाएर अन्तरध्यान हुनु भयो । अनि मैले फोटो अगाडि डण्डवत् प्रणाम गरें र गुरु जी यस्तो यस्तो काम पनि गर्नु हुन्छ, हे परमात्मा अहिलेसम्म हामी कहाँ सुतिरहेका थियौं भन्दै रून थालें । विहान आफ्नी पत्नीलाई सुनाउदै गर्दा छिमेककी तिनै आन्टी औषधि लिन घरमा आइन् र के कुरा हो भाइ भनी सोधिन् । मैले भने- आन्टी तपाईंकै अगाडि हाम्रो कुलरमा आगो लागेको थियो, त्यो कुलरलाई हाम्रा गुरू जीले बनाएर जानु भयो । आन्टीले कुलर चलाएर देखाउन भनिन् । अनि मैले कुलरको झ्याल उघारेर हेर्दा सारा कुलर धुलो, माटोले भरिएको थियो । जब साफ गरेर चलाएँ तब कुलर नयाँ भन्दा पनि छीटो र चीसो हावाको साथ चल्यो र अझै चल्दैछ । फेरि परमात्माले TATA AIG INSURANCE को किस्तामा छुट गरि दिनु भयो । तीन चार चोटी हाम्रो घरमा रूपैयाँ आफै बढ्यो ।

पहिले चौध वर्षसम्म हाम्रो कुनै सन्तान थिएन अब बन्दी छोड सतगुरू रामपाल जी महाराजबाट उपदेश लिएपछि साढे तीन वर्षमा नै परमात्माले तीन सन्तान दिनु भयो । पूर्ण परमात्माले जे चाहे त्यही गर्न सक्नु हुन्छ । अब हामीलाई बन्दी छोड सतगुरू रामपाल जी महाराज़को रूपमा पूर्ण परमात्मा कबीर साहेब आउनु भएको छ भन्ने कुराको ज्ञान भइ सकेको छ ।

भक्त सुखबीर दास

मो. नं. +९१-९४६६५९००४४

"परमात्माले दिनु भयो जीवन दान"

म भक्त विशम्भर दास गाउँ-गितौर, जिल्ला-भिण्ड, मध्यप्रदेशको निवासी हूँ । मैले सतगुरू रामपाल जी महाराजबाट नाम उपदेश लिएको दुई वर्ष भयो । मेरी छोरी साधना एक महिनादेखि धेरै गम्भीर स्थितिमा विरामी थिई । उसको पेटमा ग्यास बन्थ्यो, जसको कारण पेट बारम्बार फुल्दथ्यो तथा गोडा र टाउको लगातार दुखि रहन्थ्यो । कति चोटी त गला (घाँटी) पनि बन्द हुन्थ्यो । एक पटक छोरीको गला यसरी बन्द भयो कि लगभग आठ दिनसम्म पानी पनि पिउन सकिन । मैले मेरी छोरीको उपचार डा. महेश्वरबाट गराएँ, जो ग्वालियरको सबैभन्दा ठूलो डाक्टर हो । पाँचदिन सम्म मेरी छोरी अस्पतालमा भर्ना भई तर उसलाई एक प्रतिशत पनि आराम भएन । अनि मैले मेरी छोरीलाई ग्वालियरकै अर्को डाक्टर PC Jain कहाँ लगें । तीन दिनसम्म मेरी छोरी त्यहीं भर्ना भई । उसलाई उल्टी, दस्त (उँधो-उँभो) पेट दुख्ने, टाउको दुख्ने तिव्र गतीले हुन थाल्यो । उसले तीन दिनसम्म खान-पिन केही गरिन । हामी सारा परिवार छोरीको यस्तो गम्भिर स्थिति देखेर रून थाल्यौं । हामीले रोई कराई गर्दै आफ्ना परमेश्वर सतगुरू रामपाल जी महाराजलाई सम्झियौं । अनि राती लगभग १२ बजे सतगुरू रामपाल जी महाराजले मेरी छोरीलाई दर्शन दिनु भयो र भन्नु भयो- छोरी आज उप्रान्त तिम्रो शरिरमा कुनै रोग रहने छैन । यति भन्ने वित्तिकै छोरीले गुरूदेवको अगाडि डण्डवत् प्रणाम गरी र त्यसै क्षण मेरी छोरीले संन्ध्या आरती भन्न थाली र लगातार पूरा आरती गरी । यो लिला देखेर अस्पतालका सारा स्टाफ जम्मा भएर यस्तो असीम कृपा गर्नु भयो तपाईंको गुरूदेवले भन्दै परमात्माको यो लिला हेर्न लागे । भोलिपल्ट ९:३० बजे डाक्टरले आएर छोरीलाई जाँचेपछि डाक्टर आश्चर्य चकित हुँदै भने- रातमा नै मृत्यु हुनु पर्ने थियो तर अहिले यिनको शरिरमा एक रत्ति पनि रोग छैन । यो सब देखेर अस्पतालमा यो एक चर्चाको विषय बन्यो । आज मेरी छोरी सय प्रतिशत निको भएकी छ । राम्रोसँग खान-पिन गरि रहेकी छे र उसको शरिरमा कुनै रोग छैन ।

यो सबै सतगुरु रामपाल जी महाराजको कृपाले भयो, जो परमेश्वर कबीर साहेबको नै स्वरूप हुनु हुन्छ । यस पृथ्वीमा जबसम्म हाम्रो सास चलिरहन्छ, हामी आफ्नो सतगुरू रामपाल जी महाराजको लिलाको यसरी नै गुणगान गाइरहन्छौ ।

॥ सत-साहेव ॥

भक्त विशम्भर दास
गाउँ-गितौर-तहसील-मेहगाउँ
जिल्ला-भिण्ड (M.P.)

उजाडिएको परिवार हराभरा भयो

म श्री उमेद सिंहका पुत्र भक्त रमेश पेटवाड-गाउँ, तहसिल हाँसी, हिसार जिल्ला निवासी हूँ। हाल एम्पलाइज कलोनी जेलको सामुन्ने जिन्दमा सपरिवार बस्छौं। नाम लिनु पूर्व हामी भूतको पूजा गर्थ्यौं। हाम्रो गाउँमा बाबा सरियाको मान्यता थियो। जहाँ हामी प्रत्येक महिनाको पूर्णिमामा दीप बाल्न जान्थ्यौं। हामी शुक्रबार जन्माष्टमी, शिवरात्रीको व्रत पनि राख्थ्यौं। पितृलाई पिण्ड दिने र श्राद्ध पनि गर्ने गर्थ्यौं। तर पनि हाम्रो घर उजाड भइ सकेको थियो। म बाह्र वर्षको हुँदा मेरा पिता जीको मृत्यु भएको थियो। घरमा भएका तीन सदस्यबीच आपसमा झगडा हुन्थ्यो। तिनै जनालाई भूत-प्रेतले धेरै दुःख दिन्थ्यो र तिनैजना सधैंजसो विमारी भइ रहन्थ्यौं। पहिले डाक्टरलाई देखायौं तर आराम नभएपछि साधु कहाँ गयौं, कसैले ५००० देऊ म पूर्ण रूपमा ठीक गरि दिन्छु, कसैले १०,००० देऊ भन्थे।

हामी पूर्ण रूपमा विस्थापित जस्तै भएका थियौं। मेरा कौंथ कला गाउँको आफन्त भक्त रघुबीर सिंहले पटक पटक भनेपछि मेरी आमाले सन् १९९६ मा सन्त रामपाल जी महाराजबाट नाम उपदेश लिनु भयो। मेरी पत्नीको ५ वर्षसम्म कुनै सन्तान भएन। मेरी आमाले भन्नु भएपछि मेरी श्रीमतीले सन्त रामपाल जी महाराजबाट नाम लिइन्। नाम दान लिनासाथ वर्ष दिनमा नै मेरी पत्नीले छोरो जन्माइन्। मेरो भगवान्बाट विश्वास हटि सकेकोले मैले नाम लिइनँ र आमा र श्रीमतीलाई सन्त जी कहाँ नजान भन्थें। मेरो १५ दिनको छोरा धेरै बिमारी भयो। डाक्टरले यो बिहानसम्म मर्ने छ भनेर फर्कायो। साँझ एउटा भक्तले बन्दी छोड सतगुरू रामपाल जी महाराज पूर्ण सन्त हुनु हुन्छ भनेर सम्फायो। अहिले जिन्द आश्रममा आउनु भएको छ, उहाँले नै यस बच्चालाई बचाउन सक्नु हुन्छ भन्यो। हामी डाक्टर र धामीकहाँ गएर थाकि सकेका थियौं। भगवान्मा विश्वास नरहेकाले मैले ती भक्तको कुरा मानिनँ। उसले पुनः मलाई सम्झाउँदै स्वयम् बन्दी छोड भगवान् धरतीमा आउनु भएको छ भनी अनुरोध गरे। यदि उहाँले दया गरि दिनु भयो भने बच्चा बच्न सक्छ। त्यस भक्तले दृढ विश्वासका साथ भनेको देखेर मैले आमालाई बच्चा सन्त रामपाल जी महाराजकहाँ लैजान अनुमति दिएँ। मेरी आमाले बच्चालाई लगेर सन्त रामपाल जी महाराजको चरणमा राखि दिनु भयो र रूँदै यो बच्चा मरि सकेको छ, हजुरले नै बचाउन सक्नु हुन्छ भन्दै प्रार्थना गर्नु भयो। तब बन्दी छोड सत गुरू रामपाल जी महाराजले कबीर परमेश्वरको (मर्जी) आज्ञाले यो बच्चा ठीक हुन्छ भन्नु भयो। अघिल्लो दिन मर्छ भनेर डाक्टरले समय दिएको थियो तर बच्चा ठिक भयो। सबैले भनौं: बन्दी छोड सतगुरू रामपाल जी महाराज की जय।

हाम्रो उजाडिएको घर बन्दी छोड सतगुरू रामपाल जी महाराजको दयाले पुनः हराभरा भयो। यति धेरै चमत्कार देखि सकेपछि पनि पाप कर्मको कारणले मैले नाम उपदेश नलिई पहिलेको जस्तै भूतको पूजा गर्दै रहें। हाम्रो घरमा बन्दी छोड गरीबदास

जी महराजका वाणीको पाठ सन्त रामपाल जी महाराजले गर्नु हुन्थ्यो र म घरबाहिर गएर रक्सी पिउँथें। एक वर्षपछि एकदिन हाम्रो घरमा पाठ हुदै थियो र साँझ बन्दी छोड सतगुरू रामपाल जी महाराजले सत्सङ्ग गर्नु भयो। अनि मैले सत्सङ्ग सुनें र नाम लिएँ। त्यसपछि हाम्रो घरमा दुःख भन्ने कुराको नाम नै रहेन। मेरी आमाले कसैको बहकावमा आएर नाम खण्डित गर्नु भयो। केही समय पश्चात् सन् २००० मा मेरी आमालाई गोडामा जलन हुन थाल्यो। डाक्टरलाई देखाउँदा ब्लड क्यान्सर भन्यो र १०-१५ दिनसम्म मात्र जीवित रहने बतायो। पी.जी. आई. चण्डीगढ लैजाऊ त्यहाँ डेढ लाख खर्च गऱ्यौ भने बढीमा एक वर्ष सम्म जीवित रहने छिन् तर दुःखाइ कम हुदैन भन्यो। बन्दी छोड सतगुरु रामपाल जी महाराजले तिम्री आमाले नाम खण्डित गरेकी छिन्। जसरी बत्तीको बिल नतिर्दा कनेक्सन काटिनाले प्राप्त सुविधा समाप्त हुन्छ। फेरि त्यसलाई पुनः सुचारू गराउनु पर्छ भनेर सम्झाउनु भयो। मेरी आमाले आफ्नो गल्तीको क्षमायाचना गर्नु भयो। महाराज जीले पुनः नाम दिनु भयो र शिरमा हात राख्नु भयो। शिरमा हात राख्ना साथ गोडाको जलन तथा दुखाई समाप्त भयो। अनि लगभग २ वर्ष पछि बङ्गारा फुटेको कारणले बङ्गाराबाट रगत निस्कन थाल्यो। डाक्टरले औषधी दिएर टाँका लगाइ दिए। तर रगत आउन रोकिएन। डाक्टरले पुनः परीक्षण गरेपछि यो ब्लड क्यान्सर हो र फुटि सकेको छ अब यो ठीक हुन सक्दैन। बिरामीलाई घर लैजाऊ। रगत निस्कनाले दुई दिनमा मृत्यु हुन्छ भनेर डाक्टरले भने। अनि अर्को दिनबाट दिशा र पिसाबमा रगत आउन सुरू भयो। तब मैले सतगुरू रामपाल जी महाराजलाई फोन गरेर डाक्टरले दुई दिनमा मर्छ भनेको कुरा बताएँ। रामपाल जी महाराजले बन्दी छोडले जे गर्नु हुन्छ राम्रै गर्नु हुन्छ भन्नु भयो। अर्को रात दुई बजे यमदूत उसलाई लिन आयो। मेरी आमाले तिम्रो बुबा (जसको १० वर्ष पहिले निधन भएको थियो) मलाई लिन आउनु भएको छ भनेर सुनाउनु भयो। यति भन्दाभन्दै यमदूत आमाको शरीरमा प्रवेश गऱ्यो। र यसको समय पूरा भइ सकेको छ, यसलाई लिएर जान्छु भन्न थाल्यो। मलाई चिया पियाऊ। जब म चिया बनाउन थालेको मात्र थिएँ तब यमदूतले तेरो घरमा कति ठूलो शक्ति छ जसले मलाई कुटि रहेछ म यहाँ अझ बस्न सक्दिन, छिटो चिया देऊ, म गइ रहेछु, भन्दै तातो चिया पियो। जाँदाजाँदै तिम्रो घरमा पूर्ण परमात्मा खडा हुनु हुन्छ भन्यो। म यसलाई लान सक्दिन भन्दै गयो। एक मिनेटपछि रगत रोकियो। कालो भएको जिब्रो र दाँत सफा भए। बन्दी छोड सतगुरू रामपाल जी महाराजको कृपाले उहाँ पूर्ण रूपमा ठीक हुनु भयो। परमात्मा कबीर साहेब ज्यूले मेरी आमाको आयु ५ वर्ष बढाइ दिनु भयो। सतभक्ति गरेर सतलोक प्रस्थान गर्नु भयो।

भक्त रमेश दास

भूत तथा रोगहरूबाट पीडित परिवारलाई सुखी सम्पन्न तुल्याउनु

श्री माँगेरामका पुत्र श्री रामेहरकी पत्नी भक्तमती अपलेश देवी मिरच गाउँ, तहसील चरखी दादरी जिल्ला भिवानी (हरियाणा) निवासी हूँ। म अपलेश देवी आफ्ना दुखित जीवनको एक झलक भनि रहेकी छु। म र मेरा बच्चाहरू (राहुल र ज्योति) बितेका दयनीय अवस्था सम्झदा अहिले पनि कम्पन छुट्छ। जसको वर्णन गर्दा हृदय फाट्छ।

६ डिसेम्बर १९९५ को रात बदमासहरूले मेरा पतिलाई ड्यूटीको समय हत्या गरि दिए तर यी पूर्ण परमात्मा (कबीर साहेब) ले हाम्रो रक्षा गरी मेरा पतिलाई जीवनदान दिनु भयो। आज मेरो परिवारसहित बन्दी छोड सतगुरू रामपाल जी महाराजको दयाले पूर्ण परमात्माको चरणमा स्थान प्राप्त भएको छ। मेरा पतिलाई सफा कपडा लगाएको केही समय पश्चात् कट्टुको इजाँर भएको ठाउँ रगत आउन थाल्थ्यो र कपडा भिज्थ्यो, बच्चाहरूको पनि कफसँगै रगत आउँथ्यो र म पनि एक वर्षदेखि मुटुको रोगले धेरै आजित थिएँ। जसका लागि वर्षौंदेखि औषधी खाइ रहेको थिएँ। मेरा श्रीमान् दिल्ली पुलिसमा हुनु हुन्छ। मेरा सम्पूर्ण शरीरमा घाउ-खटिरा हुन्थ्यो। घरमा भएको दुःखहरूका कारण मेरा पति रामेहरको दिमागी सन्तुलन पनि बिग्रियो।

हामीले यी दुःखका लागि सन् १९९५ देखि जुलाई २००० सम्म एक दर्जनभन्दा बढी लङ्गडा, लोभी तथा लालची गुरुहरूको ढोका ढक्ढकायौं तथा भारतवर्षमा भएका जमुना, गंगा, हरिद्वारा, ज्वाला जी, चामुण्डा, चिन्तपुरनी, नगरकोट, बालाजी, मेहन्दी पुर, गुडगाउँको माई तथा गौरख टिला राजस्थान जस्ता तीर्थ स्थलहरूको बच्चासहित धेरै पटक चक्कर काट्यौं तर केही लाभ भएन। हाम्रो परिवारको अवस्था यति नाजुक भइ सकेको थियो कि होली, दिपावलीमा हामी कुनै मस्जिदमा बसेर बिताउँथ्यौं। हामी धेरै सौभाग्यशाली छौं किनकि हामीलाई सन्त रामपाल जी महाराजद्वारा परम पुज्य कबीर परमेश्वरको शरण प्राप्त भयो। अहिले कहाँ गए ती कालका दूत तथा अल इण्डिया हस्पिटलमा उपचार चलि रहेको बिमारी? यी सब सत गुरुदेवको चरणका धुलोको अगाडि टिकेन।

२५ फेब्रुअरी २००१ मा एउटा कालको पूजा गर्ने धामीले फोन गरेर अपलेश तिम्रो नाम हो भनेर सोध्यो। मैले मेरो नाम अपलेश हो भनें र तपाईंको नाम के हो भनेर सोधें। तब त्यस धामीले बलवान भन्ने को हो? उससँग तपाईंको सम्बन्ध छ भनेर सोध्यो। मैले तपाईं को हो? नाम के हो? र यी सब किन सोध्नु हुन्छ? भनेर सोधें। तब त्यस धामी (झाँक्री) ले छोरी तिमी मेरो नाम नसोध, म बताउन चाहन्न म हाँसीबाट बोलि रहेछु भन्यो। यहाँ बलवान र उसँग एउटा व्यक्ति आएको थियो। दुवैले तिमीलाई जादू (टुनामुना) गर्न भनेर ३७००/- रूपिया दिए। मैले तिम्रो दुर्गति भयो कि भएन भनेर सोध्न तिम्रो फो नं. बलवान्बाट लिएको थिएँ। मसँग तिम्रो फोन नं. थिएन, उसै बलवानबाट लिएको हूँ। मैले यो घृणित कार्य रातमा गरें। त्यसपछि जब म सुत्न गएँ तब मैले तिमीले पूजा गर्ने गुरूलाई सेतो कपडामा देखें, उहाँले मलाई तैंले गरेको कामको परिणाम तँ स्वयम्ले भोग्नु पर्ने छ भनेर बताउनु भयो। यो परिवार सर्व

शक्तिमान सम्पूर्ण कष्ट हरणकर्ता परम पूज्य कबीर परमेश्वरको शरणमा छ, तिम्रो औकात नै के छ? यहाँका धर्मराजले पनि अब यस परिवारको केही बिगार्न सक्दैन।

गरिब, जम जौरा जासै डरै, मिटे कर्म के लेख।

अदली अदल कबीर है,कुल के सद्गुरू एक।।

परम पूज्य कबीर परमेश्वर जीसँग यम (काल अर्थात् कालका दूत) तथा मृत्यु पनि डराउँछन्। ती पूर्ण प्रभुले पाप कर्मको दण्डको लेखलाई पनि समाप्त गरि दिनु हुन्छ। त्यसपछि त्यस धामीले छोरी जुन देव पुरुषोत्तमको तिमी पूजा गर्छौ, उहाँ प्रबल शक्तिशाली हुनु हुन्छ भनेर बतायो। म २५ वर्षदेखि यो तन्त्रमन्त्र गरी विनाश तथा दुःख दिने काम गरिरहेछु। मैले कयौं परिवार उजाडि सकेको छु। तर आज पहिलो पटक हार खाएँ। पुत्री यस शक्तिलाई नछोड्नू नत्र धेरै दुर्गति भोग्नु पर्ने छ। तिम्रो विनाशका लागि बलवान आदि घुमि रहेछन्। मैले भनैं हामी पूर्ण परमात्माको पूजा गर्छौं। बलवान मेरा पतिका ठूलो दाजु हुन्। हाम्रो ज्यानको शत्रु बनेका छन्।

आज हामी सौभाग्यवान् छौं। हामीलाई कुनै वस्तु या कार्यको आवश्यक्ता परेमा यिनै सतगुरुदेव, सत कबीर साहिबले पूर्ण गरि दिनु हुन्छ। आज गुरु गोविन्द दुवै सामुन्नेमा खडा छन्। कसको पाउमा चरणमा शरणागत हुने? हामी सतगुरुदेव रामपाल जीको चरणमा समर्पित छौं जुन परमेश्वरले बताउनु भएको हो।

गुरु गोविन्द दोनों खडे, हम किसके लागे पाय ।

हम बलिहारी सतगुरूदेव रामपाल जी के चरणों में, जिन्होंने परमेश्वर दिया मिलाय ।

हे दाजु-भाइ तथा दिदी-बहिनीहरु ! हामी सम्पूर्ण परिवार यदि तपाईं सतलोकको मार्ग, पूर्ण मोक्ष तथा सम्पूर्ण सुख प्राप्त गर्न र सांसारिक दुःखहरुबाट छुट्कारा चाहनु हुन्छ भने बन्दी छोड सन्त रामपाल जी महाराजबाट सतनाम प्राप्त गर्नु होस् र आफ्नो अनमोल मानव जन्म सफल तुल्याउनु होस् भन्ने सन्देश दिन चाहन्छौं।

।। सतसाहेब ।।

भक्तमती अपलेश देवी

लुटिएका-पिटिएकाको सहारा

म श्री कृष्ण सैनीको पुत्र भक्त बलवान सैनी न्यू मोडल टाउन हिसार निवासी हुँ । हामी पाँच दाजुभाइ र दिदीबहिनी छौं । हाम्रो पूरा परिवारले १८ वर्ष देखि सिरसा डेराबाट उपदेश लिएको थियो । हाम्रो घरमा भुतप्रेतको ज्यादै समस्या थियो । हाम्री बहिनीलाई डोरीले बाँधेर राख्नु पर्थ्यो । प्रेत बाधाका कारण उनी छतबाट पनि फाल हाल्थी । मेरा पिता जीको फोक्सो पनि खराब भइसकेको थियो । जसकारण उहाँ ओछ्यानमा नै रहन थाल्नु भयो । आमालाई घुँडा दुखि रहन्थ्यो ।

मेरा पिताजी हलुवाइको काम गर्नु हुन्थ्यो । भूत-प्रेत तथा पिता जीको विरामीका कारण हाम्रो काम बन्द भइ सकेको थियो । पहिले हाम्रो हाँसीमा ३ वटा घर र एउटा पसल थियो । घरमा काम गर्ने नोकर-चाकर थिए । तर कर्मको मारका कारण हामीले सबै बेच्नु पर्‍यो । घरमा खानेकुराको हाहाकार नै मच्चियो । हामी देवी देवताहरु पनि

मान्थ्यौं । हामी २००३ साल देखि हरेक महिना मेंदहीपुर जान्थ्यौं । हाम्रो सारा परिवारले होली-दिवाली मेंहदीपुरमा नै मनाउँथ्यो । हामी डाक्टरकहाँ गएर पनि थाकि सकेका थियौं । हामी माताको चौकी (माताको अनुष्ठान), सवैको आदि तन्त्र-मन्त्र गर्नेहरूकहाँ पनि जान्थ्यौं । हामी नरड पीर (राजस्थान) को मन्दिरमा एक वर्ष बसेर आएका थियौं । हामी पाँच वर्षसम्म हरेक महिना शङ्कर भगवानको पूजा हुने धाम जोधपुरमा फेरी लगाउन थान्थ्यौं तर कुनै लाभ प्राप्त भएन । मेरी आमा र म व्रत राख्थ्यौं । म बालाजी धाम सालासर खुली गोडा दुई-तीन पटक गएँ । गुडगावँकी माता हाम्रो कुल देवी थिइन् । मैले त्यहाँ हातमा ज्योति राखेर १५ मिनेट आरती पनि गरेको थिएँ । हात एकदमै गलेको थियो । तर हामीलाई कुनै पनि साधनाबाट कुनै राहत मिलेन । अन्तमा हामी हार खाइ सकेका थियौं । हामीले सबै पूजा त्याग्यौं । अनि मैले सन २०१२ फरवरी २४ मा सतगुरू रामपाल जी महाराजको पुस्तक "ज्ञान गंगा" पाएँ । मैले त्यो पुस्तक पढें र सपरिवारले नाम लियो । कुनै पनि देवी देवताको धाम पूजा गर्नका लागि जानु हुदैन भनी मलाई नियम बताइयो । म घरमा आएँ । मलाई रातभर निन्द्रा लागेन, चिन्ताले सतायो किनकि म खाटु श्याम,. राधे कृष्णलाई ज्यादै मान्थें । म तिनलाई छोड्न सक्दैनथें । उर्को दिन नै म खाटु श्याम गएँ । त्यहाँ ५-६ दिन बसें । त्यहाँ मैले पैसा दिएर VIP लाइनमा लागि दर्शन गर्न गएँ । दर्शन गर्न लाग्दा आवाज आयो- बलवान । तिमीले आफ्नो भगवानलाई बरवालामा छोडेर आएका छौ, यहाँ केही पनि छैन । अनि म रूँदै घरमा आएँ । अनि फेरि सन्त रामपाल जी महाराजको आश्रममा गएर नाम शुद्ध गराएँ । मेरो पिता जीको फोक्सो खराब भइ सकेको थियो । उहाँलाई होली अस्पताल हिसारमा भर्ना गरियो । उहाँको अवस्था ज्यादै बिग्रियो र डाक्टरले जवाफ दियो । घर लैजाऊ, अब केही घण्टाको मात्र पाहुना हुन् भने ।

अनि मैले आश्रममा फोन गरें । गुरू जी समक्ष प्रार्थना गराएँ । गुरु जीले भन्नु भयो- हामी पूर्ण परमात्माको भक्ति गर्छौं, त्यस बच्चाको रौं पनि हल्लदैन । तिमी भगवानमा विश्वास राख । मैले पुनः डाक्टरलाई दुई-तीन दिनका लागि आई. सी. यू. मा राख्न आग्रह गरें । डाक्टरले केही फाइदा हुदैन भने तर मेरो आग्रह पश्चात् सही गराएर शुल्क लिई आई.सी.यू.मा भर्ना गरे । मेरो बहिनी घरमा थिइन् । उनले सपनामा सतगुरू रामपाल जी पिता जीको बेडको छेउमा खडा हुनु भएको देखिन् । भोलिपल्ट पिता जीको होस आयो र अवस्था सुध्रन थाल्यो । डाक्टरले पनि हामीलाई यस्तो हुन्छ भन्ने आशा नै थिएन, यो सब भगवानले गरेका हुन भन्न थाले ।

त्यस दिनपछि हामी सपरिवार-सुखपूर्वक रहेका छौं । मेरी बहिनीको रोग पूर्ण रूपमा निको भइ सकेको छ र उनको विवाह पनि भयो । आमाको घुँडाको दुःख पनि निको भयो । अनि हामी हिसार बस्न थाल्यौं र कुल्फीको पसल खोल्यौं । परमात्माको दयाले हाम्रो काम राम्रो छ । हामीले हिसारमा फेरि आफ्नै घर बनायौं ।

विवाह भएको २ वर्ष पश्चात् मेरी बहिनीको अप्रेशन गरेर बच्चा जन्माउनु पर्ने थियो । उनलाई अग्रोहा मेडिकलमा भर्ना गर्‍यौं । बच्चा निकाल्ने क्रममा डाक्टरले गल्तीले पाठेघरको कुनै नसा काटि दियो । बहिनीको रक्तश्राव रोकिएन । बहिनीलाई मंगलम् ल्याबबाट ४५ प्याक रगत ल्याएर चढाइयो । तर त्यहाँ आराम भएन । अनि

हामीले बहिनीलाई जिन्दल अस्पताल लग्यौं । त्यहाँ १२ दिन सम्म राखेपछि कुनै आराम भएन । डाक्टरले बाँच्छिन् कि बाँच्दिनन् केही भन्न सक्दैनौ भने । अनि मैले गुरू जीलाई प्रार्थना लगाएँ । गुरु जीले भन्नु भयो- पुत्र । मैले छोरीलाई जीवनदान दिइ सकेको छु । उनी ठीक हुन्छिन् । अनि तेस्रो दिन बहिनीको होस आयो, अवस्था राम्रो हुन थाल्यो । अस्पतालभरि यस्तो काम त भगवानले मात्र गर्न सक्छन् भनी चर्चा भयो । मेरी बहिनी आज पूर्ण रूपमा स्वस्थ छिन् । उसलाई परमात्माले एउटी छोरी दिनु भएको छ, उनी पनि स्वस्थ छिन् । परमात्माको दयाले आज हाम्रो घरमा केही कुराको पनि कमी छैन ।

कबीर, पीछे लाग्या जांऊ था, मैं लोक वेद के साथ
रास्ते में सतगुरू मिले, दीपक दीन्हा हाथ ॥

॥ सत साहेब ॥

भक्त बलवान दास
मोबाइल नं. ०९१-९९९६५९३०२१

"परमात्माले यमदुतहरूबाट बचाउनु भयो"

मेरो नाम भक्तमति पालोदेवी हो । मैले डेरा सच्चा सौदा सिरसावाला महाराज जीबाट नाम लिएकी थिएँ तथा मेरो छोरो संजु शिव जीको उपासक थियो र कावड ल्याउने गर्दथ्यो । (भारमा जल बोकेर शिव जीलाई चढाउँदथ्यो) । तर यो उपासना गर्दा गर्दै पनि म रोगी भएकी थिएँ । मेरो फोक्सो दुखिरहन्थ्यो । मैले अस्पतालबाट औषधिहरू ल्याएर खाएँ तर निको भएन । म माथि कर्मको यस्तो सङ्कट आयो की मेरो छोरो बिन्दरको मृत्यु भयो तथा त्यसको दुई महिनापछि मेरो पतिको मृत्यु भयो अब म र मेरो दोश्रो छोरा संजु मात्रै घरमा बाँकी थियौं ।

मेरो छोरो संजुले भक्त कुक्कूले समझाएपछि सन्त रामपाल जी महाराजबाट नाम उपदेश लियो । मलाई पनि समझाउन थाल्यो- आमा तपाईं पनि संत रामपाल जी महाराजबाट नाम उपदेश लिनु होस् । उहाँ पूर्ण परमात्माको अवतार आउनु भएको छ । तर मैले पटक पटक नाइँ भनिरहें । एक दिन मेरो छोराले मलाई धेरै समझायो तर मैले भने सबै सन्त उस्तै हुन् (एकै किसिमका) । मेरो छोरो मसँग रिसायो र भन्यो- म अब तपाईंलाई कहिल्यै नाम उपदेश लिन भन्दिन । त्यसपछि म आफ्नो रोगको औषधि खाएर सुतें । सुत्ने बेलामा म भएतिर चार राक्षसहरू आए, जसको अनुहार भयानक थियो । उनीहरुका ठूला ठूला नङ्ग्रा र दाँत थिए । उनीहरुले मेरा हात गोडा समातेर दुई तर्फबाट तान्न थाले । म कराउन थालें । मेरा छोरो र बुहारी छतमा सुतेका थिए । म धेरै चिच्याए पछि पनि उनीहरुले मेरो आवाज सुनेनन् ।

त्यसपछि सतगुरू रामपाल जी महाराजको रूपमा परमात्मा आउनु भयो र तिमीहरू किन यसलाई तानि रहेका छौ भन्नु भयो । ती राक्षसहरूले हामी यसलाई

लिन आएका हौं, हामीलाई यमराजले पठाउनु भएको हो भने । गुरू जीले भन्नु भयो- तिमीहरूले यिनलाई लान सक्दैनौ । यो पुण्य आत्मा हो, यसले भक्ति गर्नु छ । यमराजका दूतहरूले मलाई छोडेनन्, तब गुरू जी मेरो टाउको भएतिर आउनु भयो र मेरो टाउकोमा हात राखेर छोरी "सत साहेव" भन भन्नु भयो । अनि मैले "सत साहेब" भनेपछि चारओटै राक्षसहरू मलाई छोडेर गए । जब मलाई होस् आयो गुरू जी पनि अन्तरध्यान हुनु भयो ।

मैले आफ्नो छोरो संजुलाई तिमीहरुले त उठेर पनि मलाई हेरेनौ । आज म नर्कमा गइ सकेको हुने थिएँ । त्यस दिन मेरो छोरोले आमा म सत्सङ्गमा जानु छ, तपाईं पनि साथै हिड्नु होस् र नाम उपदेश लिनु होस् भन्यो । त्यसपछि मैले सतगुरू रामपाल जी महाराजबाट नाम उपदेश लिएर सत्सङ्ग सुने । त्यहाँ गुरू जीले विधवा आमा र उसको चोर छोराको कथा सुनाउनु भयो । जो महलमा चोरी गर्न जानु पर्ने थियो । मैले ध्यान दिएर सत्सङ्ग सुनें । मेरो आँखाबाट आँसु बग्न लाग्यो । त्यसपछि परमात्माको दयाले ममा कुनै रोग पनि बाँकी रहेन । फोक्सोको दुखाई पनि हरायो ।

अहिले सतगुरूको कृपाले मेरो परिवार पूर्ण रूपले ठीक छ तथा पुत्र, पुत्रबधु र नातिनीसँगै म पनि सतगुरू जी महाराजको दयाले पूर्ण सुखी छु । एक पटक गल्तीले मेरो नाम खण्डित भयो । त्यसपछि म माथि सङ्कट आउन सुरू भयो । मलाई बीस-पच्चीस दिनदेखि लगातार ज्वरो आइ रहेथ्यो, डाक्टरले टाइफाइड भन्यो । मेरा बालबच्चाहरू सत्सङ्गमा जानु पर्ने थियो । मलाई डाक्टरले अस्पतालमा भर्ना हुन भन्यो । मैले मलाई तीन दिनको औषधि दिनु होस्, मेरा बच्चाहरू सत्सङ्गमा जान लागेका छन् भनें । मैले आश्रममा फोन गरें । त्यसबेला मलाई धेरै ज्वरो थियो । आश्रममा भक्तहरूले गुरू जीसँग महाराज पालो भक्तमतिको ज्वरो कम भइ रहेको छैन भनी बिन्ती गरे । गुरू जीले सवा किलो घ्युको ज्योति भनी देऊ, ठीक हुन्छ भन्नु भयो ।

म त्यसबेला आफ्नै घरमा सिरक भित्र बसेकी थिएँ । मैले त्यही बेला गुरू जीको अगाडी प्रणाम गरें, तब पाँच मिनेट भित्र ज्वरो निको भयो । त्यस दिनपछि आजसम्म मलाई ज्वरो आएको छैन ।

बोलौ सतगुरू देवको जय

भक्तमती-पालोदेवी

"शास्त्रविरूद्ध साधनाबाट छुटकारा"

म भक्त हेमचंद दास, सोलन (हिमांचल प्रदेश) निवासी हूँ । पहिले म आफ्नै गाउँको महाकाली मन्दिरको पुजारी थिएँ । २५ वर्ष देखि त्यहाँ पुजारीको काम गर्दथें । भजन-कीर्तन, पुजाहरू मन्दिरमा हुन्थ्यो, सबै गर्दथें । पितृ पुजा, श्राद्ध, शिव जीलाई जल चढाउने आदि कामहरू गर्दथें । तर पनि म दुःखी रहन्थें । मेरी श्रीमतीलाई प्यारालाइसिस (पक्षाघात) भएको थियो । घरको आर्थिक हालत पनि राम्रो थिएन ।

सन् २००५-२००६ मा संत रामपाल जीका केही लेख पत्रिकामा आउँथ्यो । म त्यसलाई बुझ्दैन थिएँ तर यस प्रकारको धार्मिक कागजहरू म जतनसँग राख्थे । केही समयपछि जब रद्दि कागज राख्ने ठाउँमा ती कागजहरू भेटें । म ती कागजहरू पढ्न बसें । पढ्दा पढ्दै यो ज्ञान अहिले सम्म कहाँ लुकेको थियो भनी मेरो हृदयमा ठेस लागे जस्तो भयो । अनि मैले त्यस कागजमा आश्रमको फोन नं. देखें र पुस्तक मगाएँ । त्यस पुस्तकमा भएको ज्ञान पढेपछि म हैरान भएँ, मैले टेकेको धर्ती घसिएको भान भयो किनकि मन्दिरमा पुजारी हुँदा पनि मैले यस्तो नयाँ ज्ञान कहिल्यै सुनेको थिइन ।

पहिले मैले ब्रह्मा, विष्णु र शिव जी भन्दा माथि कोही छैनन् तथा परमात्मा निराकार छन् भन्ने ठान्दथें । संत रामपाल जी महाराजको पुस्तकहरूबाट परमात्मा साकार छन् र कबीर जी पूर्ण परमात्मा हुनु हुन्छ भन्ने कुराको ज्ञान भयो । परमात्माले भित्रैदेखि संत रामपाल जीसँग नै त्यो अमर मंत्र छ, जसले हाम्रो कल्याण हुने छ र यसैबाट हाम्रो जन्म मरणको भयङ्कर रोग काटिनेछ भन्ने प्रेरणा जगाइ दिनु भयो । उहाँको ज्ञानबाट प्रभावित भएर मैले सन्त रामपाल जी महाराजबाट दीक्षा लिएँ । मैले सबै किसिमको शास्त्र विरूद्ध पुजाहरू बन्द गरें । अनि पितृ पुजा, श्राद्ध आदि गर्न पनि छोडें ।

गुरू जीसँग उपदेश लिएपछि मलाई सबैभन्दा धेरै आध्यात्मिक लाभ भयो । जन्म मरणबाट मुक्ति पाउने सत्य बाटो भेटें । मेरी भक्तमतीलाई प्यारालाइसिसको कष्ट थियो । धेरै ठाउँमा ठूला ठूला डाक्टर, वैद्यको चक्कर लगाइसकेको थिएँ । तर परमात्माको आर्शिवाद मात्रले मेरी भक्तमती ठीक भइन् । परमात्माको दयाले हाम्रो आर्थिक स्थिति पनि राम्रो भयो ।

फेरि मैले यो ज्ञान प्रचार गर्न सुरु गरें । मलाई यो ज्ञान त जन, जन सम्म पुग्नु पर्छ भन्ने लाग्यो तर मेरो कुरामा कसैले वास्ता गरेनन् । मानिसहरूले विरोध गर्दै तैंले कुन यो भिन्दै ज्ञान ल्याइस्, यस्तो कुरा नगर भने तर मलाई यो ज्ञानबाट परमात्माको दयाले कसैले डग्मगाउन सकेन । यस्तो सत्य ज्ञान र सत्य भक्ति मार्ग पृथ्वीमा अन्त कहीं छैन ।

सबैजनासँग मेरो प्रार्थना छ- तपाईंहरू पनि प्रभुको चरणमा जानु होस् । सन्तको रूपमा आउनु भएको परमेश्वरको सन्देशवाहक सन्त रामपाल जीलाई चिन्नु होस् । सित्तैमा नाम उपदेश प्राप्त गरी कृपया आफ्नो कल्याण गराउनु होस् ।

भक्त हेमचंद दा

"भगवान होऊन् त यस्ता"

म भक्त निल कमल दास गाउँ-पेहवा, जिल्ला कुरुक्षेत्र ((हरियाणा) निवासी हुँ। मेरो घरको आर्थिक स्थिति धेरै कमजोर थियो। मैले जागिर पाइ रहेको थिइन। पंडितहरूले हात हेरेर मेरो भाग्यमा जागिर नै छैन भनेका थिए। म हिन्दू धर्मका सबै देवीदेवताहरूको पूजा गर्थें। श्री विष्णु जीको व्रत गर्थें। पितृको पनि पूजा गर्थें। शिव जीको मन्दिरमा गएर जल चढाउँथें। कावड ल्याउने (भारमा नदीबाट जल लिएर गई शिव जीको मुर्तिमा चढाउने) पनि इच्छा थियो। सबै मन्दिरहरूमा जान्थें। जुन जुन साधना समाजमा प्रचलित थियो, म सबै गर्थें। तर सबै व्यर्थ, म यसरी नै गरिबीसँग जुधिरहें।

फेरि मेरो मनमा गीता पढ्ने प्रेरणा जाग्यो। मैले राधास्वामीको सत्सङ्ग सुनें तर मैले केही पनि बुझिनँ र सन्तुष्टी पनि भएन। अनि मैले परमात्माको दयाले संत रामपाल जी महाराज द्वारा लिखित "गहरी नजर गीता में" पुस्तक पाएँ। म त्यो पुस्तक पढेपछि दङ्ग परें। मलाई यो ज्ञान एकदम अलग र ठूलो लाग्यो। त्यस ग्रन्थमा पितृ पूजा, शिवलिङ्ग पुजा, व्रत गर्नु आदि सबै साधनाहरू शास्त्र विरूद्ध छ, यसबाट साधकलाई कुनै लाभ प्राप्त हुदैन भनी लेखिएको थियो। मैले रातभरी पुस्तक पढें। मेरो त पुरै फ्यूज उडयो, यस्तो कसरी हुन सक्छ। फेरि मैले भोलिपल्ट देखि तीन रात पुस्तक पढें र सारा प्रमाणहरू रूजु गरें। सबै प्रमाण सत्य पाएँ। मैले गर्ने गरेको पूजाहरूबाट मलाई कुनै लाभ हुनेवाला छैन भन्ने महसुस गरें। यो कुरा सन् २००४ को हो। अनि म नाम दीक्षा लिन गएँ। त्यसबेला सन्त रामपाल जी महाराजको सत्सङ्ग नरवानामा चलि रहेको थियो। त्यहाँ गएर मैले दीक्षा लिएँ र सत्सङ्गको आनन्द लिएँ। त्यसै दिनदेखि परमात्माले सुख दिन कुनै कसर छोडनु भएन।

मैले सतगुरू देवसँग मैले कुनै जागिर पाइ रहेको छुइन भनी प्रार्थना गरें। परमात्माको दयाले मैले बिजुली बोर्डमा जागीर पाएँ। त्यहाँ तलब कम थियो। फेरि परमात्माले मलाई हरियाणा शिक्षा विभागमा नोकरी दिलाउनु भयो। त्यहाँ मैले राम्रो तलब पाइ रहेको छु। परमात्माको दयाले हाम्रो आर्थिक स्थितिमा सुधार भयो। एकदिन म बाइकमा जाँदै थिएँ। म टाटा सुमोसँग ठोक्किए। म पन्ध्र फुट माथि उछिट्टिएँ। तलतिर झर्दा मलाई कसैले हातमा उचालेको जस्तो लाग्यो। मेरो मोटर साइकल दुई टुक्रा भयो तर मलाई भने ओठमा अलिकति चोट लागेको थियो र यसरी मेरो जीवनको रक्षा भयो।

एकदिन म र मेरी भक्तमती मोटर साइकिलमा जाँदै थियौं। मैले ब्रेक लगाएँ। पछाडिबाट ट्रक वालाले सोझै ठक्कर हान्यो। ठूलो आवाज आयो। मैले यो आवाज कहाँबाट आयो भन्ने सोचें। त्यहाँ मान्छेहरू पनि जम्मा भए। मलाई तिमी ठीक छौ भनी सोधे। मेरी भक्तमती ओर्लेर के ठोक्कियो भनी सोध्न थालिन्। मानिसहरूले तपाईंलाई ट्रकले ठक्कर दिएको छ, हामी ड्राइभरलाई पिट्छौं भन्न थाले। तर हामीलाई कुनै चोट लागेको नदेखेर उनीहरूले ड्राइभरलाई छोडि दिए। बाइक बिलकुल

ठीक थियो, मात्र बाइकको नम्बर प्लेट दोब्रिएको थियो । त्यो पनि परमात्माले हामीलाई साँच्चै ठक्कर लागेको थियो भन्ने विश्वास दिलाउन गर्नुभएको हो ।

एक पटक यौटा बाइकवाला जाँदै थियो । म पनि सँगसँगै जाँदै थिएँ । उसले एक्कासि अघिल्तिरबाट बाइक मोड्यो । डरले मैले आँखा चिम्ले । मेरो मोटरसाइकल उसको मोटर साइकलको बिचबाट निस्कियो । कुनै दूर्घटना भएन । म छक्क परें । म यो कसरी भयो भन्ने सोच्न थालें । परमात्माले जे पनि गर्न सक्नु हुन्छ । यो उहाँले नै गरेको चमत्कार हो ।

एक पटक मेरो छोरो १५-१६ भन्याङको खुट्कीला माथिबाट तल लड्यो । हामी छोरो मऱ्यो भनेर डरायौं । गएर हेर्दा त ऊ उठेर हिड्न थाल्यो । उसलाई केही भएको थिएन । यस्तै-यस्तै हामीलाई परमात्माले अनगिन्ती लाभ दिनु भएको छ ।

एक पटक मेरो साथी भगतजीको नाति बिरामी भयो । कुरूक्षेत्रमा डाक्टरहरूले जवाफ दिए (बच्न सक्दैन भने), तब हामीले उसलाई पी.जी आई लिएर गयौं । अनि कि परमात्मालाई प्रार्थना गरौं भन्ने मनमा विचार आयो । हामीले गुरू जीलाई प्रार्थना लगायौं । भोलिपल्टै गुरू जी त्यहाँ आउनु भयो । आमाले पनि गुरू जीलाई देख्नु भयो । दश पन्द्र मिनेट सम्म गुरू जी त्यहाँ बस्नु भयो र आफ्ना बच्चाहरूलाई आशीर्वाद दिनु भयो अनि तिमीले अस्पतालबाट डिस्चार्ज हुन्छौ भन्नु भयो । डाक्टरले दोश्रो पटक चेकअप गर्दा रिपोर्ट सामान्य आयो । उनीहरू (डाक्टरहरू) लाई सायद हाम्रो मेशीन खराबी हो भन्ने लाग्यो । त्यसैले साँझसम्म राखेर डिस्चार्ज गऱ्यो ।

हाम्रो गाउँमा कुनै पीरको मंढी बनेको थियो *(मुसलमानको गुरूको यादगार)* । पहिले त्यस पीरले नोक्सान पुऱ्याउनेलाई उठाएर फ्याँकी दिन्थ्यो, मारि पनि दिन्थ्यो । गुरू जीको आदेशले मैले र केही अरू भक्तहरू मिलेर त्यसलाई भत्काएर त्यहाँ भएको ईटहरू फ्याकी दियौं । गाउँभरी अब यिनीहरू सबै मर्छन् भन्ने चर्चा चल्यो तर केही दिन सम्म पनि हामीलाई केही नभएपछि गाउँलेहरू यिनीहरूलाई त कुनै नोक्सानी भएन भनी हैरान भए । परमात्माले हामीलाई सुखपूर्वक राख्नु भयो । उहाँ परम शक्तियुक्त सन्त हुनु हुन्छ । उहाँ आफै सन्त बन्नु भएको होइन । हाम्रा गुरू जी गुरू प्रणालीद्वारा बन्नु भएको सन्त हुनु हुन्छ । परमात्मा कबीर जीबाट यो प्रणाली चलेको हो ।

म भक्त समाजसँग हात जोडेर प्रार्थना गर्दछु कि यो मनुष्य जन्म बार बार पाइँदैन । मान्छे मर्छ, धर्मराज भए ठाउँमा पुग्छ । अनि त्यहाँ कुनै जवाफ हुँदैन । सारा विश्वले सन्त रामपाल जी महाराजले लेख्नु भएको किताब पढनु पर्छ र जति चाँडो हुन सक्छ, ज्ञान बुझेर नाम उपदेश लिएर आफ्नो कल्याण गराउनु पर्दछ ।

॥ सत-साहेब ॥

भक्त निल कमल दास
गाउँ-पेहवा (कुरूक्षेत्र)

"भक्तमती सबिताको आत्मकथा"

"बन्दी छोड सतगुरु रामपाल जी महाराजको जय"

मेरो नाम भक्तमती सबिता हो । मेरो जन्म पटियाला (पंजाव) को एक धार्मिक परिवारमा भयो । सतगुरू रामपाल जी महाराजसँग नाम उपदेश लिनु भन्दा पहिले म अनेक धार्मिक पूजाहरू गर्थे । म समाजमा चलेका सबै पूजाहरू गर्थे, जस्तो सोमबारको व्रत गर्नु, सत्यनारायणको व्रत गर्नु, नवरात्रीको व्रत गर्नु, कंजक पुजा आदि । मैले संतोषी माताको ४५ व्रत गरें । जबकी संतोषी माताको १६ व्रत हुन्छ । व्रत बसेको कारण म यति कमजोर भएकी थिएँ की स्कूलमै बेहोस् हुन्थें । मेरी टीचर हरलिन म्याडम मलाई घरमा पुऱ्याउन आउँथिन् र यस बच्चीलाई खाना ख्वाएरै स्कूल पठाउने गर । दिनौ व्रत गर्दा यो एकदिन मर्छे । तर शेरावाली मातामा मेरो विशेष श्रद्धा थियो । मैले व्रत बस्न छोडिन । तर यी साधनाले मलाई कहिल्यै केही फाइदा भएन । मेरी आमा पनि धेरै धार्मिक विचारकी महिला थिइन् । उनी ब्रह्मा, विष्णु, शिव जी सहित सबै देवी देवताहरुको पुजा गर्दथिन् । पटियाला (पंजाब) मा हाम्रो कुलदेवी कालीमाताको धेरै प्राचीन र प्रसिद्ध मन्दिर छ ।

मेरी माता पिताको सन्तानको रुपमा मेरो दाजु पछि हामी दुई जुम्ल्याहा दिदी बहिनी जन्मेका थियौं । मेरी माता अक्सर भन्ने गर्दथिन्- कालीमाता जीले आफ्नो बच्चाहरुलाई हरेक विपद्मा रक्षा गर्छिन् तथा शेरावाली माताको भक्ति गर्नाले ज्यानको केही खतरा रहँदैन तर भयो । त्यसको विलकुल विपरित ६ वर्ष को उमेर मा नै मेरी जुम्ल्याहा बैनीको रोगको कारण अकाल मृत्यु भयो ।

मेरी माता जीले शेरावाली माताको भक्ति गर्दै आफ्नी छोरीको अकाल मृत्युको लागि मातालाई प्रश्नवाचक दृष्टिले हेरिन् तर उनी असहाय थिइन् की जवाफ कोसँग माग्ने ? पुजारीसँग की ढुङ्गाको मुर्तिसँग ? अतः असहाय भएर केही समय पछि देवीले दिएकी एक छोरा र एक छोरी त छन् भनी धैर्य धारण गरिन् । तर हुन पर्ने अर्कै थियो । मेरी माताजी घरको छतमा कुनै घरेलु काम गर्दै थिइन् । उनी भऱ्याङबाट तल झर्न लाग्दा उनको गोडा चिप्लियो र लडेर उनको टाउको फुट्यो । उनी पाँच दिनसम्म अस्पतालमा जीवन र मृत्युसँग जुधि रहिन् र हामी देवीमाताको मन्दिरमा हरेक क्षण देवीमाता र सारा देवताहरूसँग उनको जीवनको भीख मागि रह्यौं । तर जो भयो त्यो हाम्रो अन्ध आस्था र आशाको बिल्कुल विपरित भयो । पाँचदिन पछि मेरी माताको पार्थीव शरीर (लास) नै अस्पतालबाट फर्केर आयो । सारा घरमा हाहाकार मच्चियो । एकचोटी त मैले मातालाई धेरै गाली गरें र भनें- मेरी मम्मी तपाईंको यति धेरै साधना गर्दथिन् । उनको भक्तिमा के यस्तो कमी भयो कि तपाईंले उनलाई यति दर्दनाक मृत्यु दिएर हामीबाट खोस्नु भयो ।

यौटी छोरीको लागि माताको निधन वज्रपात भन्दा कम थिएन । तर मेरो अंधश्रद्धा त्यसपछि पनि देवी देवतासँग लागि रह्यो । अझ घरमा भक्ति गर्न सुरू गरें किनकि मसँग अर्को कुनै बाटो थिएन ।

केही समयपछि मेरा दाजु धेरै विरामी भए । मैले उनको लागि पनि व्रत गरें । जब उनलाई सञ्चो भएन, तब मैले यौटा धेरै कठोर व्रत (प्रण) निश्चय गरें । म आफ्नो घरदेखि कालीदेवी माताको मन्दिरसम्म डण्डवत् प्रणाम गर्दै जान्छु, जुन चार किलो मिटर पर थियो । मैले विहान चार बजे नै घरबाट डण्डवत् प्रणाम गर्दै जान सुरु गरें तर केही पर जाने वित्तिकै मेरो शरीर ताछियो र रगत आउन लाग्यो तर आफ्नो व्रत र प्रण पक्का भएको कारण मैले पनि आफ्नो ज्यानको परवाह नगरी आफ्नो प्रण पूरा गर्दा नै माता खुसी हुने कुरा ठाने किनकि मेरो शिरमा शास्त्र विरुद्ध भक्ति को भुत चढेको थियो । मेरो सारा शरीर ताछियो र घाउबाट रगत बग्न लाग्यो । कुइनो र घुँडाले त लगभग काम गर्न छोड्यो । मैले मरेर आफ्नो प्रण पूरा गरें । त्यसपछि कैयौं दिन अस्पताल भर्ना भएँ । औषधि गर्ने डाक्टरले मलाई धेरै गाली गरें । तर यति धेरै कठिन तपस्याको फलस्वरुप कालीदेवीले मेरो दाजुलाई निको पारिनन् । त्यसको धेरै महिना पछिसम्म अस्पतालमा उपचार चल्यो । तर पूर्ण रूपले निको भने सत्गुरु रामपाल जी महाराजको शरणमा आएर नाम उपदेश लिएपछि मात्र भयो । मेरो पिता जीले साधना टी. भी. मा सत् गुरुदेव जीको कार्यक्रम हेर्नु भयो तथा सतलोक आश्रम बरवालामा गएर नाम लिनु भयो । त्यसपछि पटक पटक कति महिनासम्म मलाई सम्झाउनु भयो । उहाँले "ज्ञानगंगा" पुस्तक ल्याएर मलाई दिनु भयो तब मैले ज्ञान बुझें तथा पूर्ण संत सत्गुरु रामपाल जी महाराजको शरणमा आएर नाम लिएँ र यो कठीन र दुखदायी साधनाबाट पिछा छुट्यो, जुन शास्त्रले निषेध गरेको छ । अहिले हाम्रो पूरा परिवार सत्गुरु रामपाल जी महाराजको दयाले सुखी छ । कसैलाई केही कष्ट छैन । अब मलाई पूर्ण परमात्माको शास्त्र अनुकुल सत्य भक्ति प्राप्त भएको छ । अतः म सबै भक्त समाजसँग यही प्रार्थना गर्दछु की सतगुरु रामपाल जी महाराज जीको शरणमा आएर सत्यभक्ति प्राप्त गरी आफ्नो कल्याण गराउनु होस् ।

यह संसार समझदा नाही, कहंदा शाम दोपहरे नूं ।
गरीबदास यह वक्त जात है, रोवोगे इस पहरे (समय) नूं ॥

॥ "सत साहेब" ॥

सतगुरु चरणकी दासी
भक्तमती सबिता

☞ तपाईंले उपरोक्त केही भक्त आत्माहरुको आत्मकथाहरु पढ्नु भयो । यस्ता यस्ता भक्त हजारौं लाखौं छन्, जो आफ्नो आत्मकथा पुस्तकमा लेखाउन चाहन्छन् तर यहाँ स्थान अभावको कारण हामीले केही भक्तहरुको मात्र आत्मकथा लेख्न सक्यौं । यदि सबै भक्तहरुको आत्मकथा लेख्ने हो भने सायद सयकडौं पुस्तकहरु छापिन्छन् । त्यसैले समझदार व्यक्तिलाई सङ्केत नै पर्याप्त हुन्छ ।

अवश्य जान्नु होस्

जीव हाम्रा जाति हुन्, हाम्रो मानव धर्म । हिन्दू-मुस्लिम-शिख-इसाई धर्म एकै, पृथक् छैन मर्म ॥



१ ब्रह्मा, विष्णु तथा महेशका माता-पिता को हुन् ?
२ सिंहवाहिनी माता (दुर्गा अष्टांगी) का पति को हुन् ?
३ हामीलाई जन्म दिनु तथा मार्नुमा कुन प्रभुको स्वार्थ छ ?
४. हामी सारा देवी देवताहरूको यत्तिका भक्ति गर्छौं, तर पनि दुःखी किन छौं ?
५ ब्रह्मा, विष्णु तथा महेशले कस्को भक्ति गर्छन् ?
६. पूर्ण सन्तको पहिचान के हो ? र पूर्ण मोक्ष कसरी प्राप्त हुन्छ ?
७. परमात्मा साकार छन् कि निराकार ?
८. कुनै पनि गुरूको शरणमा जानाले मुक्ति सम्भव छ कि छैन ?
९. तीर्थ, व्रत, तर्पण, श्राद्ध गर्दा लाभ सम्भव छ कि छैन ? (गीतानुसार)
१०. श्री कृष्ण जी काल थिएनन् भने गीतामा भनिएको काल को हो ?
११ पूर्ण परमात्मा को हुन्? कस्ता छन्? कहाँ रहन्छन्? कसरी प्राप्त गर्न सकिन्छ? तथा कसले देखेका छन् ?
१२. समाधी अभ्यास (Meditation), राम, हरे कृष्ण, हरि ओम्, हंस, तीन एवं पाँच नामहरू तथा वाहे गुरू आदि नामका जापले सुख तथा मुक्ति सम्भव छ कि छैन ?
१३. प्रसिद्ध भविष्यवक्ताहरूका अनुसार महान सन्त को हुन् ?

- कृपया यी सबै प्रश्नहरूका उत्तर जान्नका लागि 'ज्ञान गंगा' पुस्तक पढ्नु होस् । यसको धर्मार्थ मूल्य रू. २० मात्र छ ।
- नोटः "ज्ञान गंगा" र "जिउने मार्ग" पुस्तक निःशुल्क मगाउन आफ्नो पुरा नाम ठेगाना सहित निम्न नम्बरहरूमा फोन तथा SMS गर्नु होस् ।

भारतका लागि sms - (+91) 7027000825, 7027000826, 7027000829

नेपालका लागि फोन तथा sms - (+977) 9851189380, 9851189381, 9851189382, 9851189383, 9851189384

अवश्य हेर्नु होस् प्रत्येक दिन सन्त रामपाल जी महाराजका मंगल प्रवचन सुप्रसिद्ध टि भि च्यानलहरूमा



सतलोक आश्रम हिसार-टोहाना रोड, बरवाला, जिल्ला-हिसार, हरियाणा, भारत

- जगतगुरू तत्वदर्शी सन्त रामपाल जी महाराजबाट नाम-दीक्षा लिई भक्ति, मर्यादा र विश्वासमा रहेर सद्भक्ति गर्नेहरूको जस्तोसुकै असाध्य रोगहरू निदान तथा मोक्षको ग्यारेन्टी ।

भारतका लागि सम्पर्क : (+91) 8222880541, 8222880542, 8222880543, 8222880544, 8222880545

Visit us at : www.jagatgururampalji.org **E-mail : jagatgururampalji@yahoo.com**